“सुखी र समान :समुन्नत तमान”

# तमानखोला गाउँपालिकाको

## दोस्रो आवधिक विकास योजना

### आर्थिक वर्ष २०८२/८३-२०८६/८७







## तमानखोला गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

बोङ्गादोभान, बागलुङ

गण्डकी प्रदेश, नेपाल

# दोस्रो आवधिक विकास योजना
## (आर्थिक वर्ष २०८२/८३-२०८६/८७)

पूर्वाधार तथा ग्रामिण विकास

सामाजिक विकास

वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन

आवधिक विकास योजना

आर्थिक विकास

सुशासन तथा संस्थागत

**"सुखी र समान :समुन्नत तमान"**

तमानखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बोंगादोभान, बागलुङ
गण्डकी प्रदेश, नेपाल

२०८२



तमानखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बोंगादोभान, बागलुङ
गण्डकी प्रदेश, नेपाल


## शुभकामना मन्तव्य

नेपालको संविधान २०७२ ले लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको माध्यमबाट सुशासन, विकास र समृद्धि हासिल गरी स्वाधीन, समुन्नत तथा हरित अर्थतन्त्रको विकास गर्ने परिकल्पना गरेको छ । नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ र गण्डकी प्रदेशको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ ले स्थानीय तहलाई आ-आफ्नो क्षेत्रको वार्षिक, आवधिक तथा रणनीतिक र दीर्घकालीन योजनाहरू तयार गर्ने, कार्यान्वयन गर्ने र अनुगमन गर्ने जिम्मेवारी प्रदान गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ परिच्छेद ६ दफा २४ मा योजना बनाई कार्यान्वयन गर्ने व्यवस्था भए अनुरुप गाउँपालिकाको योजनाबद्ध विकास हेतु पहिलो प्रयासको रुपमा प्रथम आवधिक विकास योजना (२०७६/०७७-२०८०/०८१) तर्जुमा तथा कार्यान्वयन गरी सकेको छ । प्रथम आवधिक विकास योजनाको कार्यान्वयन समिक्षा तथा अद्यावधिक गरी तमानखोला गाउँपालिकाले दोस्रो पञ्चवर्षीय आवधिक विकास योजना ( २०८२/८३-२०८६/०८७) तर्जुमा गरिएको छ ।

नेपाल सरकारद्वारा १६ औं पञ्चवर्षीय आवधिक योजनाको लागि तयार गरिएको **"सुशासन, सामाजिक न्याय र समृद्धि"** बृहत् सोचसहितको योजना र गण्डकी प्रदेशद्वारा दोस्रो आवधिक योजनाको लागि तयार गरिएको **"आत्मनिर्भर र समुन्नत प्रदेश सम्मानित प्रदेशबासी"** वृहत् सोच सहितको आवधिक योजनाले राखेका परिमाणात्मक लक्ष्यहरू पूरा गर्ने र तमानखोला गाउँपालिकाको दीर्घकालीन सोच **"सुखी र समान : समुन्नत तमान"** सहित दोस्रो पञ्चवर्षीय आवधिक योजना तर्जुमा गरिएको हो । विषय क्षेत्र अनुसार दोस्रो पञ्चवर्षीय आवधिक विकास योजनामा विभिन्न पाँच वटा क्षेत्रहरू आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण तथा विपद व्यवस्थापन तथा सुशासन तथा संस्थागत विकास तथा गाउँपालिका गौरवका आयोजना तर्जुमा गरी विभिन्न प्रकृतिका योजना / कार्यक्रमहरू समावेश गरेको छ। वार्षिक तथा गौरवका आयोजनाहरू समावेश गरी तर्जुमा गरिएको आवधिक योजनामा योजना बैकको पनि व्यवस्था गरिएको छ । सम्पूर्ण तमानखोलाबासीहरूसँग अन्तरक्रियात्मक छलफल र गहन अध्ययनसहित व्यापक जनसहभागितामा आवधिक योजना तयार गरी प्रस्तुत गर्न पाउँदा हामीलाई खुसी लागेको छ ।

दोस्रो आवधिक विकास योजना आगमी पाँच बर्ष अवधि भित्र वार्षिक योजनाहरु छनौट तथा कार्यान्वयन गर्ने कार्यमा एक मार्गदर्शक दस्तावेजको रूपमा सहयोग गर्नेछ भन्ने हामीलाई विश्वास लागेको छ । आवधिक योजना तयारी पश्चात् राखेका लक्ष्य र निर्देश गरिएका रणनीतिहरूको अवलम्बन गर्दै आगमी पाँच वर्षको अवधिमा सम्पन्न गर्नु पर्ने आयोजनाहरू कार्यान्वयन गर्ने जिम्मा तमानखोला गाउँपालिकामा रहेको छ । आवधिक योजना तर्जुमामा गाउँपालिकाका उपाध्यक्षज्यू, वडाअध्यक्षज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, प्रमुख प्रशासकीयज्यू अधिकृत सहित राष्ट्रसेवक कर्मचारी वर्ग, विषय विशेषज्ञ, स्थानीय राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिमित्रहरु, बुद्धिजिवि एवम् गैरसरकारी, निजि र सम्पूर्ण गाउँपालिकाबासी नागरिकहरू , विभिन्न संघ–संस्थाहरु र प्राविधिक सहयोग गर्ने एक्जिमियस इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. प्रति उहाँहरुको सक्रिय सहभागिता, सुझाव र योगदानका लागि आभार व्यक्त गर्दछु ।

अन्तमा यस गाउँपालिकाले तर्जुमा गरेको दोस्रो आवधिक विकास योजना कार्यान्वयनमा सबै क्षेत्र, समुदाय, निकाय तथा साझेदारहरुका सदभाव, सहयोग र क्रियाशीलताको अपेक्षा गर्दै गाउँपालिकाको तर्फबाट दोस्रो आवधिक विकास योजनाको सफल कार्यान्वयनका लागि प्रतिबद्धता एवम् शुभकामना समेत व्यक्त गर्दछु । धन्यवाद ।

**(जोकलाल बुढा)**
अध्यक्ष

**तमानखोला गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बोंगादोभान, बागलुङ**
**गण्डकी प्रदेश, नेपाल**

## शुभकामना मन्तव्य

नेपालको संविधान २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ एवम् योजना तर्जुमा सम्वन्धि रहेका नीगित व्यवस्थाहरु र विभिन्न दिगदर्शनको अधिनमा रही तमानखोला गाउँपालिकाको दिगो र द्रुत विकासको लागि "**सुखी र समान :समुन्नत तमान** " भन्ने दीर्घकालीन सोचका साथ दोस्रो आवधिक विकास योजना (२०८२/८३-२०८६/०८७) तयार भैइ प्रकाशित हुन लागेकोमा मलाई धेरै खुशी लागेको छ । यस आवधिक बिकास योजनामा गाउँपालिकाको समष्टिगत आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण तथा विपद व्यवस्थापन तथा सुशासन तथा संस्थागत विकास तथा प्रभावकारी सेवा प्रवाहका लागि लक्ष्य तथा उद्देश्यहरु निर्धारण गरि आगामी पाँच वर्षे अवधि भित्र सो हांसिल गर्न निर्देशक सिद्धान्त, रणनिति तथा प्राथमिकताहरु पहिचान एवम् परिभाषित मार्गचित्र प्रस्तुत गरिएको छ । दोस्रो आवधिक विकास योजनाले जनताको सहभागीतामा समग्र तमानखोला गाउँपालिकाको आमुल रुपान्तरण तथा चाहेको विकास गन्तब्यतर्फ गाउँपालिकालाई डोऱ्याउने अपेक्षा गरिएको छ ।

तमानखोला गाउँपालिकावासीहरुमा समर्पित यस आवधिक योजना तयार गर्न विविध पक्षहरुमा सहयोग गर्नुहुने गाउँपालिकाका सम्पुर्ण जनप्रतिनिधीज्यूहरु, कर्मचारीहरु, अमुल्य सल्लाह, सुझाव उपलब्ध गराउनु हुने सम्पूर्ण राजनीतिक पार्टीका नेता तथा प्रतिनिधिहरु, कर्मचारीहरु, छलफलमा सहभागी हुने सम्पूर्ण गाउँपालिकावासी दिदीवहिनी तथा दाजु भाईहरु, विज्ञ समुहका सदस्यहरुप्रति हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु ।

तमानखोला गाउँपालिकाको दोस्रो आवधिक योजनाको सोचलाई सार्थक तुल्याउन र आवधिक योजनाको शतप्रतिशत लक्ष्य प्राप्त गर्नका लागि योजनाको कार्यान्वयनको चरणमा यहाँहरु सबैको तह र तत्काबाट सहयोग, सदभाव, सुझाव र समन्वयनको अपेक्षा गर्दछु । आगामी समयमा वार्षिक नीति, कार्यक्रम र बजेट तयार गर्नका लागि यस आवधिक योजनालाई मूल आधार मानी कार्यान्वयन गर्नका लागि सदा झै यहाँहरु सबैको अमूल्य सुझाव-सल्लाह र रचनात्मक सहयोग प्राप्त भैरहनेछ भन्ने आशा समेत लिएको छु ।

अन्तमा तमानखोला गाउँपालिकामा दोस्रो आवधिक विकास योजना सफल कार्यान्वयन हुने प्रतिबद्धता र शुभकामनाका साथ यो मार्गदर्शन तयार गर्ने कार्यमा संलग्न कार्यपालिका सदस्यहरु, बिषयगत समितिका पदाधिकारीहरु र सम्पूर्ण कर्मचारी साथिहरुलाई बधाई तथा धन्यबाद दिन चाहान्छु र प्राविधिकरुपमा सहयोग गर्ने विज्ञ टोली सदस्यहरुलाई समेत धन्यवाद दिन चाहान्छु । धन्यवाद ।

**(हिरा कुमारी छन्त्याल)**

उपाध्यक्ष

तमानखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बोंगादोभान, बागलुङ
गण्डकी प्रदेश, नेपाल


# शुभकामना मन्तव्य

नेपालको संविधान २०७२ ले आत्मसात गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सफल कार्यान्वयन गर्न, नेपाल सरकारले लिएको **"समृद्ध नेपाल, सुखी नेपाली"** तथा गण्डकी प्रदेशले लिएको **"आत्मनिर्भर र समुन्नत प्रदेश सम्मानित प्रदेशबासी"** को सोचलाई साकार पार्न र प्रभावकारी सरकारी वित्त व्यवस्थापनको निमित्त तीनै तहका सरकारको योजना चक्र प्रभावकारी हुनु जरुरी छ । संघ, प्रदेश र स्थानीय तहका सरकारका नीति, योजना, बजेट तथा कार्यक्रम प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न तीनै तहले तर्जुमा गर्ने नीति, योजना, बजेट तथा कार्यक्रममा तादम्यता हुनु आवश्यक हुन्छ । दक्ष जनशक्तिको अभाव, श्रोत साधनको कमी, प्रविधिको पहुँचमा कमी, भौगोलिक विकटताका बाबजुद पनि गाउँपालिकालाई समृद्धिको बाटोमा हिँडाउनका लागि दोस्रो आवधिक विकास योजना तयार भैइ कार्यान्वयन उन्मुख हुदाँ उत्साहित छु ।

तमानखोला गाउँपालिकाको विकास र समृद्धिको चाहनालाई मूर्तरूप दिन ,नेतृत्व र विकासको दीर्घकालिन सोंच "**सुखी र समान :समुन्नत तमान** " तथा निर्देशक सिद्धान्त अनुसार सरकारी, गैरसरकारी, समुदायमा आधारित संस्था तथा निजी क्षेत्रलाई मूलधारमा ल्याई गाउँपालिकाको एकिकृत व्यवस्थित र योजनाबद्ध विकास प्रक्रिया तथा नतिजालाई मार्गदर्शन गर्ने मुख्य उद्देश्यका साथ दोस्रो आवधिक विकास योजना (२०८२/८३-२०८६/०८७) प्रकाशित हुन गईरहेको छ । यसले समग्र गाउँपालिकाको विकास प्रयासलाई मार्गदर्शन गर्ने र अपेक्षित नतिजा हासिल गर्ने, नविन तथा रणनीतिक महत्वका कार्यक्रम र सो को कार्यान्वयनको लागि कार्यनीति तयार गर्न सहयोग गर्ने छ भन्ने विश्वास लिएको छु । तमानखोला गाउँपालिका विकासको सम्भावना, अवसर, समस्या तथा चुनौती र स्रोत परिचालनको विद्यमान स्थिति विश्लेषण गरी गाउँपालिकावासीको चाहना अनुसार आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण तथा विपद व्यवस्थापन तथा सुशासन तथा संस्थागत विकास लक्ष्य, उदेश्य, रणनीति र प्राथमिकता सहित गाउँपालिका विकासको प्रारुप तयार भएकोले आगामी दिनहरुमा पनि यसैलाई आधार मानि योजनाहरु तयार गरिने र यसको सफल कार्यान्वयन भई गाउँपालिकाको समग्र विकासका योजना तर्जुमा गर्नमा मद्दत पुग्ने विश्वास लिएको छु । दिगो विकासका लक्ष्यलाई स्थानीयकरण गरी उपलब्ध स्रोत र साधनलाई प्राथमिकताका साथ मितव्ययी तरिकाले परिचालन गर्दै नतिजा मूलक पारदर्शिता, जनसहभागिता, जवाफदेहीता, प्रभावकारी अनुगमन तथा भ्रष्टाचार नियन्त्रण जस्ता विषयमा विशेष जोड दिइएको यो आवधिक योजनालाई सफल कार्यान्वयन गर्न तमानखोला गाउँपालिका दृढताका साथ लाग्ने प्रण गर्दै यसको प्रभावकारी कार्यान्वयनमा सहयोग गर्न सबै सरोकारवालाहरूलाई हार्दिक अनुरोध गर्दछु ।

आवधिक योजनाको तयारी चरणदेखि दस्तावेजीकरणसम्म अभिभावकत्व प्रदान गर्न तमानखोला गाउँपालिकाका अध्यक्षज्यू, र उपाध्यक्षज्यू प्रति हार्दिक आभार व्यक्त गर्दछु । यस क्रममा सक्रिय सहभागिता जनाई सहयोग गर्नुहुने गाउँ सभाका सदस्यहरु, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिकाका सदस्य ज्यूहरु, विषयगत समितिका प्रमुख तथा सदस्यज्यूहरु, गाउँपालिकामा कार्यरत कर्मचारी साथीहरु, राजनितिक दलका प्रतिनिधिहरु, सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरु, छलफलमा सहभागी हुने सम्पूर्ण गाउँपालिकावासी, स्थानीय क्लव, आमा समुह, महिला समुह, लगायत सरोकारवाला सबैप्रति आभार व्यक्त गर्दछु ।

अन्त्यमा, यस आवधिक विकास योजना तयार गर्नका लागि महत्वपूर्ण योगदान गर्ने र आवश्यक सहजीकरण गरि प्राविधिक सहयोग गर्ने एक्जिमियस इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. विषय विज्ञ टिमलाई समेत धन्यवाद सहित विशेष आभार प्रकट गर्दै आगामी दिनमा पनि यस प्रकारको सहयोग र सहकार्यको अपेक्षा गर्दछौं । धन्यवाद ।

**(अमित परियार)**
प्रमुख प्रशासकीय अधिकृत

# विषयसूची

**परिच्छेद १: परिचय** १

१.१. पृष्ठभूमि १

१.२. आवधिक विकास योजना उद्देश्य ३

१.३ आवधिक योजना तर्जुमाका कानुनी तथा नीतिगत आधार ३

१.४ योजना निर्माण विधि र प्रक्रियाहरू ४

१.४.१ दस्तावेजहरूको अध्ययन ४

१.४.२ योजना तर्जुमा पूर्वतयारी बैठक ४

१.४.३ स्थानीयस्तरमा गाउँपालिकाको समग्र वस्तुस्थिति अध्ययन तथा द्वितीय स्रोतका सूचना सङ्कलन ५

१.४.४ गाउँपालिकाको आधार नक्सासम्बन्धी सूचना सङ्कलन ५

१.४.५ वडा भेला मार्फत् प्राप्त सूचनाहरूको विश्लेषण ५

१.४.६ योजना तथा आधार पत्रहरूको पुनरावलोकन ५

१.४.७ तथ्याङ्क तथा सूचनाहरूको विश्लेषण ५

१.४.८ सोच, लक्ष्य, उद्देश्य र रणनैतिक कार्यक्रमहरूको मस्यौदा तयारी ५

१.४.९ आवधिक योजना तर्जुमा कार्यशाला ५

१.४.१० एकीकृत दस्तावेज तयारी तथा मस्यौदा प्रमाणीकरण कार्यशाला ५

१.४.११ अन्तिम प्रतिवेदन स्वीकृत ६

१.५ अध्ययनको सीमाहरू ६

१.६ विद्यमान राष्ट्रिय, प्रादेशिक र स्थानीय नीतिहरू ६

१.७ संघीय, प्रादेशिक र स्थानीय तहको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यहरू ७

१.७.१ दीर्घकालीन सोच वि.सं. २१०० ७

१.७.२ दीर्घकालीन सोच वि. सं. २१०० ले लिएका राष्ट्रिय रणनीति ७

१.७.३ राष्ट्रिय रूपान्तरणका प्रमुख संवाहक र सहयोगी क्षेत्र ७

१.७.४ दीर्घकालीन सोचको परिदृश्य र राष्ट्रिय परिमाणात्मक लक्ष्यहरू ८

१.७.५ सोह्रौं योजना (२०८१/८२- २०८५/८६) १०

१.७.६ गण्डकी प्रदेशको दोस्रो योजना (२०८१/८२-२०८५/८६) ११

१.८ दिगो विकासका लक्ष्यहरू १३

१.९ राष्ट्रिय तथा प्रादेशिक सरकारका मार्ग निर्देशनहरू १४

१.१० अन्तर्राष्ट्रिय सन्धी सम्झौता तथा घोषणापत्रहरू १४
१.११ स्थानीय तहमा सहभागी राजनैतिक दलहरूको घोषणापत्रहरू १४
१.१२ गाउँपालिकाको विद्यमान वस्तुगत अवस्था १४
**परिच्छेद : २ गाउँपालिकाको विद्यमान स्थिति र विकास उपलब्धिको समीक्षा १४**
२.१ गाउँपालिकाको परिचय १४
२.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना, १४
२.१.२ प्राकृतिक तथा साँस्कृतिक सम्पदा १६
२.१.३ भू-उपयोगको अवस्था १७
२.१.४ जनसांख्यिक अवस्था १८
२.२ आर्थिक विकास अवस्था २१
२.२.१ कृषि तथा खाद्य सुरक्षा २२
२.२.२ सिंचाइ सुविधाको अवस्था २४
२.२.३ पर्यटन तथा संस्कृति २५
२.२.४ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति २६
२.२.५ आम्दानी, रोजगारी र वित्तीय सेवा २८
२.३ सामाजिक विकासको अवस्था २८
२.३.१ स्वास्थ्य तथा पोषण २८
२.३.२ शैक्षिक विकास ३०
२.३.३ खानेपानी तथा सरसफाई ३२
२.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ३३
२.३.५ युवा, खेलकुद तथा कला ३७
२.४ पूर्वाधार तथा ग्रामिण विकासको अवस्था ३८
२.४.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण ३८
२.४.२ सडक, पुल तथा यातायात ४०
२.४.३ विद्युत् तथा वैकल्पिक ऊर्जा ४१
२.४.४ सूचना, सञ्चार तथा प्रविधि ४२
२.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था ४३
२.५.१ वन तथा जैविक विविधता ४३
२.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन ४४
२.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन ४५

२.५.४ महामारी तथा विपद् व्यवस्थापन ४५
२.६ सुशासन तथा संस्थागत व्यवस्था ४७
२.६.१ स्थानीय नीति, ऐन तथा सुशासन ४७
२.६.२ सङ्गठनात्मक विकास ४८
२.६.३ स्रोत परिचालन ४८
२.६.४ योजना व्यवस्थापन ४८
**परिच्छेद ३: सोच तथा विकासको अवधारणा ४९**
३.१ पृष्ठभूमि ४९
३.२ प्रमुख समस्या तथा चुनौती ५०
३.३ प्रमुख सबल पक्ष र सम्भावना तथा अवसर ५२
३.४ निर्देशक सिद्धान्त ५५
३.५ सोच, लक्ष्य तथा उद्देश्य ५७
३.६ परिमाणात्मक लक्ष्य ५८
३.७ रणनीति तथा प्राथमिकता ६१
३.८ लगानी, स्रोत अनुमान र बाँडफाँट ६४
३.८.१ वित्तीय व्यवस्थापन स्रोतहरु ६४
३.८.२ सार्वजनिक खर्च र खर्च बेहोर्ने स्रोतहरु ६५
३.८.३ बजेटका अन्य स्रोतहरूको परिचालन तथा व्यवस्थापन ६८
३.८.४ विषय क्षेत्रगत बजेट बाँडफाँडको विस्तृत विवरण ७१
**परिच्छेद ४ : आर्थिक क्षेत्र ७३**
४.१ कृषि तथा पशुपालन ७३
४.१.१ पृष्ठभूमि ७३
४.१.२ समस्या तथा चुनौती ७३
४.१.३ सम्भावना तथा अवसर ७४
४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ७४
४.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ८३
४. २ सिंचाई ८६
४.२.१ पृष्ठभूमि ८६
४.२.२ समस्या तथा चुनौती ८६
४.२.३ सम्भावना तथा अवसर ८६

४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ८६
४.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ९०
४.३ पर्यटन, सँस्कृति तथा सम्पदा ९२
४.३.१ पृष्ठभूमि ९२
४.३.२ समस्या तथा चुनौती ९२
४.३.३ सम्भावना तथा अवसर ९२
४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ९३
४.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १०४
४.४ उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति १०६
४.४.१ पृष्ठभूमि १०६
४.४.२ समस्या तथा चुनौती १०६
४.४.३ सम्भावना तथा अवसर १०७
४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १०७
४.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ११४
४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा ११६
४.५.१ पृष्ठभूमि ११६
४.५.२ समस्या तथा चुनौती ११६
४.५.३ सम्भावना तथा अवसर ११७
४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ११७
४.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १२३
**परिच्छेद ५: सामाजिक क्षेत्र** **१२५**
५.१ स्वास्थ्य तथा पोषण १२५
५.१.१ पृष्ठभूमि १२५
५.१.२ समस्या तथा चुनौती १२५
५.१.३ सम्भावना तथा अवसर १२६
५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १२६
५.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १३३
५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन १३६
५.२.१ पृष्ठभूमि १३६
५.२.२ समस्या तथा चुनौती १३६

५.२.३ सम्भावना तथा अवसर १३७

५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १३८

५.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १४८

५.३ खानेपानी तथा सरसफाई १५१

५.३.१ पृष्ठभूमि १५१

५.३.२ समस्या तथा चुनौती १५१

५.३.३ सम्भावना तथा अवसर १५२

५.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १५२

५.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १५८

५.४ महिला, बालबालिका तथा लक्षित वर्ग १६०

५.४.१ पृष्ठभूमि १६०

५.४.२ समस्या तथा चुनौती १६०

५.४.३ सम्भावना तथा अवसर १६१

५.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १६२

५.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १६९

५.५ युवा तथा खेलकुद १७१

५.५.१ पृष्ठभूमि १७१

५.५.२ समस्या तथा चुनौती १७१

५.५.३ सम्भावना तथा अवसर १७२

५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १७३

५.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १७८

**परिच्छेद ६: पूर्वाधार क्षेत्र १८०**

६.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण १८०

६.१.१ पृष्ठभूमि १८०

६.१.२ समस्या तथा चुनौती १८०

६.१.३ सम्भावना तथा अवसर १८१

६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १८१

६.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १८४

६.२ सडक, पुल तथा यातायात १८७

६.२.१ पृष्ठभूमि १८७

६.२.२ समस्या तथा चुनौती १८७

६.२.३ सम्भावना तथा अवसर १८८

६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १८९

६.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १९४

६.३ जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा १९६

६.३.१ पृष्ठभूमि १९६

६.३.२ समस्या तथा चुनौती १९६

६.३.३ सम्भावना तथा अवसर १९७

६.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १९७

६.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका २०१

६.४ सूचना, सञ्चार तथा प्रविधि २०२

६.४.१ पृष्ठभूमि २०२

६.४.२ समस्या तथा चुनौती २०२

६.४.३ सम्भावना तथा अवसर २०३

६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना २०३

६.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका २०७

**परिच्छेद ७: वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र २०८**

७.१ वन तथा जैविक विविधता २०८

७.१.१ पृष्ठभूमि २०८

७.१.२ समस्या तथा चुनौती २०९

७.१.३ सम्भावना तथा अवसर २१०

७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना २१०

७.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका २१७

७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन २१९

७.२.१ पृष्ठभूमि २१९

७.२.२ समस्या तथा चुनौती द्ज्ञढ

७.२.३ सम्भावना तथा अवसर २२०

७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना २२१

७.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका २२४

७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन २२५

७.३.१ पृष्ठभूमि २२५
७.३.२ समस्या तथा चुनौती २२५
७.३.३ सम्भावना तथा अवसर २२६
७.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना २२६
७.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका २३०
७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता २३२
७.४.१ पृष्ठभूमि २३२
७.४.२ समस्या तथा चुनौती २३२
७.४.३ सम्भावना तथा अवसर २३३
७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना २३३
७.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका २४०
**परिच्छेद ८: संस्थागत विकास तथा सुशासन क्षेत्र २४२**
८.१ सेवा प्रवाह तथा सुशासन २४२
८.१.१ पृष्ठभूमि २४२
८.१.२ समस्या तथा चुनौती २४२
८.१.३ सम्भावना तथा अवसर २४३
८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना २४४
८.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका २४६
८.२ मानव संसाधन तथा संस्थागत क्षमता विकास २४८
८.२.१ पृष्ठभूमि २४८
८.२.२ समस्या तथा चुनौती २४८
८.२.३ सम्भावना तथा अवसर २४८
८.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना २४९
८.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका २५३
८.३ तथ्याङ्क प्रणाली २५५
८.३.१ पृष्ठभूमि २५५
८.३.२ समस्या तथा चुनौती २५५
८.३.३ सम्भावना तथा अवसर २५५
८.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना २५५
८.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका २५८

८.४ शासकीय सुधार २५९

८.४.१ पृष्ठभूमि २५९

८.४.२ समस्या तथा चुनौती २५९

८.४.३ सम्भावना तथा अवसर २५९

८.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना २५९

८.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका २६२

८.५ प्रशासकीय सुशासन २६४

८.५.१ पृष्ठभूमि २६४

८.५.२ समस्या तथा चुनौती २६४

८.५.३ सम्भावना तथा अवसर २६४

८.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना २६४

८.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका २६६

८.६ वित्तीय सुशासन २६८

८.६.१ पृष्ठभूमि २६८

८.६.२ समस्या तथा चुनौती २६८

८.६.३ सम्भावना तथा अवसर २६८

८.६.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना २६९

८.६.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका २७१

८.७ भ्रष्टाचार निवारण २७२

८.७.१ पृष्ठभूमि २७२

८.७.२ समस्या तथा चुनौती २७२

८.७.३ सम्भावना तथा अवसर २७२

८.७.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना २७२

८.७.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका २७५

८.८. राजस्व परिचालन २७६

८.८.१ पृष्ठभूमि २७६

८.८.२ समस्या तथा चुनौती २७६

८.८.३ सम्भावना तथा अवसर २७६

८.८.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना २७६

८.८.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका २८०

**परिच्छेद ९ अन्तरसम्बन्धित विषय** २८२

९.१ गाउँपालिका सुरक्षा २८२

९.१.१ पृष्ठभूमि २८२

९.१.२ समस्या तथा चुनौती २८२

९.१.३ सम्भावना तथा अवसर २८२

९.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना २८३

९.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका २८५

९.२ मानव अधिकार २८६

९.२.१ पृष्ठभूमि २८६

९.२.२ समस्या तथा चुनौती २८६

८.२.३ सम्भावना तथा अवसर २८६

९.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना २८६

९.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका २८९

९.३ संघीय शासन प्रणाली २९०

९.३.१ पृष्ठभूमि २९०

९.३.२ समस्या तथा चुनौती २९०

९.३.३ सम्भावना तथा अवसर २९०

९.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना २९०

९.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका २९१

९.४ स्थानीय तहको सन्तुलित विकास २९२

९.४.१ पृष्ठभूमि २९२

९.४.२ समस्या तथा चुनौती २९२

९.४.३ सम्भावना तथा अवसर २९२

९.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना २९२

९.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका २९४

**परिच्छेद १०: कार्यान्वयन व्यवस्था** २९५

१०.१ पृष्ठभूमि २९५

१०.२ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना २९५

१०.३ विषयक्षेत्र अनुसार अनुमानित बजेट २९६

१०.४ स्रोत अनुमान तथा प्रक्षेपण २९८

१०.५ स्रोत परिचालन रणनीति ३००
१०.६ आवधिक योजना कार्यान्वयन ३०२
१०.६.१ योजना कार्यान्वयन ३०२
१०.६.२ कार्यान्वयन प्रक्रिया ३०४
१०.६.३ कार्यान्वयन संयन्त्र ३०४
९.६.४ कार्यान्वयन विधि ३०५
१०.६.५ अख्तियारी ३०५
१०.७ अनुगमन तथा मूल्याङ्कन योजना ३०६
१०.७.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता ३०६
१०.७.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी ३०७
१०.७.३ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया ३०८
**स्रोत नक्साहरु ३०९**

## तालिकाहरु

तालिका १: नेपालका प्रमुख परिमाणात्मक लक्ष्यहरू ९
तालिका २: नेपालको सोह्रौं योजना प्रमुख परिमाणात्मक लक्ष्यहरू १०
तालिका ३: गण्डकी प्रदेशको दोस्रो योजना प्रमुख परिमाणात्मक लक्ष्यहरू १२
तालिका ४: तमानखोला गाउँपालिकाको वडागत संरचना १६
तालिका ५: तमानखोला गाउँपालिकाको भू-उपयोग विवरण १७
तालिका ६: तमानखोला गाउँपालिकाको वडागत भू-उपयोग विवरण १८
तालिका ७: घरपरिवारको संख्या, लिङ्ग अनुसार जनसंख्या, औसत घरपरिवारको आकार र लिङ्ग अनुपात विवरण १९
तालिका ८: जातजाति अनुसारको जनसंख्या विवरण १९
तालिका ९: भाषा विवरण २०
तालिका १०: धर्म विवरण २०
तालिका ११: आर्थिक कामको औद्योगिक क्षेत्र अनुसार जनसंख्या वितरण २२

तालिका १२: आर्थिक कामको पेशाअनुसार जनसंख्या वितरण २२
तालिका १३: खेतीपाती भइरहेका तथा कृषिका लागि योग्य क्षेत्रहरूको वडागत विवरण २४
तालिका १४: पर्यटकीय स्थलहरुको विवरण २६
तालिका १५: स्वास्थ्य संस्था / प्रकार विवरण २९
तालिका १६: शैक्षिक संस्थाको प्रकार विवरण ३०
तालिका १७: साक्षरता स्थिति अनुसार ५ वर्ष र सोभन्दा माथिको जनसंख्या विवरण ३०
तालिका १८: साक्षर जनसंख्याले उत्तीर्ण गरेको तह विवरण ३१
तालिका १९: विद्यालय उपस्थितिको हालको स्थिति अनुसार ५ देखि २५ वर्ष उमेर समूहको जनसंख्या विवरण ३१
तालिका २०: खानेपानी विवरण ३२
तालिका २१: शौचालय सुविधाको प्रकार अनुसार घरपरिवारको संख्या विवरण ३३
तालिका २२: बालविवाह ३४
तालिका २३: लिङ्ग अनुसार १५ वर्षभन्दा पहिले बालविवाहको स्थिति ३५
तालिका २४: लिङ्ग अनुसार १८ वर्षभन्दा पहिले बालविवाहको स्थिति ३५
तालिका २५: स्थिर सम्पत्तिमा महिलाको स्वामित्व, ३५
तालिका २६: निर्भरता अनुपात ३६
तालिका २७: अपाङ्गताको स्थिति ३६
तालिका २८: वस्ती क्षेत्रहरू ३८
तालिका २९: व्यापारिक केन्द्रहरू ३८
तालिका ३०: घरको स्वामित्व अनुसार परिवार संख्या ३८
तालिका ३१: घरको जगको बनोटअनुसार परिवार संख्या ३९
तालिका ३२: घरको छानोको बनोटअनुसार परिवार संख्या ३९
तालिका ३३: बत्ति बल्न प्रयोग गरिने मुख्य स्रोतका आधारमा परिवार संख्या ४१
तालिका ३४: इन्धनको प्रयोगमा ४२
तालिका ३५: परिवारमा उपलब्ध साधन तथा सुविधाअनुसार परिवार संख्या ४३

तालिका ३६: गाउँपालिकाका विद्यमान क्षेत्रगत समस्या तथा चुनौतिहरु ५०

तालिका ३७: गाउँपालिकाका विद्यमान क्षेत्रगत सबल पक्ष तथा सम्भावना तथा अवसरहरु ५३

तालिका ३८: परिमाणात्मक लक्ष्यहरु ५८

तालिका ३९: दीर्घकालिन रणनीति तथा प्राथमिकता ६१

तालिका ४०: आम्दानीको विस्तृत विवरण ६५

तालिका ४१: राजस्व अनुमान, आम्दानीको विस्तृत विवरण (संघीय) ६६

तालिका ४२: राजस्व अनुमान, आम्दानीको विस्तृत विवरण (प्रदेश ) ६६

तालिका ४३: चालु तथा पुँजीगत तर्फ व्यय अनुमान ६७

तालिका ४४: वास्तविक वजेट आय र व्यय ६८

तालिका ४५: चालु तथा पुँजीगततर्फ जम्मा व्यय अनुमान ६९

तालिका ४६: आवधिक योजनामा बहुक्षेत्रगत अनुमानित लागत ६९

तालिका ४७: प्रतिशतको आधारमा विषयगत खर्चको विवरण ७१

तालिका ४८: स्रोत र साधनको लेखाजोखा ७२

तालिका ४९: लगानी र खर्चका शिर्षकहरु ७२

तालिका ५०: योजना अवधिको क्षेत्रगत लगानी प्रक्षेपण (चालु र पुंजीगत खर्च ) ७२

तालिका ५१: विषय क्षेत्र अनुसार अनुमानित बजेट २९७

**तालिका ५२: आगामि ५ बर्षको स्रोतअनुसार प्रक्षेपित कुल आय** २९९

तालिका ५३: गाँउपालिकालाई प्राप्त हुने बजेटको स्रोत तथा शीर्षकहरुको विवरण ३००

तालिका ५४: आम्दानीको स्रोत तथा योजना कार्यान्वयनमा लगानी ३०२

# परिच्छेद १: परिचय

## १.१. पृष्ठभूमि

नेपालको संविधान २०७२ जारी भएसंगै नेपाल एकल शासन प्रणालीबाट संघीय शासन प्रणालीमा रुपान्तरण भएको छ । संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र तीनै तहले संविधान र कानून बमोजिम राज्यशक्तिको प्रयोग गर्ने व्यवस्था गरेको छ । नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा कानून बनाउने, नीति तथा योजना तयार गर्ने, बार्षिक बजेट बनाउने, सोको कार्यान्वयन र नतिजा मापन गर्ने व्यवस्था गरेको छ ***(संविधानको धारा ५९ को उपधारा १)*** । यसैगरी संविधानले प्रदेश र स्थानीय तहले बजेट पेश गर्ने समय संघीय कानून बमोजिम हुने व्यवस्था गरेको छ ***(धारा ५९ को उपधारा ३)*** । संघीय शासन व्यवस्थामा स्थानीय सरकारलाई नागरिकको घरदैलोको सरकारको रुपमा लिइएको हुन्छ । तसर्थ राजनीतिक र अवधारणागत रुपमा पनि स्थानीय सरकारसँग जनताको बढी नै अपेक्षा हुने गर्दछ । नागरिकको आवश्यकता तथा अपेक्षा सम्बोधनको लागि स्थानीय सरकार अझ बढी सबल, सक्षम र जवाफदेही हुन आवश्यक छ । सक्षम, सबल र नागरिकप्रति संवेदनशिल तथा जवाफदेही स्थानीय सरकारबाट मात्रै जनचाहाना सम्बोधन हुन सक्दछ । यसका लागि स्थानीय सरकारका रुपमा गाउँपालिका तथा नगरपालिकाले स्थानीय धरातलिय परिवेश, विशिष्टता तथा नागरिकको वास्तविक आवश्यकता र चाहाना प्रतिबिम्बित हुने गरी स्थानीय नीति, योजना तथा बजेट तर्जुमा गर्नु आवश्यक रहेको छ ।

यसका लागि नेपाल सरकारले स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७५ लगायत आर्थिक संकेत, वर्गीकरण र व्याख्या जस्ता नीतिगत तथा कानूनी व्यवस्था समेत गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले गाउँपालिका तथा नगरपालिकाले स्थानीयस्तरको विकासका लागि आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नु पर्ने व्यवस्था गरेको छ । यस प्रकारका योजना तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासंग अनुकूल हुने गरी तर्जुमा गर्नु पर्ने व्यवस्था ऐनमा गरिएको छ । यसैगरी योजना तर्जुमा गर्दा सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद्व्यवस्थापन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्ने व्यवस्था समेत ऐनले स्पष्ट गरेको छ । यसका अतिरिक्त ऐनले योजना तर्जुमा गर्दा प्राथमिकता दिनु पर्ने विषयहरू समेत तोकेको र स्थानीय तहले कार्यसम्पादनका क्रममा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग र प्रभावकारी सेवा प्रवाह सम्वन्धी व्यवस्था स्पष्ट रुपमा उल्लेख गरेको छ । सोही व्यवस्थाअनुसार उत्पादनमूलक तथा छिटो प्रतिफल दिने, गरिबी निवारण, जीवनस्तरमा दिगो सुधार, रोजगारीका अवसरमा वृद्धि समेत आर्थिक सामाजिक पुर्नलाभ, जनसहभागिता प्रवर्धन, समावेशी, दिगो विकास र स्थानीय सँस्कृति संरक्षण जस्ता विषयलाई प्राथमिकता दिनुपर्ने कुरालाई जोड दिएको छ । जसका लागि सीमीत स्रोत र साधनको उच्चतम र उचित प्रयोग चलाखीपूर्ण तवरले गर्नु पर्ने हुन्छ । सामूहिक रूपले गरिने यस्ता प्रयासहरूले नै विकास प्रतिबिम्बित गर्दछ । विकासका लागि पूर्वाधार, योजना र परिस्थितिहरूको संयोजन आवश्यक हुन्छ । यो एकै पटक पनि सम्भव हुँदैन यसका चरणबद्ध खुड्किलाहरू हुन्छन् जसमा गतिशील पाइला चाल्दै जानुपर्ने हुन्छ । निश्चित उद्देश्य प्राप्त गर्न उपलब्ध स्रोत साधनहरूको अधिकतम सदुपयोग गर्दै तोकिएको समयमा समग्र विकासको चरणबद्ध खुड्किलो पार गर्दै जाने प्रक्रिया नै आवधिक विकास योजना हो । आवश्यकता अनुसार आवधिक विकास योजनाहरू छोटो समय देखि लामो समयसम्मको निर्धारण गर्न सकिन्छ । सामान्यतया एक वर्ष देखि पाँच वर्ष सम्मको आवधिक विकास योजनाहरू निर्माण गर्ने प्रचलन रहेको हुन्छ । यस्ता आवधिक विकास योजनाहरूको उपलब्धि मूलक कार्यान्वयनले समग्र विकास र सामाजिक रूपान्तरण प्राप्त हुन्छ ।

समावेशी, सन्तुलित तथा दिगो सामाजिक, आर्थिक र भौतिक विकास गरी सामाजिक न्यायसहितको समृद्धि र सुख हासिल गर्न योजनाबद्ध विकास गर्नु आवश्यक हुन्छ । यसका लागि तथ्यगत अध्ययन, अनुसन्धान र विश्लेषण गर्दै

विषयगत समस्या, चुनौती र अवसरहरूको पहिचान गर्ने र त्यसका आधारमा विषय केन्द्रित रणनीति, व्यावहारिक कार्यनीति र नतिजामुखी कार्यक्रमसहितको योजना तर्जुमा र कार्यान्वयन आवश्यक पर्दछ। नेपाल सरकारले आर्थिक वर्ष २०८१/८२ देखि २०८५/८६ सम्मको लागि सोह्रौं आवधिक योजना, राष्ट्रिय आकंक्षा **"समृद्ध नेपाल, सुखी नेपाली"** विक्रम संवत् २१०० का सूचकसहितको सोही पञ्चवर्षीय योजनाको आधार-पत्र प्रकाशन गरेको छ। यसैको जगमा रहेर गण्डकी प्रदेश सरकारले समेत प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाको तयार गरेको छ।

नेपालको संविधान र प्रचलित कानुन बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्रका विषयलाई समेट्ने गरी स्थानीय तहको आर्थिक सामाजिक विकासको लागि आवधिक विकास योजना तर्जुमा गर्नु पर्ने व्यवस्था रहेको छ। यसै व्यवस्था अनुसार जनताको सबैभन्दा नजिकको सरकारका रुपमा रहेको स्थानीय सरकारले समृद्धी र सुशासनको जनआकांक्षा पुरा गर्ने प्रयासलाई दिशा निर्देश गर्न आवधिक योजना तर्जुमा आवश्यक रहेको छ। स्थानीय तहको योजना तर्जुमा सम्वन्धी जिम्मेवारी तथा अधिकार क्षेत्रलाई मनन्गरी संविधान एवम् कानून बमोजिम स्थानीय सरकारको रुपमा स्थापित तमानखोला गाउँपालिकाको पहिलो प्रयासको रुपमा प्रथम आवधिक विकास योजना (२०७६/०७७-२०८०/०८१) तर्जुमा तथा कार्यान्वयन गरी सकेको छ भने दोस्रो पञ्चवर्षीय विकास योजना (२०८२/८३-२०८६/०८७) तर्जुमा गरी कार्यान्वयन गर्ने प्रतिवद्धता गरेको छ। तमानखोला गाउँपालिकाको समग्र विकास तथा समुन्नतिको लागि तयार गरिएको पञ्चवर्षीय योजना हो। यस प्रकारका स्थानीय निकाय (स्थानीय सरकार) लाई आधार मानी तयार गरिने योजनालाई स्थानीय विकास योजना भनिन्छ। यसले सम्पूर्ण स्थानीय नागरिकका मनोकांक्षालाई आत्मासाथ गर्दै उनीहरूको आवश्यकता र प्राथमिकताको पहिचान गर्दछ। यी आवश्यकताहरूलाई विभिन्न शिर्षक उपशिर्षकमा व्यवस्थित गर्दै प्राथमिकताका आधारमा कार्य योजना तयार गर्दछ। यस्ता कार्य योजनाहरू कार्यान्वयन गर्न आवश्यक पर्ने आफ्नै विभिन्न स्रोतहरू तथा प्रदेश सरकार तथा केन्द्र सरकार जस्ता माथिल्ला तहहरूबाट प्राप्त हुने स्रोत साधनहरूको संयोजन समेत गरी वृहत् राष्ट्रिय विकास लक्ष्य तथा उद्देश्यसँगको सामञ्जस्यमा सम्पन्न गर्दछ।

सोह्रौं योजना, गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाकाले तय गरेका लक्ष्य तथा उद्देश्य प्राप्त गर्न सहयोग पुऱ्याउने र समावेशी, दिगो तथा उत्थानशील अर्थतन्त्र निर्माण गरी गाउँपालिका समुन्नतिको आधारशीला तयार गर्ने उद्देश्यसहित गाउँपालिकाले दोस्रो पञ्चवर्षीय योजना तर्जुमा गरेको छ। यस योजना मूलतः नेपालको संविधानका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीति, स्थानीय तहको अधिकार सूची, नेपालको सोह्रौं योजना, गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजना, तमानखोला गाउँपालिको प्रथम आवधिक विकास योजनाको समीक्षा, नीति तथा प्राथमिकता, गाउँपालिको सम्भावना, सामर्थ्य तथा दिगो विकास लक्ष्यसहितका प्रादेशिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताबाट निर्देशित रहेको छ।

यस आवधिक विकास योजनामा गाउँपालिकाको समष्टिगत आर्थिक, सामाजिक विकास तथा प्रभावकारी सेवा प्रवाहका लागि लक्ष्य तथा उद्देश्यहरू निर्धारण गरी आगामी ५ बर्ष अवधिभित्र सो हासिल गर्ने निर्देशक सिद्धान्त, रणनीति तथा प्राथमिकताहरू पहिचान एवम् परिभाषित मार्गचित्र प्रस्तुत गरिएको छ। यस योजनाले निर्धारित अवधिका लागि आफुले चाहेको विकास गन्तव्यतर्फ गाउँपालिकालाई डोऱ्याउने अपेक्षा गरिएको छ। गाउँपालिकाको विकास प्रयासलाई दिशानिर्देश गर्न विषयक्षेत्र गुरुयोजना, आवधिक तथा बार्षिक योजना तर्जुमा, योजना कार्यान्वयन, अनुगमन तथा विकासका प्रयासहरुको प्रभाव लेखाजोखा गर्न विषयगत सूचना तथा स्रोत नक्शासहित वस्तुस्थिति विवरण (स्थिति पत्र) लाई योजनाको आधार दस्तावेजको रुपमा लिइएको छ। गाउँपालिका विकासको स्थिति पत्र, तमानखोला गाउँपालिको प्रथम आवधिक विकास योजनाको समीक्षाको आधारमा विकासको वर्तमान अवस्था, सम्भावना, अवसर, समस्या तथा चूनौति विश्लेषण गरी दोस्रो आवधिक विकास योजना तर्जुमा गरिएको छ। योजना तर्जुमा गर्ने सिलसिलामा सहभागितामूलक योजना तर्जुमा प्रक्रिया बमोजिम गाउँ सभा तथा कार्यपालिका पदाधिकारी, कार्यालय तथा विषयगत क्षेत्रका कर्मचारी, स्थानीय राजनीतिक दलहरू, अगुवा तथा विषयविज्ञहरु, नागरिक समाज, लक्षित वर्ग तथा सरोकारवालाको प्रतिनिधित्व सुनिश्चित गरिएको छ। यस आवधिक विकास योजना तर्जुमा प्रक्रिया तथा नतिजामा दिगो विकासका लक्ष्यलाई स्थानीय परिवेश अनुसार एकीकृत गर्नुका साथै सामाजिक आर्थिक पुर्नलाभका विषयहरुलाई समेत समावेश गर्ने प्रयास गरिएको छ। यस दोस्रो आवधिक विकास योजना तर्जुमा प्रक्रियामा जनसंख्या, आर्थिक वृद्धिदर,

सेवा तथा सुविधाको माग समेत विकासको वर्तमान अवस्था अध्ययन तथा विश्लेषण गरी गाउँपालिकाको समष्टिगत विकासको लागि दुरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तर्जुमा गरिएको छ। यस योजनाले गाउँपालिकाको समग्र तथा योजनावद्ध विकासका लागि आगामी ५ वर्षको मार्गचित्र तयार गरी त्यसका लागि स्रोत परिचालनको योजना समेत नतिजा अनुगमन र प्रभाव लेखाजोखाको लागि आधार तय गरेको छ।

## १.२. आवधिक विकास योजना उद्देश्य

गाउँपालिकाको नेतृत्व र विकासको दीर्घकालिन सोच तथा निर्देशक सिद्धान्त अनुसार सरकारी, गैर सरकारी, सहकारी, समुदायमा आधारित संस्था तथा निजी क्षेत्रलाई मूलधारमा ल्याई गाउँपालिकाको एकीकृत, व्यवस्थित र योजनाबद्ध विकास प्रक्रिया तथा नतिजालाई मार्गदर्शन गर्नु आवधिक विकास योजना तर्जुमाको मुख्य उद्देश्य (लक्ष्य) रहेको छ। यस योजनाको विशिष्ट उद्देश्यहरु देहाय अनुसार रहेका छन्।

- दीर्घकालीन सोच उन्मुख रही समष्टिगत लक्ष्य, रणनीतिक कार्यक्रम तथा बजेट अनुमानसहित विकासको रणनीतिक दस्तावेज तयार गर्ने,
- गाउँपालिका विकासका साझेदार तथा सरोकारवालाहरूको सहभागितामा गाउँपालिकाको एकीकृत, नतिजामुलक र योजनाबद्ध विकासको मार्गचित्र तयार गर्ने,
- विषय क्षेत्रगत रणनीतिक योजना, मध्यमकालीन खर्च संरचना तथा वार्षिक बजेट तथा कार्यक्रम तयारी कार्यलाई निर्देशित गर्ने,
- योजनाबद्ध, नतिजामूलक, समावेशी र उत्थानशील विकासका लागि स्थानीय तहका गतिविधिलाई निर्दृष्ट लक्ष्य हासिल गर्ने दिशातर्फ निर्देशित गर्नु,
- स्थानीय विकासका सरोकारवालाहरूमा विकास प्रयास र उपलब्धिमा साझा प्रतिबद्धता र उत्तरदायित्व सिर्जना गर्नु,
- विकासको राष्ट्रिय तथा प्रादेशिक लक्ष्य र प्राथमिकतासँग स्थानीय विकासको तादाम्यता कायम गर्नु,
- नतिजामा आधारित स्थानीय विकासलाई प्रवर्द्धन गर्नु।

## १.३ आवधिक योजना तर्जुमाका कानुनी तथा नीतिगत आधार

आवधिक योजना तर्जुमा गर्दा निम्न बमोजिम कानुनी तथा नीतिगत आधार लिइएको छ।

- नेपालको संविधान २०७२ मा उल्लेखित मौलिक हक, अधिकारका बाँडफाँड अनुसूची, निर्देशक सिद्धान्तहरु
- स्थानीय सरकार सञ्चालन ऐन २०७४, नियमवली र कार्यविधिहरु
- सोह्रौं पञ्चवर्षिय योजना र राष्ट्रिय लक्ष्यहरू
- दिगो विकास लक्ष्य र नेपाल सरकारले स्वीकार गरेका सूचकहरू
- गण्डकी प्रदेशको दोस्रो आवधिक योजना र विकासका प्रमुख चालकहरू
- नेपाल सरकारबाट जारी क्षेत्रगत रणनीति, कार्यविधि र नीतिहरू
- विपद् व्यवस्थापन राष्ट्रिय कार्ययोजना र कार्यविधिहरु
- संघिय र प्रदेश सरकारबाट जारी नीति तथा कार्यक्रमहरु
- गाउँपालिकाबाट जारी वार्षिक नीति तथा कार्यक्रमहरु
- तमानखोला गाउँपालिका प्रोफाईल

- केन्द्रिय तथ्याङ्क विभागका प्रतिवेदनहरु
- दिगो विकासका लक्ष्यहरु, गण्डकी प्रदेशको अवस्था तथा मार्ग चित्र
- स्थानीय मानव विकास प्रतिवेदन, गण्डकी प्रदेश
- स्थानीय तहमा सहभागी राजनीतिक दलका घोषणा पत्र र प्रतिवद्धताहरू
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन र अनुगमन एवम् मुल्यांकन दिग्दर्शन
- स्थानीय नागरिक समाज, अगुवा तथा जनसहभागिताबाट प्राप्त राय, परामर्श र सुझावहरू
- विज्ञहरूबाट प्रकाशित कृति, अनुभव र ज्ञानहरू, अनुसन्धानका प्रतिवेदनहरू

## १.४ योजना निर्माण विधि र प्रक्रियाहरू

तमानखोला गाउँपालिकाको गाउँसभाद्धारा पारित तीन आर्थिक वर्षका वार्षिक नीति, कार्यक्रम तथा बजेटले गाउँपालिकाको विकासका कार्यक्रम तथा आयोजनाहरूलाई प्राथमिकता र रणनीतिक तवरबाट सञ्चालन गर्न कार्यपालिकालाई निर्देशित गरेको पृष्ठभुमिबाट योजना निर्माणको प्रक्रिया सुरु भएको छ । राष्ट्रिय योजना आयोगद्वारा प्रकाशित "स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८", प्रदेश नीति तथा योजना आयोग र प्रदेश सुशासन केन्द्रबाट प्राप्त सुझाव र सिफारिसलाई समेत ग्रहण गर्दै योजना निर्माण विधिलाई अवलम्वन गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन लगायतका कानुनी व्यवस्था, स्थानीय आर्थिक कार्यप्रणाली, संघ प्रदेश र स्थानीय तहबीच अन्तरसम्बन्ध तथा संवैधानिक अधिकार बाँडफाँडका व्यवस्थाहरूलाई ध्यान दिँदै आवधिक योजना तर्जुमाको लागि आवश्यक सूचना तथा तथ्याङ्क सङ्कलन गर्ने क्रममा सरकारी निकाय, कार्यालयबाट प्रकाशित तथा अप्रकाशित तथ्य, अभिलेख, तथ्याङ्क र अन्य सन्दर्भ सामाग्रीहरूको उपयोग गरिएको छ । यो आवधिक योजना तर्जुमा प्रकृयामा निम्न लिखित विधिहरू अवलम्बन गरिएको छ ।

### १.४.१ दस्तावेजहरूको अध्ययन

योजना तर्जुमा निर्माण सम्बन्धी प्रमुख दस्तावेजहरू सोहौ योजनाको आधारपत्र, गण्डकी प्रदेशको दोस्रो आवधिक योजना, राष्ट्रिय योजना आयोगले तयार गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, प्रदेश नीति तथा योजना आयोगले तयार गरेको प्रदेशको वस्तुस्थिति विवरण २०७५, विभिन्न मन्त्रालय तथा विभागहरूले प्रकाशन गरेका प्रतिवेदनहरूमा उल्लिखित प्रावधानहरूको अध्ययन गरिएको छ । साथै राष्ट्रिय योजना आयोग, प्रदेश नीति तथा योजना आयोगले प्रकाशन गरेका प्रतिवेदनहरू, प्रदेश सम्बन्धी सूचनाहरू तथा तमानखोला गाउँपालिकाको पहिलो आवधिक योजना, स्थानीय ऐन नियम तथा अन्य विविध पक्षहरूको अध्ययन तथा विश्लेषण गरिएको छ ।

### १.४.२ योजना तर्जुमा पूर्वतयारी बैठक

गाउँ कार्यपालिकाका सम्पूर्ण पदाधिकारीहरू, विषयगत शाखाका प्रमुखहरू, स्थानीय राजनीतिक दलका अगुवाहरू, बुद्धिजीवी तथा सरोकारवालाहरूको सहभागितामा विज्ञहरूको समेत उपस्थितिमा समग्र आवधिक योजना तयारीका प्राविधिक पक्षहरूको बारेमा बृहत् छलफल र जिम्मेवारी बाँडफाँट गर्ने कार्य सम्पन्न गरिएको छ ।

गाउँपालिकाको आवधिक वि कास योजना निर्देशक समिति र सहजीकरण समिति गठन तथा अन्य व्यवस्थापकीय तयारी सम्बन्धी छलफल गरी आवधिक योजना निर्माणको विस्तृत कार्ययोजना पेश गरिएको थियो । प्रस्तुत आवधिक विकास योजनालाई अन्तिम रुप दिनु अगाडि निर्देशक समिति, सहजीकरण समिति, शाखा प्रमुखहरु लगायत अन्य सरोकारवालाको सहभागीतामा आवधिक योजना निर्माण सम्बन्धी छलफल कार्यशालाको आयोजना गरिएको छ ।

### १.४.३ स्थानीयस्तरमा गाउँपालिकाको समग्र वस्तुस्थिति अध्ययन तथा द्वितीय स्रोतका सूचना सङ्कलन

यस अन्तर्गत विज्ञ समूह तथा अध्ययनकर्ताको सहभागितामा प्रत्येक वडाको वस्तुस्थिति, मुख्य सम्भावना, अवसर र चुनौती पहिचान गर्ने हेतुले वडाध्यक्षको संयोजकत्वमा वडाका सम्पूर्ण सरोकारवाला सम्मिलित वडा भेला, छलफल र अन्तरक्रियामार्फत प्राथमिक तथा द्वितीय स्रोतबाट सूचना सङ्कलन गरिएको छ ।

### १.४.४ गाउँपालिकाको आधार नक्सासम्बन्धी सूचना सङ्कलन

विषय विज्ञद्वारा प्रत्येक वडाबाट भू-सूचना प्रणालीको प्रयोग गरी आधार नक्सा तयार गर्न आवश्यक भौतिक, आर्थिक, सामाजिक, वातावरण लगायत सम्पूर्ण भू-संकेत र सुचना सङ्कलन गरिएको छ ।

### १.४.५ वडा भेला मार्फत् प्राप्त सूचनाहरूको विश्लेषण

वडा भेला र अन्तरक्रियाबाट प्राप्त सूचनाहरूको तालिकीकरण, प्रशोधन पश्चात समग्र वस्तुस्थितिको **SWOT** विष्लेण गरी गाउँपालिकाका सबल पक्ष, समस्या, सम्भावना र अवसरहरू पहिचान गर्ने कार्यसम्पन्न गरिएको छ ।

### १.४.६ योजना तथा आधार पत्रहरूको पुनरावलोकन

आवधिक योजना निर्माण गर्ने क्रममा संघीय सरकार, प्रदेश सरकार, राष्ट्रिय योजना आयोग, दिगो विकास लक्ष्यहरू तथा स्थानीय निकायका विगतका विकास योजनाहरूको अध्ययन गरियो । पन्ध्रौं योजना, नेपाल सरकारको नीति तथा कार्यक्रम, प्रदेश सरकारको आवधिक योजना, राष्ट्रिय, अन्तराष्ट्रिय मापदण्डलाई कायम गर्न सन्दर्भ सामाग्रीको अध्ययन र प्रयोग शुरुदेखि अन्तिम चरणसम्म गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले निर्देश गरेका कार्यक्षेत्र र कार्यादेशको अधिनमा रहेर सोको मापदण्ड कायम गर्दै, राष्ट्रिय योजना आयोगले तयार पारेका आधारपत्र, योजना तर्जुमा निर्देशिका, योजना तथा कार्यक्रम अनुगमन निर्देशिका र मापदण्डहरूको पुनरावलोकन गरिएको छ ।

### १.४.७ तथ्याङ्क तथा सूचनाहरूको विश्लेषण

यस आवधिक योजना तर्जुमा कार्यको शुरुदेखि नै गुणस्तर कायम गर्नको लागि विज्ञ टोलीद्धारा निरन्तर रुपमा अनुगमन गर्ने काम भएको छ । सुचना सङ्कलनको लागि तयार पारिएका फारम, यसको लागि प्रयोग भएका सन्दर्भ समाग्री, कार्यलयबाट संकलित तथ्य र तथ्याङ्कहरू को प्रमाणिकरण, शुद्धिकरण र विश्लेषणका कार्य आवश्यकता अनुसार गरिएको छ । प्रदेश सरकार नीति तथा योजना आयोगबाट उपलब्ध तथ्याङ्कहरूलाई जस्ताका तस्तै अनुकुलता हेरी राखिएको छ ।

### १.४.८ सोच, लक्ष्य, उद्देश्य र रणनैतिक कार्यक्रमहरूको मस्यौदा तयारी

समग्र वस्तुस्थिति विश्लेषण पश्चात् राष्ट्रिय र प्रादेशिक लक्ष्य, योजना र उद्देश्यसँग तादाम्यता हुनेगरी स्थानीय आवश्यकता सम्बोधन हुने गरी गाउँपालिकाको सोच, लक्ष्य, उद्देश्य र रणनीतिक कार्यक्रमहरूसहितको मस्यौदा तयार गरिएको छ ।

### १.४.९ आवधिक योजना तर्जुमा कार्यशाला

आवधिक योजना तर्जुमा विषयगत क्षेत्रका सरोकारवालाहरूको सहभागितामा कार्यशाला विभिन्न चरणहरुमा आयोजना गरिएको छ । कार्यशालाबाट विषय क्षेत्रगत समस्या, अवसर, चुनौती तथा सम्भावनाहरूको वस्तुपरक विश्लेषणका आधारमा विषयगत लक्ष्य तथा परिमाण सूचक निर्धारण गरी ती लक्ष्य तथा सूचक हासिल गर्न अवलम्बन गरिनु पर्ने रणनीति तथा कार्यनीतिहरू, प्रमुख कार्यक्रमहरू र अनुमानित लागत समेटेर मस्यौदा तयार गरिएको छ ।

### १.४.१० एकीकृत दस्तावेज तयारी तथा मस्यौदा प्रमाणीकरण कार्यशाला

आवधिक योजनाको पहिलो मस्यौदा तयार भई सकेपछि गाउँपालिकाका प्रतिनिधिहरू तथा कर्मचारीहरू र राजनीतिक दलका प्रतिनिधिहरू, विषयगत विज्ञहरू तथा सरोकारवालाहरूको सहभागितामा मस्यौदा प्रमाणीकरण कार्यशालामा पेश

गरी मस्यौदा उपर विस्तृत रूपमा समीक्षा गरी सहभागीहरूबाट प्राप्त सुझाव र सल्लाहको आधारमा मस्यौदा प्रतिवेदनलाई थप परिमार्जित गरिएको छ ।

### १.४.११ अन्तिम प्रतिवेदन स्वीकृत

सहभागीतामूलक कार्यशालाको निष्कर्ष, मस्यौदा प्रमाणीकरण कार्यशालाबाट प्राप्त सुझाव तथा विषय विज्ञहरूसँगको परामर्श तथा छलफलका क्रममा आएका सुझावको आधारमा तयार गरिएको तमानखोला गाउँपालिकाको यस दोस्रो आवधिक आयोजना (२०८२/८३ - २०८६/८७ ) को अन्तिम दस्तावेजलाई गाउँ कार्यपालिकाबाट स्वीकृत गरिएको छ ।

## १.५ अध्ययनको सीमाहरू

आवधिक योजना तर्जुमाको क्रममा वडा तहमा रहेका संस्थाहरूबाट तथ्याङ्क सङ्कलन गर्दा कतिपय आवश्यक तथ्याङ्कहरूको अभाव रहेको देखिएको छ । उपलब्ध तथ्याङ्कहरू स्रोत पिच्छै फरक पाइएका र योजना निर्माणका लागि आवश्यक पूर्ण आधारभूत सूचनाको कमी रहेको भएता पनि प्राप्त तथ्याङ्कलाई पुनः प्रमाणीकरण गरी योजना तर्जुमाका लागि प्रयोग गरिएको छ । कतिपय सूचनाहरू सङ्कलन र प्रशोधन गर्न पर्याप्त बजेट, प्राविधिक तयारी र दक्ष जनशक्तिको आवश्यकता पर्ने र सोको तत्काल व्यवस्था गर्न सहज नभएको परिस्थितमा उपलब्ध सूचना, समय र बजेटका केही सीमाहरूभित्र रहेर यो योजना तयार गरिएको छ । गाउँपालिकाको बिषयगत क्षेत्रका सूचनाका लागि विषयगत विशेषज्ञ तथा विषयगत क्षेत्रहरुकै क्षमतामा भर पर्नु परेकोले कतिपय बिषयगत क्षेत्रहरुबाट प्राप्त सूचना अझै पर्याप्त र क्षेत्रगतरुपमा खण्डीकृत एवम् अद्यावधिक गर्नुपर्ने महशुस भएको छ । तसर्थः दिगो विकास लगायत गाउँपालिकाले तय गरेका अन्य विकासका क्षेत्रहरूसँग सम्बन्धित परिमाणात्मक लक्ष्यहरूको आधार वर्षका तथ्याङ्कहरूको उपलब्धता तत्काल हुन नसकेको र सोको व्यवस्था भविष्यमा निर्धारण गर्नु पर्ने र योजना तर्जुमा गर्न गाउँपालिकाको प्रोफाइल, गाउँपालिकाको पहिलो आवधिक योजना, गाउँपालिका सम्बन्धी विभिन्न दस्तावेजहरू र पूर्वाधार सम्बन्धी आयोजनाहरूबाट प्राप्त तथ्याङ्कको आधारलाई लिएर विषयगत क्षेत्रहरूको लक्ष्य निर्धारण गरिएको छ ।

## १.६ विद्यमान राष्ट्रिय, प्रादेशिक र स्थानीय नीतिहरू

सबैभन्दा महत्वपूर्ण राष्ट्रिय नीतिहरूमध्ये संविधानको धारा ५१ मा रहेका नीतिहरूलाई मूल आधार मानेर योजना निर्माण गर्नु उपयुक्त हुन्छ । यी मध्ये पनि स्थानीय तहहरूले निम्न नीतिहरूलाई प्रमुख आधार मान्नु उपयुक्त रहेकोले सोही आधारमा यो योजना निर्माण गरिएको छ ।

| राजनीतिक तथा शासन व्यवस्था सम्बन्धी नीति | विकाससम्बन्धी नीति |
|---|---|
| सामाजिक र साँस्कृतिक रूपान्तरण सम्बन्धी नीति | सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति |
| अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीति | नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति |
| कृषि र भूमि सुधार सम्बन्धी नीति | श्रम र रोजगार सम्बन्धी नीति |
| प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्द्धन र उपयोग सम्बन्धी नीति | |
| राष्ट्रिय भू-उपयोग नीति, २०६८ | पर्यटन नीति, २०६५ |
| वन नीति, २०७१ /तथा वातारण संरक्षण, | राष्ट्रिय युवा नीति,२०७२/ राष्ट्रिय खेलकुद नीति,२०६७ |
| राष्ट्रिय कृषि नीति,२०६१ | लैङ्गिक समानता तथा सामाजिक समोवेशीकरण नीति, २०६३ |
| औद्योगिक नीति, २०६७ | सिंचाइ नीति, २०७० |
| जलाधार नीति | राष्ट्रिय शिक्षा नीति |
| जलवायु परिवर्तन नीति, २०६७ | जैविक विविधता संरक्षण नीति,२०६३ |
| राष्ट्रिय सहकारी नीति, २०६९ | स्वास्थ्य नीति, २०४८ |
| वाणिज्य नीति, २०६५ | स्थानीय पूर्वाधार विकास नीति, २०६१ |
| श्रम तथा राष्ट्रिय रोजगार नीति,२०७१ | सूचना प्रविधि नीति, २०६७ |
| आपूर्ति नीति, २०६९ | कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३ |
| जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ | विकास सहायता परिचालन नीति |
| सार्वजनिक-निजी साझेदारी नीति, २०७२ | बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ |

| राजनीतिक तथा शासन व्यवस्था सम्बन्धी नीति | विकाससम्बन्धी नीति |
|---|---|
| अपाङ्गता भएका व्यक्तिका लागि समावेशी शिक्षा नीति,२०७३ | राष्ट्रिय रोजगार नीति, २०७१ |
| नवीकरणीय उर्जा अनुदान नीति, २०६९/राष्ट्रिय यातायात नीति, २०५८ | राष्ट्रिय जनसंख्या नीति, २०७१ |
| प्राविधिक तथा व्यवसायिक शिक्षा एवम् तालिम नीति | राष्ट्रिय बीउ विजन नीति,२०५६ |
| कृषि यान्त्रिकरण प्रवर्द्धन नीति, २०७१ | संस्कृति नीति, २०६८ |
| राष्ट्रिय शहरी नीति, २०६४ | जलविद्युत विकास नीति, २०५८ |

## १.७ संघीय, प्रादेशिक र स्थानीय तहको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यहरू

कुनै पनि स्थानीय तहले योजनाको दीर्घकालीन, सोच, लक्ष्य र उद्देश्य तय गर्दा राष्ट्रिय तथा प्रादेशिक दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यहरूसँग सामञ्जस्यता कायम गरी गर्नुपर्ने भएकोले यस योजनाले निम्न सोचहरूलाई आधार बनाएको छ ।

### १.७.१ दीर्घकालीन सोच वि.सं. २१००

लामो राजनैतिक संक्रमण पश्चात राजनैतिक स्थायित्वको जगमा उभिएर तीव्र आर्थिक विकास र समृद्धिको लागि आयमा वृद्धि, गुणस्तरीय मानव पूँजी निर्माण तथा आर्थिक जोखिमहरूलाई न्यूनीकरण गर्दै वि.सं. २०७९ सम्ममा अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्दै वि सं. २०८७ सम्मा दिगो विकासका लक्ष्यहरू हासिल गर्दै उच्च मध्यम आयस्थर भएको मुलुकमा रूपान्तरण हुने गरी यस दीर्घकालीन सोच तयार पारिएको उल्लेख छ ।

यस सोचको मूल लक्ष्य सामाजिक न्यायमा आधारित समतामूलक समाज निर्माण गर्ने हो । यसको मूल रणनीति भनेको आन्तरिक तथा बाह्य स्रोत साधनलगायत अर्थतन्त्रका सहयोगी क्षेत्रको परिचालनमार्फत रूपान्तरणका कार्यक्रममा लगानी केन्द्रित गर्नु हो । यसर्थ नारामा दीर्घकालीन सोचलाई ***"समृद्ध नेपाल सुखी नेपाली"*** तय गरिएको छ । यस सोचको अपेक्षित उपलब्धीमा *"समुन्नत, स्वाधीन र समाजवाद उन्मख अर्थतन्त्रसहितका समान अवसार प्राप्त, स्वस्थ, शिक्षित मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुक"* मा नेपाललाई रूपान्तरण गर्ने रहेको छ ।

### १.७.२ दीर्घकालीन सोच वि. सं. २१०० ले लिएका राष्ट्रिय रणनीति

- तीव्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धि गर्ने ।
- सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षाको सुनिश्चित गर्ने ।
- आन्तरिक तथा अन्तरदेशीय अन्तरआवद्धता एवम् दिगो शहर/वस्ती विकास गर्ने ।
- उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने ।
- पूर्ण, दिगो र उत्पादनशील सामाजिक सुरक्षा तथा संरक्षण गर्ने ।
- न्यायपूर्ण सामाजिक गतिशीलता कायम गर्ने ।
- प्राकृतिक स्रोत साधनको सन्तुलित संरक्षण एवं जलवायू परिवर्तन उत्थानशील उत्पादन तथा जनजीविका प्रवर्द्धन गर्ने ।
- विद्युतीय शासनको प्रयोग मार्फत सार्वजनिक सेवालाई उत्तरदायी, कुशल, पारदर्शी र सुदृढ बनाउने ।

### १.७.३ राष्ट्रिय रूपान्तरणका प्रमुख संवाहक र सहयोगी क्षेत्र

दीर्घकालीन सोचका रणनीति कार्यान्वयन गरी राष्ट्रिय लक्ष्य हासिल गर्न देहायबमोजिम सामाजिक-आर्थिक रूपान्तरणका संवाहक अवलम्बन गरिएको छ । यी संवाहकलाई दीर्घकालीन सोचको प्राथमिकताका क्षेत्रका रूपमा समेत लिई तदनुरूप साधन-स्रोतको व्यवस्था गरिनेछ । आगामी वृहत् विकास गुरुयोजनाहरू तर्जुमा गर्दा राष्ट्रिय आवश्यकता अनुसार प्राथमिकताहरूमा समयानुकूल परिमार्जन गरिने छन् ।

- गुणस्तरीय एकीकृत यातायात, प्रणाली सूचना प्रविधि तथा सञ्चार पूर्वाधार र बृहत् सञ्जालीकरण,
- गुणस्तरीय मानव पूँजी निर्माण, उद्यमशील कार्य संस्कृति विकास र सम्भावनाको पूर्ण उपयोग,
- जलविद्युत् उत्पादन वृद्धि र हरित अर्थतन्त्र प्रवर्द्धन,
- उत्पादन, उत्पादकत्व र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि,
- गुणस्तरीय पर्यटन सेवाको विकास र विस्तार,
- आधुनिक, दिगो र व्यवस्थित शहरीकरण, आवास र वस्ती विकास,
- प्रादेशिक र स्थानीय अर्थतन्त्रको विकास र सुदृढीकरण तथा औपचारिक क्षेत्रको विस्तार,
- सामाजिक संरक्षण र सुरक्षाको प्रत्याभूति र
- शासकीय सुधार र सुशासन अभिवृद्धि ।

दीर्घकालीन सोचका लक्ष्य हासिल गर्ने सन्दर्भमा रूपान्तरणका सम्भाव्य क्षेत्रको प्रभावकारी परिचालन गर्न देहायका क्षेत्रहरूलाई प्रमुख सहयोगी क्षेत्रका रूपमा लिइएको छ ।

- संविधान लोकतन्त्र र विकासप्रतिको राजनीतिक प्रतिबद्धता,
- जनसांख्यिक लाभ र नागरिक सचेतना,
- भौगोलिक अवस्थिति र प्राकृतिक विविधता तथा सम्पन्नता,
- सामाजिक-सांस्कृतिक विविधता तथा मौलिक पहिचान,
- सामाजिक पूँजी र विश्वभर फैलिएका नेपाली समुदाय,
- स्वच्छ र नवीकरणीय ऊर्जा,
- मित्रराष्ट्र र अन्तर्राष्ट्रिय समुदायको सद्भाव र
- संघीय शासन प्रणाली र वित्तीय संघीयता ।

### १.७.४ दीर्घकालीन सोचको परिदृश्य र राष्ट्रिय परिमाणात्मक लक्ष्यहरू

दीर्घकालीन सोचका राष्ट्रिय लक्ष्यहरू प्राप्तिको लागि उच्च आर्थिक वृद्धिदर आवश्यक हुन्छ । यस अवधिमा वार्षिक औसत १०.५ प्रतिशत आर्थिक वृद्धिदरको प्रारम्भिक लक्ष्य अनुमान गरिएको छ । यसमध्ये कृषि क्षेत्रमा औसत ५.५ प्रतिशत, उद्योग क्षेत्रमा औसत १३ प्रतिशत र सेवा क्षेत्रमा वार्षिक औसत १०.९ प्रतिशत आर्थिक वृद्धि हुने अनुमान गरिएको छ ।

दीर्घकालीन सोचको अवधिको आर्थिक वृद्धिदरको लक्ष्यअनुरूप यस सोच अवधिको अन्तिम वर्षमा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको अंश हालको २७ प्रतिशतबाट घटेर ९ प्रतिशत, उद्योग क्षेत्रका अंश हालको १५.२ प्रतिशतबाट वृद्धि भई ३० प्रतिशत र सेवा क्षेत्रको अंश हालको ५७.८ प्रतिशतबाट ६१ प्रतिशत पुग्ने अनुमान छ । यसबाट कृषि क्षेत्रमा रहेको ठूलो जनशक्ति उद्योग र सेवा क्षेत्रमा स्थानान्तरण हुने छ । आगामी २५ वर्षमा उद्योग र सेवाको व्यापक विस्तार भई अर्थतन्त्रमा ठूलो संरचनागत एवम् गुणात्मक परिवर्तन हुने अनुमान छ ।

उल्लेखित लक्ष्यहरू हासिल गर्न माथि उल्लेखित रूपान्तरणका संवाहक तथा सहयोगी क्षेत्रका अतिरिक्त देहायका तत्वलाई प्रमुख आधार लिइएको छ ।

- संविधानका राज्यका नीति र मौलिक हक प्राप्त गर्न उच्च र दिगो आर्थिक वृद्धि आवश्यक रहेको ।

- राजनीतिक तथा नीतिगत स्थिरता कायम भई आर्थिक समृद्धितर्फ उन्मुख अवस्था सिर्जना भएको ।
- समष्टिगत आर्थिक स्थायित्व कायम गरी सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको लगानी वृद्धि गर्ने उपयुक्त वातावरण निर्माण भएको ।
- जनसांख्यिक लाभ र प्राकृतिक स्रोत-साधनको महत्तम उपयोग गरिने ।
- ज्ञान, सीप, पूँजी र प्रविधि तथा पूर्वाधार र ऊर्जा विकास गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।
- वि.सं. २०८७ सम्म दिगो विकास लक्ष्यहरू हासिल गर्ने राष्ट्रिय प्रतिवद्धता रहेको ।
- विकास कार्यक्रमको कार्यान्वयनमा तीव्रता प्रदान गर्न आयोजना बैंक, आयोजना पूर्व तयारी र अनुगमन तथा मूल्याङ्कन कार्यलाई सुदृढ बनाइने ।
- अनौपचारिक अर्थतन्त्रलाई क्रमशः औपचारिक र उत्पादनशील बनाइने
- राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रमा विदेशी लगानी आकर्षित गर्न आवश्यक सुधार र एकद्वार प्रणाली अपनाइने ।
- ज्ञानमा आधारित अर्थतन्त्र विकास गरी समृद्धि हासिल गर्ने ।

दीर्घकालीन सोचका प्रमुख परिमाणात्मक लक्ष्यहरू देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १: नेपालका प्रमुख परिमाणात्मक लक्ष्यहरू**

| क्र.सं. | राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७९/८० को यथार्थ | आ.व. २१००/०१ को लक्ष्य |
|---|---|---|---|---|
| १. | आर्थिक वृद्धिदर (औसत) | प्रतिशत | ३.५ | १०.५ |
| २. | प्रतिव्यक्ति कुल राष्ट्रिय आय | अमेरिकी डलर | १४५६ | १२१०० |
| ३. | गरिबीको रेखामुनि रहेको जनसंख्या (निरपेक्ष गरिबी) | प्रतिशत | २०.३ | ० |
| ४. | सम्पत्तिमा आधारित जिनी गुणक (Gini Coefficient) | गुणक | ०.२४ | ०.२५ |
| ५. | श्रम सहभागिता दर (१५ वर्ष माथि) | प्रतिशत | ३८.५ | ७२ |
| ६. | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ३६.५ | ७० |
| ७. | जलविद्युत तथा नवीकरणीय ऊर्जा उत्पादन (जडित क्षमता) | मेगावाट | २८७७ | ४०००० |
| ८. | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ९६.७ | १०० |
| ९. | ३० मिनेटसम्मको दुरीमा यातायात पहुँच भएको परिवार | प्रतिशत | ८५ | ९९ |
| १०. | राष्ट्रिय र प्रादेशिक लोकमार्ग | कि.मि. | १४७५५ | ३६००० |
| ११. | इन्टरनेट प्रयोगकर्ता कुल जनसंख्या | प्रतिशत | ६९.२ | १०० |
| १२. | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ७०.५ | ८० |
| १३. | मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा) | जना | १५१ | २० |
| १४. | पाँच वर्ष मुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) | जना | ३३ | ८ |
| १५. | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | ७६.३ | ९९ |
| १६. | उच्च शिक्षामा कुल भर्नादर | प्रतिशत | ३२ | ४० |
| १७. | उच्च मध्यम स्तरको खानेपानी सुविधा पुगेको जनसंख्या | प्रतिशत | २५.८ | ९५ |
| १८. | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसंख्या | प्रतिशत | ३२ | १०० |
| १९. | लैङ्गिक विकास सूचकांक | सूचकांक | ०.८८५ | ०.९९ |
| २०. | मानव विकास सूचकांक | सूचकांक | ०.६०१ | ०.७६० |

***स्रोत: सोह्रौं योजना, राष्ट्रिय योजना आयोग***

### १.७.५ सोह्रौं योजना (२०८१/८२- २०८५/८६)

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था मार्फत दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने लक्ष्य राखेको छ । मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूको दायरालाई फराकिलो बनाउँदै आर्थिक समृद्धिसहितको सामाजिक न्याय र समानता सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्त अवलम्बन गर्न जोड दिइएको छ। राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख र समृद्ध अर्थतन्त्रको निर्माण गर्ने राज्यको आर्थिक उद्देश्य रहेको छ । विक्रम सम्वत् २१०० सम्ममा ***"समृद्ध नेपाल, सुखी नेपाली"*** को राष्ट्रिय लक्ष्य हासिल गर्ने दीर्घकालीन सोच तय गरिएको छ । त्यस्तै सार्वजनिक, निजी तथा सहकारी क्षेत्रको सक्रिय सहभागितामा वि.सं. २०८३ (सन् २०२६) मा नेपाललाई अतिकम विकसितबाट विकासशील देशमा स्तरोन्नति गर्ने र वि.सं. २०८७ (सन् २०३०) सम्ममा दिगो विकासका लक्ष्यहरू हासिल गर्दै मध्यम आय भएको मुलुकमा पुऱ्याउने लक्ष्य तय गरिएको छ। सोही आधारमा जारी भएको **सोह्रौं** योजना पाँच वर्ष (२०८१/८२-२०८५/८६) अवधिमा कार्यान्वयन गर्ने गरी तर्जुमा गरिएको छ ।

दीर्घकालीन विकास रणनीतिको माध्यमबाट सबै प्रकारका विभेद, बहिष्करण एवम् वञ्चितीकरणका अवषेश र विकासका अवरोध समाप्त गरी समाजवाद उन्मुख समृद्ध अर्थव्यवस्था निर्माण गर्न र संविधानले अङ्गीकार गरेका विकास केन्द्रित सोचलाई आवधिक योजनामा आन्तरिकीकरण गर्न नेपाल सरकारले २५ वर्षे दीर्घकालीन सोच (२०७६-२१००) अगाडि सारेको छ ।

दीर्घकालीन सोच २१०० ले तय गरेका समृद्धि र सुखका मुलभूत तत्वहरूलाई आत्मसात गर्दै सोह्रौं योजनाले ***"सुशासन, सामाजिक न्याय र समृद्धि"*** को सोच राखेको छ। सुशासन मार्फत नै सामाजिक न्याय र समृद्धि हासिल गर्न सकिन्छ। सामाजिक न्यायसहितको समृद्धिमा समाजवादी विशेषता अन्तर्निहित रहेको हुन्छ। सामाजिक न्याय स्थापित गर्दै हासिल भएको समृद्धि दिगो, समावेशी, समुन्नत एवम् अनुभूतियोग्य हुन्छ ।

**तालिका २: नेपालको सोह्रौं योजना प्रमुख परिमाणात्मक लक्ष्यहरू**

| सुशासनका राष्ट्रिय लक्ष्य | | | | |
|---|---|---|---|---|
| **क्र.सं.** | **सूचक** | **एकाइ** | **आ.व. २०७९/८० को स्थिति** | **आ.व. २०८५/८६ को लक्ष्य** |
| १ | विधिको शासन सूचकाङ्क | सूचकाङ्क | ०.५२ | ०.८० |
| २ | विश्वव्यापी प्रतिस्पर्धी सूचकाङ्क | सूचकाङ्क | ५२ | ६५ |
| ३ | भ्रष्टाचार न्यूनीकरण अनुभूति सूचकाङ्क | सूचकाङ्क | ३५ | ४३ |
| ४ | विद्युतीय सरकार विकास सूचकाङ्क | सूचकाङ्क | ०.५१२ | ०.६०० |
| ५ | निर्वाचनमा मतदाताको सहभागिता | प्रतिशत | ६२ | ८५ |
| ६ | अदालतमा दर्ता भएका मुद्दाको फछ्र्यौट | प्रतिशत | ६४ | ७५ |
| ७ | कुल विनियोजनमा खर्चको अनुपात | प्रतिशत | ८० | ९० |
| ८ | बेरुजू (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) | प्रतिशत | १०.९ | ५.० |
| ९ | राष्ट्रिय परिचय पत्र नम्बर प्राप्त गरेका नेपाली नागरिक | प्रतिशत | ६३.४ | ९० |
| १० | पाँच वर्षमुनिका बालबालिकाको जन्म दर्ता | प्रतिशत | ७४ | १०० |

| सामाजिक न्यायका राष्ट्रिय लक्ष्य | | | | |
|---|---|---|---|---|
| **क्र.सं.** | **सूचक** | **एकाइ** | **आ.व. २०७९/८० को स्थिति** | **आ.व. २०८५/८६ को लक्ष्य** |
| १ | असमानता समायोजित मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.४२४ | ०.६०० |
| २ | उपभोगमा आधारित जिनी गुणक | गुणक | ०.३०० | ०.२८० |
| ३ | सम्पत्तिमा आधारित जिनी गुणक | गुणक | ०.२४ | ०.२२ |

| सामाजिक न्यायका राष्ट्रिय लक्ष्य | | | | |
|---|---|---|---|---|
| क्र.सं. | सूचक | एकाइ | आ.व. २०७९/८० को स्थिति | आ.व. २०८५/८६ को लक्ष्य |
| ४ | उच्च खाद्य असुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | १.३ | १.० |
| ५ | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसख्या | प्रतिशत | ३२ | ६० |
| ६ | लैङ्गिक विकास सूचकाङ्क | सूचकाङ्क | ०.८८५ | ०.९६७ |
| ७ | लैङ्गिक असमानता सूचकाङ्क | सूचकाङ्क | ०.४९५ | ०.२२५ |
| ८ | रोजगारीमा महिला र पुरुषको सहभागिता | अनुपात | १:१.७ | १:१.२ |
| ९ | बाध्यकारी श्रमको दर ( १५ वर्ष वा सोभन्दा माथि ) | प्रतिहजार | १.२ | ० |
| १० | महिलाको नाममा घर वा जग्गा वा घरजग्गा दर्ता गरेका परिवार | प्रतिशत | २३.८ | ३५.० |

| समृद्धिका राष्ट्रिय लक्ष्य | | | | |
|---|---|---|---|---|
| क्र.सं. | सूचक | एकाइ | आ.व. २०७९/८० को स्थिति | आ.व. २०८५/८६ को लक्ष्य |
| १ | आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) | प्रतिशत | ३.५ङ्ख | ७.३ |
| २ | प्रतिव्यक्ति आय | अमेरिकी डलर | १४५६ | २३५१ |
| ३ | गरिबीको रेखामुनि रहेको जनसख्या (निरपेक्ष गरिबी ) | प्रतिशत | २०.३ | १२.० |
| ४ | उपभोक्ता मुद्रास्फीति | प्रतिशत | ७.७ | ५.० |
| ५ | मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.६०१ | ०.६५० |
| ६ | मानव सम्पत्ति सूचकाङ्क | सूचकाङ्क | ७६.३ | ७८.० |
| ७ | आर्थिक तथा वातावरणीय जोखिम सूचकाङ्क | सूचकाङ्क | २९.७ | २४.० |
| ८ | साक्षरता दर (५ वर्ष माथि) | प्रतिशत | ७६.२ | ८५.० |
| ९ | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ७१.३ | ७३.० |
| १० | ३० मिनेटको दुरीमा स्वास्थ्य संस्थामा पहुँच भएको परिवार | प्रतिशत | ७७ | ९० |
| ११ | उच्च मध्यमस्तरको खानेपानीमा पहुँच भएको घरपरिवार | प्रतिशत | २५.८ | ४५ |
| १२ | बेरोजगारी दर | प्रतिशत | ११.४ | ५.० |
| १३ | श्रम उत्पादकत्व | रु. हजारमा | २४५ | २७५ |
| १४ | कृषि वस्तुको औसत उत्पादकत्व (प्रमुख बाली) | मे.ट. प्रति | ३.३ | ३.७ |
| १५ | बैंक तथा वित्तीय संस्थामा पहुँच पुगेको परिवार | प्रतिशत | ६३ | ८५ |
| १६ | सड्क घनत्व | व.कि.मि. | ०.६३ | ०.७७ |
| १७ | विद्युत उत्पादन (जलविद्युत तथा वैकल्पिक ऊर्जा जडित क्षमता ) | मेगावाट | २९६२ | ११,७६९ |
| १८ | प्रतिव्यक्ति विद्युत उपभोग | घण्टा | ३८० | ७०० |
| १९ | विद्युतमा पहुँच पुगेको जनसख्या | प्रतिशत | ९६.७ | १०० |
| २० | इन्टरनेटमा पहुँच पुगेको जनसख्या | प्रतिशत | ६९.२ | ९०.० |

## १.७.६ गण्डकी प्रदेशको दोस्रो योजना (२०८१/८२-२०८५/८६)

नेपालको दीर्घकालीन सोच २१०० ***"समृद्ध नेपाल, सुखी नेपाली"*** र गण्डकी प्रदेशको प्रथम पञ्चवर्षी योजनाले परिकल्पना गरेको ***"समृद्ध प्रदेश र सुखी नागरिक"*** को दीर्घकालीन सोचसँग तादाम्यता हुनेगरी दोस्रो पञ्चवर्षीय योजनाको सोच, लक्ष्य, उद्देश्य तथा रणनीति तय गरेएको छ । दीर्घकालीन सोच २१०० ले तय गरेका समृद्धि र सुखका मुलभूत तत्वहरूलाई आत्मसात गर्दै दोस्रो योजनाले ***"आत्मनिर्भर र समुन्नत प्रदेश: सुखी प्रदेशवासी"*** सोच राखेको छ ।

गण्डकी प्रदेशका उच्च सम्भावनाका कृषि, पर्यटन, उद्योग र ऊर्जा क्षेत्रमा लगानी केन्द्रित भई अधिक प्रतिफल हासिल गर्दै मानव विकास सूचकाङ्कमा अग्रणी यस प्रदेश मानव पुँजी विकासमा र सक्षम हुने , सूचना तथा सञ्चार प्रविधिको

तीव्रतर विकास र दक्ष मानव संसाधनबाट सिर्जित अवसरको सदुपयोग गर्दै नवीन आर्थिक अवसरको सिर्जना गर्ने र प्रदेशमा उपलब्ध सम्भावना र अवसर तथा उपयोगबाट सुदृढ प्रादेशिक अर्थतन्त्र निर्माण गरि प्रदेशलाई ***आत्मनिर्भर*** बनाउने सोच राखेको छ ।

प्रदेशवासीमा शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा जस्ता जीविकोपार्जनका आधारको प्रत्याभूति हुने, आर्थिक, सामाजिक, मानव संसाधन विकास, नवप्रवर्तन तथा हरित अर्थतन्त्रका अवसरबाट सबल, सक्षम र उद्यमशील नागरिक तयार हुने अनुकूल वातावरण सिर्जना गर्ने र सो अनुकूलतालाई उपयोग गरी प्रत्येक नागरिकले सम्पन्न बन्नका लागि हरदम प्रयत्नरत रहने, साथै सबल तथा सक्षम प्रदेशवासीको सामूहिक प्रयासबाट निर्माण हुँदै गरेको सम्पन्न प्रदेशमा सामाजिक तथा सांस्कृतिक विविधताको जोडबाट सामुहि भावना सृजना भई प्रदेश समुन्नत तर्फ प्रदेशवासीको सामूहिक प्रयत्नका आधारमा निरन्तर बन्दै जाने समुन्नत प्रदेशबाट आधुनिक प्रदेशवासीको परिचय स्थापित गरी ***समुन्नत प्रदेश*** बनाउने सोच राखेको छ ।

मानवीय सिप, दक्षता, क्षमता र उन्नयनबाट वृत्ति विकास, उद्यम व्यवसाय, रोजगारी र आयमा वृद्धि हुने , लोकतान्त्रिक अभ्यास तथा सुशासनका माध्यमबाट संरचनागत रुपान्तरण भई न्यायपूर्ण तथा सभ्य समाज निर्माण, उत्पादन, विकास तथा शासन प्रक्रियामा नागरिकको सहभागिता र सृजनशीलताबाट प्रतिभा प्रस्फुटन हुने वातावरण सिर्जना गरी प्रतिभा प्रस्फुटनबाट सबल, सक्षम र उद्यमशील प्रदेशवासीको पहिचान स्थापित गर्ने, सबल, सक्षम तथा उद्यमशील प्रदेशवासीको क्रियाशीलता तथा सिर्जनात्मक भूमिकाबाट प्रदेशको विशिष्टताको उच्चतम उपयोग र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा प्रदेशको पहिचान स्थापित भई प्रदेशवासीको जीवन परिस्कृत, मर्यादित, सम्मानित र ***सुखी प्रदेशवासी*** बनाउने सोच राखेको छ ।

दोस्रो पञ्चवर्षीय योजनाले लिएको ***"आत्मनिर्भर र समुन्नत प्रदेश : सुखी प्रदेशवासी"*** को सोच, लक्ष्य तथा उद्देश्यअनुसार रूपान्तरणका रणनीति तथा हस्तक्षेपकारी कार्यक्रम कार्यान्वयन भई योजना अवधिमा हासिल हुने अपेक्षित उपलब्धि देहायअनुसार सूचकबाट मापन गरेको छ ।

**तालिका ३: गण्डकी प्रदेशको दोस्रो योजना प्रमुख परिमाणात्मक लक्ष्यहरू**

| प्रादेशिक सोचको प्रमुख परिमाणात्मक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाइ | २०७९/८० सम्मको उपलब्धि | २०८०/८१ सम्मको अनुमानित | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
| **क** | **आत्मनिर्भरताका प्रादेशिक लक्ष्य** | | | | | |
| १ | कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा) | रु. दश लाखमा | ४२९१७९ | ४५७६६५ | ५७३८५१ | ६९३८०३ |
| २ | प्राथमिक क्षेत्रको अनुपात | प्रतिशत | २६.१६. | २६.४० | २४.८६ | २३.२९ |
| ३ | द्वितीय क्षेत्रको अनुपात | प्रतिशत | १७.२७ | १६.७६ | १७.५६ | १८.३६ |
| ४ | तृतीय क्षेत्रको अनुपात | प्रतिशत | ५६.६० | ५६.८३ | ५७.५९ | ५८.३४ |
| ५ | प्रतिव्यक्ति आय (GNI Per Capita in US $) | डलर | १४९९ | १५९६ | २००० | २५०० |
| ६ | जलविद्युत् उत्पादन (जडित क्षमता) | मेगावाट | ७३३ | ९०० | १६०० | २५०० |
| **ख.** | **समुन्नतिका प्रादेशिक लक्ष्य** | | | | | |
| ७ | वार्षिक आर्थिक वृद्धिदर (आधारभूत | प्रतिशत | ३.६९ | ४.२३ | ८.८५ | १०.३८ |
| ८ | गरिबीको दर | प्रतिशत | ११.८८ | ११.० | ८.६ | ७.० |
| ९ | इन्टरनेटमा पहुँच प्राप्त जनसख्या | प्रतिशत | ६४.११. | ६५ | ७५ | ८५ |
| १० | जन्मदाको अपेक्षित आयु | वर्ष | ७१.१ | ७२ | ७३ | ७५ |
| ११ | मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा) | जना | १६१ | १५० | १०० | ७० |
| १२ | ५ वर्ष मुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) | जना | २३ | २० | १८ | १५ |
| १३ | पाँच वर्ष मुनिका कम तौल भएका बालबालिका | प्रतिशत | १८.१ | १६.० | ११ | ७ |

| प्रादेशिक सोचको प्रमुख परिमाणात्मक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|
| **क.सं.** | **लक्ष्य, गन्तव्य र सूचक** | **एकाइ** | **२०७९/८० सम्मको उपलब्धि** | **२०८०/८१ सम्मको अनुमानित** | **२०८३/८४ सम्मको लक्ष्य** | **२०८५/८६ सम्मको लक्ष्य** |
| १४ | साक्षरता दर (५ वर्षमाथि) | प्रतिशत | ८९.७ | ८२.० | ८३.५ | ८५.० |
| १५ | आधारभूत तह (१-८) को खुद भर्नादर | प्रतिशत | ९५.७ | ९६ | ९७ | ९८.० |
| १६ | विद्युत्तमा पहुँच प्राप्त परिवार | प्रतिशत | ९९.५० | ९९.७५ | १०० | १०० |
| **ग** | **सुखी प्रदेशवासीका प्रादेशिक लक्ष्य** | | | | | |
| १७ | मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.६१८ | ०.६१८ | ०.६७३ | ०.७० |
| १८ | सम्पत्तिमा आधारित जिनी गुणक | गुणक | ०.२९ | ०.२९ | ०.२८ | ०.२७ |
| १९ | बहुआयामिक गरिबीमा रहेको जनसंख्या | प्रतिशत | ९.६ | ९.५ | ७.० | ६.० |
| २० | श्रमशक्ति सहभागिता दर (१५ वर्षमाथि) | प्रतिशत | ४०.३ | ४९.५ | ४८.० | ५६.० |
| २१ | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसंख्या | प्रतिशत | ३५ | ३९ | ५२ | ६० |
| २२ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ४४ | ४४.१ | ५० | ५५ |
| २३ | ३० मिनेटसम्मको दुरीमा यातायात पहुँच भएको परिवार | प्रतिशत | ९९ | ९९.३ | १०० | १०० |
| २४ | प्रति व्यक्ति विद्युत् खपत | कि.घ.वा | २१६ | २६० | ३०० | ५०० |

## १.८ दिगो विकासका लक्ष्यहरू

सन् २०१५ मा संयुक्त राष्ट्र संघमा आवद्ध सम्पूर्ण राष्ट्रहरूद्वारा अनुमोदन गरी समग्र विश्व र मानवजातिको दीर्घकालीन सुरक्षा, सुख र समृद्धिका लागि तय गरिएका साझा वैश्विक लक्ष्यरूलाई दिगो विकास लक्ष्य भनिन्छ । संसारभरका सबै मुलुकले सन् २०३० सम्म यी लक्ष्यहरू हासिल गर्नुपर्ने छ । नेपालले समेत अनुमोदन गरेका यी लक्ष्यहरू नेपालका योजना तथा विकासका उद्देश्यहरू हासिल गर्न अति सान्दर्भिक छन् । तसर्थ तल उल्लेखित यी लक्ष्यहरूलाई यो योजना तर्जुमाको आधार बनाइएको छ । कुल सत्रवटा लक्ष्यहरूमध्ये भू-परिवेष्ठित मुलुक भएकोले लक्ष्य १४ नेपालसँग प्रत्यक्ष सम्बन्धित छैन । यी लक्ष्यहरूका १६९ परिमाणात्मक लक्ष्यहरू र २३४ वटा विश्वव्यापी सूचकहरू थपेर कुल ४७९ सूचकहरू निर्धारण गरेकोले यस गाउँपालिकासँग सम्बन्धित लक्ष्य र सूचकहरूलाई समेत यो योजनाले समेट्ने र दिगो विकास लक्ष्यको स्थानीयकरण गर्ने प्रयास गरेको छ ।

**दिगो विकासका लक्ष्यहरू (SDGs)**

१ सबै ठाउँबाट सबै प्रकारका गरिबीको अन्त्य गर्ने

२ भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने र दिगो कृषिको प्रवर्धन गर्ने

३ सबै उमेर समुहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्धन गर्न

४ सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्धन गर्न

५ लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाउन

६ सबैका लागि स्वच्छ पानी र सरसफाईको उपलब्धता तथा दिगो व्यवस्थापन सुनिश्चित गर्ने

७ सबैका लागि किफायती, विश्वसनीय, दिगो र आधुनिक उर्जामा पहुँच सुनिश्चित गर्न

८ भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि तथा सबैका लागि पूर्ण र उत्पादनमुलक रोजगारी र मर्यादित कामको प्रवर्धन गर्ने

९ उत्थानशिल पूर्वाधारको निर्माण, समावेशी र दिगो औद्यो गीकरणको प्रवर्धन र नवीन खोजलाई प्रोत्साहन गर्न

१० मुलुक भित्र तथा मुलुकहरुबीचको असमानता घटाउने

११ शहर तथा मानव बसोबासलाई समावेशी, सुरक्षित, उत्थानशिल र दिगो बनाउने

१२ दगो उपभोग र उत्पादन प्रणाली सुनिश्चित गर्ने

१३ जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्न तत्काल पहल थाल्ने

१४ दगो विकासका लागि महासागर, समुद्र र समुद्री साधन स्रोतहरुको दिगो प्रयोग तथा संरक्षण गर्ने

१५ स्थलीय पर्यावरणको संरक्षण, पुनर्स्थापना र दिगो उपयोगको प्रवर्धन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमिकरण र भूक्षय रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने

| | | |
|---|---|---|
| | १६ | दिगो विकासको लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्धन गर्ने, सबैको न्यायमा पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाको स्थापना गर्ने |
| | १७ | दिगो विकासका लागि विश्वव्यापी साझेदारी सशक्त बनाउने र कार्यान्वयनका लागि स्रोत साधन सुदृढ गर्ने |

## १.९ राष्ट्रिय तथा प्रादेशिक सरकारका मार्ग निर्देशनहरू

तमानखोला गाउँपालिकाको योजना निर्माणका दौरान नेपाल सरकार तथा प्रदेश सरकारले योजना तर्जुमा बजेट तर्जुमा तथा अनुगमन तथा मूल्याङ्कन व्यवस्था साथै आयोजनाको कार्यान्वयनका सन्दर्भमा पटक-पटक गर्ने मार्ग निर्देशनलाई समेत आधार मानी यो योजना निर्माण गरिएको छ ।

## १.१० अन्तर्राष्ट्रिय सन्धी सम्झौता तथा घोषणापत्रहरू

नेपाल सरकार पक्ष राष्ट्र भई अन्तर्राष्ट्रिय स्तरमा हस्ताक्षर तथा अनुमोदन गरिएका अन्य सान्दर्भिक घोषणा पत्र तथा सन्धी सम्झौताहरू उदाहरणका लागि मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणा पत्र सन् १९४८, बाल अधिकारसम्बन्धी घोषणापत्र, विश्व संरक्षण नीति **(World Conservation Strategies)** आदिको मर्महरूलाई समेत ध्यानमा राखिएको छ ।

## १.११ स्थानीय तहमा सहभागी राजनैतिक दलहरूको घोषणापत्रहरू

विकास योजना निर्माणको दौरान तमानखोला गाउँपालिकामा रहेका राजनैतिक दलहरूले विभिन्न तहका चुनाव तथा अन्य समयमा गाउँपालिकावासीका माझ गरेका विकासका राजनैतिक प्रतिबद्धताहरूलाई समेत मध्यनजर गरी ती घोषणापत्रहरूका मर्मलाई एक वा अर्को तरिकाले सम्बोधन गर्ने प्रयत्न गरिएको छ ।

## १.१२ गाउँपालिकाको विद्यमान वस्तुगत अवस्था

गाउँपालिकाको वस्तुगत अवस्था स्थानीय आवश्यकता, समस्या र सम्भावनाहरू यस अन्तर्गत वडा भेला, स्थलगत अध्ययन तथा गाउँपालिका केन्द्रमा विभिन्न समयमा सम्पन्न अन्तरक्रिया तथा सरोकारवालारूबाट प्राप्त सुझावका आधारमा गाउँपालिकाको प्रमुख सबल पक्ष, समस्या, चुनौती, सम्भावना र आवश्यकता पहिचान गरी सो को **SWOT** विश्लेषण गरे पश्चात आवश्यक योजनाहरू निर्माण गरिएको छ ।

# परिच्छेद : २ गाउँपालिकाको विद्यमान स्थिति र विकास उपलब्धिको समीक्षा

## २.१ गाउँपालिकाको परिचय

### २.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना,

तमानखोला गाउँपालिका गण्डकी प्रदेश बागलुङ जिल्लाका १० स्थानीय तह मध्येको एक स्थानीय तह हो । नयाँ संघीय संरचना अनुसार, नेपालको स्थानीय सरकारको रूपमा तमानखोला गाउँपालिकाको स्थापना वि.सं. २०७३ फाल्गुन २७ गते भएको हो । यस गाउँपालिकाको सदरमुकाम बोङ्गादोभान बजारमा रहेको छ । तमानखोला गाउँपालिकाको पूर्वमा म्याग्दीको मालिका गाउँपालिका, पश्चिममा ढोरपाटन नगरपालिका, उत्तरमा ढोरपाटन सिकार आरक्षण क्षेत्र र म्याग्दीको धौलागिरि गाउँपालिका र दक्षिणमा ढोरपाटन नगरपालिका रहेको छ । बागलुङ जिल्लामा पर्ने तमानखोला गाउँपालिका जनसख्याको हिसाबले जिल्लाकै सबैभन्दा सानो गाउँपालिका हो । समुन्द्री सतहबाट १२३२ मी. देखि ३८३६ मी. सम्म उचाइ रहेको गाउँपालिकाको कुल क्षेत्रफल १७८.०२ वर्ग कि.मि. रहेको छ । साबिकका ३ वटा गाविसहरू जस्तै: बोङ्गादोभान, तमान र खुङ्खानी मिलेर बनेको यस गाउँपालिका ६ वटा वडाहरूमा विभाजित रहेको छ । तमानखोला गाउँपालिका २८° २१' उत्तरी अक्षांशदेखि २८° ३०' उत्तरी अक्षांशसम्म र ८३° १०' पूर्वी देशान्तरदेखि ८३° १८' पूर्वी देशान्तरसम्म फैलिएको छ । गाउँपालिकाको ६४ % भूभाग २००० मिटरदेखि ३००० मिटर उचाइसम्म रहेको छ । यस

क्षेत्रको ३४ वर्ग किलोमिटर क्षेत्र ३००० मिटर भन्दा माथि रहेको छ। समग्रमा तमानखोला गाउँपालिका उच्च पहाडी क्षेत्रमा पर्दछ। गाउँपालिकाको करिब ३९ % भाग मात्र ० देखि ३० डिग्री भिरालोपन भएको जमिन रहेको छ भने करिब ६१ % भूभागको भिरालोपन ३० डिग्री कोण भन्दा बढी रहेको छ।




सामान्यदेखि अति भिरालोसम्म भूभाग रहेको यो गाउँपालिकामा न्युनतम ३ डिग्री सेल्सियस देखि अधिकतम ३० डिग्री सेल्सियस सम्म तापक्रम रहेको पाइन्छ। स्याउला खोला, बोंगाखानी खोला, तमान खोला, गाउँपालिकाबाट बग्ने प्रमुख प्रमुख खोलाहरू हुन। तमानखोला गाउँपालिको प्रमुख व्यापारिक एवम् प्रशासनिक केन्द्र बोङ्गादोभानमा अवस्थित रहेको छ। तमानखोला गाउँपालिका, जिल्लाको सदरमुकाम बागलुङ वजारवाट करिब ९८ कि.मि. पश्चिम र बुर्तिबाङ्ग वजारवाट करिब १० कि.मि दुरिमा अवस्थित छ। बुर्तिबाङ्ग बोङ्गादोभान हुदैँ म्याग्दि जोड्ने सडक, तमानखोला गाउँपालिको प्रमुख सडकको रुपमा रहेको छ। साथै सडकमा कालो पत्रेको काम भैरहेको छ।

**तालिका ४: तमानखोला गाउँपालिको वडागत संरचना**

| क्र.सं. | नयाँ वडा | वडा समावेश गाविस (साविक) | क्षेत्रफल (वर्ग कि.मी.) |
|---|---|---|---|
| १ | १ | बोङ्गादोभान (१-५) | २८.११ |
| २ | २ | बोङ्गादोभान (६-९) | ४९.८५ |
| ३ | ३ | तमान (१-६) | २०.७१ |
| ४ | ४ | तमान (७-९) | ११.३३ |
| ५ | ५ | खुङ्खानी(१-६) | १४.५४ |
| ६ | ६ | खुङ्खानी (७-९) | ५३.४८ |
| जम्मा | | | १७८.०२ |




## २.१.२ प्राकृतिक तथा साँस्कृतिक सम्पदा

गाउँपालिकाको भू-बनोट, जैविक विविधता, हावापानी, वन जङगल, जलसम्पदा लगायतका समग्र प्राकृतिक सम्पदाको प्रचुरताले विकासमा प्रसस्त सहयोगी भूमिका खेल्न सक्ने छ। प्रकृतिको अनुपम सुन्दरता, विविध जातजाति र साँस्कृतिक विविधताले भरिपुर्ण एउटा सुन्दर र रमणीय गाउँपालिका हो, मानव निर्मित प्रकृति जस्तै लाग्ने यहाँका पौराणिक संस्कृतिहरु साँच्चिकै सुन्दर र लोभलाग्दा साँस्कृतिक सम्पत्तिहरु हुन। सिंगो गाउँको पहिचान बोकेका यहाँका सांस्कृतिक सम्पदाहरु समग्र गाउँपालिकाका परिचयहरु हुन। यानिमाया, सोरठी, डाँफे नाच, झ्याउरे र सालैजो जस्ता मौलिक र पुराना भाकाहरु यहाँका वनपाखामा गुञ्जिने गीत संगीतहरु हुन। चिडी गोठ सुके ताल, देउराली डाँडा, थाम बराह ताल, दोवारेको झरना, सोलेको डाँडा, सिद्ध बराह, नौ डल्ले पहाड, देउराली जस्ता सुन्दर पर्यटकिय ठाउँहरु प्रकृतिका बरदान प्राप्त उपहारहरु हुन। सतुवा, शिकारी लहरा, पहेंले, पाँचऔले, चीराइतोहरु यहाँ पाइने जडीबुटीहरु हुन्। गाउँपालिका क्षेत्र भित्र तामा, फलाम, तथा स्लेट ढुङ्गा रहेका छन्। तथापि, धातुजन्य खानीको उत्खनन् विगत देखि नै बन्द रहेको छ।

बराह थान, भूमे थान, देवी थान, भैरव थान, सिद्ध थान, खड्ग थान मन्दिर, शिव मन्दिर, कुल देवता मन्दिर, कोट घर, सरस्वती, देवी, लक्ष्मी मन्दिर लगायतका मठमन्दिरहरु धार्मीक आस्थाका स्तम्भहरु हुन। आन्तरिक तथा विदेशी पर्यटकहरुको स्वागतार्थ प्रतिक्षारत होमस्टेहरु स्वदेशी तथा विदेशी पाहुनाहरुका आफ्नै घरहरु हुन्। तिनै वनपाखाहरूमा गुञ्जने यानीमाया, सालैजो र सोरठीका मौलिक र पौराणिक भाकाहरू, सेतो कमेरो र रातो माटोमा सजिएका मानव निर्मित छरप्रस्ट वस्तीहरू, तिनै वस्तीहरूमा खेल्ने कलिला अनुहारहरू, टोते बोलीको मिठाससंगै भोलीको सुन्दर भविष्य प्राप्ती गर्न तँछाड मछाड गर्दै विद्यालय हिडेका कलिला बालबालिकाहरू, कोही डोको नाम्लो त कोही नाङलो थुम्से बुन्दै गरेका परिश्रमी हातहरू, पिठ्युमा घाँसको भारी, थाप्लोमा नाम्लो बोकेक दृश्यहरू मन मोहक छन्। समग्रमा तमानखोला , प्राकृतिक सुन्दरता र साँस्कृतिक विविधताले भरिपुर्ण र रमणिय, लोभलाग्दो गाउँपालिका हो। त्यसैले यो गाउँपालिकालाई बहुसांस्कृतिक तथा सम्पदाको धनि गाउँपालिका मानिन्छ।

हिन्दु धर्मालम्बीको वाहुल्यताको बसोवास रहेको यस क्षेत्रमा हिन्दु तथा जनजाति संस्कृतिबीचको युगौं पुरानो सहिष्णुतायुक्त सम्बन्ध रहेको छ । चाडपर्वका सन्दर्भमा मुख्यतया दशैं, तिहार, माघेसक्रान्ती, शिवरात्री, श्री कृष्ण जन्माष्टमी, बैशाख पुर्णिमा, होली मनाउने गरिन्छ । भाषिक रुपमा नेपाली भाषा नै बोलिचालीको भाषाका रुपमा प्रचलनमा रहेको छ। परम्परागत रुपमा खस आर्य तथा दलित समुदायका पुरुषहरुमा दौरा सुरवाल, कोट र टोपी तथा महिलामा सारी वा गुन्यु, चोलो र पटुका लगाउने प्रचालन रहको छ। मगर तथा थकाली समुदायमा आ-आफ्नै मौलिक भेषभुषा, खानपान र चालचलन रहेको छ। तथापि, आधुनिक भेषभुषा, खानपान र चालचलनमा आधुनिकताको प्रभाव बढ्दै गएको छ।

उष्ण, समशितोष्ण, ठण्डा शितोष्ण र लेकाली ठण्डा हावापानी रहको यस क्षेत्रमा वर्षा बार्षिक औसतमा १५० मि .लि. लिटर वर्षा हुने गर्दछ। गर्मी याममा होचो क्षेत्रमा २८ डिग्रीसम्म पुग्ने तापक्रम जाडोमा उच्च स्थलहरुमा ऋृणात्मक समेत हुने गर्दछ। गर्मी समयमा खडेरी, माहामारी, असिना, आगलागी, हावाहुरी र बाढी तथा पहिरो जस्ता प्रकोपबाट धनजनको क्षती हुने गर्दछ भने जाडो याममा हिमपात, तुसारो तथा चिसो हावाको प्रवाहले जनजीवनलाई प्रभावित गर्ने गरेको छ।

### २.१.३ भू-उपयोगको अवस्था

तमानखोला गाउँपालिकामा जम्मा खेतीयोग्य जमिन १५.०४% रहेको छ। तमानखोला गाउँपालिकामा जङ्गलको क्षेत्रफल सबैभन्दा धेरै ७५.८८% रहेको छ भने बुट्यान क्षेत्र ७.३ % बाँझो क्षेत्र १.२९% रहेको छ । जम्मा क्षेत्रफलमा १.३९% पानीले ढाकेको छ भने मात्र ०.३९% मा आवास क्षेत्र रहेको छ । तमानखोला गाउँपालिकाभित्र जम्मा ३२.०८ वर्ग कि.मि. क्षेत्रफल खेती गर्न सम्भाव्य क्षेत्र रहेको छ जसमा २३.०२ वर्ग कि.मि. क्षेत्रफलमा सिंचाइको सम्भावना रहेको छ भने वाकी ९.०६ वर्ग कि.मि. क्षेत्रफलमा सिंचाइको सम्भावना न्यून रहेको छ । यस हिसाबले तमानखोला गाउँपालिकाको करिब १३ प्रतिशत क्षेत्र मात्र सिंचाइको सम्भावना सहितको खेती योग्य जमिन रहेको छ।

वन क्षेत्र, डाँडा र भीरहरूको क्षेत्र धेरै भएको तमानखोला गाउँपालिकामा जम्मा निजी प्रयोजनमा प्रयोग भएको जमीनको क्षेत्रफल करिव २८,१३१ (अठ्ठाइस हजार एक एय एकतीस) रोपनी खेत, बारी, पाखो र निजी वन रहेको छ । निजी प्रयोगमा रहेको जमीन मध्ये ८२.८१% बारी रहेको छ भने ९.१९% पाखो, ४.९६९ खेत र २.५३% निजी वन रहेको छ *(स्रोत: तमानखोला गाउँपालिकामाको प्रोफाईल, २०७५)*।

**तालिका ५: तमानखोला गाउँपालिको भू-उपयोग विवरण**

| भू-उपयोग | क्षेत्रफल (वर्ग कि.मी.) | % |
|---|---|---|
| आवास क्षेत्र | ०.६९ | ०.३९ |
| बुट्यान क्षेत्र | १३.०० | ७.३० |
| खेती क्षेत्र | २६.७७ | १५.०४ |
| जङ्गलको क्षेत्र | १३५.०८ | ७५.८८ |
| पानीले ढाकेको क्षेत्र | २.४८ | १.३९ |
| जम्मा | १७८.०२ | १००.०० |



**तालिका ६: तमानखोला गाउँपालिको वडागत भू-उपयोग विवरण**

| वडागत भू-उपयोग | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **भू-उपयोग** | **वडा १** | | **वडा २** | | **वडा ३** | | **वडा ४** | | **वडा ५** | | **वडा ६** | |
| | **क्षेत्रफल (वर्ग कि.मी.)** | **%** | **क्षेत्रफल (वर्ग कि.मी.)** | **%** | **क्षेत्रफल (वर्ग कि.मी.)** | **%** | **क्षेत्रफल (वर्ग कि.मी.)** | **%** | **क्षेत्रफल (वर्ग कि.मी.)** | **%** | **क्षेत्रफल (वर्ग कि.मी.)** | **%** |
| आवास क्षेत्र | ०.१८ | ०.६४ | ०.१४ | ०.२८ | ०.१३ | ०.६४ | ०.०९ | ०.८१ | ०.११ | ०.७४ | ०.०४ | ०.०८ |
| बुट्यान क्षेत्र | ४.४८ | १५.८७ | २.९३ | ५.८६ | १.७२ | ८.३५ | १.२७ | ११.२३ | १.४७ | १०.१२ | १.१३ | २.१२ |
| खेती क्षेत्र | ७.२९ | २५.८३ | ६.९३ | १३.८९ | ४.०३ | १९.५९ | २.०८ | १८.३७ | ३.७१ | २५.५८ | २.७२ | ५.०९ |
| जङ्गलको क्षेत्र | १५.६९ | ५५.५६ | ३९.३८ | ७८.८८ | १४.५१ | ७०.४९ | ७.७३ | ६८.४२ | ९.०१ | ६२.०८ | ४८.७८ | ९१.२१ |
| पानीले ढाकेको क्षेत्र | ०.६ | २.११ | ०.५४ | १.०८ | ०.१९ | ०.९३ | ०.१३ | १.१६ | ०.२१ | १.४८ | ०.८१ | १.५१ |
| जम्मा | २८.२३ | १०० | ४९.९२ | १०० | २०.५९ | १०० | ११.३ | १०० | १४.५१ | १०० | ५३.४९ | १०० |

*(स्रोत: तमानखोला यातायात गुरुयोजना २०८०)*




पछिल्लो समय खेतीयोग्य जमिन समेत बाँझो राख्ने प्रवृत्ति बढ्दै गएको छ । खास गरी वैदेशिक रोजगारीमा युवाको आकर्षण बढ्ने कृषिमा काम गर्ने जनशक्तिको कमी हुनु र सिंचाइ लगायतका कृषि पूर्वाधार तथा कृषि उपजहरूको सही व्यवस्थापन हुन नसक्दा भू-उपयोगमा कमी हुँदै गएको छ । खोला तथा खोल्सी छेउ, किनारमा भएका कृषियोग्य भूभागमा बाहेक सिंचाइको व्यवस्था अन्य स्थानमा नगन्य रहेको छ । वनको क्षेत्रफल र बुट्यान क्षेत्र लगायतको क्षेत्र धेरै भएकोले वनमा आधारित भू-उपयोग नीति आवश्यक रहेको छ । वन पाखा तथा बाँझो जमिनको उचित उपयोग गर्न जरुरी रहेको छ ।

## २.१.४ जनसांख्यिक अवस्था

गाउँपालिकाको जनसांख्यिक प्रवृत्तिमा सारभूत भिन्नताहरू देखापरेको छ । यस प्रकारको भिन्नता देखापर्नुका पछाडि घट्दो जन्मदर र मृत्युदर, बढ्दो औसत आयु, पहिलो विवाह गर्दाको बढ्दो उमेर र शहर केन्द्रित तथा सुविधाहरू केन्द्रित बसाइसराइहरू मुख्य कारणहरू रहेको विश्लेषण छ। केन्द्रिय तथ्याङ्क विभागले औसत जनसंख्या वृद्धिदर घटनुका पछाडि ठूलो संख्यामा युवाहरू विदेशिनु, जनचेतनामा भएको सकारात्मक परिवर्तन, एकात्मक परिवारको संख्यामा वृद्धि आदिलाई ठानेको छ । अर्कोतर्फ आन्तरिक बसाइ सराइको प्रवृत्तिलाई हेर्दा हिमाल र पहाडबाट तराईतर्फ र ग्रामीण भेगहरूबाट शहरी केन्द्रहरूतर्फ बसाइसराइ गर्ने र एकात्मक परिवारको संख्या बढ्दै गएको छ । बुर्तिबाङ्ग, बागलुङ, बुटवल, पोखरा, काठमाडौं उपत्यका, तराई तथा देशका अन्य शहरी केन्द्रहरूमा बसाइसराइको प्रवृत्ति बढ्दै गएको छ । तमानखोला गाउँपालिकाको विकट ग्रामीण क्षेत्रहरूमा जनसंख्या वृद्धिदर ऋणात्मक समेत देखिन थालेको छ ।

गाउँपालिकाभित्र उपलब्ध मानवीय साधनको परिचालन गर्ने र यसको समयोचित तथा समूचित विकास गर्नका लागि विगतमा नीति तर्जुमा नगरिएको होइन । तथापी, प्रतिवद्धताका साथ कार्यक्रम सञ्चालन र यसमा जनताको समयोचित सहभागिताको अभावका कारण यसमा सकारात्मक उपलब्धि हासिल भने हुन नसकेको अवस्था छ । हावापानीको भिन्नता, यातायात, व्यापार, उद्योग, पूर्वाधार र अन्य क्षेत्रको समयोचित विकास तथा विस्तार हुन नसक्नुका साथै मानव संशाधनको विकासका लागि पृथक प्रयासहरुको अभावका कारण यहाँको मानवीय संशाधनको समुचीत उपयोग हुन सकिरहेको छैन । व्यवस्थित स्वास्थ्य, शिक्षा, संचार आदि सुविधाहरुको अभाव जस्ता समस्याहरुले कुनै पनि व्यक्तिको आर्थिक स्थितिमा सुधार आउनासाथ शहरी क्षेत्रमा बसाई सर्ने प्रचलनले यहाँको मानवीय संशाधन निष्कृय अवस्थामा रहेको प्रतीत हुन्छ । यद्यपी, पछिल्ला समयहरुमा यस क्षेत्रमा सुरु भएका केही विकास कार्यहरुले मानवीय संशाधनको क्षेत्रमा आशलाग्दो स्थिति देखापरेको छ । निष्कृय स्रोत साधनहरुको परिचालन र कूशल दक्ष जनशक्तिको निमाणार्थ जनसंख्यालाई एउटा आधार स्तम्भको रुपमा लिन सकिन्छ ।

राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन अनुसार तमानखोला गाउँपालिकाको जम्मा जनसंख्या ९,९८२ रहेको छ जस मध्ये पुरुषको संख्या ४,५९३ र महिलाको संख्या ५,३८९ रहेको छ । सोही अनुसार लैङ्गिक अनुपात १०० महिलामा पुरुषको संख्या ८५.२३ रहेको छ । जनघनत्व (प्रति वर्ग किलोमिटरमा रहेको जनसंख्या) ६९.८२ जना रहेको छ । कुल २६११ घरपरिवार रहेको यस गाउँपालिकामा प्रति परिवार औसत ३.८२ जना सदस्य रहेको छ । जनगणना २०७८ अनुसार यस गाउँपालिकाको जनसंख्या वृद्धिदर (- ve ) ०.६५ % रहेको छ ।

**तालिका ७: घरपरिवारको संख्या, लिङ्ग अनुसार जनसंख्या, औसत घरपरिवारको आकार र लिङ्ग अनुपात विवरण**

| वार्ड | घरपरिवारको संख्या | जनसंख्या | | | औसत घरको आकार | लिङ्ग अनुपात | जनघनत्व |
|---|---|---|---|---|---|---|---|
| | | कुल | पुरुष | महिला | | | |
| १ | ६९५ | २६७४ | १२६८ | १४०६ | ३.८५ | ९०.१८ | ९५.१३ |
| २ | ६४१ | २५६३ | ११५८ | १४०५ | ४.०० | ८२.४२ | ५१.४१ |
| ३ | ४२१ | १६१२ | ७२४ | ८८८ | ३.८३ | ८१.५३ | ७७.८३ |
| ४ | २७३ | ९९३ | ४४२ | ५५१ | ३.६४ | ८०.२२ | ८७.६२ |
| ५ | ३७९ | १३३६ | ६२१ | ७१५ | ३.५३ | ८६.८५ | ९१.८९ |
| ६ | २०२ | ८०४ | ३८० | ४२४ | ३.९८ | ८९.६२ | १५.०३ |
| जम्मा | २६११ | ९९८२ | ४५९३ | ५३८९ | ३.८२ | ८५.२३ | ६९.८२ |

*(स्रोत: राष्ट्रिय जनगणना २०७८)*

**तालिका ८: जातजाति अनुसारको जनसंख्या विवरण**

| जातजातिको जनसंख्या | संख्या | प्रतिशत |
|---|---|---|
| विश्वकर्मा | ५६९२ | ५७.०२ |
| मगर | २७७९ | २७.८४ |
| छन्त्याल/छन्तेल | १०८६ | १०.८८ |
| क्षेत्री | २१६ | २.१६ |
| परियार | ६७ | ०.६७ |
| ब्राह्मण - पहाड | ६७ | ०.६७ |
| अन्य | ३७ | ०.३७ |
| मिजार | १५ | ०.१५ |
| थकाली | १२ | ०.१२ |

| जातजातिको जनसंख्या | संख्या | प्रतिशत |
|---|---|---|
| सन्यासी/दसनामी | ११ | ०.११ |




**तालिका ९: भाषा विवरण**

| भाषा | जनसंख्या, प्रतिशत | | |
|---|---|---|---|
| | पुरुष | महिला | कुल |
| नेपाली | ७७.२ | ७७.१ | ७७.१ |
| मगर ढुट | १४.९ | १५ | १४.९ |
| छन्त्याल | ७.४ | ७.७ | ७.५ |
| मगर खाम | ०.३ | ०.२ | ०.३ |
| अन्य | ०.२ | ०.१ | ०.१ |




**तालिका १०: धर्म विवरण**

| धर्म | जनसंख्या | जनसंख्या, प्रतिशत |
|---|---|---|
| हिन्दु | ८४५८ | ८४.७३ |
| बौद्ध | २७४ | २.७४ |
| इस्लाम | ३ | ०.०३ |
| क्रिश्चियन | २६३ | २.६३ |

| धर्म | जनसंख्या | जनसंख्या, प्रतिशत |
|---|---|---|
| प्रकृति | ९८४ | ९.८६ |




*(स्रोत: राष्ट्रिय जनगणना २०७८)*

## २.२ आर्थिक विकास अवस्था

तमानखोला गाउँपालिकाको अर्थतन्त्र मुख्यतया कृषि, वन उप-उत्पादन, साना- उद्योग, व्यवसाय, थोक, खुद्रा बजार, होटल, पर्यटन र सेवा जस्ता क्षेत्रहरूमा केन्द्रित छ । उपयुक्त हावापानी र उर्वर माटोको कारणले गर्दा जमिन कृषिको लागि उपयुक्त छ । अधिकांश घरपरिवार, जनसंख्या प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषि व्यवसायमा संलग्न छन् । सबै वडाहरूमा रणनीतिक र ग्रामीण सडक सञ्जालका कारण सबै वस्तीहरूमा सडकको पहुँच जोडिएको छ। यद्यपि, निर्माण गरिएका सडकहरू अव्यवस्थित र कमजोर छन् । त्यस्तै, खोलाहरूसँगै पानी, वन र जैविक विविधताले अर्थतन्त्रको विकासमा थप सम्भावना थपेको छ । कृषि मिल, कुखुरापालन, मौरीपालन, पशुपालन आदि जस्ता केही साना र घरेलु उद्योगहरू रहेका छन् । स्थानीय मानिसहरू फर्निचर, जडीबुटी, उद्योग आदि जस्ता उद्योग र व्यवसायहरूको विकास खोजिरहेका छन् । गाउँपालिकाको मुख्य आर्थिक आधार कृषि, व्यापार, पर्यटन, स्थानीय रोजगारी र रेमिट्यान्स हुन् । यस क्षेत्रमा उष्ण प्रदेशीय फलफूल तथा तरकारीदेखि शितोष्ण वालीहरुको खेती भैरहेको हुनाले यहाँ फलफूल, तरकारी, खाद्यान्न, पशु पालन, माहुरी पालन लगायतको प्रचुर सम्भावना रहेको छ ।

८१.२ % घरधुरीको मुख्य पेशा कृषि रहेको छ भने १५.२२% वैदेशिक रोजगारी, ६.७ % व्यवसाय र ३.१४% नोकरीमा आश्रित रहेको छ। यस क्षेत्रमा करिब ४ % जनसख्या बेरोजगार रहेका छन् । समग्र गाउँपालिकाको आम्दानी हेर्दा करिब ६४ % आम्दानी वैदेशिक रोजगारीबाट भएको छ। सरकारी नोकरी, सरकारी बाहेकको नोकरी, नेपाल भित्र र बाहिरको जागिरको निवृत्तिभरण आदिबाट करिब २८ %, व्यापार व्यवसायबाट करिब ४ % आम्दानी भएको देखिएकोमा कृषि तथा पशुपंक्षीबाट करिब २% मात्र आम्दानी हुने छ । करिब ८१ % जनसख्या आश्रित रहेको कृषि पेशाबाट समग्र तमानखोला गाउँपालिकाको आम्दानी मध्ये करिब २% हिस्सा रहेको छ ।

तमानखोला गाउँपालिकामा जीविकोपार्जनका लागि मुख्य पेशाको रूपमा कृषि रहेता पनि आम्दानीको मुख्य स्रोतको रूपमा वैदेशिक रोजगारी र नोकरीलाई लिने गरिएको छ । वैदेशिक रोजगारीमा जानेहरूको सख्या मध्ये ९५% पुरुष रहेका छन् भने कृषिलाई मुख्य पेशा मान्ने मध्ये करिब ८०% महिला रहेका छन् । ज्यालादारीमा गाउँ भित्र वा बाहिर गर्नेको हिस्सा १.८१% रहेको छ । भौगोलिक र प्राकृतिक रूपमा सुन्दर र मनोरम रहेको तमानखोला गाउँपालिकामा पर्यटनको राम्रो सम्भाव्यता रहेकोले त्यसको विकास र प्रवर्द्धनले स्थानीय स्तरमा रोजगारी र व्यवसायको विस्तार गर्न सक्ने सम्भावना रहेको छ ।

**तालिका ११: आर्थिक कामको औद्योगिक क्षेत्र अनुसार जनसंख्या वितरण**

| आर्थिक क्षेत्र | % |
|---|---|
| कृषि | ८१.२ |
| थोक व्यापार | ६.७ |
| शिक्षा | ३ |
| निर्माण | २.८ |
| अन्य सेवा | १.८ |
| उत्पादन | १.३ |
| सार्वजनिक प्रशासन | ०.६ |
| मानवस्वास्थ्य | ०.६ |
| यातायात | ०.५ |
| बिजुली | ०.१ |

*(स्रोत: राष्ट्रिय जनगणना २०७८)*

**तालिका १२: आर्थिक कामको पेशाअनुसार जनसंख्या वितरण**

| आर्थिक कामको पेशाअनुसार जनसंख्या वितरण | % |
|---|---|
| वन र कृषि कार्यमा दक्ष कामदारहरु | ७७.९ |
| सामान्य वा प्राथमिक पेशाका कामदारहरु | ११.५ |
| पेशाविद्हरू | ३.४ |
| व्यवस्थापक | २.२ |
| शिल्पकला तथा कारिगरी र यस सम्बन्धी व्यापार गर्ने कामदारहरु | १.७ |
| सेवा तथा वस्तु बिक्री गर्ने कामदारहरु | १.५ |
| प्राविधिक तथा सहायक पेशाविद्हरू | ०.७ |
| कार्यालय सहायकहरू | ०.५ |

*(स्रोत: राष्ट्रिय जनगणना २०७८)*

### २.२.१ कृषि तथा खाद्य सुरक्षा

तमानखोला गाउँपालिकाको १७८.०२ वर्ग किलोमिटर क्षेत्रफल मध्ये करिव १५.०४ प्रतिशत कृषि क्षेत्रले ओगटेको छ। गाउँपालिकाको कुल जनसंख्यामध्ये ८१.३ प्रतिशत जनसंख्याको मुख्य पेशा कृषि तथा पशुपालन रहेको छ। यस क्षेत्रमा उष्ण प्रदेशीय फलफुल तथा तरकारी देखी शितोष्ण वालीहरुको खेती भैरहेको छ। यहाँ व्यवसायीक कृषकहरुको तुलनामा निर्वाहमुखी कृषि प्रणाली अवलम्वन गरिरहेका कृषकहरुको बाहुल्यता रहेको छ । कृषि योग्य जमिन खण्ड खण्डमा विभाजित रहेकोले व्यवसायीक कृषि प्रणाली अवलम्वन गर्न कठिनाई रहेको छ । गाउँहरुमा खेतियोग्य जग्गा बाँझो छोड्ने प्रवृत्ति यहाँ कम रहेको भएपनि यस्तो क्रम बढ्दै गएको छ। सिचाईको समस्या पनि उल्लेख्यरूपमा छ र सिंचित जमिनको सही र पूर्ण सदुपयोग नहुँदा सोचेअनुसारको उत्पादन लिन सकिएको छैन । तसर्थ गाउँपालिकालाई कृषि र खाद्यान्न उत्पादनमा सबल बनाउन सके आर्थिक क्षेत्रमा उल्लेख्य सुधार भई निर्यात प्रवर्द्धन गर्न सकिन्छ । साथै यो गाउँपालिकाका सबै क्षेत्रहरूमा पशुपालन समेतको राम्रो सम्भावना रहेको छ । गाउँपालिकामा मझौला तथा साना किसानहरूको बढी संलग्न रहेको छ भने आर्थिक रूपमा सक्रिय जनसख्यांको ठूलो हिस्सा कृषिमा आश्रित रहेका छन् । समग्रतामा खाद्यान्न उपलब्धताको हिसाबले गाउँपालिकाको अवस्था राम्रो देखिएता पनि अझै केही जनसख्या मौसमी खाद्य असुरक्षामा रहेको छ। कुल खेतीयोग्य जमिनको १ तिहाइ जमिन बाँझो रहेको छ। मूलतः कृषि प्रणाली निर्वाहमुखी हुनु र यसमा संलग्न श्रमिकहरूको उत्पादकत्व निकै कम रहेको कारण यस क्षेत्रबाट श्रमशक्तिको पलायन बढ्दो रहेको छ। यहाँको कृषि पेशाले व्यावसायिकता हासिल गर्न सकिरहेको छैन ।

राष्ट्रिय कृषि गणना २०७८ अनुसार, तमानखोला गाउँपालिकामा २,४९४ कृषक परिवारहरू रहेका छन् भने कृषक परिवारले भोगचलन गरेको जग्गाको कुल क्षेत्रफल १,५८५.० हेक्टर रहेको छ। भोगचलन गर्दै आएको कुल क्षेत्रफल मध्ये ११.२ हेक्टरमा सिंचाइ सुविधा उपलब्ध रहेको छ। २,४९४ कृषक परिवारहरूले भोगचलन गर्दै आएको जग्गा १०,१०५ कित्तामा विभाजित रहेको छ। प्रति कृषक परिवारको औसत कित्ता सख्या ४.१ रहेको छ। त्यसरी नै अरूको हकको जग्गामात्र कमाउने परिवारको सख्या ९ छ भने त्यस प्रकारको जग्गाको क्षेत्रफल ५ हेक्टर रहेको छ। एकभन्दा बढी प्रकारको स्वामित्व भएको परिवार सख्या २२१ रहेको छ भने तिनको क्षेत्रफल १७१.३ हेक्टर रहेको छ। अस्थायी बाली लागेको जग्गाको परिवार सख्या २४९४ र क्षेत्रफल १०६०.४ हेक्टर रहेको छ। अन्य खेतीयोग्य जग्गा भएको परिवार सख्या ८२४ रहेको छ भने यसको क्षेत्रफल १३७.३ हेक्टर रहेको छ। स्थायी बाली लागेको जग्गा भएको परिवार सख्या २८७४ छ भने यसको क्षेत्रफल ७२२.३ हेक्टर रहेको छ। त्यसरी नै स्थायी चौरचरन, निजी वनबनेलो, पोखरी तथा अन्य जग्गा भएको परिवारको सख्या ७३१ र यसको जम्मा क्षेत्रफल १८९.७ हेक्टर रहेको छ।

कृषक परिवारको सख्या २,४९४ रहेकोमा पशु चौपाया पाल्ने कृषक परिवारको जम्मा सख्या भने २,१८२ रहेका छन्। त्यसमा पनि गाईरगोरु पाल्ने परिवारको सख्या १,१८०, राँगाभैंसी पाल्ने परिवारको सख्या १,५७० , बाखा च्याङ्ग्रा पाल्ने कृषक परिवारको सख्या ९०० र भेंडाभेंडी पाल्ने कृषक परिवारको सख्या ८५ रहेको छ। गाउँपालिका भरी कुखुरा पाल्ने परिवारको सख्या १,८११ साथै अन्य पंक्षी पाल्ने कृषक परिवार सख्या ७४ रहेका छन्। मुख्य खाद्यान्नमा मकैं, आलु र गहुँ, जौ रहेको छ। सबै भन्दा धेरै मकै उत्पादन २,४६६ कृषक परिवार, आलु उत्पादन ८७० परिवार, गहुँ १,७९४, जौ २,०२६ परिवार, कोदो ६४७ परिवार, फापर उत्पादन परिवार सख्या ४९४ रहेका छन्। वडा २, वडा नं. १ र वडा नं. ६ मा मकै धेरै उत्पादन गर्ने गरेको छ। त्यसै गरी वडा नं. ४, वडा नं. ६ र वडा नं. ३ मा आलु धेरै लगाउने गरिएको छ। वडा नं. ५, ३ र वडा नं. १ मा गहुँ जौं समेत उल्लेख्य मात्रामा उब्जाउ हुने गरेको छ। वडा ३ मा दाल दलहनको उत्पादन रहेको छ भने वडा नं. १ र २ मा धान उत्पादन गर्ने गरिएको छ (राष्ट्रिय कृषि गणना, २०७८)।

धेरैजसो घुमाउरो र भिरालो कृषि भूमि बाँझो जमिनमा परिणत भएको छ र अन्ततः झाडी र जङ्गलको रूपमा विकसित भएको छ। धेरैजसो सिंचाइ नालाहरू परम्परागत र माटोका छन्। स्थानीय तहले पानीको पोखरी, बीउ, कृषी सुरुङ, प्राविधिक सहयोग, र किसानहरूलाई बजार व्यवस्थापन, तालिम आदिमा अनुदान दिइरहेको छ। यी अभ्यासहरूले स्थानीय किसान र युवाहरूलाई प्रोत्साहन गरेको छ।

तमानखोला गाउँपालिकामा प्रशस्त मात्रामा चरन क्षेत्र भएकोले गाई, भैंसी, भेंडा, बाखा च्याङ्ग्रा र बंगुर, तथा हाँस कुखुरा जस्ता पशुपंक्षी पालनको सम्भावना रहेको पाइन्छ। कागती, किवि, आरुवखडा र निबुवा पनि यहाँका प्रमुख फलफूल वालीहरू हुन्। गाउँपालिकामा ११५ वटा व्यावसायिक पशुफार्म, २ वटा कुखुरापालन फार्म तथा १ वटा बंगुरपालन फार्महरू सञ्चालनमा रहेका छन। (तमानखोला गाउँपालिकाको कृषि शाखा, २०८१) गाउँपालिकामा ३० मिनेटसम्मको दूरीमा कृषि उपज बिक्रीका लागि बजार उपलब्ध भएका कृषक परिवारहरू करव ३८ प्रतिशत रहेका छन्। हालसम्म गाउँपालिकामा कृषि सहकारी संस्थाको सख्या २ रहेको छ भने ती सहकारी संस्थाहरूमा आबद्ध कृषकहरूको सख्या २८२ रहेका छन्। गाउँपालिकामा कृषिमा आधारित रोजगारी ८७.५ प्रतिशत (राष्ट्रिय कृषि गणना, २०७८) रहेको छ। साथै कृषि तालिम प्राप्त जनशक्तिहरू १०० जना रहेका छन्। गाउँपालिकामा कृषि उपज सङ्कलन केन्द्र निर्माण सम्पन्न भई संचालनको अवस्थामा रहेको छ। गाउँपालिका भरीमा ३०० वटा प्लास्टिक टनेलहरू रहेका छन्। कृषि प्राविधिकहरूको सख्या ३ र पशु प्राविधिकहरूको सख्या ४ रहेको छ। व्यावसायिक कृषि तथा पशुपालन फर्म सञ्चालन गर्ने कृषकहरूको सख्या १७२ जना रहेको छ।

स्थानीय किसानहरूका अनुसार कृषि भूमि उर्वर छ तर सिंचाइ सुविधाको अभावका कारण किसानहरूले बाली, फलफूल र तरकारी खेती र पशुपालनमा पनि धेरै समस्याहरूको सामना गर्नु परेको छ। तमानखोला गाउँपालिकाले ठूलो संख्यामा खाद्यान्न बाली, जडीबुटी र अन्न उत्पादन गर्दछ। उत्पादन मुख्यतया नजिकैको स्थानीय बजार जस्तै बोंङ्गादोभान र बुर्तिबाङ्ग, बागलुङ, पोखरा र काठमाडौं जस्ता शहरहरूमा निर्यात गरिन्छ। बाली, मासु, दुग्धजन्य पदार्थ, फलफूल, तरकारी आदिको उत्पादन स्थानीय मानिसहरूको लागि पर्याप्त छैन। त्यसैले, नजिकैको स्थानीय बजारबाट ठूलो मात्रामा

खाद्यान्न आयात गरिएको छ । राष्ट्रिय कृषि गणना २०७८ अनुसार, तमानखोला गाउँपालिकामा आम्दानीको मुख्य स्रोत कृषी रहेको छ भने खाद्यान्नको आत्मनिर्भरतामा करिब २९.४ % घरधुरीलाई आफ्नो उत्पादनले ३ महिना भन्दा कम खान पुग्ने र ४५.४७ % लाई ६ महिना सम्म खान पुग्ने अवस्था रहको छ । ९ महिना खाना पुग्ने घरधुरी १२.३० % रहेकोमा वर्षभरी खान पुग्ने घरधुरी जम्मा २.६० % रहेको छ ।

खाद्य सुरक्षाको लागि आत्मनिर्भर, दिगो कृषि तथा स्थानीय रैथाने बाली संरक्षण, कृषिमा आधारित युवा लक्षित उद्यम विकास, उच्च मूल्यका औद्योगिक बाली प्रवर्द्धन, विद्यालय स्तरमा कृषि पर्यावरण, फलफूल तथा तरकारी खेती प्रविधि प्रसार, व्यावसायिक फलफूल विकास, कृषि यान्त्रिकीकरण तथा बजार प्रवर्द्धन, कृषि प्रविधि विस्तार, थोपा सिंचाइ तथा जल व्यवस्थापन, तालिम, भ्रमण तथा संस्थागत क्षमता विकास, प्रविधि विकास तथा विस्तार, उत्पादोपरान्त बाली मूल्य शृङ्खला विकास, कृषक सम्मान तथा प्रोत्साहन, विपन्न वर्ग लक्षित आयआर्जन, भूमि बैंक अवधारणा अनुरूप एकीकृत खेती प्रणाली, कृषि कार्यक्रम अनुगमन तथा निरीक्षण र कृषिमा आधारित आपत्कालिन तथा राहत कार्यक्रम सञ्चलन गर्न अपरिहार्य रहेकाले त्यसैमा आधारित रहेर यस आवधिक योजनाको तर्जुमा गरिएको छ ।

**तालिका १३: खेतीपाती भइरहेका तथा कृषिका लागि योग्य क्षेत्रहरूको वडागत विवरण**

| वडा नं. | हाल खेतीपाती भइरहेका तथा कृषिका लागि योग्य क्षेत्रहरूको वडागत विवरण |
|---|---|
| १ | कोदो, जौँ, फापर, मुसुरो, सीमी, भटमास, केरा, जडिबुटी, अलैँची, दाँते आखर, कागती, सन्तुला, पलम, किवी |
| २ | कोदो, मकै, जौँ, गहुँ, धान, बयर, नासपाती, केरा, सीमी, पशुपालन, अम्बा, सन्तुला, पलम, किवी |
| ३ | आलु, मकै, जौँ, गहुँ, फापर, सीमी, माछा पालन, कागती, पलम, किवी |
| ४ | आलु, मकै, जौँ, गहुँ, फापर, सीमी, पिडालु, काक्रो, स्याउ |
| ५ | कोदो, जौँ, गहुँ, भटमास, आलु, पिडालु, आलुबखडा, पलम, स्याउ |
| ६ | आलु, मकै, जौँ, गहुँ, फापर, सीमी, चुक्रो, देम्वर, निगालो, पलम, स्याउ |

### २.२.२ सिंचाइ सुविधाको अवस्था

कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धिमा सिंचाइ महत्वपूर्ण माध्यम हो । गाउँपालिका भएर अविरल बग्ने स्याउला खोला, बोङ्गाखानी खोला, तमान खोला तथा स–साना खोल्सीहरु र मुहान जलसम्पदाले धनी रहेको छ । सिंचाइ सुविधाका दृष्टिले स-साना खोला तथा खोल्सीहरु बाहेक मुहान लगायतका स्रोतहरूबाट सिंचाई गर्नु यहाँका खेतीयोग्य जमीनका लागि सिंचाइ स्रोतको रूपमा रहेका छन् । गाउँपालिकामा रहेका पानीका स्रोतहरू मध्ये निकै कमले मात्रै वर्षैभरी तथा केही कुलाहरूबाट वर्षायाममा मात्र सिंचाइ सुविधा उपलब्ध हुने गरेको छ । गाउँपालिकको बीच र उपल्लो भागमा सिंचाइको समस्या छ । गाउँपालिकामा क्रमश व्यवस्थित तथा आधुनिक सिंचाई पूर्वाधार सुरु गर्ने रणनिति लिएको छ । वैज्ञानिक कृषि प्रणाली अन्तर्गत सदाबहार सिंचाइ सुविधाको उपलब्धता पहिलो शर्त हो । सिंचाइको प्रभावकारी व्यवस्थापन गरिसकेपछि मात्र वैज्ञानिक कृषि प्रणालीको सुरुवात हुन्छ । कृषिबाट प्राप्त गर्न सकिने संभाव्य अधिकतम फाइदाको लागि गाउँपालिकामा विविध प्रयासहरू जारी गरिएका छन् । यसका बावजुद पनि वास्तविक किसानहरूले सिंचाइको लाभ लिन नसक्नु, र भएको सिंचाइ सुविधा पनि अत्यन्त न्यून हुनु गाउँपालिकाको प्रमुख कृषि समस्या मध्ये एक समस्याको रूपमा रहेको छ । गाउँपालिकामा हालसम्म कुनै स्थानहरूमा सिंचाइ सुविधा उपलब्ध हुन सकिरहेको छैन । सम्भावित सिंचाइ योग्य जमिनमा सिंचाइ गर्न सकिरहेको अवस्था छैन । साथै मौजुदा सिंचाइ कुलोहरूको उचित प्रयोग हुन सकिराखेको छैन जसका कारण कृषि बालीको उत्पादन र उत्पादकत्व बढ्न सकिरहेको अवस्था छैन । विभिन्न वडाहरूमा सम्भावनाको आधारमा नयाँ सिंचाइ आयोजनाहरू निर्माण गर्न र मौजुदा सिंचाइ आयोजनहरूको नियमित रूपमा मर्मत सम्भार गर्न आवश्यक छ ।

### २.२.३ पर्यटन तथा संस्कृति

पर्यटन क्षेत्र गाउँपालिको अर्थतन्त्रको विकासका लागि सम्भावना बोकेको क्षेत्र हो । गाउँपालिका क्षेत्रमा प्राकृतिक सौन्दर्य, धार्मिक एवम् ऐतिहासिक दृष्टिकोणले महत्वपूर्ण क्षेत्रहरु रहेतापनि आवश्यक पर्यटकीय पुर्वाधारको अभावमा यहाँको पर्यटन विकास ज्यादै पछाडी परेको पाईन्छ । प्रकृतिको अनुपम सुन्दरता, विविध जातजाति र साँस्कृतिक बिविधताले भरिपुर्ण एउटा सुन्दर र रमणीय गाउँपालिका हो । सेतो मनोरम हिमालको दृश्य, विभिन्न प्रजातिको गुराँस सहितको हरियो वनजङ्गल, डाँडाकाँडा आकर्षक दृश्य, ऐतिहासिक तथा पुरातात्विक धरोहर, प्राकृतिक तथा सांस्कृतिक सम्पदा, रीतिरिवाज, भेषभुषा, कलाकौशल र शान्त एवम् स्वच्छ वातावरणको पूर्ण सदुपयोग गरिएमा पर्यटन क्षेत्रको विकासको राम्रो सम्भावना छ । चिडी गोठ सुके ताल, देउराली डाँडाँ, बराह ताल, दोवारेको भरना, सोलेको डाँडा, सिद्ध बराह, नौ डल्ले पहाड, देउराली जस्ता सुन्दर पर्यटकिय ठाउँहरु प्रकृतिका बरदान प्राप्त उपहारहरु हुन । बराह थान, भूमे थान, देवी थान, भैरव थान, सिद्ध थान, खड्ग थान मन्दिर, शिव मन्दिर, कुल देवता मन्दिर, कोत घर, सरस्वती, देवी, लक्ष्मी मन्दिर लगायतका मठमन्दिरहरु धार्मीक आस्थाका स्तम्भहरु हुन । वनपाखाहरूमा गुञ्जने यानीमाया, सालैजो र सोरठीका मौलिक र पौराणिक भाकाहरू, सेतो कमेरो र रातो माटोमा सजिएका मानव निर्मित छरप्रस्ट वस्तीहरू, डोको, नाम्लो, नाङलो थुम्से बुन्दै गरेका परिश्रमी, पिठ्युमा घाँसको भारी, थाप्लोमा नाम्लो बोकेक दृश्यहरू मन मोहक छन् । धार्मिक तथा शुभकार्यमा प्रमुख रुपमा पन्चेवाजा बजाउने गरिन्छ भने सोरठी नाच, सालैजो भाका आदी लोकप्रिय रहेका छन् । समग्रमा तमानखोला , प्राकृतिक सुन्दरता र साँस्कृतिक विविधताले भरिपुर्ण र रमणिय, लोभलाग्दो गाउँपालिका हो त्यसैले यो गाउँपालिकालाई बहुसांस्कृतिक तथा सम्पदाको धनि मान्न सकिन्छ । परम्परागत रुपमा खस आर्य तथा दलित समुदायका पुरुषहरुमा दौरा सुरवाल, कोट र टोपी तथा महिलामा सारी वा गुन्यु, चोलो र पटुका लगाउने प्रचालन रहको छ । मगर, छन्त्याल/छन्तेल तथा थकाली समुदायमा आ-आफ्नै मौलिक भेषभुषा, खानपान र चालचलन थप आकर्षण रहेको छ। तथापि, आधुनिक भेषभुषा, खानपान र चालचलनमा आधुनिकताको प्रभाव बढ्दै गएको छ। सम्पूर्ण मूर्त र अमूर्त सांस्कृतिक सम्पदाहरूको संरक्षण र विकास गरी तिनको आर्थिक उपयोग गर्ने तथा पर्यटनलाई गाउँपालिकाको आर्थिक आधारको रूपमा ग्रामीण तहसम्म विकास र विस्तार गरी यसको प्रतिफल जनजीवनको तल्लो तहसम्म पुऱ्याउन संस्कृति र पर्यटन क्षेत्रको विविधीकरण, विस्तार र प्रवर्द्धन गरिनु आवश्यक छ । पर्यटनको प्रचुर सम्भावना भएको यस गाउँपालिकामा विभिन्न पर्यटकीय स्थलहरूको पहिचान तथा संरक्षण र विकास गर्नु पर्ने आवश्यकता छ । पर्यटकीय दृष्टिले नदीनाला तथा तालपोखरी, ऐतिहासिक स्थलहरू र स्थानीय चाडपर्व, रीतिरिवाज, जात्रा र मेलाहरू महत्वपूर्ण मानिन्छन् । गाउँपालिका जातीय, भाषिक, धार्मिक रूपमा विविधता बोकेको गाउँपालिका हो । यस क्षेत्रमा बसोबास गर्ने जातजाती अनुसार फरक-फरक चाडपर्व तथा जात्राहरू मनाइने गरिन्छ । यस स्थानमा केही महत्वपूर्ण मेला लाग्ने स्थानहरू पनि छन् । यस क्षेत्रमा मगर जातिको प्रमुख बाहुल्य रहेको छ । तारा हान्ने खेल तमानखोला गाउँपालिको अर्को थप आकर्षण को केन्द्र रहेको छ ।

प्राप्त तथ्याङ्क २०८१ अनुसार, यस गाउँपालिकामा आन्तरिक पर्यटक सख्यामा वृद्धि दर सकारात्मक रहेको छ । पर्यटन प्रवर्द्धनको लागि यहाँ एउटा पनि पर्यटन सूचना केन्द्र स्थापना भएको छैन । गाउँपालिकामा भ्रमण गर्न आएका पर्यटकहरूको वार्षिक सख्या १,००० रहेका छन् भने आधारभूत पूर्वाधारसहितको पर्यटकीय स्थलको सख्या २ सोलेको डाँडा र बराह ताल क्षेत्र रहेको छन् ।

स्थायी तथा भरपर्दो सडक यातायातको अभाव, आवश्यक पर्यटकिय पुर्वाधारको अभाव तथा न्यून लगानीका कारण यहाँको पर्यटकिय सम्भावना सुशुप्त अवस्थामा रहेको छ । केही सिमित क्षेत्रहरुमा आन्तरिक पर्यटन धार्मिक दृष्टिकोणले मात्र सञ्चालनमा रहेको छ । यो क्षेत्रको पर्यटन व्यवसायको विकास गर्न समग्र गाउँपालिकाले  एकिकृत योजना बनाउनु पर्ने आवस्यकता रहेको छ । त्यस्तै, स्वदेशी तथा विदेशी पाहुनाहरुको वसाँईलाई वढी सुविधाजनक बनाउन निजि क्षेत्रको सहभागितामा सुविधा सम्पन्न होमस्टे, होटल तथा लजहरु सञ्चालनमा ल्याई पर्यटन व्यवसायलाई बढी व्यवस्थित बनाउन सकिन्छ । यस बाहेक होमस्टे, प्राचीन संस्कृतिको अध्ययन, संग्रहालय, पिकनिक स्पोटको निर्माण गर्न, उपयुक्त स्थानहरूमा पार्कहरूको निर्माण गर्न, उपयुक्त पर्यटकीय स्थानको पहिचान गरी पुर्वाधार तथा भवन निर्माण मापदण्डको पूर्ण पालनमा जोड दिनुपर्ने छ । यसै सन्दर्भमा मौजुदा र नयाँ पर्यटकीय गन्तव्यको पहिचान, प्रमुख पर्यटकीय

स्थलहरूसम्म पर्यटक पथ लगायत आवश्यक पूर्वाधारहरू निर्माण, पर्यटन प्रवर्द्धन सम्बन्धी गुरुयोजनाको तयारी तथा कार्यान्वयन, पर्यटन सूचना केन्द्रको स्थापना तथा सञ्चालन, वैकल्पिक पर्यटन पदमार्गको खोजी तथा निर्माण र मौजुदाका पथहरूका स्तरन्नती, होमस्टे प्रवर्द्धन, पर्यटकीय स्थलहरूको वेबसाइट मार्फत प्रचार प्रसार, गाउँपालिकामा आगमन हुने पर्यटकको अभिलेखीकरण तथा अद्यावधिक, स्थानीय कृषि उपजको प्रवर्द्धन गर्न कोसेली घरको निर्माण तथा सञ्चालन, स्थानीय पर्यटन सम्बन्धी ब्रोसर तथा अन्य प्रचारात्मक सामाग्रीको निर्माण तथा वितरण, लोपोन्मुख कला संस्कृति तथा रीतिरिवाजका संरक्षण र होटेल तथा पर्यटन व्यवसायीलाई तालिमको व्यवस्थालाई प्राथमिकतामा राखेर योजना तथा कार्यक्रमहरू बनाउनु पर्ने आवश्यकता छ ।

**तालिका १४: पर्यटकीय स्थलहरुको विवरण**

| वडा न. | पर्यटकीय स्थलको नाम | विशेषता | कैफियत |
|---|---|---|---|
| १ | इनार पानी | पुरातात्विक | धार्मिक एवम् पर्यटकीय स्थल |
| १ | नवाचुली धुरी | उच्चा पहाड | पर्यटकीय स्थल |
| १ | सुके ताल | पानी पर्दा झन् सानो हुने | पर्यटकीय स्थल |
| १ | सत ताल | ताल, | धार्मिक एवम् पर्यटकीय स्थल |
| १ | टल्कने ढुङ्गा | रातमा उज्यालो भई टल्कने | पर्यटकीय स्थल |
| २ | सिद्द बराह, भैंसेवार फुर्से धुरी | ताल, उच्चा पहाड | धार्मिक एवम् पर्यटकीय स्थल |
| २ | देउराली -आंकुटे) | धैरै ठाउँहरु ऋवलोकन गर्न सकिने | पर्यटकीय स्थल |
| ३ | तमान गाउँ | पुरानो ग्रामिण बास्तुकला | धार्मिक एवम् पर्यटकीय स्थल |
| ३ | योगी कुटी | कुटी | धार्मिक स्थल |
| ३ | अमिलवन चौर | उच्चा पहाड | पर्यटकीय स्थल |
| ४ | पुठालेखोलाको ताल | पुठानामका देवताले ताल खोलेको भन्ने विश्वास | धार्मिक स्थल |
| ४ | सोलेको डाँडा | वनभोज र दृष्यावलोकन गर्न सकिने | पर्यटकीय स्थल |
| ५ | रात ताल | सधैं रातो हुने | पर्यटकीय स्थल |
| ५ | देउराली डाँडा, थाम बराह ताल, दोवारेको झरना | रमणीय | पर्यटकीय स्थल |
| ६ | मालिका, सरवारी धुरी, दहताल | रमणीय | धार्मिक एवम् पर्यटकीय स्थल |
| ६ | नौ डल्ले पहाड | पर्यटकीय रूपमा धेरै सम्भावना भएको, आधा नेपाल अवलोकन गर्न सकिने | पर्यटकीय स्थल |
| ६ | घोडा कन्ने | गाउँपालिका सबै देख्न सकिने | पर्यटकीय स्थल |

## २.२.४ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति

विशेष गरी कृषि र वैदेशिक रोजगारीमा संलग्न रहेको तमानखोला गाउँपालिकाको जनसंख्यामा उद्योग व्यवसाय गर्नेको हिस्सा निकै न्यून रहेको छ । स्थानीय स्तरमा माल सेवा र वस्तुको उपयोग अत्याधिक हुने भए पनि आफ्नै पेशा, व्यवसाय वा उद्योग सञ्चालन गर्ने प्रवृति कम देखिएको छ । श्रममूलक, गाउँपालिकाको परम्परा, सीप, कला र संस्कृतिसंग सम्वद्ध स्थानीय कच्चा पदार्थ र साधन परिचालन गर्ने परम्परागत घरेलू उद्योग र साना घरेलू उद्योगहरु सञ्चालन गर्नु पर्ने छ । अधिकाशं क्षेत्र पहाडी क्षेत्र हुनुले उद्योग सञ्चालनको स्थिति न्यून रहेको छ । मूलतः पहाडी क्षेत्रमा औद्योगिक विकास नहुनुको प्रमूख कारण यातायात र बजारीकरण वा शहरिकरण नहुनु हो । यहाँका बासिन्दाहरुमा स्थानीय स्तरमा दैनिक खपत हुने पाउरोटी र कुटानी पिसानीका लागि मिल सञ्चालन बाहेक अन्य उद्योग नगन्य मात्रामा रहेका छन् । पछिल्लो समय फर्निचर उद्योग गर्ने र व्यवसायिक रूपमा कुखुरा पालन गर्ने क्रमको शुरुवात भएको छ । प्रशस्त मात्रामा खानीहरू भएको यस क्षेत्रमा ढुङ्गाखानीलाई व्यवसायिक रूपमा सञ्चालन गर्ने कार्यको शुरुवात भएको छ । हाल पाउरोटी उद्योग, फर्निचर उद्योग, मिल र व्यवसायीक कुखुरा पालन भएको तर अपेक्षीत रूपमा चल्न नसकेको अवस्था रहेको छ ।

आलु प्रशस्त उत्पादन हुने र सो को उत्पादन अझ बढाउन सकिने सम्भावना रहेकोले आलुसँग सम्बन्धित उद्योगहरू र व्यवसायिक निर्यात गर्न सकिने सम्भावना रहेको कृषिमा खास गरी गेडागुडी जन्य उत्पादनमा आधुनिक विधि अपनाई फाइदा लिन सकिने अवस्था रहेको छ। वातावरणीय र भौगोलिक हिसावले समेत उपयुक्त यस क्षेत्रमा बन पैदावार र जडिबुटीको व्यवसायिक खेतीले राम्रो सम्भावना बोकेको छ। रातो च्याउ, चिराइतो, सतुवा, शक्तिगुम्बा, सालमिश्री, चुल्ठे अमिलो आदिको उत्पादनका लागि उपयुक्त हुने स्थान रहेको छ। नेपाली हाते कागज, कपडा र फर्निचरका लागि लोक्ता, अल्लो र निङ्गालोको उत्पादन र प्रवर्द्धन गरी उद्योग सञ्चालनका लागि प्रेरित गर्न सकिने सम्भावना रहेको छ। पशुपंक्षीपालन तर्फ व्यवसायिक कुखुरा पालन र बाखा पालनको समेत बलियो सम्भावना रहेको छ। खानीहरू प्रशस्त रहेको यस क्षेत्रमा विगतमा तामा खानीलाई स्थानीय प्रविधि र शिपको प्रयोग गरी उत्खनन्, प्रशोधन र सामाग्री उत्पादनसम्म गरेकोमा हाल सो क्रम बन्द प्रायः अवस्थामा रहेको छ। खानी उत्खनन् र प्रशोधनमा नयाँ प्रविधिको प्रयोग गरी पुनः सञ्चालन गरी यस क्षेत्रको आय र रोजगारीमा वृद्धि गर्न सकिने अवस्था रहेको छ। यस क्षेत्रमा ढुङ्गा खानीको पनि राम्रो सम्भावना रहेको छ। स्थानीय बजारमा खपत हुने तथा अन्य क्षेत्रलाई निर्यात समेत गर्न सकिने ढुङ्गा खानीहरूलाई पर्यावरणीय सन्तुलनलाई समेत ध्यान दिई व्यवसायिक उत्पादन गर्न सकिने सम्भावना रहेको छ। फर्निचर, बेकरी, सिस्नु पाउडर, ढुङ्गा खानी, बनमाराको ब्रिकेट, निगालो, पाउरोटी उद्योगको स्तरोन्नती, केरा खेती, पशुपालन, पालन, आलु चिप्स, जडिवुटी, च्याउ खेती आदि समेतको सम्भावना रहेको छ।

यातायातको असुविधाको कारण सहज बजारको पहुँच र उचित भण्डारणको अभावले स्थानीय उपजहरुले उचित मूल्य पाउन सकिरहेका छैनन्। पर्यटकीय तथा विकासका सम्भावनाहरुको पछाडी होटल व्यवसाय, होमस्टे विस्तारमा समेत ध्यान दिनु पर्ने छ। यो व्यवसायले कुल गार्हस्थ उत्पादनमा समेत उल्लेखनिय योगदान गरेको पाइन्छ। गाउँपालिकाको होटल व्यवसाय संचालित सामान्य होटलहरू तमान, बोंङ्गादोभान क्षेत्रमा नै केन्द्रित छन्। आजको समयमा व्यापार गाउँपालिकालाई समृद्ध बनाउने तथा आर्थिक क्रियाकलापलाई द्रुत गतिमा अगाडी बढाउने क्षेत्रको रूपमा परिचित छ। कुनै पनि ठाउँको व्यापारिक विकासले त्यस स्थानलाई सहरीकरण गर्नमा पनि महत्वपूर्ण भूमिका खेलेको हुन्छ। तमानखोला गाउँपालिकाले पनि कृषि तथा व्यापारिक क्षेत्रमा विस्तारै विकासको बाटो पछ्याइरहेको छ।

राष्ट्रिय जनगणना, २०७८ अनुसार, गाउँपालिकामा २,६११ घर परिवार मध्ये १९ % घर परिवार कृषि बाहेक कुनै न कुनै साना उद्योग व्यवसायमा संलग्न रहेको छ। ९.५ % घर परिवारले उद्यम व्यवसायहरू तथा थोक व्यापार व्यवसाय सञ्चालन गरेको छ। त्यसरी नै ५.५ % घर परिवारले सेवामूलक व्यवसाय सञ्चालन गर्दै आएका छन् भने यातायात व्यवसाय सञ्चालन गर्ने घर परिवारहरू ०.५ प्रतिशत रहेका छन र अन्य व्यवसाय सञ्चालन गर्ने घर परिवारहरू ३.५ प्रतिशत रहेका छन्।

गाउँपालिकामा उद्योग क्षेत्रको विकासका लागि लगानीमैत्री वातावरणसँग सम्बन्धित नीति, कानुन तथा कार्यविधिको निर्माण, उद्यमीहरूको तथ्याङ्क सङ्कलन तथा अभिलेखीकरण, सम्भावित उद्यम र उद्यमशीलता पहिचान, उद्यमीहरूलाई तालिम र प्रविधि हस्तान्तरण, औद्योगिक विकासका लागि आवश्यक भौतिक पूर्वाधार निर्माण तथा विस्तार, महिलाहरूका उद्यमशीलता विकास, वैदेशिक रोजगारीबाट फर्केका युवा उद्यमीहरूलाई सहयोग, उद्यमशील क्षेत्रमा संलग्न व्यक्ति, समूह तथा सहकारीलाई सहयोग र गरिबी निवारणका लागि लघु उद्यम विकास गर्न जरुरी छ। त्यसैगरी उद्यमशीलता विकासको क्षेत्रमा उद्यमशीलता विकास तालिम, उद्यमशीलता तथा लघु उद्यमको विस्तार, बैंक तथा वित्तीय संस्थालाई उद्यम क्षेत्रमा लगानी बढाउन सहजीकरण, उद्यम क्षेत्रलाई चाहिने प्रविधि सहयोग, उद्यमीहरूको उद्यम बीमा कार्यक्रमको विस्तार र उत्पादन वृद्धि गर्न चाहने उद्यमीलाई प्रोत्साहन गर्न जरुरी छ। गाउँपालिकाको विकासलाई द्रुत गतिमा अगाडि बढाई रोजगारी सिर्जना गर्न तथा सकारात्मक विकासको लागि पर्याप्त रूपमा उद्योग र उद्यमशीलता विकासका उपरोक्त कार्यक्रमहरू ल्याइनुपर्ने आवश्यकता देखिएको परिप्रेक्ष्यमा तिनैमा आधारित रही यस आवधिक योजनाको तर्जुमा गरिएको छ।

#### २.२.५ आम्दानी, रोजगारी र वित्तीय सेवा

वस्तुगत विवरण २०७५ को विवरण अनुसार, तमानखोला गाउँपालिका भित्र बसोबास गर्ने जनसंख्याको कुल वार्षिक आम्दानी २६,४९,७२,२७२ रहेको छ । आम्दानीको मुख्य स्रोतमा वैदेशिक रोजगारी रहेको छ । वैदेशिक रोजगारीबाट मात्र रु १६,९२,३८,२०० आम्दानी भएको तथ्याङ्कले देखाउँछ । यो समग्र आयको ६३.८७% हुन आउँछ । वैदेशिक रोजगारपछि दोस्रोमा जागिर, तलबबाट आम्दानी छ। सरकारी बाहेकको नोकरीबाट रु ३,३१,५०,००० र सरकारी नोकरी तलबबाट रु २,२१,०१,५०० वार्षिक आम्दानी हुने छ। समग्र आयको यो क्रमशः १२ र ८.३४% हुन आउछ। निवृत्तिभरण (पेन्सन) बाट हुने आम्दानीको हिस्सा पनि ठूलो रहेको छ । भारतमा गरेको नोकरी बापतको पेन्सनबाट मात्र रु १,५१,८८,००० आय हुने गरेको छ। त्यसैगरी नेपाल सरकारको पेन्सन बापत रु ४४,२१,६०० र अन्य मुलुकको पेन्सन रु ६,८२,००० रहेको छ । भारत सरकारको पेन्सन, नेपाल सरकारको पेन्सन र अन्य मुलुक पेन्सनको हिस्सा क्रमशः ५.७३१, १.६७% २०.२६० गरी कुल आयको जम्मा ७६६% हिस्सा पेन्सनको रहेको छ । व्यापार व्यवसायबाट हुने आय रु ८८६०,४०० (३.३४%), उद्योग रु ६,९०,००० (०.२६४) र कृषि तथा पशुपंछीबाट रु ५२,९६,५७२ (२७) हुने देखिएको छ । ज्यालादारीमा गाउँ भित्र वा बाहिर गर्नेको हिस्सा १.८१% रहेको छ । वडा नं. ५ र ६ मा बडागत कूल आयको क्रमशः ७९.२८% र ७२.९६% हिस्सा वैदेशिक रोजगारीको रहेको छ भने सबैभन्दा कम वडा नं. ४ मा ५६.२४% रहेको छ । वडा नं. ४ को कुल आयमा नेपाल सरकारको तलव (१५.९९४), पेन्सन भारत सरकार (१२.९३%), पेन्सन नेपाल सरकार (५.५७%) रहेको छ। वडा नं. २ मा सरकारी बाहेकको तलपट २३.०५१ र सरकारी तलबबाट ११.०८% आम्दानी हुने छ। सरकारी नोकरीबाट हुने आम्दानीमा सबैभन्दा ठूलो हिस्सा (१५.९९%) वडा नं. ४ मा रहेको छ भने सबैभन्दा कम (२.४९१) वडा नं. ५ मा रहेको छ ।

राष्ट्रिय जनगणना, २०७८ अनुसार, तमानखोला गाउँपालिकामा अनुपस्थित जनसख्या ८६४ रहेको छ । अनुपस्थित जनसख्या मध्ये पुरुष र महिलाहरूका सख्या क्रमशः ६८७ र १७७ रहेका छन् । अनुपस्थित जनसख्याको उमेर समूह ४ वर्ष देखि ६५ वर्ष वा सो भन्दा माथि सम्म रहेका छन् । अनुपस्थित मध्ये पनि १५ वर्षदेखि ४४ वर्ष उमेर समूहकाहरू सबैभन्दा बढी रहेका छन्, जसको कुल सख्या ८४९ रहेका छन् । ८५.६ प्रतिशत नोकरी गर्न तथा नोकरीको खोजीमा गएको छ । यस गाउँपालिकाको १४ देखि ५९ वर्ष उमेर समूहसम्मको कुल जनसख्या ६२८८ जनसख्या आर्थिक रूपले सक्रिय रहेको छ ।

तमानखोला गाउँपालिका बैंककिङ्ग र सहकारीको विकास तथा विस्तार भैरहेको छ। तमानखोला गाउँपालिकाबाट विदेश गएर बस्नेको सङ्ख्यामा वृद्धि भैरहेको छ। उनीहरुबाट ठूलो मात्रामा विप्रेषण ( रेमिटेन्स) भित्रिरहेको छ। छरिएर रहेको पूँजीलाई सहकारी र बैंककिङ्गको माध्यमबाट एकीकृत गरी घरेलु, साना, मझौला तथा ठूलो उद्योगहरुमा समेत परिचालन गर्न सकिने सम्भावना बढेको छ। कृषि, उद्योग, वन, शिक्षा, स्वास्थ्य, पूर्वाधार विकास सम्बन्धी कार्यहरुमा भएको वृद्धि र विकासले पनि यसको सम्भावना अधिक हुँदै गएको छ। रोजगारीको प्रमुख स्रोत भनेको नै कृषि तथा पशुपालन हो भने बाह्य क्षेत्रमा समेत रोजगारीका निम्ति वाहिरिने संख्या प्रशस्त रहेको छ। समग्र अवस्थालाई अध्ययन गर्दा यहाँको प्रमुख समस्या भन्नु नै दक्ष सीपयुक्त जनशक्तिको अभाव, अर्धबेरोजगारी तथा अल्परोजगारी रहेको छ।

गाउँपालिकामा ऋण तथा कर्जा सम्वन्धि कारोवार गर्नका लागी प्राईभेट वैंक, सहकारी संस्थाहरुवाट स्थानीय जनताहरुको लाई व्यापार व्यवसायमा सहयोग पुऱ्याउनका लागि यी संस्थाहरुले धितोमा र कतिपयले विना धितोमा अल्पकालिन, मध्यकालिन र दीर्घकालिन रुपमा कर्जा उपलब्ध गराउदैं आईरहेका छन् । गाउँपालिकामा सञ्चालित मूख्य वैकहरुमा प्रबु बैंक रहेका छ। अन्य बैंकहरुको सुबिधाको लागी बुर्तिबाङ्ग जानु पर्ने अवस्था रहेको छ।

### २.३ सामाजिक विकासको अवस्था

#### २.३.१ स्वास्थ्य तथा पोषण

नेपाल सरकारको स्वास्थ्य सम्बन्धी मापदण्ड अनुसार विभिन्न स्वास्थ्य सम्बन्धी संस्थाहरु रहेका छन्। स्वास्थ्य सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउन गाउँपालिकाले प्रयत्न गरिरहेको छ तथापी आवश्यक पूर्वाधारसहितका विशिष्टीकृत

तथा विशेषज्ञ सेवा प्रदान गर्ने अस्पताल नहुँदा सामान्य विरामीहरुलाई पनि बुर्तिबाङ्ग, बागलुङ, पोखरा तथा बुटवल जस्ता ठाउँहरुमा प्रेशण (रेफर) गर्नुपर्ने बाध्यता रहेको छ। सबै वडामा आधारभूत स्वास्थ्य सुविधा उपलब्ध छ भने भने कतिपय वडाहरुमा बर्थिङ सेन्टर र प्रयोगशालाको व्यवस्था पनि रहेको छ । स्वास्थ्य संस्थामा सेवा लिने नागरिकको संख्यालाई हेर्दा करीव ६५ प्रतिशत भन्दा वढी नागरिक विरामी हुँदा सरकारी स्वास्थ्य संस्थामा जाने गरेको र ३५ प्रतिशत नागरिकहरु नीजि स्वास्थ्य क्लिनिकहरुमा जाने गरेको छ । हाल १ वटा एम्बुलेन्सको व्यवस्था रहेको छ । गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरुको विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १५: स्वास्थ्य संस्था / प्रकार विवरण**

| क्र.सं. | स्वास्थ्य संस्था | संस्थाको प्रकार | वडा नं. |
|---|---|---|---|
| १ | तमानखोला आधारभूत अस्पताल | ५ बेडको आधारभूत अस्पताल | १ |
| २ | तमान स्वास्थ्य चौकी | स्वास्थ्य चौकी | ३ |
| ३ | खुङ्गाखानी स्वास्थ्य चौकी | स्वास्थ्य चौकी | ५ |
| ४ | नाबाङ्ग आधारभूत स्वास्थ्य सेवा केन्द्र | आधारभूत स्वास्थ्य सेवा केन्द्र | २ |
| ५ | लाम्मेला आधारभूत स्वास्थ्य सेवा केन्द्र | आधारभूत स्वास्थ्य सेवा केन्द्र | ४ |
| ६ | नर्जाखानी आधारभूत स्वास्थ्य सेवा केन्द्र | आधारभूत स्वास्थ्य सेवा केन्द्र | ६ |
| ७ | बोङ्गाखानी सामूदायिक स्वास्थ्य इकाई | सामूदायिक स्वास्थ्य इकाई | २ |
| ८ | सोम्मर प्राथमिक स्वास्थ्य उपचार तथा परामर्श केन्द्र | प्राथमिक स्वास्थ्य उपचार तथा परामर्श केन्द्र | १ |
| ९ | बज्रबाङ्ग प्राथमिक स्वास्थ्य उपचार तथा परामर्श केन्द्र | प्राथमिक स्वास्थ्य उपचार तथा परामर्श केन्द्र | १ |
| १० | शिल्गुम प्राथमिक स्वास्थ्य उपचार तथा परामर्श केन्द्र | प्राथमिक स्वास्थ्य उपचार तथा परामर्श केन्द्र | २ |
| ११ | थासपुरी प्राथमिक स्वास्थ्य उपचार तथा परामर्श केन्द्र | प्राथमिक स्वास्थ्य उपचार तथा परामर्श केन्द्र | ५ |
| १२ | रिक्लाङ्ग गाउघर क्लिनिक | गाउघर क्लिनिक | १ |
| १३ | खोलेस्वाङ्ग गाउघर क्लिनिक | गाउघर क्लिनिक | २ |
| १४ | भयरबोंगा गाउघर क्लिनिक | गाउघर क्लिनिक | २ |
| १५ | किरी गाउघर क्लिनिक | गाउघर क्लिनिक | ३ |
| १६ | सेर्मा गाउघर क्लिनिक | गाउघर क्लिनिक | ३ |
| १७ | हिले गाउघर क्लिनिक | गाउघर क्लिनिक | ३ |
| १८ | भित्रिवन गाउघर क्लिनिक | गाउघर क्लिनिक | ६ |
| १९ | पाल्ते गाउघर क्लिनिक | गाउघर क्लिनिक | ६ |

गाउँपालिकामा खोप कार्यक्रम, पोषण कार्यक्रम, एकिकृत बालरोग व्यवस्थापन कार्यक्रम, नव शिशु स्याहार कार्यक्रम, सुरक्षित मातृत्व कार्यक्रम, परिवार नियोजन कार्यक्रम, महिला स्वास्थ्य स्वंयसेविका कार्यक्रम, गाउँघर क्लिनिक कार्यक्रम, क्षयरोग नियन्त्रण कार्यक्रम, कुष्ठरोग निवारण कार्यक्रम, हात्तिपाईले रोग निवारण कार्यक्रम, एच.आई.भि.एड्स तथा यौन जन्य रोग नियन्त्रण कार्यक्रम, दैनिक विरामी जाँच तथा निःशुल्क औषधि सेवा, गाउँघर स्वास्थ्य सेवा आदि प्रकारका सेवाहरु सञ्चालन हुदै आईरहेका छन् । यस गाउँपालिकामा निजी क्षेत्रवाट सञ्चालित क्लिनिक बाट पनि उपचारात्मकका साथै जनस्वास्थ्यका कार्यक्रम खोप, सुरक्षित मातृत्व, परिवार नियोजन लगायतका सेवा प्रदान गर्दै आएका छन् ।

तमानखोला गाउँपालिकाभित्र रहेका मौजुदा स्वास्थ्य चौकी, स्वास्थ्य इकाई, वर्थिङ सेन्टरमा सरकारी मापदण्ड अनुरूप औषधी उपलब्ध गराउन, तिनको आवश्यक पूर्वाधार विकास गर्न, स्वास्थ्य संस्थाहरूमा स्वस्थ र सुरक्षित खानेपानीको व्यवस्था गर्न, स्वास्थ्य चौकीहरूमा कम्प्यूटर सुविधा उपलब्ध गराउन, आधुनिक मेशिन तथा उपकरणहरू प्रदान गर्न, प्रत्येक वडाहरूमा सुत्केरी केन्द्रहरू वा वर्थिङ सेन्टरहरू स्थापना र सञ्चालन गर्न, १ र २ वडामा कम्तीमा १ वटा, ३ र ४ वडामा १ वटा, र ५ र ६ वडामा कम्तीमा १ वटा एम्बुलेन्सको व्यवस्था गर्न, हरेक वर्ष घुम्ती स्वास्थ्य शिविरहरू

सञ्चालन गर्न, स्वास्थ्य सम्बन्धी सचेतनामूलक कार्यक्रमहरू तथा सामुदायिक सरसफाई अभियान निरन्तर रूपमा सञ्चालन गर्न आवश्यकता छ ।

## २.३.२ शैक्षिक विकास

शिक्षा र मानव संशाधनको विकास सामाजिक विकासका आधार स्तम्भहरु भएको तथा यी दुई विषय एक आपसमा अन्तरसम्बन्धित भएका हुँदा आवधिक विकास योजना तर्जुमाका लागि शिक्षा तथा मानव संशाधनलाई सामाजिक विकास क्षेत्रको एक उपक्षेत्रका रुपमा लिइएको छ । समग्रमा शैक्षिक विकासको स्थिति बुझ्न तलको विवरणले सहयोग गर्नेछ ।

तमानखोला गाउँपालिकाभित्र सामुदायिक बाल विकास केन्द्र २३ , प्राथमिक विद्यालय १२ वटा, आधारभुत विद्यालय ६ वटा, माध्यमिक विद्यालय ३ वटा, संस्थागत विद्यालय २ वटा गरी जम्मा ४६ वटा शैक्षिक संस्थाहरु रहेका छन् । गाउँपालिकाभित्रका ६ वटै वडामा रहेका विद्यालयहरुको विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १६: शैक्षिक संस्थाको प्रकार विवरण**

| क्र.स | शैक्षिक संस्थाको प्रकार | संख्या | जम्मा विद्यार्थी संख्या |
|---|---|---|---|
| १ | बाल विकास केन्द | २३ | जम्मा विद्यार्थी संख्याः २७८९,<br>छात्र : १३७२<br>छात्रा : १४१७ |
| २ | प्राथमिक विद्यालय | १२ | |
| ३ | आधारभुत विद्यालय | ६ | |
| ४ | माध्यामिक विद्यालय | ३ | |
| ५ | संस्थागत विद्यालय | २ | |
| जम्मा | | ४६ | |

*(स्रोतः तमान गाउँपालिका शिक्षा शाखा २०८१)*

**तालिका १७: साक्षरता स्थिति अनुसार ५ वर्ष र सोभन्दा माथिको जनसंख्या विवरण**

| वडा | लिङ्ग | ५ वर्ष र सोभन्दा माथिको जनसंख्या जनसंख्या | पढ्न र लेख्न सक्न | पढ्न मात्र | पढ्न र लेख्न नसक्ने | उल्लेख गरिएको छैन | साक्षरता दर |
|---|---|---|---|---|---|---|---|
| जम्मा | कुल | ९११४ | ६८८४ | १९८ | २०२० | १२ | ७५.५३ |
| | पुरुष | ४१४३ | ३४०५ | ९१ | ६४५ | २ | ८२.१९ |
| | महिला | ४९७१ | ३४७९ | १०७ | १३७५ | १० | ६९.९९ |
| १ | कुल | २४४२ | १८८९ | ३६ | ५०९ | ८ | ७७.३५ |
| | पुरुष | ११४७ | ९६३ | १५ | १६७ | २ | ८३.९६ |
| | महिला | १२९५ | ९२६ | २१ | ३४२ | ६ | ७१.५१ |
| २ | कुल | २३१९ | १६६५ | १४५ | ५०७ | २ | ७१.८० |
| | पुरुष | १०२९ | ८०१ | ६९ | १५९ | ० | ७७.८४ |
| | महिला | १२९० | ८६४ | ७६ | ३४८ | २ | ६६.९८ |
| ३ | कुल | १४८३ | ११९७ | २ | २८३ | १ | ८०.७१ |
| | पुरुष | ६५६ | ५८२ | ० | ७४ | ० | ८८.७२ |
| | महिला | ८२७ | ६१५ | २ | २०९ | १ | ७४.३७ |
| ४ | कुल | ८९० | ७१० | ७ | १७३ | ० | ७९.७८ |
| | पुरुष | ३९२ | ३३७ | २ | ५३ | ० | ८५.९७ |
| | महिला | ४९८ | ३७३ | ५ | १२० | ० | ७४.९० |
| ५ | कुल | १२२६ | ८४० | १ | ३८५ | ० | ६८.५२ |
| | पुरुष | ५६४ | ४२२ | ० | १४२ | ० | ७४.८२ |
| | महिला | ६६२ | ४१८ | १ | २४३ | ० | ६३.१४ |

| वडा | लिङ्ग | ५ वर्ष र सोभन्दा माथिको जनसंख्या जनसंख्या | पढ्न र लेख्न सक्ने | पढ्न मात्र | पढ्न र लेख्न नसक्ने | उल्लेख गरिएको छैन | साक्षरता दर |
|---|---|---|---|---|---|---|---|
| ६ | कुल | ७५४ | ५८३ | ७ | १६३ | १ | ७७.३२ |
| | पुरुष | ३५५ | ३०० | ५ | ५० | ० | ८४.५१ |
| | महिला | ३९९ | २८३ | २ | ११३ | १ | ७०.९३ |

जनगणना २०७८ अनुसार ७५.५ प्रतिशत जनता साक्षर रहेकोमा ८२.२ प्रतिशत पुरूष र ७०.० प्रतिशत महिला रहेका छन् । विद्यालय भर्नादर क्रमशः वृद्धि भइरहेको हुदां गाउँपालिकको साक्षरता स्थितिमा समेत विगतको तुलनामा निकै वृद्धि भएको छ । पाँच वर्ष भन्दा माथिको कुल जनसंख्या ९,११४ मध्ये पढन र लेख्न दुबै नसक्ने जनसंख्या २,०२० जना रहेको छ । स्नातकोत्तर सरह वा सोभन्दा बढिको शैक्षिक तह उत्तीर्ण गरेको जनसंख्या ०.७ प्रतिशत रहेको छ । गाउँपालिकाको ५ वर्ष र सोभन्दा माथिका उमेर समूहका जनसख्याको उत्तीर्ण शैक्षिक स्तरलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १८: साक्षर जनसंख्याले उत्तीर्ण गरेको तह विवरण**

| साक्षर जनसंख्याले उत्तीर्ण गरेको तह | % |
|---|---|
| प्राथमिक तह | ४०.१० |
| निम्न माध्यमिक तह | २३.०० |
| उच्च माध्यमिक तह | १३.९० |
| प्रविणता | ७.०० |
| पूर्व बालविकास | ५.१० |
| एस.एल.सी | ३.९० |
| कुनै पनि तह नभएको | ३.५० |
| उल्लेख नभएको | १.६० |
| स्नातक तह | १.३० |
| स्नाकोत्तर सरह वा सोभन्दा बढी | ०.७० |

*(स्रोत: राष्ट्रिय जनगणना २०७८)*

तमानखोला गाउँपालिकाको ५ वर्ष वा सो भन्दा माथि उमेर समूहका जनसख्या मध्ये प्राथमिक शिक्षा हासिल गर्ने जनसख्या सबैभन्दा बढी (४०.१० %) छ भने निम्न माध्यमिक तहका शिक्षा हासिल गर्ने जनसख्या २३.० % रहेको छ । त्यसरी नै उच्च माध्यमिक तह उत्तीर्ण गने जनसख्या १३.९० % छ । प्रविणता तह वा सो सरह उत्तीर्ण गर्ने जनसख्या ७.० % रहेको छ । एस.एल.सी. वा एस.ई.ई. वा सो सरहको तह उत्तीर्ण गर्ने जनसख्या ३.९० % रहेको छ भने शैक्षिक स्तर निर्धारण नभएको जनसख्या ३.५ % छ । त्यस्तै प्रारम्भिक बाल शिक्षाको योग्यता हासिल गर्ने जनसख्या ५.१० % रहेको छ । स्तर उल्लेख नभएका जनसख्या १.६ % रहेको पाइन्छ । स्नातक तह वा सो सरह उत्तीर्ण जनसख्या १.३० % रहेको छ ।

**तालिका १९: विद्यालय उपस्थितिको हालको स्थिति अनुसार ५ देखि २५ वर्ष उमेर समूहको जनसंख्या विवरण**

| वाड | जनसंख्या ५-२५ वर्ष | | | हाल उपस्थित भइरहेका | | सधैं उपस्थित भइरहेका | | कहिल्यै उपस्थित नभइरहेका | | हाल उपस्थित भइरहेका | | | सधैं उपस्थित भइरहेका | | | कहिल्यै उपस्थित नभइरहेका | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | कुल | पुरुष | महिला | कुल | पुरुष | महिला | कुल | पुरुष | महिला |
| कुल | ३५८५ | १७११ | १८७४ | १३१५ | १३३३ | ३७४ | ५०५ | २० | २६ | ७३.८६ | ७६.८६ | ७१.१३ | २४.५२ | २१.८६ | २६.९५ | १.२८ | १.१७ | १.३९ |
| १ | ९६३ | ४८९ | ४७४ | ३५५ | ३३६ | १२८ | १२८ | ४ | ४ | ७१.७५ | ७२.६ | ७०.८९ | २६.५८ | २६.१८ | २७ | ०.८३ | ०.८२ | ०.८४ |
| २ | ९६१ | ४३२ | ५२९ | ३२९ | ३५५ | ९९ | १६२ | ४ | १० | ७१.१८ | ७६.१६ | ६७.११ | २७.१६ | २२.९२ | ३०.६२ | १.४६ | ०.९३ | १.८९ |
| ३ | ५७४ | २७४ | ३०० | २१६ | २२८ | ५५ | ६८ | ३ | २ | ७७.३५ | ७८.८३ | ७६ | २१.४३ | २०.०७ | २२.६७ | ०.८७ | १.०९ | ०.६७ |

| वाड | जनसंख्या ५-२५ वर्ष | | | हाल उपस्थित भइरहेका | | सधैं उपस्थित भइरहेका | | कहिल्यै उपस्थित नभइरहेका | | हाल उपस्थित भइरहेका | | | सधैं उपस्थित भइरहेका | | | कहिल्यै उपस्थित नभइरहेका | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | कुल | पुरुष | महिला | कुल | पुरुष | महिला | कुल | पुरुष | महिला |
| ४ | ३४५ | १५४ | १९१ | १०७ | १२३ | ४५ | ६५ | २ | ३ | ६६.६७ | ६९.४८ | ६४.४ | ३१.८८ | २९.२२ | ३४.०३ | १.४५ | १.३ | १.५७ |
| ५ | ४६५ | २२७ | २३८ | १९५ | १८० | २८ | ५३ | ४ | ५ | ८०.६५ | ८५.९ | ७५.६३ | १७.४२ | १२.३३ | २२.२७ | १.९४ | १.७६ | २.१ |
| ६ | २७७ | १३५ | १४२ | ११३ | १११ | १९ | २९ | ३ | २ | ८०.८७ | ८३.७ | ७८.१७ | १७.३३ | १४.०७ | २०.४२ | १.८१ | २.२२ | १.४१ |

*(स्रोत: राष्ट्रिय जनगणना २०७८)*

गाउँपालिकाको शिक्षाको गुणस्तर वृद्धि गर्न र सबैमा शिक्षाको पहुँच पुऱ्याउन सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विस्तार, गुणस्तर सुधार र सुदृढीकरण, लैङ्गिकमैत्री शौचालय निर्माण, पर्याप्त खानेपानीको व्यवस्था, जनशक्ति र कोठाको व्यवस्था, बालमैत्री बसाई व्यवस्थापन, अभिभावक अभिमुखीकरण, विद्यालय भर्ना दरमा वृद्धि, प्रौढ तथा विद्यालय जान नपाएकाहरूका लागि अनौपचारिक शिक्षामार्फत साक्षरता वृद्धि, विद्यालय छाडेका वा छाड्न बाध्य भएकाहरूलाई निरन्तरता दिने कार्यक्रम, आधारभूत र माध्यमिक विद्यालयका शिक्षकहरूको क्षमता अभिवृद्धि तालिमको व्यवस्थापन, मनोपरामर्श र किशोरकिशोरी शिक्षा सञ्चालन, शैक्षिक सामग्री व्यवस्थापन, पिछडिएको क्षेत्र एवम् समुदाय केन्द्रितगरी नयाँ पूर्व-प्राथमिक विद्यालय विस्तार, शिक्षक व्यवस्थापन, पद तथा दरबन्दी मिलान, पुस्तकालय तथा सिकाइ केन्द्र स्थापना तथा सञ्चालन, शिक्षामा पहुँच तथा टिकाउ दर बढाउन न्यूनतम सिकाइ वातावरण तयारी, विद्यालयमा छात्रवृत्ति, माध्यमिक शिक्षामा गुणस्तर अभिवृद्धिका लागि नमुना विद्यालयको विकास, विद्यालयमा विज्ञान प्रयोगशाला तथा पुस्तकालय स्थापना, विद्यालयमा खेल मैदान तथा लैङ्गिकमैत्री शौचालय निर्माण, लोपोन्मुख जनजाति, महिला तथा अपाङ्गता भएका व्यक्ति लक्षित सीप विकास र जीवनपर्यन्त तथा आय आर्जनमूलक सिकाइ कार्यक्रमहरू सञ्चालन गर्न अपरिहार्य छ ।

## २.३.३ खानेपानी तथा सरसफाई

विभिन्न योजना तथा कार्यक्रम मार्फत नागरिकलाई स्वच्छ पिउने पानीको उपलब्धता गराउनमा गाउँपालिका लागि परेको छ । योजनालाई कार्यान्वयनमा ल्याउदैं सहज रूपले नागरिक समक्ष खानेपानी उपलब्ध गराउनको लागि विविध प्रयत्न गर्नका साथै स्वच्छ खानेपानी उपलब्ध गराउनको लागि विभिन्न निकायसँग पनि समन्वय गर्दै आएको छ । पिउने पानीका स्रोतहरूमा मूल, धारा, खोला, कुवा, र पाइपबाट वितरण गरिएको छ । पानीको पर्याप्त स्रोत उपलब्ध भएको अवस्थामा पनि भौगोलिक विकटता, प्राविधिक अध्ययनको कमी, लागतको समस्या एवम् छरिएर रहेको वस्ती भएको कारणले खानेपानीको सहज पहुँच भएको अवस्था छैन भने सरसफाईको लागि समेत पानीको प्रचुरता आवश्यक पर्ने सन्दर्भमा पूर्ण सरसफाईमा समस्या देखिनु स्वाभाविक नै हो ।

**तालिका २०: खानेपानी विवरण**

| मुख्य स्रोत | | | | | |
|---|---|---|---|---|---|
| **वडा** | **घरपरिवारको संख्या** | **धारा/पाइप पानी (परिसर भित्र)** | **धारा/पाइप (परिसर बाहिर)** | **कुवा खुला इनार** | **अन्य** |
| जम्मा | २६११ | ८२९ | १६४२ | ११२ | २८ |
| १ | ६९५ | १५७ | ४६४ | ६७ | ७ |
| २ | ६४१ | १८९ | ४०६ | ४४ | २ |
| ३ | ४२१ | २२ | ३९७ | १ | १ |
| ४ | २७३ | २५३ | १९ | ० | १ |
| ५ | ३७९ | ६ | ३५६ | ० | २ |
| ६ | २०२ | २०२ | ० | ० | ० |

*(स्रोत: राष्ट्रिय जनगणना २०७८)*

राष्ट्रिय जनगणना, २०७८ को विवरण अनुसार, गाउँपालिकामा २,६११ कुल परिवार सख्या मध्ये अधिकांश घर परिवार (९४.६४ %) प्रतिशत परिवारले पाइप / धारा को खानेपानी प्रयोग गर्दै आइरहेका छन् । खुला इनार वा कुवाको पानी प्रयोग गर्ने परिवारहरू ४.२९ % रहेका छन् भने त्यसरी नै मूलको धारा वा अन्य स्रोत प्रयोग गर्ने परिवारहरू १.०७ प्रतिशत रहेका छन् ।

गाउँपालिकालाई खुल्ला दिसा मुक्त गाउँपालिका घोषणा गरिएता पनि अझै १.७२ प्रतिशत घरपरिवारमा शौचालय नभएको पाईएको छ। सरसफाई तर्फ गाउँपालिकाले ल्याण्डफिल साइटको व्यवस्थापन गरेको पाइदैन। खुल्ला सार्वजनिक स्थानमा नै फोहोरको अन्तिम विसर्जन गर्ने अभ्यास भैरहेको छ। घर परिवारले प्रयोग गर्ने शौचालयको प्रकार अनुसारका परिवार सख्यालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २१: शौचालय सुविधाको प्रकार अनुसार घरपरिवारको संख्या विवरण**

| वडा | १०० | फ्लश शौचालय (सार्वजनिक ढल निकास) | फ्लश शौचालय (सेप्टिक ट्याङ्की) | पिट शौचालय | सार्वजनिक शौचालय | शौचालय सुविधा बिना |
|---|---|---|---|---|---|---|
| % | | २.३७ | ७४.०७ | २१.३७ | ०.४६ | १.७२ |
| जम्मा | २६११ | ६२ | १९३४ | ५५८ | १२ | ४५ |
| १ | ६९५ | ९ | ४७८ | १९० | ० | १८ |
| २ | ६४१ | ५ | ६१२ | ११ | २ | ११ |
| ३ | ४२१ | ५ | ३८५ | १९ | ८ | ४ |
| ४ | २७३ | ४१ | ११७ | ११४ | ० | १ |
| ५ | ३७९ | ० | १४२ | २२४ | २ | ११ |
| ६ | २०२ | २ | २०० | ० | ० | ० |

*(स्रोत: राष्ट्रिय जनगणना २०७८)*

२०७८ को राष्ट्रिय जनगणना अनुसार यस गाउँपालिका भित्रका १.७२ प्रतिशत वा ४५ घरघुरीमा शौचालयको उपलब्धता रहेको छैन भने ७४.०७ प्रतिशत (१,९३४) घरपरिवारले फ्लस भएको (सेप्टिक ट्यांक) शौचालय प्रयोग गर्दछन । सार्वजनिक शौचालय प्रयोग गर्ने घरपरिवार संख्या १२ रहेको छ ।

गाउँपालिकामा रहेका कूल घरपरिवारहरू मध्ये करीव ५५.५६ प्रतिशत घरपरिवारले फोहोरलाई कम्पोष्ट मल बनाउने गर्दछन भने, ४४.५ प्रतिशत घरपरिवारले आफ्नै घर कम्पाउण्ड भित्र (गाड्ने/थुपार्ने) गर्दै आइरहेका छन् भने खोला वा खोल्सामा फाल्ने, फोहोर थुपार्ने क्यानमा राख्ने, सडक/सार्वजनिक स्थलमा फ्याल्ने र अन्य रहेका छन् । ग्रामीण इलाका तथा कृषिलाई मुख्य पेशाको रुपमा अगाँलिरहेका यहाँका घरपरिवारले फोहोरलाई कम्पोष्ट मलको रुपमा प्रयोग गर्नु सर्वोत्तम हुने भएकोले यो फोहोर व्यवस्थापनको उत्तम उपाय हुन सक्दछ। फोहोरको प्रकृतिअनुसार प्लाष्टिकजन्य तथा अन्य नसड्ने फोहोरहरू खेतीयोग्य जमिनमा पर्न जाँदा क्रमशः भू-प्रदुषण वृद्धि भई उत्पादकत्वमा ह्रास आउन सक्ने अवस्था छ। अर्कोतर्फ जलाउने, खोल्सामा फाल्ने साथै सार्वजनिक स्थलमा समेत फाल्ने कार्यहरूले प्रदुषण वृद्धि गराई जनस्वास्थ्यमा प्रत्यक्ष असर गर्दछ। तसर्थ फोहोरको उचित व्यवस्थापनमा सजग बनाई गाउँपालिकामा अव्यवस्थित फोहोर व्यवस्थापनलाई समयमै सम्बोधन गर्नुपर्ने अवस्था रहेको छ ।

गाउँपालिकामा एक घर एक धाराको व्यवस्था गर्न, पानी शुद्धीकरण गर्ने वार सचेतनामूलक कार्यक्रम गर्न, खानेपानीको अभाव भएका स्थानहरूमा खानेपानी आयोजना निर्माण गर्न, मौजुदा खानेपानी आयोजनाहरूका नियमित मर्मत सँभार गर्न, पानीका मूल, कुवा, पोखरी तथा धाराहरू संरक्षण गर्न र फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन गर्न आवश्यक छ।

### २.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ***(लैससास)*** को विषय पछिल्ला दिनहरुमा प्रमुख मुद्धाको रुपमा अगाडि आइरहेको छ । लैससासले न्यायोचित तथा समतामुलक विकासमा जोड दिन्छ । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको उचित प्रर्वद्धनका लागि बालमैत्री स्थानीय शासन, महिलामैत्री तथा अपाङ्गतामैत्री संरचनाको निर्माण

हुनु अत्यावश्यक छ भने यस गाउँपालिकामा यस्ता संरचनाहरुको पर्याप्त मात्रामा निर्माण भएको छैन । यद्यपी केहि विद्यालयहरुमा महिलामैत्री शौचालयहरु बनेको छ । गाउँपालिका भित्र बालमैत्री तथा महिलामैत्री संरचनाहरु पर्याप्त नभएका भए पनि कार्य प्रारम्भ गरेको छ । गाउँपालिकाका विद्यमान प्रयासहरूमा सबै जातजाती, धर्म, लिङ्ग, क्षेत्र, उमेर र वर्गका नागरिकलाई अधिकार प्रत्याभूति गर्दै गाउँपालिकालाई समावेशी र न्यायपूर्ण गाउँपालिका रूपान्तरण गर्न लक्षित रहेको छ । गाउँपालिकाले लैङ्गिक समानताको लागि योजनाबद्ध तथा कार्यक्रमगत रुपमा अगाडि बढेको छ । गाउँपालिकाले महिला जनप्रतिनिधिहरुलाई नेतृत्वदायी भूमिका बहन गर्न जिम्मेवारी तथा अधिकार दिनुका साथै महिलाहरुको नेतृत्व विकास, सशक्तिकरण, उद्यमशिलता तथा सीप विकासका गतिविधिलाई जोड दिएको छ । बालबालिकाका लागि गाउँपालिका छात्रवृत्ति कार्यक्रमको व्यवस्था गरेको छ भने लक्षित वर्ग कार्यक्रमलाई पनि जोड दिएको छ । मुख्यतः महिला तथा ज्येष्ठ नागरिकलाई निशुल्क बहिरंग सेवा, किशोरी शिक्षा, आदिबासी, दलितहरुको क्षमता अभिवृद्धि, सिमान्तकृत, पिछडा वर्गको लागि सामुदायिक सीप विकास, बाल विकासका क्रियाकलापहरु, महिला जनप्रतिनिधी क्षमता विकास, लैङ्गिक हिंसा न्यूनीकरणका क्रियाकलाप, पिछडा वर्ग शिक्षा तथा छात्रवृत्ति कार्यक्रम लगायतका कार्यक्रमहरु सञ्चालनमा रहेका छन ।

महिलाहरूको मुख्य पेशाको रूपमा कृषि रहेको छ । मुख्य पेशा कृषि उल्लेख गर्ने महिला ८३.१८ % *(स्रोतः राष्ट्रिय जनगणना २०७८)* रहेका छन् । यस क्षेत्रका महिलाहरू वैदेशिक रोजगारीमा समेत गएका छन्, वैदेशिक रोजगारीमा जानेको सख्यामा करिब ६ % महिला रहेका छन् । मुख्य पेशामा नोकरी उल्लेख गर्ने महिला पुरुष करिब करिब बराबर रहेका छन् । यसरी नोकरी गर्नेहरूमा महिलाहरू तल्लो तहमा काम गर्ने धेरै छन् भने पुरुषहरू माथिल्लो तहमा काम गर्ने धेरै छन् । तमानखोला गाउँपालिका भित्र व्यवसाय गर्नेहरूको सख्या थोरै रहेको छ । साना व्यवसाय जस्तै किराना पसल, होटेल सञ्चालन आदिमा महिलाहरू रहेका छन् । विगतको तुलनामा जातीय विभेद तथा छुवाछुतमा कमी आएको भए पनि पूर्ण रूपमा अन्त्य नभई सकेको अवस्था रहेको छ । कतिपय मन्दिरहरूमा हाल पनि दलित समुदायलाई प्रवेश गर्न सहज नभएको अवस्था रहेको छ । रूढीवादी र अन्धविश्वास केही हदसम्म कायमै रहेको छ । महिला पुरुष बिच विभेद विद्यमान रहेको छ । महिला हिंसामा खास गरी श्रीमानले श्रीमतीलाई गर्ने शारीरिक हिंसा प्रमुख रहेको छ । मदिरा सेवन गरेर वा अन्य कारणले महिला माथि शारीरिक हिंसा हुने गरेको तथ्य उजागर भएका छन । नवजात शिशु जन्मँदा छोरा प्राथमिकता रहेको छ ।

पेशा व्यवसायको छनौटमा कामको लैङ्गिक विभाजन छ । महिलाहरू खास गरी घरभित्रको काम र कृषिमा बढी रहेको छ भने पुरुषहरू शारीरिक बल पर्ने काम, नोकरी तथा वैदेशिक रोजगारीमा बढी छ । महिला र पुरुष बिच समान कामको समान ज्याला नभएको अवस्था छ । सामाजिक तथा अन्य बाहिरी क्रियाकलापहरूमा महिलाको सहभागिता अत्यन्तै न्यून रहेको छ । विकास निर्माणका कार्य, योजना, नीति निर्माण आदीमा महिलाको सक्रिय सहभागितामा करिव ३३ प्रतिशत रहेको छ ।

गाउँपालिका भित्र भेदभाव तथा महिला हिंसाका घटनाहरु दर्ता हुने गरेका छन । यस गाउँपालिकामा बालविवाह प्रमुख समस्याको रुपमा रहेका छ । सरकारले विवाहवारी २० वर्षपारी भन्ने नारा तय गरेको भएतापनि यस गाउँपालिकामा २० वर्षको उमेर भित्रै पुरुष, महिलाको विवाह हुने गरेको छ ।

**तालिका २२: बालविवाह**

| वडा | बालविवाह पुरुष, % | बालविवाह महिला, % |
|---|---|---|
| १ | ४.३ | १६.७ |
| २ | ६.२ | ३४.२ |
| ३ | ३.२ | २६.२ |
| ४ | ३ | ३४.९ |
| ५ | ५.६ | ३७.३ |

| वडा | बालविवाह पुरुष, % | बालविवाह महिला, % |
|---|---|---|
| ६ | ० | २५.९ |
| औसत बालविवाह दर | ३.७२ | २९.२० |

(स्रोत: राष्ट्रिय जनगणना २०७८)

गाउँपालिकामा बालविवाहको दर ३२.९२ प्रतिशत रहेको छ भने ३.७२ प्रतिशत बालविवाह पुरुष र २९.२० प्रतिशत बालविवाह महिलाको हुने गरेको छ ।

**तालिका २३: लिङ्ग अनुसार १५ वर्षभन्दा पहिले बालविवाहको स्थिति**

| वडा | जनसंख्या २०-२४ वर्ष उमेर समूहको | | | १५ वर्षभन्दा पहिले विवाहित बालविवाह | | | बालविवाह दर, % | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला |
| जम्मा | ८८९ | ३७५ | ५१४ | १६ | १ | १५ | १.८ | ०.२७ | २.९२ |
| १ | २५३ | ११५ | १३८ | १ | ० | १ | ०.४ | ० | ०.७२ |
| २ | २५२ | ९७ | १५५ | ५ | १ | ४ | १.९८ | १.०३ | २.५८ |
| ३ | १४७ | ६३ | ८४ | १ | ० | १ | ०.६८ | ० | १.१९ |
| ४ | ७६ | ३३ | ४३ | १ | ० | १ | १.३२ | ० | २.३३ |
| ५ | १०३ | ३६ | ६७ | ८ | ० | ८ | ७.७७ | ० | ११.९४ |
| ६ | ५८ | ३१ | २७ | ० | ० | ० | ० | ० | ० |

(स्रोत: राष्ट्रिय जनगणना २०७८)

१५ वर्ष भित्र बालविवाह हुने महिलाको संख्या २.२९ प्रतिशत र २० देखि २४ वर्षको उमेरमा विवाह हुने महिलाको संख्या ५१४ रहेको छ ।

**तालिका २४: लिङ्ग अनुसार १८ वर्षभन्दा पहिले बालविवाहको स्थिति**

| वडा | जनसंख्या २०-२४ वर्ष उमेर समूहको | | | १८ वर्षभन्दा पहिले विवाहित बालविवाह | | | बालविवाह दर, % | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला |
| जम्मा | ८८९ | ३७५ | ५१४ | १६१ | १६ | १४५ | १८.११ | ४.२७ | २८.२१ |
| १ | २५३ | ११५ | १३८ | २८ | ५ | २३ | ११.०७ | ४.३५ | १६.६७ |
| २ | २५२ | ९७ | १५५ | ५९ | ६ | ५३ | २३.४१ | ६.१९ | ३४.१९ |
| ३ | १४७ | ६३ | ८४ | २४ | २ | २२ | १६.३३ | ३.१७ | २६.१९ |
| ४ | ७६ | ३३ | ४३ | १६ | १ | १५ | २१.०५ | ३.०३ | ३४.८८ |
| ५ | १०३ | ३६ | ६७ | २७ | २ | २५ | २६.२१ | ५.५६ | ३७.३१ |
| ६ | ५८ | ३१ | २७ | ७ | ० | ७ | १२.०७ | ० | २५.९३ |

(स्रोत: राष्ट्रिय जनगणना २०७८)

१८ वर्ष भित्र बालविवाह हुने महिलाको संख्या २८.२१ प्रतिशत र पुरुषको संख्या ४.२७ प्रतिशत रहेको छ ।

**तालिका २५: स्थिर सम्पत्तिमा महिलाको स्वामित्व,**

| वडा | घरपरिवार | महिलाको स्वामित्व रहेको घरपरिवारहरू | महिलाको स्वामित्व नभएको घरपरिवारहरू | उल्लेख नभएका घरपरिवारहरू | महिलाको स्वामित्व रहेको घरपरिवारहरू, % | महिलाको स्वामित्व नभएको घरपरिवारहरू, % | उल्लेख नभएका घरपरिवारहरू, % |
|---|---|---|---|---|---|---|---|
| जम्मा | २६११ | १९७ | २२७२ | १४२ | ७.५५ | ८७.०२ | ५.४४ |
| १ | ६९५ | ४९ | ५८२ | ६४ | ७.०५ | ८३.७४ | ९.२१ |

| वडा | घरपरिवार | महिलाको स्वामित्व रहेको घरपरिवारहरू | महिलाको स्वामित्व नभएको घरपरिवारहरू | उल्लेख नभएका घरपरिवारहरू | महिलाको स्वामित्व रहेको घरपरिवारहरू, % | महिलाको स्वामित्व नभएको घरपरिवारहरू, % | उल्लेख नभएका घरपरिवारहरू, % |
|---|---|---|---|---|---|---|---|
| २ | ६४१ | ४६ | ५७६ | १९ | ७.१८ | ८९.८६ | २.९६ |
| ३ | ४२१ | ६९ | ३४९ | ३ | १६.३९ | ८२.९ | ०.७१ |
| ४ | २७३ | ४ | २६९ | ० | १.४७ | ९८.५३ | ० |
| ५ | ३७९ | २० | ३१५ | ४४ | ५.२८ | ८३.११ | ११.६१ |
| ६ | २०२ | ९ | १८१ | १२ | ४.४६ | ८९.६ | ५.९४ |

तमानखोला गाउँपालिकामा २,६११ घर परिवारहरू मध्ये सम्पत्ति माथि महिलाको स्वामित्व रहेको घरपरिवारहरू ७.५५ प्रतिशत रहेको छ। सम्पति माथि महिलाको स्वामित्व नभएको घरपरिवारहरू ८७.०२ प्रतिशत छ भने यसवारे उल्लेख नभएका घरपरिवारहरू ५.४४ प्रतिशत रहेको छ।

**तालिका २६: निर्भरता अनुपात**

| वडा | उमेर समूह | | | जम्मा जनसंख्या | निर्भरता अनुपात | | जम्मा निर्भरता अनुपात |
|---|---|---|---|---|---|---|---|
| | ०-१४ | १५-६४ | ६५+ | | बालबालिका | वृद्ध | |
| जम्मा | ३०१९ | ६०२४ | ९३९ | ९९८२ | ५०.१२ | १५.५९ | ६५.७ |
| १ | ८१० | १६१८ | २४६ | २६७४ | ५०.०६ | १५.२ | ६५.२७ |
| २ | ८०९ | १५२० | २३४ | २५६३ | ५३.२२ | १५.३९ | ६८.६२ |
| ३ | ४६६ | १०१३ | १३३ | १६१२ | ४६.०० | १३.१३ | ५९.१३ |
| ४ | ३०६ | ५८३ | १०४ | ९९३ | ५२.४९ | १७.८४ | ७०.३३ |
| ५ | ४१८ | ७७७ | १४१ | १३३६ | ५३.८० | १८.१५ | ७१.९४ |
| ६ | २१० | ५१३ | ८१ | ८०४ | ४०.९४ | १५.७९ | ५६.७३ |

गाउँपालिकामा निर्भरता अनुपात ६५.७० प्रतिशत रहेको छ भने बालबालिकाको निर्भरता अनुपात ५०.१२ प्रतिशत र वृद्धको निर्भरता अनुपात रहेको छ।

**तालिका २७: अपाङ्गताको स्थिति**

| अपाङ्गताको स्थिति, | | | | | |
|---|---|---|---|---|---|
| वडा | जम्मा जनसंख्या | जनसंख्या अपाङ्गता | जनसंख्या सपाङ्गता | उल्लेख नभएको | अपाङ्गता दर |
| जम्मा | ९९८२ | ३२१ | ९६३८ | २३ | ३.२२ |
| १ | २६७४ | ५८ | २६११ | ५ | २.१७ |
| २ | २५६३ | ८३ | २४७५ | ५ | ३.२४ |
| ३ | १६१२ | २३ | १५७७ | १२ | १.४३ |
| ४ | ९९३ | २३ | ९७० | ० | २.३२ |
| ५ | १३३६ | ११५ | १२२० | १ | ८.६१ |
| ६ | ८०४ | १९ | ७८५ | ० | २.३६ |

गाउँपालिकामा अपाङ्गता भएको जनसंख्या ३.३२ प्रतिशत रहेको छ। अनाथ बालबालिकाको हेरचाह र समिस्टगत विकासका लागि तमान गाउँमा आधारभुत सेवा सुबिधा सहितको बालगृह सञ्चालनमा रहेको छ। उक्त बालगृहमा हाल २७ जना बालबालिकाले आश्रय पाइरहेका छन।

गाउँपालिकामा आय आर्जनको मुख्य स्रोत भनेको कृषि व्यवसाय तथा वैदेशिक रोजगार रहेको छ। बालबालिका, अपाङ्गता भएका व्यक्तिहरु, जेष्ठ नागरिक, एकल महिला, असहाय व्यक्तिहरुका लागि गाउँपालिकाले लैङ्गिक समानता र सामाजिक

समावेशीकरण निर्देशिका २०७६, स्थानीय सरकार सञ्चालन ऐन २०७४ र नेपालको संविधानमा उल्लेख भएका शर्तहरुको अधीनमा रही योजना तथा कार्यक्रमहरु तर्जुमा गर्ने र सोही अनुसार कार्यान्वयन गर्ने गराउने काम भइरहेको छ। महिला, बालबालिका, दलित, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु लक्षित सामाजिक सुरक्षा तथा संरक्षणात्मक कार्यक्रमहरु मार्फत पिछडिएको वर्ग र समूहलाई विकासको मूलधारमा ल्याउने प्रयास भैरहेको छ। विभिन्न हिसाबले गाउँपालिका विकासउन्मुख रहे पनि विगतमा केही सामाजिक असमानता तथा विभेदका कारण यस क्षेत्रका महिला, दलित, जनजाति, अल्पसंख्यक वर्ग, सामाजिक तथा आर्थिक रूपले पछाडि रहेका छन्। सबै वर्ग तथा समुदायको सामाजिक न्याय, समानता, मानवअधिकार सहित सर्वाङ्गीण विकास गर्ने लक्ष्य तथा उद्देश्यका साथ लैङ्गिक समानता तथा समावेशीकरणलाई गाउँपालिका स्तरीय योजनाले समेट्दै लैजानु पर्छ। गाउँपालिकामा महिला दलित जनप्रतिनिधिको उपस्थिति, महिलामैत्री कानुन, महिला शिक्षक दरबन्दी, महिला सञ्जाल विकास एवम् महिलाहरूद्वारा सहकारी संस्था सञ्चालन जस्ता पक्षहरू राम्रा छन्। त्यसैगरी विद्यालयमा महिला शिक्षिकाको व्यवस्था, स्थानीय स्वास्थ्य संस्थाहरूमा सुत्केरी जाँचको व्यवस्था र वृद्ध भत्ताको व्यवस्था गरिएको छ।

महिला तथा बञ्चितिकरणमा परेका सीमान्तकृत समूहको राज्य संरचनामा प्रतिनिधित्व बढाउनु, जातीय र वर्गीय विभेद अन्त्य गर्नु, लैङ्गिक तथा घरेलु हिंसा अन्त्य गर्नु, विपन्न, सीमान्तकृत महिलाहरूको आर्थिक अवस्थामा सुधार ल्याउनु, बालबालिका तथा किशोर किशोरीहरूको आधारभूत अधिकार उपभोग गर्न सक्ने वातावरण सिर्जना गर्नु, तथा अपाङ्गता प्रतिको सामाजिक दृष्टिकोणमा परिवर्तन ल्याउनु, सामाजिक, आर्थिक तथा राजनीतिक क्षेत्रमा व्याप्त लैङ्गिकता सम्बन्धी नकारात्मक सोचको अन्त्य गर्नु, लैङ्गिक संवेदनशीलता र लैङ्गिक उत्तरदायित्व सोचलाई व्यवहारमा उतार्नु, गाउँपालिकाको संयन्त्रहरूमा लैङ्गिक परीक्षण, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विश्लेषण, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई संस्थागत गर्नु, गाउँपालिकामा लैङ्गिक बजेट प्रणालीको अवलम्बन गर्नु, समाजमा विद्यमान विकृति र विसंगतिको न्यूनीकरण गर्नु, लैङ्गिक समानता र समावेशीकरणका कार्यक्रमहरू प्रत्येक वस्ती स्तरसम्म पुऱ्याउनु, अन्धविश्वास, कुरीति र जातीगत संकुचितताहरूलाई निर्मूल पार्नु आदि आवश्यक छ। उपरोक्त कुराहरूलाई दृष्टिगोचर गर्दै यो आवधिक योजनाको तर्जुमा गरिएको छ।

### २.३.५ युवा, खेलकुद तथा कला

सामान्यत १६ देखि ४० वर्ष उमेर समुहको जनसंख्यालाई युवा समूहमा राखिएको छ जसलाइ राष्ट्रिय युवा नीति, २०७२ ले परिभाषित गरेको छ। राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार, तमानखोला गाउँपालिकाका भित्र १५ देखि ३९ वर्ष सम्मका यूवाको संख्या ३,६६९ अर्थात ३६.७६ प्रतिशत रहेको छन भने १५ देखि ५९ वर्ष सम्मका सक्रिय युवाको संख्या ५,५६७ अर्थात ५५.७७ प्रतिशत रहेको छ। युवाहरूको जनसख्या तुलनात्मक रूपमा अन्य उमेर समूहको भन्दा बढी भएको कारण ती ऊर्जाशील युवाहरूलाई गाउँपालिकाको विकासमा लगाउन आवश्यक छ। यो जनसंख्यालाइ उत्पादनमुलक क्षेत्रमा लगाउन गाउँपालिकाकाले विभिन्न नीति तथा कार्यक्रमहरु अघि सारेको छ। साथै युवाहरूलाई विदेश पलायन हुनबाट रोक्न उनीहरूमा सीप विकास गराउदैं स्थानीय स्तरमै रोजगार तथा स्व-रोजगारीको अवसर सिर्जना गर्न समेत आवश्यक छ। त्यस्तै गाउँपालिकाकाले प्राचिन कला, अमुर्त कला आदिको संरक्षणमा पनि विभिन्न कार्यक्रमहरु अघि सारेको छ। गाउँपालिका क्षेत्रभित्र प्रर्याप्त मात्रामा खेलमैदानहरु निर्माण गरिएको छैन, केही वडाहरुमा भने भलिवल खेल मैदान रहेका छन्। गाउँपालिकामा मनोरञ्जनको लागि तारा हान्ने खेल र भलिबल खेल बढी प्रचलनमा छन् भने गाउँपालिका स्तरीय खेलमैदान तमानमा निर्माणधिन अवस्थामा रहेको छ। गाउँपालिकामा एक मात्र फूटबल (football) खेल्न मिल्ने मैदानको रुप मा रहेको छ। स्थानीय स्तरमा स-साना खेल मैदानहरु रहेका छन भने पूर्वाधार विकास न्यून रहेको छ। गाउँपालिकाबाट राष्ट्रिय तथा पालिका स्तरमा प्रतिनिधित्व गर्ने खेलाडी संख्या न्युन रहेको छ।

## २.४ पूर्वाधार तथा ग्रामिण विकासको अवस्था

### २.४.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

परम्परागत हिसाबले प्राचिनकालदेखि नै वस्ती बसाल्ने सन्दर्भमा पानीको सुविधा, खेती योग्य क्षेत्र, खानीहरु र वन पशुपालनलाई पायक स्थानमा यत्रतत्र छरिएर बस्ने प्रचलन भएकोले आ-आफ्नो पायक अनुसार सबै वडाहरूमा कतै बाक्लो तथा कतै पातलो हिसाबले यस प्रकारका वस्ती क्षेत्रहरू रहेका छन् । यस गाउँपालिकाको अधिकांश भिरालो भुमी भएकाले वसोवासको स्थिति हेर्दा अधिकांश वस्तीहरु छरीयर रहेको अवस्थामा पाइन्छ ।

**तालिका २८: वस्ती क्षेत्रहरू**

| वडा नं. | वस्ती क्षेत्रहरू |
|---|---|
| १ | बोङ्गादोभान, हिजा, सेउला,पहिरा, गेथिनी, कोटबाङ, सोम्मर, सासबाङ, गर्पु, धरमपुत, सिनका, हरीखोरे, रिक्लांङ |
| २ | खोलेस्बाङ्ग, सिल्गुम, लारिबाङ, कटेरी, मुथाचौर, भएरबोंगा, पुरानो गाउँ, पाङग्राबोट, नाबाङ्ग |
| ३ | तमान, हीले, सेर्मा, कीरी, हन्डेरी, ओप्चेन, काफलडाडां, घर्नपु, फुलकोट |
| ४ | लाम्मेला, सन्टर |
| ५ | खुङ्गाखानी, थासपुरी |
| ६ | नर्जाखानी, भित्रीबन, पात्ले, |

**तालिका २९: व्यापारिक केन्द्रहरू**

| वडा नम्बर | व्यापारिक केन्द्रहरू |
|---|---|
| १ | बोङ्गादोभान |
| ३ | तमान |
| ४ | लाम्मेला |
| ५ | खुंखानी |

मैलिक घर तथा वस्ती विकासलाई निर्देशित गर्ने किसिमका कार्यक्रम सञ्चालनमा रहेका छन् । कतिपय घरहरु आधुनिक किसिमबाट तयार गर्ने क्रम बढ्दो छ । यद्यपि भूकम्प प्रतिरोधी एवम् भवन सहिँता वमोजिमका आवासहरु नगन्य मात्रामा निर्माण हुने गरेका छन् । सडक र यातयाताका साधनहरुको पहुँचका कारण ग्रामीण क्षेत्रका घरहरुको निर्माण सामग्री आधुनिक स्वरुपमा निर्माण बढेको छ । पछिल्ला दिनहरुमा अधिकांश घरहरु जस्ता, ढुङ्गा,माटो र सिमेन्ट जडित ढलानको बन्ने गरेका छन् । गाउँपालिकामा शहरी जनसंख्या छैन, सबै ग्रामीण बसोबास गरेको पाइन्छ । सेवा प्रवाहका दृष्टिकोणले यसरी छरिएको वस्तीहरूमा पूर्वाधार र सेवा पुर्याउन राज्यलाई हम्मे हम्मे पर्दछ भने लागत समेत अत्यन्त बढी पर्दछ। तसर्थ यस्ता क्षेत्रका वस्तीहरूलाई उपयुक्त स्थानमा एकीकृत रूपमा स्थानान्तरण गर्दा कालान्तरमा राज्यलाई फाइदा पुग्नुका साथै जनतालाई सहज, सुरक्षित आवास क्षेत्रहरू निर्माण हुन्छन् र सेवा प्रवाह सहज हुन जान्छ । साथसाथै पहिरो, भुकम्प, डढेलो लगायतका प्राकृतिक प्रकोपबाट समेत यस्ता वस्तीहरू कतिपय अवस्थामा जोखिममा रहेका छन्, तसर्थ तिनीहरूको सुरक्षाका लागि समेत एकिकृत र सुरक्षित वस्ती विकासको सान्दर्भिकता पुष्टी हुन्छ । नक्साबिना नै भवन निर्माण भइरहेका छन र यो गति बढदो छ। हालका दिनहरुमा सडक किनार तथा बजारका कतिपय घरहरु आधुनिक किसिमबाट तयार गर्ने क्रम बढ्दो छ । यद्यपि भूकम्प प्रतिरोधी एवम् भवन संहिता वमोजिमका आवासहरु नगन्य मात्रामा निर्माण हुने गरेका छन् । सडक र यातयाताका साधनहरुको पहुँचका कारण ग्रामीण क्षेत्रका घरहरुको निर्माण सामग्री आधुनिक स्वरुपमा निर्माण भएका छन् ।

**तालिका ३०: घरको स्वामित्व अनुसार परिवार संख्या**

| वडा | जम्मा, घर परिवार | स्वामित्वमा रहेको | भाडामा | संस्थागत | अन्य |
|---|---|---|---|---|---|
| % | १००.०० | ९४.८७ | ३.९४ | ०.५० | ०.६९ |

| वडा | जम्मा, घर परिवार | स्वामित्वमा रहेको | भाडामा | संस्थागत | अन्य |
|---|---|---|---|---|---|
| जम्मा | २६११ | २४७७ | १०३ | १३ | १८ |
| १ | ६९५ | ६२३ | ७० | १ | १ |
| २ | ६४१ | ६२९ | ६ | ० | ६ |
| ३ | ४२१ | ३९६ | २० | १ | ४ |
| ४ | २७३ | २७१ | २ | ० | ० |
| ५ | ३७९ | ३५६ | ५ | ११ | ७ |
| ६ | २०२ | २०२ | ० | ० | ० |

**तालिका ३१: घरको जगको बनोटअनुसार परिवार संख्या**

| वडा | जम्मा, घर परिवार | माटोले बाँधिएको ईंटा/ढुङ्गा | सिमेन्ट बाँधिएको ईंटा/ढुङ्गा | प्रबलित सिमेन्ट कंक्रीट RCC | | अन्य |
|---|---|---|---|---|---|---|
| % | १००.०० | ९५.६७ | ३.५२ | ०.४६ | ०.३१ | ०.०४ |
| जम्मा | २६११ | २४९८ | ९२ | १२ | ८ | १ |
| १ | ६९५ | ६७२ | १२ | ९ | २ | ० |
| २ | ६४१ | ५८१ | ५५ | १ | ३ | १ |
| ३ | ४२१ | ३९६ | २३ | १ | १ | ० |
| ४ | २७३ | २७१ | २ | ० | ० | ० |
| ५ | ३७९ | ३७६ | ० | १ | २ | ० |
| ६ | २०२ | २०२ | ० | ० | ० | ० |

**तालिका ३२: घरको छानोको बनोटअनुसार परिवार संख्या**

| वडा | जम्मा, घर परिवार | घरको छाना जस्ती गरिएको पाता | प्रबलित सिमेन्ट कंक्रिट | | स्लेट काठ | अन्य |
|---|---|---|---|---|---|---|
| % | १००.०० | १५.२४ | ०.८० | ४.०२ | ७९.८२ | ०.०० |
| जम्मा | २६११ | ३९८ | २१ | १०५ | २०८४ | ० |
| १ | ६९५ | १८१ | १२ | ४७ | ४५४ | ० |
| २ | ६४१ | १३७ | ० | ४५ | ४५७ | ० |
| ३ | ४२१ | ३३ | ५ | ९ | ३७४ | ० |
| ४ | २७३ | ३१ | ३ | ० | २३९ | ० |
| ५ | ३७९ | ९ | १ | ४ | ३६५ | ० |
| ६ | २०२ | ७ | ० | ० | १९५ | ० |

भोङ्गादोभान बजार तमानखोला गाउँपालिकाको प्रमुख व्यवसायीक केन्द्र वा मुख्य बजारको रुपमा रहेको छ भने अन्य वडाहरुमा साना साना वस्ती रहेका र धैरै जस्तो घरहरु छरिएर रहेका छन्। वडाका प्रमुख वस्तीहरुसम्म जाने सडकहरु खुलेका छन भने वडा कार्यालय, स्वास्थ्य चौकी, विद्यालयहरुका सार्वजनिक भवनहरु पनि निर्माण भएका छन्। भवन निर्माण कार्य अन्तर्गत गाउँपालिकाको २ वटा वडा कार्यालयको भवन निर्माण भैसकेको छ भने ४ वटा वडा कार्यालयको भवन निर्माण भएको छैन। गाउँपालिकाले भवन तथा सार्वजनिक निर्माणलाई व्यवस्थित र भुकम्प प्रतिरोधात्मक बनाउन भवन निर्माण संहिताको पालना गर्ने तथा गाउँपालिकाको पहिचान झल्किने गरी निश्चित मापदण्डको पालना गरेर पूर्वाधार निर्माण गर्न प्रोत्साहन गर्न जरुरी छ।

## २.४.२ सडक, पुल तथा यातायात

सडकको विकास विना अन्य विकासका आधारहरू स्थापित गर्न कठिन तथा खर्चिलो हुन्छ। गाउँको प्रभावकारी विकासका लागि पनि सडक सञ्जाल अत्यन्त जरुरी हुन्छ । सडकको विकासले प्रत्यक्ष एवम् अप्रत्यक्ष रूपमा विभिन्न पक्षहरूसँग जोडिएर उत्पादकत्व वृद्धि गर्न, स्वास्थ्य र शिक्षा सेवामा पहुँच उपलब्ध गराउदैं रोजगारी सिर्जना गर्न, गरिबी न्यूनीकरण गर्न र समग्र सामाजिक र आर्थिक विकासमा टेवा पुचाउन उल्लेखनीय योगदान गर्दछ। गाउँपालिका वर्तमान आँकडा अनुसार यातायात विकासको दृष्टिले पछाडी परेको छ । तमानखोला गाउँपालिकामा वडाको अधिकांश क्षेत्र ग्रामीण अवस्थामा रहेको छ। यस्तो क्षेत्रमा सहज यातायात गतिशीलता छैन । यस्ता क्षेत्रका मानिसहरूले प्रसूतिको अवस्था र गम्भीर स्वास्थ्य बिरामी जस्ता आपतकालीन समयमा यातायात समस्याहरूको सामना गरिरहेका छन् । बिहानको समयमा ग्रामीण गाउँबाट बजार र साँझ बजारबाट ग्रामीण वस्तीमा पुग्न मात्र यातायात सुविधा उपलब्ध छ। यातायात सेवा कमजोर छ र प्रमुख सडकहरूमा जीप, मोटरसाइकल, र पिकअप उपलब्ध छन् । यातायात सेवा समस्याहरू समाधान, गाउँपालिकाले तुरुन्तै ग्रामीण यातायात सेवा सुरु गर्नुपर्छ ।

गाउँपालिका प्रशस्त खोलानालाहरू भएकोले धेरै झोलुङ्गे पुलहरू (५९ वटा) र मोटरेवल पुल, ३ वटा विद्यमान रहेका छन् । सडक गुरुयोजना २०८० अनुसार, गाउँपालिकाको ३० मिनेटसम्मको दूरीमा यातायात पहुँच भएका परिवारहरू ४० प्रतिशत रहेको छ। बुर्तिबाङ्ग-बोङ्गादोभान-रिक्लाङ-तमान-म्याग्दी (SRN) सडक तमानखोला गाउँपालिकाको केन्द्रबाट १,२,३ र ४ वडा पार गर्दै जान्छ। तमानखोला गाउँपालिकामा प्रस्तावित नयाँ ट्र्याक बाहेक जम्मा १९०.३३८ किलोमिटर सडक लम्बाइ छ। जसमा SRN (२५.५९९ किलोमिटर) र गाउँपालिका सडक लम्बाइ (१६४.७८ किलोमिटर) रहेको छ । यस गाउँपालिकामा करिब १९०.३३८ कि.मि.सडक मध्ये बुर्तिबाङ्ग-बोङ्गादोभान सम्म १० किलोमिटर सडक कालोपत्रे हुने क्रममा रहेको छ। यस गाउँपालिकामा सडक नालीको निर्माण गरिएको छैन। सबै वडा तथा अधिकांश वस्तीहरुमा सडक पहुँच बढाउन गाउँपालिका स्तरीय चक्रीय सडक –Ring Road विकासको अबधारणा अघी सारिएको छ ।

तमानखोला गाउँपालिकामा सडकको आधारभूत पहुँच रहेको छ, अर्थात् सबै नागरिक ६० मिनेट पैदल दूरी भित्र सडक पहुँच रहेको छ। मोटरसाइकल, जीप, पिकअप आदि प्रयोग गरेर यातायात पहुँच गर्न औसत यात्रा समय लगभग १.५-२ घण्टा (अधिकतम) छ। सार्वजनिक सवारी साधनहरूको पहुँच नहुँदा गाउँको गतिशीलतामा बाधा पुऱ्याएको छ, जसले गर्दा निजी स्वामित्वमा रहेका जीप, पिकअप , मोटरसाइकलहरूमा निर्भरता बढेको छ । बुर्तिबाङ्गबाट, बुर्तिबाङ्ग-बोङ्गादोभान-रिक्लाङ-तमान-म्याग्दी (SRN) सडक हुँदै सार्वजनिक यातायात सुविधाहरू विशेष गरी जीप, टेम्पो सेवाहरू उपलब्ध छन् भने बाँकी वडाहरू जीप/पिकअप र अन्य यातायात सेवाहरू मार्फत मुख्य बजारसँग जोडिएका छन्।

तमानखोला गाउँपालिका हुँदै दैनिक ५० भन्दा बढी हलुका तथा भारी सवारी साधन गुड्छन्। गाउँ सडकहरूमा चल्ने प्रमुख सवारी साधनहरू मध्ये, यातायात सुविधा मोटरसाइकल (४५.१४%) हो। यी बाहेक, ३६.१२% जीप र पिकअपहरूले ओगटेका छन्, १४.५८% ट्र्याक्टरहरूले, र ४.१७% टेम्पोहरूले ओगटेका छन्। नजिकको बस स्टेशन बुर्तिबाङ्ग बजारमा अवस्थित छ जुन लगभग १० किलोमिटर टाढा छ। भोङ्गादोभान गाउँपालिकाको केन्द्र हो जहाँ मानिसको आवतजावत बढी हुन्छ । प्रत्येक वडाका वस्तीहरू गाउँका सडकहरूले केन्द्रसँग जोडिएका छन् । प्रायःसडकहरू कच्ची छन् र यातायातको सुविधा कमजोर छ अर्थात् नियमित छैन । यस्ता कच्ची तथा ग्राभेल सडकहरूमा वर्षातमा हिलो र खाल्डाखुल्डि बढ्ने तथा हिउँदमा धुलो हुने गरेको हुँदा वर्षातमा आवागमनमा कष्टप्रद हुनेगरेको छ। तसर्थ कच्ची तथा ग्राभेल आन्तरिक सडक सञ्जाललाई Fair Weather सडकबाट व्यापक स्तरोन्नति गरी All Weather सडकमा रुपान्तरण गर्ने कार्यलाई गाउँपालिकाले उच्च प्राथमिकता दिनु पर्ने छ ।

सडकको अवस्थाका कारण दुर्घटनामा संलग्न अधिकांश सवारी साधनहरू मोटरसाइकल हुन्, लापरवाही, overload र तीव्र गति प्रमुख कारण हो । गाउँका सडकहरू मुख्यतया मोटरसाइकल, जीप प्रयोगकर्ता र पैदल यात्रीहरूले प्रयोग गर्छन् । मोटर सवारी साधनको स्वामित्व कम भएकाले मोटरसाइकल सवारी साधनको प्रयोग धेरै छ। रणनीतिक सडक; बुर्तिबाङ्ग-बोङ्गादोभान-रिक्लाङ-तमान-म्याग्दी सडक वडा २, ३, ४ को ग्रामीण केन्द्र (मुख्य बजार क्षेत्र) हुँदै जान्छ। पुल र सडकमा रहेको क्यारिजवे खण्ड पैदल यात्रीहरू सहित सबै प्रकारका सवारी साधनहरूले साझा गर्ने भएकाले सडकको

छेउमा बजार विकास अत्यधिक जोखिमपूर्ण छ । मोटरसाइकल चालक र पैदल यात्रीहरू यी खण्डहरू र ग्रामीण सडकहरूमा सबैभन्दा बढी जोखिममा छन् ।

गाउँपालिकाका सबै गाउँ तथा वस्तीहरूमा सडक सञ्जालको विस्तार गरिनु पर्ने, निर्माण भएका सडकहरूको स्तरन्नती गर्नुपर्ने, वातावरणीय प्रभाव विश्लेषण गर्नुपर्ने, सडक निर्माण गर्दा ईन्जिनियरिंग डिजाइन अनुसार विस्तृत लागत अनुमान गर्ने, तथा उपकरणहरूको न्यूनतम प्रयोग गर्नु जस्ता कुराहरूको आवश्यकता रहेको छ । त्यस्तै गाउँपालिकाका अधिकांश स्थानहरूमा सडक, पक्की, झोलुङ्गे तथा काठे पुलहरूका अभाव रहेको छ । जसले गर्दा यातायातका साधन सञ्चालनमा समस्या, स्कूल पढ्ने विद्यार्थीहरूका लागि खोलामा आवतजावत गर्न र गाउँपालिकावासीहरूलाई बजार गर्न जान जस्ता समस्याहरू रहेका छन् । आवश्यकता अनुसार रणनीतिक तथा प्रमुख स्थलहरूमा सडकको सञ्जाल विस्तार, पक्की, झोलुङ्गे तथा काठे पुलहरू निर्माण गर्नुपर्ने छ ।

गाउँपालिका स्तरका सडकहरु ग्राभेल गर्ने, सडक नालीको निर्माण, पैदल मार्ग, आवश्यक स्थानहरुमा track open, पुल, कल्भर्ट, र bio-engineering कामहरु भइरहेका छन । यसको साथै पर्यटकीय पदमार्गको विस्तार गरी नयाँ पर्यटकीय गन्तव्यको सम्भाव्यता अध्ययन र निर्माण तथा हाल सञ्चालनमा रहेका पर्यटकीय गन्तव्यको स्तरोन्नति हुन जरुरी छ । भविष्यको आवश्यकता र वातावरणीय जोखिमलाई दृष्टिगत गर्दै सडकहरुको मापदण्ड अनुरुप स्तरोन्नति गर्नु र सार्वजनिक यातायातलाई सहज र सुलभ बनाउनु यस गाउँपालिकाको यातायात क्षेत्रमा गर्नुपर्ने मुख्य कार्य हो । यसका साथै गाउँपालिकाको समग्र विकासको लागि प्रस्तावित चक्रपथ, गाउँपालिकाको केन्द्र देखी हरेक वडा केन्द्र जोड्ने सडकहरु, छिमेकी स्थानीय तह जोड्ने सडक, र प्रदेश सडकहरुलाई स्तरोन्नति गरी गाउँपालिकाको यातायात व्यवस्थालाई चुस्त बनाउन आवश्यक रहेको छ । गाउँपालिकाको आर्थिक तथा सामाजिक गतिविधिलाई सन्तुलित, समावेशी, गतिशील बनाउन योगदान पुऱ्याउन सक्ने रणनीतिक सडक सञ्जाल निर्माण गर्न जरुरी छ । प्रत्येक सरकारी सेवामा हरेक वडाका नागरिकको सहज पहुँच वृद्धि गर्न विद्यमान सडकहरुको स्तरोन्नती गन’पर्ने अवस्था रहेको छ ।

## २.४.३ विद्युत् तथा वैकल्पिक ऊर्जा

नागरिकको जनजीवनलाई सरल र सहज बनाउन साथै आर्थिक तथा सामाजिक विकास गर्न विद्युत तथा ऊर्जाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । जलविद्युत् आर्थिक वृद्धि र आर्थिक रूपान्तरणको एक महत्वपूर्ण साधन हो । प्रकाश ऊर्जाको सबैभन्दा सरल र भरपर्दो स्रोतको रूपमा विद्युत ऊर्जालाई लिने गरिन्छ । यसका अलावा पनि प्रकाश ऊर्जाका अन्य विभिन्न स्वरूपहरू हुने गर्दछन् । तमानखोला गाउँपालिकामा हाल केन्द्रीय प्रसारण लाइनको विद्युत सेवा बिस्तारको काम भईरहेको छ । गाउँपालिकाभित्र रहेका नदी, नाला, खहरे, खोल्सा आदिबाट लघु जलविद्युत उत्पादन गरी प्रयोग भइरहेको छ । गाउँपालिका भित्र जम्मा ११ वटा लघु जलविद्युतहरू मध्ये ९ वटा सञ्चालनमा रहेका छन् । ११ वटा लघु जलविद्युतको उत्पादन क्षमता करिब ३०० कि.वाट रहेकोमा जम्मा ८० किलोवाट क्षमताको २ वटा परियोजनामा हाल उत्पादन बन्द रहेको अवस्था छ ।

**तालिका ३३: बत्ति बल्न प्रयोग गरिने मुख्य स्रोतका आधारमा परिवार संख्या**

| वडा | जम्मा, घर परिवार | बिजुली | सोलार/सौर्यउर्जा | मट्टीतेल | अन्य |
|---|---|---|---|---|---|
| % | १००.०० | ९८.२८ | ०.६९ | ०.३१ | ०.७३ |
| जम्मा | २६११ | २५६६ | १८ | ८ | १९ |
| १ | ६९५ | ६८० | ७ | ५ | ३ |
| २ | ६४१ | ६२२ | ५ | २ | १२ |
| ३ | ४२१ | ४१६ | १ | १ | ३ |
| ४ | २७३ | २६८ | ५ | ० | ० |
| ५ | ३७९ | ३७८ | ० | ० | १ |
| ६ | २०२ | २०२ | ० | ० | ० |

राष्ट्रिय जनगणना २०७८ अनुसार, यस गाउँपालिकामा उज्यालोको लागि ९८.२८ % घर परिवारले विद्युतको प्रयोग गर्ने गरेको छ। त्यस्तै ०.६९ % घर परिवारले सोलार/सौर्य ऊर्जा र ०.३१ % ले मट्टितेल प्रयोग गर्ने गरेको पाइन्छ। त्यसैगरी ०.७३ % घर परिवारले अन्य स्रोतको इन्धन प्रयोग गर्ने गरेका छन्। यसबाट के बुझिन्छ भने गाउँपालिकामा बत्ति बाल्नको लागि प्रयोग गरिने इन्धनको प्रमुख स्रोत नै विद्युत (लघु जलविद्युतका परियोजना) रहेको छ।

राष्ट्रिय विद्युत् प्रसारण लाइन पुऱ्याउन कठिन भएका र छरिएर रहेका ग्रामीण वस्तीहरूमा सेवा पुऱ्याउन, र परम्परागत एवम् लघु जलविद्युतका परियोजना ऊर्जामाथिको निर्भरतालाई कम गर्न विभिन्न किसिमका नवीकरणीय ऊर्जाको विकास र प्रवर्द्धन गरी यस क्षेत्रलाई विकासको मूल प्रवाहमा ल्याउनु जरुरी छ। विविध कारणवश केही घरधूरीमा मात्र विद्युत लाइनको विस्तार गर्न नसकिएको र वैकल्पिक तथा अन्य ऊर्जाको विकास सहज रूपमा नभइरहेको सन्दर्भमा, त्यसैमा केन्द्रित रहेर यस योजनाको तर्जुमा गरिएको छ।

सबै वडामा काठ दाउराको, सामुदायिक वन तथा निजी वन रहेका छन्। काठ दाउराको प्रयोगका थुप्रै नकारात्मक पक्षहरूमध्ये प्रत्यक्षरूपमा स्वास्थ्यमा पर्ने असर र वनको विनाश प्रमुख हुन्। इन्धनको प्रयोगमा सबैभन्दा धेरै घरधुरीले दाउराको प्रयोग गर्ने गरेका छन्।

**तालिका ३४: इन्धनको प्रयोगमा**

| वडा | जम्मा, घर परिवार | इन्धनको प्रकार | | |
|---|---|---|---|---|
| | | काठ दाउरा | ग्यास | अन्य |
| % | १००.०० | ९३.२२ | ६.६६ | ०.११ |
| जम्मा | २६११ | २४३४ | १७४ | ३ |
| १ | ६९५ | ५८५ | १०८ | २ |
| २ | ६४१ | ६२७ | १३ | १ |
| ३ | ४२१ | ३८३ | ३८ | ० |
| ४ | २७३ | २६४ | ९ | ० |
| ५ | ३७९ | ३७३ | ६ | ० |
| ६ | २०२ | २०२ | ० | ० |

गाउँपालिकाको कुल घरधूरी मध्ये ९३.२२ प्रतिशत घरधुरीले दाउरालाई खाना पकाउने इन्धनको रूपमा प्रयोग गरिरहेका छन् भने ६.६६ प्रतिशत घर परिवारले एल.पी. ग्याँस प्रयोग गर्ने गरेका छन्। यस क्षेत्रमा बिस्तारै एल.पी. ग्यासको प्रयोग हुन थालेको छ। त्यस्तै, ०.११ प्रतिशत घरधुरीले अन्य इन्धन प्रयोग गरेको पाइन्छ। विद्युतलाई खाना पकाउने इन्धनका रूपमा प्रयोग गर्ने गरेको छैन।

### २.४.४ सूचना, सञ्चार तथा प्रविधि

तमानखोला गाउँपालिकाको सबै वडा कार्यालयहरुमा इन्टरनेट सुविधा उपलब्ध रहेको छ तथापी वडाको सेवा प्रवाह अझै पूर्णरुपमा कम्प्युटरकृत गर्न अझ बाँकी छ। प्रविधिमा आधारित टोकन, अनलाइन रजिष्ट्रेसन वा कम्प्युटर बिलिङ्ग प्रविधिको प्रयोग न्यून रहेको छ। गाउँपालिकाभित्रका सबै स्वास्थ्य चौकी, विद्यालय, सार्वजनिक सेवा प्रदायक संस्थाहरुमा गुणस्तरीय सूचना प्रविधिको सहज पहुँच पुऱ्याउन आवश्यक रहेको छ। हुलाक कार्यालय रहेको भएता पनि यसको प्रयोग घट्दै गएको छ। सार्वजनिक सेवा प्रदायकहरुमा सूचना प्रविधिको प्रयोग कम भएको छ भने पर्याप्त सूचनाको पनि अभाव रहेको छ। गाउँपालिकाले वेभसाईटको माध्यमबाट आफनो सूचना तथा जानकारी गराउदैं आएको छ।

**तालिका ३५: परिवारमा उपलब्ध साधन तथा सुविधाअनुसार परिवार संख्या**

| वडा | कुल घरपरिवार | सुविधा बिना | "कम्तीमा एउटा सुविधा | रेडियो | टेलिभिजन | ल्याण्डलाइन टेलिफोन | मोबाइल फोन (सामान्य) | मोबाइल फोन (स्मार्ट) | कम्प्युटर/ल्यापटप | इन्टरनेट | कार/जीप/भ्यान | मोटर साइकल/स्कुटर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| % | १००.०० | ६.१३ | ९३.८७ | ४६.८४ | ३०.९५ | ०.६९ | ७७.६३ | ६२.४७ | ३.७२ | ३१.९४ | १.५३ | १.५७ |
| जम्मा | २६११ | १६० | २४५१ | १२२३ | ८०८ | १८ | २०२७ | १६३१ | ९७ | ८३४ | ४० | ४१ |
| १ | ६९५ | ३६ | ६५९ | ३२६ | २२६ | ९ | ५१६ | ५०३ | २१ | १२२ | ५ | १८ |
| २ | ६४१ | ६४ | ५७७ | २२८ | १३३ | १ | ४५८ | ४२१ | ११ | ३२५ | ६ | ८ |
| ३ | ४२१ | २२ | ३९९ | २६० | १६३ | २ | ३५५ | २४० | ८ | १५९ | ४ | ८ |
| ४ | २७३ | ० | २७३ | १५४ | १६२ | २ | २६५ | २३१ | ४५ | १०२ | २४ | ० |
| ५ | ३७९ | २३ | ३५६ | ११९ | ९२ | ४ | २७६ | १८४ | ११ | १२५ | १ | ६ |
| ६ | २०२ | १५ | १८७ | १३६ | ३२ | ० | १५७ | ५२ | १ | १ | ० | १ |

रेडियो, टेलिभिजन, कम्प्युटर, मोबाइल फोन जस्ता अत्यावश्यक सेवा सुविधाहरूको पहुँच रहेको छ । सबैभन्दा धेरै घरधुरीको पहुँचमा मोबाइल फोन पुगेको छ । २,०२७ घरधुरी अर्थात् ७७.६३ % घरधुरीमा कम्तीमा एक थान मोबाइल फोन रहेको छ भने १,६३१ घरधुरी अर्थात् ६२.४७ % घरधुरीमा कम्तीमा एक थान स्मार्ट मोबाइल फोन रहेको छ । रेडियो र १,२२३ घरधुरी अर्थात् ४६.८४ % मा रेडियो र ८०८ घरधुरी अर्थात् ३०.९५% घरधुरीमा टेलिभिजनको पहुँच रहेको छ । ९७ घरधुरीमा कम्प्यूटर (डेक्स्टप वा ल्यापटप) रहेको छ ।

इन्टरनेटको प्रयोग मोबाइल डाटाको माध्यमबाट धेरै हुने गरेको छ । ३१.९४ % परिवारले इन्टरनेट प्रयोग गर्ने गर्दछन् । १,२०५ घरधुरीले मोबाइल डाटाको माध्यमवाट इन्टरनेट प्रयोग गर्ने गरेको छ । समग्र ५९% घरधुरीले मोबाइल डाटाको प्रयोग गर्ने गरेका छन् ।

सामान्यतया गाउँपालिकामा नेपाल टेलिकम, एनसेलजस्ता दुरसञ्चार सेवा प्रदायक कम्पनीहरूले सेवा प्रदान गरेका छन् । मोबाइल फोनको प्रयोग मार्फत सूचना र खबर आदान प्रदान गर्ने गरेको तमानखोला गाउँपालिकामा हुरी बतास र बर्षातको समयमा ***Network Coverage*** को हिसाबले कमजोर रहेको छ। विभिन्न किसिमका इन्टरनेट प्रविधिको विस्तार र गुणस्तर सुधारमा थप लगानी गर्नुपर्ने छ । गाउँपालिकामा रेडियो नेपाल र विभिन्न स्थानीय एफएम प्रसारण सुन्न पाइन्छ । टेलिभिजन प्रसारणको एकमात्र माध्यम डीसहोम रहेको छ ।

## २.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था

### २.५.१ वन तथा जैविक विविधता

वन सम्पदा र जैविक विविधता तमानखोला गाउँपालिकाको महत्वपूर्ण सम्पदा हो । गाउँपालिकाको वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता र जलाधार व्यवस्थापनलाई समेट्ने यो क्षेत्र प्रत्यक्ष रूपमा पर्यापर्यटन, जलविद्युत, कृषि, पशुपालन, स्वच्छ पर्यावरण र वन तथा जडीबुटीमा आधारित उद्योगसँग गाँसिएको छ । यहाँ वन तथा जङ्गल पर्याप्त भएता पनि सिमित रुपमा वन उपभोग र काठहरुको उपलब्धता रहेको छ। यद्यपी सो वनको पूर्णत सदुपयोग र वैज्ञानिक व्यवस्थापन गरी खेतीयोग्य जमिनमा वैज्ञानिक कृषि प्रणाली अवलम्बन भएको छैन । बहुमुल्य वनस्पति, वन्यजन्तु,र जडिबुटिहरुको अबैध चोरी निकाशी एक प्रमुख समस्याको रुपमा रहेको छ ।

गाउँपालिकाको कुल क्षेत्रफल १७८.०२ वर्ग कि. मी. मध्ये १३५.१० वर्ग कि. मी. (७५.८८ प्रतिशत) भू- भाग जमिन वन क्षेत्रले ओगटेको छ । गाउँपालिकामा ३१ वटा सामुदायिक वन र केही निजी वन रहेका छन । सामुदायिक वन व्यवस्थापनका लागि सामुदायिक वन उपभोक्ता समितिहरू गठन गरिएका कारण सबै जिम्मेवारी उनीहरूलाई नै दिइएको छ भने निजी वन व्यवस्थापनका लागि सम्बन्धित जिम्मेवार घर परिवारहरूले नै जिम्मेवारी सम्हालेको छ भने वन क्षेत्रको तारवार गर्ने काम भएको छैन ।

गाउँपालिकामा सल्ला, मौवा, चिलाउने, उत्तिस, खिर्रो, टुनी, सिमल, ओखर, लालीगुराँस, बाँझ, भोजपत्र आदि रुखका प्रजातिहरू पाइन्छन् । त्यस्तै गाउँपालिकामा पाइने मुख्य गैर काष्ठ पैदावारहरूमा लोक्ता, टिमुर, अल्लो,सतुवा, गच्छाच्याउ, चिराइतो, सुनगाभा, लप्सी, अम्रिसो, लौठ सल्ला, बनतरुल, पाँचऔंले, तेजपत्ता, दालचिनि आदि रहेका छन् ।

गाउँपालिका क्षेत्रमा पाइने जीवजन्तुहरूमा बाँदर, बँदेल, खरायो, वन बिरालो, लोखर्के, दुम्सी, स्याल, मलसाप्रो, रतुवा मृग आदि रहेका छन् । पंक्षीहरूमा मुनाल, लामपुच्छ्रे, कालिज, फिस्टो, कोइली, चिवे, काग, न्याउली, रुपी, च्याखुरा, परेवा, गौथली आदि रहेका छन् । जडिबुटिहरुमा वांको, चिराईतो,सोमलता, सतुवा, अल्लो, आकासे जेली, अमला, टिमुर आदि रहेका छन ।

यस क्षेत्रबाट प्राप्त हुने काठ, दाउरा, जडीबुटी, हरित उद्यम र पर्यापर्यटनको विस्तार समृद्धिका आधार हुन् भने स्वच्छ पर्यावरण, हरियाली, जैविक विविधता, प्राकृतिक सुन्दरता, समुन्नत जलाधार, प्राकृतिक स्रोत व्यवस्थापनमा समुदायका सहभागिता एवम् पहुँच र लाभको निष्पक्ष र न्यायोचित वितरण स्थानीय जनताका महत्वपूर्ण सूचक हुन् । गाउँपालिकामा उपलब्ध वनस्पतिक स्रोत तथा जडीबुटीको अध्ययन, अनुसन्धान, अभिलेखीकरण तथा दर्ता र गुण पहिचान गर्दै स्थानीय स्तरमै मूल्य अभिवृद्धि गरी तुलनात्मक लाभ लिन सकिने प्रचुर सम्भावना रहेको छ ।

वन संरक्षणका लागि गाउँपालिकाको संयोजकत्वमा विभिन्न पहिरो तथा भूक्षय ग्रसित ठाउँहरू पत्ता लगाई संरक्षण गर्न आवश्यक छ । यसको लागि सामुदायिक वृक्षारोपणलाई अभियान कै रूपमा सञ्चालन गर्न आवश्यक छ । वनमा आधारित उद्यम व्यवसायको विकास गर्न, सबै प्रकारका वनमा जडीबुटी खेतीको प्रवर्द्धन गरी तिनका व्यावसायिक उत्पादन, प्रशोधन र बजारीकरण गर्न, कृषि वनको विकास, पर्यापर्यटन व्यवसायी तथा काष्ठ फर्निचर उद्योग सञ्चालकहरूलाई सहयोग गर्न, वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधताका संरक्षण, पर्यापर्यटन प्रवर्द्धनका लागि गाउँपालिकामा अवस्थित ताल तथा तलैया संरक्षण गर्न, मानव तथा वन्य जन्तु द्वन्द्वका बारे सचेतना, क्षतिपूर्तिको र भौतिक संरचना निर्माण, भौतिक पूर्वाधार निर्माण र विकास आयोजनाहरूको लागि बायोईन्जिनियरिङ र वन अतिक्रमण, चोरी निकासी, डढेलोलाई निरुत्साहन र मिचाहा प्रजाति नियन्त्रण गर्न आदि पनि त्यत्तिकै महत्वपूर्ण रहेको छ ।

## २.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

बाढी, पहिरो, भू-क्षय जस्ता प्राकृतिक प्रकोपबाट कुनै क्षेत्रलाई नष्ट हुनबाट रोक्ने वा बचाउने तथा पानीको आयतन र बहावलाई सामान्य स्थितिमा राख्ने वा पानीको बहावलाई धमिलो हुन नदिई स्वच्छता बनाई राख्ने कार्यनै भू तथा जलाधार संरक्षण हो । गाउँपालिकाको आर्थिक एवम् सामाजिक संरचनामा भूमि र जलाधार प्रमुख प्राकृतिक साधन, उत्पादनको साधन तथा सम्पत्तिका रूपमा रहेको छ । भूमिको भौगोलिक स्वरूप, बनोट, गुण र क्षमताअनुसार बहुआयामिक तथा सन्तुलित विकासका लागि दीर्घकालीन रूपमा भू-उपयोग व्यवस्थापनको कार्यलाई दिगो बनाउनु पर्नेछ । आर्थिक विकासको लागि भूमिको दिगो र समुचित उपयोग गर्नु पर्दछ । भू-व्यवस्थापन तथा उत्पादकत्व वृद्धिका उपायहरू अवलम्बन गर्न जमिनमा श्रम र सिप हुनेको पहुँच स्थापना गर्न जरुरी रहेको छ । भूमिलाई कृषि, आवास, सडक, पिउने पानी, सिंचाई, विद्युत तथा ऊर्जा, सूचना तथा संचार आदिको प्रवन्धको लागि प्रयोग गर्न सकिन्छ । गाउँपालिका सामान्यत पहिरोको उच्च जोखिमको क्षेत्र हो । यस क्षेत्रमा भूमिगत जलाधार तुलनात्मक रुपमा अरु क्षेत्र भन्दा निकै गहिरो (तल भएकोले) यहाँ सिंचाईको कमी रहेको र अरु सामान्य भएपनि माटोमा पोषक तत्वको उपस्थिती अन्य क्षेत्रभन्दा कम छ । गाउँपालिकामा मुख्य रुपमा सेउला खोला, तमान खोला, नर्जा खोला, बोङ्गाखानी खोला आदि खोला तथा खहरे खोल्साहरु रहेका छन भने पोखरी, ताल तलैयाहरु पनि प्रशस्त रहेका छन् । गाउँपालिकाको भू-उपयोग अवस्था हेर्दा १.३९ प्रतिशत खोला तथा खहरे खोल्साहरु, पोखरी, ताल तलैया क्षेत्रले आगटेको छ । गाउँपालिकाको खोला तथा खहरे खोल्सा र पोखरी, ताल तलैया किनारहरुको पर्याप्त संरक्षण गरिएको छैन यी खोला तथा खहरे खोल्साहरु, पोखरी, ताल तलैया जलाधार क्षेत्र हुन् । सुके ताल *(पानी पर्दा झन् सानो हुने),* रात ताल *(सधैं रातो हुने),* फुल्वाङ *(कहिल्यै पानी नसुक्ने),* बराह ताल *(दैविक शक्ति भएको) (धार्मिक एवम् पर्यटकीय),* दह ताल आदि पोखरी, ताल तलैयाहरु रहेको छन । हिउँदमा सुक्ने यी क्षेत्रहरू जलाधार संरक्षणका हिसावले महत्वपूर्ण क्षेत्र हुन् ।

गाउँपालिकाले स्थानीय विपद् तथा भूसंरक्षण योजना तयार गरी कार्यान्वयन गरेको छैन तर खोला तथा खहरे खोल्साहरु, पोखरी, ताल तलैया कटान तथा पहिरो जोखिम क्षेत्र पहिचान गर्ने कार्य गरेको छ । गाउँपालिकामा भूक्षय जोखिम क्षेत्र नक्साङ्कन, संवेदनशील क्षेत्रको संरक्षण वा भूसंरक्षण कार्य योजना तयार भई कार्यान्वयन भएको छैन । जलाधार संरक्षणका लागि गाउँपालिकाले मौजुदा खोला तथा खहरे खोल्साहरु, पोखरी, ताल तलैयाहरुको संरक्षण गर्ने गरि जलाधार संरक्षण योजना बनाउन र तत् अनुसार कार्यान्वयन गर्न आवश्यक छ । स्थानीय स्तरमा निजी, सरकारी तथा सार्वजनिक जग्गाको अभिलेख व्यवस्थापन, गाउँपालिका भित्रको नाप नक्सा र अभिलेखीकरण, भूमि व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि, भूमि बैंकमार्फत जग्गाको चक्लाबन्दी गरी करार (लीज) प्रणालीमा भोगाधिकार उपलब्ध गराउने, अभिलेखीकरण र व्यवस्थापन, भूमिको वर्गीकरण अनुसारको भूउपयोग र भूक्षमता नक्सा र तथ्याङ्क सङ्कलन, ल्याण्ड पुलिङ, राष्ट्रिय, प्रादेशिक भू-उपयोग नीतिको स्थानीय स्तरमा कार्यान्वयन गर्न आवश्यक छ । तीनै कुराहरूमा आधारित रहेर भूसंरक्षण तथा जलाधार व्यवस्थापन सम्बन्धी कार्यक्रमहरू यस योजनामा प्रस्तावित गरिएका छन् ।

### २.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

गाउँपालिकाले वातावरण तथा सरसफाईमा विशेष ध्यान दिदैं विभिन्न किसिमका कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ । वातावरण तथा विपद्व्यवस्थापन मुख्यतः टोल विकास संस्थाहरु, युवाक्लब, सम्बन्धित गैरसरकारी संस्थाहरुसँग प्रभावकारी समन्वय गर्दै वातावरण व्यवस्थापन, फोहोर व्यवस्थापन, सरसफाई, वातावरण संरक्षण सम्बन्धी अभिमुखिकरण जस्ता क्रियाकलापहरु सञ्चालन गर्दै आइरहेको छ । वातावरण संरक्षणलाई टेवा पुऱ्याउन ध्वनि, जल, जमिन र वायुसँग सम्बन्धित प्रदूषण रोकथाम र नियन्त्रण गर्न आवश्यक हुने गर्दछ । गाउँपालिका क्षेत्रमा वातावरणीय अध्ययनबिना जथाभावी खनिएका सडकहरुले पहिरो तथा भूक्षय जस्ता वातावरणीय समस्याहरु निम्त्याएका छन् भने कतिपय स्थानमा वन विनास समेत भएको छ । यस्तै सडक सञ्जालको विस्तारसँगै प्लाष्टिकजन्य पदार्थहरुको प्रयोगमा वृद्धि भएको छ भने त्यसको उपयुक्त व्यवस्थापन गरिएको पाइंदैन । जलवायु परिवर्तनको नकरात्मक प्रभावका कारण मुलतः पानीका स्रोतहरु सुक्दै गई कृषि तथा दैनिक जनजीवनमा अत्यावश्यक पानीको उपलब्धता घट्दै गएको आम रुपमा महसुस गरिएको छ । घर आँगन तथा भान्साबाट निस्केका फोहोरमैलालाई पुर्ने, जलाउने तथा खोला खोल्सीमा लगेर पुर्ने गरेको पाइन्छ । कुनै पनि वडाहरू पूर्ण सरसफाईयुक्त छैनन् । फोहोरमैला विसर्जन केन्द्रहरू स्थापना र सञ्चालन भएका छैनन् । फोहोरमैला विसर्जन नीति समेत निर्माण भएको छैन । वातावरण संरक्षणका लागि खाली जङ्गल तथा नांगा भिर पाखाहरूमा वृक्षारोपण गर्ने कार्यहरू भइ रहेता पनि यसको असर प्रभावकारी रूपमा देखिरहेको अवस्था छैन । गाउँपालिकामा फोहोरमैला व्यवस्थापन तथा ढल सम्बन्धी कुनै ठोस योजनाहरू हालसम्म कार्यान्वयन भएको देखिदैंन । एकीकृत र योजनाबद्ध विकासको अभाव, पर्यटकहरूको नियमित आगमन, पूर्वाधार विकास र वातावरण बीचको सन्तुलन कायम हुन नसक्नु, कृषि पेशाको व्यावसायिकताको नाममा अत्यधिक मात्रामा रासायनिक मल र विषादीको प्रयोगमा वृद्धि हुँदै जानु, यातायात र यातायात साधनले गर्दा ध्वनि प्रदूषणमा वृद्धि भैरहेको अवस्था छ । साथै विविध कारणवश वायु, जल तथा जमिनमा प्रदूषणको मात्रा बढ्दै गइरहेको छ ।

ग्रामीण विकासको लागि फोहोर व्यवस्थापन पनि महत्वपूर्ण पक्ष रहेको हुँदा गाउँपालिकाले फोहोरमैला व्यवस्थापनका लागि विभिन्न रणनीतिक योजनाहरू निर्माण गरि अघि बढ्न आवश्यक रहेको छ । विशेषतः सडक तथा पर्यटन, पैदल मार्ग वरिपरि, बजार क्षेत्र नजिक यसको असर बढी रहेको छ । पुराना सवारी साधन, ट्याक्टरबाट निस्कने ध्वनि तथा प्रेशर हर्नका कारण ध्वनि प्रदूषण दिनानुदिन बढ्दै गएको छ । पुराना सवारी साधन, कच्ची सडकका कारणले धूलो बढेकाके छ । तसर्थ वायु प्रदूषण नियन्त्रणका लागि गाउँपालिकामा निर्देशनसँगै अनुगमनको आवश्यकता रहेको छ । सो अनुसारका कार्यक्रमहरू यस योजनामा प्रस्तावित गरिएका छन् ।

### २.५.४ महामारी तथा विपद् व्यवस्थापन

तमानखोला गाउँपालिका प्राकृतिक प्रकोपको दृष्टिकोणले संवेदनशील अवस्थामा रहेको छ । विपद व्यवस्थापनका हिसावले यस गाउँपालिकामा विशेषगरी, पहिरो, आगलागी, विद्युतीय खतरा, सडक दुर्घटना, चट्याङ, असिना पानी, महामारी, जङ्गली जनावरको आतङ्क जस्ता प्राकृतिक प्रकोपहरू देखापर्दै आइरहेका छन् । वर्षेनी विभिन्न स्तरका पहिरो र भू-क्षयको

प्रभाव भने गाउँपालिकामा देखिने गरेको छ । महामारी तथा विपद्का कारण ठुलो संख्यामा जनधन तथा मानवीय क्षती भएको छैन तथापी गाउँपालिकामा कुनैपनि समयमा विपद्आउन सक्ने सम्भावना रहेको छ । जङ्गल नजिक वस्ती एवम् खेत भएका कारण किसानहरूले बाघ, दुम्सी, बाँदर, बदेँल,मृग जस्ता जङ्गली जनावर आतङ्कको समस्या भोग्नु परेको छ । जङ्गली आतङ्कले गाउँपालिकाका प्रायजसो सबै वडाका बासिन्दाहरूलाई असर गरेको छ र सबै वडाहरूमा यो एउटा प्रमुख समस्याको रूपमा स्थापित भएको छ । तसर्थ जङ्गली जनावर आतङ्कले जनजीवनमा नै असर गरेको साथै कृषि उत्पादनमा ह्रास ल्याएको कारणले जङ्गल एवम् जङ्गली जनावरको सुरक्षा सँगै उपयुक्त उपायहरूको खोजी गर्नु नितान्त आवश्यक छ ।

युवाहरूमा लागू पदार्थ सेवन एवम् मादक पदार्थ सेवनको समस्या पनि बढ्दो नै रहेको छ । गाउँपालिकामा कच्ची घरहरू जोखिममा छन् भने, अव्यवस्थित विद्युतीय नाङ्गो तारहरूले गर्दा पनि वस्तीहरूमा जोखिम बढिरहेको छ । सडक दुर्घटना पनि अत्यन्त बढ्दै गइरहेको छ । प्रकोप एवम् जलवायु परिवर्तन, विपद् व्यवस्थापन कोष, विपद् प्रतिकार्य टोली, आपत्कालिन योजना, आपत्कालिन नम्बरहरू लगायत विपद्का विविध पक्षहरूबारे वडा बासीहरूमा जानकारीको कमी रहेको छ ।

विपद् पूर्व तयारी, न्यूनीकरण तथा प्रतिकार्यमा स्थानीय तथा समुदायस्तरका ज्ञान, सीप र संयन्त्रको कमी रहेको छ । विपद तथा प्रकोपहरुले प्रत्यक्ष रुपमा महिला तथा बालबालिका र दलित समुदायमा प्रभाव पार्ने गरेको छ। गाउपालिकामा ठुला तथा साना खोला तथा खहरे खोल्साहरु व्यवस्थित गर्न नसकिएका कारण वर्षायाममा स्थानीयले धेरै दुख पाउने गरेका छन । सेउला खोला, तमान खोला, नर्जा खोला, बोङ्गाखानी  खोला र अन्य खोलाहरु किनारमा रहेको वस्तीहरु बाढी र पहिरोको उच्च जोखिममा रहेको हुदा संरक्षण गर्नु आवश्यक छ । विपद्का कारण व्यक्तिगत धनजनका साथै भौतिक पूर्वाधारमा क्षति, विद्यालय शिक्षा, खाद्यसुरक्षा, आवास व्यवस्थापन, खानेपानी तथा सरसफाईमा पहुँच, स्वास्थ्यका क्षेत्रमा प्रत्यक्ष असर पर्ने गरेको छ । गाउँपालिकाले स्थानीय जनसमुदाय, राजनितीक अगुवा, सुरक्षा नीकाय र अन्य टोलीहरु बिच समन्वय गरी विपत्तिका समयमा सक्रिय भई विपद् न्यूनीकरण र व्यवस्थापनका क्षेत्रमा महत्वपूर्ण कार्यहरु गर्दै आइरहेको छ । वर्षात्को समयमा आएको बाढी र पहिरोबाट प्रभावितहरुलाई तत्काल उद्धार गरी राहत र पुनःस्थापनाको व्यवस्था मिलाउन कठीन परिरहेको छ । गरिब तथा अति विपन्न नागरिकहरुलाई राहत वितरण, एम्बुलेन्स व्यवस्थापन, जेसिभि व्यवस्थापन गरी सेवा प्रदान गर्दै आइरहेको छ । सडकको कुना पट्टि नाला निर्माण कार्यलाई उच्च प्राथमिकतामा राखेर दिगो विकासको अवधारणा अनुरूप अगाडि बढ्नु पर्ने छ । यसका लागि सडकको स्तरोन्नति सँगसँगै नाला निर्माण गर्ने र नजिकको खोला तथा खहरे खोलाहरूमा निकास गर्ने प्रणाली विकास गर्नु पर्दछ । यसरी नालाको कामको थालनी गर्दा सर्वप्रथम पहिरो र कटानका क्षेत्रहरूलाई प्राथमिकतामा राख्नु पर्दछ । गाउँपालिकामा आपत्कालिन कार्य सञ्चालन केन्द्र स्थापना र सञ्चालन भएको छ । गाउँपालिकामा विपद् व्यवस्थापन योजना निर्माण भएको छैन । गाउँपालिकाले रु. १० लाखको विपद् व्यवस्थापन स्थानीय कोष खडा गरेको छ, जसलाई एक सफल कार्यको रूपमा लिन सकिन्छ । सामान्य खोज उद्धारमा तालिम प्राप्त जनशक्ति र स्वयम् सेवकको आवश्यकता रहन्छ तर गाउँपालिकामा यस्ता जनशक्ति र स्वयं सेवकहरूको अभाव रहेको छ । गाउँपालिकाभित्र वस्तीको लागि अयोग्य स्थानमा बसोबास गर्ने घर परिवारहरूको सख्या करीव १२ % रहेको छ । जसलाई समयमै स्थानान्तरण गर्न आवश्यक रहेको छ ।

प्रकोपहरू सामान्यतया पूर्ण नियन्त्रण गर्न नसकेपनि प्रभाव न्यूनीकरणका उपायहरू अवलम्बन गरी जनधनको क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ । प्रकोप नियन्त्रण योजना, प्रकोपबाट बच्ने उपायका बारेमा सचेतनामूलक कार्यक्रम, वडा स्तरमा सुरक्षित घरहरू निर्माण गरी सञ्चालनमा ल्याउन, सम्भावित विपदका बारेमा सचेतना अभिवृद्धि कार्यक्रमहरु जरुरी छ । जलवायु परिवर्तनका असरका विरुद्ध स्थानीय अनुकूलन योजना तर्जुमा गर्ने र प्राथमिकताका साथ कार्यान्वयन गर्ने पद्धतिको विकास गर्न समेत आवश्यक छ । गाउँपालिकाले विपद् व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गरी लागू गर्नु हुन्छ । महामारी तथा विपद्का घटनाहरुको मध्यनजर गर्दै विपद्को नक्साङ्कन गर्ने, गाउँपालिकाको क्षमता विश्लेषण गर्ने तथा पूर्वतयारी तथा प्रतिकार्यका लागि आवश्यक पर्ने नीतिगत व्यवस्था तथा स्रोत सामाग्रीहरु तयारी अवस्थामा राख्नुपर्दछ । दैविक प्रकोप न्यूनीकरण तथा उद्धार समिति निर्माण गरी दैविक प्रकोपका असरहरू

लेखाजोखा गर्न, तथा उद्धारका लागि आवश्यक पर्ने औजार तथा सामाग्री व्यवस्थापन गर्न र विपद् व्यवस्थापन प्रभावकारी रूपमा गर्न परिणाममूखी कार्यक्रमहरू सञ्चालन गर्न अपरिहार्य छ ।

## २.६ सुशासन तथा संस्थागत व्यवस्था

### २.६.१ स्थानीय नीति, ऐन तथा सुशासन

तमानखोला गाउँपालिकाबासीलाई चुस्त, पारदर्शी तथा सुविधाजनक सेवा प्रवाह गर्नु गाउँपालिकाको प्रमुख दायित्व हो । राज्यले लिएको नीतिअनुरूप असल शासनका प्रमुख आयामहरूमा सार्वजनिक प्रशासनमा पारदर्शिता, निष्पक्षता, भ्रष्टाचारमुक्त, जनउत्तरदायी, शासन शुलभता र सहजता महत्वपूर्ण आयामहरू हुन् । यी आयामहरूको स्वस्थ विकास र सुनिश्चितता गर्न सकेको खण्डमा संघीय संविधानको मर्म अनुरूप जनताको घरदैलोमा राज्यद्वारा प्रदान गरिने सेवा र सुविधा पुऱ्याउन सकिन्छ । सही सूचना तथा जानकारी प्राप्त नहुँदा सेवाग्राहीले पटक पटक दुःख पाउने अवस्था आउँछ भने गाउँपालिकाप्रति जनविश्वास पनि घट्न जान्छ । तसर्थ चुस्त दुरुस्त तरिकाले सेवा प्रदान गर्नको लागि गाउँपालिकाकाले हालसम्म २१ वटा ऐन, ०४ वटा नियमावली, ०३ वटा निर्देशिका, ५० वटा कार्यविधि, ०२ वटा मापदण्ड तथा आचारसंहिता निर्माण गरी कार्यान्वयनमा ल्याइरहेको छ ।

गाउँपालिकामा बनेका ऐनहरुमा संस्था दर्ता, आर्थिक, शिक्षा, न्यायिक समिति र प्रशासकीय ऐन मुख्य हुन भने कार्यविधिहरुमा उपभोक्ता समिति गठन, निर्माण व्यवसायी इजाजत र व्यवसाय दर्ता आदि रहेका छन् । गाउँपालिकामा कर्मचारीको कुल दरबन्दी ५० जना स्थायी र करार समेत रहेकोमा गाउँपालिकामा हाल स्थायी र करार गरी जम्मा २५ जना कर्मचारीहरु कार्यरत रहेका छन भने विभिन्न विषयगत शाखाहरु उद्योग विकास, पशु, कृषि, प्राविधिक, आ.ले.प, सामाजिक विकास, शिक्षा, योजना, स्वास्थ्य, प्रशासन, सूचना प्रविधि, र लेखा शाखा रहेका छन । मानव संसाधनको विकासका लागि गाउँपालिकाका विभिन्न शाखामा कार्यरत कर्मचारी तथा पदाधिकारीहरूको क्षमता अभिवृद्धिका लागि तालिम तथा भ्रमणको व्यवस्था गर्ने गरिएको छ भने अन्य आम समुदायका युवा, महिला, कृषकहरूका क्षमता अभिवृद्धिका लागि लक्षित वर्गका कार्यक्रमहरूमा समेट्दै आएको छ ।

सुशासन प्रवर्द्धनका लागि विधान समिति, राजस्व परामर्श समिति, विषय योजना तर्जुमा समिति तथा अनुगमन तथा सुपरिवेक्षण समिति गठन भई नीति, कानुन, कार्यविधि, मापदण्ड र योजना कार्यान्वयनमा संलग्न भएका छन् । सुशासन तथा सदाचार प्रवर्द्धनको लागि सार्वजनिक सुनुवाइ गर्ने, आम्दानी खर्चको सार्वजनिकीकरण गर्ने, योजनाहरूको सार्वजनिक परीक्षण गर्ने, टोल तथा वस्ती स्तरबाट योजना छनौट, ई-हाजिरीको व्यवस्था, विद्युतीय सूचना प्रणालीको विस्तार जस्ता औजारहरूको उपयोग गराउने अभ्यासहरू भएका छन् । गाउँपालिकामा शासकीय अभ्यासलाई पारदर्शी र सहभागीतामूलक बनाउन विभिन्न प्रयास गरिरहेको छ । पारदर्शी, जबाफदेही, उत्तरदायी र सहभागीतामूलक स्थानीय शासन र प्रतिस्पर्धी र गुणस्तरीय स्थानीय सेवा सहितको सदाचारयुक्त शासन प्रणालीलाई संस्थागत गर्न गाउँपालिका प्रयासरत छ । समुदायलाई गाउँपालिकाले गरेका कार्यक्रमहरूको विषयमा जानकारी गराउने, गाउँपालिकाबाट प्राप्त गर्न सकिने सेवा सुविधाका विषयमा जानकारी गराउन नागरिक बडापत्र तयार गरिएको छ । सुशासन तथा पारदर्शिताका लागि यी कार्यक्रमहरूमात्र पर्याप्त नभएका कारण यस सम्बन्धी धेरै योजना तथा कार्यक्रमहरू प्रस्तावित गरिएका छन् । गाउँपालिकाका वाड कार्यालयहरूमा जन्मदर्ता, विवाह दर्ता, मृत्युदर्ता बसाइ सराई, अन्य विभिन्न सिफारिसहरू उपलब्ध गराउने व्यवस्थापन मिलाइएको छ ।

गाउँपालिकाको औसत वार्षिक बेरुजू २.०५ प्रतिशत भित्र रहेको छ भने औसत वार्षिक पुँजीगत खर्च कुल बजेटको करिब ३० प्रतिशत रहेको छ । आर्थिक वर्षको तेस्रो त्रैमासिकसम्म फछ्र्यौट भएका वार्षिक योजनाहरू औषतमा करिब ६० प्रतिशत रहेका छन् । गाउँपालिकाको आन्तरिक आय ३० देखि ४० लाखसम्म रहेको छ । गाउँपालिकाले प्रथम पञ्चबर्षिय आवधिक विकास योजना, सडक गुरुयोजना तर्जुमा गरी सकेको छ । गाउँपालिकाले १ पटक सम्म मध्यमकालीन खर्च संरचना तयार पारिसकेको छ । गाउँपालिकाको सेवाग्राही सन्तुष्टिको स्तर करिब ६० प्रतिशत छ । आवश्यकता अनुसार सवारी साधनहरुको सख्या १ वटा जिप, पिकअप र १२ वटा मोटर साईकल रहेको छन् । सुशासनको

माग तथा यस क्षेत्रमा आएका नयाँ अभ्यासलाई आत्मासाथ गरी गाउँपालिका र गाउँपालिकाबासी बीचको परस्पर विश्वास कायम हुने गरी गाउँपालिकाबासीलाई सुशासन र जनउत्तरदायी स्थानीय सरकारको अनुभूति दिलाउन हाल अघि बढेका प्रयासलाई संस्थागत गर्नु तथा थप कदम चाल्नुपर्ने आवश्यकता गाउँपालिकाले महसुस गरेको छ ।

### २.६.२ सङ्गठनात्मक विकास

गाउँपालिकाको संगठनात्मक विकासका लागि आवश्यक पर्ने ऐन, कानून बनाएको छ भने सेवालाई प्रविधिमैत्री बनाउन थालेको छ । प्रत्येक वडामा इन्टरनेट सेवा उपलब्ध छ । गाउँपालिका अन्तर्गत विषयगत समिति, शाखा, एकाइ गठन भइ क्रियाशिल अवस्थामा रहेका छन । पशु, कृषि, प्राविधिक, आ.ले.प., सामाजिक विकास, शिक्षा, योजना, स्वास्थ्य, प्रशासन, सूचना प्रविधि र लेखा शाखा र आन्तरिक लेखा परीक्षण एकाइको तथा शाखाहरुको संस्थागत व्यवस्था गरिएको छ ।

गाउँपालिकाले सेवा प्रवाहलाई सहज, सरल र सुलभ तथा प्रविधिमैत्री बनाउने तर्फ अघि बढीरहेको छ । गाउँपालिकाको सांगठनिक संरचना परिपक्क र व्यवस्थित हुदै गैरहेको छ । न्यायीक समिति, विद्यायन समिति, लेखा समिति र कार्यपालिकाबाट विषयगत समितिहरु गठन भई क्रियाशिल रहेका छन् । संगठनको प्रभावकारी सञ्चालनका लागि जनशक्ति व्यवस्थापनलाई प्रभावकारी गराउने अभ्यासहरु निरन्तर भइरहेका छन । नेपाल सरकार, प्रदेश सरकार र सहयोगी निकायहरूको सहयोग र सहजीकरणमा संघीय शासन प्रणाली, कानुन निर्माण, विषयगत सेवा प्रवाह, योजना तर्जुमा सम्बन्धमा पदाधिकारी र कर्मचारीको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिएका छन ।

### २.६.३ स्रोत परिचालन

गाउँपालिकाले स्रोत साधनको अधिकतम परिचालन गरिरहेको छ । स्रोत परिचालनका लागि वार्षिक रूपमा आर्थिक ऐन तथा विनियोजन ऐन, व्यवसाय दर्ता, वर्गीकरण र नवीकरण, सम्पत्ति कर व्यवस्थापन कार्यविधि निर्माण भई कार्यान्वयन भइरहेका छन् । गाउँपालिकाको आम्दानीको आन्तरिक स्रोतहरुमा सम्पत्ति, भूमिकर, बहाल कर, व्यवसाय कर, साना सवारी कर, घरजग्गा रजिष्ट्रेशन दस्तुर, सिफारिस दस्तुर, नाता प्रमाणित दस्तुर, सडक स्तरोन्नति शुल्क, सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय अन्य विक्रीबाट प्राप्त रकम विद्युत सेवा शुल्क, प्रशासनिक दण्ड जरिवाना र जफत, आदि रहेका छन् । यसै गरी वाह्य स्रोतमा संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान, समपुरक अनुदान, शसर्त अनुदान, विशेष अनुदान तथा तीन तहका सरकारबीच बाँडफाँट हुने राजस्व रहेका छन् । गाउँपालिकामा नेपाल सरकार प्राप्त हुने राजस्व बाँडफाँट र प्रदेश सरकारबाट बाँडफाँट भई आउने राजस्व र अन्तर सरकारी वित्त हस्तान्तरणको रकम प्राप्त गर्न समन्वय र पैरवी गरी सार्वजनिक स्रोत परिचालन गर्न ध्यान दिएको छ ।

आन्तरिक राजस्व वृद्धि गर्ने, करको दर र दायरा बढाउने र गाउँपालिकामा भएको स्रोत साधनलाई सकेसम्म गरिब तथा विपन्न समुदाय सम्म पुगोस भन्नका लागि सोही अनुसारका नीति तथा कार्यक्रम तर्जुमा गर्ने गरेको छ । गाउँपालिकाबाट सम्बन्धित वडाहरुमा बजेट उपलब्ध गराउने गरिएको छ । वडाको आवश्यकता अनुसार न्यूनतम ४० लाख देखि ५० लाख सम्म बजेट विनियोजन गरिएको छ । यस बाहेक वडामाा सामाजिक सुरक्षा अन्तर्गत विभिन्न शिर्षकमा भत्ता वितरण पनि गर्ने गरिएको छ ।

### २.६.४ योजना व्यवस्थापन

योजनाहरु सकेसम्म छिटो सम्पन्न होस भन्नका लागि समयमा अनुगमन गर्ने तथा प्रक्रियालाई सहज र सरल बनाउन आवश्यक कार्यविधि बनाइएको छ । योजना निर्माणको कामलाई व्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिका भित्र योजना शाखा मार्फत योजना व्यवस्थापनका कामहरुलाई सहजीकरण गर्ने गरिएको छ । संघीय सरकार, प्रदेश सरकार तथा अन्य संघ- संस्थाहरु सँगको समन्वय तथा सहकार्यमा आयोजनाहरु कार्यान्वयन भइरहेका छन्। सभावाट स्वीकृत वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयन भइ नियमित अनुगमन तथा मुल्याङ्कन समेत भइरहेको छ । राज्य पुनर्संरचना मार्फत तमानखोला गाउँपालिका स्थापना भएसँगै प्रचलित कानुन तथा ऐन बमोजिम योजना व्यवस्थापन गरी योजनाबद्ध विकासको सुरुवात गरेको हो ।

उपाध्यक्षको संयोजकत्वमा रहेको बजेट तथा कार्यक्रम तर्जुमा समितिको सिफारिसमा गाउँ सभाद्वारा वार्षिक नीति तथा कार्यक्रम अनुमोदन गरी वार्षिक योजना तर्जुमा तथा बजेट विनियोजन गर्ने नियमित परम्परा रहेको छ । योजना व्यवस्थापनको क्षेत्रमा यस गाउँपालिकाले विभिन्न योजना तर्जुमा, कार्यान्वयन तथा योजना अनुशासन कायम गर्ने दिशामा महत्वपूर्ण उपलब्धि हासिल गरेको छ। सहभागीतामूलक योजना तर्जुमाको अभ्यास गरी गाउँ सभाबाट स्वीकृत बजेट तथा नीति, कार्यक्रमलाई वेबसाइट र सूचना पाटी मार्फत सार्वजनिक गर्ने अभ्यास भैरहेको छ। स्वीकृत नीति, ऐन तथा नियम व्यवस्थाका आधारमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने र सो अनुसार प्रक्रिया तथा नियम पालना र अनुगमनको अभ्यास समेत भइरहेको छ।

# परिच्छेद ३: सोच तथा विकासको अवधारणा

## ३.१ पृष्ठभूमि

दिगो विकास लक्ष्यहरु, सोहौँ राष्ट्रिय योजनाका उद्देश्यहरू, नेपालको दीर्घकालीन सोच र गण्डकी प्रदेश सरकारले लिएका आ-आफ्ना दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यसँग तादम्यता गर्दै तमानखोला गाउँपालिकाको दोस्रो आवधिक विकास योजना तयार गरिएको छ । उपलब्ध पूर्वाधार र स्थानीय जनताको आर्थिक स्थितिको पारिस्थितिक सन्तुलन कायम राखेर भौतिक, सामाजिक, वाताबरण तथा विपद् व्यवस्थापन, आर्थिक पूर्वाधारको दिगो एकीकृत विकास योजना मार्फत स्थानीय जनताको आर्थिक स्थिति र जीवनस्तर उकास्ने र समुन्नत तमानखोला गाउँपालिका निर्माणको लागि यो आवधिक विकास योजना तयार गरिएको छ । साथै गाउँपालिका संस्थाको क्षमता र वित्तीय व्यवस्थापनलाई सुदृढ पार्न, संस्थागत क्षमता र वित्तीय लक्ष्य समयमै हासिल गर्न आवधिक विकास योजना सहयोगी हुने छ । गाउँ कार्यपालिकाको नेतृत्व, राजनीतिक नेतृत्व, विषयगत शाखा तथा विकासका सरोकारवालाहरूको सहभागितामा तमानखोला गाउँपालिकाको समग्र विकास प्रक्रियालाई मार्गदर्शन प्रदान गर्ने उद्देश्यको साथ दीर्घकालीन सोच तयार गरिएको छ।

नेपालको संविधान २०७२ को कार्यान्वयन पश्चात् संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न संविधान सभाबाट पारित गरी जारी भएको नेपालको संविधान २०७२ ले देशको शासन संघ, प्रदेश र स्थानीय तहका सरकारहरूले आपसी समन्वयबाट गर्ने संबैधानिक व्यवस्था गरेको छ । संवैधानिक व्यवस्था अनुसार संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरि तीन तहको हुने र राज्य शक्तिको प्रयोग तीनै तहले संविधान र कानून बमोजिम गर्ने र संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार आर्थिक क्षेत्र भित्रका विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था संविधानको **धारा ५९** ले गरेको छ । नेपालको संविधान २०७२ अनुसूचि-८ अन्तर्गत स्थानीय सरकारका विकास योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्ने एकल अधिकार स्थानीय सरकारलाई प्राप्त भएकोले सोहीबमोजिम स्थानीय तहमा तमानखोला गाउँपालिकाले यो आवधिक योजना तयार पारेको हो ।

संघीय शासन प्रणालीअनुसार गाउँपालिकाले नेपाल सरकार र प्रदेश सरकारले अवलम्बन गरेका समष्टिगत आर्थिक नीति र दीर्घकालीन सोचसँग मेल खाने गरी योजना बनाएको छ । कतिपय नीति कार्यान्वयन गर्न तीनै तहका सरकारबीच एकीकृत प्रयास आवश्यक छ। राष्ट्रिय र प्रदेशस्तरीय उद्देश्य, समृद्धि र प्रगतिको लागि सार्वजनिक क्षेत्रका अतिरिक्त सहकारी र निजी क्षेत्रसँगको सहकार्य र साझेदारी आवश्यक छ। संघ, प्रदेश र स्थानीय तहका सरकारका नीति, योजना, बजेट र कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न तीनै तहले तयार पार्ने नीति, योजना, बजेट र कार्यक्रमहरू आवश्यक छन्।

तमानखोला गाउँपालिकाले यो आवधिक विकास योजना कार्यान्वयन गर्नका लागि गाउँपालिकास्तरीय राजनीति दलहरू, नागरिक समाज, नीजि क्षेत्र, गैरसरकारी संघ संस्थाहरूसँग साझेदारी र सहकार्य गर्ने छ। गाउँपालिकाका निर्वाचित पदाधिकारीहरू र कार्यरत कर्मचारीहरूको क्षमता विकास गरी उनीहरूको इमान्दारिता र कार्यदक्षता अभिवृद्धि गरी

छिटो, छरितो, पारदर्शी र उत्तरदायीपूर्ण तरिकाले कार्यान्वयन गर्न आवश्यक हुन्छ। कार्यक्रमबाट फाईदा लिन लक्षित वर्गहरू जस्तै महिला, बालबालिका, युवा, अपाङ्गता भएका व्यक्तिहरू, दलित, जनजाति, विपन्न, ज्येष्ठ नागरिक आदिको सक्रिय सहभागितालाई सुनिश्चित गरी उनीहरूको अपनत्व अभिवृद्धि गरिनेछ।

तमानखोला गाउँपालिकाभित्र अनेकन विकासका सम्भावनाहरु रहेका छन। जसलाई गाउँपालिकाले अल्पकालिन तथा दीर्घकालिन योजना मार्फत कार्यान्वन गर्नुपर्ने हुन्छ। योजनाहरुका लागि विषय विज्ञ, प्राविधिकहरुको सल्लाह सुझाव अपरिहार्य रहेको हुन्छ। तमानखोला गाउँपालिका प्राकृतिक, सामाजिक, सांस्कृतिक रुपमा विविधतायुक्त रहेको क्षेत्र हो। गाउँपालिका नागरिकले चाहेको विकासको प्रसस्त सम्भावना रहेकोले त्यसमा गाउँपालिकाले विशेष ध्यान दिनुपर्ने अवस्था रहेको छ।

## ३.२ प्रमुख समस्या तथा चुनौती

बागलुङ जिल्लाका १० स्थानीय तह मध्ये एक दुर्गम स्थानीय तह तमानखोला गाउँपालिका हो। रणनीतिक सडकका रुपमा बुर्तिबाङ बोङ्गादोभान, तमान हुदैं म्याग्दी जोड्ने सडक भएता पनि भौगोलिक बिकटता कारण पुर्वाधार विकास, सेवा प्रवाह तथा आर्थीक विकासमा कठीनाई भोग्नु परीरहेको छ। तुलनात्मक रुपमा समतल भू-भाग कम रहेको र धेरैजसो भूभाग डाँडाकाँडाले घेरिएको यस गाउँपालिकामा सामाजिक, आर्थिक, भौतिक पूर्वाधार, पर्यटकीय विकासका प्रशस्त सम्भावनाहरु रहदा रहदै पनि त्यत्तिकै मात्रमा समस्या तथा चुनौतीहरु पनि रहेका छन्।

तमानखोला गाउँपालिकाका सबै वडाहरू ग्रामीण क्षेत्रमा रहेका र धेरैजसो भू-भागहरू वनजङ्गलले ढाकेको, चरन क्षेत्र, पाखा, खोला, वगर, भिरपाखा रहेकोले पनि कृषिको आधुनिकीकरण गरी व्यवसायिक कृषिलाई प्रवर्द्धन गर्ने चुनौति रहेको छ। गाउँपालिकाको बार्षिक योजनाले कृषि र पर्यटन क्षेत्रको विकासमा पर्याप्त बजेट विनियोजन गर्न नसकेको कारण आयआर्जन र रोजगारी प्रवर्द्धनमा गाउँपालिकाले उल्लेख्य योगदान पुर्‍याउन सकेको छैन। वडाहरूमा विभिन्न प्रकारका अन्न बाली, फलफूल, तरकारी, पशुपालन जस्ता व्यवसायहरू सुरु भएता पनि बजारीकरणको अभावको कारण उत्पादित वस्तुहरूले सहजरुपमा बजार पाउन सकेको अवस्था छैन। यसबाट भविष्यमा कृषि तथा पशु व्यवसायमा युवाहरूलाई आकर्षण गर्ने विषय गाउँपालिकाको लागि चुनौतीको रुपमा खडा हुने देखिएको छ। गाउँपालिका अर्न्तरगतका सबै ६ वटै वडाहरू सडक सञ्जालले जोडिएको भएतापनि सडकहरू साँघुरा, जीर्ण तथा कच्ची अवस्थामा रहेका छन्। यसरी सबै वडाको वडा केन्द्रसम्म कालोपत्रे वा ग्राभेल गर्ने कार्य गाउँपालिकाको लागि चूनौतीपूर्ण रहेको छ। पर्यटकीय सम्भावना बोकेको सोलेको डाँडो, बराह ताल, सिद्धबराह लगायत क्षेत्रहरु धार्मिक एवम् पर्यावरणीय र प्राकृतिक सौन्दर्यताको दृष्टिले मनोरम स्थल भएतापनि सडक यातायातको सहज पहुँच नभएको कारण सहजरुपमा आवतजावत गर्न कठिन छ। गाउँपालिका क्षेत्रभित्र रहेको प्रमुख समस्या तथा चुनौतीलाई बुँदागत रुपमा देहायअनुसार तालिका ३६ उल्लेख गरिएको छ।

**तालिका ३६: गाउँपालिकाका विद्यमान क्षेत्रगत समस्या तथा चुनौतिहरु**

| क्षेत्र | समस्या | चुनौती |
|---|---|---|
| **पूर्वाधारको विकास** | | |
| पूर्वाधार निर्माण | भौतिक पूर्वाधारको निर्माण गुणस्तरीय नहुनु, | निर्धारित समय र लागतमा गुणस्तरीय भौतिक पूर्वाधारको निर्माण सम्पन्न गर्नु |
| | भौतिक पूर्वाधारहरू तथा संरचनाहरु अपाङ्गमैत्री, अशक्त तथा बालमैत्री नहुदा सेवाको सहज पहुँचमा कठिनाई | पूर्वाधार निर्माणलाई अपाङ्गमैत्री, अशक्त तथा बालमैत्री बनाउने |
| | पूर्वाधारहरू वातावरणमैत्री तथा विपद प्रतिरोधी नहुनु, | पूर्वाधार निर्माण गर्दा वातावरण संरक्षण र विपद जोखिम न्यूनीकरणलाई ध्यान दिई गराउनु |
| वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण | वस्ती तथा सार्वजनिक निर्माणलाई व्यवस्थित गर्न नसक्नु भूमि तथा भूमिस्रोतको दिगो सदुपयोग गर्न परिमार्जित भू-उपयोग नीति, २०७२ अनुरूप भवन तथा वस्ती विकास हुन नसक्नु | वस्ती तथा सार्वजनिक निर्माणको मापदण्ड लागु गर्ने तथा भवन संहिता लागु गर्ने |

| क्षेत्र | समस्या | चुनौती |
|---|---|---|
| | मौलिक घरहरु निर्माण भन्दा आधुनिक RCC घरहरु प्रती आर्कषण बद्नु | मौलिक घरहरु निर्माण तथा वास्तुकलामा जोड दिनु |
| | घट्दो जन्म दर तथा बढ्दो बसाइसराइ | घट्दो जन्म दर तथा बढ्दो बसाइसराइ लाई नियन्त्रण गरी गाउँपालिकाको जनसख्या वृद्धि दरलाई सन्नतुलित राख्ने |
| सडक, पुल र यातायात | स्तरीय डिजाइन र मापदण्ड विना अव्यवस्थित सडक निर्माण तथा सडक यातायातको सहज पहुँच हुन नसक्नु | छरिएर रहेका वस्तीहरूमा सडक विस्तार गर्नु, बाह्रै महिना भरपर्दो र सुरक्षित सडक संरचना निर्माण गर्ने |
| विद्युत् तथा वैकल्पिक ऊर्जा | सबै घरधुरीमा सफा र प्रशस्त उर्जाको उपलब्धता तथा प्रयोग हुन नसकेको | सबै घरपरिवारलाई सफा र प्रशस्त उर्जाको पहुँचा ल्याउनु र उज्यालो गाउँपालिका बनाउनु |
| सूचना, सञ्चार तथा प्रविधि | सूचना प्रविधिको सहज पहुँच हुन नसक्नु तथा प्रविधिको गलत प्रयोग बढ्दै जानु | सूचना प्रविधिको विकासबाट आउनसक्ने विकृति र विसङ्गती नियन्त्रणका निम्ति पर्याप्त उपायहरू गर्नु |
| | दुर्गम वस्तीहरूमा मोबाइल फोनका ***Network Coverage,*** इन्टरनेटको पहुँच कम हुनु | दुर्गम वस्तीहरूमा मोबाइल ***Network Coverage,*** इन्टरनेटको पहुँच पुर्‍याउनु |
| **सामाजिक विकास** | | |
| स्वास्थ्य तथा पोषण | आधारभूत स्वास्थ्य सेवा एवम स्वास्थ्य संस्थाहरुमा औषधी, आवश्यक प्रयोगशाला, गुणस्तरीय स्वास्थ्य सेवा तथा अपांगमैत्री सुविधाको अभाव | आधारभूत, गुणस्तरीय, सहज, सुलभ स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्ने |
| शैक्षिक विकास | विद्यालयहरुमा विद्यार्थी संख्या दिनानुदिन घट्दै गैरहनु र अभिभावकहरुमा नीजि शिक्षण संस्थाहरु प्रतिको आकर्षण बढ्नु | सामुदायिक विद्यालय प्रतिको भरोसा एवम् विश्वासलाई कायम राख्नु साथै शक्षालाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउनु |
| | मौलिक भाषा, कला, संस्कृतिको संरक्षण हुन नसक्नु | भाषा, कला, संस्कृतिको संरक्षण सम्बन्धी दिगो योजना तथा संस्थागत संरचना |
| | प्राविधिक र जीवन उपयोगी शिक्षाको व्यवस्था हुन नसक्नु, परम्परागत शिक्षण सिकाइ | प्राविधिक तथा व्यवसायिक शिक्षामा जोड |
| खानेपानी तथा सरसफाई | सबै वस्तीहरूमा नियमित रुपमा आधारभूत तहको खानेपानीको आपुर्ति नभएको | सबै घरधुरीमा स्वच्छ खानेपानी उपलब्ध गराउनु |
| | पुर्ण रुपमा एक घर-एक खानेपानी योजना कार्यान्वयन हुन नसक्नु | खानेपानीका स्रोत र बजेट अभाव |
| | वातावरणीय प्रभाव, जलवायु परिवर्तन, अव्यवस्थित वस्ती विकास, सडक निर्माणका कारण खानेपानीका स्रोतहरू सुक्दै जानु र स्रोत प्रदूषित हुदै जानु | योजना विहिन वस्ती विकास तथा अव्यवस्थित पूर्वाधार निर्माण |
| | खुल्ला स्थानहरुमा नै फोहोरको अन्तिम विसर्जन गर्ने अभ्यास हुनु | व्यवस्थित सरसफाई केन्द्र तथा ल्याण्डफिल साइटको निर्माण एवम व्यवस्थापन |
| लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | लैङ्गिक समानताको अवधारणा व्यवहारमा आउन नसकेको | लैङ्गिक समानता सम्बन्धी कानूनी र व्यवहारिक अभ्यास विच सामाञ्जस्यता विकास गर्नु |
| | परम्परागत चिन्तन शैलीमा व्यापक परिवर्तन नभइसकेकोले, लैङ्गिकता, सामाजिक विभेद | लैङ्गिकता, सामाजिक विभेद लगायतका सामाजिक सन्तुलनका विषयहरूमा प्रशस्त जागरण गर्नुपर्ने |
| युवा, खेलकुद तथा कला | बेरोजगार दर उच्च, युवाहरू विदेश पलायन हुनु, | युवा जनशक्तिलाई गाउँपालिकाकै विकासमा केन्द्रित गरी बस्ने वातावरण सृर्जना गर्नुपर्ने |
| | खेल मैदानहरु तथा पूर्वाधार विकास न्यून | खेल मैदानहरु तथा पूर्वाधार विकास गर्नुपर्ने |
| **आर्थिक विकास** | | |
| कृषि तथा खाद्य सुरक्षा | मनसुनमा आधारित, निर्वाहमुखी र परम्परागत खेती प्रणाली, न्यून उत्पादन र उत्पादकत्व, जग्गा बाँभो राख्ने प्रवृत्तिमा वृद्धि हुनु, | कृषिको यान्त्रिकीकरण र व्यवसायीकरण गरी उच्च उत्पादकत्व र उत्पादन हाँसिल गर्ने र बजारीकरण गर्नुपर्ने |
| | कृषि तथा स्थानीय उपजमा आधारित उद्योगहरूको विकास हुन नसकेको | कृषिमा आधारित उद्योगहरूको विकास गर्नुपर्ने |

| क्षेत्र | समस्या | चुनौती |
| --- | --- | --- |
| | बाली संरक्षण र भण्डारणको उचित व्यवस्था हुन नसक्नु, | बन्यजन्तुबाट वाली संरक्षण गर्ने र भण्डारणको उचित व्यवस्थापन र विशेष गरी बादर,बंदेल व्यवस्थापन |
| | वर्ष भरी खान पुग्ने घरधुरी जम्मा २.६० % रहेको | न्युन कृषियोग्य भुमी, गरीबी |
| सिंचाइ सुविधाको अवस्था | सिंचाइको पर्याप्त सुविधा नहुनु, भिरालो पहाडी भू-भागमा सिंचाई सुविधाको अभाव | सम्पूर्ण सिंचाईयोग्य जमिनमा सिंचाई सुविधा पुऱ्याउनु |
| पर्यटन तथा संस्कृति | सम्भाव्य पर्यटकीय क्षेत्रहरुको प्रचारप्रसारमा कमी र स्थानीय उत्पादनसँग तादात्म्यता हुनु नसक्नु | पर्यटन विकासको क्षेत्र विकासको लागि दिगो योजना बनाउने साथै पर्यटन पूर्वाधारमा लगानी विस्तार गर्नु |
| उद्योग, व्यापार, व्यवसाय र आपूर्ति | घरेलु तथा साना उद्योग प्रतिस्पर्धी हुन नसक्नु | साना तथा मझौला कृषि तथा वनजन्य प्रशोधन र खनिजजन्य उद्योगहरूको स्थापना र सञ्चालनको वातावरण निर्माण गर्नु |
| आम्दानी, रोजगारी र वित्तीय सेवा | श्रम बजारको माग अनुसार श्रमशक्ति उत्पादन नहुनु, सीपयुक्त मानव संसाधनको अभाव, अधिकांश युवा वर्ग बेरोजगार हुनु | श्रम बजारको माग अनुसारको श्रमशक्ति उत्पादन गर्नु र उत्पादित जनशक्तिको लागि रोजगारी सिर्जना गर्नु |
| | बैङ्क तथा वित्तीय संस्थाको कमजोर लगानी क्षमता र उत्पादन क्षेत्रमा न्यून लगानी | नेपाल सरकारको नीतिगत प्रावधान |
| गाउँपालिकाको अर्थतन्त्र | ग्रामीण क्षेत्रको अर्थतन्त्र निर्वाहमुख र आयतमा निर्भर | आत्मनिर्भर अर्थतन्त्र बनाउनु, निर्यातमूलक अर्थतन्त्र बनाउनु |
| वाणिज्य | आयतित उपभोग्य वस्तु तथा निर्माण सामग्रीको बाहुल्यता | गाउँपालिकामा तुलनात्मक लाभ भएका उपभोग्य वस्तु तथा निर्माण सामग्रीको उत्पादन र प्रयोगमा वृद्धि गर्नु |
| **वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था** | | |
| वन तथा जैविक विविधता | आर्थिक उपार्जनसँग कमजोर सम्बन्ध रहेको संरक्षणमुखी वन व्यवस्थापन प्रणाली | संरक्षण र जनताको आय आर्जन सँगसँगै हुने वन व्यवस्थापन प्रणालीको विकास गर्नु |
| भूसंरक्षण तथा जलाधार व्यवस्थापन | भूसंरक्षण तथा जलाधार व्यवस्थापन अभाव | भूसंरक्षण तथा जलाधार व्यवस्थापन गर्नुपर्ने |
| वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन | जलवायु परिवर्तनले स्थानीय उत्पादनमा प्रतिकुल प्रभाव पर्नु | जलवायु परिवर्तनको प्रभाव वहन गर्न सक्ने जलवायु अनुकुलन उत्पादन प्रणाली विकास गर्नु |
| महामारी तथा विपद् व्यवस्थापन | महामारी तथा विपद् व्यवस्थापन अभाव | महामारी तथा विपद् व्यवस्थापन गर्नुपर्ने |
| **सुशासन तथा संस्थागत व्यवस्था** | | |
| सुशासन | सार्वजनिक सेवालाई सरल, पारदर्शी, जवाफदेही, गुणस्तरीय, परिणाममुखी र नागरिकमैत्री हुन नसक्नु | सार्वजनिक सेवा प्रवाह संस्थागत बनाउनु |
| | दीर्घकालीन सोचका आधारमा योजनाबद्ध विकास प्रक्रिया अघि बढाउने परिपाटीको थालनी तर सोही अनुरूप कार्यान्वयन नहुनु | योजनाबद्ध विकास र बजेट अभाव |
| | आवश्यक तथ्याङकहरु अद्यावधि नहुनु | तथ्याङकहरु अद्यावधि गर्नुपर्ने |
| | भ्रष्टाचार तथा फजुल खर्चको नियन्त्रण नहुनु | भ्रष्टाचार तथा फजुल खर्चको नियन्त्रण गरी प्रभावकारी प्रशासन संयन्त्रको विकास गर्नु |
| संस्थागत व्यवस्था | आन्तरिक स्रोतको परिचालन तथा व्यवस्थापन पर्याप्त मात्रामा हुन नसक्नु, | विषयगत शाखाहरूमा जनशक्तिको अभाव हुनु तथा कर्मचारीको छिटो-छिटो तथा अप्रत्यासित सरुवा हुनु |

## ३.३ प्रमुख सबल पक्ष र सम्भावना तथा अवसर

न्यून स्रोत साधन, दक्ष जनशक्ति, भौगोलिक विकटता, पराम्परागत जीवन शैली, सामाजिक मूल्य मान्यता, आधुनिक विकासमा न्यून पहुँच हुँदा हुँदै पनि गाउँपालिकाले आधारभूत भौतिक पूर्वाधार, सामाजिक आर्थिक, वातावरणीय तथा

विपद व्यवस्थापन, सुशासन क्षेत्रमा थुप्रै अनुसरणीय कार्य एवम् सफलता हासिल गर्ने अवस्थामा रहेको छ । गाउँपालिकाको प्रमुख सबल पक्षहरू देहवमोजिम तालिकामा उल्लेख गरिएको छ ।

तमानखोला गाउँपालिकाले युवा जनशक्तिहरुको पूर्ण सदुपयोगद्धारा कृषि, पर्यटन एवम् साना, मझौला कृषि तथा वनजन्य प्रशोधन र खनिजजन्य उद्योगहरूको स्थापना गरी तमानखोलाबासीहरुको आर्थिक स्तर उकास्न सकिने सम्भावना साथै अवसरहरु रहेको छन् । आफ्नो क्षेत्रभित्र रहेका आर्थिक, प्राकृतिक तथा मानवीय स्रोत र साधनको परिचालन गरी समृद्धिको मार्गमा अगाडि बढ्ने महत्वपूर्ण अवसर रहेका छन् । गाउँपालिकाका विकास र समृद्धिका मुख्य अवसरहरूलाई निम्न रूपमा उल्लेख गर्न सकिन्छ ।

**तालिका ३७: गाउँपालिकाका विद्यमान क्षेत्रगत सबल पक्ष तथा सम्भावना तथा अवसरहरु**

| क्षेत्र | सबल पक्ष | सम्भावना तथा अवसर |
|---|---|---|
| **पूर्वाधारको विकास** | | |
| पूर्वाधार निर्माण | भौतिक पूर्वाधारको निर्माण कार्य भई रहेको | आधाभूत भौतिक पूर्वाधारहरुको निर्माण तथा संरक्षण |
| | भौतिक पूर्वाधारहरू तथा संरचनाहरु अपाङ्गमैत्री, अशक्त तथा बालमैत्री, वातावरणमैत्री बनाउने प्रयास | |
| वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण | मौलिक वस्ती तथा आवास निर्माणमा प्रोत्साहन | मौलिक घरहरु निर्माण तथा वास्तुकला |
| | प्राविधिक रेखदेख र नक्सा, डिजाईन नक्शा तयार पार्नुपर्ने चेतनाको विकास | व्यवस्थित आवास, भवन तथा सार्वजनिक निर्माण |
| सडक, पुल र यातायात | सडक गुरुयोजना २०८० तयार पारेको | गाउँपालिका स्तरीय चक्रीय सडक –Ring Road विकासको अबधारणा |
| | बुर्तिबाङ-बोङ्गादोभान-रिक्लाङ-तमान-म्याग्दी सडकले :मध्य पहाडी राजमार्गसँग जोडीएको | छिमेकी स्थानीय तह बस्ति तथा ढोरपाटन आरक्षण क्षेत्र सडक सञ्चालन जोड्न सकिने |
| | सबै वडाहरू र अधिकांस वस्तीमा सडक सञ्जालले जोडिएको | ग्रामिण सडक तथा पैदल मार्ग निर्माण गर्न सकिने |
| | मोटरसाइकल, जीप, पिकअप आदि यातायात पहुँच | म्याग्दीको मालिका गाउँपालिका, बडिगाड गाउँपालिका, ढोरपाटन नगरपालिका एवम् अन्य स्थानीय तहसँग समन्वयन गरी नगर यातायात सञ्चालन तथा विस्तार गर्न सकिने, |
| विद्युत् तथा वैकल्पिक ऊर्जा | ९८.२८ % घर परिवारको विद्युतमा पहुँच (लघु जलविद्युतका परियोजना) | केन्द्रीय प्रसारण लाइनको विद्युत सेवा बिस्तार |
| सूचना, सञ्चार तथा प्रविधि | सूचना प्रविधिको सहज पहुँच हुन नसक्नु तथा प्रविधिको गलत प्रयोग बढ्दै जानु | सूचना प्रविधिको विकासबाट आउन सक्ने विकृति र बिसङ्गति नियन्त्रणका निम्ति पर्याप्त उपायहरू गर्नु |
| | NTC, NCELL, TV, Internet, Radio, हुलाक सेवा विस्तार | ***Network Coverage*** तथा सेवा विस्तार गर्ने सकिने |
| **सामाजिक विकास** | | |
| स्वास्थ्य तथा पोषण | आधारभूत स्वास्थ्य सेवा | गुणस्तरीय स्वास्थ्य सेवाका लागि बुर्तिबाङ्ग स्वास्थ्य चौकी रहेको |
| शैक्षिक विकास | साक्षरता दर वृद्धि एवम आधारभूत शिक्षा सेवा विस्तार | उच्च शिक्षाका लागि बुर्तिबाङ, बाग्लुङ, पोखरा तथा शहरी क्षेत्रहरु संग सहज पहुँच रहेको |
| | शिक्षामा लगानी वृद्धि, शौक्षिक सुधार कार्यक्रम सञ्चालन स्थानीय पाठ्यपुस्तक निर्माण, पठन-पाठन सुरुवात | |
| खानेपानी तथा सरसफाई | अधिकांश घर परिवार (९४.६४ %) प्रतिशत परिवारले पाइप / धारा को खानेपानी प्रयोग | खानेपानी मुहान सरंक्षण तथा Rain Water Harvesting |
| | सरसफाई अभियान निरन्तर सञ्चालन | म्याग्दीको मालिका गाउँपालिका, बडिगाड गाउँपालिका ढोरपाटन नगरपालिका एवम् अन्य स्थानीय तहसँग समन्वयन गरी सरसफाई केन्द्र स्थापना, सञ्चालन तथा विस्तार गर्न सकिने, |

| क्षेत्र | सबल पक्ष | सम्भावना तथा अवसर |
|---|---|---|
| लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | लैङ्गिकता, सामाजिक विभेद, परम्परागत चिन्तन शैलीमा सुधार भैरहेको | जनचेतना |
| युवा, खेलकुद तथा कला | युवाहरु कृषि,पशुपालन, व्यासय एवम आर्थिक गतिविधिहरुमा बढ्दो आर्कषण | प्राचिन खेल, पेशा, कला, अमुर्त कला आदिको संरक्षण |
| | तारो हान्ने खेल र भलिबल खेल बढी प्रचलनमा | |
| **आर्थिक विकास** | | |
| कृषि तथा खाद्य सुरक्षा | ८१.३ प्रतिशत जनसंख्याको मुख्य पेशा कृषि तथा पशुपालन | बोंङ्गादोभान र बुर्तिबाङ, बागलुङ, पोखरा र काठमाडौं जस्ता शहरहरूमा निर्यात |
| सिंचाइ सुविधाको अवस्था | स्थानीय स्रोत, प्रविधिको प्रयोग | स–साना सिंचाई आयोजना |
| पर्यटन तथा संस्कृति | आधारभूत पूर्वाधारसहितको पर्यटकीय स्थलको सख्या २ सोलेको डाँडा र बराह ताल क्षेत्र | नयाँ पर्यटकीय गन्तव्यको पहिचान, प्रमुख पर्यटकीय स्थलहरूसम्म पर्यटक पथ लगायत आवश्यक पूर्वाधारहरू निर्माण |
| उद्योग, व्यापार, व्यवसाय र आपूर्ति | घरेलु तथा साना उद्योग प्रतिको बढ्दो आर्कषण | साना तथा मझौला कृषि तथा वनजन्य प्रशोधन र खनिजजन्य उद्योगहरूको स्थापना, बोंङ्गादोभान र बुर्तिबाङ, बागलुङ, पोखरा र काठमाडौं जस्ता शहरहरूमा बजारिकरण |
| आम्दानी, रोजगारी र वित्तीय सेवा | आम्दानीको मुख्य स्रोतमा वैदेशिक रोजगारी, जागिर, कृषि तथा पशुपालन, | युवा जनशक्तिलाई गाउँपालिकाकाकै विकासमा केन्द्रित |
| | बैङ्क तथा वित्तीय संस्थाको बिस्तार | बैंकहरुको सुबिधाको लागी बुर्तिबाङ्ग |
| गाउँपालिकाको अर्थतन्त्र | ग्रामीण क्षेत्रको अर्थतन्त्र कृषि तथा पशुपालन | आत्मनिर्भर अर्थतन्त्र, निर्यातमूलक अर्थतन्त्र बनाउन सकिने |
| वाणिज्य | स्थानीय खाद्य वाली, तरकारी, अन्न, जडिबुटी, मासु, हस्तकला, फर्निचर लगाएत बस्तुहरुको र्नियात बढ्दो | छिमेकी स्थानीय तह, बुर्तिबाङ, बागलुङ, पोखरा र काठमाडौं जस्ता शहरहरू |
| **वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था** | | |
| वन तथा जैविक विविधता | वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता र जलाधार | पर्यापर्यटन, जलविद्युत, कृषि, पशुपालन, स्वच्छ पर्यावरण र वन तथा जडीबुटीमा आधारित उद्योग |
| भूसंरक्षण तथा जलाधार व्यवस्थापन | भूसंरक्षण तथा जलाधार व्यवस्थापन प्रयासको थालनी | भू तथा जलाधार क्षेत्रबाट आर्थिक लाभ लिन सकिने |
| वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन | टोल विकास संस्थाहरु, युवाक्लब, सम्बन्धित गैरसरकारी संस्थाहरुसँग प्रभावकारी समन्वय गर्दै वातावरण व्यवस्थापन, फोहोर व्यवस्थापन, सरसफाई, वातावरण संरक्षण सम्बन्धी अभिमुखिकरण जस्ता क्रियाकलापहरु सञ्चालन | एकीकृत र योजनाबद्ध विकास |
| महामारी तथा विपद् व्यवस्थापन | स्थानीय जनसमुदाय, राजनीतीक अगुवा, सुरक्षा निकाय र अन्य टोलीहरु बिच समन्वय गरी विपत्तिका समयमा सक्रिय | प्रकोप नियन्त्रण योजना, प्रकोपबाट बच्ने उपायका बारेमा सचेतनामूलक कार्यक्रम |
| **सुशासन तथा संस्थागत व्यवस्था** | | |
| सुशासन | गाउँपालिकाकाले हालसम्म २१ वटा ऐन, ४ वटा नियमावली, ३ वटा निर्देशिका, ५० वटा कार्यविधि, २ वटा मापदण्ड तथा आचारसंहिता कार्यान्वयनमा | असल सार्वजनिक सेवा प्रवाह , संघीय तथा प्रादेशिक संवैधानिक निकाय तथा आयोगसँगको सम्पर्क र समन्वय |
| | पारदर्शी, जबाफदेही, उत्तरदायी र सहभागीतामूलक स्थानीय शासन र प्रतिस्पर्धी र गुणस्तरीय स्थानीय सेवा सहितको सदाचारयुक्त शासन प्रणाली | योजनाबद्ध विकास र बजेट तयार |
| संस्थागत व्यवस्था | आन्तरिक स्रोतको परिचालन तथा भरपुर व्यवस्थापन | नेपाल सरकार, प्रदेश सरकार र सहयोगी निकायहरूको सहयोग र सहजीकरणमा संघीय |

| क्षेत्र | सबल पक्ष | सम्भावना तथा अवसर |
|---|---|---|
| | | शासन प्रणाली, कानुन निर्माण, विषयगत सेवा प्रवाह, योजना तर्जुमा |

## ३.४ निर्देशक सिद्धान्त

तमानखोला गाउँपालिकाको दोस्रो आवधिक विकास योजनाले परिलक्षित गरेको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य हासिल गर्न साथै आवधिक विकास योजनाको प्रभावकारी कार्यान्वयनका लागि निम्नानुसारका निर्देशक सिद्धान्तहरु पहिचान गरिएको छ ।

### (क) वातावरण सन्तुलन तथा दिगो विकासको सिद्धान्त

- आवधिक योजनाले लक्षित उपलब्धीहरुलाई आर्थिक, सामाजिक, तथा वातावरणीय रुपमा सन्तुलित राख्दै स्थानीय स्रोत र साधनहरुको आत्मनिर्भरतामा आधारित विकास कार्यक्रमहरुलाई दिगोपना प्रदान गर्ने तर्फ जोड दिईनेछ ।
- संघिय, प्रादेशिक तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताहरुलाई स्थानीयकरण गर्दै दिगो विकास लक्ष्य हासिल तर्फको विकास यात्रा बनाइनेछ ।
- रैथाने सँस्कृति, भुगोल, सम्भावना, पहिचान तथा परिवेशमा आधारित विकासमा जोड दिईनेछ ।
- भौतिक पूर्वाधार विकास तथा संरचना निर्माण सम्बन्धी कार्यलाई अपाङ्गमैत्री, अशक्त तथा बालमैत्री साथै वातावरणमैत्री बनाइनेछ ।
- साँस्कृति सम्पदाको संरक्षण र व्यवस्थापन गरी पर्यटन विकासमा जोड दिईनेछ ।
- प्राकृतिक स्रोत तथा वन पैदावरमा स्थानीय समुदायको पहुँच बढाउने संयन्त्रको विकास गरिनेछ ।

### (ख) उद्यमशिलता तथा व्यवसायिक कृषिजन्य उद्योग स्थापनाको सिद्धान्त

- गाउँपालिकाको वर्तमान मौलिक प्रविधिमा आधारित उत्पादन स्थितिलाई प्रतिस्पर्धात्मक बजार प्रणालीमा जोड्न स्थानीय कृषक र समुदायलाई उद्यमशिलता विकास तालिमले कृषिमा आधारित उद्यमशिलता विकास तर्फ जोड दिईनेछ ।
- बालमैत्री, महिलामैत्री तथा लैङ्गिक सन्तुलनयुक्त, युवा उद्यमी तथा रोजगारी केन्द्रीत कार्यक्रमहरुलाई प्राथमिकता दिईनेछ ।
- उत्पादनमुखी, आत्मनिर्भर र समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण गरिनेछ ।
- स्थानीय स्रोत, साधन र सीपको अधिकतम उपयोग गरी दिगो आर्थिक विकासमा टेवा पुऱ्याईनेछ ।
- कृषि क्षेत्रमा युवाहरुको आकर्षण बढाई युवा स्वरोजगार कार्यक्रमहरुलाई प्राथमिकता दिईनेछ ।

### (ग) रोजगार प्रवर्द्धन तथा कृषि पशुपालन विकासको सिद्धान्त

- आर्थिक विकासको मुख्य आधारको रुपमा रहेको कृषि खेती तथा पशुपालन, जडिबुटि, पर्यटन, व्यवसाय क्षेत्रलाई सशक्त तथा रोजगारमूलक बनाउन, मानविय स्रोत विकास, प्रचार प्रसार तथा व्यवसायिक विकासका माध्यमबाट अगाडि बढाउने सिद्धान्तलाई अगिंकार गरिने छ ।
- ग्रामीण पर्यटनको **(Rural Tourism)** विकास तथा विस्तार गरिनेछ ।

### (घ) भौतिक पूर्वाधार तथा वातावरणीय सन्तुलीत विकासको सिद्धान्तः

- विकासका आधारभूत पूर्वाधार निर्माण सँगै आम नागरिकका दैनिक आधारभूत आवश्यकता पूर्तितर्फ जोड दिईनेछ ।
- सडक यातायात, मोटेरेबल पुल, खानेपानी, विद्युत, संचार लगायतका भौतिक पूर्वाधार विकास, संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाहरुलाई नकारात्मक असर नपुऱ्याउने गरि एक आपसमा पुरक निकायका रुपमा अगाडी बढाउन जोड दिईनेछ ।
- रणनीतिक पूर्वाधारका योजनाहरूमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह बीचको सहकार्य अगाडि बढाइनेछ ।

**(ङ) साझेदारी तथा सहभागितात्मक विकासको सिद्धान्त**

- विकासको विभिन्न तह र कार्यक्रमहरु सञ्चालन गर्न स्थानीय तह, प्रदेश तथा संघिय सरकार, विभिन्न गैरसरकारी संस्थाहरु, सहकारी, निजी अंग, विकास साझेदारहरुसँग समन्वय तथा संजाल स्थापना गरी योजनाबद्ध रुपमा अगाडी बढ्ने सिद्धान्तलाई जोड दिईनेछ ।
- स्थानीय सरकार, तमानखोला गाउँपालिकाको स्वीकृति पश्चात मात्र विकास योजनाहरु सञ्चालन गर्न प्रोत्साहन गरिने छ ।
- योजना तर्जुमा तथा कार्यान्वयनका हरके चरणहरुमा सबै क्षेत्र, वर्ग, समुदाय र लिङ्गको समावेशी र समानुपातिक प्रतिनिधित्वको सुनिश्चित गरिनेछ ।
- सामाजिक परिचालनको माध्यमबाट महिला, बालबालिका, पिछडिएको र सिमान्तकृत वर्ग, अपाङ्गता भएका समुदायहरुको सशक्तीकरण गरी आर्थिक रुपले सक्षम बनाउन पहल गरिनेछ ।
- सार्वजनिक सेवा तथा कार्यक्रमको पारदर्शिता, प्रभावकारिता र उत्तरदायित्वको अभिवृद्धिका लागि उपलब्ध कानूनी व्यवस्था अनुसार सार्वजनिक सुनुवाई र परीक्षण, सामाजिक परीक्षण, नागरिक अनुगमन तथा निगरानीको औजारहरु प्रयोग गरी सुधारका प्रतिवद्धताको पालना गरिनेछ ।

**(च) लैङ्गीक तथा सामाजिक विकासको सिद्धान्त**

- विकासका सबै क्षेत्रहरुमा हुने कार्यक्रम तथा आयोजनामा महिला, दलित, आदिबासी, जनजाति तथा विपन्न वर्गको मानिसहरुको समावेसी सहभागितालाई प्रोत्साहन गरिनेछ ।
- आर्थिक तथा सामाजिक रुपमा पछाडी परेका महिला, दलित, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक लगायतका वर्गको अर्थपूर्ण सहभागिता, क्षमता विकास र आत्मनिर्मरताका अवसरहरु सृर्जना गरिनेछ ।
- लक्षित वर्गको सशक्तीकरण गरी स्थानीय संरचना तथा संयन्त्रमा अर्थपूर्ण सहभागिता लगायत रोजगारी तथा आर्थिक अवसर सृर्जना गर्ने तर्फ विशेष ध्यान दिइनेछ ।
- न्यायमा आधारित लैङ्गीक तथा सामाजिक भेदभावरहित समाज तथा सामाजिक सुरक्षामा जोड दिईनेछ ।
- शान्त, सौहाद्र, समतामूलक, समावेशी, आर्थिक, सामाजिक र साँस्कृतिक विकास मा जोड दिईनेछ

**(छ) मानव संसाधन तथा संस्थागत विकासको सिद्धान्त**

- स्थानीय आवश्यकता तथा औचित्यका आधारमा कृषि, शिक्षा, स्वास्थ्य, उद्यम व्यवसाय, खानेपानी, सरसरफाई जस्ता आधारभूत सेवाको पहुँच सुनिश्चित गरिनेछ ।

- नेपालको संविधानको भाग ४ राज्यका निर्देशक सिद्धान्त सम्बन्धी धारा ५१ (घ) (१) अनुसार तीन खम्बे अर्थनीति अनुसरण गरी, गाउँपालिकामा क्रियाशिल सरकारी गैरसरकारी क्षेत्र लगायत सहकारी र निजी, स्थानीय सामुदायिक क्षेत्रको साझेदारीलाई प्रोत्साहन गरिनेछ ।
- दक्ष मानविय संसाधन तथा सशक्त मानवीय स्रोतलाई, पुँजी निर्माण पद्धतीद्धारा प्रभावकारी तथा क्षमतावान बनाइनेछ ।
- सेवा प्रवाहमा प्रभावकारीता, सेवाग्राहीमैत्री सेवा प्रवाह र आयोजना कार्यान्वयन प्रक्रिया सरल तथा सहज बनाउने कुरालाई आवश्यक क्षमता विकास सहित प्रोत्साहनको व्यवस्था गरिनेछ ।
- स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाई, विद्युत, सञ्चार र यातायात जस्ता सेवाहरूमा सबै व्यक्तिको सहज पहुँच पुर्याउन नेपाल सरकार, प्रदेश, विकास साझेदार, निजीक्षेत्र र समुदायसँग सहकार्य गरिनेछ ।
- उपभोक्ता समितिलाई आयोजना निर्माण तथा सञ्चालन सम्बन्धी तालिमको व्यवस्था, आयोजना सञ्चालनलाई प्रभावकारी तथा पारदर्शी बनाइनेछ ।

**(ज) सुशासन पारदर्शी तथा जनकेन्द्रित विकासको सिद्धान्त**

- सुशासन तथा भ्रष्टाचार विरुद्धको शुन्य सहनशीलता र सदाचारको प्रवर्द्धन गर्न आवश्यक नीतिगत तथा व्यवहारिक प्रयत्नहरु प्रभावकारी गराइनेछ ।
- विद्युतीय सूचना प्रविधिको अधिकतम उपयोग गरी पारदर्शिता तथा जवाफदेहीताको प्रवर्द्धन गरिनेछ ।
- सेवा प्रदायक स्थलहरुको प्रभावकारी अनुगमन, दण्ड तथा पुरस्कारलाई नियमित र प्रभावकारी गरिने र नागरिक समाजसँग साझेदारी र सहकार्य संस्कृतिलाई अवलम्बन गरिनेछ ।
- असल शासन र उत्तरदायी स्थानीय सरकार बनाइने छ ।

**(झ). स्थानीय स्रोतको समुचित व्यवस्थापन सिद्धान्त**

- गाउँपालिका विकासलाई दिगो र आत्मनिर्भरतामा आधारित बनाउन यहाँका स्थानीय स्रोत साधनहरुको पहिचान, धार्मिक/साँस्कृतिक पर्यटन विकास, त्यसका समस्या, कारण तथा समाधानका उपायलाई सम्बोधन गरिनेछ ।
- गाउँपालिकाको आन्तरिक आयलाई वृद्धि गर्दै नतिजामुखि विकासका लागि आयमुखि र व्यवसायिक बनाउन समुचित व्यवस्थापनमा जोड दिईनेछ ।

## ३.५ सोच, लक्ष्य तथा उद्देश्य

तमानखोला गाउँपालिकाको सरोकारवालाहरुबाट सहभागितामूलक पद्धति अवलम्बन गरी व्यापक मात्रामा छलफल पश्चात दीर्घकालिन सोच, लक्ष्य तथा उद्देश्यहरु तयार पारिएको छ । तमानखोला गाउँपालिकाको दीर्घकालिन सोच, लक्ष्य तथा उद्देश्यहरु यसप्रकार रहेको छ ।

**दीर्घकालिन सोच**

**"सुखी र समानः समुन्नत तमान"**

**लक्ष्य**

स्रोत-साधनको समुचित परिचालन एवम् समन्यायिक वितरणद्वारा जनताको आर्थिक स्तरमा वृद्धि गर्दै सुखी, समतामूलक र सुशासनयुक्त समुन्नत तमानखोला गाउँपालिका निर्माण गर्ने ।

## उद्देश्यहरु

| | |
|---|---|
| **उद्देश्य १** | व्यवसायीक कृषि, पशुपालनमा उत्पादन, उत्पादकत्व र उद्यमशीलता सबलीकरण एवम् पर्यटकीय क्षेत्रको विकास मार्फत समुन्नत, आत्मनिर्भर एवम् निर्यातमूखी, सुव्यवस्थित र सन्तुलित अर्थतन्त्र हासिल गर्नु । |
| **उद्देश्य २** | गुणस्तरीय शिक्षा, स्वास्थ्य, पोषण, खानेपानी तथा सरससफाई, स्थानीय भाषा, मौलिक संस्कृतिको संरक्षण तथा सम्वर्द्धन, रोजगार र सामाजिक सुरक्षा एवम् आधारभूत सेवाहरुलाई सर्वसुलभ, गुणस्तरीय र समावेसी, विभेदरहित मानव विकासको उच्चतम प्रतिफल हासिल गर्ने । |
| **उद्देश्य ३** | वातावरणमैत्री दिगो भौतिक पूर्वाधारहरुको निर्माण, सहज तथा व्यवस्थित यातायात विकासलाई प्राथमिकता दिने । |
| **उद्देश्य ४** | प्राकृतिक स्रोत साधनहरुको संरक्षण तथा सम्बर्द्धन, विपद् जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशील समुदाय निर्माण गर्ने । |
| **उद्देश्य ५** | सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, प्रभावकारी एवम् असल तथा प्रविधिमैत्री शासन प्रणाली र सुशासन कायम राख्ने । |

## ३.६ परिमाणात्मक लक्ष्य

तमानखोला गाउँपालिकाको आवधिक विकास योजनाको आर्थिक, सामाजिक र भौतिक विकासको अपेक्षित परिमाणत्मक उपलब्धी, लक्ष्यहरू तलको तालिकामा प्रस्तुत गरिएको छ। यसमा तमानखोला गाउँपालिकाको अतिरिक्त संघ र गण्डकी प्रदेश सरकारले तय गरेका सूचकहरु, तिनका आधार तथ्याँक र तिनीहरुले राखेका लक्ष्यलाई समावेश गरिएको छ ।

**तालिका ३८: परिमाणात्मक लक्ष्यहरु**

| क्र.स. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०८०/८१ को यथार्थ | | आ.व. २०८५/८६ को लक्ष्य | | आ.व. २०८१/८२ को यथार्थ | आ.व. २०८६/८७ को लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल | गण्डकी प्रदेश | नेपाल | गण्डकी प्रदेश | तमानखोला गाउँपालिका | |
| **१** | **समष्टिगत आर्थिक सूचक** | | | | | | | |
| १.१ | वार्षिक आर्थिक वृद्धिदर | प्रतिशत | ३.८७ | ४.५५ | १०.५ | १०.२ | २.३ | ५ |
| १.२ | प्रतिव्यक्ति आय | अमेरिकी डलरमा | १४५६ | १५३० | १९५० | २०५० | ९०० | १२०० |
| १.३ | कृषि क्षेत्रको वृद्धिदर | प्रतिशत | ३.२५ | ३.३ | ७.२४ | ७.२४ | २.२ | ३.५ |
| १.४ | सेवा क्षेत्रको वृद्धिदर | प्रतिशत | ४.२१ | ३.८ | ७.२४ | ७.२४ | १.२ | १.८ |
| १.५ | उद्योग क्षेत्रको वृद्धिदर | प्रतिशत | ४.६५ | ४.७ | ९.२ | ९.२ | १ | १.५ |
| **२** | **अर्थतन्त्रमा कृषि तथा गैर कृषि क्षेत्रको योगदान** | | | | | | | |
| २.१ | क. कृषि | प्रतिशत | २५.६ | २५.७२ | २६ | २६ | २२.४ | २३.५ |
| २.२ | ख. गैर कृषि | प्रतिशत | ७४.४ | ७४.२८ | ७५ | ७५ | ७७.६ | ७६.५ |
| **३** | **आर्थिक क्षेत्र विकास** | | | | | | | |
| ३.१ | कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको हिस्सा | प्रतिशत | १२.४ | १७.३६ | १५ | २० | ९.५ | १२ |
| ३.२ | कुल गार्हस्थ्य उत्पादनमा कृषि तथा वन र मत्स्यपालनको हिस्सा | प्रतिशत | २५.६ | २५.७२ | ३० | ३० | २२.४ | २३.५ |
| ३.३ | प्रमुख खाद्यान्न बालीको उत्पादकत्तव (धान, मकै, कोदो, फापर, जौ र गहुँ) | मे. टन प्रति हेक्टर | ३.५ | ३.१ | ४ | ४ | २.०५ | २.१९ |
| ३.४ | आलु बालीको उत्पादकत्त्व | मे. टन प्रति हेक्टर | १६.८ | १७.३ | १८ | १८.५३ | १२.३ | १५ |

| क्र.स. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०८०/८१ को यथार्थ | | आ.व. २०८५/८६ को लक्ष्य | | आ.व. २०८१/८२ को यथार्थ | आ.व. २०८६/८७ को लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल | गण्डकी प्रदेश | नेपाल | गण्डकी प्रदेश | तमानखोला गाउँपालिका | |
| ३.५ | कृषक परिवारले चलन गरेको प्रति कित्ता जमिनको आकार | हेक्टर | २२१८४१० | १७३७७३ | २४०००००० | १८००० | १५८५ | १६०० |
| ३.६ | ३० मिनेटसम्मको दूरीमा कृषि उपज बिक्रीका लागि बजार उपलव्ध भएका कृषक परिवार | प्रतिशत | - | - | - | - | ३८ | ५० |
| ३.७ | खेतियोग्य जमिन मध्ये सिंचित जमिन | प्रतिशत | - | - | - | - | २.८ | १० |
| ३.८ | वर्षभरी सिंचाई हुने खेतियोग्य जमिन | हेक्टर | ८७९५७० | ५०८४४ | ९००००० | ५५००० | ११.२ | १७ |
| ३.९ | प्रति व्यक्ति खाद्यान्न उत्पादन | के.जि. | | ४३५ | | ४४० | ११० | १२५ |
| ३.१० | अति गरिब घरपरिवार (आफ्नो कृषि उत्पादनले ३ महिनाभन्दा कम खान पुग्ने) | प्रतिशत | - | - | - | - | ३० | १० |
| ३.११ | आफ्नो कृषि उत्पादनले ६ महिना भन्दा बढी खान पुग्ने परिवार | प्रतिशत | - | - | - | - | ७० | ९० |
| ३.१२ | बेरोजगारी दर | प्रतिशत | १२.६ | | ८ | | ४ | ३.२ |
| ३.१२ | वैदेशिक रोजगारी रहेको घरपरिवार | प्रतिशत | १४ | - | - | - | ७२.९६ | ६४ |
| ३.१३ | भ्रमण गर्ने बार्षिक पर्यटक (आन्तरिक) | संख्या | - | - | - | - | १००० | १५०० |
| ३.१४ | गरिबीको रेखा मुनी रहेको जनसंख्या | प्रतिशत | २०.२७ | ११.८८ | ८ | ७ | ३१.१५ | २५ |
| **४** | **सामाजिक क्षेत्र विकास** | | | | | | | |
| ४.१ | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ७१.३ | ७२ | ७५ | ७५ | ७३ | ७५ |
| ४.२ | ५ वर्ष मुनिको वाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | दर | ३३ | २० | १५ | १५ | ८ | ० |
| ४.३ | नवजात शिशु मृत्युदर -प्रतिहजार जीवित जन्ममा within one year | दर | २८ | ६ | १४ | ३ | ८ | ० |
| ४.४ | पहिलो बच्चा जन्माउने औषत उमेर (प्रजनन योग्य उमेरका महिला) | प्रतिशत | - | - | - | - | २१ | २३ |
| ४.५ | स्वास्थ्य संस्थामा प्रसुती गराउने गर्भवती महिला | प्रतिशत | ७७ | ७२ | ९० | ९५ | ९८ | १०० |
| ४.६ | दक्ष स्वास्थ्यकर्मीबाट प्रसुति सेवा लिएका महिला | प्रतिशत | ७४ | ७१ | ९० | ९४ | ९८ | १०० |
| ४.७ | ३० मिनेटसम्मको दूरीमा स्वास्थ्य सेवामा पहुँच रहेका परिवार | प्रतिशत | - | - | - | - | ८५ | ९५ |
| ४.८ | जनसख्या वृद्धिदर | प्रतिशत | ०.९२ | ०.२५ | | | -०.६३ | ० |
| ४.९ | पूर्ण खोप | प्रतिशत | ९५.९ | ९९ | १०० | १०० | १०० | १०० |
| ४.१० | साक्षरता दर (५ वर्ष माथि) | प्रतिशत | ७६।२ | ८२ | ८० | ८५ | ७५.५३ | ८५ |
| ४.११ | युवा साक्षरता दर (१५-२४ वर्ष) | प्रतिशत | ९४.२ | | १०० | | ९८.२४ | १०० |
| ४.१२ | बाल कक्षा / पूर्व प्राथमिक तहको अनुभव सहित कक्षा १ मा भर्ना दर | प्रतिशत | ७६.३ | ८३ | ८० | ८८ | ८२ | ८९ |
| ४.१३ | शिक्षक- विद्यार्थी अनुपात | अनुपात | २४ | - | - | - | १:१२ | १:२० |
| ४.१४ | जनसख्यामा लैङ्गिक अनुपात | अनुपात | - | ९०.३७ | - | - | ८५.२३ | ९० |

| क्र.स. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०८०/८१ को यथार्थ | | आ.व. २०८५/८६ को लक्ष्य | | आ.व. २०८१/८२ को यथार्थ | आ.व. २०८६/८७ को लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल | गण्डकी प्रदेश | नेपाल | गण्डकी प्रदेश | तमानखोला गाउँपालिका | |
| ४.१५ | रोजगार महिला र पुरूषको मासिक आम्दानीको अनुपात (मुख्य कामबाट) | अनुपात | ०.६६ | - | ०.९२ | - | ०.६६ | १ |
| **५** | **भौतिक पूर्वाधार विकास** | | | | | | | |
| ५.१ | प्रादेशिक/स्थानीय तहको कालोपत्रे सडक | कि.मि. | ४९०३ | - | - | - | ० | २५ |
| ५.२ | प्रादेशिक/स्थानीय सडक (कच्ची) | कि.मि. | - | - | - | - | १६४ | २२५ |
| ५.३ | प्रादेशिक/स्थानीय सडक (ग्राभेल) | कि.मि. | - | - | - | - | ३ | ४० |
| ५.४ | Ring Road | कि.मि. | - | - | - | - | ० | ५.२४ |
| ५.५ | ३० मिनेटको दुरीमा यातायात पहुँच भएको घरपरिवार | प्रतिशत | - | ९९ | - | १०० | ४० | ६५ |
| ५.६ | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ९७ | ९९.४ | १०० | १०० | ९८.२८ | १०० |
| ५.७ | Electricity generation capacity | MW | ३१५७ | ९३२ | - | - | ०.३ | ०.४ |
| ५.८ | आधारभूत खानेपानी सुविधा पुगेको परिवार | प्रतिशत | ९६.७५ | | ९९ | - | ९५.४४ | १०० |
| ५.९ | स्वच्छ (प्यान भएको) शौचालय भएका घरधुरी | प्रतिशत | - | - | - | - | ७४०७ | ८४ |
| ५.१० | पक्की पुल (वेली समेत) | संख्या | - | - | - | - | ३ | ६ |
| ५.११ | झोलुङगे पुल | संख्या | - | - | - | - | ५९ | ६२ |
| ५.१२ | ईन्टरनेटमा पहुँच प्राप्त परिवार, मोबाइल डाटा सहित | प्रतिशत | - | - | - | - | ५९ | ९० |
| ५.१३ | प्रतिव्यक्ति विद्युत् उपभोग | कलोवाट घण्टा | ४२२ | - | ७५० | - | ७२ | १८२.५ |
| ५.१४ | सुधारिएको वा धुवारहित चुल्हो जडान भएका परिवार | प्रतिशत | - | - | - | - | २५ | ७० |
| ५.१५ | मोबाइल प्रयोगकर्ता | प्रतिशत | - | - | - | - | ७७.४७ | ८५ |
| ५.१६ | ३० मिनेटको पैदल दूरीमा बजार केन्द्रको पहुँच पुगेको परिवार | प्रतिशत | ८५ | ९९ | १०० | १०० | ५२ | ६० |
| ५.१७ | सुधारिएको सरसफाई सुविधा प्राप्त गर्ने परिवार | प्रतिशत | - | - | - | - | ९५.४४ | १०० |
| ५.१८ | खाना पकाउन ठोस इन्धन (दाउरा आदि) प्रयोग गर्ने परिवार | प्रतिशत | - | - | - | - | ९३.२२ | ६५ |
| ५.१९ | पाइपलाइनबाट वितरित पानी प्रयोग गर्ने घरधुरी | प्रतिशत | - | - | - | - | ९४.६४ | १०० |
| **६** | **वातावरण र विपद् व्यवस्थापन** | | | | | | | |
| ६.१ | रुख विरुवाले ढाकेको वा हरियाली वा वन वा सामुदायिक वन क्षेत्र | प्रतिशत | - | - | - | - | ८३.१८ | ८३.५ |
| ६.२ | विपद् व्यवस्थापन स्थानीय कोष हजारमा) | रु. लाख | - | - | - | - | १० | ३० |
| **७** | **संस्थागत विकास तथा सुशासन क्षेत्र** | | | | | | | |
| ७.१ | संगठन संरचनाको अनुपातम व्यवस्था भएको कर्मचारी (स्थायी) | प्रतिशत | - | - | - | - | २८.५ | ५८ |
| ७.२ | संगठन संरचनाको अनुपातमा व्यवस्था भएको कर्मचारी -करार) | प्रतिशत | - | - | - | - | ६० | ४२ |

| क्र.स. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०८०/८१ को यथार्थ | | आ.व. २०८५/८६ को लक्ष्य | | आ.व. २०८१/८२ को यथार्थ | आ.व. २०८६/८७ को लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल | गण्डकी प्रदेश | नेपाल | गण्डकी प्रदेश | तमानखोला गाउँपालिका | |
| ७.३ | गाउँपालिका तथा वडा कार्यालय भवन | संख्या | - | - | - | - | ४ | ७ |
| ७.४ | कुल वार्षिक बजेटमा आन्तरिक राजस्वको योगदान | प्रतिशत | - | - | - | - | ११.५६ | २० |
| ७.५ | औसत वार्षिक बेरुजू | प्रतिशत | - | - | - | - | २.०५ | ० |
| ७.६ | औसत वार्षिक पुँजीगत खर्च (कुल बजेटको) | प्रतिशत | - | - | - | - | ३० | ४० |
| ७.७ | Liza का अैसत प्राप्तांक | प्रतिशत | - | - | - | - | ७९.७५ | ९० |
| ७.८ | सेवाग्राही सन्तुष्टिको स्तर | प्रतिशत | - | - | - | - | ६० | ८५ |

## ३.७ रणनीति तथा प्राथमिकता

तमानखोला गाउँपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई आवधिक विकास योजनाले लिएको समष्टिगत लक्ष्य, उद्देश्य र परिमाणात्मक लक्ष्य हासिल गर्न देहाय अनुसारका रणनीति तथा प्राथमिकता अवलम्बन गरी रणनीतिक कार्यक्रम तथा आयोजना कार्यान्वयन गरिनेछ ।

**तालिका ३९: दीर्घकालिन रणनीति तथा प्राथमिकता**

| रणनीति | | प्राथमिकता | |
|---|---|---|---|
| **उद्देश्य १:** व्यवसायीक कृषि, पशुपालनमा उत्पादन, उत्पादकत्व र उद्यमशीलता सबलीकरण एवम् पर्यटकीय क्षेत्रको विकास मार्फत समुन्नत, आत्मनिर्भर एवम् निर्यातमूखी, सुव्यवस्थित र सन्तुलित अर्थतन्त्र हासिल गर्नु । | | | |
| १.१ | कृषि तथा पशुपालन व्यवसायीकरण, उत्पादन प्रवर्धन, र उद्यमशीलता प्रोत्साहन गरी कृषकलाई उद्यमी बनाउने । | १.१.१ | तुलनात्मक लाभका अन्न, तरकारी, फलफूल र नगदेबाली तथा पशुपालन, मौरीपालन पकेट क्षेत्रहरु पहिचान तथा निर्धारण गरी मौलिक ज्ञान, नवप्रवर्तन, सीप, क्षमता अभिवृद्धि एवम् व्यवसायिकता विकास तथा सहयोग उपलब्ध गराइने छ । |
| | | १.१.२ | कृषकहरुमा व्यावसायिक कृषि तथा पशुपालन सर्शत अनुदान, सरल कर्जा, मलखाद, बीउ तथा बेर्नाको उत्पादन र सहज आपूर्तिका लागि अगुवा कृषक तथा कृषि समुहलाई प्रोत्साहन तथा परिचालन गरिने छ । |
| | | १.१.३ | बाँझो जमिन राख्ने प्रवृतिलाई न्यूनीकरण, बाँझो जमिनको उपयोग गर्न नीजि, तथा समूहगत व्यावसायिक खेतीको व्यवस्था गरिने छ । |
| | | १.१.४ | स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापना, उद्यमशीलताका माध्यमबाट रोजगारी सिर्जना गरिने छ । |
| १.२ | कृषि र पशुपालन क्षेत्रलाई आत्मनिर्भर एवम निर्यातमूखी, सुव्यवस्थित र सन्तुलित अर्थतन्त्रको आधार बनाउने । | १.२.१ | स्थानीय भू-उपयोग प्रणालीलाई प्रवर्धन गरी खेतीयोग्य जमीन तथा पशुपालन क्षेत्रको संरक्षण गरिनेछ । |
| | | १.२.२ | कृषि तथा पशुजन्य उपजमा आत्मनिर्भर हुँदै खाद्य सुरक्षाको प्रत्याभूति गराई गरिबी निवारणमा उल्लेख्य सुधार गरिने छ । |
| | | १.२.३ | गुणस्तरीय सिंचाइ सुविधा, सङ्कलन केन्द्र, कृषि तथा पशुजन्य उत्पादन मूल्य निर्धारण, बजारीकरण एवम् प्रवर्द्धन गरिने छ । |
| १.३ | जनताको जीवनस्तर तथा आर्थिक उपार्जनका लागि ग्रामिण पर्यटन **(Village** | १.३.१ | पर्यटकीय स्थलहरुको पहिचान, नक्शाङ्कन, पर्यटन गुरुयोजना तर्जुमा गरी आवश्यकता अनुसार दिगो पर्यटन पूर्वाधार निर्माण, व्यवस्थापन र प्रवर्द्धन गरिने छ । |
| | | १.३.२ | पर्यटकको साँस्कृतिक र धार्मिक अभिरुचि सम्बोधन हुने गरी सबै मौसममा चलायमान पर्यटन र मनोरञ्जन स्थल निर्माण तथा विकास गरिने छ । |

| रणनीति | | प्राथमिकता | |
|---|---|---|---|
| | **Tourism** ) विकास तथा प्रवर्द्धन गर्ने । | १.३.३ | पर्यटन क्षेत्रको समुचित विकास गर्न पर्यटकीय क्षेत्रहरूलाई वैज्ञानिक र व्यवसायिक बनाई संलग्न मानव स्रोतलाई सक्षम र प्रतिस्पर्धी बनाईने छ । |
| | | १.३.४ | कृषिलाई पर्यटनसँग आवद्ध गरी कृषि पर्यटनका लागि सम्भाव्यता अध्ययन गरी गाग्रमिण पर्यटन (**Village Tourism** ) विकास तथा प्रवर्द्धन गरिने छ । |
| | | १.३.५ | निजी लगानीकर्तालाई पर्यटकीय वस्तु, कला तथा पर्यटन पूर्वाधार लगानीमा प्रोत्साहित गरिने छ । |
| **उद्देश्य २:** गुणस्तरीय शिक्षा, स्वास्थ्य, पोषण, खानेपानी तथा सरससफाई, स्थानीय भाषा, मौलिक संस्कृतिको संरक्षण तथा सम्वर्द्धन, रोजगार र सामाजिक सुरक्षा एवम् आधारभूत सेवाहरुलाई सर्वसुलभ, गुणस्तरीय र समावेसी, विभेदरहित मानव विकासको उच्चतम प्रतिफल हासिल गर्नु । | | | |
| २.१ | शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरससफाई जस्ता आधारभूत सेवाहरूको गुणस्तर र पहुँच अभिवृद्धि गर्दै मौलिक हकको प्रत्याभूति गर्ने । | २.१.१ | नेपाल सरकार तथा प्रदेश सरकार, नीजि क्षेत्र र समुदायसँग साझेदारी गरी जीवनपयोगी, गुणस्तरीय र व्यवसायिक शिक्षा, प्राविधिक शिक्षा, उच्च शिक्षा, आधारभुत तथा विशिष्ठकृत स्वास्थ्य सेवा तथा पोषण सेवामा पहुँच स्थापित गरिने छ । |
| | | २.१.२ | अनिवार्य आधारभूत शिक्षा तथा निशुल्क आधारभूत र माध्यामिक शिक्षा पद्धतिलाई रोजगारी र उद्यमशीलता मूलक बनाईने छ । |
| | | २.१.३ | मानवपूँजी निर्माण र सशक्तिकरण गर्न गाउँपालिकाका शिक्षित युवाहरुलाई सामाजिक परिचालनमा संलग्न गराइने छ । |
| | | २.१.४ | वडा तहमा स्वच्छ खानेपानीको आपूर्ति, सरससफाई जस्ता आधारभूत सेवाहरूको दीर्घकालीन योजना तयार गरी, कार्यान्वयनका लागि संघ, प्रदेश तथा विकास साझेदारहरुसँग सहकार्य तथा समन्वय गरिने छ । |
| | | २.१.५ | नेपालको संविधान २०७२ मा व्यवस्था गरीएका मौलिक हकको सुनिश्चिता गरिने छ । |
| २.२ | स्थानीय भाषा, मौलिक संस्कृतिको संरक्षण तथा सम्वर्द्धन गर्ने । | २.२.१ | स्थानीय भेषभूषा, भाषा, सांस्कृतिक एंवम धार्मिक सम्पदाहरुको संरक्षण तथा संवर्द्धनमा स्थानीयवासिहरुलाई प्रोत्साहन तथा परिचालन गरिने छ । |
| | | २.२.२ | काष्ठकला, हाते उद्योग, पर्यटक स्थानीय मौलिक सामाग्री उत्पादन गर्ने उद्योगलाई प्रवर्द्धन गरिने छ । |
| २.३ | रोजगार र सामाजिक सुरक्षा एवम् आधारभूत सेवाहरुलाई सर्वसुलभ, गुणस्तरीय र समावेसी, विभेद रहित समाज सृजना गर्ने । | २.३.१ | समान तथा सम्मानपूर्ण र अवरोधमुक्त वातावरणमा जीवनयापनका लागि अवसर उपलब्ध गराउने र सेवा सुविधाहरूमा सहज पहुँच बढाइने छ । |
| | | २.३.२ | सबै किसिमका हिंसा, सामाजिक विभेद र बहिष्करण अन्त्यका लागि प्रभाकारी थप कार्यक्रमहरु सञ्चालन गरिने छ । |
| | | २.३.३ | गरिबी न्युनिकरणका लागि लक्षित वर्ग केन्द्रित आयमूलक कार्यक्रमहरुलाई प्राथमिकता दिनुका साथै महिला र विपन्नको सहभागितालाई प्रोत्साहन गरिने छ । |
| | | २.३.४ | सामाजिक सदभाव कायम राखी सन्तुलित एवम् समावेशी विकास, रोजगारी सिर्जना, समन्यायिक तथा लैङ्गिक समता एवम् सामाजिक समावेशीकरणमा विशेष प्राथमिकता दिई स्थानीय स्वामित्वसहित विकासका थप कार्यक्रमहरु सञ्चालन गरिने छ । |
| **उद्देश्य ३:** वातावरणमैत्री दिगो भौतिक पूर्वाधारहरुको निर्माण, सहज तथा व्यवस्थित यातायात विकासलाई प्राथमिकता दिने । | | | |
| ३.१ | भौतिक पूर्वाधारहरुको निर्माण दिगो तथा वातावरणमैत्री बनाउने । | ३.१.१ | भौतिक पूर्वाधार सहितको तमानखोला गुरु योजना (Master Plan) तयार गरि कार्यान्वयन गरिने छ । |
| | | ३.१.२ | भौतिक पूर्वाधारहरुको निर्माण कार्य गर्दा प्राविधिक डिजाईन अनुरुप विकास निर्माण कार्यलाई प्राथमिकता दिइने छ । |

| रणनीति | | प्राथमिकता | |
|---|---|---|---|
| | | ३.१.३ | भौतिक पूर्वाधार निर्माण कार्य गर्दा वातावरण संरक्षण ऐन २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ मा व्यवस्था भए अनुसारको वातावरणीय मूल्याङ्कन गरी कार्यान्वयन गरिने छ। |
| | | ३.१.४ | गाउँपालिकाको विकास सन्तुलनमा योगदान गर्ने आयोजनाहरुलाई गाउँपालिका गौरवका आयोजनाका रूपमा छनोट गरि कार्यान्वयन गरिने छ। |
| | | ३.१.५ | सबै वडा तथा अधिकांश वस्तीहरुमा सडक पहुँच बढाउन गाउँपालिका स्तरीय चक्रपथ –Ring Road निर्माण कार्यलाई अघि बढाईने छ। |
| | | ३.१.६ | गाउँपालिकाको भौतिक विकासमा उपभोक्ता समितिको लागत, सहभागिता र संलग्नता बढाईने छ। |
| ३.२ | सुरक्षित, सर्वसुलव, सहज तथा व्यवस्थित यातायात सेवा बिस्तार गर्ने। | ३.२.१ | सडक सञ्जाल (Road Network) को आवश्यकता र प्राथमिकताको आधारमा निर्माण, स्तरोन्नति (Upgrading) तथा मर्मत गर्ने तथा यातायात व्यवस्थालाई व्यवस्थित बनाउँदै लगिने छ। |
| | | ३.२.२ | यातायात Coverage बढाईने, सुरक्षित, सर्वसुलव, सहज र भरपर्दो सेवा बनाईने छ। |
| **उद्देश्य ४:** प्राकृतिक स्रोत साधनहरुको संरक्षण तथा सम्बर्द्धन, विपद्जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशील समुदाय निर्माण गर्ने। | | | |
| ४.१ | प्राकृतिक स्रोत साधनहरु जल, जमिन जङ्गल, जैविक विविधता आदिको संरक्षण तथा सम्बर्द्धन गर्ने। | ४.१.१ | विकास निर्माणका हरेक क्रियाकलापमा प्राकृतिक स्रोत साधनहरुको संरक्षण र सम्बर्द्धन हुने सुनिश्चितता गरिने छ। |
| | | ४.१.२ | प्राकृतिक स्रोत साधनहरुमा आधारित उद्यम, पर्यापर्यटन व्यवसाय एवम् अन्य व्यवसायहरुको विकास तथा प्रवर्द्धन गरी व्यावसायिक उत्पादन, प्रशोधन र बजारीकरण गरिने छ। |
| | | ४.१.३ | प्राकृतिक स्रोत अतिक्रमण, चोरी निकासी, डढेलोलाई निरुत्साहन र नियन्त्रण गर्न गाउँपालिकावासी, कर्मचारी, शुरक्षा निकाय र सरोकारवाला संघ संस्थाहरुको परिचालन गरीने छ। |
| ४.२ | विपद्जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशील समुदाय निर्माण गर्ने। | ४.२.१ | स्थानीय जनसमुदाय, राजनीतीक अगुवा, सुरक्षा निकाय र अन्य टोलीहरु बिच समन्वय, क्षमता अभिवृद्धि तथा विपद् व्यवस्थापन तालिम एवम् सामाग्रीहरुको व्यवस्था गरी विपद् न्यूनीकरणका तथा जलवायु उत्थानशील कार्यहरु गरीने छ। |
| | | ४.२.२ | बाढी, पहिरो, आगलागी, भूकम्प, महामारी लगायतका विपदको समयमा तत्कालीक राहत र उद्धार तथा दीर्घकालीन सम्बोधनको कार्यक्रम गर्न गठित विपद् व्यवस्थापन शाखालाई क्षमता अभिवृद्धि सहित ज्ञान, सीप, पूर्वाधार, स्रोत र साधन सम्पन्न बनाइने छ। |
| **उद्देश्य ५:** सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, प्रभावकारी एवम् असल तथा प्रविधिमैत्री शासन प्रणाली र सुशासन कायम राख्ने। | | | |
| ५.१ | सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, प्रभावकारी शासन प्रणाली र सुशासन कायम राख्ने। | ५.१.१ | गाउँपालिकालाई आत्मनिर्भर बनाउन आन्तरिक स्रोतहरुको पहिचान, प्रचलित कर, दस्तुर र सेवा शुल्कको दर र दायरालाई फराकिलो बनाइने छ। |
| | | ५.१.२ | विकास निर्माण कार्यमा तथ्याङ्कीय प्रणालीको विकास गर्दै समावेशीकरण, सामाजिक न्याय, पारदर्शिता, अनुगनमन तथा मूल्याङ्न प्रकृया प्रभावकारी बनाइने छ। |
| | | ५.१.३ | सार्वजनिक सेवाहरूलाई गुणस्तरीय र सर्वसाधारणको पहुँचयोग्य बनाउन संघीय प्रणाली अनुरूप प्रशासन संयन्त्रको व्यवस्थापन गरिने छ। |
| | | ५.१.४ | गाउँपालिकाको वार्षिक कार्यक्रम तर्जुमा गर्दा मूलतः आवधिक योजनासँग आबद्ध गरी योजना तर्जुमा प्रक्रियालाई वैज्ञानिक बनाइने छ। |

| रणनीति | | प्राथमिकता | |
|---|---|---|---|
| | | ५.१.५ | आवधिक विकास योजना कार्यान्वयनका लागि आवश्यक स्रोतको सुनिश्चित गर्न नीजि, गैरसरकारी र सहकारी क्षेत्रसँगको साझेदारीलाई विस्तार गरिने छ । |
| ५.२ | असल तथा प्रविधिमैत्री शासन प्रणाली र सुशासनलाई सुदृढी गर्ने । | ५.२.१ | जनमूखी असल शासन स्थापित गर्न संघीय र लोकतान्त्रिक सफल राज्यहरूमा अवलम्बन गरिएका असल अभ्यासहरूलाई विशिष्टिकृत परिस्थिति अनुरूप अनुशरण गरिने छ । |
| | | ५.२.२ | गाउँपालिकाको पञ्जिकरण लगायत जनसाङ्खियक एवम् बस्तुगत विवरण तयार गर्न र स्वतः अद्यावधिक हुने गरी प्रविधिमा आधारित तथ्याङ्क प्रणालीको विकास र प्रयोग गरिने छ । |
| | | ५.२.३ | गाउँपालिकाको सूचना आम सर्वसाधारण सम्म पुयाउन कम्प्युटर प्रणाली, वेब साइट र मोबाइल एपको विकास तथा थप सुदृढीकरण गरिने छ । |

## ३.८ लगानी, स्रोत अनुमान र बाँडफाँट

### ३.८.१ वित्तीय व्यवस्थापन स्रोतहरु

नेपालको संविधानको **धारा ५९** मा आर्थिक अधिकारको प्रयोग सम्बन्धी व्यवस्था गरिएको छ । यसैगरी **धारा ६०** मा राजस्व स्रोतको बाँडफाँड सम्बन्धी व्यवस्था छ । **धारा ६०** को **उपधारा २** बमोजिम नेपाल सरकारले सङ्कलन गरेको राजस्व संघ, प्रदेश र स्थानीय तहलाई न्यायोचित वितरण गर्ने उल्लेख छ। यस व्यवस्थाको कार्यान्वयनका लागि अन्तर सरकारी वित्त व्यवस्थापन **ऐन २०७४** जारी गरिएको छ। त्यसैगरी संविधानको **धारा २२९** मा स्थानीय सञ्चित कोषको प्रबन्ध गरिएको छ। यस कोषमा स्थानीय तहलाई प्राप्त हुने सबै प्रकारको राजस्व नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा स्थानीय तहले लिएको ऋण र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा हुनेछ ।

तमानखोला गाउँपालिकाको आवधिक योजनाको दीर्घकालिन सोच अनुसारको लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि पहिचान गरिएका कार्यक्रमहरुको प्राथमिकिकरण गरी सोको लागि आवश्यक स्रोतहरुको व्यवस्थापन गर्न सम्भाव्य स्रोतहरुको आँकलन र नयाँ स्रोतहरुको पहिचान गरी परिचालन तथा उपयोग गरिनेछ ।

**क) वित्तिय हस्तान्तरण**

नेपालको संविधान र अन्तर सरकारी वित्त व्यवस्थापन ऐनद्धारा व्यवस्था गरिए बमोजिम यस तमानखोला गाउँपालिकालाई संघ र प्रदेशहरुबाट देहाय बमोजिमका वित्तिय स्रोतहरु हस्तान्तरण हुनेछ ।

- संघीय सरकारद्धारा वार्षिक रुपमा उपलब्ध हुने समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान, समपूरक अनुदान र राजस्व बाडँफाँट ,
- प्रदेश सरकारद्धारा वार्षिक रुपमा उपलब्ध हुने समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान, समपूरक अनुदान र राजस्व बाँडफाँट,
- वैदेशिक अनुदानतर्फ अन्तराष्ट्रिय विकास सहायता नीति, २०७६ बमोजिम संघीय अर्थ मन्त्रालयको संयोजनमा प्राप्त हुने रकम ।

**ख) आन्तरिक आय**

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय तहले प्राप्त गर्ने कर तथा गैरकरका रकमहरु ।
- आन्तरिक ऋणबाट प्राप्त रकम

**ग) अन्य**

- तमानखोला गाउँपालिकाको बजेट संरचना बाहिर संघद्धारा प्रत्यायोजित कार्यक्रमअन्तर्गत सामाजिक सुरक्षा कार्यक्रमका लागि प्राप्त हुने रकम
- निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमबाट प्रवाहित हुने रकम
- संघीय तथा प्रदेश तहबाट कार्यक्रमसहित प्राप्त हुने रकम

**घ) राजस्वको बाँडफाँड**

मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट उठेको रकम बाँडफाँड गर्ने व्यवस्था अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ मा रहेको छ। यी कर तथा शुल्कहरू संघीय विभाज्य कोषमा जम्मा भई कूल रकमको ७० प्रतिशत संघीय सरकारलाई, १५ प्रतिशत प्रदेश सरकारलाई र १५ प्रतिशत स्थानीय सरकारलाई प्राप्त हुन्छ।

प्राकृतिक स्रोत अन्तर्गत विशेषगरी पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज, पानी तथा अन्य प्राकृतिक स्रोतबाट प्राप्त हुने रकममध्ये संघीय विभाज्य कोषमा जम्मा भएको कूल रकमको ५० प्रतिशत संघलाई, २५ प्रतिशत सम्बन्धित प्रदेशलाई र २५ प्रतिशत सम्बन्धित स्थानीय तहलाई प्राप्त हुन्छ।

तमानखोला गाउँपालिकाको आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न संविधान तथा कानूनहरुको परिधीभित्र रहेर गाउँपालिकाले आन्तरीक स्रोतहरुको पहिचान गरी सोको परिचालन गरेर राजस्वका दायराहरु फराकिलो वनाउदैं वित्त संरचनालाई सुदृढ बनाउन गाउँपालिकाको आर्थिक नीति तयार गरी लागु गरिने छ। आर्थिक वर्ष २०८०।८१ लाई आधार वर्ष मानेर प्रत्येक वर्ष १० प्रतिशतका दरले वार्षिक वृद्धि हुने गरी आ.व. २०८५।२०८६ सम्मको राजस्व अनुमान निम्नानुसार गरिएको छ। आम्दानीको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

**तालिका ४०: आम्दानीको विस्तृत विवरण**

| शिर्षक | २०७९।८० को वास्तविक वजेट | २०८०/८१ आधार वर्ष) को वास्तविक वजेट | २०८१/८२ चालु आ.व. को अनुमानित वजेट | पहिलो वर्षको आम्दानी अनुमान, करोडमा | दोश्रो वर्षको आम्दानी अनुमान, करोडमा | तेश्रो वर्षको आम्दानी अनुमान, करोडमा | चौथो वर्षको आम्दानी अनुमान, करोडमा | पाँचौ वर्षको आम्दानी अनुमान, करोडमा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| **कुल आय** | ३०.८५ | २८.७४ | ३२.९५ | ३६.२५ | ३९.८७ | ४३.८६ | ४८.२४ | ५३.०७ | २२१.३ |
| संघीय सरकारवाट प्राप्त आय | २६.०३ | २३.१५ | २७.३५ | ३०.०९ | ३३.०९ | ३६.४ | ४०.०४ | ४४.०५ | १८३.७ |
| प्रदेश सरकारवाट प्राप्त आय | १.८५ | १.६४ | २.७४ | ३.०१४ | ३.३१५ | ३.६४७ | ४.०१२ | ४.४१३ | १८.४ |
| आन्तरिक आय राजस्व | ०.५४ | ०.३८ | ०.३८ | ०.४१८ | ०.४६ | ०.५०६ | ०.५५६ | ०.६१२ | २.५५२ |
| गत वर्षको नगद मौज्दात | २.४५ | ३.५८ | ३.१२ | २.८३६ | ३.१२ | ३.४३२ | ३.७७५ | ४.१५३ | १७.३२ |
| **जम्मा** | ३०.८७ | २८.७५ | ३३.५९ | ३६.३५ | ३९.९९ | ४३.९९ | ४८.३९ | ५३.२२ | २२१.९ |

## ३.८.२ सार्वजनिक खर्च र खर्च बेहोर्ने स्रोतहरु

तमानखोला गाउँपालिकाको दोस्रो आवधिक विकास योजना अन्तर्गत प्रक्षेपित खर्च जुटाउन अन्तर सरकारी वित्तीय हस्तान्तरणका साथै आन्तरिक राजस्वका स्रोतहरू पनि परिचालन गर्नुपर्नेछ। हाल आन्तरिक राजस्वका स्रोतहरूको सीमीतताको कारणले संघ र प्रदेशबाट प्राप्त हुने विभिन्न अनुदान लगायतका रकमहरू माथि निर्भर रहनुपर्ने स्थिति विद्यमान रहेको छ। लगभग ८३ प्रतिशत रकम संघीय सरकार र प्रदेश सरकारबाट अनुदान र राजस्व बाँडफाँडबाट प्राप्त हुने यस तमानखोला गाउँपालिकाले स्थायी रूपमा अन्य स्रोतहरूको पहिचान गर्न पर्ने अवस्था छ।

**संघीय सरकार**

तमानखोला गाउँपालिकाको समग्र भौतिक, सामाजिक तथा आर्थिक विकासको लागि संघिय सरकारसँगको सहकार्य महत्वपुर्ण एवम् अपरिहार्य छ। आर्थिक वर्ष २०८०।८१ लाई आधार वर्ष मानेर प्रत्येक वर्ष १० प्रतिशतका दरले वार्षिक

वृद्धि हुने गरी आ.व. २०८६।२०८७ सम्मको राजस्व अनुमान निम्नानुसार गरिएको छ । आम्दानीको विस्तृत विवरण तालिकामा समेत उल्लेख गरिएको छ ।

**तालिका ४१: राजस्व अनुमान, आम्दानीको विस्तृत विवरण (संघीय)**

| शिर्षक | २०७९।८० को वास्तविक वजेट (करोडमा) | २०८०/८१ आधार वर्ष) को वास्तविक वजेट (करोडमा) | चालु आ.व. को अनुमानित वजेट (करोडमा) | पहिलो वर्षको आम्दानी अनुमान (करोडमा) | दोश्रो वर्षको आम्दानी अनुमान ( करोडमा) | तेश्रो वर्षको आम्दानी अनुमान ( करोडमा) | चौथो वर्षको आम्दानी अनुमान ( करोडमा) | पाँचौ वर्षको आम्दानी अनुमान ( करोडमा) | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| संघीय सरकारबाट प्राप्त अनुदान | २६.०३ | २३.१५ | २७.३५ | ३०.०९ | ३३.०९ | ३६.४ | ४०.०४ | ४४.०५ | १८३.७ |
| वित्तीय समानीकरण अनुदान | ६.८२ | ६.५३ | ६.९६ | ७.६५६ | ८.४२२ | ९.२६४ | १०.१९ | ११.२१ | ४६.७४ |
| सशर्त अनुदान | १३.३२ | १०.०७ | ११.६६ | १२.८३ | १४.११ | १५.५२ | १७.०७ | १८.७८ | ७८.३ |
| राजस्व बाँडफाँड (मुल्य अभिवृद्धि कर संघिय सरकार) | ४.२२ | ३.९ | ५.२२ | ५.७४२ | ६.३१६ | ६.९४८ | ७.६४३ | ८.४०७ | ३५.०६ |
| राजस्व बाँडफाँड ( कर संघिय सरकार) | ० | १.७९ | १.९ | २.०९ | २.२९९ | २.५२९ | २.७८२ | ३.०६ | १२.७६ |
| विशेष अनुदान | ०.९१ | ०.४५ | १.६ | १.७६ | १.९३६ | २.१३ | २.३४३ | २.५७७ | १०.७४ |
| समपुरक अनुदान | ०.७७ | ०.३९ | ० | ०.८४७ | ०.९३२ | १.०२५ | १.१२७ | १.२४ | ५.१७१ |
| **जम्मा** | २६.०४ | २३.१३ | २७.३४ | ३०.९२ | ३४.०१ | ३७.४१ | ४१.१६ | ४५.२७ | १८८.७८ |

**<u>प्रदेश सरकार</u>**

तमानखोला गाउँपालिकाको समग्र भौतिक, सामाजिक तथा आर्थिक विकासको लागि प्रदेश सरकारसँगको सहकार्य अपरिहार्य छ । आर्थिक वर्ष २०८०।८१ लाई आधार वर्ष मानेर प्रत्येक वर्ष १० प्रतिशतका दरले वार्षिक वृद्धि हुने गरी आ.व. २०८६।२०८७ सम्मको राजस्व अनुमान निम्नानुसार गरिएको छ । आम्दानीको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ४२: राजस्व अनुमान, आम्दानीको विस्तृत विवरण (प्रदेश )**

| शिर्षक | २०७९।८० को वास्तविक वजेट (करोडमा) | २०८०/८१ आधार वर्ष) को वास्तविक वजेट (करोडमा) | चालु आ.व. को अनुमानित वजेट (करोडमा) | पहिलो वर्षको आम्दानी अनुमान (करोडमा) | दोश्रो वर्षको आम्दानी अनुमान ( करोडमा) | तेश्रो वर्षको आम्दानी अनुमान ( करोडमा) | चौथो वर्षको आम्दानी अनुमान ( करोडमा) | पाँचौ वर्षको आम्दानी अनुमान ( करोडमा) | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| **प्रदेश सरकारबाट प्राप्त अनुदान** | १.८५ | १.६३ | २.०९ | २.२९९ | २.५२९ | २.७८२ | ३.०६ | ३.३६६ | १४.०४ |
| वित्तीय समानीकरण अनुदान | ०.६४ | ०.५५ | ०.७१ | ०.७८१ | ०.८५९ | ०.९४५ | १.०४ | १.१४३ | ४.७६८ |
| समपुरक अनुदान | ०.४३ | ०.४ | ०.६ | ०.६६ | ०.७२६ | ०.७९९ | ०.८७८ | ०.९६६ | ४.०२९ |
| विशेष अनुदान | ०.५ | ०.३९ | ०.४ | ०.४४ | ०.४८४ | ०.५३२ | ०.५८६ | ०.६४४ | २.६८६ |
| सवारी साधन करबाट प्राप्त राजस्व | ०.२७ | ०.२८ | ०.३६ | ०.३९६ | ०.४३६ | ०.४७९ | ०.५२७ | ०.५८ | २.४१८ |
| घर जग्गा रजिष्ट्रेशन दस्तुर | ०.१६ | ०.३२ | ०.३ | ०.३३ | ०.३६३ | ०.३९९ | ०.४३९ | ०.४८३ | २.०१५ |
| वन रोयल्टी | ०.०६ | ०.०७५ | ० | ०.०८३ | ०.०९१ | ०.१ | ०.११ | ०.१२१ | ०.५०४ |
| **जम्मा** | २.०६ | २.०१५ | २.३७ | २.६९ | २.९५८ | ३.२५४ | ३.५८ | ३.९३८ | १६.४२ |

चालु तथा पुँजीगत तर्फ व्यय अनुमान आ. व. २०७९।८०,२०८०।८१ को वास्तविक वजेट खर्च तथा २०८१।८२ २०८६।८७ को व्यय अनुमान

## तालिका ४३: चालु तथा पुँजीगत तर्फ व्यय अनुमान

| शिर्षक | २०७९।८० को वास्तविक वजेट | २०८०/८१ आधार वर्ष) को वास्तविक वजेट | चालु आ.व. को अनुमानित वजेट २०८१/८२ |
|---|---|---|---|
| चालु खर्च | १७,८४,४९,८४२.०६ | १७,४६,३३,१२४.२१ | २३,१७,९५,५००.०० |
| पारिश्रमिक र सुविधा कर्मचारि | ६,१८,२१,१७२.७१ | १०,१७,४८,२४८.९४ | १२,४४,१४,६००.०० |
| पारिश्रमिक र सुविधा पदाधिकारी | ७५,०९,७३०.०० | ७४,९२,५२०.०० | ७९,००,०००.०० |
| पोषाक | १,१०,०००.०० | १,००,०००.०० | ११,८६,०००.०० |
| औषधी उपचार खर्च | ३,३०,०००.०० | ५६६,४२०.०० | १०,२७,५००.०० |
| कर्मचारीको वैठक भत्ता | ४८,८८०.०० | | |
| स्थानीय भत्ता | ११८,९५०.०० | ११९,९८०.०० | ४,२६,०००.०० |
| महंगी भत्ता | १८३,१३३.०० | १८८,०००.०० | ७,००,०००.०० |
| कर्मचारी प्रोत्साहन तथा पुरस्कार | १,०५,५५०.०० | १५२,०००.०० | |
| अन्य भत्ता | ६,४७,५००.०० | ४६३,५००.०० | ६,००,०००.०० |
| कर्मचारी कल्याण कोष | ० | ० | ४,००,०००.०० |
| अन्य सामाजिक सुरक्षा खर्च | ५०५,०००.०० | १६,५१,८२५.०० | |
| पानी तथा विजुली | १५३,२०४.०० | १११,३११.०० | २,००,०००.०० |
| संचार र महसुल | २६५,१६०.०० | ४२३,८००.०० | ४,००,०००.०० |
| सार्वजनिक उपयोगिताको सेवा खर्च | १००,००.०० | २९४,९१८.०० | ५४,९०,०००.०० |
| इन्धन (कार्यालय प्रयोजन ) | ६९३,३२४.०० | ४९०,३१५.०० | ९,००,०००.०० |
| सवारीसाधन मर्मत खच | ८९८,६०६.०० | ९९९,८०४.७७ | १०,००,०००.०० |
| बिमा तथा नवीकरण खर्च | ४१७,३८५.०० | ३६१,५६७.०० | ८,००,०००.०० |
| मेसिनरी तथा औजार मर्मत खर्च | ९८,५१९.०० | ९८,५३६.०० | ५,००,०००.०० |
| निर्मित सार्वजनिक सम्पति मर्मत सम्भार खर्च | १४,३७५.०० | २९,४००.०० | ५,००,०००.०० |
| मसलन्द तथा कार्यालय सामग्री | १२,९९,६८१.०० | ११,५९,९६३.०० | १९,९१,०४०.०० |
| पशुपन्छीहको आहार खर्च | १३९,५००.०० | | ० |
| इन्धन (अन्य प्रयोजन ) | ६३,०२४.०० | १३,९७३.०० | २,००,०००.०० |
| पत्र पत्रिका छापी तथा सूचना प्रकाशन खर्च | १३,९८,४०६.००क | ११९३,१४४.०० | १२,५०,०००.०० |
| सेवा र परामर्श खर्च | ० | ४९९,९६१.०० | २७,००,०००.०० |
| सूचना प्रणाली तथा सफ्टवयर सञ्चालन खर्च | ३९९,१३८.०० | ९६०,९०३.०० | |
| अन्य सेवा शुल्क | १५८३,९८१.०० | ८०,३५०.०० | ४,००,०००.०० |
| कर्मचारी तालिम खर्च | ६०८,०५०.०० | ५१,६००.०० | ३,००,०००.०० |
| सीप विकाश तथा जनचेतन गोष्ठी खर्च | २८७,४००.०० | २७८,११५.०० | ३५,७५,०००.०० |
| उत्पादन सामग्री/सेवा खर्च | ० | २,००,०००.०० | ७,१५,०००.०० |
| कार्यक्रम खर्च | ९९,४६,८२६.६८ | ४०,८८,४४५.०० | ९२,२६,०००.०० |
| विविध कार्यक्रम खर्च | ११२,८००.०० | १,१३,२४,५८४.०० | १,२०,४१,०००.०० |
| अनुगमन मुल्यांकन खच | ६,३२,२७०.०० | ६३१,९२४.०० | ८,९५,०००.०० |
| भ्रमण खर्च | २१०८,१००.०० | १४४१,७५०.०० | १५,००,०००.०० |
| विविध खर्च | ३५५४,५३३.० | ९१,१७,७८९.०० | ६२,१२,०००.०० |
| शैक्षिक सस्थाहरुलाई सहायता | १,१३,०८,०४०.५० | ४८,९६,५२२.०० | १,०२,२५,०००.०० |
| स्वास्थ्य सस्थाहरुलाई सहायता | २३,७५,६०८.०० | १२,६५,०००.०० | २१,००,०००.०० |
| अन्य संस्था सहायता | ६,२८,६९७.०० | २१,३१,४०५.०० | ४,५०,०००.०० |
| स्थानीय तह निशर्त चालु अनुदान | १०६,९३०.०० | ० | |
| स्थानीय तह सशर्त चालु अनुदान | ५,८२,५६,६२०.६४ | ३२२७,७१९.०० | ७७,७८,०००.०० |
| सामाजिक सुरक्षा | २०३४,६११.०० | ७१,४३,०८४.०० | ८२,२४,०००.०० |
| अन्य सामाजिक सुरक्षा | २२८०,२८८.२० | | १३,४१,६००.०० |

| शिर्षक | २०७९।८० को वास्तविक वजेट | २०८०/८१ आधार वर्ष) को वास्तविक वजेट | चालु आ.व. को अनुमानित वजेट २०८१/८२ |
|---|---|---|---|
| छात्रवृति | ६८५,४००.०० | ७३२,२००.०० | ८,००,०००.०० |
| उद्दार राहत तथा पुनर्स्थापना खर्च | २०९६,१६५.०० | ० | २५,५८,८००.०० |
| औषधि खरिद खर्च | ७९७,८६०.०० | २५७२,५०५.०० | २१,५०,०००.०० |
| अन्य सामाजिक सहायता खच | ३२८,०४३.०० | १,१५,०००.०० | ३६,१०,०००.०० |
| घर भाडा | ७७१,३००.०० | ८९१,१००.०० | ९,००,०००.०० |
| अन्य भाडा | ६२६,०००.०० | ९७६,५००.०० | १०,००,०००.०० |
| पूंजिगत खर्च | १०,९६,७७,९५६.०० | ८,११,८७,९०२.०० | ९,७६,५०,०००.०० |
| आवासीय भवन निर्माण र खरिद | १००,००.०० | ५७४,४९२.०० | ५,००,०००.०० |
| गैर आवासीय भवन निर्माण र खरिद | ३५३,९०,५१४.०० | १,६२,३०,७१०.०० | २,३२,००,०००.०० |
| निर्मित भवनको संरचनागत सुधार खर्च | ३६,१९,७३७.०० | ३६,६०,२९७.०० | ६,५०,०००.०० |
| फर्निचर तथा फिक्चर्स | ६,२६,४८३.०० | ० | ६,५०,०००.०० |
| सवारी साधन | २२८,८००.०० | | |
| मेसिनरी तथा औजार | ३२२१,२९३.०० | २८३४,६९८.०० | ७,००,०००.०० |
| पशुधन तथा बागवानी विकास खर्च | १८८६,३५९.०० | | ५,००,०००.०० |
| कम्प्युटर सफ्टवेयर निर्माण तथा खरिद खर्च एवम् अन्य बौद्धिक सम्पति प्राप्ती खर्च | १००,०००.०० | ६९५,२८४.०० | ५,००,०००.०० |
| पूंजिगत परामर्श खर्च | १३९८,९४०.०० | २४,८८,८७५.०० | ० |
| सुरक्षा प्रणाली तथा उपकरण प्राप्ति खर्च | १४५,४९९.०० | ४९४,७९१.०० | ० |
| सडक तथा पुल निर्माण | १९७९९,९०२.०० | २,६३,४२,६१४.०० | ३,०५,५०,०००.०० |
| विधुत संरचना निर्माण | ९६९,७४५.०० | | ० |
| तटबन्ध तथा बाध निर्माण | २,८८,०००.०० | २२,५५,४७८.०० | २,७०,०००.०० |
| सिचाई संरचना निर्माण | १,००,०००.०० | | ० |
| खानेपानी संरचना निर्माण | १८,२१,९४०.०० | १४५८,२४५.०० | १५,५०,०००.०० |
| वन तथा वातावरण संरक्षण | ७२,३७,२३०.०० | | ० |
| सरसफाई संरचना निर्माण | ७९३,५२१.०० | ४८०,०००.०० | ३,००,०००.०० |
| अन्य सार्वजनिक निर्माण | ११३४,७४,५११.०० | १,३०,९४,३२४.०० | १,५४,८०,०००.०० |
| निर्मित भवनको संरचनागत सुधार खर्च | ६६४,३४०.०० | १६,१६,००५.०० | ५,००,०००.०० |
| पुजीगत सुधार खर्च सार्वजनिक निर्माण | १,७८,५८,३७७.०० | ८९,६२,०८९.०० | २,२३,००,०००.०० |
| पुजीगत अनुसन्धान तथा परामर्श | २०,७९,८६५.०० | ० | ० |

## ३.८.३ बजेटका अन्य स्रोतहरूको परिचालन तथा व्यवस्थापन

तमानखोला गाउँपालिकाको विकासमा सार्वजनिक खर्च व्यवस्थापनको प्रमुख स्रोत माथि उल्लेखित संघीय सरकारबाट प्राप्त अनुदान भए तापनि प्रत्यक्ष रुपमा निजी क्षेत्र, सहकारी, संघ संस्था तथा व्यक्तिगत रुपमा सेवाग्राहीबाट प्राप्त श्रमदानको योगदान र महत्वलाई समेत उच्च स्थानमा राख्नु पर्दछ। नेपाल सरकारको अर्थ, उद्योग र वाणिज्य द्धठ सम्बन्धी नीतिमा तीन खम्बे नीतिलाई विकासको प्रमुख आधार मानिएको सन्दर्भमा गाउँपालिकाको विकासमा समेत यो क्षेत्रहरूबाट हुने योगदानलाई कदर गर्दै निम्नानुसार प्रक्षेपण तथा विश्लेषण गरिएको छ।

**तालिका ४४: वास्तविक वजेट आय र व्यय**

| शिर्षक | २०७९।८० को वास्तविक वजेट | २०८०/८१ आधार वर्ष) को वास्तविक वजेट | चालु आ.व. को अनुमानित वजेट २०८१/८२ |
|---|---|---|---|
| कूल आय | **३०,८४,९६,११४.४१** | २८,७३,४७,३२३.०० | ३२,९४,४५,५००.० |
| कूल व्यय | **२८,८१,२७,७९८.०** | २५,५८,२१,०२६.२१ | ३२,९४,४५,५००.०० |
| वजेट वचत () र न्यून (()) | २,०३,६८,३१६.४१ | | ० |

**तालिका ४५: चालु तथा पुंजीगततर्फ जम्मा व्यय अनुमान**

| शिर्षक | २०७९।८० को वास्तविक बजेट (करोडमा) | २०८०/८१ आधार वर्ष) को वास्तविक बजेट (करोडमा) | चालु आ.व. को अनुमानित बजेट (करोडमा) | प्रतिसत | पहिलो वर्ष अनुमानित बजेट ( करोडमा) | प्रतिसत | दोस्रो वर्ष अनुमानित बजेट ( करोडमा) | प्रतिसत | तेश्रो वर्ष अनुमानित बजेट ( करोडमा) | प्रतिसत | चौथो वर्ष अनुमानित बजेट ( करोडमा) | प्रतिसत | पाँचौ वर्ष अनुमानित बजेट ( करोडमा) | प्रतिसत | जम्मा अनुमानित बजेट ( करोडमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| चालु खर्च | १७.८५ | १७.४६ | २३.१८ | ७०.३५ | २३.६३ | ६५ | २५.९९ | ६२ | २६.३९ | ६० | २९.०३ | ६० | ३१.९३ | ६० | १३६.९८ |
| पूंजिगत खर्च | १०.९७ | ८.१२ | ९.७७ | २९.६५ | १२.७२ | ३५ | १४.०० | ३८ | १७.६० | ४० | १९.३५ | ४२ | २१.२९ | ४५ | ८४.९६ |
| **जम्मा** | २८.८२ | २५.५८ | ३२.९५ | १०० | ३६.३५३४ | १०० | ३९.९९ | १०० | ४३.९९ | १०० | ४८.३९ | १०२ | ५३.२२ | १०५ | २२१.९४ |

**तालिका ४६: आवधिक योजनामा बहुक्षेत्रगत अनुमानित लागत**

| क्र.स. | क्षेत्र तथा उपक्षेत्र | जम्मा कार्यक्रम संख्या | अनुमानित बजेट लागत (रु. हजारमा ) | | | | | | बजेट % |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | |
| **१** | **आर्थिक क्षेत्र** | **७९७** | **३२२८५** | **४६६३५** | **३७७६०** | **३६४८५** | **३४२१०** | **१८७३७५** | **१७.२१** |
| १.१ | कृषि तथा पशुपालन | ३०४ | ११०५० | १४४२५ | १०५०० | १२०२५ | ११९०० | ५९१०० | ३१.५४ |
| १.२ | सिंचाई | ५० | ४७७५ | ४००० | २६०० | २१५० | १४५० | १४९७५ | ७.९९ |
| १.३ | पर्यटन, सँस्कृति तथा सम्पदा | २१८ | ९१५० | १६५०० | १४८५० | १५१०० | १३७५० | ६९३५० | ३७.०१ |
| १.४ | उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति | १३९ | ३४६० | ६५१० | ५८६० | ४५६० | ५०१० | २५४०० | १३.५६ |
| १.५ | श्रम, रोजगारी र सामाजिक सुरक्षा | ८६ | ३८५० | ५२०० | ३९५० | २६५० | २९०० | १८५५० | ९.९० |
| **२** | **सामाजिक क्षेत्र** | **१०९४** | **४९०८५** | **९६४०५** | **७८२४५** | **५३४२५** | **५१८०५** | **३२८९६५** | **३०.२१** |
| २.१ | स्वास्थ्य तथा पोषण | २०४ | १२२३० | ५०३३० | ३३९८० | ११९३० | १४५३० | १२२२०० | ३७.१५ |
| २.२ | शिक्षा, विज्ञान तथा नवप्रवर्तन | ३३७ | १५९१० | २००७० | १९४९० | २०१३० | १६२९० | ९१८९० | २७.९३ |
| २.३ | खानेपानी तथा सरसफाई | १५१ | ५९७० | ७३९० | ७३३० | ६९५० | ६१५० | ३३७९० | १०.२७ |
| २.४ | महिला, बालबालिका तथा लक्षित वर्ग | २४१ | ५७९० | ६९३० | ६५७० | ६१६० | ५३३० | ३०७८० | ९.३६ |
| २.५ | युवा तथा खेलकुद | १६१ | ९१८५ | ११६८५ | १०८७५ | ९०५५ | ९५०५ | ५०३०५ | १५.२९ |
| **३** | **पूर्वाधार क्षेत्र** | **५२९** | **७७०५५** | **८६७९५** | **१०८२२०** | **१११३१०** | **५९२६०** | **४४२६४०** | **४०.६५** |
| ३.१ | वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण | ७२ | ३२९५ | ९६३५ | ६४८० | ७५७० | ३२२० | ३०२०० | ६.८२ |
| ३.२ | सडक, पुल तथा यातायात | २५३ | ६४९६० | ६७७६० | ९३९६० | ९८९१० | ५१६६० | ३७७२५० | ८५.२३ |
| ३.३ | जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा | १०६ | ४४०० | ३६५० | ४३०० | २२०० | २३०० | १६८५० | ३.८१ |
| ३.४ | सूचना, सञ्चार तथा प्रविधि | ९८ | ४४०० | ५७५० | ३४८० | २६३० | २०८० | १८३४० | ४.१४ |
| **४** | **वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र** | **४४२** | **१४६४५** | **१५३२५** | **१७६२०** | **१२६३५** | **१४४९५** | **७४७२०** | **६.८६** |
| ४.१ | वन तथा जैविक विविधता | १४५ | ३५१५ | ३७८५ | ४२१५ | १९८५ | २२३५ | १५७३५ | २१.०६ |
| ४.२ | भूसंरक्षण तथा जलाधार व्यवस्थापन | ५२ | २२५० | २८२० | १८९० | १५५० | १७९० | १०३०० | १३.७८ |
| ४.३ | वातावरण तथा फोहोरमैला व्यवस्थापन | ८५ | २८७० | २६२० | ४५०० | ३१५० | ३६८० | १६८२० | २२.५१ |

| क्र.स. | क्षेत्र तथा उपक्षेत्र | जम्मा कार्यक्रम संख्या | अनुमानित बजेट लागत (रु. हजारमा ) | | | | | | बजेट % |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | |
| ४.४ | विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता | १६० | ६०१० | ६१०० | ७०१५ | ५९५० | ६७९० | ३१८६५ | ४२.६५ |
| **५** | **संस्थागत विकास तथा सुशासन क्षेत्र** | ४९२ | ९०९५ | ११२९५ | ८९५५ | ६५०० | ५९५० | ४१७९५ | ३.८४ |
| ५.१ | सेवा प्रवाह तथा सुशासन | ५१ | ९०० | ११३० | ६७० | ८७० | ५८० | ४१५० | ९.९३ |
| ५.२ | मानव संसाधन तथा संस्थागत क्षमता विकास | १२१ | ४५५० | ४८५० | ४८९० | २१७० | २०७० | १८५३० | ४४.३४ |
| ५.३ | तथ्याङ्क प्रणाली | २४ | ७२० | १९७० | ८३० | ४७० | ३५० | ४३४० | १०.३८ |
| ५.४ | शासकीय सुधार | ४५ | ८२० | १०६० | ६४० | ४३० | १११० | ४०६० | ९.७१ |
| ५.५ | प्रशासकीय सुशासन | ३३ | ५७० | ६२० | ४२० | ५७० | ४२० | २६०० | ६.२२ |
| ५.६ | वित्तीय सुशासन | ४९ | ४५० | ४६० | ५०० | ४६० | ४०० | २२७० | ५.४३ |
| ५.७ | भ्रष्टाचार निवारण | ८४ | ३६० | ३१० | २१० | २६० | २१० | १३५० | ३.२३ |
| ५.८ | राजस्व परिचालन | ८५ | ७२५ | ८९५ | ७९५ | १२७० | ८१० | ४४९५ | १०.७५ |
| **६** | **अन्तरसम्बन्धित विषय** | १३४ | २१३० | ३३९० | १९५० | २४९० | ३५१० | १३४७० | १.२४ |
| ६.१ | गाउँपालिका सुरक्षा | ४८ | ५३० | १८८० | ३७० | ९८० | १९१० | ५६७० | ४२.०९ |
| ६.२ | मानव अधिकार | ४१ | ४२० | ३३० | ४२० | ३३० | ४२० | १९२० | १४.२५ |
| ६.३ | संघीय शासन प्रणाली | १५ | २७० | २७० | २७० | २७० | २७० | १३५० | १०.०२ |
| ६.४ | स्थानीय तहको सन्तुलित विकास | ३० | ९१० | ९१० | ८९० | ९१० | ९१० | ४५३० | ३३.६३ |
| जम्मा | | ३४८८ | १८४२९५ | २५९८४५ | २५२७५० | २२२८४५ | १६९२३० | १०८८९६५ | १०० |

तमानखोला गाउँपालिकाको समग्र आर्थिक तथा सामाजिक विकासका निमित्त आवधिक योजना अन्तर्गतका कार्यक्रमहरु सञ्चालनका लागि कूल रु. १ अर्व ८ करोड ८९ लाख ६५ हजार वित्तीय लगानी हुने अनुमान छ । लागतको ठूलो हिस्सा सार्वजनिक क्षेत्रले ८१.२८ प्रतिशत छ भने निजी क्षेत्र र गैर सरकारी /अन्तराट्रिय गै.स.स.लाई समेत समाहित गरेर कार्यक्रमको साझेदारीको रूपमा लिइएको छ । आवधिक योजनामा विभिन्न योजनाहरुको लक्ष्य प्राप्तिको लागि आवश्यक पर्ने बजेट गाउँपालिकाले प्रदेश सरकार तथा संघीय सरकारका साथै अरु साझदारी संघ /संस्था बाट जम्मा गर्न सक्नेछ ।

| क्र.स. | क्षेत्र तथा उपक्षेत्र | अनुमानित बजेट लागत (प्रतिशत ) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा प्रतिशत |
| **१** | **आर्थिक क्षेत्र** | **१७.५२** | **१७.९५** | **१४.९४** | **१६.३७** | **२०.२२** | **१७.२१** |
| **१.१** | कृषि तथा पशुपालन | ३४.२३ | ३०.९३ | २७.८१ | ३२.९६ | ३२.४५ | ३१.५४ |
| **१.२** | सिंचाई | १४.७९ | ८.५८ | ६.८९ | ५.८९ | ४.२४ | ७.९९ |
| **१.३** | पर्यटन, सँस्कृति तथा सम्पदा | २८.३४ | ३५.३८ | ३९.३३ | ४१.३९ | ४०.१९ | ३७.०१ |
| **१.४** | उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति | १०.७२ | १३.९६ | १५.५२ | १२.५० | १४.६४ | १३.५६ |
| **१.५** | श्रम, रोजगारी र सामाजिक सुरक्षा | ११.९३ | ११.१५ | १०.४६ | ७.२६ | ८.४८ | ९.९० |
| **२** | **सामाजिक क्षेत्र** | **२६.६३** | **३७.१०** | **३०.९६** | **२३.९७** | **३०.६१** | **३०.२१** |
| **२.१** | स्वास्थ्य तथा पोषण | २४.९२ | ५२.२१ | ४३.४३ | २०.८३ | २८.०५ | ३७.१५ |
| **२.२** | शिक्षा, विज्ञान तथा नवप्रवर्तन | ३२.४१ | २०.८२ | २४.९१ | ३७.६८ | ३१.४४ | २७.९३ |
| **२.३** | खानेपानी तथा सरसफाई | १२.१६ | ७.६७ | ९.३७ | १३.०१ | ११.८७ | १०.२७ |
| **२.४** | महिला, बालबालिका तथा लक्षित वर्ग | ११.८० | ७.१९ | ८.४० | ११.५३ | १०.२९ | ९.३६ |
| **२.५** | युवा तथा खेलकुद | १८.७१ | १२.१२ | १३.९० | १६.९५ | १८.३५ | १५.२९ |
| **३** | **पूर्वाधार क्षेत्र** | **४१.८१** | **३३.४०** | **४२.८२** | **४९.९५** | **३५.०२** | **४०.६५** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.१ | वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण | ४.२८ | ११.१० | ५.९९ | ६.८० | ५.४३ | ६.८२ |
| ३.२ | सडक, पुल तथा यातायात | ८४.३० | ७८.०७ | ८६.८२ | ८८.८६ | ८७.१८ | ८५.२३ |
| ३.३ | जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा | ५.७१ | ४.२१ | ३.९७ | १.९८ | ३.८८ | ३.८१ |
| ३.४ | सूचना, सञ्चार तथा प्रविधि | ५.७१ | ६.६२ | ३.२२ | २.३६ | ३.५१ | ४.१४ |
| ४ | **वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र** | **७.९५** | **५.९०** | **६.९७** | **५.६७** | **८.५७** | ६.८६ |
| ४.१ | वन तथा जैविक विविधता | २४.०० | २४.७० | २३.९२ | १५.७१ | १५.४२ | २१.०६ |
| ४.२ | भूसंरक्षण तथा जलाधार व्यवस्थापन | १५.३६ | १८.४० | १०.७३ | १२.२७ | १२.३५ | १३.७८ |
| ४.३ | वातावरण तथा फोहोरमैला व्यवस्थापन | १९.६० | १७.१० | २५.५४ | २४.९३ | २५.३९ | २२.५१ |
| ४.४ | विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता | ४१.०४ | ३९.८० | ३९.८१ | ४७.०९ | ४६.८४ | ४२.६५ |
| ५ | **संस्थागत विकास तथा सुशासन क्षेत्र** | **४.९४** | **४.३५** | **३.५४** | **२.९२** | **३.५२** | **३.८४** |
| ५.१ | सेवा प्रवाह तथा सुशासन | ९.९० | १०.०० | ७.४८ | १३.३८ | ९.७५ | ९.९३ |
| ५.२ | मानव संसाधन तथा संस्थागत क्षमता विकास | ५०.०३ | ४२.९४ | ५४.६१ | ३३.३८ | ३४.७९ | ४४.३४ |
| ५.३ | तथ्याङ्क प्रणाली | ७.९२ | १७.४४ | ९.२७ | ७.२३ | ५.८८ | १०.३८ |
| ५.४ | शासकीय सुधार | ९.०२ | ९.३८ | ७.१५ | ६.६२ | १८.६६ | ९.७१ |
| ५.५ | प्रशासकीय सुशासन | ६.२७ | ५.४९ | ४.६९ | ८.७७ | ७.०६ | ६.२२ |
| ५.६ | वित्तीय सुशासन | ४.९५ | ४.०७ | ५.५८ | ७.०८ | ६.७२ | ५.४३ |
| ५.७ | **भ्रष्टाचार निवारण** | ३.९६ | २.७४ | २.३५ | ४.०० | ३.५३ | ३.२३ |
| ५.८ | राजस्व परिचालन | ७.९७ | ७.९२ | ८.८८ | १९.५४ | १३.६१ | १०.७५ |
| ६ | **अन्तरसम्बन्धित विषय** | **१.१६** | **१.३०** | **०.७७** | **१.१२** | **२.०७** | **१.२४** |
| ६.१ | गाउँपालिका सुरक्षा | २४.८८ | ५५.४६ | १८.९७ | ३९.३६ | ५४.४२ | ४२.०९ |
| ६.२ | मानव अधिकार | १९.७२ | ९.७३ | २१.५४ | १३.२५ | ११.९७ | १४.२५ |
| ६.३ | संघीय शासन प्रणाली | १२.६८ | ७.९६ | १३.८५ | १०.८४ | ७.६९ | १०.०२ |
| ६.४ | स्थानीय तहको सन्तुलित विकास | ४२.७२ | २६.८४ | ४५.६४ | ३६.५५ | २५.९३ | ३३.६३ |

## ३.८.४ विषय क्षेत्रगत बजेट बाँडफाँडको विस्तृत विवरण

आधार बर्ष २०८०/०८१ को आधारमा बजेटको सबै भन्दा धेरै अर्थात बढी रकम सामाजिक विकास क्षेत्रमा ४५. १३ प्रतिशत खर्च भएको छ। पूर्वाधार विकासमा ३८.८० प्रतिशत खर्च भएको छ भने संस्थागत विकास र सुशाशनमा तथा स्थानीय तहको सन्तुलित विकासमा ३.५८ प्रतिशत, आर्थिक विकासमा ८.०८ प्रतिशत, वन वतावरण तथा बिपद् व्यवस्थापनमा ३.९९ प्रतिशत खर्च भएको छ। सो को आधारमा आवधिक योजनाको विविध क्षेत्रहरूमा बजेट प्रक्षेपण गरिएको छ।

**तालिका ४७: प्रतिशतको आधारमा विषयगत खर्चको विवरण**

| शिर्षक | २०७९।८० को वास्तविक वजेट | २०८०/८१ आधार वर्ष) को वास्तविक वजेट | चालु आ.व. को अनुमानित वजेट २०८१/८२ |
|---|---|---|---|
| आर्थिक विकास | ७६,१०,०००.०० | ८९,५०,०००.०० | ७९,६६,६००.०० |
| कृषि विकास | ३०,८५,०००.०० | ३९,००,०००.०० | |
| पशुपन्छी विकास | ३२,७५,०००.०० | २८,००,०००.०० | |
| उद्योग | ९,००,०००.०० | १८,५०,०००.०० | |
| वाणिज्य | १,००,०००.०० | | |
| पर्यटन | २,५०,०००.०० | | |
| सामाजिक विकास | ४,२५,८८,२००.०० | ४,३१,९९,६००.०० | ४,४१,०५,६००.०० |
| शिक्षा | २,५०,१६,०००.०० | २,२४,१७,५००.०० | |
| स्वास्थ्य तथा पोषण | १,२६,२२,२००.०० | १,२७,३२,१००.०० | |
| खानेपानी तथा सरसफाई | | ४,००,०००.०० | |
| युवा तथा खेलकुद | | २९,५०,०००.०० | |
| पूर्वाधार क्षेत्र | ३,९४,००,०००.०० | ३,५०,००,०००.०० | ३,७९,००,०००.०० |

| शिर्षक | २०७९।८० को वास्तविक वजेट | २०८०/८१ आधार वर्ष) को वास्तविक वजेट | चालु आ.व. को अनुमानित वजेट २०८१/८२ |
|---|---|---|---|
| स्थानीय तहको सन्तुलित विकास | ३३,५०,०००.०० | ६०,५०,०००.०० | ३५,००,०००.०० |
| वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन | ३६,००,०००.०० | ४८,५०,०००.०० | ३८,५८,८००.०० |

**स्रोत र साधनको लेखाजोखा**

तमानखोला गाउँपालिकाले विगत वर्षमा गरेको खर्चको आधारमा यस आवधिक योजना अवधीको आय व्यय वित्तिय विश्लेषण र प्रक्षेपण गरिएको छ। आयव्यायको विश्लेषण तलको तालिकामा दिइएको छ। आर्थिक वर्ष २०८०।८१ को आयमा प्रत्येक वर्ष १० प्रतिशतकादरले वृद्धि हुने र केही क्षेत्रमा नीजि, गैरसरकारी तथा जनश्रमदान तथा भौतिक पूर्वाधारको क्षेत्रमा संघ तथा प्रदेस सरकारको उल्लेख्य योगदान हुने अनुमान गरी यो आय प्रक्षेपण गरिएको छ।

**तालिका ४८: स्रोत र साधनको लेखाजोखा**

| क. स. | आम्दानीको स्रोत | आगामि ५ बर्षको स्रोतअनुसार प्रक्षपण रकम रु. (करोडमा) | प्रतिशत |
|---|---|---|---|
| १ | संघीय सरकार | ७३.५१ | ६६.३२ |
| २ | प्रदेश सरकार | १४.०४ | १२.६६ |
| ३ | आन्तरिक आय राजस्व | २.५५ | २.३० |
| ४ | अन्य अनुदान | ५.०० | ४.५१ |
| ५ | जनसहभागिता | २.७५ | २.४८ |
| ६ | निजी लगानी | ६.०० | ५.४१ |
| ७ | अन्तर स्थानिय तह साझेदारी | २.२० | १.९८ |
| ८ | गैसस र सामुदायिक क्षेत्रको लगानी | ४.८० | ४.३३ |
| ९ | आन्तरीक ऋण परिचालन | ०.०० | ०.०० |
| कूल जम्मा | | ११०.८४२ | १००.०० |

*योजना अवधिको क्षेत्रगत लगानी प्रक्षेपण (पुंजीगत तर्फको कार्यक्रम खर्च मात्र)*

**तालिका ४९: लगानी र खर्चका शिर्षकहरु**

| लगानी र खर्चका शिर्षकहरु | ५ वर्षको कुल अपेक्षित लगानी | प्रतिशत वितरण |
|---|---|---|
| आर्थिक विकास | १७.२१ | प्रतिशत |
| सामाजिक क्षेत्र | ३०.२१ | प्रतिशत |
| पूर्वाधार क्षेत्र | ४०.६५ | प्रतिशत |
| वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन | ६.८६ | प्रतिशत |
| सुशासन तथा संस्थागत विकास | ३.८४ | प्रतिशत |
| अन्तरसम्बन्धित विषय | १.२४ | प्रतिशत |
| जम्मा लगानी | **१००** | प्रतिशत |

*योजना अवधिको क्षेत्रगत लगानी प्रक्षेपण (चालु र पुंजीगत खर्च )*

**तालिका ५०: योजना अवधिको क्षेत्रगत लगानी प्रक्षेपण (चालु र पुंजीगत खर्च )**

| लगानी र खर्चका शिर्षकहरु | ५ वर्षको कुल अपेक्षित लगानी | प्रतिशत वितरण |
|---|---|---|
| चालु खर्च | ६०.५२ | प्रतिशत |
| पुंजीगत खर्च | ३९.४८ | प्रतिशत |
| **जम्मा लगानी** | **१००** | प्रतिशत |

# परिच्छेद ४ : आर्थिक क्षेत्र

## ४.१ कृषि तथा पशुपालन

### ४.१.१ पृष्ठभूमि

तमानखोला गाउँपालिकाको कुल क्षेत्रफल १७८.०२ वर्ग किलोमिटर मध्ये करिव १५.०४ प्रतिशत भाग (२६७७.४ हे) कृषि क्षेत्रले ओगटेको छ। गाउँपालिकाको कुल जनसंख्यामा ८१.३ प्रतिशत जनसंख्याको मुख्य पेशा कृषि तथा पशुपालन रहेको छ। यहाँ हुने उत्पादनले वर्षैभरी खान पुग्ने परिवार संख्या २.६ % मात्र रहेका छन्। अधिकांश कृषकहरुले आफ्नो घरायसी उपभोगको लागि मात्र पशु तथा पंक्षीपालन व्यवसाय सञ्चालन गर्दै आएको पाईन्छ भने बाखा च्याङ्ग्रा, भेंडाभेंडी, सुंगुर वंगुर, कुखुरा पालन जस्ता कृषि व्यवसाय सञ्चालनमा रहेका छन्। ठूलो भू-भागमा आलुखेती गरिन्छ भने मकै, कोदो, गहुँ, जौं, धान, फापर आदि अन्नवालीहरु गाउँपालिका भित्र उत्पादन हुने मुख्य खाद्यान्न वालीहरु हुन् भने आलु, काउली, मुला, टमाटर, खुर्सानी, लहरे तरकारी वाली, लसुन, प्याज अदुवा, बेसार, धनियाँ, टिमुर, काँक्रा, फर्सी, आदि यस क्षेत्रमा खेती गरिने मुख्य तरकारी वाली हुन्। जीविकोपार्जनको मुख्य स्रोतको रूपमा कृषि व्यवसाय रहेको भए तापनि खाद्यान्न अन्य क्षेत्रबाट आयात हुने गरेको छ भने खाद्यान्न अभाव परिपूर्ति गर्न ठूलो मेहनत गर्नु परेको छ। गाउँपालिकामा व्यवसायीक कृषकहरुको तुलनामा निर्वाहमुखी कृषि प्रणाली अवलम्वन गरिरहेका कृषकहरुको वाहुल्यता रहेको छ। इच्छुक कृषकहरूलाई अनुदानमार्फत टनेल निर्माण गरी मौसमी खेतीका लागि उत्प्रेरित गरिएको भए तापनि प्राविधिक ज्ञानको अभाव, दक्ष प्राविधिकको अभाव, वातावरणीय विषमता आदिका कारण कृषि क्षेत्रले व्यावसायिकता ग्रहण गरि नसकेको अवस्था छ। कृषि योग्य जमिन खण्ड खण्डमा विभाजित रहेकोले व्यवसायीक कृषि प्रणाली अवलम्वन गर्न कठिनाई रहेको छ। खेतियोग्य जग्गा बाँझो छोड्ने प्रवृत्ति यहाँ कम रहेको भएतापनि यस्तो क्रम वढ्दै गएको छ। सिचाईको समस्या भने उल्लेख्यरूपमा रहेको छ। विश्वव्यापी जलवायु परिवर्तनको प्रभावका अतिरिक्त स्थानीय स्तरमा निर्माण गरिएका सडक लगायतका भौतिक पूर्वाधारहरु वातावरणमैत्री नहुँदा पानीका स्रोतहरु सुक्दै गएको छ। मुख्यतः परम्परागत कुलोहरुको मर्मत, सुधार, पानीका स्रोतहरु पहिचान गरी नयाँ कुलो निर्माण तथा बर्षातको पानी जम्मा गरी उपयोग गर्न संरक्षण पोखरीहरु बनाउनुपर्ने जस्ता उपायको अवलम्वन गरि गाउँपालिकालाई कृषि र खाद्यान्न उत्पादनमा सबल बनाउन सके आर्थिक क्षेत्रमा उल्लेख्य सुधार भई निर्यात प्रवर्द्धन गर्न सकिन्छ। व्यवसायिक कृषि तथा पशुपालनलाई प्राथमिकता दिई यस पेशामा कृषकहरुलाई आकर्षित गर्न सकेको खण्डमा कृषि तथा पशुपालन व्यवसाय कृषकहरुको लागि मुनाफामुलक व्यवसायको रुपमा विकास हुन प्रचुर सम्भावना रहेको छ।

समशितोष्ण र शितोष्ण जलवायु रहेको यो गाउँपालिका कृषि जैविक विविधताको दृष्टिकोणले धनी क्षेत्रको रुपमा रहेको छ। समशितोष्ण क्षेत्रमा सुन्तलाजातका फलफुल, केरा, मेवा र गाउँपालिकाको उपल्लो क्षेत्रमा शितोष्ण जलवायुमा हुने फलफुलहरु जस्तै नास्पाती, बेलौती, आरु, आरुवखडा, किवी, ओखर जस्ता फलफुल वालीको व्यवसायीक उत्पादन, मसला वालीको व्यवसायीक खेती, औषधीय गुण भएका वनस्पतीहरुको सङ्कलन तथा उत्पादन, मौरीपालन, च्याउखेती जस्ता कृषि व्यवसायकोको बलियो सम्भावना रहेको छ। अधिकांश जनसंख्या कृषि तथा पशुपालन पेशामा संलग्न रहेकोले गाउँपालिकाको दीर्घकालीन समुन्नत विकासका लागि कृषि तथा पशुपालन क्षेत्रलाई बैज्ञानिकिकरण र व्यवसायिकीकरण गर्न सकिने प्रबल सम्भावना रहेको छ।

### ४.१.२ समस्या तथा चुनौती

| | समस्याहरु | चुनौती तथा जोखिमहरू |
|---|---|---|
| **कृषि तथा पशु पालन** | • मनसुनमा आधारित, निर्वाहमुखी र परम्परागत खेती प्रणाली, न्यून उत्पादन र उत्पादकत्व ,<br>• व्यवसायिक सोचका साथ पशुपालन, खाद्यान्न बाली एवम् तरकारी खेती हुन नसक्नु,<br>• सिंचाईं सुविधामा अपर्याप्तता, | • खेती योग्य जमिनको कमी साथै खेती योग्य जमिन बाँझो राख्ने प्रवृत्तिमा वृद्धि,<br>• उत्पादन लागत बढी हुनु |

| समस्याहरु | चुनौती तथा जोखिमहरू |
|---|---|

| | | |
|---|---|---|
| **कृषि तथा पशु पालन** | • भु उपयोग नीतिको अभावमा खेतीयोग्य र हरित क्षेत्र खुम्चदै जानु, समयमा गुणस्तरीय बीउ, मलखाद, कीटनाशक तथा साना र मझौलास्तरका कृषियन्त्रको सुलभता, कृषि सामग्री र प्राविधिक सेवा उपलब्ध नहुनु,<br>• जङ्गली जनावरको कारण बालीनाली जोगाउन समस्या हुने गरेको,<br>• यान्त्रिकरणको प्रयोगका लागि अनुदान एवम् प्रविधि सञ्चालन सम्बन्धी सीपको कमी हुनु<br>• उत्पादित कृषि उपजहरुको उचित मूल्य निर्धारण र बजारीकरणको असहज भएकोले कृषि उपज बिक्री वितरणमा कठिनाइ,<br>• चिस्यान केन्द्र तथा कृषि उपजको सङ्कलन तथा शितभण्डारको अभाव,<br>• कृषि कर्जा तथा वीमा लगायतका वित्तीय सेवामा कृषकको सहज पहुँच नहुनु,<br>• आधुनिक प्रविधि, पशु औषधालय तथा कृषि तथा पशु बिमाको पर्याप्त व्यवस्था नभएको, | • वास्तविक किसानसँग खेती योग्य जमिनको अभाव हुनु ,<br>• कृषि पेशाबाट युवा तथा अन्य श्रमशक्तिको व्यापक पलायन हुनु ,<br>• रैथाने जातका बालीनालीहरू लोप हुने जोखिम रहेको,<br>• तीब्र रुपमा भइरहेको बसाइ सराई ,<br>• कृषि पेशालाई प्रतिस्पर्धी, नाफामूलक, सम्मानजनक र व्यावसायिक रूपमा स्थापित गर्नु |

## ४.१.३ सम्भावना तथा अवसर

| | सबल पक्षहरू | सम्भावना र अवसरहरू |
|---|---|---|
| **कृषि तथा पशुपालन** | • गाउँपालिकामा कृषिको लागि उर्वर जमिनका साथै पशुपालनको लागि उपयुक्त हावापानी रहेको,<br>• स्थानीय सरकारले स्थानीय विशिष्टता र आवश्यकता अनुसार कृषि क्षेत्रलाई प्राथमिकता प्रदान गर्न सक्ने अधिकार भएको,<br>• गाउँपालिकामा ८१.३ प्रतिशत घरपरिवारहरु कृषिमा संलग्न भएको हुँदा कृषि उत्पादनको लागि आवश्यक जनशक्ति रहेको ,<br>• गाउँपालिकामा कृषि, पशु तथा पंक्षी जन्य उत्पादन निर्यात गर्न, व्यापारिक केन्द्रहरू बुर्तिबाङ, बागलुङ, पोखरा र काठमाडौं जस्ता शहरहरू सम्म पहुँचको लागि सडक सञ्जाल रहेको,<br>• कृषि उपज सङ्कलन केन्द्र निर्माणधीन अवस्थामा रहेको ,<br>• गाउँपालिकामा कृषि प्राविधिकहरू उपलब्धता रहेको,<br>• प्राङ्गारिक मलको अधिकतम प्रयोगले अर्गानिक खाद्य वस्तुको उत्पादन भैरहेको ,<br>• कृषि क्षेत्र गाउँपालिकाको नीति तथा कार्यक्रममा सधैं प्राथमिकतामा रहनु, | • सम्भाव्य खेतीयोग्य तथा पशुपालन क्षेत्रको पहिचान गरी कृषि पकेट क्षेत्र, सुपरजोन तथा जोनको रुपमा घोषणा गरी उत्पादन वृद्धि गर्न सकिने,<br>• बाली, मासु, दुग्धजन्य पदार्थ, फलफुल, तरकारी, जडीबुटी आदिको उत्पादन मुख्यतया नजिकैको स्थानीय बजार जस्तै बोंङ्गादोभान र बुर्तिबाङ्ग, बागलुङ, पोखरा र काठमाडौं जस्ता शहरहरूमा निर्यात गर्न सकिने ,<br>• कृषि सडकहरूको विकास गरी कृषकको उत्पादनलाई सहज रूपले बजारीकरण गर्न सकिने,<br>• युवावर्गलाई कृषिमा आकर्षित गर्न युवा लक्षित कृषि कार्यक्रम सञ्चालन गर्न सकिने,<br>• पशुपालन व्यवसायलाई प्रोत्साहन गर्न पशु बीमा, गोठ सुधार जस्ता कार्यक्रम सञ्चालन गर्न सकिने,<br>• व्यावसायिकरुपमा बाखा च्याङ्रा, भेंडाभेंडी, सुंगुर वंगुर, कुखुरा पालन गर्न सकिने,<br>• व्यावसायिक मौरीपालन गरी ठूला बजारमा महको निर्यात गर्न सकिने,<br>• खोला तथा स-साना खोल्सीहरु लगायतका स्रोतहरूबाट सिंचाई सुविधा लिन सक्ने,<br>• आयातित तरकारीहरुलाई न्यूनीकरण गरी स्थानीय स्तरमा उत्पादित तरकारीहरुलाई वढावा दिन सकिने,<br>• जैविक कृषि र कृषि वन प्रति किसानहरूको आकर्षण बढ्न सकिने,<br>• पर्यटनको राम्रो सम्भाव्यता रहेकोले सो विधालाई कृषि तथा गाउँले पर्यटनको रूपमा प्रवर्द्धन गर्न सकिने, |

## ४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**सोच**

वैज्ञानिक, व्यवसायिक, उच्च प्रतिफलयुक्त निर्यातमुखी कृषि तथा पशुपालन

**लक्ष्य**

कृषिको यान्त्रिकीकरण र व्यवसायीकरणको माध्यमबाट सक्षम कृषक, उच्च उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने ।

## उद्देश्यहरु

१. स्थानिय तथा रैथाने बाली र पशु संरक्षण र सम्बर्धन गर्नु ।
२. निर्वाहमुखी कृषि तथा पशुपंक्षीपालनका प्रणालीलाई दिगो र व्यावसायीकरण तथा बजारीकरण गर्नु ।
३. कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी गाउँपालिकालाई कृषि उपजमा आत्मनिर्भर गर्नु ।

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| **उद्देश्य १: स्थानिय तथा रैथाने बाली र पशु संरक्षण र सम्बर्धन गर्नु ।** | | | |
| १.१ | कृषकहरुले लाभ लिन सक्ने स्थानीय, रैथाने बाली, जलवायु अनुकुलित बाली कृषि जन्य वस्तुको व्यवसायीकरण गर्ने । | १.१.१. | लोपोन्मुख र रैथाने बाली बीउ बिजन र बालीजन्य जैविक विविधता संरक्षणमा स्थानीय समुदायको अग्रसरतालाई प्रोत्साहन गर्नुका साथै उनीहरूको क्षमता अभिवृद्धि गर्दै आवश्यक प्रोत्साहन गरिनेछ । |
| | | १.१.२. | जैविक औषधी, जैविक मल लगायत जैविक उत्पादन प्रणाली र प्रविधिको व्यवसायीकतामा जोड दिइनेछ । |
| | | १.१.३. | रैथाने बाली प्रशोधन, ग्रडिङ, ब्रान्डिङ, प्रोसेसिङ र प्याकेजिङ तथा राष्ट्रिय स्तरमा बजारीकरण गरिनेछ । |
| | | १.१.४ | कृषि जन्य जैविक विविधताको संरक्षण, प्रवर्द्धन तथा सदुपयोग गर्दै माटो सुहाउँदो एवम् जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न अनुसन्धानमा आधारित वातावरणमैत्री र जलवायु अनुकूलित कृषि प्रविधिको विकास एवम् विस्तार गरिनेछ । |
| उद्देश्य २: निर्वाहमुखी कृषि तथा पशुपंक्षीपालनका प्रणालीलाई दिगो र व्यावसायीकरण तथा बजारीकरण गर्नु । | | | |
| २.१ | आधुनिक, व्यवस्थित र व्यवसायिक कृषि प्रणाली विकास गर्ने । | २.१.१ | दिगो कृषि विकासका लागि आवश्यक नीति ऐन र नियमहरू तर्जुमा तथा संशोधन गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । |
| | | २.१.२. | कार्यक्रम सञ्चालन निर्देशिका तथा नीतिहरू समय सापेक्ष रूपमा परिमार्जन गर्दै लगिनेछ । |
| | | २.१.३ | गुणस्तरीय उत्पादन सामग्रीहरू र कृषिको यान्त्रिकरणका लागि कृषकमैत्री औजार एवम् सुलभ कृषि कर्जाकोको व्यवस्था गरिनेछ । |
| | | २.१.४. | कृषि तथा पशुपालन पकेट क्षेत्र पहिचान सहितको कृषि प्रोफाइल तयार गरिनेछ । |
| | | २.१.५ | मौसमी तरकारी उत्पादन गर्न गाउँपालिकाको कृषि क्षेत्रहरुको सम्भाव्यता अध्ययन गरी तरकारी खेतीको व्यवसायिक खेती गरिनेछ । |
| | | २.१.६ | कृषि उत्पादन संकलन केन्द्र निर्माण थप विस्तार गरिनेछ । |
| | | २.१.७ | गाउँपालिकाको कृषि उत्पादन भण्डारीकरण गर्न चिस्यान केन्द स्थापना तथा सुदृढ गरिनेछ । |
| | | २.१.८ | कृषि उपज उत्पादन, प्रशोधन, भण्डारण एवम् वितरण प्रणालीमा नयाँ प्रविधिको विकास अनुसरण, अवलम्बन र आधुनिकीकरण गरिनेछ । |
| | | २.१.९ | आवधिक रुपमा माटो परीक्षण तथा शिविर सञ्चालन गर्ने नीति अवलम्वन |
| | | २.१.१० | थप ग्रिन हाउस **(Tunnel)** निर्माणमा अनुदानको व्यवस्था निरन्तर गरिनेछ । |
| | | २.१.११ | कृषकहरुको लगानी सुनिश्चित गराउन वातावरणीय, प्राविधिक, बजार एवम् जंगली जनावरबाट हुने जोखिम न्यूनीकरणका लागि कृषि बीमा कार्यक्रमलाई प्राथमिकता साथ लागू गरिनेछ । |
| | | २.१.१२ | उन्नत जातको कृषि व्यवसाय प्रर्बद्धन, जैविक मलको उत्पादन कार्यक्रमलाई प्राथमिकता साथ लागू गरिनेछ । |
| २.२ | पशुपंक्षीजन्य उत्पादनको व्यवसायीकरण, प्रवर्धन, विविधिकरण र विशिष्टिकरण गरी उत्पादन र उत्पादकत्वको वृद्धि गर्ने । | २.२.१ | तुलनात्मक लाभका पशुपंक्षीपालन, माछा, मौरीपालन र कृषिका अन्य पकेट क्षेत्रहरु पहिचान तथा निर्धारण गरी सेवा केन्द्र मार्फत तत् सम्बन्धी सेवा, सुविधा र प्रविधि एकीकृत रुपमा उपलब्ध गराउने व्यवस्था गरिनेछ । |
| | | २.२.२ | नश्ल सुधारका लागि उन्नत नश्लका प्रजनन्योग्य बोका, रागो, साढे वितरण र कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन र विस्तार गरिने छ । |
| | | २.२.३ | पशुपालन व्यवस्थापकीय पक्षहरु खोर, गोठ, आहारा, प्रजनन्, स्वास्थ्य र विमा व्यवस्थापन कार्यक्रम सञ्चालन गरीनेछ । |
| | | २.२.४ | गाउँपालिकाभित्रका पशुपंक्षी फर्म, मासु पसल तथा एग्रोभेट पसलहरु दर्ता गरी नियमन गरिनेछ । |
| | | २.२.५ | एक वडा एक पशु प्राविधिकको नीति अवलम्बन गरि गाउँपालिकाबाट प्रवाह गरिने पशुपालन सेवाको पहुँच विस्तार गरिनेछ । |

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| | | २.२.६ | पशुपंक्षी विशेष उत्पादन क्षेत्र तोकी उन्नत नस्ल, पशु आहारा, पशु सेवा, पशुस्वास्थ्य, सुलभ ॠण सहितको प्राविधिक सेवा प्रदान गरिनेछ। |
| | | २.२.७ | पशु विकास पकेट क्षेत्रका सार्वजनिक र निजी जग्गामा भुई तथा डालेघाँसको ब्लक स्थापना गरी पशु आहारको न्यूनतालाई पुरा गरिनेछ। |
| | | २.२.८ | पशुपंक्षीजन्य उत्पादनहरुको स्थानीय एवम् वाह्य वजार प्रवर्द्धन गर्न संकलन केन्द्र, प्रशोधन केन्द्र, चिस्यान केन्द्र, विक्री केन्द्र, मेला प्रदर्शनी व्यवस्था जस्ता पूर्वाधार निर्माण र प्रवर्धनात्मक कार्यहरु एकीकृत रुपमा संचालन गरिनेछ। |
| उद्देश्य ३: कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी गाउँपालिकालाई कृषि उपजमा आत्मनिर्भर गर्नु। | | | |
| ३.१ | तुलनात्मक लाभ हुन सक्ने स्थानीय बालीनाली र आधारभूत खाद्यवस्तुको उत्पादन तथा उपभोगमा आत्मनिर्भरता हासिल गर्ने। | ३.१.१ | बाँझो जमीन राख्ने प्रवृतिलाई न्यूनीकरण गर्न बाँझो जमीनको उपयोग गर्न भूमि वैंक तथा नीजि, समूह तथा सहकारी मार्फत व्यावसायिक खेतीमा परिचालन गरिनेछ। |
| | | ३.१.२. | बाली उत्पादन क्षमता र स्थानीय सम्भाव्यताको आधारमा विशिष्टिकृत कृषि उत्पादन क्षेत्र (पकेट, ब्लक, जोन र सुपरजोन) र नमुना फार्म **(Model Farm),** विकास गरी अनुसन्धान र विकास मार्फत् कृषिको उच्च उत्पादकत्व हाँसिल गरिनेछ। |
| | | ३.१.३. | कृषि उपजको अधिकतम उत्पादन एवम् उत्पादकत्व वृद्धिका लागि स्थानीय साधन स्रोत र जैविक प्रविधिको उपयोग गरिनेछ। |
| | | ३.१.४ | कृषि उपजको स्वच्छता र गुणस्तर कायम राख्न विविध कार्यक्रम सञ्चालन गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा जोड दिइनेछ। |
| | | ३.१.४ | एक वडा एक उत्पादनको अवधारणामा आधारित भै हरेक वडालाई कृषि केन्द्रको रूपमा विकास गरिनेछ। |
| ३.२ | पशुपंक्षीको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्नु। | ३.२.१ | पशुपंक्षीजन्य रोगहरुको परीक्षण तथा निदान गर्न आधारभूत पशुपंक्षी रोग अन्वेषण प्रयोगशाला स्थापना प्रकृया अगाडी बढाईनेछ। |
| | | ३.२.२ | मासु, अण्डा तथा दुधजन्य उत्पादकत्वको सुरक्षण, भण्डारण गरी बाह्य बजारसम्मको पहुँच बढाउन सम्बन्धित सबै पक्षको सहभागितामा गाउँपालिका स्तरमै दुध चिस्यान केन्द्रस्थापना तथा सञ्चालन प्रकृया अगाडी बढाइनेछ। |
| | | ३.२.३ | गाउँपालिकामा पशुपालनका उपयुक्त ठाँउहरुको सम्भाव्यता अध्ययन गरी पशुपालन पकेट क्षेत्रको रूपमा विकास गरिनेछ। |
| | | ३.२.४ | पशुपन्छी पालक साना कृषक, विपन्न किसानलाई पशुपन्छी पालन तथा पशुपन्छीजन्य व्यवसायमा प्रेरित गरी आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गरिनेछ। |
| ३.३. | युवा पुस्ताको कृषिमा आकर्षण तथा रोजगारी वृद्धि गर्नु। | ३.३.१ | कृषि पेशालाई प्रतिस्पर्धा, नाफामूलक, सम्मानजनक र रोजगारमूलक रुपमा स्थापित गर्न आवश्यक सीप, तालिम र अनुदान कार्यक्रमहरु सञ्चालन गरिनेछ। |
| | | ३.३.२ | निजी क्षेत्रले कृषि फर्म सञ्चालन गर्न चाहेमा पूर्वाधारमा सहयोग गरिने र नीतिगत तथा व्यवासाय करमा सहुलियत उपलब्ध गरिनेछ। |
| | | ३.३.३ | कृषि पेशामा संलग्न कृषकहरुलाई प्रोत्साहित गर्न तथा सम्मानित बनाउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ। |
| | | ३.३.४ | कृषिमा आधारित उद्योगहरू तथा ग्रामीण कृषि पर्यटनको विकासमा युवा तथा कृषक उद्यमीहरूलाई आकर्षित गरिनेछ। |
| | | ३.३.५ | युवाको बढ्दो विदेश पलायन रोक्न तथा विदेशबाट फर्किएका र बेरोजगार युवालाई पशुपंक्षी पालनमा आकर्षित गर्ने गरी युवालक्षित कार्यक्रमलाई प्राथमिकताका साथ प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। |
| | | ३.३.६ | वार्षिक कृषि मेलाको आयोजना गरी बजारको प्रवर्द्धन गरिनेछ। |
| | | ३.३.७ | कृषि पेशा तथा जैविक र व्यावसायिक उत्पादनमा संलग्न किसानलाई प्रोत्साहित गर्न वार्षिक रुपमा उत्कृष्ट कृषक छनौट गरी पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ। |
| | | ३.३.८ | बेरोजगार युवाहरुमा कृषिमा आधारित सीप विकास तालिम प्रदान गरी कृषि मजदुर तथा मानवश्रोतको कमीलाई न्यूनीकरण गर्दै स्थानीय स्तरमा युवाहरुको रोजगारी अवसर सिर्जना गरिनेछ। |
| | | ३.३.९ | विद्यालयमा कृषि विषयमा प्राविधिक धार संचालन गरी कृषिको लागि आवश्यक मध्यस्तरीय जनशक्ति उत्पादन गरी कृषि पेशामा परिचालन गरिनेछ। |

| प्रमुख कार्यक्रम तथा आयोजना (कृषि तथा पशुपालन) | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
| | | | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | | |
| १ | १.१ | १.१.१ | कृषक वर्गीकरण तथा परिचय पत्र वितरण | संख्या | ० | १ | ३०० | ० | ० | ० | ० | ३०० | | |
| | | | अगुवा कृषकको विवरण संकलन | संख्या | ० | २ | ० | १०० | ० | ० | १०० | २०० | | |
| | | | अगुवा कृषि उद्यमी विशेष अभिमुखीकरण तथा अन्तरक्रिया | संख्या | ० | २ | ० | ५० | ० | ५० | ० | १०० | | |
| | | | रैथाने प्रजातिका बालीहरूको पहिचान तथा बीज बैंक स्थापना | संख्या | ० | १ | ० | १०० | ० | ० | ० | १०० | | |
| | | | व्यवसायिकरण सम्बन्धी अगुवा कृषक अभिमुखीकरण | संख्या | ० | २ | १०० | ० | १०० | ० | ० | २०० | | |
| | | | अगुवा तथा साना किसान बीच अन्तरक्रिया कार्यक्रम | संख्या | ० | २ | ० | १०० | ० | १०० | ० | २०० | | |
| | | | कृषक पाठशाला सञ्चालन तथा शिक्षक व्यवस्था | संख्या | ० | १ | ० | १०० | ० | ० | ० | १०० | | |
| | | | गाउँपालिका स्तरीय कृषक सञ्जाल विशेष अन्तरक्रिया कार्यक्रम | संख्या | ० | २ | ० | ५० | ० | ५० | ० | १०० | | |
| | | | किसान क्लव गठन | संख्या | ० | १ | ० | ५० | ० | ० | ० | ५० | | |
| | | | कोदो, मकै, धान, मुला, अदुवा बेसार लगायत विउ खरिदमा ५० प्रतिशत अनुदान | संख्या | ० | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | | |
| | | | वडास्तरीय सघन कृषि क्षेत्र तथा खेती मिश्रित बाली/अन्तरबाली वर्गीकरण तथा पहिचान | संख्या | ० | १ | ५० | ० | ० | ० | ० | ५० | | |
| | | | आकस्मिक बाली संरक्षरण कार्यक्रम | संख्या | ० | २ | ० | ५० | ० | ५० | ० | १०० | | |
| | | १.१.२ | मल, बीउ, विषादी आदिको प्रयोग सम्बन्धी कृषि शिक्षा प्रसारण | संख्या | ० | २ | ५० | ० | ० | ५० | ० | १०० | | |
| | | | फलफुल तथा नगदेबाली विशेष नर्सरी स्थापना | संख्या | ० | १ | ० | १०० | ० | ० | ० | १०० | | |
| | | | विषादी खरिदमा अनुदान | संख्या | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | |
| | | | वडास्तरीय उच्च मूल्यका बाली तथा उत्पादन संभाव्यता अध्ययन | संख्या | ० | १ | ० | १५० | ० | ० | ० | १५० | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रमुख कार्यक्रम तथा आयोजना** (कृषि तथा पशुपालन) | | | | | | | | | | | | | | |
| | | | जैविक विषादी उत्पादन तालिम | संख्या | ० | ३ | ७५ | ० | ७५ | ० | ७५ | २२५ | | |
| | | | जैविक प्रविधि र खेती सम्बन्धी तालिम | संख्या | ० | ३ | ० | १०० | ० | १०० | १०० | ३०० | | |
| | | १.१.३ | अर्ग्यानिक खेती प्रबर्द्धन (भकारो सुधार), तरकारी र नगदे बालीको उत्पादन, प्रशोधन, प्याकेजिङ, भण्डारण तथा बजारीकरण ( प्रचारप्रसार) | संख्या | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | |
| | | | वडास्तरीय बीज बैङ्क (Seed Bank) निर्माण | संख्या | ० | ५ | २०० | २०० | १०० | १०० | १०० | ७०० | | |
| | | १.१.४ | च्याउखेती विस्तार कार्यक्रम | संख्या | ० | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | | |
| | | | गाउँपालिका स्तरीय फलफूल नर्सरी स्थापना | संख्या | ० | ५ | ३०० | १०० | १०० | ५० | ५० | ६०० | | |
| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | |
| | रोजगारवाट आर्थिक लाभ वृद्धि हुनेछ । | वैदेशिक रोजगारी संलग्न घरपरिवारह रूलाई उद्यम विकास सहयोग | संख्या | | १२ | १५ | १५ | १५ | १५ | ७२ |
| प्रतिफल २ | समाजमा वैदेशिक रोजगारवाट उत्पन्न नकारात्मक प्रभावह रू न्यूनिकरण हुनेछ । | सुरक्षित वैदेशिक रोजगारका लागि सूचना प्रवाह | संख्या | ० | १ | १ | १ | १ | १ | ५ |
| | | वैदेशिक रोजगारका कारण उत्पन्न मानसिक समस्याह रूमा मनोसमाजिक परामर्श सेवा प्रदान | संख्या | ० | १ | १ | १ | १ | १ | ५ |
| असर २ | समावेशी सामाजिक सुरक्षा र संरक्षण प्रणाली मार्फत कल्याणकारी पालिकाको रूपमा स्थापित भएको हुनेछ । | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या (कुल लाभ ग्राही मध्ये) कृषि तथा पशु बिमामा आबद्ध परिवार | संख्या | | | | | | | |
| प्रतिफल १ | सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी कानुनी दस्तावेज तयार भई कार्यान्वयनमा आएका हुनेछ । | सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी आवश्यक कानुन निर्माण | संख्या | १ | ० | ० | ० | ० | ० | १ |
| | | एकीकृत सूचना प्रणाली | संख्या | ० | १ | ० | ० | ० | ० | १ |
| पुष्टयाईको आधार | | –गाउँपालिकाको वार्षिक प्रतिवेदन<br>–गाउँपालिकाको पार्श्वचित्र ,<br>–वार्षिक नीति तथा कार्यक्रम<br>–सम्वन्धित शाखाको प्रतिवेदन | | | | | | | | |
| अनुमान तथा जोखिम पक्ष | | –गाउँपालिका भित्र थप रोजगार सृजना भइ सामाजिक सुरक्षाको प्रत्याभूति भएको हुने | | | | | | | | |

# परिच्छेद ५: सामाजिक क्षेत्र

## ५.१ स्वास्थ्य तथा पोषण

### ५.१.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ को धारा ३५ मा स्वास्थ्य सम्बन्धी हकलाई मौलिक हकको रुपमा स्थापित गरिएको छ । उपधारा १ मा प्रत्येक "नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन" भनि उल्लेख गरिएको छ । स्वास्थ्य सम्बन्धी हकको कार्यान्वयन गराउने दायित्व स्थानीय सरकारको भएकोले गाउँपालिकामा आधारभूत स्वास्थ्य पूर्वाधार र सेवाहरूको प्रबन्ध हुन अपरिहार्य छ । गुणस्तरीय र सर्वसुलभ स्वास्थ्य सेवामा समतामूलक पहूँच सुनिश्चित गर्नु गाउँपालिकाको दायित्व हो । यसै अनुरुप पछिल्ला वर्षहरुमा आधारभूत स्वास्थ्य सम्बन्धी सेवा सुविधा केही सुधारको अवस्था संकेत गरेता पनि ग्रामीण बस्तिहरु आधारभूत स्वास्थ्यको अवस्था दयनीय नै छ । निःशुल्क आधारभूत स्वास्थ्य सेवामा पहुँच विस्तार गर्दै गुणस्तरीय स्वास्थ्य सेवा मार्फत् उत्पादनशील र स्तरीय जीवनयापनको वातावरण तयार गर्ने उद्देश्य अनुरुप स्वास्थ्य कार्यक्रमहरू सञ्चालन भइ आएका छन् । गाउँपालिकाका स्वास्थ्य संस्थामा हाल जम्मा **६१** जना स्वास्थ्य कर्मी/कर्मचारी कार्यरत रहेका छन् । कूल जनसंख्या स्वास्थ्यकर्मीहरुको अनुपात समेत ज्यादै न्यून रहेको छ । आधारभूत स्वास्थ्य चौकी ३ ओटा, सामुदायिक स्वास्थ्य इकाई ४ ओटा, वर्थिङ सेन्टर २ ओटा, ३ वटा प्राथमिक स्वास्थ्य उपचार तथा परामर्श केन्द्र, ५ वटा गाउँघर क्लिनिक, ८ वटा खोप क्लिनिक लगायतका स्वास्थ्य संस्थाहरुबाट स्वास्थ्य सेवा प्रवाह हुने गरेको छ । गाउँपालिकाभित्र जम्मा ३८ जना महिला स्वास्थ्य स्वयम सेविकाहरु परिचालित छन भने १ ओटा मात्र एम्बुलेन्स सञ्चालनमा रहेका छ जसले गर्दा विरामीहरुलाई छिटो छरितो स्वास्थ्य संस्थासम्म पुग्नका लागी असुविधा भैरहेको छ र रिफर गर्नुपर्ने विरामीहरुलाई स्वास्थ्य जोखिम पनि बढी हुने गरेको छ । यी बाहेक नीजि क्षेत्रको पहलमा २ ओटा साना नीजि स्वास्थ्य संस्थाहरु सञ्चालनमा रहेका छन । यी स्वास्थ्य संस्थाहरूबाट आधारभूत स्वास्थ्य सेवा बाहेक चिकित्सकीय सेवा भने उपलब्ध गराउन सकिएको छैन । स्वास्थ्य संस्थाहरुमा तहगत रुपमा आवश्यक भौतिक सामाग्रीको अभाव , आवश्यक स्वास्थ्यकर्मीहरुको कमी रहेको छ । स्वास्थ्य चौकीमा प्रसुती सेवा, परिवार नियोजन सेवा, खोप सेवा, परामर्श सेवा, सुरक्षित मातृत्व सेवा उपलब्ध छ तर ल्याव, एक्स रे, रक्त सञ्चारलगायत अन्य आधारभूत स्वास्थ्य सुविधा भने रहेको छैन । ग्रामीण क्षेत्र भएकोले आवश्यक पोषणको व्यवस्था हुन सकेको छैन । गाउँपालिकामा देखा पर्ने रोगहरूमा निमोनिया, झाडापखाला, दम, ग्याष्ट्रिक, टाइफाइड, जुका, आउँ मुख्य छन् । स्वास्थ्य संस्थाहरुलाई भौतिक उपकरण सम्पन्न गर्नूपर्ने, आवश्यक जनशक्तिको आपूर्ति गर्नूपर्ने, र जनशक्तिलाई तालिमप्राप्त, दक्ष बनाउनुपर्ने खाँचो छ । गाउँपालिका क्षेत्रमा बसोवास गर्ने नागरिकहरुमा दिर्ग रोग जस्तै क्यान्सर, मधुमेय, रक्तचाप, मुटु रोग, मृगौलाको रोग तथा क्षयरोग जस्ता जटिल प्रकृतिका रोगहरु देखिए पनि यहाँका स्वास्थ्य संस्थाहरुमा त्यसको सामना गर्नसक्ने पर्याप्त क्षमता छैन । कम्तिमा १ ओटा विशेषज्ञ सेवा सहितको सुविधा सम्पन्न अस्पताल सञ्चालनमा ल्याई आधारभूत स्वास्थ्य सेवालाई निःशुल्क र प्रभावकारी बनाउने तथा स्वास्थ्य सेवामा नागरिकहरुको सहज पहुँच वृद्धि गर्ने विषयलाई गाउँपालिकाले प्राथमिकताका साथ कार्यान्वयन गर्नुपर्दछ ।

### ५.१.२ समस्या तथा चुनौती

| | समस्याहरु | चुनौती तथा जोखिमहरू |
|---|---|---|
| **स्वास्थ्य तथा पोषण** | • आधारभूत स्वास्थ्य सेवा र पोषण सम्बन्धी जनचेतनाको कमी,<br>• स्वास्थ्य संस्थामा पर्याप्त जनशक्ति, उपकरण, औषधी र पूर्वाधार, एम्बुलेन्सको कमी,<br>• निःशुल्क औषधी, स्वास्थ्य प्रयोगशाला, चिकित्सक सेवा र स्वास्थ्य औजारको अभाव, | • ग्रामीण क्षेत्र र भौगोलिक विकटता कारण स्वास्थ्य संस्था पुग्न लाग्ने समय अधिक लाग्ने,<br>• स्वास्थ्य प्रयोगशाला र सबै खालका परीक्षण र सघन उपचारको व्यवस्था गर्न ,<br>• स्थानीय स्तरमा चिकित्सक/विशेषज्ञ सेवाको उपलब्धता पहुँच नभएको कारण विशिष्ट स्वाथ्य उपचारको लागि बुर्तिवाङ्ग, बाग्लुङ्ग, पोखरा, पाल्पा, बुटवल, काठमाडौं र भारत जानुपर्ने वाध्यता, |

| | समस्याहरु | चुनौती तथा जोखिमहरू |
|---|---|---|
| | • स्वास्थ्यकर तथा पोषणयुक्त खानाको कमी,<br>• आवश्यक पूर्वाधार सहितका विशिष्टिकृत तथा विशेषज्ञ सेवा प्रदान गर्ने अस्पताल नहुन<br>• स्वास्थ्य संस्थाबाट निस्कने फोहोरमैला व्यवस्थापन गर्ने इन्सिनेरेटरको व्यवस्था नहुनु,<br>• सर्ने तथा नसर्ने रोगहरू, कुपोषण, दुर्घटना तथा विपद्जन्य स्वास्थ्य समस्याहरू विद्यमान रहनु,<br>• २४ सै घण्टा आकस्मिक सेवाको अभाव,<br>• दरवन्दी अनुसार कर्मचारीको व्यवस्था गर्न नसकिएको,<br>• स्वास्थ्य सेवाहरूलाई गुणस्तरिय र प्रभावकारी बनाउन प्रविधिमैत्रि जनशक्ति परिचालन नसकिएको,<br>• भौगोलिक बिकटताले अपाङ्ग, वृद्ध, बृद्धालाई सहज पहुँच पुर्‍याउन नसक्नु | • स्वास्थ्य सेवाका क्षेत्रमा नीजि क्षेत्रका संलग्नता कम हुनु ,<br>• बदलिँदो जीवनशैली तथा आहार-व्यवहार,<br>• स्वास्थ्य संस्थाबाट वितरण हुने औषधीको नियमित उपलब्धता र व्यवस्थित भण्डारणको कमी रहेको,<br>• स्वास्थ्य सेवाको समग्र विकास तथा समानुपातिक तथा सहभागितामुलक स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच विस्तार गर्दै स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्न ,<br>• स्वास्थ्य क्षेत्रमा समयानुकुल विधि तथा प्रविधिको पयोग तथा एकिकृत सूचना प्रणालीको विकास,<br>• सरुवा रोगको व्यवस्थापने ,ग्रामिण स्वास्थ्य सेवाको विस्तार, प्राकृतिक प्रकोप, प्रदुषण, जलवायु परिवर्तन एवम् सडक दुर्घटनाबाट हुने क्षतिहरू,<br>• खोप सेवाका लागि कोल्ड चेन व्यवस्थापन,<br>• सामाजिक तथा सांस्कृतिक व्यवधानहरु,<br>• समग्र स्वास्थ्य क्षेत्रको सुधारका लागि ठूलो आकारको बजेट तथा कर्मचारी र विशेषज्ञहरूको प्रबन्ध गर्न,<br>• जनतालाइ नियमित स्वास्थ्य सेवा लिन उत्प्रेरीत गर्न<br>• आधुनिक अप्राकृतिक खानपान, तनावपूर्ण दैनिकी र स्वस्थ जीवन शैलीको कमी,<br>• जंङ्क फुड, सुर्तीजन्य पदार्थ र मदिराजन्य वस्तुको सेवन बढ्नु<br>• पाखो तथा भिरालो जमिनमा भौतिक संरचना बनाउन कठिनाई |

## ५.१.३ सम्भावना तथा अवसर

| | सबल पक्षहरू | सम्भावना र अवसरहरू |
|---|---|---|
| **स्वास्थ्य तथा पोषण** | • सबै वडामा स्वास्थ्य संस्था भएको,<br>• विपन्न वर्गको स्वास्थ्यमा सहज पहुँच<br>• जनताको बढ्दो चेतना भएकोले स्रोतहरुको सहि सदुपयोग,<br>• स्वच्छ सफा पहाडी तथा हिमाली वातावरणको उपलब्धता,<br>• स्वास्थ्य क्षेत्रलाई प्रमुख प्राथामिकता<br>• दक्ष स्वास्थ्य कर्मीहरूको उपलब्धतामा वृद्धि भैरहेको,<br>• स्वास्थ्य बीमा र आधारभूत स्वास्थ्य सेवाको विकास तथा विस्तार हुदै गइरहेको, | • वन जङ्गलमा पाईने जडिबुटिको पहिचान गरि आयुर्वेदिक औषधि मार्फत स्वास्थ्य सेवा दिन सकिने,<br>• स्थानीय स्तरमा उत्पादित खाद्य उत्पादनहरुको उपभोग वृद्धि गर्न सकिने,<br>• एकीकृत सूचना प्रणालीको स्थापना गरी सूचनाको सही प्रयोग गर्न सकिने,<br>• सहभागितामुलक अनुगमन तथा मूल्यांकन गरि आपतकालीन स्वास्थ्यलाई व्यवस्थित गर्न सकिने,<br>• स्वास्थ्य आपतकाल एवम् विपद्प्रति कार्य तथा पूर्व तयारीका लागि स्थानीय स्रोत साधनको अधिकतम व्यवस्था गर्न सकिने,<br>• महिला स्वास्थ्य स्वयंसेवीलाई थप सबलीकरण गरी स्वास्थ्य सेवामा परिचालन गर्न सकिने,<br>• बैकल्पिक चिकित्सा पद्दति जस्तै जडीबुटी, होमियोप्याथी, प्राकृतिक चिकित्सा तथा योग तथा ध्यान केन्द्रको व्यवस्था गर्न सकिने,<br>• एम्बुलेन्स सेवा थप गरी जेष्ठ नागरिक तथा गर्भवती महिलालाई सुत्केरी हुने बेलामा निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्न सकिने, |

## ५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**सोच**

सबैका लागि गुणस्तरीय, सर्वसुलभ आधारभूत स्वास्थ्य सेवाको उपलब्धता

**लक्ष्य**

निदानात्मक, प्रवर्द्धनात्मक, पुनस्थापनात्मक र प्रतिरोधात्मक उपचारात्मक स्वास्थ्य सेवाहरूको सर्वसुलभ निशुल्क र गुणस्तरिय सुनिश्चित सहित पहुँच अभिवृद्धि गर्ने ।

## उद्देश्यहरु

१. सबै नागरिकहरूको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच अभिवृद्धि गराउनु ।
२. स्वास्थ्य सेवा सुधारका लागि स्वास्थ्य सेवालाई प्रवर्द्धन गर्नु ।
३. गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहूँच सुनिश्चित गर्नु ।
४. स्थानीय खाद्य उत्पादनको प्रयोग गरी पोषणको गुणस्तरमा अभिवृद्धि गर्नु ।

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| उद्देश्य १: सबै नागरिकहरूको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच अभिवृद्धि गराउनु । | | | |
| १.१. | स्थानीय वासीको आधारभूत स्वास्थ्य सुविधाको पहुँच वृद्धि तथा गुणस्तरमा सुधार गर्ने । | १.१.१ | मातृ शिशु, नवशिशु, खोप, पोषण र प्रजनन स्वास्थ्य सेवालाई निरन्तरता दिदै आधारभूत तथा आकस्मिक सेवा उपलब्ध गराइनेछ । |
| | | १.१.२ | आधारभूत स्वास्थ्य सेवालाई गुणस्तरीय सेवाको मापदण्ड अनुसार आम नागरिक र लक्षित वर्ग, बालबालिका र आमाहरूलाई प्रभावकारी रूपमा उपलब्ध गराइनेछ । |
| | | १.१.३ | गुणस्तरीय स्वास्थ्य सेवामा गाउँपालिकाबासीको पहूँच विस्तार गरिनेछ । |
| | | १.१.४ | गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहकाका लागि स्वास्थ्य संस्थाहरूको भौतिक निर्माण, स्तरोन्नती तथा संस्थागत विकास एवम् स्वास्थ्य कर्मीहरूको क्षमता विकास गरिनेछ । |
| | | १.१.५ | हेलो महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम सञ्चालन गरिनेछ । |
| | | १.१.६ | गाउँपालिका अध्यक्ष जनता स्वास्थ्य शिविर सञ्चालन गरिनेछ । |
| १.२ | स्वास्थ्य संस्थाको संरचना, सामाग्री र श्रोत साधन व्यवस्थापन गर्ने । | १.२.१ | विद्यामान स्वास्थ्य केन्द्रहरूको भौतिक संरचना सुधार, आवश्यक उपकरण तथा औजार व्यवस्थापन गरिनेछ । |
| | | १.२.२ | गाउँपालिकामा विशेषज्ञसहितको २४ घण्टा सेवा दिने सुविधासहितको अस्पताल निर्माण गरिनेछ । |
| | | १.२.३ | स्वास्थ्य संस्थाको स्तर अनुसार भिडियो-एक्सरे, ल्याव लगायतका न्यूनतम उपकरणको व्यवस्था गरिनेछ । |
| | | १.२.४ | आधारभुत स्वास्थ्य सेवाका सामाग्री तथा औषधीको उचित व्यवस्थापन गरिनेछ । |
| | | १.२.५ | गाउँपालिकाको जिर्ण भएका स्वास्थ्य निकायका संरचना मर्मत गरिनेछ । |
| | | १.२.६ | एक स्वास्थ्यकर्मी एक स्वास्थ्य उपकरणसहितको झोला उपलब्ध गरिनेछ । |
| | | १.२.७ | स्वास्थ्य आपतकाल एवम् विपद्प्रति कार्य तथा पूर्व तयारीका लागि स्थानीय स्रोत साधनको अधिकतम व्यवस्था गरिनेछ । |
| | | १.२.८ | एम्बुलेन्स सेवा थप गरी जेष्ठ नागरिक, गर्भवती तथा सुत्केरी महिला लगायत सबै नागरिकलाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ । |
| उद्देश्य २: स्वास्थ्य सेवा सुधारका लागि स्वास्थ्य सेवालाई प्रवर्द्धन गर्नु । | | | |
| २.१ | गाउँपालिका मातहतका स्वास्थ्य संस्थाहरूमा तोकिएका सङ्ख्यामा स्वीकृत जनशक्ति व्यवस्थापन गरी सेवा प्रवाहको क्षमता र पहुँच विस्तार गर्ने । | २.१.१ | प्रत्येक स्वास्थ्य निकायमा उचित दरबन्दी पूरा गरिनेछ । |
| | | २.१.२. | सम्पूर्ण स्वास्थ्यकर्मीहरूलाई क्षमता विकास सम्बन्धी नियमित तालिमको प्रबन्ध गरिनेछ । |
| | | २.१.३ | आवश्यक एम्बुलेन्स, औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको प्रभावकारी एवम् जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको विकास गरिनेछ । |
| | | २.१.४ | गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच पुर्‍याउन स्वास्थ्य बिमा कार्यक्रम लागु गरिनेछ । |
| | | २.१.५ | स्वास्थ्यको सहज पहुँचका लागि आधुनिक सूचना प्रविधिको अधिकतम प्रयोग गरिनेछ । |
| | | २.१.६ | निशुल्क वितरण गरिने औषधिको आपूर्ति र भण्डारण प्रणाली हुन चुस्त र दुरुस्त पारिनेछ । |
| | | २.१.७ | बैकल्पिक चिकित्सा पद्दति जस्तै जडीबुटी, होमियोप्याथी, प्राकृतिक चिकित्सा तथा योग तथा ध्यान केन्द्रको व्यवस्था गरिनेछ । |

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| | | २.१.८ | नीजि र गैरसरकारी क्षेत्रमा स्थापित स्वास्थ्य सम्बन्धी व्यवसायिक सङ्ग-संस्थाहरूबीच स्वास्थ्य सेवा प्रवाह, अध्ययन, अनुसन्धान कार्यमा सहकार्यलाई बढवा दिइनेछ । |
| उद्देश्य ३: गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहूँच सुनिश्चित गर्नु । | | | |
| ३.१ | आम नागरिकहरुमा स्वास्थ्य सम्बन्धी सचेतना अभिवृद्धि गर्नु । | ३.१.१ | पाठेघर खस्ने, पाठेघर तथा स्तन क्यान्सर, महिनावारी समस्या लगायतका महिला रोग सम्बन्धी रोग पहिचान र उपचार सम्बन्धी छुट्टै स्वास्थ्य शिविर सञ्चालन गरिनेछ । |
| | | ३.१.२ | गर्भवती पोषिलो झोला उपलब्ध गरिनेछ । |
| | | ३.१.३ | स्वास्थ्य सम्बन्धी प्रभावकारी जनचेतना कार्यक्रम सञ्चालन गर्न महिला स्वास्थ्य स्वयम् सेविका, किशोर किशोरी तथा युवाहरूलाई परिचालन गरिनेछ । |
| | | ३.१.४ | महामारीको संक्रमण नियन्त्रण तथा सुरक्षाका उपाय अवलम्बन तथा उपचारका सम्बन्धमा विभिन्न माध्यमवाट व्यापक रुपमा सूचना संप्रेषण गरिने छ । |
| | | ३.१.५ | क्षेत्रीय (अन्तर पालिका) तहमा स्वास्थ्य सेवा सञ्जाल स्थापना गरिनेछ । |
| ३.२ | आधारभूत स्वास्थ्य सेवाबाट अति विपन्न र आम नागरिकलाई बञ्चित नदिने | ३.२.१ | वडास्तरमा नियमित निशुल्क स्वास्थ्य जाँच घुम्ती शिविर विपन्न र आम नागरिकलाई सञ्चालन गरिनेछ । |
| | | ३.२.२ | अति विपन्न नागरिकको आधारभूत स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न स्वास्थ्य बीमामा मापदण्डका आधारमा अनुदान प्रदान गरिनेछ । |
| | | ३.२.३ | गाउँपालिकाको पहुँचमा रहने गरी नजिकको मोटर बाटोसम्म एम्वुलेन्स सेवा उपलब्ध हुने व्यवस्था गरिनेछ । |
| उद्देश्य ४: स्थानीय खाद्य उत्पादनको प्रयोग गरी पोषणको गुणस्तरमा अभिवृद्धि गर्नु । | | | |
| ४.१ | स्थानीय खाद्य उत्पादनको प्रयोग गरी पोषणको गुणस्तरमा अभिवृद्धि गर्ने । | ४.१.१ | स्वास्थ्य संस्था र समुदायस्तरमा नियमित रूपले विशेष कार्यक्रम मार्फत कुपोषित बालबालिकाहरूको पहिचान र उपयुक्त व्यवस्थापन गरिनेछ । |
| | | ४.१.२ | जंकफुडको दुरूत्साहन र स्थानीय उत्पादनमा आधारित पोषणयुक्त सन्तुलित भोजनको सम्बन्धमा संचार माध्यम मार्फत सुसुचित गरिनेछ । |
| | | ४.१.३ | पाँच वर्ष मुनिका बालवालिकालाई कम तौल हुन नदिन पोषण सुधारका गतिविधिलाई निरन्तरता दिइनेछ । |
| | | ४.१.४ | महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण, रोकथाम र नियन्त्रणका लागि चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ बहुक्षेत्रीय पोषण योजनालाई समन्वय र साझेदारी मार्फत अभिवृद्धि गरिनेछ । |
| | | ४.१.५ | खाद्य र पोषणको महत्वबारे सबै सरोकारवाला संस्थाहरुसँग सहकार्य गरी सचेतना अभियान सञ्चालन गरिनेछ । |
| | | ४.१.६ | स्वास्थ्य स्वयंसेविका, आमा समूह, समुदायमा आधारित संघ संस्था, क्लव तथा गैर सरकारी संस्थाको सहकार्यमा खाद्य आहार व्यवहार सुधार, पोषण तथा स्वास्थ्य सम्बन्धी विद्यालय तहमा विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन गरिनेछ । |

## प्रमुख कार्यक्रम तथा आयोजना

**प्रमुख कार्यक्रम तथा आयोजना** (स्वास्थ्य तथा पोषण)

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १.१ | १.१.१ | मातृ शिशु, नवशिशु, खोप, पोषण र प्रजनन स्वास्थ्य सेवालाई निरन्तरत | संख्या | १ | ५ | ७०० | ७०० | ७०० | ७०० | ७०० | ३५०० | | |
| | | | सुविधा सम्पन्न आकस्मिक उपचार कक्ष निर्माण | संख्या | ० | १ | ० | २००० | ० | ० | ० | २००० | | |
| | | | प्रस्तुति सेवा कक्ष निर्माण | संख्या | ० | १ | ५०० | ० | ० | ० | ० | ५०० | | |
| | | | बाल उपचार इकाई निर्माण | संख्या | ० | १ | ५०० | ० | ० | ० | ० | ५०० | | |
| | | | गाउँपालिका स्तरिय एक ECG सेवा इकाइको निर्माण | संख्या | ० | १ | ० | ५०० | ० | ० | ० | ५०० | | |
| | | | प्रजनन् सेवा, परिवार नियोजन तथा सुरक्षित गर्भपतन सेवा इकाई स्थापना | संख्या | ० | १ | ० | ५०० | ० | ० | ० | ५०० | | |
| | | १.१.२ | अशक्त, असहाय, बेवारिसे, अनाथ तथा जेष्ठ नागरिकहरूको आधारभूत स्वास्थ्यको सुनिश्चितता गर्न यस्ता व्यक्तिहरूको यथार्थ तथ्याङ्क संकलन | संख्या | ० | १ | १५० | ० | ० | ० | ० | १५० | | |
| | | | मनोपरामर्श सेवा केन्द्र स्थापना | संख्या | ० | १ | ० | ० | १००० | ० | ० | १००० | | |
| | | | नियमित स्वास्थ्य जाँचको महत्वबारे विशेष जनचेतनामूलक कार्यक्रम | संख्या | १ | २ | ० | १५० | ० | १५० | ० | ३०० | | |
| | | १.१.३ | विपन्न नागरिक स्वास्थ्य बीमा अनुदान | संख्या | १ | ५ | १५० | १५० | १५० | १५० | १५० | ७५० | | |
| | | १.१.४ | वडास्तरीय स्वास्थ्य संस्थाहरूको स्तरोन्नतिः | संख्या | १ | ५ | ३००० | २४०० | १८०० | १८०० | १८०० | १०८०० | | |
| | | १.१.५ | हेलो महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम | संख्या | ० | ५ | १५० | १५० | १५० | १५० | १५० | ७५० | | |

**प्रमुख कार्यक्रम तथा आयोजना** (स्वास्थ्य तथा पोषण)

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | | |
| | | १.१.६ | गाउँपालिका अध्यक्ष जनता स्वास्थ्य शिविर सञ्चालन | संख्या | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | |
| | १.२ | १.२.१ | आवश्यक उपकरण तथा औजार व्यवस्थापन, | संख्या | १ | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | | |
| | | १.२.२ | गाउँपालिकामा विशेषज्ञसहितको २४ घण्टा सेवा दिने सुविधासहितको अस्पातल निर्माण | संख्या | ० | १ | १००० | ३५००० | २०००० | ० | ० | ५६००० | | |
| | | | गाउँपालिका स्तरिय एक सामान्य शल्य चिकित्सा इकाइको निर्माण | संख्या | ० | १ | ३०० | ० | ० | ० | ० | ३०० | | |
| | | १.२.३ | गाउँपालिकास्तरीय सुविधा सम्पन्न प्याथोलोजी ल्याब निर्माण | संख्या | ० | १ | ० | २००० | ० | ० | ० | २००० | | |
| | | | गाउँपालिका स्तरिय एक छाला तथा यौनरोग उपचार इकाइ निर्माण | संख्या | ० | १ | ० | ० | २००० | ० | ० | २००० | | |
| | | | गाउँपालिका स्तरिय एक नाक, कान, घाँटी उपचार इकाइ निर्माण | संख्या | ० | १ | ० | ० | ० | २००० | ० | २००० | | |
| | | | गाउँपालिका स्तरिय एक दन्त उपचार इकाइ निर्माण | संख्या | ० | १ | ० | ० | ० | ० | २००० | २००० | | |
| | | | आँखा उपचार इकाइ निर्माण | संख्या | ० | १ | ० | ० | ० | ० | २००० | २००० | | |
| | | १.२.४ | आधारभुत स्वास्थ्य सेवाका सामाग्री तथा औषधीको उचित व्यवस्थापन | संख्या | ० | ५ | २५० | २५० | २५० | २५० | २५० | १२५० | | |
| | | १.२.५ | गाउँपालिकाको जिर्ण भएका स्वास्थ्य निकायका संरचना मर्मत | संख्या | १ | ५ | २५० | २५० | २५० | २५० | २५० | १२५० | | |
| | | १.२.६ | एक स्वास्थ्यकर्मी एक स्वास्थ्य उपकरण सहितको झोला | संख्या | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | |
| | | १.२.७ | महामारी विपद व्यवस्थापन योजना निर्माण | संख्या | ० | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | | |
| | | १.२.८ | एम्बुलेन्स खरिद तथा व्यवस्थापन | संख्या | १ | २ | ० | ० | २००० | ० | २००० | ४००० | | |

**प्रमुख कार्यक्रम तथा आयोजना** (स्वास्थ्य तथा पोषण)

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | २.१ | २.१.१. | स्वास्थ्यकर्मीको दरबन्दी व्यवस्था | संख्या | १ | ५ | १५० | १५० | १५० | १५० | १५० | ७५० | | |
| | | २.१.२ | स्वास्थ्यकर्मीहरूलाई क्षमता विकास सम्बन्धी नियमित तालिम | संख्या | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | |
| | | २.१.३ | स्वास्थ्यकर्मी तालिम तथा अनुसन्धान | संख्या | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | |
| | | २.१.४ | स्वास्थ्य बिमा कार्यक्रम | संख्या | १ | ५ | २५० | २५० | २५० | २५० | २५० | १२५० | | |
| | | २.१.५ | स्वास्थ्यमा आधुनिक सूचना प्रविधि | संख्या | १ | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | | |
| | | २.१.६ | नशुल्क वितरण गरिने औषधिको आपूर्ति र भण्डारण प्रणाली | संख्या | १ | ५ | १०० | ३०० | ३०० | २०० | १०० | १००० | | |
| | | २.१.७ | योग साधना प्रवचन केन्द्र स्थापना (वडास्तरीय) | संख्या | ० | १ | ० | ० | ० | २५० | ० | २५० | | |
| | | | शारिरीक व्यायाम तथा श्रमको महत्व विषयक सूचना सञ्चार | संख्या | ० | १ | ० | ० | ० | २५० | ० | २५० | | |
| | | | गाउँपालिका स्तरिय प्राकृतिक चिकित्सा केन्द्र स्थापना | संख्या | ० | १ | ० | ० | ० | ० | २५० | २५० | | |
| | | | गाउँपालिका स्तरीय एक आर्युवेद स्थास्थ्य केन्द्र स्थापना | संख्या | ० | १ | ० | ० | ५०० | ० | ० | ५०० | | |
| | | २.१.८ | वडास्तरीय निशुल्क घुम्ती स्वास्थ्य परिक्षण शिविर सञ्चालन | संख्या | ० | ५ | १५० | १५० | १५० | १५० | १५० | ७५० | | |
| ३ | ३.१ | ३.१.१ | वडास्तरीय महिला प्रजनन् स्वास्थ्य जाँच शिविर सञ्चालन | संख्या | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | |
| | | ३.१.२ | गर्भवती पोषिलो झोला | संख्या | १ | ५ | १५० | १५० | १५० | १५० | १५० | ७५० | | |
| | | ३.१.३ | आमासँग स्वास्थ्य स्वयमसेविका कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन | संख्या | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | |
| | | | महिला स्वास्थ्य स्वयंसेविका तालिम तथा प्रोत्साहन भत्ता | संख्या | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | |

**प्रमुख कार्यक्रम तथा आयोजना** (स्वास्थ्य तथा पोषण)

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | आमा सुरक्षा कार्यक्रम अर्न्तगत प्रयोगशाला निशुल्क परिक्षण र सुत्केरी पोषण कार्यक्रम | संख्या | ० | ५ | १५० | १५० | १५० | १५० | १५० | ७५० | | |
| | | | उपाध्यक्षको कोशेली 'उपाध्यक्षको पोषण पावर' तथा 'बाबालाई चिठी' कार्यक्रम | संख्या | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | |
| | | | वर्षको १ पटक स्वस्थ बच्चा प्रतियोगिता सञ्चालन तथा आमा सम्मान कार्यक्रम | संख्या | ० | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | | |
| | | | धुम्रपान र मध्यपान नियन्त्रण सचेतना अभियान | संख्या | १ | ५ | १०० | १०० | ५० | ५० | ५० | ३५० | | |
| | | | झाँक्री, वैद्य तालिम | | १ | २ | ५० | ० | ० | ५० | ० | १०० | | |
| | | ३.१.४ | स्वास्थ्य शिक्षा सञ्चार कार्यक्रम | संख्या | १ | २ | ० | ५० | ० | ५० | ० | १०० | | |
| | | | व्यक्तिगत र सामुदायिक स्वास्थ्य सम्बन्धी विद्यालय पाठ्यक्रम | संख्या | ० | १ | २०० | ० | ० | ० | ० | २०० | | |
| | | ३.१.५ | क्षेत्रीय (अन्तर पालिका) तहमा स्वास्थ्य सेवा सञ्जाल स्थापना | संख्या | ० | १ | ० | ५०० | ० | ० | ० | ५०० | | |
| | ३.२ | ३.२.१ | वडास्तरमा नियमित निशुल्क स्वास्थ्य जाँच घुम्ती शिविर विपन्न र आम नागरिकलाई सञ्चालन | संख्या | ० | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | | |
| | | ३.२.२ | विपन्न नागरिक सुनौला हजार दिन पोषण व्यवस्था | संख्या | १ | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | |
| | | ३.२.३ | र्‍यापिड रेस्पोन्स इकाई (Rapid Response Unit) को व्यवस्था | संख्या | ० | १ | ० | ५०० | ० | ० | ० | ५०० | | |
| ४ | ४.१ | ४.१.१ | महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण, रोकथाम र | संख्या | ० | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | | |

**प्रमुख कार्यक्रम तथा आयोजना** (स्वास्थ्य तथा पोषण)

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | | |
| | | | नियन्त्रणका लागि चेतनामूलक कार्यक्रमहरू सञ्चालन | | | | | | | | | | | |
| | | ४.१.२ | "सन्तुलित र पोषिलो भोजन रोजौं, घर आगन नै खोजौं" कार्यक्रम | संख्या | ० | ५ | १८० | १८० | १८० | १८० | १८० | ९०० | | |
| | | | जङ्क फुड उन्मूलन विद्यालय अभियान अर्न्तगत अभिभावक अर्न्तकृया | संख्या | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | |
| | | | स्थानीय उत्पादनमा आधारित पोषणयुक्त सन्तुलित भोजन | संख्या | १ | ५ | २४० | २४० | २४० | २४० | २४० | १२०० | | |
| | | ४.१.३ | बालबालिकाको नियमित तौल र उचाइ जाँच्ने व्यवस्था | संख्या | १ | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | | |
| | | ४.१.४ | महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण, रोकथाम र नियन्त्रणका लागि चेतनामूलक कार्यक्रमहरू | संख्या | १ | ५ | १२० | १२० | १२० | १२० | १२० | ६०० | | |
| | | ४.१.५ | खाद्य र पोषणको महत्ववारेसबै सरोकारवाला संस्थाहरुसँग सहकार्य गरी सचेतना अभियान | संख्या | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | |
| | | ४.१.६ | विद्यालय तहमा विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम | संख्या | १ | ५ | २४० | २४० | २४० | २४० | २४० | १२०० | | |
| जम्मा | | | | - | - | २०४ | १२२३० | ५०३३० | ३३९८० | ११९३० | १४५३० | १२२२०० | | |

## ५.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | |
| **प्रभाव** | आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच अभिवृद्धि भएको हुने । | | | | | | | | | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | |
| असर | समुदायमा न्युनतम स्वास्थ्य सुविधाको पहुँच तथा कम खर्चिलो भएको हुने । | ३० मिनेट भित्र अस्पतालको पहुँचमा भएको जनसंख्या | प्रतिशत | ८५ | ९० | ९० | ९५ | ९५ | ९५ | ९५ |
| | | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ७३ | ७४ | ७५ | ७५ | ७६ | ७६ | ७६ |
| | | दक्ष प्रसुतीबाट गराईएको जन्म | संख्या | ९८ | १०० | १०० | १०० | १०० | १०० | १०० |
| | | स्वास्थ्य बिमा गर्ने घर संख्या | संख्या | | | | | | | |
| | | दुई वर्ष मुनिका कम तौल भएका बालबालिका | प्रतिशत | | | | | | | |
| | | सबै खोप लिएका बालबालिका | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| | | स्वास्थ्य शिविर | संख्या | १ | २ | २ | २ | २ | २ | १० |
| | | सुविधा सम्पन्न अस्पताल | संख्या | ० | १ | ० | ० | ० | ० | १ |
| प्रतिफल १ | आधारभूत स्वास्थ्यसेवा गाउँपालिकावासीहरूको लागि सर्वसुलभ रूपमा उपलब्ध हुनेछ । | आधारभूत सुविधा ( खानेपानि,शौचालय,बर्थिंग वार्ड र परामर्श केन्द्र) उपलब्ध स्वास्थ्य संस्था | प्रतिशत | ७ | ७ | ७ | ७ | ७ | ७ | ७ |
| | | गाउँघर क्लिनीक | संख्या | ६ | ६ | ६ | ८ | ९ | १० | १० |
| | | सक्रिय म.स्वा.स्व.से | संख्या | | | | | | | |
| | | निजि तथा समुदायमा आधारित स्वास्थ्यसंस्था ( आयूर्वेद सहित) | संख्या | २ | १ | ० | १ | ० | १ | ५ |
| | | एम्बुलेन्स संचालन | संख्या | १ | ० | १ | ० | १ | ० | ३ |
| | | मनोपरामर्श सेवा केन्द्र | प्रतिशत | ० | ० | १ | ० | ० | ० | १ |
| | | प्रसुति सेवा तथा **Birthing Center** | संख्या | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ |
| | | योग साधना प्रवचन केन्द्र स्थापना ( वडास्तरीय) | संख्या | ० | ० | ० | १ | ० | ० | १ |
| | | झाँक्री, वैद्य तालिम | संख्या | १ | ० | १ | ० | १ | ० | २ |
| | | यापिड रेस्पोन्स इकाई | संख्या | १ | ० | ० | ० | ० | ० | १ |
| प्रतिफल २ | बाल मृत्युदर, शिशु मृत्युदर, र कुपोषणको अवस्थामा सुधार हुनेछ । | ५ वर्ष मुनिको वाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | दर | ० | ० | ० | ० | ० | ० | ० |
| | | ६ महिना सम्म स्तनपान मात्र गराउने आमा | प्रतिशत | ९५ | ९८ | १०० | १०० | १०० | १०० | १०० |
| प्रतिफल ३ | महिला, अपाङ्ग र अल्पसङ्ख्यक समुदाय लगायतको स्वास्थ्य सेवा र सुविधाको पहुँचमा बृद्धि हुनेछ । | सुत्केरी जाँच गराउने महिला | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| | | स्वास्थ्य संस्थामा प्रसुती गराउने गर्भवती महिला | प्रतिशत | ९८ | १०० | १०० | १०० | १०० | १०० | १०० |
| | | पहिलो बच्चा जन्माउने औषत उमेर ( प्रजननयोग्य उमेरका महिला) | औषत | २१ | २१ | २२ | २२ | २३ | २३ | २३ |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | |
| | | परिवार नियोजनका साधनको प्रयोग दर | प्रतिशत | ३४ | ३५ | ४० | ४० | ४५ | ४५ | ५० |
| | | गर्भवती पोषिलो झोला | संख्या | १ | १ | १ | १ | १ | १ | १ |
| प्रतिफल ४ | तालिम प्राप्त स्वास्थ्यकर्मीबाट स्वास्थ्य सेवा उपलब्ध हुनेछ । | स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी | संख्या | | | | | | | |
| | | दक्ष स्वास्थ्यकर्मीबाट प्रसुति सेवा लिएका महिला | संख्या | | | | | | | |
| | | दक्ष प्रसुतिकर्मी, तालिम प्राप्त स्वास्थ्यकर्मी | संख्या | | | | | | | |
| | | स्वास्थ्यकर्मी तालिम तथा अनुसन्धान | संख्या | १ | १ | १ | १ | १ | १ | ५ |
| | | विद्यालयमा नर्स उपलब्ध विद्यालय | संख्या | ० | १ | १ | १ | १ | २ | ६ |
| पुष्टयाईको आधार | | –गाउँपालिकाको वार्षिक प्रतिवेदन<br>–गाउँपालिकाको पार्श्वचित्र ,<br>–वार्षिक नीति तथा कार्यक्रम<br>–सम्वन्धित शाखाको प्रतिवेदन, **HIMS** | | | | | | | | |
| अनुमान तथा जोखिम पक्ष | | –सरकारी स्वास्थ्य संस्थाबाट प्रवाह हुने सेवा थप प्रभावकारी अर्थात भरपर्दो सहजहुने,<br>–बाल पोषणमा भएको लगानी थप प्रभावकारी भएको हुने,<br>–स्वास्थ्य सेवा थप प्रभावकारी भएको हुने,<br>–स्वास्थ्य पूर्वाधारमा गाउँपालिकाको लगानी वृद्धि भएको हुने | | | | | | | | |

## ५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन

### ५.२.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ धारा ३१ ले शिक्षा सम्बन्धी हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । विशेषगरी आधारभूत शिक्षामा पहुँच, आधारभूत तहसम्मको अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क गरेको छ । नेपालको संविधानले स्थानीय तहलाई आधारभूत र माध्यमिक शिक्षाको जिम्मेवारी दिएको छ । अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक प्रत्याभुत गरेको छ । गाउँपालिकावासीलाई उत्पादनशील जीवन बिताउन आवश्यक पर्ने जीवनोपयोगी सीपको विकास र सिकाइको अवसर प्रदान गर्दै सक्षम र समावेशी जनशक्तिको विकासद्वारा गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासमा सहयोग पुऱ्याउनु पर्दछ । सभ्य र सुसंस्कृत समाजको निर्माणमा शिक्षाको सर्वोपरी भूमिका रहेको हुन्छ । विज्ञान तथा प्रविधिमैत्रि शिक्षा प्रदान गर्न सकेमात्र सक्षम मानव संशाधन तयार हुन्छ । समाजमा रहेका सम्पूर्ण विभेदहरूलाई हटाई समतामूलक र उन्नत समाजको निर्माण गर्ने पहिलो साधन भनेको नै शिक्षा हो । ग्रामीण परिवेशको क्षेत्र भएकोले शिक्षाका आधारभूत पूर्वाधारहरूको पर्याप्त विकास हुन नसकेता पनि निजी क्षेत्रका सहित ४६ वटा आधारभूत तह देखि उच्च मा वि सम्मका सार्वजनिक र निजी विद्यालयहरू सञ्चालनमा रहेका छन् । गाउँपालिकामा ७५.५ प्रतिशत जनता साक्षर रहेकोमा ८२.२ प्रतिशत पुरूष र ७०.० प्रतिशत महिला रहेका छन् । शिक्षा प्रणालीलाई आर्थिक सामाजिक रूपान्तरणको संवाहकका रूपमा विकास गर्ने, सबै तह एवम् विधाको शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्ने, शिक्षालाई रोजगारी उन्मुख बनाउने, गुणस्तरमा सुधार एवम् व्यवस्थापकीय क्षमता अभिवृद्धि गरी आर्थिक सामाजिक विकासका लक्ष्यहरू हासिल गर्नेतर्फ शिक्षा क्षेत्रका नीति तथा कार्यक्रमहरू उन्मुख रहेका छन् । साथै शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमुलक तथा रोजगारमुलक बनाउँदै शिक्षामा राज्यको लगानी अभिवृद्धि गर्दै निजी क्षेत्रको लागीनलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने नीति अवलम्बन गरेको छ । तमानखोला गाउँपालिकाले शिक्षा क्षेत्रलाई विशेष जोड दिई शैक्षिक क्षेत्र विकास गर्न अग्रसर रहेको छ । यसका निम्ति आवश्यक पूर्वाधार, स्रोत, जनशक्ति र प्रविधिको अध्ययन गरि शैक्षिक क्षेत्रको नतिजामुलक विकास गर्ने लक्ष्य राखेको छ । शैक्षिक सुधारका कार्यक्रम अन्तर्गत गाउँपालिकाले शिक्षाको गुणस्तर विकास र पहुँच विस्तारका कार्यक्रमहरु जस्तै शिक्षक दरबन्दी मिलान, शैक्षिक व्यवस्थापन सुधार, छात्रवृत्ति व्यवस्थापन, शिक्षक अनुदान, शिक्षक तालिम तथा क्षमता विकास, पुस्तकालय विस्तार, नमुना विद्यालय विकास, प्रविधिमैत्री शैक्षिक प्रशासनलाई प्राथमिकतामा राखेको छ । गाउँपालिकाले स्थानीय पाठ्यक्रम तयार गरी आधारभुत तहमा लागु गरिरहेको छ भने प्राविधिक तथा जिवनोपयोगि शिक्षालाई जोड दिएको छ ।

### ५.२.२ समस्या तथा चुनौती

| | समस्याहरु | चुनौती तथा जोखिमहरू |
|---|---|---|
| **शिक्षा, विज्ञान तथा नवप्रवर्तन** | • सामुदायिक विद्यालयको वैज्ञानिक नक्साकंन हुन नसक्दा अनावश्यक रूपमा छिरिएका विद्यालयमा गरिएको लगानी उच्चतम प्रयोग हुन नसक्नु र शैक्षिक उपलब्धि कमजोर हुनु,<br>• सामुदायिक विद्यालयमा पर्याप्त जनशक्ति, उपयुक्त भौतिक पूर्वाधार लगायतका आवश्यक साधन स्रोतको व्यवस्थापन हुन नसक्नु, वालमैत्री तथा अपाङ्ग मैत्री पूर्वाधार नहुनु,<br>• आधारभूत तह र माध्यमिक तहमा निर्धारित उमेर समूहका नागरिकको भर्ना तथा अध्ययन निरन्तरताको अभाव, | • शैक्षिक गुणस्तर व्यवस्थापन<br>• भौतिक पूर्वाधारहरुको समावेशीकरण<br>• प्राविधिक शिक्षालय<br>• दक्ष जनशक्ति व्यवस्थापन<br>• व्यवसायिक र जीवपयोगी शिक्षा प्रदान गर्ने सामुदायिक विद्यालयहरु विकास गर्न,<br>• समुदायको जनसंख्याको आधारमा सामुदायिक विद्यालयको समानुपातिक वितरण गर्न,<br>• विद्यालयमा छात्रा मैत्री शौचालयको व्यवस्था, सेनिटरी प्याडको व्यवस्था र बाल तथा अपांगमैत्री पुर्वाधारको व्यवस्थ गर्न, |

| | समस्याहरु | चुनौती तथा जोखिमहरू |
|---|---|---|
| | • स्व आर्जित ज्ञान र सिपको मान्यता र जीवनपर्यन्त सिकाइको अवसर प्रदान गर्न नसक्नु ,<br>• सैद्धान्तिक ज्ञानको बोझ, अनुसन्धान तथा खोज खोजमूलक सिकाई प्रणालीको न्यूनता, प्रविधिको प्रयोगमा कमी र योग्यतामा कमी र योग्यता एवम् व्यावसायिक रूपमा दक्ष शिक्षकको अपर्याप्त हुनु,<br>• सामुदायिक विद्यालयप्रति विश्वास कमजोर हुनु, विद्यार्थी अनुपातमा शिक्षक दरबन्दी कम हुनु, शिक्षक विद्यार्थीको नियमितताको कमी हुनु तथा अभिभावकको शिक्षामा चासो कमी,<br>• विद्यालयमा पुस्तकालय नभएको, सूचना प्रविधिको प्रयोग कम भएको,<br>• भर्ना दर, उत्तीर्ण दर, टिकाउ दर र शैक्षिक उपलब्धि दरमा कमी,<br>• पुस्तकालय, शैक्षिक सामाग्री र विज्ञान प्रयोगशाला आदिको उपलब्धता नहुनु,<br>• वालमैत्री सिकाई तथा खेलकुद र मनोरञ्जनको लागि पूर्वाधार र सुविधा उपलब्ध नहुनु ,<br>• वडास्तरमा सामुदायिक सिकाइ केन्द्रको स्थापना हुन नसक्नु ,<br>• विद्यालय व्यवस्थापन समिति तथा शिक्षकबीच सुझबुझ तथा समझदारी निर्माणमा कठिनाइ,<br>• शिक्षण संस्थामा यातायात सेवाको सहज पहुँचको कमी हुनु,<br>• स्थानीय स्तरमा अनुकूल उपयुक्त पाठ्यक्रम निर्माण र लागू नहुनु,<br>• शिक्षा र रोजगारी बीच तालमेल नहुनु ,<br>• समयमा पाठ्यपुस्तक प्राप्त नहुनु ,<br>• चुस्त अनुगमन तथा मूल्याङ्कन प्रणालीको व्यवस्था नहुनु , | • बालबालिकाको शैक्षिक स्थिति, अविभावकहरुमा चासो बढाउन, विद्यार्थीमा शिक्षाप्रति नकारात्मक सोच र अनुशासन विहिनता अवस्था सृजना गर्न,<br>• शिक्षक तथा विद्यार्थीको नियमितता, विज्ञान प्रयोगशाला, कम्प्युटर, शिक्षक र सुचना प्रविधि साधनहरुको उपलब्धता, पुस्तकालय, शैक्षिक संग्रालय स्थापना र अतिरिक्त क्रियाकलापमा नियमितता गर्न,<br>• विद्यमान शिक्षा प्रणाली साक्षरता उन्मुख भएको तथा बजार र समयको माग अनुसारको जीवनपयोगी, व्यवसायिक र रोजगारमूलक पाठ्यक्रम तथा शैक्षिक प्रणाली सृजना गर्न,<br>• विद्यालयहरुलाई आपसमा गाभ्न तथा मर्ज गर्न<br>• दलित तथा अति गरिब समुदायका बालवालिकाहरुलाई विद्यालयमा ल्याउन र टिकाउन,<br>• राजनीतिक प्रभावबाट शिक्षा क्षेत्रलाई मुक्त पार्नु ,<br>• स्थानीय तहको शैक्षिक प्रशासनिक संरचनाको प्रभावकारी परिचालन गर्न,<br>• भौगोलिक बिकटता र मौसमको समस्या हुनु,<br>• सरकारी भन्दा निजी विद्यालयमा विद्यार्थीको आकर्षण बढ्नु,<br>• अङ्ग्रेजी माध्यम र विद्यालयमा विविध सुविधाको अभावमा सरकारी विद्यालयमा विद्यार्थीहरूको सख्या घट्दै जानु,<br>• शिक्षित बेरोजगारहरूको सख्या बढ्दै जानु,<br>• डिजिटल साक्षर जनशक्ति व्यवस्थापन गर्न,<br>• विद्यालयहरू समायोजन गरी शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी ढंगले सञ्चालन गराउन,<br>• प्राविधिक विद्यालय स्थापना र सञ्चालन गर्न,<br>• शैक्षिक ऋण तथा छात्रवृत्तिको व्यवस्था गर्न,<br>• दक्ष शिक्षकहरूको आवश्यकताअनुरूप आपूर्ति गर्न,<br>• सामुदायिक विद्यालयमा अंग्रेजी भाषाको माध्यमबाट पनि पठनपाठन गर्न,<br>• नयाँ शहरको रुपना विकास भई रहेको बुर्तिवाङ्गमा सुविधा सम्पन्न सामुदायिक ,तिजी विद्यालयहरु तथा उच्च मा वि रहेको, |

## ५.२.३ सम्भावना तथा अवसर

| | सबल पक्षहरू | सम्भावना र अवसरहरू |
|---|---|---|
| **शिक्षा, विज्ञान तथा नवप्रवर्तन** | • संविधानले शिक्षालाई मौलिक हकका रूपमा स्थापित गरेको,<br>• जनप्रतिनिधिहरू शिक्षा प्रति जागरूक हुनु,<br>• संघीय तथा प्रादेशिक सरकार शिक्षा प्रति सहयोगी हुनु ,<br>• सामुदायिक विद्यालय, बालकेन्द्र र संस्थागत विद्यालय क्याम्पसहरु लगायतका ४६ ओटा शैक्षिक संस्थाहरु सञ्चालनमा रहेका,<br>• गाउँपालिकाद्वारा गरिब तथा जेहेन्दार विद्यार्थीको छात्रवृत्तिको लागि वजेट विनियोजन गर्ने गरिएको,<br>• गाउँपालिकाभित्र रहेका अभिभावक विहिन असहाय, अनाथ बालबालिकालाई माध्यमिक स्तरसम्मको शिक्षामा विशेष सहयोग गर्ने नीति लिएको,<br>• बालविकास केन्द्रको बसाई व्यवस्थापन, भित्तेलेखन तथा शिक्षिकाहरूलाई विशेष प्रोत्साहनका कार्यक्रम, साथै बालमैत्री | • आवश्यकताको आधारमा विद्यालय मर्ज गर्न सकिने,<br>• घुम्ती विद्यालय क्षेत्र सञ्चालन गर्न सकिने,<br>• प्रविधिमैत्री तथा २१ औं शताब्दीका जीवनोपयोगी शिक्षा प्रणाली लागु गर्न सकिने,<br>• बालमैत्री, अपाङ्गमैत्री र स्वतन्त्रामैत्री विद्यालय बनाउन सकिने,<br>• अतिरिक्त क्रियाकलाप तथा खेलकुद भवन / कार्यशाला निर्माण तथा नियमित गर्न सकिने, |

| | सबल पक्षहरू | सम्भावना र अवसरहरू |
|---|---|---|
| | सिकाई क्रियाकलापलाई जोड दिई बालमैत्री विद्यालय बनाउने अभियान सञ्चालन गर्ने नीति लिएको,<br>• विद्यालय सुधार तथा सुशासनको लागि विद्यालयलाई क्रमश प्रविधि मैत्री बनाउदै लगिएको,<br>• विगत वर्षहरूका तुलनामा शिक्षामा सर्वसाधारणहरूको पहुँच बढेको,<br>• समुदायमा प्राविधिक शिक्षाप्रतिको बढ्दो आकर्षण र जागरुकता,<br>• महिला, दलित, जनजाति र अपाङ्गता भएका एवम् सीमान्तीकृत समुदायका बालबालिकाहरूलाई विद्यालयमा ल्याउन र टिकाउन विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरू रहनु,<br>• शैक्षिक पूर्वाधारको विकास तथा सूचना प्रविधिको उपलब्धता र पहुँचमा वृद्धि हुनु<br>• स्थानीय पाठ्यक्रम तयार गरी आधारभुत तहमा लागु गरिरहेको,<br>• प्राविधिक तथा जिवनोपयोगि शिक्षालाई जोड दिएको, | • स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन अनुसार नै पाठयपुस्तक, शैक्षिक सामाग्री, पाठ्यक्रम, पठनपाठन, भौतिक सुविधा, खेलकुद, पुस्तकालय, विद्यालय व्यवस्थापन, अनुगमन र निरीक्षणलाई प्रभावकारी ढंगले सञ्चालन गर्न सकिने,<br>• शैक्षिक क्यालेण्डरलाई नियमित तथा व्यवस्थित गर्न सकिने,<br>• शिक्षक शिक्षिकाहरूलाई नियमित तालिम प्रदान गर्न सकिने,<br>• हरेक विद्यालयलाई सूचना प्रविधियुक्त तथा गुणस्तरीय बनाउन,<br>• एक वडा एक नमूना विद्यालय कार्यक्रम कार्यान्वयनमा ल्याउन सकिने, |

## ५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**सोच**

सामाजिक आर्थिक रुपमान्तरणका लागि शैक्षिक मानव संसाधनको विकास

**लक्ष्य**

गुणस्तरीय र प्रयोगात्मक शिक्षा मार्फत दक्ष, प्रतिस्पर्धी, क्षमतामूलक, सिर्जनशील, उत्पादनशील तथा सचेत मानव श्रोत विकास गर्ने ।

**उद्देश्यहरु**

१. आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी बनाउनु ।
२. शिक्षामा हरेक वर्ग, सम्प्रदाय र जातीको पहुँच सुनिश्चित गरी पूर्ण साक्षर गाउँपालिका घोषणा गर्नु ।
३. शिक्षण संस्थाहरूमा संरचना र सुविधा उपलब्ध गरी आधुनिकिकरण गर्नु ।
४. प्राविधिक शिक्षामा जोड दिँदै शिक्षालाई व्यवसायिक, व्यवहारिक र प्रविधि मैत्री बनाउनु ।
५. स्थानीय कृषिलाई प्रवर्द्धन गर्न कृषिमा आधारित शिक्षा र तालिमको व्यवस्था गर्नु ।

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| उद्देश्य १: आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी बनाउनु । | | | |
| १.१. | समावेशी र समतामूलक शिक्षाको व्यवस्था गर्ने । | १.१.१ | शिक्षामा सबैको पहुँच पुर्‍याउन र सबैमा शिक्षित हुने अवसर सिर्जना गर्न जनचेतनाका कार्यक्रम गरिनेछ । |
| | | १.१.२ | अति गरिब, दलित, तथा असहाय बालबालिकालाई पढ्न पाउने हकको सुनिश्चितताको लागि छात्रवृत्ति प्रदान गर्ने वातावरण मिलाइनेछ । |
| | | १.१.३ | स्थानीय भेषभुषा र संस्कृतिसहितको पाठ्यक्रम प्रभावकारी रुपमा कार्यन्वन गरिनेछ । |
| | | १.१.४ | गाउँपालिकाका वृद्ध र निरक्षर जनसंख्यालाई लक्षित गरेर प्रौढ शिक्षा कार्यक्रम गरिनेछ । |
| | | १.१.५ | गाउँपालिका स्तरीय शिक्षा नीति, कानुन र गाउँ शिक्षा योजना तयार ,गाउँपालिका अध्यक्ष शैक्षिक सुधारका कार्यक्रम सञ्चालन एवम् थप सुदृढ गरिनेछ । |
| | | १.१.६ | स्थानीय शैक्षिक सामग्री प्रदर्शनी कार्यक्रम सञ्चालन गरिनेछ । |

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| | | १.१.७ | सबै विद्यालय उमेर समूहका बालबालिकालाई अनिवार्य विद्यालय भर्ना अभियान सञ्चालन गरिनेछ। |
| | | १.१.८ | सबै बालबालिकालाई विद्यालयमा ल्याउन र टिकाउन आमा समूह, सामुदायिक वन समिती, क्लव तथा स्थानीय गैससलाई परिचालन गरिनेछ। |
| १.२ | विद्यालय शिक्षाको सबै तहको शिक्षामा गुणस्तर सुनिश्चितता गर्ने | १.२.१ | शिक्षण सिकाइमा टेवा पुऱ्याउने डिजिटल पाठ्यसामाग्रीको व्यवस्था गरी पठनपाठनको प्रबन्ध मिलाइनेछ। |
| | | १.२.२ | प्रत्येक वडामा विद्यालय स्वास्थ्य सेवा एवम् स्वास्थ्य शिक्षाका लागि १ जना नर्सको व्यवस्था गरिनेछ। |
| | | १.२.३ | खेलकुद मैदानको निर्माण तथा व्यवस्थापन गरी विद्यार्थीको सिर्जनशिलता र खेलकुद प्रवर्धनको व्यवस्था गरिनेछ। |
| | | १.२.४ | विद्यालयमा खेलकुदलाई प्रवर्द्धन गर्न प्रर्याप्त मात्रामा खेलकुदका सामाग्री व्यवस्था गरिनुका साथै बालबालिकाहरुको प्रतिभा पहिचान र प्रोत्साहनका लागि अतिरिक्त क्रियाकलाप सञ्चालन र पुरस्कारको प्रवन्ध गरिनेछ। |
| | | १.२.५ | समय सापेक्ष शैक्षिक गुणस्तर कायम गर्न शिक्षकलाई पेशागत दक्षता एवम् क्षमता वृद्धि गर्न तालिम र प्रोत्साहनको व्यवस्था गरिने छ। |
| | | १.२.६ | सामुदायिक शिक्षामा अभिभावकको सहभागिता बढाउन अभिभावक शिक्षा संचालन गरिने छ। |
| उद्देश्य २: शिक्षामा हरेक वर्ग, सम्प्रदाय र जातीको पहुँच सुनिश्चित गरी पूर्ण साक्षर गाउँपालिका घोषणा गर्नु | | | |
| २.१ | शिक्षाको मापदण्ड अनुसार आधारभूत शिक्षाको अनिवार्य र निशुल्क पहुँच पुऱ्याउने। | २.१.१ | बीचैमा विद्यालय छाडने समस्यालाई समाधान गर्न, विद्यालयमा टिकाई राख्नका लागि आधारभूत शिक्षाका विद्यार्थीहरूका लागि दिवा खाजा, छात्रबृत्ति र पुरस्कारको व्यवस्था, अपाङ्गमैत्री वातावरण सृजना गरिनेछ। |
| | | २.१.२. | सबैका लागि अनिवार्य तथा आधारभूत निःशुल्क शिक्षाका लागि जोखिममा परेका, अल्पसंख्यक, लोपोन्मुख, अपाङ्ग तथा सीमान्तकृत समुदायका बालबालिकाहरूलाई उचित शैक्षिक अवसरहरू प्रदान गरिनेछ। |
| | | २.१.३ | विशेष आवश्यकता भएका (विद्यालय मर्ज गर्दा अप्ठ्यारोमा परेका, अनाथ) बालबालिकाहरूका लागि नमूनाको रूपमा कम्तिमा एउटा आवासीय सुविधासहितको विद्यालय सञ्चालन गरिनेछ। |
| उद्देश्य ३: शिक्षण संस्थाहरूमा संरचना र सुविधा उपलब्ध गरी आधुनिकिकरण गर्नु। | | | |
| ३.१ | प्रविधि मैत्री तथा भौतिक सुबिधा सम्पन्न बनाउन पहल गर्ने तथा कार्यन्वयन गर्ने। | ३.१.१ | शैक्षिक सुधारका लागि गाउँपालिकाभित्र रहेका विद्यालयमा आवश्यक भौतिक पूर्वाधार, आधुनिक प्रविधिको सुविधाहरू उपलब्ध गराइनेछ। |
| | | ३.१.२ | जनसंख्या तथा भौगोलिक अवस्थाको आधारमा विद्यालयको स्थान र संख्या निर्धारण गरी सञ्चालन गरिनेछ। |
| | | ३.१.३ | गुणस्तरीय शैक्षिक विकासका लागि विद्यालयहरूको संस्थागत विकास तथा शिक्षकहरूको क्षमता विकासका लागि विभिन्न कार्यक्रमहरू संचालन गरिनेछ। |
| | | ३.१.४ | प्रविधिमा आधारित शिक्षालाई प्रवर्द्धन गर्न सवै विद्यालयहरुमा सुविधा सम्पन्न सूचना संचार प्रविधि (**ICT**) ल्याव स्थापना गर्दै लगिने छ। |
| | | ३.१.५ | विद्यालय सम्बन्धी तथ्याङ्क र विद्यालय सुधार योजना अध्यावधिक गरिनेछ। |
| | | ३.१.६ | ई-हाजिरी र सिसि क्यामेरा जडान गरी विद्यालयहरुको अनुगमन गर्ने प्रणालीलाई मजबुत बनाईनेछ। |
| ३.२ | विद्यालयको संस्थागत सक्षमता वृद्धि गर्ने। | ३.२.१ | नतिजामा आधारित विद्यालय सुधार कार्ययोजना (**SIP**) निर्माण र कार्यन्वयनलाई निरन्तरता दिइनेछ। |
| | | ३.२.२ | विद्यालय व्यवस्थापन समितिको गठन, पुनःगठनमा सहजीकरण गरी विद्यालयमा शैक्षिक व्यवस्थापनका वातावरण तयार गर्न क्रियाशिल गरिनेछ। |
| | | ३.२.३ | विद्यालयमा बालक्लब, इकोक्लब र बाल सहभागिता अभिवृद्धिको प्रयासलाई संस्थागत गरिनेछ। |
| | | ३.२.४ | जनसंख्या, वस्तीको अवस्थिति, विद्यालयहरुबीचको भौगोलिक दुरी तथा बाटोघाटोको अवस्था, विद्यमान विद्यार्थी संख्या र भावी दिनमा हुन सक्ने विद्यार्थी |

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| | | | संख्या समेतको आंकलनको आधारमा सामुदायिक विद्यालयहरुको अवस्थिति पुनरावलोकन गरी विद्यालय समायोजन गर्ने व्यवस्था गरिनेछ। |
| उद्देश्य ४: प्राविधिक शिक्षामा जोड दिँदै शिक्षालाई व्यवसायिक, व्यवहारिक र प्राविधिमा आधारित बनाउनु। | | | |
| ४.१ | गुणस्तरीय, व्यावसायिक तथा जीवनपयोगी शिक्षाको सुनिश्चितता गर्ने। | ४.१.१ | विद्यालय शिक्षा सम्बन्धी स्थानीय पाठ्यक्रममा कृषि अभ्यासका लागि नर्सरी, फलफूल, तरकारी खेती, जडिबुटी र मौरीपालनको व्यवहारिक ज्ञान समावेश गरी पठनपाठनका साथै र प्रयोगात्मक अभ्यासको व्यवस्था गरिनेछ। |
| | | ४.१.२ | स्थानीय कृषि विकासका लगि माध्यमिक विद्यालयमा कृषि अभ्यास केन्द्र स्थापना गरी वेर्ना उत्पादन, फलफल तथा तरकारी खेती र मौरीपालन सम्बन्धमा व्यवहारिक ज्ञान तथा सीप विकास गरिनेछ। |
| | | ४.१.३ | नयाँ शैक्षिकसत्र सुरु हुनु अगाडी विषयगत, समयानुकुल र तहगत तालिम र शैक्षिकसत्रको बीचमा पुर्नताजकी तालिम सञ्चालन गरिनेछ। |
| | | ४.१.४ | शिक्षण सिकाई तथा हाजिरीमा सूचना तथा संचार प्रविधि प्रयोग गरिनेछ। |
| | | ४.१.५ | नियमित रुपमा अतिरिक्त क्रियाकलाप, सेवा आयोग कक्षा संचालन, कृषि उद्यम विकास लगायत रचनात्मक कार्यहरु संचालनको व्यवस्था गरिनेछ। |
| | | ४.१.६ | श्रम बजारमा माग अनुसारको विषयवस्तुलाई पाठ्यक्रम र पठनपाठनमा समावेश गर्दै लगिनेछ। |
| | | ४.१.७ | व्यवसायिक सीपयुक्त, दक्ष, मागयोग्य जनशक्ति उत्पादनको लागि प्राविधिक तथा व्यवसायिक तालिम निरन्तर सञ्चालन गरिनेछ। |
| | | ४.१.८ | एक वडा एक नमूना विद्यालय कार्यक्रम कार्यान्वयन गरिनेछ। |
| | | ४.१.९ | पढ्दै कमाउदै कार्यक्रमलाई जमिन भएका सामुदायिक मा वि मा परिक्षणका रुपमा कार्यान्वयनमा ल्याइनेछ। |
| ४.२ | मानव संसाधन, पूर्वाधार तथा प्रविधिको विकास गरी प्राथमिक तहदेखि माध्यमिक तहको शिक्षामा गुणस्तर सुधार गर्ने। | ४.२.१ | शैक्षिक गुणस्तर अभिवृद्धिका विद्यार्थी केन्द्रित, अभिभावक केन्द्रित तथा शिक्षक केन्द्रित थप रचनात्मक गतिविधिसहित अतिरिक्त क्रियाकलापलाई निरन्तरता दिइनेछ। |
| | | ४.२.२ | नतिजामा आधारित विद्यालय सुधार कार्ययोजना कार्यान्वयनमा ल्याइने छ र कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि शिक्षण सिकाइमा टेवा पुऱ्याउने, स्थानीय तथा डिजिटल पाठ्य सामाग्रीको विकास गरिनेछ। |
| | | ४.२.३ | पर्यटन, सूचना प्रविधि, इन्जिनियरिङ, कृषि तथा पशुसम्बन्धी प्राविधिक शिक्षामा थप छात्रबृत्तिको व्यवस्था साथै विस्तार गरिनेछ। |
| | | ४.२.४ | विद्यालय शिक्षालाइ जीवन उपयोगी तथा अनुसन्धानमा आधारित शिक्षण प्रणली बनाउन जोड दिइने छ। |
| उद्देश्य ५: स्थानीय कृषिलाई प्रवर्द्धन गर्न कृषिमा आधारित शिक्षा र तालिमको व्यवस्था गर्नु। | | | |
| ५.१ | कृषिलाई व्यवसायिकरण गर्ने खालको शिक्षा लाई प्रोत्साहन गर्ने। | ५.१.१ | कृषि सम्बन्धी प्राविधिक शिक्षाको सुरुवात गरिनेछ। |
| | | ५.१.२ | गाउँपालिका क्षेत्रभित्रै प्रांगारिक मल तथा फलफुल र विभिन्न तरकारीको बिउ उत्पादनलाई प्रोत्साहन गर्न तालिमको व्यवस्था गरिनेछ। |
| | | ५.१.३ | कृषि र दुग्ध पदार्थमा आधारित उत्पादन, प्याकिङ र स्टोरेजको लागि तालिमको व्यवस्था गरिनेछ। |
| | | ५.१.४ | कृषकसँग कृषि विद्यार्थी कार्यक्रम सञ्चालन गरिनेछ। |

**प्रमुख कार्यक्रम तथा आयोजना** (शिक्षा, विज्ञान तथा नवप्रवर्तन)

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | | |
| १ | १.१ | १.१.१ | अति विपन्न, सिमान्तकृत, विद्यालय जानबाट वञ्चित बालबालिकाको विवरण संकलन | संख्या | ० | २ | १५० | ० | ० | १५० | ० | ३०० | | |
| | | | घुम्ती भर्ना अभियान सञ्चालन | संख्या | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | |
| | | | शिक्षक-विद्यार्थी-अभिभावक नियमित अन्तरक्रिया कार्यक्रम | संख्या | १ | ५ | १२० | १२० | १२० | १२० | १२० | ६०० | | |
| | | १.१.२ | अति विपन्न र सिमान्तकृत बालबालिका छात्रवृत्ति कोष स्थापना | संख्या | ० | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | | |
| | | | जेहेन्दार छात्र/छात्रा छात्रवृत्ति कोष निर्माण | संख्या | ० | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | | |
| | | | जेहेन्दार विद्यार्थी उच्च अध्ययन कोष निर्माण | संख्या | १ | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | | |
| | | १.१.३ | स्थानीये पाठ्यक्रम कार्यन्वन | संख्या | १ | ५ | २५० | २५० | २५० | २५० | २५० | १२५० | | |
| | | १.१.४ | एक वडा एक सामुदायिक सिकाइ केन्द्र स्थापना | संख्या | ० | ६ | २०० | ४०० | २०० | २०० | २०० | १२०० | | |
| | | | निरक्षरको विस्तृत विवरण संकलन | संख्या | ० | २ | १०० | ० | ० | १०० | ० | २०० | | |
| | | | अनौपचारीक प्रौढ शिक्षा सञ्चालन (प्रत्येक वडा) | संख्या | ० | ४ | ० | १५० | १५० | १५० | १५० | ६०० | | |
| | | | अनौपचारीक प्रौढ शिक्षा उपलब्धी मापन सर्वेक्षण | संख्या | ० | २ | ० | ० | १०० | ० | १०० | २०० | | |
| | | | निरक्षर केन्द्रित शिक्षा सञ्चार तथा जनचेतनामूलक कार्यक्रम ( स्थानीय सञ्चार माध्यमबाट) | संख्या | ० | ५ | १२० | १२० | १२० | १२० | १२० | ६०० | | |
| | | १.१.५ | शिक्षा नीति, मापदण्ड तथा कानून निर्माण | संख्या | ० | १ | ० | १०० | ० | ० | ० | १०० | | |
| | | | शिक्षा गुरुयोजना निर्माण | संख्या | ० | २ | ४०० | ० | ० | ३०० | ० | ७०० | | |

**प्रमुख कार्यक्रम तथा आयोजना** (शिक्षा, विज्ञान तथा नवप्रवर्तन)

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | | |
| | | | पठनपाठनमा एकरुपता ल्याउन अतिरिक्त कक्षा मापदण्ड निर्माण | संख्या | ० | १ | ० | २०० | | | | २०० | | |
| | | १.१.६ | स्थानीय शैक्षिक सामग्री प्रदर्शनी कार्यक्रम सञ्चालन | संख्या | ० | ५ | १८० | १८० | १८० | १८० | १८० | ९०० | | |
| | | | गाउँपालिकास्तरीय विज्ञान प्रर्दशनी आयोजना | संख्या | ० | ३ | ० | १५० | १५० | ० | १५० | ४५० | | |
| | | १.१.७ | बालबालिका विद्यालय नजानुका वस्तुगत कारणको अध्ययन | संख्या | ० | २ | १५० | ० | ० | १५० | ० | ३०० | | |
| | | १.१.८ | बालबालिकालाई विद्यालयमा ल्याउन र टिकाउन आमा समूह, सामुदायिक वन समिती, क्लव तथा स्थानीय गैससलाई परिचालन | संख्या | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | |
| | १.२ | १.२.१ | विद्युत पहुँच नपुगेका विद्यालयमा विद्युत जडान वा सोलारको प्रबन्ध | संख्या | ० | १ | २५० | २५० | १०० | १०० | ५० | ७५० | | |
| | | | हरेक विद्यालयमा इन्टरनेट सेवाको प्रवन्ध | संख्या | १ | १ | १५० | १२० | १०० | ० | ० | ३७० | | |
| | | | विद्यालय स्तरिय **E-Learning** पूर्वाधार निर्माण | संख्या | १ | १ | २०० | १०० | १०० | १०० | ५० | ५५० | | |
| | | | हरेक कक्षामा सूचना प्रविधिमैत्री स्मार्ट बोर्ड खरिद | संख्या | ० | १ | १२० | १२० | १२० | १२० | १२० | ६०० | | |
| | | | ई-हाजिरी व्यवस्थापन तथा वडा अध्यक्ष प्रधानाध्यापक अन्तरक्रिया | संख्या | १ | १ | १२० | १२० | १२० | १२० | १२० | ६०० | | |
| | | | शिक्षकहरूलाई सूचना प्रविधि तालिम | संख्या | ० | ५ | १२० | १२० | १२० | १२० | १२० | ६०० | | |
| | | १.२.२ | प्रत्येक वडामा विद्यालय स्वास्थ्य सेवा एवम् स्वास्थ्य शिक्षाका लागि एक स्वास्थ्यकर्मी कार्यक्रम | संख्या | ० | ६ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | | |

**प्रमुख कार्यक्रम तथा आयोजना** (शिक्षा, विज्ञान तथा नवप्रवर्तन)

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १.२.३ | एक विद्यालय एक खेलमैदान निर्माण तथा व्यवस्थापन | संख्या | १ | १ | १००० | १००० | १५०० | १५०० | ५०० | ५५०० | | |
| | | १.२.४ | खेलकुदका सामाग्री व्यवस्था | संख्या | १ | ५ | १८० | १८० | १८० | १८० | १८० | ९०० | | |
| | | | अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न शिक्षक दरबन्दी | संख्या | ० | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | | |
| | | | बालबालिकाहरुको प्रतिभा पहिचान र प्रोत्साहनका लागि अतिरिक्त क्रियाकलाप सञ्चालन र पुरस्कारको प्रवन्ध | संख्या | ० | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | | |
| | | १.२.५ | शिक्षकलाई पेशागत दक्षता एवम् क्षमता वृद्धि गर्न विषय शिक्षक तालिम | संख्या | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | |
| | | | अपुग जनशक्ति परिपूर्ति गर्न मोवाइल शिक्षक परिचालन | संख्या | ० | २ | ० | ० | ० | ३०० | ३०० | ६०० | | |
| | | | नविनतम शिक्षण सिकाई तालिम सञ्चालन | संख्या | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | |
| | | | हरेक विद्यालयमा उत्कृष्ट शिक्षक पुरस्कार कोष स्थापना | संख्या | ० | ५ | १२० | १२० | १२० | १२० | १२० | ६०० | | |
| | | १.२.६ | अभिभावक अभिमुखीकरण तथा शिक्षा कार्यक्रम सञ्चालन | संख्या | १ | ५ | ६० | ६० | ६० | ६० | ६० | ३०० | | |
| २ | २.१ | २.१.१ | विद्यार्थी व्यक्तिगत सूचना प्रणाली निर्माण | संख्या | १ | ५ | २५० | २५० | २५० | २५० | २५० | १२५० | | |
| | | | दिवा खाजा कार्यक्रम विस्तारलाई सहजीकरण गर्न कक्षा ६-८ का विद्यार्थीहरुलाई टिफिन बक्स वितरण | संख्या | ० | ३ | ० | ० | ३०० | ३०० | ३०० | ९०० | | |
| | | | सफल व्यक्तित्व साक्षात्कार कार्यक्रम | संख्या | ० | २ | ५० | ० | ० | ५० | ० | १०० | | |

**प्रमुख कार्यक्रम तथा आयोजना** (शिक्षा, विज्ञान तथा नवप्रवर्तन)

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | हरेक तहको पाठ्यक्रममा नैतिक, जीवनोपयोगी सामाग्री तय गर्न परामर्श सेवा | संख्या | ० | ३ | ५० | ० | ० | ५० | ५० | १५० | | |
| | | | अपांगता विशेष कक्षा सञ्चालन | संख्या | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | |
| | | | अपांग तथा छात्रा मैत्री शौचालय निर्माण | संख्या | १ | ४ | ० | ५०० | ५०० | ५०० | ५०० | २००० | | |
| | | | छात्राहरूलाई निशुल्क स्यानिटरी प्याड वितरण | संख्या | १ | १ | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | | |
| | | २.१.२ | आधारभूत निःशुल्क शिक्षाका लागि जोखिममा परेका, अल्पसंख्यक, लोपोन्मुख, अपाङ्ग तथा सीमान्तकृत समुदायका बालबालिकाहरूलाई उचित शैक्षिक कार्यक्रम | संख्या | १ | १ | २०० | २०० | २०० | २०० | २०० | १००० | | |
| | | २.१.३ | नमूनाको रूपमा कम्तिमा एउटा आवासीय सुविधासहितको विद्यालय सञ्चालन | संख्या | ० | १ | १००० | २००० | ३००० | ० | ० | ६००० | | |
| ३ | ३.१ | ३.१.१ | विद्यालय भवन निर्माण : | संख्या | २३ | २ | ० | २००० | ० | २००० | ० | ४००० | | |
| | | | गाँउपालिका अध्यक्ष शैक्षिक सुधार कार्यक्रम | संख्या | १ | १ | १८० | १८० | १८० | १८० | १८० | ९०० | | |
| | | | पाठ्यपुस्तक तथा शैक्षिक सामग्री आपूर्ति संयन्त्र निर्माण | संख्या | १ | १ | ५० | ५० | ५० | ५० | ५० | २५० | | |
| | | ३.१.२ | विद्यार्थी व्यक्तिगत सूचना प्रणाली निर्माण | संख्या | १ | १ | ० | ० | ० | ० | ० | ० | | |
| | | | जनसंख्या तथा भौगोलिक अवस्थाको आधारमा विद्यालयको स्थान र संख्या निर्धारण | संख्या | ० | १ | २०० | ० | ० | ० | ० | २०० | | |
| | | ३.१.३ | गाउँपालिका स्तरिय शैक्षिक पात्रो निर्माण | संख्या | ० | ५ | १५० | १५० | १५० | १५० | १५० | ७५० | | |

**प्रमुख कार्यक्रम तथा आयोजना** (शिक्षा, विज्ञान तथा नवप्रवर्तन)

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रधानध्यापक शैक्षिक व्यवस्थापन तथा नेतृत्व विकास तालिम | संख्या | १ | ५ | १२० | १२० | १२० | १२० | १२० | ६०० | | |
| | | | प्रधानाध्यापकलाई कार्यसम्पादन सम्झौता अनुसार उपलब्धी मूल्याङ्कनका आधारमा पुरस्कार र नसिहत | संख्या | ० | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | | |
| | | ३.१.४ | विद्यालयहरुमा सुविधा सम्पन्न सूचा संचार प्रविधि (ICT) ल्याव स्थापना | संख्या | ० | ५ | ३६० | ३६० | ३६० | ३६० | ३६० | १८०० | | |
| | | ३.१.५ | सम्पूर्ण सामुदायिक विद्यालयहरूको वस्तुगत विवरण तयारी | संख्या | १ | ५ | ६० | ६० | ६० | ६० | ६० | ३०० | | |
| | | ३.१.६ | विद्यालयहरुमा ई-हाजिरी र सिसि क्यामेरा जडान | संख्या | १ | ५ | १८० | १८० | १८० | १८० | १८० | ९०० | | |
| | ३.२ | ३.२.१ | शिक्षण सिकाई उपलब्धी मापन ग्रेडीङ्ग प्रणाली निर्माण | संख्या | १ | ३ | १२० | १२० | १२० | १२० | १२० | ६०० | | |
| | | ३.२.३ | बालक्लब, इकोक्लब र बाल सहभागिता अभिवृद्धि | संख्या | १ | ५ | ६० | ६० | ६० | ६० | ६० | ३०० | | |
| | | | विशेष विज्ञानमा अभिरुची र क्षमता भएका विद्यार्थीलाई अभिमुखीकरण कार्यक्रम | संख्या | ० | ५ | १२० | १२० | १२० | १२० | १२० | ६०० | | |
| | | ३.२.४ | गाभ्नु पर्ने विद्यालयहरूको सम्भाव्यता अध्ययन | संख्या | ० | १ | ० | ३०० | ० | ० | ० | ३०० | | |
| ४ | ४.१ | ४.१.१ | कृषि अभ्यासका लागि नर्सरी, फलफूल, तरकारी खेती, जडिबुटी र मौरीपालनको व्यवहारिक ज्ञान समावेश गरी पठनपाठनका साथै र प्रयोगात्मक विद्यालय शिक्षा | संख्या | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | |

**प्रमुख कार्यक्रम तथा आयोजना** (शिक्षा, विज्ञान तथा नवप्रवर्तन)

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | | |
| | | | औपचारिक शिक्षा भन्दा वाहिर रही विज्ञान र प्रविधिमा विशेष क्षमता भएका व्यक्तिहरू पहिचान | संख्या | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | |
| | | ४.१.२ | माध्यमिक विद्यालयमा कृषि अभ्यास केन्द्र स्थापना गरी वेर्ना उत्पादन, फलफल तथा तरकारी खेती र मौरीपालन सम्बन्धमा व्यवहारिक ज्ञान तथा सीप विकास | संख्या | ० | ५ | १२० | १२० | १२० | १२० | १२० | ६०० | | |
| | | ४.१.३ | नयाँ शैक्षिकसत्र सुरु हुनु अगाडी विषयगत, समयानुकुल र तहगत तालिम र शैक्षिक सत्रको बीचमा पुर्नताजकी तालिम | संख्या | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | |
| | | ४.१.४ | वैकल्पिक शिक्षा पूर्वाधार निर्माण | संख्या | ० | ५ | ५०० | ५०० | २०० | २०० | २०० | १६०० | | |
| | | ४.१.५ | गाउँपालिकास्तरीय अतिरिक्त क्रियाकलाप संचालन गर्न आवश्यक बजेट विनियोजन | संख्या | १ | ५ | १२० | १२० | १२० | १२० | १२० | ६०० | | |
| | | | सेवा आयोग कक्षा संचालन | संख्या | १ | ५ | २४० | २४० | २४० | २४० | २४० | १२०० | | |
| | | | कृषि उद्यम विकास | संख्या | | | | | | | | ० | | |
| | | ४.१.६ | हरेक माध्यमिक स्तरको विद्यालयमा एक सुविधा सम्पन्न विज्ञान प्रयोगशाला निर्माण | संख्या | १ | १ | १५० | १५० | १५० | १५० | २०० | ८०० | | |
| | | | आधारभूत तह १-३ मा अंग्रेजी माध्यममा पठनपाठनका लागि पूर्वाधार विकास | संख्या | १ | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | |
| | | | नैतिकता, जीवनोपयोगी शीप, आत्मिक विकास, योग साधना अध्यापन गर्ने शिक्षक व्यवस्थापन | संख्या | १ | ३ | ० | ० | ५०० | ५०० | ५०० | १५०० | | |
| | | | विद्यालय स्तरीय पोषण शिक्षा कार्यक्रम | संख्या | १ | ५ | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | | |

**प्रमुख कार्यक्रम तथा आयोजना** (शिक्षा, विज्ञान तथा नवप्रवर्तन)

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | | |
| | | ४.१.७ | हरेक विद्यालयबाट विज्ञानमा विशेष रुची र क्षमता भएका विद्यार्थी पहिचान | संख्या | ० | ५ | १२० | १२० | १२० | १२० | १२० | ६०० | | |
| | | ४.१.८ | एक वडा एक नमूना विद्यालय कार्यक्रम | संख्या | ० | २ | ५०० | १००० | १००० | २००० | २००० | ६५०० | | |
| | | | बहुक्षेत्रिय शिप विकास तथा व्यवसायिक तालिम केन्द्र | संख्या | १ | ५ | १२० | १२० | १२० | १२० | १२० | ६०० | | |
| | | | एक विद्यालय एक सुविधासम्पन्न पुस्तकालयको स्थापना | संख्या | ३ | १२ | २०० | २०० | २०० | २०० | २०० | १००० | | |
| | | | पुस्तकालयमा पुस्तक खरीद | संख्या | १ | १ | २४० | २४० | २४० | २४० | २४० | १२०० | | |
| | | ४.१.९ | पढ्दै कमाउदै कार्यक्रम | संख्या | ० | ५ | १०० | १२० | १०० | ५० | ५० | ४२० | | |
| | | | स्थलगत अवलोकन तथा परियोजना कार्य संचालन | संख्या | १ | ५ | ८० | ८० | ८० | ८० | ८० | ४०० | | |
| | | | वृत्तचित्र तथा चलचित्र प्र्रदशनी व्यवस्थापन | संख्या | ० | २ | ० | ० | ५० | ५० | ० | १०० | | |
| | ४.२ | ४.२.१ | विद्यालयहरूको कम्तिमा वर्षको ३ पटक विद्यालय अनुगमन तथा निरीक्षण | संख्या | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | |
| | | | **ECD** विशेष शिक्षक शिक्षिका तालिम | संख्या | १ | ५ | १८० | १८० | १८० | १८० | १८० | ९०० | | |
| | | | निजी सामुदायिक विद्यालय अन्तरक्रिया कार्यक्रम | संख्या | १ | ५ | ३० | ३० | ३० | ३० | ३० | १५० | | |
| | | | उत्कृष्ट विद्यालय पुरस्कार कोष | संख्या | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | |
| | | ४.२.२ | स्थानीय तथा डिजिटल पाठ्य सामाग्रीको विकास | संख्या | ० | २ | ० | ३०० | ३०० | ० | ० | ६०० | | |
| | | ४.२.३ | पर्यटन, सूचना प्रविधि, इन्जिनियरिङ, कृषि तथा पशुसम्बन्धी प्राविधिक शिक्षामा थप छात्रबृत्ति | संख्या | २ | ५ | ५०० | ५०० | १००० | १००० | १००० | ४००० | | |

**प्रमुख कार्यक्रम तथा आयोजना** (शिक्षा, विज्ञान तथा नवप्रवर्तन)

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | | |
| | | ४.२.४ | विज्ञान र प्रविधि सम्बन्ध वैज्ञानिकहरूसँग साक्षात्कार कार्यक्रम | संख्या | ० | २ | ० | १२० | ० | १२० | ० | २४० | | |
| | | | गाउँपालिकामा भित्रिएका नविनतम प्रविधिहरूको अन्तर विद्यालय स्थलगत अवलोकन | संख्या | ० | ३ | १२० | १२० | ० | १२० | ० | ३६० | | |
| ५ | ५.१ | ५.१.१ | कृषि सम्बन्धी प्राविधिक शिक्षाको सुरुवात | संख्या | ० | ५ | १२० | १२० | १२० | १२० | १२० | ६०० | | |
| | | ५.१.२ | कृषि शिक्षा कार्यक्रम | संख्या | ० | ५ | १६० | १६० | १६० | १६० | १६० | ८०० | | |
| | | ५.१.३ | कृषि र दुग्ध पदार्थमा आधारित उत्पादन , प्याकिङ र स्टोरेज को लागि तालिम | संख्या | ० | ५ | २५० | १०० | १०० | १०० | १०० | ६५० | | |
| | | ५.१.४ | कृषकसँग कृषि विद्यार्थी कार्यक्रम | संख्या | ० | ५ | १२० | १२० | १२० | १२० | १२० | ६०० | | |
| जम्मा | | | | - | - | ३३७ | १५९१० | २००७० | १९४९० | २०१३० | १६२९० | ९१८९० | | |

## ५.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | |
| **प्रभाव** | गुणस्तरीय र प्रयोगात्मक शिक्षा मार्फत दक्ष, प्रतिस्पर्धी, क्षमतामूलक, सिर्जनशील, उत्पादनशील तथा सचेत मानव श्रोत विकास भएको हुने । | | | | | | | | | |
| **असर** | गुणस्तरीय शिक्षा तथा सीप विकासमा सबैको पहूँच सुनिश्चित गर्दै पूर्ण साक्षर गाउँपालिका हुने । | कुल साक्षरता | प्रतिशत | ७५.५३ | ७७ | ८० | ८२ | ८३ | ८५ | ८५ |
| | | युवा साक्षरता दर (१५ - २४ वर्ष) | प्रतिशत | ९८.२४ | १०० | १०० | १०० | १०० | १०० | १०० |
| | | शिक्षक विद्यार्थी अनुपात | अनुपात | १:१२ | १:१३ | १:१४ | १:१५ | १:१७ | १:२० | १:२० |
| **प्रतिफल १** | प्रारम्भिक, आधारभूत तथा विद्यालय शिक्षामा पहुँच र गुणस्तर तथा प्राविधिक एवं उच्च शिक्षामा लक्षित वर्ग र क्षेत्रको पहुँच वृद्धि भएको हुनेछ । | विद्यालय वाहिर रहेका (५-१५ वर्ष)बालबालिका | प्रतिशत | १.२८ | १.२७ | १.२० | १.१५ | १.१० | १.०५ | १.०५ |
| | | प्रारम्भिक बाल कक्षामा अध्ययनरत ४-५ वर्ष सम्मका बालबालिका | प्रतिशत | | | | | | | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | |
| | | बाल कक्षा/पूर्व प्राथमिक तहको अनुभवसहित कक्षा १ मा भर्ना दर | प्रतिशत | ८२ | ८३ | ८५ | ८७ | ८८ | ८९ | ८९ |
| | | उच्च शिक्षामा कुल भर्नादर | प्रतिशत | | | | | | | |
| | | आधारभूत तह (१ -८) मा खुद भर्नादर | प्रतिशत | ९२.५ | ९३ | ९४ | ९५ | ९६ | ९७ | ९७ |
| | | विद्यालय छाड्ने विद्यार्थीको दर - **Dropout Rate** | प्रतिशत | १५ | १० | ८ | ७ | ५ | ० | ० |
| | | प्राविधिक धारको विद्यालय संचालन | संख्या | ० | ० | १ | ० | १ | ० | २ |
| | | नमुना बाल विकास केन्द्र | संख्या | २३ | २३ | २३ | २३ | २५ | २५ | २५ |
| | | कक्षा ८ को उतिर्ण दर | प्रतिशत | २५ | ३० | ३५ | ४० | ४५ | ५५ | ५५ |
| | | कक्षा १० को उतिर्ण दर | प्रतिशत | ५७ | ६० | ६५ | ७० | ७५ | ८० | ८० |
| | | कक्षा १२ को उतिर्ण दर | प्रतिशत | ६२ | ६५ | ७० | ७४ | ७८ | ८३ | ८३ |
| | | बालमैत्री सिकाइ विधि अवलम्बल गर्ने विद्यालय | संख्या | ४६ | ४६ | ४६ | ४६ | ४६ | ४६ | ४६ |
| | | वालमैत्री आधारभूत पूर्वाधार र सुविधा (भवन, चर्पी, खानेपानी, खेलकुद मैदान, घेरावार, फर्निचर) उपलब्ध | संख्या | ४६ | ४६ | ४६ | ४६ | ४६ | ४६ | ४६ |
| | | छात्रवृत्ती पाउने विद्यार्थी संख्या | प्रतिशत | | | | | | | |
| | | वालक्लव गठन भएका विद्यालय | संख्या | २३ | २३ | २३ | २३ | २३ | २३ | २३ |
| | | व्यवस्थित विज्ञान प्रयोगशाला भएका | संख्या | ७ | १ | २ | २ | २ | १ | १४ |
| | | उच्च शिक्षामा अध्ययनरत विद्यार्थी | प्रतिशत | १५.९० | १६ | १७ | १७.५ | १८.५ | १९ | १९ |
| | | कम्प्युटर प्रयोगशाला भएका विद्यालय | संख्या | २ | २ | २ | २ | २ | २ | १२ |
| | | ईन्टरनेट तथा ई - शिक्षा सुविधा भएका विद्यालय | संख्या | १७ | १ | १ | १ | १ | २ | २३ |
| | | सामुदायिक सिकाइ केन्द्र | संख्या | ० | ३ | ० | ३ | ० | ० | ६ |
| | | प्रौढ शिक्षा | प्रतिशत | ० | ५ | ५ | ५ | ५ | ५ | २५ |
| | | शिक्षा गुरुयोजना | संख्या | ० | १ | ० | ० | ० | १ | २ |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | |
| | | कक्षामा सूचना प्रविधिमैत्री स्मार्ट बोर्ड | संख्या | १ | १ | १ | १ | १ | १ | ६ |
| | | ई-हाजिरी र सिसि क्यामेरा | संख्या | | | | | | | |
| | | छात्रावास विद्यालय | संख्या | ३ | १ | ० | १ | ० | १ | ३ |
| | | आवासीय विद्यालय ( सामुदायिक) | संख्या | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| | | जेहेन्दार छात्र/छात्रा छात्रवृत्ति कोष | संख्या | १ | ० | ० | ० | ० | ० | १ |
| | | विद्यालय खेलमैदान | संख्या | २३ | २३ | २३ | २३ | २३ | २३ | २३ |
| | | उत्कृष्ट शिक्षक पुरस्कार | संख्या | १ | १ | १ | १ | २ | २ | २ |
| | | निशुल्क स्यानिटरी प्याड | छ, छैन | छ, | छ, | | | | | |
| | | सेवा आयोग कक्षा | संख्या | ० | १ | १ | १ | १ | १ | ५ |
| | | सुविधासम्पन्न पुस्तकालय | प्रतिशत | ५५ | ६० | ६५ | ७० | ७५ | ८० | ८० |
| | | विद्यालय अनुगमन तथा निरीक्षण | संख्या | १ | १ | १ | १ | १ | १ | ५ |
| | | उत्कृष्ट विद्यालय पुरस्कार | संख्या | ० | १ | १ | १ | १ | १ | ५ |
| | | शैक्षिक तालिम | संख्या | १ | १ | १ | १ | १ | १ | ५ |
| | | कृषकसँग कृषि विद्यार्थी कार्यक्रम | संख्या | ० | २ | २ | २ | २ | २ | १० |
| **पुष्टयाईको आधार** | | –गाउँपालिकाको वार्षिक प्रतिवेदन<br>–गाउँपालिकाको पार्श्वचित्र ,<br>–वार्षिक नीति तथा कार्यक्रम<br>–सम्वन्धित शाखाको प्रतिवेदन, **EMIS** | | | | | | | | |
| **अनुमान तथा जोखिम पक्ष** | | –शैक्षिक वातावरणमा सुधार भएको हुने,<br>–शिक्षामा लगानी वृद्धि र अनुगमन तथा नीरिक्षण थप प्रभावकारी भएको हुने<br>–सामुदायिक विद्यालयह रूमा शैक्षिक गुणस्तरमा सुधार भएको हुने | | | | | | | | |

## ५.३ खानेपानी तथा सरसफाई

### ५.३.१ पृष्ठभूमि

सफा सुन्दर र स्वच्छ गाउँपालिका सभ्यताको प्रमुख परिचायक हो भने स्वस्थ जीवन जिउन वरपरको जनजीवन र सेरोफेरो सफा हुनु जरुरी छ । नेपालको संविधान २०७२ धारा (३५), उपधारा (४) ले खानेपानी तथा सरसफाई सुविधालाई नागरिकको मौलिक हकको रुपमा व्याख्या गरेको हुनाले स्वस्थ नागरिक उत्पादनमा योगदान पुऱ्याउन गुणस्तरीय खानेपानी र सरसफाईको क्षेत्रलाई उच्च प्राथमिकतामा राखी थप खानेपानी आयोजनाहरू निर्माण गर्नुपर्ने साथै वैज्ञानिक विधिहरूको प्रयोग गरी फोहोरमैला व्यवस्थापन गर्नुपर्ने आवश्यकता रहेको छ ।

दिगो विकास लक्ष्य (६) मा *सबैका लागि स्वच्छ पानी र सरसफाईको उपलब्धता तथा दिगो व्यवस्थापन सुनिश्चित गर्न,* स्वच्छ खानेपानी र सरसफाईलाई एक महत्वपूर्ण लक्ष्य सूचकको रूपमा व्यवस्था गरिएको छ भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय खानेपानी व्यवस्थापन गर्ने, त्यसका लागि नीति, कानुन, मापदण्ड तथा योजना कार्यान्वयन, नियमन गर्ने, महसुल निर्धारण गर्ने जस्ता जिम्मेवारीहरू स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ । गाउँपालिका प्रचुर जलाधारयुक्त, पानीको पर्याप्त स्रोत उपलब्ध भएको अवस्थामा पनि भौगोलिक बिकटता, प्राविधिक अध्ययनको कमी, लागतको समस्या एवम् छरिएको वस्ती भएको कारणले खानेपानीको सहज पहुँच भएको अवस्था छैन भने सरसफाईको लागि समेत पानीको प्रचुरता आवश्यक पर्ने सन्दर्भमा पूर्ण सरसफाईमा समस्या देखिनु स्वभाविक नै हो । पिउने पानीका स्रोतहरूमा मुल, धारा, खोला र पाइपबाट वितरण गरिएको छ । गाउँपालिकामा २६११ कुल परिवार सख्या मध्ये अधिकांश घर परिवार (९४.६४ %) प्रतिशत परिवारले पाइप/धारा को खानेपानी प्रयोग गर्दै आइरहेका छन् । जनअपेक्षा अनुसार खानेपानी सेवालाई सुरक्षित, भरपर्दो र दिगो बनाउन अझैं सकिएको अवस्था छैन । गाउँपालिकाले एक घर एक धाराको नीति समेत लिएको छ र पाइप धाराको विस्तार समेत भइरहेको छ । यो अभियानलाई प्रत्येक टोल र वार्डहरूमा विस्तार गर्दै जनचेतना अभिवृद्धि गर्ने कार्यलाई तीव्रता दिइरहेको छ ।

सरसफाईतर्फ हालका बर्षहरूमा उल्लेख्य प्रगति भई ९५.४४ प्रतिशत घरधुरीले आधारभूत स्तरको सरसफाई सेवा उपभोग गरेको अवस्था छ । यसबाट बाल मृत्युदर कम गर्न तथा सरदर आयु वृद्धि गर्न सहयोग पुगेको, नागरिकको समग्र स्वास्थ्य स्थितिमा सुधार भई उत्पादनशील समयमा वृद्धि भएको तथा सामाजिक रहन सहन र बालबालिकाको विद्यालय उपस्थितिको दरमा समेत अनुकूल सुधार गर्न योगदान पुगेको छ । फोहोरमैला व्यवस्थापनमा पनि पछिल्ला प्रयास र उपलव्धि उल्लेखनीय छन् । फोहोरमैला जथाभावी फालिने समस्याले प्राकृतिक खोला तथा खोल्सीहरु दिनानुदिन प्रदुषित भईरहेको अवस्था छ ।

गुणस्तरीय खानेपानी र सरसफाईको क्षेत्रलाई उच्च प्राथमिकतामा राखी थप खानेपानी आयोजनाहरू निर्माण गरी स्वस्थ नागरिक उत्पादनमा योगदान पुऱ्याउदै वैज्ञानिक विधिहरूको प्रयोगद्वारा फोहोरमैला व्यवस्थापन गर्नुपर्ने आवश्यकता रहेको छ । केहि खानेपानी आयोजना निर्माणाधीन छन् । यद्यपि हाल चालु रहेका आयोजनाहरूले सबै समुदायमा पर्याप्त खानेपानीको आपूर्ति गर्न सकिरहेका छैनन् । गाउँपालिकामा अझै पनि स्वच्छ र पर्याप्त पिउने पानीको अवस्था कमजोर रहनुले पानीजन्य रोगहरू जस्तै टाइफाइड, झाडापखाला, आउँ जस्ता रोगहरूको संक्रमण हुन सक्ने सम्भावना रहेको छ । यहाँ रहेका ठुला खानेपानी योजनाको पर्याप्तता नभएकोले विभिन्न वडा क्षेत्रहरूमा अझै पनि खानेपानिको समस्या रहेको पाइन्छ । सबै घरधुरीले स्वच्छ पिउने पानीको उपभोग गर्न पाउने अवस्था सिर्जना गर्न गाउँपालिकाले विशेष कार्यक्रमहरू योजनाबद्ध रूपमा ल्याउनुपर्ने छ ।

### ५.३.२ समस्या तथा चुनौती

| | समस्याहरु | चुनौती तथा जोखिमहरू |
|---|---|---|
| **खानेपानी तथा सरसफाई** | • खानेपानी तथा सरसफाई सुविधामा बढोत्तरीका बावजुद स्वच्छ पानीको उपलब्धता र खानेपानी प्रणाली व्यवस्थित हुन नसक्नु,<br>• पानी शुद्धिकरण गर्ने सामग्रीको सहज पहुँच नहुनु, | • गाउँपालिकाका उच्च पहाडी भूभागमा रहेका वस्तीहरूमा पानीको स्रोतको अभावमा सुविधा विस्तार गर्न, |

| | समस्याहरु | चुनौती तथा जोखिमहरू |
|---|---|---|
| | • खुला दिशा मुक्त क्षेत्र घोषणा भएता पनि यसको पूर्ण कार्यान्वयनमा कमी रहेको,<br>• सार्वजनिक सौचालयको व्यवस्था नहुँदा पूर्ण सरसफाई कायम राख्न कठिनाई,<br>• सञ्चालित खानेपानी आयोजनाको नियमित मर्मतसंभार र दिगोपनाको कमी रहेका कारण पुनःनयाँ निर्माण गर्नुपर्ने,<br>• फोहोर जलाउने जस्ता वातावरणीय दृष्टिकोणले गलत अभ्यास कायम,<br>• खाद्यान्न लगायत बजारका रेडिमेट सरसमानको प्रयोगको वृद्धिसँगै प्लास्टिक तथा सिसाजन्य फोहोरमा वृद्धि हुँदै गएको,<br>• खानेपानीको गुणस्तर मापन नहुनु,<br>• पानीका उपलब्ध प्रमुख स्रोतहरूको वैज्ञानिक हिसावले संरक्षण र व्यवस्थापन गर्न नसकिएको,<br>• वैज्ञानिकरुपमा फोहोरमैला व्यवस्थापन हुन नसकेको,<br>• कच्ची सडकका कारण धुलोले गर्दा वायु प्रदूषण हुने गरेको,<br>• स्वच्छ खानेपानी, शौचालय तथा सरसफाई सम्बन्धी पूर्वाधारको कमी,<br>• सडक र मार्गमा नालीको व्यवस्था नभएको,<br>• परम्परागत खाना पकाउने विधिले गर्दा घरभित्रको धुवाँ प्रमुख समस्याको रूपमा रहेको | • संस्थागत तहमा तथा घरपरिवारमा कुहिने र नकुहिने फोहोर वर्गीकरण गरी कुहिने फोहोरबाट कम्पोष्ट मल र नकुहिने फोहोरको पुनःप्रयोग तथा विसर्जन गर्ने प्रविधि विस्तार र हस्तान्तरण र ल्याण्डफिल साइट व्यवस्था गर्न,<br>• प्लाष्टिक तथा सिसाजन्य फोहोर स्वास्थ्य संस्थाबाट बिसर्जन हुने खतराजन्य फोहोर व्यवस्थापन गर्न,<br>• भू-बनोट र भौगोलिक जटिलताले पूर्ण सरसफाई र व्यवस्थित ढल निकासको व्यवस्थापन गर्न,<br>• योजना मर्मत सम्भार तथा दिगो व्यवस्थापनको लागि उच्चस्तरको जनशक्ति नभएकोले आयोजनामा प्राविधिक अवरोध भएमा अरुको भर पर्नु पर्ने,<br>• पहाडी भूभाग, भिरालो जमिन र एकिकृत वस्ती नभएकोले खानेपानीको धारा हरेक घरधुरीमा पुऱ्याउन कठिनाई,<br>• उपभोक्ता समितिको क्षमता अभिवृद्धि गरि गुणस्तरीय खानेपानी स्वच्छता र सरसफाई सुनिश्चित गर्न,<br>• पिउने पानी तथा सरसफाईको उचित व्यवस्थापन नहुँदा विभिन्न सरुवा रोगको संक्रमण हुन सक्ने,<br>• खानेपानीका मुहान सुक्ने र पानीको अभाव हुने सम्भावना, |

## ५.३.३ सम्भावना तथा अवसर

| | सबल पक्षहरू | सम्भावना र अवसरहरू |
|---|---|---|
| **खानेपानी तथा सरसफाई** | • पानीको मुहान पर्याप्त रहेको,<br>• गाउँपालिकाले राखेको लक्ष अनुसार एक घर एक धाराको अवधारणा, सोच कार्यान्वयन सहितका जनप्रतिनिधि,<br>• अधिकांश घर परिवार ( ९४.६४ %) प्रतिशत परिवारले पाइप / धारा को खानेपानी प्रयोग गर्दै आइरहेका,<br>• प्रत्येक घरमा धाराको पानी र शौचालय बनाउने अभियानको रुपमा रहेको,<br>• नागरिकहरू व्यक्तिगत सरसफाईमा सचेतना हुँदै गएको,<br>• पूर्ण सरसफाईयुक्त गाउँपालिका घोषणा गर्ने नीति, | • खानेपानी स्वच्छता तथा सरसफाई गुरुयोजना बनाई खानेपानीको विकास तथा व्यवस्थापन गर्न सकिने,<br>• गाउँपालिका क्षेत्रमा रहेका खानेपानीको थप स्रोतहरूको पहिचान तथा उपयोग गरी खानेपानीको योजनाहरू सम्पन्न गर्न सकिने,<br>• आधारभूत खानेपानी तथा सरसफाई क्षेत्रमा निजी तथा अन्तर्राष्ट्रिय क्षेत्रको लगानी साझेदारीमा काम गर्न सकिने,<br>• आयोजनाको छनोट, व्यवस्थापन र सञ्चालनमा उपभोक्ता तथा समुदायको स्वामित्व कायम गर्न सकिने,<br>• फोहोरमैलाको दिगो व्यवस्थापनमा निजी क्षेत्रको समेत सहभागिता बढाउन सकिने,<br>• खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी जनचेतना अभिवृद्धि गरि खान योग्य पानीको आपुर्ती गर्न सकिने,<br>• उच्च पहाडी क्षेत्रमा लिफ्टिङ खानेपानी योजना सञ्चालन गर्न सकिने,<br>• पानीका स्रोतहरु मूल, खोलालाई संरक्षण गरी **Mineral Water** को उद्योग बनाई बिक्रि गर्न सकिने,<br>• **Dumping Site** को व्यवस्था गरी फोहोरमैला व्यवस्थापन गर्न सकिने ,<br>• व्यक्तिगत र सामुदायिक सरसफाईलाई जोड दिँदै टोल वस्ती वडा स्तरीय सरसफाई व्यवस्थापन समिति बनाउन सकिने, |

## ५.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**सोच**

सर्वसुलभ तथा शुद्ध पिउने पानीको उपलब्धता, स्वस्थ जीवनको आधार

**लक्ष्य**

स्वच्छ, सफा, सुरक्षित खानेपानीको वितरण तथा सरसफाईको प्रभावकारी व्यवस्थापन गर्ने

**उद्देश्यहरु**

१. आधारभूत स्वच्छ र गुणस्तरयुक्त खानेपानी सुविधा र सरसफाई सुविधा शतप्रतिशत घर परिवारमा पुऱ्याउनु ।
२. पुर्ण सरसफाई उन्मुख गाउँपालिका बनाउने ।

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| उद्देश्य १: आधारभूत स्वच्छ र गुणस्तरयुक्त खानेपानी सुविधा र सरसफाई सुविधा शतप्रतिशत घर परिवारमा पुर्याउनु । | | | |
| १.१. | आधारभूत खानेपानी सुविधा नपुगेका घरपरिवारमा खानेपानी सुविधा विस्तारका लागि प्राथमिकता दिने । | १.१.१ | आधारभूत खानेपानी तथा सरसफाई सेवाबाट वञ्चित घरपरिवारको पहिचान र नक्साङ्कन गरिनेछ । |
| | | १.१.२ | विद्यमान खानेपानीका संरचनाको क्षमता मूल्याङ्कन गरिनेछ । |
| | | १.१.३ | एक घर एक धारा अभियानलाई निरन्तरता दिईनेछ । |
| | | १.१.४ | संम्भाव्य खानेपानी आयोजनाको सम्भाव्यता अध्ययन गरिने छ । |
| | | १.१.५ | उच्च पहाडी क्षेत्रमा लिफ्टिङ खानेपानी योजना सञ्चालन सम्भाव्यता अध्ययन गरिनेछ । |
| | | १.१.६ | क्षति भएका र पुराना पाईपलाईनको नियमित मर्मत सम्भारको व्यवस्था मिलाइनेछ । |
| | | १.१.७ | वडास्तरीय खानेपानी योजनालाई निरन्तरता दिईने छ । |
| | | १.१.८ | खानेपानीको उपभोगको मात्रा अनुसार महशुल उठाई निर्माण, मर्मत सम्भार तथा व्यवस्थापन कोषको व्यवस्था गरिने छ । |
| | | १.१.९ | विद्यमान खानेपानी आयोजनाको निरन्तरता, संरक्षण र मर्मतसंभारको व्यवस्था गरिनेछ । |
| | | १.१.१० | आवश्यकता अनुसार पानी शुद्धीकरण प्रक्रियाको लागि संरचना निर्माण गरिनेछ । |
| | | १.१.११ | १००% घरधुरीमा समेट्नको लागि प्रदेश सरकार, खानेपानी डिभिजन तथा अन्य सरोकार पक्षसँग समन्वय गरिनेछ । |
| | | १.१.१२ | खानेपानीको रेखदेख, अनुगमन र सञ्चालनको लागि आवश्यकता अनुसारको जनशक्तिको व्यवस्था गरिनेछ । |
| | | १.१.१३ | स्वच्छ तथा सुरक्षित खानेपानी उपलब्ध गराउन खानेपानीको गुणस्तर परीक्षण लागि आवश्यक प्रबन्ध मिलाइनेछ । |
| | | १.१.१४ | सुख्खा क्षेत्रमा कृत्रिम पोखरी निर्माण गरी अन्य प्रयोजनको पानीको आपूर्तिलाई सहज बनाईनेछ । |
| १.२ | खानेपानीका मुहान तथा स्रोतहरूको संरक्षण तथा संवर्द्धन गर्ने । | १.२.१ | खानेपानीका मुहान, स्रोत तथा जलाधार क्षेत्रको संरक्षण र दिगो व्यवस्थापन गर्ने व्यवस्था गरिनेछ । |
| | | १.२.२ | खानेपानीको मुहान सफा र स्वच्छ राख्न स्थानीय उपभोक्ता समितिलाई थप प्रभावकारी ढंगले परिचालन गरिनेछ । |
| | | १.२.३ | स्वच्छ र गुणस्तरीय खानेपानी वितरणको लागि संकलन ट्याङ्की तथा वितरण पाईपहरूको नियमित सरसफाई, मर्मत तथा आवश्यक व्यवस्थापन गरिनेछ । |
| | | १.२.४ | पानीका स्रोतहरु मूल, खोलालाई संरक्षण गरी **Mineral Water** को उद्योग सञ्चालन निति तथा कार्यविधि तयार गरी कार्यन्वन गरिनेछ । |
| उद्देश्य २: पुर्ण सरसफाई उन्मुख गाउँपालिका बनाउने । | | | |
| २.१ | हरेक घरपरिवारमा आधारभूत शौचालय तथा सरसफाई सुविधाको व्यवस्था गर्ने । | २.१.१ | प्रत्येक घरमा अनिवार्य शौचालयको प्रावधान लागू गरी शौचालय नभएका विपन्न घरपरिवारमा शौचालय निर्माणका लागि प्रोत्साहन गर्न मापदण्डका आधारमा निश्चित प्रतिशत अनुदान दिइनेछ । |
| | | २.१.२. | घर घरबाट निस्कने फोहोरलाई वर्गीकरण गरी कुहिने फोहोरलाई कम्पोष्ट मलमा परिणत गर्न समुदायलाई विषेश तालिम सञ्चालन गरिनेछ । |
| | | २.१.३ | सबै घरपरिवारमा व्यवस्थित शौचालय, स्वच्छ खानेपानी र व्यक्तिगत सरसफाईका अभ्यासलाई प्रभावकारी गराइनेछ । |
| | | २.१.४ | स्वास्थ्य आहारविहार र पूर्ण सरसफाईका लागि व्यक्तिगत बानी र व्यवहारमा परिवर्तन सम्बन्धी सचेतना प्रदान गरिनेछ । |

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| | | २.१.५ | फोहोरमैला संकलन र व्यवस्थापनलाई प्रभावकारी बनाउन **Public Private Partnership** अन्तरगत सम्बन्धी सरोकार पक्षसँग समन्वय गरिने छ । |
| | | २.१.६ | खानेपानी तथा फोहोरमैला व्यवस्थापनका लागि खानेपानी तथा सरसफाई उपभोक्ता समिति सक्रिय बनाईनेछ । |
| | | २.१.७ | हरेक घरधुरीमा डस्टबीन तथा कम्पोष्टबीन उपलब्ध गराई वितरण कुहिने र नकुहिने फोहोरको वर्गीकरण गरिनेछ । |
| | | २.१.८ | समुदायका केही सार्वजनिक ठाउँहरूमा अपाङ्गमैत्री, बालमैत्री शौचालयको निर्माण गरिनेछ । |
| **२.२** | सार्वजनिक स्थल तथा बजार क्षेत्र, वातावरणीय स्वच्छता र सरसफाई प्रभावकारी बनाउने । | २.२.१ | प्रत्येक सार्वजनिक स्थल, विद्यालय, सामुदायिक भवन, स्वाथ्य चौकी, बजार केन्द्र जस्ता क्षेत्रहरूमा सार्वजनिक शौचालयको व्यवस्था गरी समुदायलाई सञ्चालनको जिम्मेवारी दिइनेछ । |
| | | २.२.२ | मुख्य बजार,गाउँ क्षेत्रका र सडक वरपर नियमित सफाई गरिने छ । |
| | | २.२.३ | पानीको मुहान वरपर फोहोर गर्नेलाई जरिवाना गरिने छ साथै नदीनाला, तथा तालतलैयाको पर्यावरणीय स्वच्छता कायम गरिनेछ । |
| | | २.२.४ | स्थानीय सञ्चारमाध्यमको सहयोगमा सरसफाई सम्बन्धी नियमित जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । |
| | | २.२.५ | ४० माइक्रोन भन्दा पातलो प्लास्टिकको प्रयोगलाई बर्जित गरि वैकल्पिक झोलाको प्रयोगलाई प्रोत्साहन गरिनेछ । |
| | | २.२.६ | कपडा झोला प्रवर्धन गरी प्लाष्टिकजन्य झोलाको प्रयोगलाई विस्थापन गर्दै लगिनेछ । |
| | | २.२.७ | घरघरमा निस्कने फोहोरलाई कम गर्न, फोहोरलाई वर्गिकरण गर्न, कम्पोस्ट मल बनाउन र पुर्नप्रयोग गर्न प्रेरित गर्नका लागि जनस्तरमा नियमित जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । |
| | | २.२.८ | प्रदूषणको न्यूनीकरणका लागि **3R (Reuse, Recycle, Reduce)** प्रक्रियाबाट फोहोरमैला व्यवस्थापन गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ । |
| | | २.२.९ | हरेक घरको भान्साबाट निस्कने फोहोरलाई घरभित्रै व्यवस्थापन गर्न सामुदायिक संस्थाहरु, आमा समूहहरु, टोल विकास संस्था, निजी साझेदारी अवधारणा अनुसार कार्यक्रम सञ्चालन गरिनेछ । |
| | | २.२.९ | फोहोरमैला सङ्कलन र व्यवस्थापनको लागि सामूहिक कोषको व्यवस्था गरी फोहोरमैला व्यवस्थापन कार्यलाई दिगो बनाइनेछ । |
| | | २.२.१० | समुदायका फोहोरमैलालाई जम्मा गर्ने, प्रशोधन गर्ने र डिस्पोज गर्ने पूर्वाधारहरू बनाइनेछ । |
| | | २.२.११ | प्रत्येक घनावस्ती, बजार र बजारोन्मुख ठाउँहरूमा डम्पिङ साइटको व्यवस्था गरी फोहोरमैला व्यवस्थापन गरिनेछ । |

**प्रमुख कार्यक्रम तथा आयोजना** (खानेपानी तथा सरसफाई)

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १.१ | १.१.१ | आधारभूत खानेपानी तथा सरसफाई सेवा घरपरिवारको पहिचान र नक्साङ्कन | संख्या | ० | १ | ० | ३०० | ० | ० | ० | ३०० | | |
| | | १.१.२ | विद्यमान खानेपानीका संरचनाको क्षमता मूल्याङ्कन | संख्या | ० | १ | ० | २५० | ० | ० | ० | २५० | | |
| | | १.१.३ | एक घर एक धारा अभियानलाई निरन्तरता | संख्या | १ | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | |
| | | १.१.४ | संम्भाव्य खानेपानी आयोजनाको सम्भाव्यता अध्ययन | संख्या | ० | १ | ० | ४०० | ० | ० | ० | ४०० | | |
| | | १.१.५ | उच्च पहाडी क्षेत्रमा लिफ्टिङ खानेपानी योजना सञ्चालन सम्भाव्यता अध्ययन | संख्या | ० | १ | ० | ० | ५०० | ० | ० | ५०० | | |
| | | १.१.६ | क्षति भएका र पुराना पाईपलाईनको नियमित मर्मत सम्भार | संख्या | ० | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | | |
| | | | खानेपानी आपूर्ति पाइप लाईन विस्तार | संख्या | १ | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | | |
| | | १.१.७ | खानेपानी मुहान क्षेत्र पहिचान तथा विवरण संकलन | संख्या | १ | २ | १०० | ० | ० | ० | १०० | २०० | | |
| | | १.१.८ | खानेपानी निर्माण, मर्मत सम्भार तथा व्यवस्थापन कोष | संख्या | ० | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | |
| | | १.१.९ | खानेपानी, सरसफाई तथा मुहान संरक्षण कोष निर्माण | संख्या | ० | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | | |
| | | १.१.१० | वडास्तरीय बिद्यमान खानेपानी योजना शुद्धिकरण | संख्या | १ | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | |
| | | | खानेपानी प्रशोधन तथा वितरण प्रणाली निर्माण : | संख्या | १ | ५ | ३०० | ३०० | २०० | १०० | १०० | १००० | | |
| | | १.१.११ | खानेपानी आपूर्ति व्यवस्थापन कोष तथा अनुगमन संयन्त्र निर्माण | संख्या | ० | ३ | ३०० | ० | ३०० | ० | ३०० | ९०० | | |
| | | १.१.१२ | खानेपानीको रेखदेख, अनुगमन र सञ्चालनकोलागि आवश्यकता अनुसारको जनशक्तिको व्यवस्था | संख्या | ० | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | | |

**प्रमुख कार्यक्रम तथा आयोजना** (खानेपानी तथा सरसफाई)

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १.१.१३ | खानेपानीको गुणस्तर परीक्षण | संख्या | १ | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | | |
| | | १.१.१४ | सुख्खा क्षेत्रमा कृत्रिम पोखरी निर्माण | संख्या | ० | ५ | १६० | १६० | १६० | १६० | १६० | ८०० | | |
| | १.२ | १.२.१ | खानेपानीका मुहान, स्रोत तथा जलाधार क्षेत्रको संरक्षण | संख्या | १ | ५ | १२० | १२० | १२० | १२० | १२० | ६०० | | |
| | | १.२.२ | खानेपानी उपभोक्ता समितिमार्फत सेवा सञ्चालन तथा अध्ययन भ्रमणको लागि कार्ययोजना तयार | संख्या | ० | १ | ० | ५० | ० | ० | ० | ५० | | |
| | | १.२.३ | स्वच्छ र गुणस्तरीय खानेपानी वितरणको लागि संकलन ट्याङ्की तथा वितरण पाईपहरूको नियमित सरसफाई, मर्मत | संख्या | ० | ५ | २५० | २५० | २५० | १८० | १८० | १११० | | |
| | | १.२.४ | पानीका स्रोतहरु मूल, खोलालाई संरक्षण गरी **Mineral Water** को उद्योग सञ्चालन निति तथा कार्यविधि तयार | संख्या | ० | १ | ० | ० | ० | १२० | ० | १२० | | |
| २ | २.१ | २.१.१ | प्रत्येक घरमा अनिवार्य शौचालयको प्रावधान लागू गरी शौचालय नभएका विपन्न घरपरिवारमा शौचालय निर्माणका लागि प्रोत्साहन | संख्या | ० | १ | १०० | ८० | ५० | ० | ० | २३० | | |
| | | | शौचालय निर्माण गर्न अनुदान | संख्या | ० | १ | ८० | ५० | ० | ० | ० | १३० | | |
| | | २.१.२ | घर घरबाट निस्कने फोहोरलाई वर्गीकरण गरी कुहिने फोहोरलाई कम्पोष्ट मलमा परिणत गर्न समुदायलाई विशेष तालिम | संख्या | १ | १ | ० | ५० | ० | ० | ० | ५० | | |
| | | २.१.३ | सबै घरपरिवारमा व्यवस्थित शौचालय, स्वच्छ खानेपानी र व्यक्तिगत सरसफाईका अभ्यास | संख्या | १ | ५ | १८० | १८० | १८० | १८० | १५० | ८७० | | |
| | | २.१.४ | स्वास्थ्य आहारविहार र पूर्ण सरसफाईका लागि व्यक्तिगत बानी र व्यवहारमा परिवर्तन सम्बन्धी सचेतन | संख्या | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | |

**प्रमुख कार्यक्रम तथा आयोजना** (खानेपानी तथा सरसफाई)

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | | |
| | | २.१.५ | विभिन्न संघ संस्थासंग समन्वय गरी सामुदायिक स्तरमा प्रत्येक हप्ताको शनिबार सरसफाई कार्यक्रम सञ्चालन | संख्या | ० | ५ | ६० | ५० | ५० | ५० | ५० | २६० | | |
| | | २.१.६ | खानेपानी तथा फोहोरमैला व्यवस्थापनका लागि खानेपानी तथा सरसफाई उपभोक्ता समिति गठन | संख्या | १ | १ | ५० | ५० | ५० | ५० | ५० | २५० | | |
| | | २.१.७ | हरेक घरधुरीमा डस्टबीन तथा कम्पोष्टबीन उपलब्ध गराई वितरण कुहिने र नकुहिने फोहोरको वर्गीकरण | संख्या | १ | ५ | ८० | ८० | ८० | ८० | ८० | ४०० | | |
| | | २.१.८ | सार्वजनिक ठाउँहरूमा अपाङ्गमैत्री, बालमैत्री शौचालयको निर्माण | संख्या | १ | ५ | १५० | १५० | १५० | १५० | १५० | ७५० | | |
| | २.२ | २.२.१ | सार्वजनिक स्थल तथा बजार केन्द्र पहिचान गरी शौचालय निर्माण | संख्या | ० | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | | |
| | | २.२.२ | मुख्य बजार,गाउँ क्षेत्रका र सडक वरपर नियमित सफाई | संख्या | ० | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | | |
| | | | फोहोर व्यवस्थापनका लागि टोल विकास संस्था र नीजि क्षेत्र संग सहकार्यका लागि कार्ययोजना निर्माण | संख्या | १ | ५ | ३० | ३० | ३० | ३० | ३० | १५० | | |
| | | | सार्वजनिक स्थल तथा बजार केन्द्र पहिचान गरी फोहोर फ्याक्ने डस्टविन तथा कन्टेनरको व्यवस्था | संख्या | १ | ५ | ६० | ६० | ६० | ६० | ६० | ३०० | | |
| | | २.२.३ | सरसफाई कर्मचारीको व्यवस्था | संख्या | ० | ५ | १०० | १०० | १०० | १२० | १२० | ५४० | | |
| | | २.२.४ | स्थानीय सञ्चार माध्यममा सरसफाई सम्बन्धी जनचेतनामुलक कार्यक्रम प्रसारण । | संख्या | ० | ३ | ५० | ५० | ५० | ० | ० | १५० | | |
| | | २.२.५ | ४० माइक्रोन भन्दा पातलो प्लास्टिकको प्रयोगलाई बर्जित गरि वैकल्पिक झोलाको प्रयोगलाई प्रोत्साहन | संख्या | ० | २ | ० | ५० | ० | ५० | ० | १०० | | |

**प्रमुख कार्यक्रम तथा आयोजना** (खानेपानी तथा सरसफाई)

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | | |
| | | २.२.६ | कपडा झोला प्रवर्धन | संख्या | १ | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | | |
| | | २.२.७ | वडास्तरमा सरसफाईमा उत्कृष्ट एक नमूना विद्यालय तथा घरलाई पुरस्कार | संख्या | ० | ५ | १५० | १५० | १५० | १५० | १५० | ७५० | | |
| | | २.२.८ | फोहोर पुर्नप्रयोग गर्न तालिम | संख्या | १ | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | | |
| | | २.२.९ | फोहोर व्यवस्थापनका लागि टोल विकास संस्था र नीजि क्षेत्र संग सहकार्यका लागि कार्ययोजना निर्माण | संख्या | ० | १ | ० | ८० | ० | ० | ० | ८० | | |
| | | २.२.१० | गाउँपालिकाद्वारा सम्भाव्य स्थानमा ल्यान्डफिल साइटको निर्माण | संख्या | ० | १ | ० | ० | २०० | १००० | ० | १२०० | | |
| | | | सघन वस्ती क्षेत्रमा ढल निर्माण | संख्या | १ | ३ | ३०० | १००० | १००० | १००० | १००० | ४३०० | | |
| | | २.२.११ | घनावस्ती, बजार र बजारोन्मुख ठाउँहरूमा डम्पिङ साइटको व्यवस्था | संख्या | ० | १ | ० | ० | ३०० | ० | ० | ३०० | | |
| जम्मा | | | | - | - | १५१ | ५९७० | ७३९० | ७३३० | ६९५० | ६१५० | ३३७९० | | |

## ५.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | |
| प्रभाव | सर्वसुलभ तथा शुद्ध पिउने पानीको उपलब्धता तथा पूर्ण सरसफाई भएको हुने । | | | | | | | | | |
| असर | गाउँपालिकाभित्रका सबै नागरिकलाई गुणस्तरीय तथा सफा, स्वच्छ र सुरक्षित खानेपानीको ( एकघर एक धारा) र सरसफाई सेवा पुऱ्याउने । | सुधारिएको सरसफाई सुविधा प्राप्त गर्ने परिवार | प्रतिशत | ९५.४४ | ९६ | ९७ | ९८ | ९९ | १०० | १०० |
| | | आधारभूत खानेपानी सुविधा पुगेको परिवार, पाईपद्वारा | प्रतिशत | ९४.६४ | ९५ | ९६ | ९८ | ९९ | १०० | १०० |
| | | सक्रिय खानेपानी र सरसफाई उपभोक्ता समिति | संख्या | २१ | २५ | २७ | २८ | २९ | ३० | ३० |
| प्रतिफल | खानेपानी तथा सरसफाई सेवा सुविधाको उपलब्धता र गुणस्तरमा वृद्धि भएको हुनेछ । | खानेपानी योजनाहरू | संख्या | २७ | २ | २ | २ | २ | २ | ३७ |
| | | खानेपानीको मूहान संरक्षण | संख्या | २७ | २ | २ | २ | २ | २ | ३७ |
| | | साधारण शौचालय भएको परिवार | प्रतिशत | २१.३७ | २० | १८ | १७ | १५ | १२ | १२ |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | |
| | | स्वच्छ (प्यान भएको) शौचालय भएका घरधुरी | प्रतिशत | ७४.०७ | ७५ | ७७ | ७९ | ८१ | ८४ | ८४ |
| | | सार्वजनिक शौचालय | संख्या | १२ | २ | २ | २ | २ | २ | २२ |
| | | फोहोरमैला बिसर्जन केन्द्र | संख्या | ० | ० | ० | ० | १ | ० | १ |
| | | lpcd | लि.पर हेड | ३५ | ४० | ४५ | ५० | ५५ | ६० | ६० |
| | | लिफ्टिङ खानेपानी योजना | संख्या | ० | ० | ० | ० | ० | ० | १ |
| | | खानेपानीको गुणस्तर परीक्षण | संख्या | ० | १ | १ | १ | १ | १ | ५ |
| | | सुख्खा क्षेत्रमा कृत्रिम पोखरी | संख्या | ० | ६ | ६ | ६ | ६ | ६ | ३० |
| | | **Mineral Water** उद्योग | संख्या | ० | ० | ० | ० | १ | ० | १ |
| | | सरसफाई कार्यक्रम तथा जनचेतना | संख्या | १ | १ | ० | १ | ० | १ | ३ |
| | | सरसफाई कर्मचारी | संख्या | ० | २ | ० | १ | ० | १ | ४ |
| | | ल्यान्डफिल साइट | संख्या | ० | ० | ० | ० | ० | १ | १ |
| **पुष्टयाईको आधार** | | –गाउँपालिकाको वार्षिक प्रतिवेदन<br>–गाउँपालिकाको पार्श्वचित्र , वार्षिक नीति तथा कार्यक्रम, सम्वन्धित शाखाको प्रतिवेदन | | | | | | | | |
| **अनुमान तथा जोखिम पक्ष** | | –खानेपानीको स्रोतहरूमा वृद्धि भएको हुने,<br>–फोहोरमैला र वातावरण प्रति जनचेतना वृद्धिभएको हुने, सरसफाई जनचेतनामा वृद्धि भएको हुने,<br>–फोहोरमैला व्यवस्थापनमा गाउँपालिकाले थप लगानी गरेको हुने | | | | | | | | |

## ५.४ महिला, बालबालिका तथा लक्षित वर्ग

### ५.४.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ ले समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामुलक समाज निर्माण गर्ने कुरालाई राज्यको निर्देशक सिद्धान्त तथा नीति अन्तर्गत समावेश गरेको छ । राष्ट्रिय एजेण्डाको रुपमा स्थापित समावेशीकरणको सवालमा तमानखोला गाउँपालिकासहित तीनै तहका सरकारले आ-आफ्नो नीति तथा कार्यक्रमहरुमा विशेष प्राथमिकताका साथ राख्ने गरेका छन । महिला, बालबालिका, जेष्ठ नागरिक, अपांग, दलित, आदिवासी जनजाति, द्वन्द पिडित तथा विपन्न वर्गको लागि सामाजिक न्याय तथा समानताका लागि तीन वटै तहका योजनाले प्राथमिकता दिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार ज्येष्ठनागरिक, अपाङ्गता भएका व्यक्तिहरूको लगत राख्ने, परिचयपत्र वितरण गर्ने, सामाजिक सुरक्षा र सुविधाको व्यवस्थापन गर्ने, दिवा खाजा, आश्रय केन्द्र सञ्चालन एवम् पुनर्स्थापना केन्द्र सञ्चालन गर्ने र सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयन जस्ता जिम्मेवारीहरूसंग एवम् प्रदेश सरकारको समन्वयमा गर्ने कार्य स्थानीय तहको क्षेत्राधिकारमा राखिएको छ। गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र लक्षित वर्गको सशक्तीकरण क्षेत्रमा संघ/संस्था क्रियाशिल रहेका छन् भने स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाई, स्रोत तथा वातावरण संरक्षण,सामाजिक परिचालन, नेतृत्व विकास, मानव अधिकार, सुशासन र सहकारी विकास लगायतका विषयमा सचेतनामूलक तालिम सञ्चालन भैरहेको छन। यसैगरी गाउँपालिकाको पहलमा स्थानीय स्तरमा विकास निर्माण कार्यमा सहयोग र सहजीकरण गर्न, विकास कायको निगरानी गर्न, जनसुमदाय परिचालन गर्न टोलस्तलमा टोल विकास संस्था, युवा क्लब तथा अन्य सामुदायिक संस्थाहरु क्रियाशिल रहेका छन् । बालबालिकासँग सम्बन्धीत क्षेत्रमा क्रियाशिल संघ/संस्थाहरुले बाल संरक्षण, विकास तथा सहभागिता अभिवृद्धिमा पैरबी गर्न र सो सम्बन्धी कार्यहरु सञ्चालन गरीरहेका छन् । महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र अन्य लक्षित वर्गमा अधिकार बारे उनीहरुमा सचेतनाको वृद्धि हुँदै गएको छ भने आर्थिक, सामाजिक र राजनीति अवसरमा समेत बढोत्तरी भएको छ । गाउँपालिकाद्धारा महिला, बालबालिका र लक्षित वर्ग सशक्तिकरण, संरचना र प्रोत्साहनका कार्यक्रमहरु सञ्चालनमा रहेका छन् । अभियानात्मक विकासका रूपमा प्राथमिकता दिई जातिय तथा महिला उपर हुने भेदभाव विरुद्धका अभियानबाट केही उपलब्धि प्राप्त भएको छ। गाउँपालिकाले सबै वर्ग तथा समुदायको सामाजिक न्याय, लैङ्गिक समानता मानवअधिकार सहित सर्वाङ्गिण विकास तथा सामाजिक समावेशीकरणको विषयलाई मूलप्रवाहीकरण गर्न आवश्यक संरचना निर्माण गर्ने, लैससास सम्पर्क व्यक्ति तोक्ने, लैससास नीति बनाउने, लैङ्गिक हिंसा तथा ज्येष्ठनागरिक, अपाङ्गता, महिला, बालबालिकाहरु माथि हुने सबै प्रकारका हिंसा तथा अन्य सबै खालका भेदभाव नियन्त्रण गर्नका लागि प्रस्तुत आवधिक योजनाले महिला, बालबालिका तथा लक्षित वर्ग केन्द्रित नीति तथा कार्यक्रमहरु तय गर्नेछ ।

### ५.४.२ समस्या तथा चुनौती

| | समस्याहरु | चुनौती तथा जोखिमहरू |
|---|---|---|
| **महिला, बालबालिका तथा लक्षित वर्ग** | • महिला, बालबालिका र लक्षित वर्गमैत्री पूवार्धार, नीति, नियम र संरचनाको कमी<br>• लक्षित वर्गमा अधिकार र कर्तव्य सम्बन्धी सचेतनामा कमी,<br>• महिलामा बहुकार्य वोझको अवस्था कायमै,<br>• लक्षित वर्ग सशक्तीकरण सम्बन्धी तालिम प्रभावकारी हुन नसक्नु,<br>• बालश्रम र हिंसा उत्मूलन हुन नसक्नु,<br>• लक्षित वर्गमा आत्मविस्वासको कमी,<br>• सामाजिक सुरक्षा वृत्ती वितरणमा समस्या र गुनासो कायमै,<br>• महिला माथि घरेलु, यौनजन्य तथा लैङ्गिकतामा आधारित हिंसा विद्यमान हुनु, | • महिला तथा वञ्चितीकरणमा परेका सीमान्तीकृत समूहको राज्य संरचनामा प्रतिनिधित्व बढाउन,<br>• जातीय र वर्गीय विभेद अन्त्य गर्न,<br>• लैङ्गिक हिंसा तथा घरेल हिंसा अन्त्य गर्न,<br>• लैङ्गिक संवेदनशील र लैङ्गिक उत्तरदायी सोचलाई व्यवहारमा उतार्न,<br>• विकृति र विसंगती विद्यमान रहनु,<br>• लैङ्गिक समानता र समावेशीकरण<br>• अन्धविश्वास, जातिगत संकुचितता निर्मूल नहुनु, |

| | समस्याहरु | चुनौती तथा जोखिमहरू |
|---|---|---|
| | • भाषिक र सचेतना लगायतका समस्याका कारण समुदायमा अधिकारको अभ्यास, सेवासुविधा पहुँच र उपयोग तथा संस्थागत विकासको समेत कमी,<br>• जेष्ठ नागरिकहरूको ज्ञान, सीप र अनुभव गाउँपालिकाले उपयोग र नयाँ पीढिमा हस्तान्तरणको पहल हुन नसक्नु,<br>• जेष्ठ नागरिकले उचित सम्मान पाउन नसक्नु,<br>• अपाङ्गमैत्री शिक्षाको अभावका कारण अपाङ्गता भएका बालबालिकाहरू विद्यालय बाहिर रहनु, उनीहरूका लागि रोजगारी, सामाजिक सहभागिता र आयआर्जनका अवसरमा समान पहुँच नहुनु र विभिन्न अवरोध, विभेद र असमान व्यवहारको अवस्था विद्यमान हुनु, | • कानुनलाई अक्षरशं पालना गर्न,<br>• पुनर्स्थापना, सशक्तीकरण र स्वावलम्बी बनाउन नसकिनु,<br>• विकट भूगोलका कारण बालबालिकालाई शिक्षा र स्वास्थ्य सेवामा कठीनाई,<br>• महिला पछाडि पर्दा समग्र पारिवारिक संगठन र समाज नै पछाडि पर्न सक्ने, |

## ५.४.३ सम्भावना तथा अवसर

| | सबल पक्षहरू | सम्भावना र अवसरहरू |
|---|---|---|
| **महिला, बालबालिका तथा लक्षित वर्ग** | • लैङ्गिकमैत्री संविधान तथा राज्यका तीनै तहमा महिलाको राजनैतिक सहभागिता तथा समाजको मूल्य, मान्यता र व्यवहारमा क्रमशः सकारात्मक परिवर्तन हुँदै आउनु,<br>• छोरीलाई समान अवसर प्रदान,<br>• लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमा हालका दिनमा सकारात्मक प्रयास,<br>• एकल महिला, अपाङ्गता भएका व्यक्ति, दलित, जेष्ठ नागरिक तथा महिला प्रतिको सोच र व्यवहारमा सकारात्मक सुधार,<br>• आर्थिक, सामाजिक र राजनीति अवसरमा समेत बढोत्तरी भएको,<br>• बेवारिसे, असहाय, अशक्त, बालवालिकाहरूको उचित संरक्षण हेतु तमान बाल आश्रम स्थापना गरिएको,<br>• महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र अन्य लक्षित वर्गमा अधिकार बारे उनीहरुमा सचेतनाको वृद्धि हुँदै गएको,<br>• स्थानीय स्तरमा विकास निर्माण कार्यमा सहयोग र सहजीकरण गर्न, विकास कार्यको निगरानी गर्न, जनसुमदाय परिचालन गर्न टोलस्तरमा टोल विकास संस्था, युवा क्लब तथा अन्य सामुदायिक संस्थाहरु क्रियाशिल रहेका,<br>• बालबालिकासँग सम्बन्धीत क्षेत्रमा क्रियाशिल संघ/संस्थाहरुले बाल संरक्षण, विकास तथा सहभागिता अभिवृद्धि गर्न र सो सम्बन्धी कार्यहरु सञ्चालन गरीरहेका,<br>• लैससास सम्बन्धी सुस्पष्ट संवैधानिक व्यवस्था, नीति तथा रणनीति तयार हुनु,<br>• लैङ्गिक हिंसा निवारण कोष र एकल महिला सुरक्षा कोषको स्थापना तथा सञ्चालनमा हुनु,<br>• छुवाछुत र भेदभावको अवस्था न्यूनीकरण गर्ने प्रयास भएको,<br>• सामाजिक सहिष्णुताको विकास हुँदै आएको,<br>• लैङ्गिक हिंसाको अन्त्यमा जोड दिइएको,<br>• मैत्रीपूर्ण वातावरण बनाउन सहज भएको,<br>• समाजमा सबै लैङ्गिक समानतामा चासो लिदै अगाडि बढिरहेको,<br>• सबै वडामा सबै जातजातिहरूमा समावेशीकरण सहभागिता लागू हुँदै आएको,<br>• दलित वर्गमाथि हुने भेदभाव न्यूनीकरण गरी परम्परागत ज्ञान र सिपलाई व्यवसायीकरण गर्ने प्रयत्न गरिएको,<br>• लैङ्गिक हिंसा न्यूनीकरण, प्रजनन् स्वास्थ्य सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने नीति लिएको,<br>• छुवाछुत तथा सामाजिक विभेद क्रमशः न्यून हुँदै गएको, | • जेष्ठ नागरिकहरुको ज्ञान, सिप र अनुभवको उपयोग र नयाँ पीढिमा हस्तान्तरण,<br>• निर्वाचित प्रतिनिधिहरु विकासका नमुना बन्न उत्सुक<br>• लक्षित वर्ग आफ्नो अधिकारका लागि सचेत<br>• महिलाहरुको सिप तथा दक्षतामा अभिवृद्धि गरी आय आर्जनका कार्यहरुमा सहभागिता वृद्धि गर्न सकिने<br>• महिला सशक्तिकरणका कारण सामाजीक विभेदको अन्त गर्न सकिने<br>• बाल विकासका कार्यक्रमहरु मार्फत बालबालिकाहरुको व्यक्तित्व विकास गर्न सकिने<br>• ज्येष्ठ नागरीकका अनुभव र सिकाईलाई सदुपयोग गरेर नयाँ अवसरहरु सिर्जना गर्न सकिने<br>• समावेशी सोच तथा व्यवहारको विकास गर्न सकिने,<br>• प्रत्येक टोलमा महिला तथा आमा समूह गठन गरी हिंसा न्यूनीकरण, क्षमता अभिवृद्धि तथा मूलप्रवाहीकरणका कार्यहरू गर्न सकिने,<br>• अभिभावक विहिन हिंसा पीडित बालबालिकालाई पठनपाठनको निम्ति बाल कोष स्थापना गरी सहयोग उपलब्ध गराउन सकिने,<br>• गाउँपालिकाको ठूलो हिस्सा बालबालिका भएकोले उनीहरूको राम्रो हेरचाह गर्न सबै भविष्यका लागि असल |

| सबल पक्षहरू | | सम्भावना र अवसरहरू |
|---|---|---|
| | | समाज र नागरिक निर्माण गर्न सकिने, |

## ५.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**सोच**

सभ्यता, न्यायपूर्ण समाज र सामाजिक सौहार्दता

**लक्ष्य**

सामाजिक न्यायमा आधारित सभ्य समाजको निर्माण तथा न्यायोचित, समतामुलक पहूँच र सहभागिता सुनिश्चित गर्नु

**उद्देश्यहरु**

१. सबै प्रकारका विभेद र हिंसाको शुन्य सहनशीलता कायम गर्नु ।
२. बालबालिकाको समग्र अधिकारको संरक्षण तथा बालमैत्री वातावरण सिर्जना गर्नु ।
३. ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै ज्ञान, सीप र अनुभवको उपयोग गर्नु ।
४. अपाङ्गता भएका व्यक्तिका लागि आधारभूत सेवा, स्रोत र प्रविधिमा सहज पहुँचको वृद्धि गर्दै आर्थिक तथा सामाजिक सशक्तीकरण मार्फत् जीवनयापनमा सहजता तथा आत्मसम्मान प्रदान गर्नु ।

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| उद्देश्य १: सबै प्रकारका विभेद र हिंसाको शुन्य सहनशीलता कायम गर्नु । | | | |
| १.१. | सबै प्रकारका हिंसा, शोषण र भेदभाव अन्त्य गर्न निरोधात्मक, संरक्षणात्मक उपाय अपनाई न्यायमा पहुँच अभिवृद्धि गर्ने । | १.१.१ | महिला अधिकार, महिला हिंसा, यौन शोषक, यौन हिंसा जस्ता विषयहरूको समुचित सम्बोधन हुनेगरी महिलालाई सचेत बनाउन हरेक वडामा रहेका महिला अधिकारकर्मी, महिला नेतृ, शिक्षिका लगायत सचेत र सक्षम महिलाको संयोजकत्वमा महिला सेल गठन गरिनेछ । |
| | | १.१.२ | लैससास सम्बन्धी क्षेत्रगत नीति, कानुन तथा कार्यक्रम तर्जुमा गरी लैङ्गिक उत्तरदायी बजेटलाई वृद्धि गर्दै लैङ्गिक लैससास परीक्षण पद्धति लागू गरिनेछ । |
| | | १.१.३ | महिला, बालबालिका र किशोर किशोरी उपर हुने सबै प्रकारका भेदभाव, बालविवाह, शोषण, दुर्व्यवहार र हिंसा अन्त्यका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ । |
| | | १.१.४ | छुवाछुत र सबै प्रकारका सामाजिक भेदभाव अन्त्य गर्न राज्यको मूल कानुनको अधिनमा रही त्यस्ता कार्यलाई दण्डित गर्न स्थानीय कानुन निर्माण गर्दै न्यायिक समितिलाई सक्रिय तुल्याइने छ । |
| | | १.१.५ | जातीय भेदभाव अन्त्यकालागि नागरिक समाज, गैर सरकारी सङ्घसंस्था र गाउँपालिकामा सक्रिय रहेका सरोकारवाला निकायहरूसँग सहकार्य गरिनेछ । |
| | | १.१.६ | सामाजिक सांस्कृतिक मूल्य, मान्यता, संस्कार, व्यवहारमा सुधार गर्दै अन्धविश्वास, रुढीवादी परम्परागत विभेद हटाई समतामूलक समाज निर्माण गरिनेछ । |
| | | १.१.७ | छुवाछुत मुक्त गाउँपालिका घोषणा गरिनेछ । |
| | | १.१.८ | दलित विशेष परम्परागत सीपलाई व्यावसायिकता प्रदान गर्न विशेष अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ । |
| | | १.१.९ | गाउँपालिकाभर रहेका महिला उद्यमीहरूको अभिलेख तयार गरी सफल महिला उद्यमीहरूसँग वर्षमा एक पटक साक्षात्कार गराइने छ । |
| | | १.१.१० | मापदण्डका आधारमा महिला उद्यमीहरूलाई उनीहरूको नाममा दर्ता भई सञ्चालन हुने साना तथा घरेलु उद्योगमा व्याजमा अनुदान प्रदान गरिने छ । |
| | | १.१.११ | लक्षित वर्गका विद्यार्थीलाई केन्द्रित गरी सेवा आयोगको नि:शुल्क तयारी कक्षा सञ्चालन गरिनेछ । |
| | | १.१.१२ | "एकल महिला आत्मनिर्भर कार्यक्रम" सञ्चालन गर्न व्याज अनुदान कोष निर्माण गरिने छ । |
| | | १.१.१३ | हरेक वडामा एक महिला उद्यमी वस्तु बिक्री केन्द्र स्थापना गरिने छ । |
| | | १.१.१४ | गाउँपालिका एक घर एक महिला रोजगार कार्यक्रम सञ्चालन गरिनेछ । |
| | | १.१.१५ | उपाध्यक्षसँग महिला शसक्तिकरण कार्यक्रम सञ्चालन गरिनेछ । |

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| | | १.१.१६ | एक टोल एक उत्पादन, एक घर एक रोजगार, टोल टोलमा सहकारी घर घरमा रोजगारी, एक गाउँ एक पुस्तकालय, एक खेलकुद मैदान, एक विद्यालय कार्यक्रम मार्फत दलित जाति उत्थान तथा गरिब घरधुरी सहयोग कार्यक्रम कार्यान्वियन गरिनेछ । |
| | | १.१.१७ | महिला र पुरूषबीचको ज्यालामा भएका विभेदको अन्त्य गरिनेछ । |
| उद्देश्य २: बालबालिकाको समग्र अधिकारको संरक्षण तथा बालमैत्री वातावरण सिर्जना गर्नु । | | | |
| २.१ | बालबालिकाको संरक्षण गर्ने र सार्वजनिक निकायलाई बालमैत्री बनाउने । | २.१.१ | बलबालिका **Profile** विवरण तयार गरिनेछ । |
| | | २.१.२. | गाउँपालिका तथा वडास्तरीय बालक्लब स्थापना र तीनको प्रभावकारीता वृद्धि गर्न बालबालिकालाई **Motivation** तथा नेतृत्व विकास तालिम प्रदान गरिनेछ । |
| | | २.१.३ | बालवालिकासँग स्थानीय सरकार कार्यक्रम अन्तर्गत हरेक महिनाको एक पटक गाउँपालिका अध्यक्षसँग बालबालिकाको सरोकार सम्बन्धी बालबालिकासँग प्रत्यक्ष अर्न्तकृया आयोजना गरिनेछ । |
| | | २.१.४ | अनाथ, असहाय, पूर्ण अपाङ्गता भएका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको लागि संरक्षण हेतु बालकोषको स्थापना गरी तमान बाल पुनर्स्थापना केन्द्र तथा आश्रमलाई थप प्रभावकारि बनाईनेछ । |
| उद्देश्य ३: ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै ज्ञान, सीप र अनुभवको उपयोग गर्नु । | | | |
| ३.१ | जेष्ठ नागरिकको सामाजिक सूरक्षा र आत्मसम्मान कायम हुने कार्यक्रमलाई प्राथमिकता दिइ सञ्चालन गर्ने | ३.१.१ | ज्येष्ठ नागरिकलाई सम्मानजनक ढंगले जीवनयापन गर्ने वातावरण सृजना गरिनेछ । |
| | | ३.१.२ | संविधान र नेपाल सरकारले घोषणा गरेका जेष्ठ नागरिक सामाजिक सुरक्षा अन्तर्गतका सबै कार्यक्रम चुस्त दुरुस्त रुपमा प्रभावकारी बनाईने । |
| | | ३.१.३ | वडास्तरीय जेष्ठ नागरिक निःशुल्क स्वास्थ्य परीक्षण शिविर सञ्चालन गरिने छ । |
| | | ३.१.४ | एक वडा एक जेष्ठ नागरिक सत्संग केन्द्र निर्माण गरिने छ । |
| | | ३.१.५ | स्थानीय सञ्चार माध्यमसँगको सहकार्यमा जेष्ठ नागरिकहरूका जीवन अनुभव साट्न र सुन्न "गाउँपालिका जेष्ठ नागरिक आवाज" कार्यक्रम सञ्चालन गरिने छ । |
| | | ३.१.६ | १०० वर्ष पूरा गरेका बुवाआमालाई अभिनन्दन तथा भेटघाट कार्यक्रमलाई निरन्तरता दिइनेछ । |
| | | ३.१.७ | ज्येष्ठ नागरिकहरूमा रहेको ज्ञान, सीप नयाँ पीढीमा हस्तान्तरण गर्न पहल गर्ने र उनीहरुको अनुभव आदान प्रदानको अवसर सिर्जना गरिनेछ । |
| उद्देश्य ४: अपाङ्गता भएका व्यक्तिका लागि आधारभूत सेवा, स्रोत र प्रविधिमा सहज पहुँचको वृद्धि गर्दै आर्थिक तथा सामाजिक सशक्तीकरण मार्फत् जीवनयापनमा सहजता तथा आत्मसम्मान प्रदान गर्नु । | | | |
| ४.१ | अपाङ्गता भएका नागरिकहरूको कठिनाइ न्यूनिकरण गर्ने कार्यक्रमहरू संचालन गरी उनीहरूको आत्मबल बढाउने र आत्मसम्मान जगाउने । | ४.१.१ | सरकारी तथा गैर सरकारी संस्थाहरूसंगको सहकार्यमा दलित जनजाती र अपाङ्ग अपाङ्गता भएका व्यक्तिहरूको पहिचान गरी उनीहरूको क्षमता विकास, आर्थिक, सामाजिक सशक्तिकरण र पुनर्स्थापना गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ । |
| | | ४.१.२ | अपाङ्गता भएका विद्यालय जाने बालबालिकाको विवरण तयार पारी उनीहरूको शिक्षा आर्जनमा भएका कठिनाई सम्बोधन गर्न विशेष अध्ययन पश्चात कार्ययोजना निर्माण गरिने छ । |
| | | ४.१.३ | विशेष क्षमता भएका अपाङ्गहरूको वृत्ति विकास कार्यक्रम अन्तर्गत कलाकारिता सिप विकास तथा आय आर्जन तालिम नियमित सञ्चालन गरिने छ । |
| | | ४.१.४ | जटिल प्रकारको अपाङ्गता भएका व्यक्तिहरूले जीवन निर्वाह व्यवसाय गर्न चाहेमा रु. १ लाख बराबरको व्यवसायमा सत प्रतिशत व्याजमा अनुदान प्रदान गरिनेछ । |
| | | ४.१.५ | पूर्ण अपाङ्ग परिवारका लागि प्रोत्साहन तथा भेटघाट कार्यक्रमलाई निरन्तरता दिइनेछ । |

**प्रमुख कार्यक्रम तथा आयोजना** (महिला, बालबालिका तथा लक्षित वर्ग)

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १.१ | १.१.१ | वडास्तरीय महिला हिंसा तथा लैङ्गिक भेदभाव निगरानी सेल गठन | संख्या | ० | ३ | ० | १०० | १०० | १०० | ० | ३०० | | |
| | | | महिला हिंसा पहरेदारी वडास्तरीय महिला सेल अभिमुखीकरण | संख्या | १ | ५ | १५० | १५० | १५० | १५० | १५० | ७५० | | |
| | | | महिला सेल मार्फत हरेक महिना जनचेतनामूलक कार्यक्रम सञ्चालन | संख्या | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | |
| | | १.१.२ | लैससास सम्बन्धी क्षेत्रगत नीति, कानुन तथा कार्यक्रम | संख्या | १ | १ | १२० | १२० | १२० | १२० | १२० | ६०० | | |
| | | १.१.३ | बालविवाह मुक्त गाउँपालिका घोषणा | संख्या | ० | ५ | १५० | १५० | १५० | १५० | १५० | ७५० | | |
| | | | बालशोषण र बाल हिंसा विरुद्ध जनचेतना अभियान | संख्या | १ | ५ | १५० | १५० | १०० | १०० | १०० | ६०० | | |
| | | | महिला हिंसा विरुद्ध वार्षिक रुपमा सप्ताह व्यापी कार्यक्रम | संख्या | ० | ५ | १५० | २०० | २०० | १०० | १०० | ७५० | | |
| | | | सामाजिक शिक्षामा यौन हिंसा, बलात्कार जस्ता विषयमा शिक्षक-शिक्षिका अभिमुखीकरण कार्यक्रम | संख्या | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | |
| | | १.१.४ | छुवाछुत र सामाजिक भेदभाव न्यूनीकरण विशेष न्यायिक समिति तालिम | संख्या | १ | ५ | १२० | १२० | १२० | १२० | १२० | ६०० | | |
| | | १.१.५ | जातीय भेदभाव अन्त्यका लागि नागरिक समाज, गैर सरकारी सङ्घसंस्था र गाउँपालिकामा सक्रिय रहेका सरोकारवाला निकायहरूसँग सहकाय | संख्या | ० | ५ | १५० | १५० | १५० | १५० | १५० | ७५० | | |
| | | १.१.६ | अन्धविश्वास, रुढीवादी परम्परागत विभेद हटाई समतामूलक समाज निर्माण | संख्या | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | |
| | | १.१.७ | छुवाछुत मुक्त गाउँपालिका घोषणा | संख्या | ० | १ | ० | १०० | ० | ० | ० | १०० | | |
| | | भूकम्पत प्रतिरोधी भवन निर्माणसंबन्धी दक्ष व्यक्ति | संख्या | ७ | ३ | ३ | ३ | ३ | ३ | २२ |
| | | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन तथा संरचना | संख्या | ३६ | २ | २ | ४ | २ | १ | ४७ |
| | | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका आवास घर | संख्या | | | | | | | |
| | | आधारभूत पूर्वाधारसहित व्यवस्थित बजार | संख्या | २ | १ | १ | १ | १ | ० | ६ |
| | | वस्ती विकास गुरुयोजना | संख्या | ० | ० | ० | ० | १ | ० | १ |
| | | स्मार्ट **Village** | संख्या | ० | ० | १ | ० | ० | १ | २ |
| | | नमूना वस्ती र बजार | संख्या | ० | ० | ० | १ | ० | १ | २ |
| | | स्थानिय मौलिक वास्तुकला झल्कने घर | संख्या | १ | १ | १ | १ | १ | १ | ६ |
| | | खरको छाना आवास | संख्या | | | | | | | |
| | | भवन डिजाइन, निर्माण तथा सुपरिवेक्षणका कार्यमा संलग्न जनशक्तिको क्षमता विकास | संख्या | ० | ० | १ | ० | ० | १ | २ |
| **प्रतिफल २** | आवास, वस्ती र सार्वजनिक निर्माण एकीकृत, व्यवस्थित र सुरक्षित भएको हुनेछ । | वस्तीले ओगटेको क्षेत्रफल | प्रतिशत | ०.३९ | ०.३९ | ०.४ | ०.४ | ०.४ | ०.४ | ०.४ |
| | | विकसित हुदै गरेको नया क्षेत्र | संख्या | ० | ० | ० | ० | ० | १ | १ |
| | | सुरक्षित घर आवास | प्रतिशत | | | | | | | |
| | | जोखिमयुक्त बस्तीको स्थानान्तरण | संख्या | | | | | | | |
| | | मेट्रिक ठेगाना लागु | प्रतिशत | ० | ० | ० | ० | १० | १० | २० |
| | | व्यवस्थित वडा कार्यालय भवन | संख्या | ३ | १ | १ | १ | ० | ० | ६ |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | |
| **प्रतिफल ३** | सुरक्षित आश्रय स्थल, तथा सार्वजनिक संरचनाहरू बालमैत्री, आपङ्गतामैत्री, महिलामैत्री एवम् वातावरणमैत्री निर्माण हुनेछन । | बहुउद्देश्यीय भवन | संख्या | २ | ० | १ | १ | १ | १ | ६ |
| | | कर्मचारी आवास | संख्या | ० | ० | १ | ० | ० | ० | १ |
| **पुष्टयाईको आधार** | | –गाउँपालिकाको वार्षिक प्रतिवेदन<br>–गाउँपालिकाको पार्श्वचित्र , वडा कार्यालय<br>–वार्षिक नीति तथा कार्यक्रम<br>–प्राविधिक शाखा | | | | | | | | |
| **अनुमान तथा जोखिम पक्ष** | | –भवन आचार संहिता सम्बन्धी चेतनामा वृद्धि र गाउँपालिकाबाट हुने<br>–कार्यान्वयन र अनुगमन थप प्रभावकारी भएको हुन | | | | | | | | |

## ६.२ सडक, पुल तथा यातायात

### ६.२.१ पृष्ठभूमि

पूर्वाधारको विकासमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय निकायलाई जिम्मेवार बनाएको छ । सडक, पुल तथा यातायात गाउँपालिकाको आर्थिक विकास एवम् सामाजिक समृद्धिका आधारहरू हुन् । पूर्वाधार निर्माणका लागि स्थानीय निकायलाई प्रदेश एवम् संघीय सरकारबाट समेत आर्थिक एवम् प्राविधिक सहयोग पुऱ्याउने व्यवस्था गरिएको छ । सडक संरचनालाई दिगो तथा समावेशी बनाउनु गाउँपालिकाको प्रमुख दायित्व हुन्छ । तमानखोला गाउँपालिकाले पूर्वाधार विकासमा समावेशी, वातावरणमैत्री, गुणस्तरीय पूर्वाधार भन्ने अभियानका साथ कार्यक्रम अगाडि बढाएको छ । गाउँपालिका अन्तर्गतका सबै वडाहरूमा विगतदेखि नै मोटरबाटो खन्न सुरु गरिएको र हाल सबै वडाहरूमा ग्रामीण सडक खनिएका छन् । गाउँपालिकाभित्र सबै वडाहरूमा सडकको पहुँचभित्र भए पनि हालसम्म व्यवस्थित आवश्यक पर्ने सामान्य पूर्वाधारको व्यवस्था छैन । धेरैजसो सडकहरु साँघुरा र जोखिमयुक्त रहेका छन् भने हरेक वर्ष सडक मर्मतमा धेरै लागत खर्च हुने अवस्था छ । यसका अतिरिक्त भिरालो भूभागमा रहेका यस्ता सडकहरूले भूक्षय, पहिरो जस्ता वातावरणीय समस्याहरू समेत निम्त्याएका छन् । अर्को तर्फ गाउँपालिकाभित्रका सबै सडकहरू कच्ची अवस्थामा रहेका हुनाले बर्षातमा हिलो र खाल्डाखुल्डि बढ्ने साथै हिउँदमा धुलो हुने हुँदा आवागमनमा नै अवरुद्ध हुने समस्याहरू रहेका छन् । भएका सडकहरूको चौडाइ, र ग्रेड व्यवस्थित नभएकै कारण ग्रामीण क्षेत्रमा धेरै दुर्घटनाहरू हुने गरेका छन् । यद्यपि हाल गाउँपालिका भित्रका केही सडकहरू बिस्तार तथा स्तरोन्नति भइरहेका छन् । मुख्यतया यस गाउँपालिकाकाभित्र ट्याक्टर, जीप,पिकअप, मोटरसाईकल, अटो, ट्याक्सिहरु चल्ने गरेको छ भने प्राय जसो मानिसले दैनिक कामकाजका लागि पिकअप, मोटरसाईकलको प्रयोग गर्ने गरेको पाईन्छ । रणनीतिक बुर्तिबाङ-बोङ्गादोभान-रिक्लाङ-तमान-म्याग्दी सडक २५.५९९ कि.मि. सहित यस गाउँपालिकामा कुल १९०.३७९ कि.मि. सडक रहेको र सबै सडकहरुको स्तरोन्नतिलाई प्राथमिकताका साथ अगाडी बढाइएको छ । मुख्य तथा सहायक सडकहरु राष्ट्रिय एवम् जिल्ला सडकहरुसंग जोड्ने, ऐतिहासिक एवम् पर्यटन स्थलहरु, बजार केन्द्र, वस्ती- वस्तीहरु बीच सडक संजाल विकास एवम् कृषि सडक आवश्यकता अनुसार झोलुङ्गे पुल निर्माण, आवधिक एवम् नियमित रुपमा सडक मर्मत, स्तरोन्नती एवम् ढल निर्माणमा स्थानीय बासिन्दाहरु सहभागिता एवम् परिचालन, सार्वजनिक यातायातहरुको सञ्चालन एवम् व्यवस्थापन र निजी क्षेत्रको संलग्नता, सडक करिडोर आसपासमा आयमुलक एवम् उत्पादनमुलक कार्यक्रमहरु सञ्चालन जस्ता पक्षहरुलाई पनि गाउँपालिकाले एकीकृत रुपमा सम्बोधन गर्नु पर्ने हुन्छ । भविष्यको आवश्यकता र वातावरणीय जोखिमलाई दृष्टिगत गर्दै सडकहरुको मापदण्ड निर्धारण गरी स्तरोन्नति गर्नु र सार्वजनिक यातायातलाई सहज र सुलभ बनाउनु यस गाउँपालिकाको यातायात क्षेत्रमा गर्नुपर्ने मुख्य कार्य हो । गाउँपालिकाको आर्थिक तथा सामाजिक गतिविधिलाई सन्तुलित, समावेशी, गतिशील बनाउन योगदान पुर्याउन सक्ने रणनीतिक सडक सञ्जाल निर्माण गर्नु पर्नेछ । प्रत्येक सरकारी भवनहरुमा आवतजावतको पहुँच पुऱ्याउन व्यवस्थित सडक निर्माण गरी सडक सञ्जाल नपुगेका ठाउँहरूमा सम्भाव्यताको आधारमा छोटो सडक निर्माण गर्नु पर्ने छ ।

### ६.२.२ समस्या तथा चुनौती

| | समस्याहरु | चुनौती तथा जोखिमहरू |
|---|---|---|
| **सडक, पुल तथा यातायात** | • योजनाबद्ध तथा दिगो विकास लक्ष्यका मापदण्ड मुताविक सडक सञ्जाल विस्तार नभएको,<br>• गाउँपालिकाका सडकहरु कच्ची र औषत चौडाई कम भएको,<br>• निर्माण भएका सडकहरुमा नाली तथा फोहोरमैलाको व्यवस्थापन हुन नसकेको,<br>• आवश्यक स्थानहरुमा पुल, झोलुङ्गे पुलहरू तथा कल्भर्टको व्यवस्था हुन नसकेको,<br>• सवारीको चापको आधारमा सडकको स्थिति कमजोर हुँदा उद्योगधन्दा, कलकारखाना, | • सडक सुरक्षाका संकेतहरु नहुँदा दुर्घटनाका घटना भैरहेका,<br>• वडाका सबै केन्द्रहरु पक्की सडक संजालमा जोडिन,<br>• कच्ची सडकमा वर्षातको समय पटकपटक हिलाम्मे हुने, खाल्टाखुल्टी बढ्ने र हिउँदमा धुलाम्मे हुने हुँदा आवागमन जोखिमपूर्ण र कष्टप्रद हुने गरेको,<br>• सडक पुर्वाधार निर्माणको लागि ठुलो बजेट व्यवस्थ गर्न,<br>• पहाड़ी कठिन भौगोलिक अवस्थाका कारण योजनाबद्ध तथा दिगो विकास लक्ष्यका मापदण्ड मुताविक सडक |

| | समस्याहरु | चुनौती तथा जोखिमहरू |
|---|---|---|
| | व्यापार व्यवसाय, कृषि, पर्यटन जस्ता क्षेत्रहरू चलायमान हुन नसकेको,<br>• सडक निर्माण तथा यातायात सञ्चालनमा वातावरणीय पक्ष, गुणस्तर र मापदण्डको पालना हुन नसकेको,<br>• सडक, तथा पुल निर्माणसँग आर्थिक, सामाजिक विकास तथा अन्य विकासका कार्यहरु प्राथमिकता साथ संचालन गर्न नसकिएको,<br>• सार्वजनिक यातायातका साधन र सुविधा नरहेको,<br>• वर्तमान अवस्थामा अति सिमित मात्रामा यातायात सञ्जाल विकास हुनु,<br>• कच्ची सडकमात्र भएकोले यहाँको सडकको भाडादर महङ्गो हुनु,<br>• निर्माण भइसकेका सडकहरू<br>• मर्मत तथा संरक्षणको अभावमा हुनु,<br>• अधिकांश निर्माणाधीन सडकहरू बजेट नपुगका कारण सुस्त गतिमा निर्माण हुनु,<br>• सडक वरपर प्रदुषण भई वातावरण र जनस्वास्थ्यमा पर्न गएको नकारात्मक असर, | सञ्जाल विस्तार तथा स्तरोन्नति गर्न ठूलो आकारको बजेट व्यवस्थ गर्न,<br>• भौगोलिक बनावट, भिरालो भ-भागमा सडक निर्माण गर्दा बाढि पहिरो तथा भूक्षयको जोखिम बढेको,<br>• प्राविधिक एवम् भौतिक स्रोतको अभाव हुनु,<br>• पुल संरक्षण गर्न निकै चुनौति रहेको,<br>• बाह्रै महिना सहज रुपमा चल्न सक्ने यातायात पूर्वाधारको विकास गर्न,<br>• सडक मापदण्ड लागू गर्न,<br>• बाह्रै महिना चल्ने भरपर्दो र सुरक्षित सडक संरचना निर्माण गर्न,<br>• छरिएर रहेका वस्तीहरूमा सडक विस्तार गर्न,<br>• प्राकृतिक प्रकोप एवम् जलवायु परिवर्तनको पक्षलाई समेत ध्यानमा राखी सडक निर्माण गर्नु तथा पहिले निर्माण भएका साँघुरा बाटाहरू चौडा गर्ने क्रममा दिनु पर्ने जग्गा, संरचना आदिको क्षतिपूर्ति प्रदान गर्न,<br>• भौतिक पूर्वाधार निर्माण गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन तथा परीक्षण (EIA/IEE) लगायत विस्तृत परियोजना प्रतिवेदन (DPR) ले औंल्याएका नकारात्मक प्रभावको न्यूनिकरण गर्न,<br>• बाह्रै महिना भरपर्दो र सुरक्षित सडक संरचना निर्माण गर्न,<br>• क्षमता भन्दा बढी यात्रुहरू बोकी जोखिमयुक्त यात्रा गर्ने प्रवृत्ति बढ्दो, |

## ६.२.३ सम्भावना तथा अवसर

| | सबल पक्षहरू | सम्भावना र अवसरहरू |
|---|---|---|
| **सडक, पुल तथा यातायात** | • तमानखोला गाउँपालिका स्तरीय सडक यातायात गुरुयोजना २०८० तथा मापदण्ड तयार भएको,<br>• रणनीतिक सडकहरू; बुर्तिबाङ-बोङ्गादोभान-रिक्लाङ-तमान-म्याग्दी सडक रहेको,<br>• बुर्तिबाङ-बोङ्गादोभान सम्म १० किलोमिटर सडक कालोपत्रे हुने क्रममा,<br>• सबै वडा तथा अधिकांश वस्तीहरुमा सडक पहुँच बढाउन पालिका स्तरीय चक्रीय सडक –**Ring Road** विकासको अबधारणा अघी सारिएको,<br>• बुर्तिबाङ-बोङ्गादोभान हुँदै वडाहरू जीप/पिकअप र अन्य यातायात सेवाहरू सुचारु रहेको,<br>• कच्ची अवस्थामै रहे पनि प्रत्येक वडालाई सडक सञ्जालले जोडेको,<br>• झुलुङ्गे पुल, मोटरयवल पुल, पैदल र्मागको संरक्षण तथा निर्माणको काम भैरहेको,<br>• सडक पुल तथा यातायात उप-क्षेत्रलाई तीनै तहको सरकारले उच्च प्राथमिकतामा राखिएको,<br>• सडक क्षेत्रकमा विकास साझेदारहरूको उल्लेख्य सहयोग रहनु,<br>• सडकहरू तथा शाखा सडक निर्माणाधीन अवस्थामा रहेका,<br>• सडकको आवश्यकता बारेमा आम जनचेतना र सचेत हुनु,<br>• यातायात पूर्वाधार गाउँपालिकाको उच्च प्राथमिकतामा हुनु,<br>• सडक निर्माणमा जनश्रमदान गर्न तयार जनता हुनु, | • सडक संजाल मार्फत नजिकका स्थानीय तहहरु, बजार केन्द्र, ढोरपाटन क्षेत्रसँगको सडक सम्बन्ध थप जोड्न सकिने,<br>• सडक गुरुयोजना अनुरुप दिगो सडक पूर्वाधार निर्माण गर्ने अवसर रहेको,<br>• पूर्वाधार विकासबाट आर्थिक तथा सामाजिक संरचनाको विकास भई आर्थिक समुन्नति तथा रोजगारीका अवसरहरू सिर्जना हुने,<br>• स्थानीय स्रोत साधनको संरक्षण तथा दिगो प्रयोग हुने,<br>• स्थानीय स्तरमा औद्योगीकरणमा सहजता हुने,<br>• गाउँपालिकामा भित्री सडक निर्माण गरी कृषि, पर्यटन तथा उद्योगको विकासको राम्रो सम्भावना, |

## ६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**सोच**

सहज, सुरक्षित र भरपर्दो सडक तथा यातायात सेवाको सुनिश्चितता

**लक्ष्य**

सडक सञ्जाल स्तरोन्नति गरी यातायातलाई सुरक्षित, सहज र भरपर्दो बनाउने ।

**उद्देश्यहरु**

१. दिगो, भरपर्दो, सुरक्षित र वातावरणमैत्री सडक सञ्जाल, पुल तथा पदमार्गहरुको विस्तार गर्नु ।

२. सडक तथा यातायात सेवाको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्नु ।

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| उद्देश्य १: दिगो, भरपर्दो, सुरक्षित र वातावरणमैत्री सडक सञ्जाल, पुल तथा पदमार्गहरुको विस्तार गर्नु । | | | |
| १.१. | गुणस्तरीय सडक पूर्वाधार निर्माण गर्ने । | १.१.१ | स्थानीय, ग्रामीण तथा कृषि सडक एवम् यातायात व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ । |
| | | १.१.२ | गाउँपालिकाको यातायात गुरुयोजना अनुसारको कार्यक्रमहरु प्रयोगमा ल्याइनेछ । |
| | | १.१.३ | वडा कार्यलय जोड्ने सडकलाई बाह्रै महिना चल्ने र सार्वजनिक यातायात सुचारु गर्ने व्यवस्था मिलाइनेछ । |
| | | १.१.४ | गाउँपालिकाका विभिन्न वडामा आवश्यकता र प्राथमिकता अनुसार पक्की पुल र झोलुङ्गे पुलको निर्माण गरिनेछ । |
| | | १.१.५ | सडक बनाउँदा नाली अनिवार्य रुपमा निर्माण गर्ने र आवश्यकता अनुसार पानीको निकासको व्यवस्था गरिनेछ । |
| | | १.१.६ | सडकका मुख्य गन्तव्यहरुमा यात्रु प्रतिक्षालयको रुपमा वर, पिपल वा समीका बोटहरु वृक्षारोपण गरी परम्परागत ढुंगे चौताराहरु निर्माण गरिनेछ । |
| | | १.१.७ | रु. १० लाख भन्दा बढी लागतका सडक तथा पुल निर्माण गर्नु पूर्व सम्भाव्यता अध्ययन तथा आयोजनाको विस्तृत परियोजना प्रतिवेदन ( डिपिआर) तयार गरी आयोजना स्वीकृत गरिनेछ । |
| | | १.१.८ | आम उपभोक्ताको (लागत) सहभागितामा संरचना निर्माण कार्यमा कम्तिमा २० प्रतिशत र ग्राभेल, माटो तथा कुलोपैनीको कार्यमा कम्तिमा २५ प्रतिशत नगद, श्रम र सामग्रीको योगदान अनिवार्य जुटाई उपभोक्ताद्धारा आयोजना सञ्चालन गरिनेछ । |
| | | १.१.९ | आयोजना कार्यान्वयन अघि उपभोक्ता समितिलाई आयोजनाको प्राविधिक पक्ष (डिजाइन, इस्टिमेट, मापदण्ड, मर्मत संभार आदि) र व्यवस्थापकीय पक्ष ( उपभोक्ता समिति परिचालन, खरिद प्रक्रिया, जिम्मेवारी बाँडफाँड, रकम निकासा तथा फरफारक आदि) विषयमा तालिम प्रदान गरिनेछ । |
| १.२ | गाउँपालिकाको आर्थिक तथा सामाजिक गतिविधिलाई सन्तुलित, समावेशी, गतिशील बनाउन योगदान पु-याउन सक्ने रणनीतिक सडक सञ्जाल सुदृढ गर्ने । | १.२.१ | प्राथमिकता प्राप्त गाउँपालिकाको रणनीतिक सडक सञ्जालको निर्माणमा तीव्रता दिइनेछ । |
| | | १.२.२ | सम्पूर्ण वडा केन्द्रलाई गाउँपालिका केन्द्रसँग जोड्ने मुख्य-मुख्य सडकहरूलाई उच्च प्राथमिकतामा राखी शीघ्र स्तरोन्नति तथा ग्रावेल गरिनेछ । |
| | | १.२.३ | प्रमुख ग्रामीण वस्तीहरू र प्रमुख पर्यटकीय केन्द्र जोड्ने गरी यातायात पहुँच बढाउन सडक विस्तार गरिनेछ । |
| | | १.२.४ | प्रमुख ग्रामीण वस्तीहरू र प्रमुख पर्यटकीय केन्द्र जोड्ने पूर्वाधार विकासका निर्माणमा व्यापक जनसहभागिता बढाइनेछ । |
| | | १.२.५ | सडक सञ्जाल निर्माण गर्दा कृषि, पर्यटन तथा उद्योग व्यवसायको समेत प्रवर्द्धन हुने गरी निर्माण गरिनेछ । |

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| | | १.२.६ | सडक सञ्जाल मार्फत नजिकका स्थानीय तहहरु, बजार केन्द्र, ढोरपाटन क्षेत्रसँगको सडक विस्तार गरिनेछ। |
| | | १.२.७ | सबै वडा तथा अधिकांश वस्तीहरुमा सडक पहुँच बढाउन गाउँपालिका स्तरीय चक्रीय सडक-**Ring Road** विकासको सम्भाव्यता अध्ययन गरिनेछ। |
| १.३ | छिटो, भरपर्दो र वातावरण मैत्री सडक सञ्जाल विकास गर्न सहयोगी हुने प्रविधि तथा उपायहरू अवलम्बन गर्ने। | १.३.१ | सडक छेउछाउका पहिरो तथा भू-क्षय नियन्त्रण गर्न भौतिक संरचनाका साथसाथै बायोइन्जिनियरिङ् लगायतका गैरसंरचनात्मक वातावरण मैत्री प्रविधिहरूको प्रयोग गरिनेछ। |
| | | १.३.२ | योजनाहरूको सम्भाव्यता अध्ययन, विस्तृत डिजाइन र लागत अनुमान गरेर मात्र वातावरणमैत्री पूर्वाधारको निर्माण गरिनेछ र स्थानीय तहको श्रम एवम् सीपलाई केन्द्रबिन्दुमा राखिनेछ। |
| उद्देश्य २: सडक तथा यातायात सेवाको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्नु। | | | |
| २.१ | सार्वजनिक यातायात प्रणालीको विकास गर्ने। | २.१.१ | यातायात व्यवसायी तथा सरोकारवालासँग अन्तरक्रिया गरी सार्वजनिक सवारी साधन चल्ने रूटहरू तय गरिनेछ। |
| | | २.१.२. | प्रत्येक वडामा कम्तिमा एउटा हेलिप्याड निर्माण गरिनेछ। |
| | | २.१.३ | गुरु योजनामा आधारित सडक सञ्जालको विकास तथा यातायात रुटहरूको तय गरिनेछ। |
| | | २.१.४ | अन्तर वडा र गाउँपालिका नाका र यातायात सञ्जाल जोड्ने सडकहरूको विकास, विस्तार र सुदृढीकरण गरिनेछ। |
| २.२ | दिगो तथा वातावरण मैत्री प्रविधिमा जोड दिने। | २.२.१ | सडकको नियमित मर्मत सम्भारका लागि आधुनिक प्रविधिको उपयोग तथा यान्त्रीकरणमा जोड दिइनेछ। |
| | | २.२.२ | प्राकृतिक प्रकोप तथा जलवायु परिवर्तनले सडक तथा यातायातमा हुन सक्ने असर तथा नोक्सानीलाई न्यूनीकरण गरिनेछ। |
| | | २.२.३ | सडक तथा पुलहरूको निर्माण तथा मर्मत सम्भारमा सामाजिक एवम् वातावरणीय पक्षको नकारात्मक असर न्यूनिकरणको लागि आवश्यक उपायहरूको अवलम्बन गरिनेछ। |
| २.३ | पर्यटकीय पदमार्गहरूको पहिचान तथा निर्माण कार्यलाई अभियानका रुपमा सञ्चालन गर्ने। | २.३.१ | पर्यटकीय पदमार्ग विकास तथा व्यवस्थापन गुरुयोजना तयार गरी स्तरोन्नति, निर्माण तथा व्यवस्थापन कार्यलाई क्रमागत रुपमा अगाडि बढाइनेछ। |
| | | २.३.२ | पदमार्ग निर्माण तथा व्यवस्थापनको लागि समुदाय तथा स्थानीय तहलाई व्यापक रुपमा परिचालन गरिनेछ। |
| | | २.३.३ | ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय ठाउँहरूको प्रवर्द्धन गर्न पदमार्गहरूको निर्माण गरिनेछ। |
| | | २.३.४ | प्राथमिकताका आधारमा पदमार्गको विस्तार तथा स्तरोन्नती गरिनेछ। |
| | | २.३.५ | नयाँ पर्यटक पदमार्ग सञ्चालन र सम्भाव्यता अध्ययन गरिनेछ। |

**प्रमुख कार्यक्रम तथा आयोजना** (सडक, पुल तथा यातायात)

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | | |
| १ | १.१ | १.१.१ | स्थानीय, ग्रामीण तथा कृषि सडक एवम् यातायात व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा नियमन | संख्या | ० | ३ | १०० | १०० | १०० | ० | ० | ३०० | | |
| | | १.१.२ | गाउँपालिकाको यातायात गुरुयोजना कार्यान्वयन | संख्या | १ | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | | |
| | | १.१.३ | वडाकेन्द्रलाई गाउँपालिका केन्द्रसँग जोड्ने मुख्य सडकको स्तरोन्नति तथा ग्रावेल | कि.मी | १ | ५ | १०००० | १०००० | १०००० | १२००० | १२००० | ५४००० | | |
| | | १.१.४ | अति आवश्यक पुलहरूको सम्भाव्यता अध्ययन | संख्या | ० | १ | ३०० | ० | ० | ० | ० | ३०० | | |
| | | | वडामा आवश्यकता र प्राथमिकता अनुसार पक्की पुल र झोलुङ्गे पुलको निर्माण | संख्या | १ | ५ | ५००० | १०००० | १५००० | २०००० | २०००० | ७०००० | | |
| | | १.१.५ | सडक नाली निर्माण गर्ने र पानीको निकासक | संख्या | १ | ५ | २००० | २००० | २००० | २००० | २००० | १०००० | | |
| | | १.१.६ | सडकका मुख्य गन्तव्यहरुमा यात्रु प्रतिक्षालयको रुपमा वर, पिपल वा समीका बोटहरु वृक्षारोपण | संख्या | ० | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | | |
| | | | परम्परागत ढुंगे चौताराहरु निर्माण | संख्या | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | |
| | | १.१.७ | सडक तथा पुल निर्माण गर्नु पूर्व सम्भाव्यता अध्ययन | संख्या | १ | १ | १५० | ० | ० | ० | ० | १५० | | |
| | | | रणनीतिक सडकहरूको विस्तृत परियोजना प्रतिवेदन निर्माण | संख्या | १ | ३ | ५०० | ० | ५०० | ० | ५०० | १५०० | | |
| | | | प्राथमिकता प्राप्त पुलहरूको डिपिआर निर्माण | संख्या | ० | १ | ७०० | ० | ० | ० | ० | ७०० | | |
| | | | प्राथमिकता प्राप्त पुलहरूको निर्माण | संख्या | १ | ३ | ३००० | ० | ३००० | ० | ४००० | १०००० | | |
| | | १.१.८ | आम उपभोक्ताको (लागत) सहभागितामा संरचना निर्माण | संख्या | १ | २ | १०० | ० | ० | ० | १०० | २०० | | |

**प्रमुख कार्यक्रम तथा आयोजना** (सडक, पुल तथा यातायात)

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १.१.९ | उपभोक्ता समितिलाई आयोजनाको प्राविधिक पक्ष (डिजाइन, इस्टिमेट, मापदण्ड, मर्मतसंभार आदि) र व्यवस्थापकीय पक्ष ( उपभोक्ता समिति परिचालन, खरिद प्रक्रिया, जिम्मेवारी बाँडफाँड, रकम निकासा) विषयमा तालिम | संख्या | ० | २ | ० | ४० | ० | ५० | ० | ९० | | |
| | १.२ | १.२.१ | रणनीतिक सडकहरू; बुर्तिबाङ-बोङ्गादोभान-रिक्लाङ-तमान-म्याग्दी सडक निर्माणमा तीव्रता | कि.मी. | १० | २६ | ३०००० | ३०००० | ५०००० | ५०००० | ० | १६०००० | | |
| | | १.२.२ | वडा केन्द्रलाई गाउँपालिका केन्द्रसँग जोड्ने मुख्य-मुख्य सडकहरूलाई उच्च प्राथमिकतामा राखी शीघ्र स्तरोन्नति तथा ग्रावेल | कि.मी. | २० | ४० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | |
| | | १.२.३ | प्रमुख ग्रामीण वस्तीहरू र प्रमुख पर्यटकीय केन्द्र जोड्ने गरी यातायात पहुँच बढाउन सडक विस्तार | कि.मी. | ५ | २० | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | | |
| | | १.२.४ | विकासका निर्माणमा व्यापक जनसहभागित | संख्या | १ | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | | |
| | | | औद्योगिक, व्यवसायिक तथा कृषि क्षेत्र जोड्ने सडक निर्माण | कि.मी. | २ | १० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | |
| | | १.२.५ | कृषि सडकहरूको विस्तार तथा स्तरोन्नति | कि.मी. | २९ | ३४ | १००० | १००० | १००० | १००० | १००० | ५००० | | |
| | | १.२.६ | स्थानीय तहहरु, बजार केन्द्र, ढोरपाटन क्षेत्रसँगको सडक विस्तार | कि.मी. | ८ | १८ | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | | |
| | | १.२.७ | सबै वडा तथा अधिकांश वस्तीहरुमा सडक पहुँच बढाउन पालिका स्तरीय चकीय सडक-***Ring Road*** विकासको सम्भाव्यता अध्ययन | संख्या | १ | १ | ० | ७०० | ० | ० | ० | ७०० | | |

**प्रमुख कार्यक्रम तथा आयोजना** (सडक, पुल तथा यातायात)

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १.३ | १.३.१ | सडक छेउछाउका पहिरो तथा भू-क्षय नियन्त्रण | संख्या | १ | ५ | ३०० | ३०० | ३०० | ३०० | ५०० | १७०० | | |
| | | १.३.२ | स्थानीय तहको श्रम एवम् सीप प्रवर्द्धन | संख्या | १ | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | | |
| २ | २.१ | २.१.१ | सार्वजनिक सवारी साधन चल्ने रुटहरू तय | संख्या | ० | १ | ० | ६० | ० | ० | ० | ६० | | |
| | | २.१.२ | प्रत्येक वडामा कम्तिमा एउटा हेलिप्याड निर्माण | संख्या | ० | ६ | ५०० | ५०० | १००० | ५०० | ५०० | ३००० | | |
| | | २.१.३ | रुट अनुसार सवारी साधनहरूको संख्या र प्रकार निर्धारण | संख्या | ० | १ | ५० | ० | ० | ० | ० | ५० | | |
| | | २.१.४ | अन्तर वडा र गाउँपालिका नाका र यातायात सञ्जाल जोड्ने सडकहरूको विकास | संख्या | ६ | ६ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | |
| | २.२ | २.२.१ | सडकको नियमित मर्मत सम्भारका लागि आधुनिक प्रविधिको उपयोग यान्त्रीकरणमा तथा उपकरण खरिद | संख्या | १ | २ | ० | २००० | ० | २००० | ० | ४००० | | |
| | | २.२.२ | अनुगमनको व्यवस्था | संख्या | १ | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | | |
| | | २.२.३ | Bio-engineering प्रविधि अवलम्बन | संख्या | १ | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | |
| | २.३ | २.३.१ | पर्यटकीय पदमार्ग विकास तथा व्यवस्थापन गुरुयोजना तयार | संख्या | ० | १ | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | | |
| | | २.३.२ | पदमार्ग निर्माण तथा व्यवस्थापनको लागि समुदाय तथा स्थानीय तहलाई परिचालन | संख्या | १ | ५ | ६० | ६० | ६० | ६० | ६० | ३०० | | |
| | | २.३.३ | ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय ठाउँहरूको प्रवर्द्धन गर्न पदमार्गहरूको निर्माण | संख्या | १ | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | | |
| | | २.३.४ | गाउँ वस्ती पदमार्गको विस्तार तथा स्तरोन्नती | संख्या | १ | ५ | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | | |
| | | २.३.५ | नयाँ पर्यटक पदमार्ग सञ्चालन र सम्भाव्यता अध्ययन | संख्या | ० | १ | २०० | ० | ० | ० | ० | २०० | | |

**प्रमुख कार्यक्रम तथा आयोजना** (सडक, पुल तथा यातायात)

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | | |
| जम्मा | | | | - | ९८ | २५३ | ६४९६० | ६७७६० | ९३९६० | ९८९१० | ५१६६० | ३७७२५० | | |

## ६.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | |
| प्रभाव | सहज, सुरक्षित र भरपर्दो सडक तथा यातायात सेवा सडक सञ्जाल स्तरोन्नति तथा सञ्जाल विकास भएको हुने । | | | | | | | | | |
| असर | गाउँपालिकाको सबै वडा केन्द्र, प्रमुख वजार केन्द्र र पर्यटक स्थलहरू तथा छिमेकी स्थानीय तह र ढोरपाटन क्षेत्र सम्म बाह्रै महिना संचालन हुने सडक तथा यातायात पूर्वाधार विकास हुने । | ३० मिनेटसम्मको दुरीमा यातायात पहुँच भएका परिवार | प्रतिशत | ४० | ४५ | ५० | ५७ | ६३ | ६५ | ६५ |
| | | सर्वयाम सडक | प्रतिशत | ५.२५ | १० | १४ | १६ | २० | २५ | २५ |
| | | सडक घनत्व ( कि.मी. /वर्ग कि.मी.) | - | १.०६ | १.०७ | १.१ | १.१५ | १.२० | १.२५ | १.२५ |
| | | यातायात सुचा रू सडक लम्बाइ | प्रतिशत | ५५ | ६० | ६४ | ७० | ७५ | ८० | ८० |
| | | रणनैतिक बुर्तिबाङ-बोङ्गादोभान-रिक्लाङ-तमान-म्याग्दी सडक कालोपत्रे | प्रतिशत | ३९.०६ | ३९.०६ | ५८ | ६५ | ७५ | ९० | ९० |
| प्रतिफल १ | सडक निर्माण कार्यमा स्तरोन्नति तथा मर्मत सम्भारमा प्राथमिकता दिइ कोर नेटवर्कका मुख्य सडकहरूमा बाह्रै महिना यातायात सञ्चालन भएको हुनेछ । | कालो पत्रे सडक | कि.मी | ० | १० | | | | | १० |
| | | ग्राभेल सडक | कि.मी. | ० | गाउँपालिकाको यातायात गुरुयोजना वमोजिम | | | | | ४० |
| | | कच्ची सडक | कि.मी. | १६४.७८ | गाउँपालिकाको यातायात गुरुयोजना वमोजिम | | | | | १२५ |
| | | सडक पुल | संख्या | ३ | गाउँपालिकाको यातायात गुरुयोजना वमोजिम | | | | | ६ |
| | | झोलुङ्गे पुल | संख्या | ५९ | ० | १ | ० | १ | १ | ६२ |
| | | सडक नाली | कि.मी. | ० | गाउँपालिकाको यातायात गुरुयोजना वमोजिम | | | | | ४० |
| | | सबै वडा समेट्ने चक्रपथ निर्माण ***Ring Road*** | कि.मी. | ६९.८७ | गाउँपालिकाको यातायात गुरुयोजना वमोजिम | | | | | ५.२४ |
| | | अन्तर पालिका सडक सञ्जाल विस्तार | कि.मी | | गाउँपालिकाको यातायात गुरुयोजना वमोजिम | | | | | |
| | | नयाँ सडक | कि.मी | ११७.४३ | गाउँपालिकाको यातायात गुरुयोजना वमोजिम | | | | | |
| | | नयाँ पदमार्गको निर्माण | कि.मी | ३१.०७८ | गाउँपालिकाको यातायात गुरुयोजना वमोजिम | | | | | |
| | | वातावरणीय प्रभाव मूल्यांकन/ प्रारम्भिक वातावरणीय परीक्षण भएका सडकहरू , प्याकेजमा | संख्या | ० | ० | १ | ० | ० | १ | २ |
| | | विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार भएका सडकहरू | संख्या | ५ | २ | ३ | २ | २ | २ | १६ |
| | | वायोइन्जिनिरिङ्ग प्रविधी (ग्याभिन) र सडक साइड वृक्षारोपण | प्रतिशत | ८ | १० | १३ | १५ | १७ | १८ | १८ |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | |
| | | यात्रु प्रतिक्षालयको रुपमा वर, पिपल वा समीका बोटहरु वृक्षारोपण | संख्या | ० | १० | ६ | १० | १० | १० | ३६ |
| | | परम्परागत ढुंगे चौताराहरु | संख्या | ० | ६ | ६ | ६ | ६ | ६ | ३० |
| | | नियमित मर्मत संभार भएको सडकको लम्बाइ | कि.मी | | | | | | | |
| | | गाउँपालिकामा संचालित ४ पाङ्गे यातायातका साधन | संख्या | १८ | २ | १ | १ | १ | १ | २४ |
| | | बस तथा प्रतिक्षालय | संख्या | ६ | २ | २ | २ | २ | १ | १५ |
| | | बस तथा जिप पार्क | संख्या | ० | १ | १ | १ | २ | २ | ७ |
| | | हेलिप्याड निर्माण | संख्या | ० | १ | १ | १ | २ | २ | ७ |
| | | ग्यारेज | संख्या | ० | ० | १ | ० | ० | ० | १ |
| **पुष्टयाईको आधार** | | –गाउँपालिकाको वार्षिक प्रतिवेदन<br>–गाउँपालिकाको पार्श्वचित्र , वडा कार्यालय, प्राविधिक शाखा<br>–वार्षिक नीति तथा कार्यक्रम | | | | | | | | |
| **अनुमान तथा जोखिम पक्ष** | | –जनताको माग अनुसार यातायातको व्यवस्थापन भएको हुने,<br>–सडक पूर्वाधारमा लगानी वृद्धि हुने | | | | | | | | |

## ६.३ जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा

### ६.३.१ पृष्ठभूमि

दिगो विकास लक्ष्यले नवीकरणीय उर्जाको विकास गरी आधारभूत आवश्यकता परिपूर्ति गर्नका लागि सुपथ र सुलभ रुपमा भरपर्दो उर्जाको आपूर्ति गर्ने नीति अङ्गीकार गरेको छ। विद्युत तथा वैकल्पिक उर्जाको व्यवस्थापन स्थानीय तहको आर्थिक वृद्धि र आर्थिक रुपान्तरणको लागि महत्वपूर्ण पूर्वाधारका रुपमा रहेको छ। तमानखोला गाउँपालिका क्षेत्रका सबै वडा र वस्तीहरुमा लघु जलविद्युतका परियोजना मार्फत ९८.२८ % घर परिवारमा विद्युत सेवा उपलब्ध रहेको छ भने हाल केन्द्रीय प्रसारण लाइनको विद्युत सेवा बिस्तारको काम भईरहेको छ। नवीकरणीय उर्जा क्षेत्रमा भैरहेका कार्यहरूमा लघु जलविद्युत्, सुधारिएको पानी घट्ट, सौर्य उर्जा, सुधारिएको चुलो आदि रहेका छन्। ९३.२२ प्रतिशत घर परिवारले खाना पकाउन दाउराको प्रयोग गर्दछन्। काठ दाउराको स्रोत सामुदायिक वन तथा निजी वन रहेका छन्। काठ दाउराको प्रयोगका थुप्रै नकारात्मक पक्षहरू मध्ये स्वास्थ्यमा पर्ने असर र वन जङ्गलको विनाश प्रमुख हुन्। दाउराको खपत घटाउदै विद्युत तथा नविकरणिय उर्जाको प्रयोग बढाउदै लग्नुपर्ने छ। वित्तीय उत्प्रेरणा सहितको लगानी नीतिको प्रभावकारी समन्वय र निर्माण क्षमताको अभावले सम्भावित क्षमताको न्यून मात्रामा उत्पादन सम्भव हुन सकेको छ। राष्ट्रिय प्रसारण लाइन पुऱ्याउन सम्भाव्यता नभएका तथा छरिएर रहेका वस्तीहरूमा आधुनिक उर्जाको पहुँच पुऱ्याउन, गाउँ वस्तीहरुमा बढ्दो उर्जा मागको व्यवस्थापन गर्न र परम्परागत तथा आयातित उर्जा माथिको निर्भरतालाई कम गर्न विभिन्न किसिमका नवीकरणीय उर्जाको प्रवर्द्धन, विकास तथा दिगो व्यवस्थापन गरी तमानखोला गाउँपालिकालाई मूल प्रवाहमा ल्याउन जरुरी छ। तमानखोला गाउँपालिका थप लघु जलविद्युतका परियोजना लगायत अन्य आयोजना हरुको समेत सम्भावना रहेको छ। विद्युत् उत्पादन बाहेक वायोग्याँस, वायोमास, वायोइन्धन जस्ता क्षेत्रमा पछिल्ला वर्षहरूमा भएका अध्ययनले निकै उर्जादक्ष र प्रयोगकर्ता मैत्री प्रविधिहरू विकास भैरहेका छन्।

### ६.३.२ समस्या तथा चुनौती

| | समस्याहरु | चुनौती तथा जोखिमहरू |
|---|---|---|
| **जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा** | • सुधाएिको चुल्हो तथा स्वस्थ उर्जाको प्रयोग अवस्था न्यून रहेको,<br>• ग्रामीण क्षेत्रहरुमा उद्योग व्यवसाय सञ्चालन, सिंचाईको लागि प्रयोग गर्न आवश्यक पर्ने थ्रिफेजको विद्युत लाईनको कमी रहेको,<br>• पहिरोले कुला भत्काउने तथा पाइप बगाउने गरेको,<br>• बाढी तथा पहिरो प्रकोप जोखिम युक्त भूबनौट भएको,<br>• विद्युतीकरणका लागि प्रयोग भएका काठका पोलहरू जीर्ण तथा असुरक्षित रहेका ,<br>• वैकल्पिक ऊर्जा विकासमा नीजि क्षेत्र अपेक्षाकृत रूपमा आकर्षित हुन नसक्नु,<br>• वैकल्पिक ऊर्जा बारे खासै प्रयोग नहुनु,<br>• जलस्रोतहरूको संरक्षण तथा उचित व्यवस्थापन नहुनु,<br>• काठ र बाँसको पोलहरू विस्थापन गर्न नसक्नु, | • ९३.२२ प्रतिशत घरधुरीले खाना पकाउन मुख्य इन्धनको रुपमा दाउराको प्रयोग गर्ने गरेका,<br>• विद्युत्का लागि लघु जलविद्युत योजनाहरु मत्र हुनु,<br>• वर्षाको समयमा **Steep Slope** हुनाले मुहान बाढीले बगाउने गरेको,<br>• चट्याङवाट ट्रान्सफरमा क्षति हुने गरेको,<br>• राष्ट्रिय विद्युत् प्रसारण लाइन पुऱ्याउन कठिन भएका र छरिएर रहेका ग्रामीण वस्तीहरूमा सेवा पुऱ्याउनु,<br>• वैकल्पिक ऊर्जा विकासमा नीजि क्षेत्र अपेक्षाकृत रूपमा आकर्षित गर्न,<br>• गुणस्तरीय विद्युत आपुर्तिको व्यवस्था गर्न,<br>• जलस्रोतको उपभोगबाट निम्तिन सक्ने नदि कटान, पहिरो जस्ता जोखिमको व्यवस्थापन गर्न,<br>• वैकल्पिक ऊर्जाको प्रवर्द्धन र विस्तारको लागि सहुलियत ऋण, जोखीम व्यवस्थापनको व्यवस्था गर्न,<br>• बिलासि, बजारीकरण तथा आर्थिक गतिविधिको विस्तारका कारण बढ्दै गएको विद्युतको माग पूरा गर्नु,<br>• खाना पकाउने प्रयोजनकालागि प्रयोग हुने परम्पागत ऊर्जाको स्रोतलाई स्वच्छ र आधुनिक ऊर्जाले प्रतिस्थापन गर्न, |

### ६.३.३ सम्भावना तथा अवसर

| | सबल पक्षहरू | सम्भावना र अवसरहरू |
|---|---|---|
| **जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा** | • तमानखोला गाउँपालिकामा हाल केन्द्रीय प्रसारण लाइनको विद्युत सेवा विस्तारको काम भईरहेको,<br>• जलविद्युत उत्पादनको लागि उपयुक्त भौगोलिक अवस्था र जलस्रोतको उपलब्धता रहेको,<br>• ११ वटा लघु जलविद्युतको उत्पादन क्षमता करिब ३०० कि.वाट रहेको,<br>• गाउँपालिकामा उज्यालोको लागि ९८.२८ % घर परिवारले विद्युतको प्रयोग गर्न गरेको,<br>• विद्युत उर्जाको उपलब्धताले घरेलु उद्योग स्थापनामा सहजता भएको,<br>• जनसमुदायमा ऊर्जाको आवश्यकता बारे चेतना अभिवृद्धि भएको,<br>• सुधारिएको चुलो प्रयोग गर्ने घरधुरीको संख्यामा वृद्धि हुँदै गएको,<br>• प्रशस्त जलस्रोतहरुको उपलब्धता, | • समग्र जलस्रोत तथा नदी व्यवस्थापनको गुरुयोजना निर्माण गरी योजनाबद्ध विकास गर्न सकिने,<br>• ऊर्जा विकासबाट अन्य साना तथा घरेलु उद्योग स्थापना तथा सञ्चालनमा सहजता हुने,<br>• दाउराको खपत कम हुन गई वन जङ्गल संरक्षणमा योगदान हुनु,<br>• वैकल्पिक ऊर्जा मार्फत धुवाँरहित भान्छाको अवधारणा लागू गर्न सकिने,<br>• सिंचाइ तथा खानेपानीको पहुँच पुऱ्याउन सम्भावना नरहेका क्षेत्रमा सौर्य ऊर्जाको प्रयोग गरी लिफ्ट खानेपानीको सञ्चालन गर्न सकिनु,<br>• भौगोलिक विकटता र वस्ती छरिएको भएकाले एकीकृत सेवा प्रदान गर्न गाह्रो हुनु,<br>• खाना पकाउने प्रयोजनका लागि प्रयोग हुने परम्पागत ऊर्जा स्रोतलाई स्वच्छ र आधुनिक ऊर्जाले प्रतिस्थापन गर्नु,<br>• नवीकरणीय उर्जा तथा वैकल्पिक उर्जालाई उचित व्यवस्थापन गरी सदुपयोग गर्न सकिने,<br>• धुवाँ रहित सुधारिएको चुलोको उपयोग,<br>• ऊर्जा विकासबाट भौतिक, आर्थिक तथा सामाजिक संरचनाको विकास भई आर्थिक समुन्नति तथा रोजगारीका अवसरहरू सिर्जना हुने,<br>• ऊर्जा विकासबाट साना तथा घरेलु र ठूला उधोग स्थापना तथा सञ्चालनमा सहजता भै औद्योगिक विकास गर्न सहज हुने,<br>• परम्परागत चुलोलाई आधुनिक उर्जाले विस्थापित गरी दाउरको खपत कम गर्न सकिने, |

### ६.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**सोच**

उज्यालो तमानखोला

**लक्ष्य**

दिगो, वातावरण मैत्री उर्जामा पूर्ण पहुँच स्थापित गर्ने ।

**उद्देश्यहरु**

१. ऊर्जाको उपभोगमा दक्षता बढाई वातावरण-मैत्री, दिगो, भरपर्दो, गुणस्तरीय र स्वच्छ ऊर्जामा सबैको पहुँचमा वृद्धि गर्नु ।

२. परम्परागत ऊर्जाको सट्टामा वैकल्पिक ऊर्जाको प्रयोगमा वृद्धि गर्नु ।

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| उद्देश्य १: ऊर्जाको उपभोगमा दक्षता बढाई वातावरण-मैत्री, दिगो, भरपर्दो, गुणस्तरीय र स्वच्छ ऊर्जामा सबैको पहुँचमा वृद्धि गर्नु । | | | |
| १.१. | ऊर्जाको प्रयोगलाई दिगो, भरपर्दो गुणस्तरीय र प्रभावकारी रूपमा विकास गरी बहुउपयोगी बनाउने । | १.१.१ | विद्युत्सेवा नपुगेका वस्तीहरूमा विद्युतीकरणका लागि थप कार्य अगाडि बढाइनेछ । |
| | | १.१.२ | तत्काल विद्युतीकरण उपलब्ध हुन नसक्ने घरधुरी र काठ दाउराको प्रयोगलाई पूर्णरुपले विस्थापित गर्न वैकल्पिक ऊर्जा जस्तै सौर्य ऊर्जा तथा बायोग्याँस प्रयोग गर्न प्रोत्साहन स्वरुप अनुदान प्रदान गरिनेछ । |
| | | १.१.३ | मागअनुसार आवश्यक **voltage** परिपूर्ति गर्न ट्रान्सफर्मर जडान तथा क्षमता वृद्धि गरिनेछ । |
| | | १.१.४ | विद्युत प्रसारण लाइन विस्तार गर्न विद्युत प्राधिकरणसँग समन्वय निरन्तरता दिईनेछ । |

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| | | १.१.५ | सार्वजनिक संस्था वा स्थानहरू जस्तै अस्पताल, विद्यालय, धार्मिकस्थल, सडक, पर्यटकय स्थल, आदिमा अधारभूत ऊर्जाको नियमित आपूर्ति गर्न सौर्य ऊर्जा जडान गरिनेछ । |
| | | १.१.६ | संगठनात्मक संरचना अनुसार विद्युत जडान गर्ने र मर्मत सम्भार गर्न तालिम प्राप्त दक्ष जनशक्तिको व्यवस्था गरी उनीहरूको क्षमता अभिवृद्धि गरिनेछ । |
| | | १.१.७ | उत्पादित ऊर्जा, वर्तमान तथा भविष्यको माग र आपूर्तिको तथ्याङ्क सङ्कलन गरी डाटाबेस तयार गरिनेछ । |
| | | १.१.८ | निर्माण सम्पन्न भई सञ्चालनमा रहेका लघु तथा साना जलविद्युत आयोजनाको मर्मत सम्भार र संस्थागत विकास गरिनेछ । |
| | | १.१.९ | विद्युतको पहुँच सबै घरपरिवारमा सुनिश्चित गर्ने र काठेपोल विस्थापन कार्यक्रम निरन्तरता दिईनेछ । |
| | | १.१.१० | ऊर्जा विकासबाट साना तथा घरेलु र ठूला उधोग स्थापना तथा सञ्चालनमा सहजता तुल्याईनेछ । |
| १.२ | केन्द्रिय विद्युत प्रशारण लाइन विस्तारमा जोड दिने । | १.२.१ | गाउँपालिकाका सबै घरधुरीलाई केन्द्रिय विद्युत प्रशारण लाइनमा आबद्ध गरिनेछ । |
| | | १.२.२ | केन्द्रिय विद्युत प्रशारण लाइनमा जोडिए पछि माइक्रो हाइड्रोबाट उत्पादित विद्युतलाई मिनि ग्रिड निर्माण गरी केन्द्रिय प्रणालीमा जोडिनेछ । |
| | | १.२.३ | क्षतिग्रस्त र जिर्ण माइक्रो हाइड्रो पुनः निर्माण गरिनेछ । |
| | | १.२.४ | विद्युतको प्रयोगलाई बढाउने तथा परम्परागत इन्धनको रुपमा प्रयोग गर्ने दाउराको निर्भरता घटाइनेछ । |
| उद्देश्य २: परम्परागत ऊर्जाको सट्टामा वैकल्पिक ऊर्जाको प्रयोगमा वृद्धि गर्नु । | | | |
| २.१ | वैकल्पिक ऊर्जा प्रवर्द्धन गर्ने । | २.१.१ | वैकल्पिक ऊर्जा सम्वन्धि नीति, कानुन तथा मापदण्ड तर्जुमा गरिनेछ । |
| | | २.१.२. | खाना पकाउने मुख्य इन्धनको रुपमा काठदाउरा प्रयोग गर्ने घरधुरीहरूलाई निश्चित मापदण्डका आधारमा धुवाँ रहित सुधारिएको चुलोमा अनुदान प्रदान गरिनेछ । |
| | | २.१.३ | वैकल्पिक ऊर्जा उत्पादनको सम्भाव्यता हेरी निजीक्षेत्रलाई आकर्षण गर्ने नीति अवलम्बन गरिनेछ । |
| | | २.१.४ | दाउरा र जैविक उर्जाको प्रयोगलाई कम गर्दै लैजान वायोग्यास, सुधारिएको चुलो, बायो ब्रिकेट, विद्युत, सोलार र एलपिग्यास उपयोगको प्रवर्द्धन एवम् विस्तार गरिनेछ । |
| | | २.१.५ | गरिब तथा विपन्न वर्गसम्म नवीकरणीय ऊर्जा प्रविधिको सुलभ र सरल पहुँच पुऱ्याउन प्रवर्द्धनात्मक र प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ । |
| | | २.१.६ | गाउँपालिकाभित्रको वस्तीमा बायो ग्यास तथा सुधारिएको चुलो जडान गरी धुवाँ मुक्त घर वा वस्ती बनाउने कार्य अगाडी वढाइनेछ । |
| | | २.१.७ | दाउरा प्रयोगलाई पूर्णरूपमा वैकल्पिक उर्जा तथा विद्युतीय ऊर्जाको प्रयोगले विस्थापित गर्न दाउरा प्रयोगका नकारात्मक असरबारे जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । |

**प्रमुख कार्यक्रम तथा आयोजना** (जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा)

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | | |
| १ | १.१ | १.१.१ | विद्युत्सेवा नपुगेका वस्तीहरूमा विद्युतीकरण | संख्या | ० | २ | २०० | २०० | ० | ० | ० | ४०० | | |
| | | १.१.२ | वैकल्पिक ऊर्जा जस्तै सौर्य ऊर्जा तथा बायोग्याँस प्रयोग गर्न प्रोत्साहन अनुदान | संख्या | ० | ३ | १०० | ० | १०० | ० | १०० | ३०० | | |
| | | १.१.३ | आवश्यकताका आधारमा ट्रान्सफर्मर जडान | संख्या | ० | ३ | ४०० | ० | ४०० | ० | ४०० | १२०० | | |
| | | १.१.४ | विद्युत प्राधिकरणसँग समन्वय गरी विद्युत प्रसारणलाईन विस्तार | संख्या | ० | २ | ३०० | ३०० | ० | ० | ० | ६०० | | |
| | | १.१.५ | सार्वजनिक संस्था वा स्थानहरू जस्तै अस्पताल, विद्यालय, धार्मिकस्थल, सडक, पर्यटकय स्थल, आदिमा अधारभूत ऊर्जाको नियमित आपूर्ति गर्न सौर्य ऊर्जा जडान | संख्या | ० | ४ | १५० | १५० | १५० | १५० | १५० | ७५० | | |
| | | १.१.६ | दक्ष जनशक्ति उत्पादन, विद्युत जडान गर्ने र मर्मत सम्भार तालिम तथा क्षमता अभिवृद्धि | संख्या | ० | ३ | ५० | ५० | ५० | ० | ० | १५० | | |
| | | १.१.७ | उत्पादित ऊर्जा, वर्तमान तथा भविष्यको माग र आपूर्तिको तथ्याङ्क सङ्कलन तथा डाटाबेस तयार | संख्या | ० | १ | ० | ३०० | ० | ० | ० | ३०० | | |
| | | १.१.८ | विद्यमान लघु तथा साना जलविद्युत आयोजनाको मर्मत सम्भार | संख्या | ० | ३ | ३०० | ३०० | ३०० | ० | ० | ९०० | | |
| | | १.१.९ | काठेपोल विस्थापन कार्यक्रम | संख्या | ० | ५० | २०० | २०० | २०० | २०० | २०० | १००० | | |
| | | १.१.१० | ऊर्जा विकासबाट साना तथा घरेलु र ठूला उधोग स्थापना तथा सञ्चालनमा अनुदान | संख्या | ० | ३ | ० | २०० | २०० | ३०० | ० | ७०० | | |

**प्रमुख कार्यक्रम तथा आयोजना** (जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा)

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | | |
| | १.२ | १.२.१ | गाउँपालिकाका सबै घरधुरीलाई केन्द्रिय विद्युत प्रशारण लाइनमा आबद्ध | संख्या | ० | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | |
| | | १.२.२ | माइक्रो हाइड्रोबाट उत्पादित विद्युतलाई मिनि ग्रिड निर्माण गरी केन्द्रिय प्रणालीमा जडान | संख्या | ० | १ | ० | ० | ३०० | ० | ० | ३०० | | |
| | | १.२.३ | क्षतिग्रस्त र जिर्ण माइक्रो हाइड्रो पुन: निर्माण | संख्या | ० | २ | १००० | ० | १००० | ० | ० | २००० | | |
| | | १.२.४ | विद्युत वितरण प्रणाली सुदृढीकरण | संख्या | ० | १ | ० | ३०० | ० | ० | ० | ३०० | | |
| २ | २.१ | २.१.१ | वैकल्पिक ऊर्जा सम्वन्धि नीति, कानुन तथा मापदण्ड तर्जुमा | संख्या | ० | १ | १०० | ० | ० | ० | ० | १०० | | |
| | | २.१.२ | सुधारिएको चुलोमा अनुदान | संख्या | ० | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | |
| | | २.१.३ | वैकल्पिक ऊर्जा उत्पादनमा निजी क्षेत्रसँग सहकार्य गर्न अन्तरक्रिया | संख्या | ० | २ | ५० | ० | ५० | ० | ० | १०० | | |
| | | २.१.४ | विद्युत ऊर्जा तथा वैकल्पिक ऊर्जा प्रयोग गर्नका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन | संख्या | ० | २ | ० | १०० | ० | १०० | ० | २०० | | |
| | | २.१.५ | गरिब तथा विपन्न वर्गसम्म नवीकरणीय ऊर्जा प्रविधिको सुलभ र सरल पहुँच अनुदान | संख्या | ० | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | | |
| | | २.१.६ | वस्तीमा बायोग्यास तथा सुधारिएको चुलो जडान | संख्या | ० | ५ | २५० | २५० | २५० | २५० | २५० | १२५० | | |
| | | २.१.७ | दाउरा प्रयोगका नकारात्मक असरबारे जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन | संख्या | ० | ३ | १०० | १०० | १०० | ० | ० | ३०० | | |
| जम्मा | | | | - | - | १०६ | ४४०० | ३६५० | ४३०० | २२०० | २३०० | १६८५० | | |

## ६.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | |
| **प्रभाव** | दिगो, वातावरण मैत्री तथा उज्यालो तमानखोला भएको हुने । | | | | | | | | | |
| **असर** | विद्युत तथा वैकल्पिक ऊर्जाको उत्पादन र उपभोगमा ऊर्जा दक्षता बढाई वातावरण -मैत्री, दिगो, भरपर्दो, गुणस्तरीय र स्वच्छ ऊर्जामा सबैको पहुँचमा वृद्धि हुने । | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ९८.२८ | १०० | १०० | १०० | १०० | १०० | १०० |
| | | लघु जलविद्युत् उत्पादन ( जडित क्षमता) | कि.वाट | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३०० |
| | | प्रतिव्यक्ति विद्युत् उपभोग, प्रति दिन | युनिट | ०.२ | ०.३ | ०.४ | ०.४२ | ०.४५ | ०.५ | ०.५ |
| | | सौर्य ऊर्जा तथा बायोग्याँस | प्रतिशत | ०.६९ | १ | २ | ३ | ४ | १० | १० |
| **प्रतिफल १** | उर्जा विकास सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन भएको हुनेछ । | उर्जा सम्भाव्यता अध्ययन | संख्या | ० | ० | ० | १ | ० | ० | १ |
| | | दक्ष जनशक्ति उत्पादन, विद्युत जडान गर्ने र मर्मत सम्भार तालिम | संख्या | ० | ० | १ | ० | ० | १ | २ |
| | | काठेपोल विस्थापन | संख्या | ५० | -१० | -१० | -१० | -१० | -१० | ० |
| **प्रतिफल २** | घरघरमा सुधारिएको चुल्हो तथा वायोग्याँस प्रयोगलाई प्राथमिकता दिई दाउरा बालने अभ्यासलाई न्यूनीकरण गर्न वैकल्पिक उर्जाको विकास भएको हुनेछ । | सुधारिएको उर्जा (एलपि) प्रयोग गर्ने घरधुरी | प्रतिशत | ६.६६ | ७ | ८.५ | १० | १५ | ३५ | ३५ |
| | | सुधारिएको वा धुवारहित चुल्हो जडान भएका परिवार | प्रतिशत | २५ | ३४ | ४० | ४८ | ६० | ७० | ७० |
| | | खाना पकाउन ठोस इन्धन (दाउरा आदि) प्रयोग गर्ने परिवार | प्रतिशत | ९३.२२ | ९३ | ९१.५ | ९० | ८५ | ६५ | ६५ |
| | | सोलार उर्जा प्रयोग गर्ने घरधुरी | प्रतिशत | ०.६९ | १ | २ | ३ | ४ | १० | १० |
| **प्रतिफल ३** | वडाहरू सबैमा केन्द्रीय विद्युत प्रसारणबाट विद्युत आपूर्तिको व्यवस्था गरी विद्युत सेवा सुविधालाई भरपर्दो र नियमित आपूर्तिको व्यवस्था मिलाइएको हुनेछ । | थ्री फेज लाइनको बिस्तार | प्रतिशत | ० | २ | ७ | ८ | ९ | ११ | ११ |
| | | राष्ट्रिय प्रसारण लाइन मार्फत विद्युतीकरण भएको परिवार | प्रतिशत | २ | ५ | ८ | ९ | १० | १२ | १२ |
| | | ट्रान्सफर्मर जडान | संख्या | | | | | | | |
| **पुष्टयाईको आधार** | | -गाउँपालिकाको वार्षिक प्रतिवेदन गाउँपालिकाको पार्श्वचित्र , वडा कार्यालय<br>-वार्षिक नीति तथा कार्यक्रम<br>-प्राविधिक शाखा | | | | | | | | |
| **अनुमान तथा जोखिम पक्ष** | | -सम्वन्धित कार्यलयहरूले आफूलाई समसामयिक अध्यावधिक गरेको हुने,<br>-उर्जा पूर्वाधारमा लगानी वृद्धि हुने | | | | | | | | |

## ६.४ सूचना, सञ्चार तथा प्रविधि

### ६.४.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ धारा २७ ले सूचना तथा धारा १९ ले सञ्चार सम्बन्धी हकलाई मौलिक हकको रूपमा उल्लेख गरेको छ । बदलिदों परिवेश तथा त्यसबाट सिर्जित चुनौती सामना गर्न तथा सिर्जित अवसरहरू प्रभावकारी रूपले उपयोग गकर्न तदनुरूपको नीतिगत, कानुनी, संस्थागत व्यवस्था तथा रणनैतिक उपायहरू अवलम्वन गर्नुपर्ने आवश्यकता महशुस गरी एकिकृत सूचना तथा सञ्चार प्रविधि नीति २०७२ तर्जुमा गरिएको छ । तमानखोला गाउँपालिकाका सबै वडा कार्यालयहरू, बजार क्षेत्रमा इन्टरनेट सेवा उपलब्ध हुनुका साथै नेपाल टेलिकम तथा एनसेलले मोबाइल फोन सेवा प्रदान गरेका छन् भने चालु अवस्थामा रहेका नेटवर्क कभरेज कमजोर रहेको छन् । वर्तमान अवस्थामा गाउँपालिकामा रेडियो, एफ एम, टेलिभिजन तथा विभिन्न Social Media माध्यमबाट सर्वसाधारणको सञ्चारमा पहुँच विस्तार हुँदै गएको छ । इमेल, इन्टरनेट सेवाको उपयोग सरकारी र निजी क्षेत्रमा भन्दा खासगरी अन्तराष्ट्रिय गैरसरकारी संघ/संस्थाहरुले बढी मात्रामा गरेका छन् । रेडियो, टेलिभिजन, कम्प्यूटर, मोबाइल फोन जस्ता अत्यावश्यक सेवा सुविधाहरूको पहुँच एवम् सूचना तथा संचार विकास दिनानुदिन बढ्दै गइरहेको छ भने सबैभन्दा धेरै ७७.६३ % घरधुरीको पहुँचमा मोबाइल फोन पुगेको छ । ६२.४७ % घरधुरीमा कम्तीमा एक थान स्मार्ट मोबाइल फोन, ४६.८४ % रेडियो, ३०.९५% घरधुरीमा टेलिभिजनको पहुँच रहेको छ । ९७ घरधुरीमा कम्प्यूटर (डेक्स्टप वा ल्यापटप) रहेको छ । ३१.९४ % परिवारले इन्टरनेट प्रयोग गर्ने गर्दछन् भने ५९% घरधुरीले मोबाइल डाटाको माध्यमवाट इन्टरनेट प्रयोग गर्ने गरेका छन् । गाउँपालिकाले अनलाइन वेवसाइटमार्फत तथा अन्य प्रविधिमा आधारित सूचनाहरू गाउँपालिका बासीहरूलाई उपलब्ध गराउदै आइरहेको छ । निजी क्षेत्रमा विभिन्न इन्टरनेट सेवा प्रदायक संस्थाहरूले इन्टरनेट सेवा प्रदान गर्दै आएका भए तापनि इन्टरनेट प्रविधिको अवस्था कमजोर रहेकोले विस्तार र गुणस्तर सुधार गर्नु जरुरी छ । प्रविधिको व्यापक प्रयोगबाट कानुनको शासन, भ्रष्टाचारमूक्त र चुस्त प्रशासन, विकेन्द्रिकरण, आर्थिक अनुशासन तथा सार्वजनिक सेवा प्रवाह र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात गरी सर्वसाधारणले पाउनु पर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढङ्गबाट प्रदान गर्न सकिन्छ । गाउँपालिकाका सबै वडाहरुमा सेवा प्रवाहलाई चूस्त र प्रभावकारी बनाउन गाउँपालिका अन्तर्गतका कार्यालयहरुमा इण्टरनेट सेवाको व्यवस्था, स्वास्थ्य चौकी, विद्यालयहरु, सार्वजनिक सेवा प्रदायकहरुमा सूचना प्रविधिको व्यवस्था, सूचना तथा तथ्यांङहरु कम्प्युटरकृत गर्ने, विभिन्न विषयगत क्षेत्र, उपक्षेत्रहरुमा सूचना केन्द्रहरुको व्यवस्था, सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको व्यवस्था हुनु आवश्यक छ । आर्थिक विकासका लागि सूचना तथा सञ्चारको विकास पनि अत्यावश्यक भएका कारण यस गाउँपालिकामा सूचना तथा सञ्चारको विकासका लागि विभिन्न कार्यक्रमहरू गर्नुपर्ने आवश्यकता छ ।

### ६.४.२ समस्या तथा चुनौती

| | समस्याहरु | चुनौती तथा जोखिमहरू |
|---|---|---|
| **सूचना, सञ्चार तथा प्रविधि** | • पर्याप्त मात्रामा टेलिफोन तथा मोबाइल टावरहरू नभएकाले **Network coverage** प्रभावकारिता नभएको,<br>• केही स्थानहरूमा मोबाइल नेटवर्क अनियमित तथा ज्यादै कमजोर भएकाले सेवा प्रयोग एवम् वडा कार्यालयको सेवा प्रवाहमा समेत बाधा पुगेको,<br>• सबै वडा कार्यालय, स्वास्थ्य केन्द्र, तथा विद्यालयहरुमा इन्टरनेट पहुँच नहुनु,<br>• सबै विद्यालय, स्वास्थ्य संस्था सेवा केन्द्र, सामुदायिक सेवा केन्द्र र वडा कार्यालयमा इन्टरनेट सुविधा उपलब्ध हुन नसकेका ,<br>• उपलब्ध भएका केन्द्र र कार्यालयमा सेवाको गुणस्तर कमजोर रहेको,<br>• गाउँपालिकाको वेबसाईट चुस्त नहुनु,<br>• स्थानीय पत्रिका वा रेडियो जस्ता सञ्चार माध्यम नहुनु, | • जनसंख्याको वितरण अनुसार सञ्चार सेवा उपलब्ध गराउन,<br>• गाउँपालिका भित्र सूचना तथा सञ्चार पहुँचको एकिकृत र अद्यावधिक विवरण तयार पार्नु र सञ्चार माध्यमहरूलाई ग्रामीण भेगसम्म विस्तार गर्नु,<br>• सञ्चारको साधन प्रयोगमा सबै जनताको पहुँच बनाउन,<br>• सेवा प्रवाहलाई विद्युतीय प्रणालीमा आधारित बनाउन,<br>• विद्यालय, स्वास्थ्य संस्था र वडा कार्यालयहरुमा पावर व्याकअपसहित सूचना प्रविधिमा आधारित सेवा सुचारु गर्न,<br>• यूवा जनशक्तिबाट सूचना प्रविधिको गलत प्रयोग हुन सक्ने,<br>• सामाजिक सञ्जालको वृद्धिसँगै यसमा बढ्दै गएको दुरूपयोग नियन्त्रण गर्नु,<br>• इन्टरनेटको पहुँच पुगे पनि प्रयोग गर्न नसकेको वा नजानेको,<br>• साइवर सुरक्षा सम्वन्धी संस्थागत संरचना तयार गरी आम जनतामा यस सम्वन्धी जनचेतना अभिवृद्धि गर्ने कार्य,<br>• सञ्चार माध्यमहरूलाई विश्वसनीय र जवाफदेही बनाउँदै गुणस्तरीय सेवा प्रदायकका रुपमा विकास गर्नु, |

| | समस्याहरु | चुनौती तथा जोखिमहरू |
|---|---|---|
| | • २२.३७ % घरपरिवारसँग मोबाइल फोन समेत पहुँच नभएको,<br>• ७० प्रतिशत घरपरिवारमा कम्प्युटर, इन्टरनेट र टेलिभिजनको पहुँच नभएको,<br>• वस्ती स्थानहरुमा मोबाइल टेलिफोन सेवाको गुणस्तरीयता कमजोर रहेको,<br>• विद्युत प्रसारण भरपर्दो नहुनु,<br>• सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको पर्याप्त उपयोग हुन नसकेको,<br>• सूचना तथा सञ्चारको संरचनागत विकासका पूर्वाधारमा कमी,<br>• हुलाक सेवालाई विविधीकरण गर्न नसक्नु, | • साइवर सुरक्षा सम्बन्धी संस्थागत संरचना तयार गरी आम जनतामा यस सम्बन्धी जनचेतना अभिवृद्धि गर्न,<br>• सूचना तथा सञ्चार सम्बन्धी नीतिगत एवम् कानुनी रिक्तता पुरा गर्नु,<br>• अप्टिकल फाइबरबाट इन्टरनेट सेवा विस्तार गर्नु,<br>• सूचना तथा सञ्चार क्षेत्रमा विकसित नवीनतम प्रविधि समय सापेक्ष प्रयोग गर्नु,<br>• भौगोलिक विकटताको कारण सूचना तथा सञ्चार प्रविधिको विस्तारलाई द्रुतता दिन,<br>• सूचना तथा सञ्चार क्षेत्रमा विकसित नवीनतम प्रविधि समय सापेक्ष प्रयोगमा ल्याउने कार्य,<br>• ऐतिहासिक महत्वका वस्तु र सेवाहरूलाई डिजिटल अर्काइभमा सुरक्षित राख्ने कार्य,<br>• समग्र गाउँपालिकामै सञ्चार क्षेत्रको क्षमता अभिवृद्धि गर्नुपर्ने, |

## ६.४.३ सम्भावना तथा अवसर

| | सबल पक्षहरू | सम्भावना र अवसरहरू |
|---|---|---|
| **सूचना, सञ्चार तथा प्रविधि** | • गाउँपालिका भित्रका सुचनाहरु **Website** मार्फत प्रकाशित गरिएको,<br>• सार्वजनिक निकायका काम कारबाहीका बारेमा नागरिकलाई जानकारी गराउने सामाजिक सञ्जालको विकास हुँदै जानु,<br>• बहुसंख्यक जनताको हातमा ईन्टरनेट सहितको मोवाइल सेवा,<br>• सार्वजनिक निकायका काम कारबाहीका बारेमा नागरिकलाई जानकारी गराउने सामाजिक सञ्जालको विकास हुँदै जानु,<br>• इन्टरनेट लगायत आधुनिक सूचना प्रविधिको प्रयोग तथा विकासमा स्थानीय युवा साथै बुद्धिजीवीहरू उत्सुक हुँदै जानु,<br>• गाउँपालिका भित्रका वडा कार्यालय, विद्यालय र स्वास्थ्य सेवाका लागि ईन्टरनेट सहितको सेवा उपलब्ध रहेको, | • प्रशासनिक लगायत दैनिक कामकाजका लागि आधुनिक सूचना प्रविधिको प्रयोग मार्फत सहज एवम् चुस्त बनाउन सकिने,<br>• स्थानीय सञ्चार माध्यम स्थापना गर्न सकिने ,<br>• सोसियल मिडियको उच्चतम प्रयोग गरि जनतालाई सुसुचित गर्न सकिने ,<br>• सञ्चारको माध्यमबाट गाउँपालिकाको पर्यटकीय सम्भावनालाई प्रचार प्रसार गर्न सकिने,<br>• पर्यटकीय, कला, भाषा तथा संस्कृतिको दृष्टिकोणले महत्वपूर्ण स्थलहरूको संरक्षण एवम् प्रवर्द्धन गर्न सकिने<br>• आकर्षक भू-वातावरण तथा भूवनोटको प्रचुर उपयोग गरी सूचना प्रविधिको अधिकतम विकास गर्न सकिने,<br>• विद्यालय, र स्वास्थ्य केन्द्र लगायत सम्पूर्ण सार्वजनिक संस्थाहरूको कार्य प्रणालीलाइ सूचना प्रविधिको प्रयोगबाट थप चुस्त दुरूस्त र प्रभावकारी बनाउन सकिने,<br>• सूचना तथा सञ्चार प्रविधिलाई विद्यमान योजना तथा नीति अनुरूप गाउँपालिकालाई सूचना तथा सञ्चार प्रविधि मैत्री बनाउन सकिने,<br>• सूचना तथा सञ्चार सम्बन्धी स्तरीय सेवा प्रदान गर्ने,<br>• डिजिटल साक्षरता बढाउदै लैजाने,<br>• सञ्चार क्षेत्रको क्षमता अभिवृद्धि गर्न सकिने,<br>• पर्याप्त मात्रामा टेलिफोन तथा मोबाइल टावरहरू निर्माण गर्न सकिने,<br>• डिजिटल नागरिक वडा पत्र र सूचना पाटीहरूको निर्माण तथा जडान गर्न सकिने, |

## ६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**सोच**

सूचना तथा सञ्चारको गुणस्तरीय सेवाहरूमा सबै वर्गको पहुँच

**लक्ष्य**

सूचना तथा आमसञ्चार प्रविधिमा नागरिकको पहुँच तथा उच्चतम उपयोग सुनिश्चित गरी आमनागरिकको जीवनस्तरलाई सहज बनाउने ।

**उद्देश्यहरु**

१. सूचना तथा सञ्चार प्रविधिको सेवालाई सर्वसुलभ, गुणस्तरीय र भरपर्दो बनाई प्रविधिको उच्चतम सेवा प्रयोग गर्नु ।

२. सम्पूर्ण नागरिकहरूको इन्टरनेट सेवामा सर्वसुलभ तथा नियमित पहुँच स्थापना गरी सूचना प्रविधिको उच्चतम सेवा प्रयोग गर्नु ।

३. आम सञ्चार माध्यमलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, विश्वसनीय बनाई स्थानीय तहमा सूचना तथा सञ्चार प्रविधि र सेवाहरू शतप्रतिशत सबै नागरिकको पहुँचमा पुर्याउनु ।

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| उद्देश्य १: सूचना तथा सञ्चार प्रविधिको सेवालाई सर्वसुलभ, गुणस्तरीय र भरपर्दो बनाई प्रविधिको उच्चतम सेवा प्रयोग गर्नु । | | | |
| १.१. | सूचना प्रविधिका पूर्वाधारहरूको निर्माण गर्ने । | १.१.१ | मोबाइल नेटवर्क कभरेज प्रभावकारीतामा ल्याउन आवश्यकतानुसार मोबाइल टावरहरूको थप र विस्तार तथा गुणस्तर सुधार गर्न नेपाल टेलिकम र एनसेलसँग पहल गरिनेछ । |
| | | १.१.२ | मोबाइल टावरहरूमा विद्युतको नियमित रुपमा आपूर्ति गर्न आवश्यक व्यवस्था मिलाइनेछ । |
| | | १.१.३ | डिजिटल नेपाल फ्रेमवर्क २०७६ अन्तर्गतका सम्पूर्ण कार्यक्रमहरु सञ्चालन गरिनेछ । |
| | | १.१.४ | सूचना प्रवाहमा सरलताको लागि डिजिटल बोर्ड साथै डिजिटल नागरिक वडापत्रको सुरुवात गरी मोबाइल एप बाटै गुनासो र उजुरी लिने व्यवस्था गरिनेछ |
| १.२ | आमसञ्चारको पहुँच विस्तार गर्ने । | १.२.१ | वडा कार्यालयहरू सूचना प्रविधिमैत्री बनाइनेछ । |
| | | १.२.२ | एफएम रेडियोसँग सहकार्य गरी स्थानीय भाषामा सूचना तथा समाचार तयार गरेर बजाइनेछ । |
| | | १.२.३ | साइबर सुरक्षासम्बन्धी जनचेतना अभिवृद्धि गरिनेछ । |
| | | १.२.४ | सूचना प्रविधि क्षेत्रको विकासकालागि नीजि क्षेत्रलाई प्रोत्साहन र प्रवर्द्धन गर्न सहजिकरण गरिनेछ । |
| | | १.२.५ | कला संस्कृतिको पहिचानमा जोड दिई मौलिक, सामाजिक तथा गुणस्तरीय लघु चलचित्र तथा डकुमेन्ट्री निर्माणलाई प्रोत्साहन गरिनेछ । |
| उद्देश्य २: सम्पूर्ण नागरिकहरूको इन्टरनेट सेवामा सर्वसुलभ तथा नियमित पहुँच स्थापना गरी सूचना प्रविधिको उच्चतम सेवा प्रयोग गर्नु । | | | |
| २.१ | इन्टरनेट सेवाको पहुँच अभिवृद्धि गर्ने | २.१.१ | गाउँपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयमा उपलब्ध इन्टरनेटको क्षमता वृद्धि गरी सेवाको विस्तार तथा गुणस्तरमा सुधार गरिनेछ । |
| | | २.१.२. | सबै विद्यालय, स्वास्थ्य संस्था र प्रमुख टोलहरुमा इन्टरनेट सेवा नियमित तथा सुचारु गरिनेछ । |
| | | २.१.३ | कार्यपालिका कार्यालय, वडा कार्यालय, विद्यालय र स्वास्थ्य संस्था मुख्य बजारमा सिसिटिभी क्यामेरा जडान गरिनेछ । |
| उद्देश्य ३: आम सञ्चार माध्यमलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, विश्वसनीय बनाई स्थानीय तहमा सूचना तथा सञ्चार प्रविधि र सेवाहरू शतप्रतिशत सबै नागरिकको पहुँचमा पुर्याउनु । | | | |
| ३.१ | सूचना तथा सञ्चार सेवालाई प्रतिस्पर्धी, मर्यादित सर्वसुलभ तथा नियमित पहुँचको स्थापना गरी सूचना प्रविधिको उच्चतम सेवा प्रयोग गर्ने । | ३.१.१ | टेलिफोन टावरको संख्या र क्षमता वृद्धि गर्न टेलिकम सेवा प्रदायकसँग समन्वय र पैरवी गरिनेछ । |
| | | ३.१.२ | विद्यालय तथा स्वास्थ्य संस्थाहरुमा इन्टरनेट सुविधा जडान गर्ने र सूचना प्रविधिमा आधारित भई पठनपाठन र स्वास्थ्य सेवा प्रवाहको व्यवस्था गरिनेछ । |
| | | ३.१.३ | स्थानीय नीति, कानून, नियम र कार्यविधि, निर्णय, विकास कार्य सञ्चालन, उपलब्धी, सफल अभ्यास बारे पत्रकार संवाद, पत्रपत्रिका, रेडियो र टिभिमा नियमित प्रकाशन र प्रसारणको व्यवस्था गरिनेछ । |
| | | ३.१.४ | इन्टरनेट प्रदायक कम्पनीहरुसँग समन्वय गरी सेवालाई व्यवस्थित र नियमित गरिनेछ । |
| | | ३.१.५ | कम्पयुटरको प्रयोगमा वृद्धि गरी क्रमश कागजरहित गाउँपालिकाको रुपमा विकसित गर्दै लगिनेछ । |
| | | ३.१.६ | गाउँपालिका, स्थानीय सरकारी कार्यालयहरु र वडाहरु आदिमा सूचना सञ्जालीकरण गरिनेछ । |
| | | ३.१.७ | गाउँपालिकाका सबै वडा तथा सार्वजनिक स्थानहरुमा इन्टरनेटको पहुँच सर्वसुलभ बनाइनेछ । |
| | | ३.१.८ | गाउँपालिकाका सम्पूर्ण क्रियाकलापहरूलाई सूचना प्रविधि मैत्री बनाई सबैकालागि सहज एवम् सर्वसुलभ सेवाको सुनिश्चितता गरिनेछ । |
| | | ३.१.९ | सञ्चार क्षेत्रकालागि विद्यमान भौतिक संरचनामा आवश्यकता अनुसार थप संरचना विस्तार गरिनेछ । |
| ३.२ | सूचनामा सम्पूर्ण नागरिकहरूको पहुँच र सञ्चार प्रविधिको उच्चतम प्रयोगको सुनिश्चितता गर्ने । | ३.२.१ | सबै वडाहरूमा डिजिटल सूचना पाटीको व्यवस्था गरी सम्पूर्ण सूचना, क्रियाकलाप तथा गतिविधिहरूका बारेमा सुसूचित हुने अधिकारको सुनिश्चितता गरिनेछ । |
| | | ३.२.२ | गाउँपालिकाका सम्पूर्ण क्रियाकलापहरूलाई सूचना प्रविधि मैत्री बनाई सबैका लागि सहज एवम् सर्वसुलभ सेवाको सुनिश्चितता गरिनेछ। सञ्चार क्षेत्रका लागि विद्यमान भौतिक संरचनामा आवश्यकता अनुसार थप संरचना विस्तार गरिनेछ । |

**प्रमुख कार्यक्रम तथा आयोजना** (सूचना, सञ्चार तथा प्रविधि)

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १.१ | १.१.१ | नेपाल टेलिकम र एनसेलसँग समन्वय गरी आवश्यक स्थानमा टावरहरू निर्माण | संख्या | २ | ४ | २०० | २०० | ० | ० | ० | ४०० | | |
| | | १.१.२ | निजी क्षेत्रसँगको सहकार्यमा आम सञ्चार पूर्वाधार निर्माण | संख्या | २ | ४ | २०० | २०० | ० | ० | ० | ४०० | | |
| | | १.१.३ | सञ्चार सेवा नपुगेका वस्ती तथा सार्वजनिक स्थलहरूमा प्राथमिकताका साथ विस्तार | संख्या | ० | ५ | १५० | १५० | १५० | १५० | १५० | ७५० | | |
| | | १.१.४ | डिजिटल बोर्ड साथै डिजिटल नागरिक वडापत्रको सुरुवात | संख्या | १ | ६ | २५० | २५० | २५० | २५० | २५० | १२५० | | |
| | | | मोबाइल एप गुनासो र उजुरी लिने व्यवस्था | संख्या | ० | | | | | | | ० | | |
| | १.२ | १.२.१ | विद्युतीय सूचना पूर्वाधार निर्माण | संख्या | ० | १ | ० | ४०० | ० | ० | ० | ४०० | | |
| | | १.२.२ | एफएम रेडियोसँग सहकार्य गरी स्थानीय भाषामा सूचना तथा समाचार तयार | संख्या | ० | १ | ० | ० | १५० | ० | ० | १५० | | |
| | | १.२.३ | साइबर सुरक्षासम्बन्धी जनचेतना अभिवृद्धि | संख्या | ० | ३ | ५० | ० | ५० | ० | ५० | १५० | | |
| | | | स्थानीय स्तरमा सूचना तथा समाचार उत्पादन तथा प्रसारण | संख्या | ० | ३ | ० | १०० | ० | १०० | १०० | ३०० | | |
| | | १.२.४ | सूचना प्रविधि क्षेत्रको विकासका लागि नीजि क्षेत्रलाई प्रोत्साहन र प्रवर्द्धन | संख्या | १ | १ | ० | ३०० | ० | ० | ० | ३०० | | |
| | | १.२.५ | लघु चलचित्र तथा डकुमेन्ट्री निर्माण | संख्या | ० | १ | ० | ० | ३०० | ० | ० | ३०० | | |
| २ | २.१ | २.१.१ | गाउँपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयमा उपलब्ध इन्टरनेटको क्षमता वृद्धि गरी सेवाको विस्तार तथा गुणस्तरमा सुधार | संख्या | ० | २ | ३०० | ३०० | ० | ० | ० | ६०० | | |
| | | २.१.२ | सबै विद्यालय, स्वास्थ्य संस्था र प्रमुख टोलहरुमा इन्टरनेट सेवा नियमित तथा सुचारु | संख्या | १ | १ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | |

**प्रमुख कार्यक्रम तथा आयोजना** (सूचना, सञ्चार तथा प्रविधि)

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २.१.३ | कार्यपालिका कार्यालय, वडा कार्यालय, विद्यालय र स्वास्थ्य संस्था मुख्य बजारमा सिसिटिभी क्यामेरा जडान | संख्या | ० | १ | ५०० | ५०० | ५०० | ५०० | ० | २००० | | |
| ३ | ३.१ | ३.१.१ | टेलिफोन टावरको संख्या र क्षमता वृद्धि गर्न टेलिकम सेवा प्रदायकसँग समन्वय र पैरवी | संख्या | ० | २ | २०० | २०० | ० | ० | ० | ४०० | | |
| | | ३.१.२ | विद्यालय तथा स्वास्थ्य संस्थाहरुमा इन्टरनेट सुविधा जडान गर्ने र सूचना प्रविधिमा आधारित भई पठनपाठन र स्वास्थ्य सेवा | संख्या | ३६ | ४५ | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | | |
| | | ३.१.३ | सूचना प्रविधि तालिम संचालन | संख्या | ० | १ | १४० | १४० | १४० | ० | ० | ४२० | | |
| | | ३.१.४ | इन्टरनेट प्रदायक कम्पनीहरुसँग समन्वय | संख्या | ० | १ | २० | ० | ० | ० | ० | २० | | |
| | | ३.१.५ | कागजरहित गाउँपालिका | संख्या | ० | १ | ५०० | ५०० | ० | ० | ० | १००० | | |
| | | ३.१.६ | गाउँपालिका, स्थानीय सरकारी कार्यालयहरु र वडाहरु आदिमा सूचना सञ्जालिकरण | संख्या | १ | १ | १६० | १६० | १६० | ० | ० | ४८० | | |
| | | ३.१.७ | गाउँपालिकाका सबै वडा तथा सार्वजनिक स्थानहरुमा इन्टरनेट | संख्या | १ | १ | १०० | १०० | ० | ० | ० | २०० | | |
| | | ३.१.८ | सूचना प्रविधि मैत्री गाउँपालिका | संख्या | १ | १ | ५० | ५० | ० | ५० | ० | १५० | | |
| | | ३.१.९ | सञ्चार क्षेत्रका लागि विद्यमान भौतिक संरचनामा आवश्यकता अनुसार थप संरचना विस्तार | संख्या | ० | १ | २०० | २०० | २०० | २०० | २०० | १००० | | |
| | ३.२ | ३.२.१ | सबै वडाहरूमा डिजिटल सूचना पाटीको व्यवस्था | संख्या | ० | ६ | १८० | १८० | १८० | १८० | १८० | ९०० | | |
| | | | जनचेतनामूलक कार्यक्रम सञ्चालन | संख्या | ० | ३ | ० | १०० | ० | १०० | ५० | २५० | | |
| | | ३.२.२ | e-library स्थापना | संख्या | ० | १ | १०० | ५०० | ३०० | ० | ० | ९०० | | |
| | | | गाउँपालिकाको वेबसाइट अपडेट | संख्या | १ | १ | ० | १२० | ० | ० | ० | १२० | | |
| जम्मा | | | | - | ४७ | ९८ | ४४०० | ५७५० | ३४८० | २६३० | २०८० | १८३४० | | |

## ६.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | सूचना तथा आमसञ्चार प्रविधिमा नागरिकको पहुँच तथा उच्चतम उपयोग सुनिश्चित गरी आमनागरिकको जीवनस्तरलाई सहज भएको हुने । | | | | | | | | | |
| असर | सूचना तथा आमसञ्चार प्रविधिमा सबै नागरिकको पहुँच तथा उच्चतम उपयोग सुनिश्चित गरी आमनागरिकको जीवनस्तर सहज हुने । | मोबाइल नेटवर्क कभरेज क्षेत्र | प्रतिशत | ७७.४७ | ८० | ८५ | ९० | ९५ | १०० | १०० |
| | | ईन्टरनेटमा पहुँच प्राप्त परिवार, मोबाइल डाटा सहित | प्रतिशत | ५९ | ६५ | ७० | ७४ | ८५ | ९० | ९० |
| | | मोबाइल प्रयोगकर्ता घरधुरी | संख्या | ७७.४७ | ८० | ८५ | ९० | ९५ | १०० | १०० |
| | | अप्टिकल फाइबरको विस्तार | प्रतिशत | ३१.९५ | ४२ | ४५ | ५७ | ६५ | ८५ | ८५ |
| प्रतिफल १ | सूचना प्रविधि तथा संचार क्षेत्र सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन भएको हुनेछ । | सूचना प्रविधि नियमन कानुन निर्माण | संख्या | ० | ० | ० | १ | ० | ० | १ |
| | | E-Library | संख्या | ० | ० | ० | ० | १ | ० | १ |
| प्रतिफल २ | सामुदायिक विद्यालय, सरकारी कार्यालय एवम् सार्वजनिक भवनहरू सूचना प्रविधिमैत्री भएको हुनेछन्। | ई -कक्षा सञ्चालन गर्ने विद्यालयहरू | प्रतिशत | ४.३४ | ६.५ | १०.८७ | १३.०४ | १७.४० | २१.७४ | २१.७४ |
| | | ईन्टरनेट उपलब्ध भएका सरकारी कार्यालयहरू | प्रतिशत | ६० | | | | | | |
| | | डिजिटल नागरिक वडापत्र | संख्या | १ | ० | ६ | ० | ० | ० | ७ |
| | | लघु चलचित्र तथा डकुमेन्ट्री | संख्या | ० | ० | ० | १ | ० | ० | १ |
| | | रेडियो र टेलीभिजन प्रयोग गर्ने घरधुरी | प्रतिशत | ७७.७९ | ८० | ८० | ८२ | ८५ | ९० | ९० |
| | | डिजिटल सूचना पाटी | संख्या | ० | १ | १ | १ | १ | १ | ५ |
| | | फ्रि वाईफाई उपलब्ध भएका सार्वजनिक स्थलहरू | संख्या | ० | ३ | ३ | ३ | २ | १ | १३ |
| | | सूचना प्रविधि तालिम | संख्या | ० | १ | ० | ० | १ | ० | २ |
| | | कागजरहित गाउँपालिका | संख्या | ० | ० | ० | १ | ० | ० | १ |
| पुष्टयाईको आधार | | –गाउँपालिकाको वार्षिक प्रतिवेदन<br>–वार्षिक नीति तथा कार्यक्रम<br>–प्राविधिक शाखा | | | गाउँपालिकाको पार्श्वचित्र , वडा कार्यालय | | | | | |
| अनुमान तथा जोखिम पक्ष | | –सामुदायिक संघ संस्था र नागरिक समाजको सहयोग भएको हुनेछ ।<br>–अन्तर सरकार समन्वय भएको हुनेछ ।<br>–दातृ निकाय तथा अन्य संघ संस्थाहरुको सहयोग निरन्तर रहनेछ । | | | | | | | | |

# परिच्छेद ७: वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

## ७.१ वन तथा जैविक विविधता

### ७.१.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ धारा ३० ले नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हक प्रदान गरेको छ। प्राकृतिक स्रोतको संरक्षण, संवर्द्धन र उपयोग सम्बन्धी नीति अन्तर्गत सर्वसाधरणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक तथा भौतिक विकासबाट वातावरणमा पर्ने सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पती तथा जैविक विविधताको संरक्षण, सम्बर्धन र दिगो उपयोग गर्ने व्यवस्था गरेको छ। यसैगरी संविधानले वातावरणीय सन्तुलनका लागि आवश्यक भूभागमा वन क्षेत्र कायम गर्ने र प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवम् पुनर्स्थापनाको व्यवस्था सुनिश्चित गरेको छ। उपरोक्त संवैधानिक व्यवस्था कार्यान्वयन गर्न संघीय सरकारबाट राष्ट्रिय वन नीति २०७५ र राष्ट्रिय वातावरण नीति र राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ र वन ऐन, २०७६ तथा वातावरण संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियमावली २०७७ लगायतका नीति, ऐन र नियम जारी भएका छन्। सोही अनुसार प्रदेश नीति तथा कानून तयार भहेका छन् भने तमानखोला गाउँपालिकाले स्थानीय वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन २०७६ तर्जुमा गरी कार्यान्वयनको प्रयास गरिरहेको छ। यहाँका वन क्षेत्रमा विभिन्न प्रकारका वन्यजन्तु, चराचुरुङ्गीहरू र काष्ठ तथा गैर काष्ठ रुखहरू प्रशस्त हुँदा जैविक विविधताले सम्पन रहेको छ।

तमानखोला गाउँपालिका वनको क्षेत्रफल तथा जैविक विविधताका दृष्टिकोणले धनी क्षेत्र हो। वन क्षेत्र गाउँपालिकाका लागि प्रमुख प्राकृतिक स्रोत हो। गाउँपालिकाको कुल क्षेत्रफलको ७५.८८ प्रतिशत भूमि वन जङ्गलले ढाकेको छ। वन क्षेत्र जैविक विविधताको भण्डार मात्र होइन, कृषि, ऊर्जा, जल तथा औद्योगिक कच्चा पदार्थको स्रोत हुनुको साथै पर्यटकीय गन्तव्य र बहुसङ्ख्यक जनताको जीविकाको प्रमुख आधार पनि हो। वनबाट तमानखोला गाउँपालिकाको करिब ९० प्रतिशत इन्धन, झन्डै ५६ प्रतिशत पशु आहारा र अन्य वातावरणीय सेवा प्राप्त हुँदै आएको छ। तर हालका वर्षहरूमा वन अतिक्रमण बढ्दै जांदा चोरी निकासी गर्नेहरूको संख्या समेत निरन्तर वृद्धि भएकै कारण यहाँ वनको क्षति बढ्दो अवस्थामा छ। यहाँका जङ्गलहरू वस्तीदेखि टाढा, अपायक स्थानमा घना र उत्तम छन् भने वस्ती नजिक रहेका वन क्षेत्रहरू विगतमा विनाशको क्रममा रहेतापनि हाल क्रमशः सुधारको क्रममा छन्। ग्रामीण क्षेत्रका बासिन्दाले सामुदायिक वनबाट दाउरा र घाँस सङ्कलन गरेर लाभ उठाउँछन्। समुदायले नै वनको उचित संरक्षण तथा उपयोग गर्ने गरी नेपाल सरकारको राष्ट्रिय नीति अनुरुप यस्ता वनहरू समुदायलाई हस्तान्तरण गरिएको छ। समुदायमा हस्तान्तरण भएपछि वन संरक्षणमा राम्रो प्रगति भएको तर त्यसबाट लिन सकिने प्रत्यक्ष लाभ लिन नसकिएको नागरिकहरूको अनुभव रहेको छ। कतिपय अवस्थामा संरक्षण गर्ने समुदायले आफूलाई चाहिने वन पैदावर प्राप्त गर्न पनि वनको स्विकृति लिनुपर्ने अवस्थाले मानिसहरूको गुनासो रहेको छ। सामुदायिक वनबाट सामुदायिक वन उपभोक्ता समितिहरूले पनि खासै ठूलो आम्दानी गर्न नसकेको हुनाले सामुदायिक वनको आयबाट गाउँपालिकाले प्राप्त गर्ने वन रोयल्टी वापतको रकम पनि हालसम्म प्राप्त हुन नसकेको अवस्था छ। तर उपभोक्ता समितिका सदस्यहरू त्यसबाट प्राप्त गर्न सकिने घाँस दाउराबाट लाभान्वित हुन सकेका छन्। भू-उपयोगको दृष्टिकोणले खोला, तलैया, खोल्सा तथा ताल,पोखरी क्षेत्रले जैविक विविधताको संरक्षणमा निकै महत्वपूर्ण भूमिका खेलेको छन्। जडीबुटी संरक्षण, खेती, प्रवर्धन, व्यावसायिक उत्पादन र बजारीकरणको दृष्टिकोणले समेत गाउँपालिकाको ग्रामीण क्षेत्र अत्यन्त सम्पन्न रहेको छ। गाउँपालिका पहाडी भागमा भएकोले भूक्षयको समस्या यहाँ व्यापक रुपमा रहेको छ। धेरैजसो भाग पहाडी भिरालो भू-बनोट भएको र अव्यवस्थित तथा अवैज्ञानिक तरिकाले निर्माण गरिएका ग्रामीण सडकहरूको कारण केही क्षेत्रहरू भू-क्षयको उच्च जोखिममा रहेका छन्। प्राकृतिक रुपमा पनि वर्षायाममा खोलाहरूमा आउने बाढीका कारण पनि भू-क्षयको जोखिम बढाएका छन्।

प्रर्याप्त मात्रामा जडिबुटी उपलब्ध रहेको गाउँपालिका क्षेत्र भित्र काष्ठ र गैरकाष्ठ वन पैदावारको समुचित व्यवस्थापन, खेती र प्रवर्धन गरी वनजन्य उद्यमको विकास गरी जीविकोपार्जनमा सुधार गर्न सकिने सम्भावना रहेको छ। प्राकृतिक रुपमा रहेका जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको सङ्कलनबाट गरीब, महिला तथा पिछडिएका वर्गहरू लाभान्वित हुनसक्ने वातावरण निर्माण गरी गरीबी न्यूनीकरण गर्नका लागि यस क्षेत्रको प्राथमिकताका साथ व्यवस्थापन गर्नुपर्ने आवश्यकता रहेको छ। वनको संरक्षण, उपयोग, वन उपभोक्ता समूहको व्यवस्थापन हुन आवश्यक छ। जडीवुटी तथा अन्य गैरकाष्ठ वन पैदावर सम्बन्धी सर्वेक्षण तथा अनुसन्धान गर्न आवश्यक रहेको छ। उत्पादन, सङ्कलन, प्रशोधन केन्द्र स्थापना एवम् बजार व्यवस्थापन गर्न सकिएमा दिर्घकालीन सोच बमोजिम गाउँपालिकालाई आर्थिक रुपम समृद्ध गराउन सहयोग पुग्ने छ। वन स्रोतको वहुउपयोग, आय आर्जनका लागि वनमा आधारित उद्योग प्रवर्द्धन, वन माथिको निर्भरतामा कमि, होमस्टे सञ्चालन,वन्यजन्तु चराचुरुङ्गीहरुको अभिलेखन जस्ता विषयवस्तुमा कार्य गर्नु पर्ने छ।

## ७.१.२ समस्या तथा चुनौती

| | समस्याहरु | चुनौती तथा जोखिमहरू |
|---|---|---|
| **वन तथा जैविक विविधता** | • ७५.८८ प्रतिशत भन्दा बढी क्षेत्र वन जङ्गलले ढाकेको भएका पनि वातावरणीय स्वच्छता वाहेक यसबाट गाउँपालिका बासीले व्यावसायिक आर्थिक लाभ लिन नसकेका,<br>• घरायसी इन्धनका रूपमा काठ, दाउरालाई अत्यधिक प्रयोग गर्नाले वन जङ्गलको क्षय भएको र घरायसी प्रदूषण बढेको,<br>• सामुदायिक र सरकारी वनसमेतको समूचित व्यवस्थापन हुन नसकिरहेको,<br>• वन डढेलो नियन्त्रणका लागि आवश्यक आधुनिक उपकरण, औजार, सीप तथा नियन्त्रण तथा प्रति कार्ययोजनो अभाव,<br>• उपलब्ध वन र वातावरणीय सम्पदाको दिगो तथा वैज्ञानिक व्यवस्थापन गरी यथोचित लाभ लिन नसकिरहेको,<br>• चरिचरन क्षेत्रको उचित व्यवस्था नहुँदा वन क्षेत्रमा घरपालुवा जनावर चराउने चलन कायम रहेको,<br>• स्थानीय जनतामा वन तथा भूसंरक्षणबारे ज्ञानको कमी,<br>• उत्पादनशील वनलाई पूर्ण क्षमतामा व्यवस्थापन गर्न नसकिएको,<br>• वन तथा जलाधार क्षेत्रका स्रोतहरूको क्षयीकरण, मानव वन्यजन्तु द्वन्द्व, वन तथा भूसंरक्षणमा दक्ष जनशक्ति उपलब्ध भएको,<br>• अव्यवस्थित भौतिक संरचनाका कारण वन क्षेत्रको विनास र खण्डिकरण हुने गरेको,<br>• वनको व्यवस्थापन तथा विकासमा राज्यको लगानी यथेष्ट नभएको,<br>• अव्यवस्थित भौतिक संरचनाका कारण वन क्षेत्रको विनास, क्षयीकरण, खण्डीकरण, वन तथा जलाधार क्षेत्रका स्रोतहरूको क्षयीकरण भएको,<br>• वनको व्यवस्थापन तथा विकासमा राज्यको लगानीको अभाव रहेको,<br>• वन तथा भूसंरक्षणमा दक्ष जनशक्ति गाउँपालिका क्षेत्रमा उपलब्ध नभएको,<br>• महत्वपूर्ण जडीबुटीहरूको अन्वेषण र प्रशोधन हुन नसकेको, | • वनको सीमाना स्पष्ट नरहेको र फलस्वरुप वन क्षेत्र अतिक्रमित हुने,<br>• हरेक वर्षजसो डढेलोबाट वन र जैविक विविधताको क्षति हुने गरेको,<br>• वन तथा वातावरण सम्बन्धी एकीकृत योजना तर्जुमा, कार्यान्वयन र सोको नतिजामूलक अनुगमन तथा मूल्याङ्कन गर्न,<br>• जथाभावी वन जन्य स्रोतहरु चोरी निकासी रोक्न,<br>• भू-क्षयको सम्भावना,<br>• योजना बीना भू-उपयोग तथा स्वरुपमा परिवर्तन, भौतिक पूर्वाधार विकासमा अव्यवस्थित वृद्धि,<br>• विकास कार्यहरू वातावरणमैत्री नहनु,<br>• चरिचरण व्यवस्थापन ,<br>• वन फँडानी पूर्ण रूपमा नियन्त्रण हुन नसकेको,<br>• मानव वन्यजन्तु द्वन्द्व<br>• जडीबुटी निकासी गर्न कानुनी समस्या,<br>• उत्पादनशील वनलाई पूर्ण क्षमतामा व्यवस्थापन गर्न,<br>• डिभिजन तथा सब डिभिजन वन कार्यालयबाट यथेष्ट अनुगमन गर्न,<br>• वन्यजन्तुहरू खासगरी बाँदर, र दुम्सीवाट खेतीपाती एवम् बालीनालीहरू क्षती,<br>• खोलानाला प्रदुषणको समस्या<br>• छाडा चरिचरन, वन फाडनी, अव्यवस्थित वस्ती,<br>• पर्यावरणीय असन्तुलन तथा प्रदूषणको नकारात्मक असरका कारण जीवन कष्टकर हुन सक्ने,<br>• वनक्षेत्रबाट टाढा रहेका घरधुरीहरूको वनबाट प्राप्त हुने वस्तु तथा सेवाहरूमा पहुँच पुऱ्याउन<br>• भौतिक एवम् आर्थिक- सामाजिक विकास र वन संरक्षण कार्यका बीच उत्पन्न हुने द्वन्द्व व्यवस्थापन गर्नु , |

| | समस्याहरु | चुनौती तथा जोखिमहरू |
|---|---|---|
| | • ग्रामिण सडकहरू समेत वायोइन्जिनियरिङ्ग प्रविधिबाट निर्माण हुन नसकेको,<br>• वन जङ्गल क्षेत्रमा खडेरीको समयमा आगलागीको समस्या हुने गरेको,<br>• वातावरण संरक्षण र पूर्वाधार विकास बीच सामन्जस्यता स्थापित हुन नसकेको,<br>• जडीबुटी खेतीका विषयमा पर्याप्त अनुसन्धान तथा व्यवस्थापन कार्यलाई प्राथमिकता नदिनु,<br>• जडीबुटीको सङ्कलनमा वैज्ञानिक तरिका उपयोग नहुनु, | • उत्पादित जडीबुटी तथा गैरकाष्ठ वनपैदावारको व्यावसायीकरण, जडीबुटी प्रशोधन तथा भण्डारणका लागि पूर्वाधार तथा उपयुक्त प्रविधिको प्रयोग गर्नु ,<br>• पूर्वाधार विकास र पर्यावरणीय प्रणालीबिच सन्तुलन कायम गर्न, |

## ७.१.३ सम्भावना तथा अवसर

| | सबल पक्षहरू | सम्भावना र अवसरहरू |
|---|---|---|
| **वन तथा जैविक विविधता** | • वन, जैविक विविधता र जलाधारका स्रोतहरुको व्यवस्थापनमा स्थानीय जनप्रतिनिधि, उपभोक्ता समिति तथा आम उपभोक्ताहरुमा सचेतना र क्रियाशिलता बढ्दै गएको,<br>• गाउँपालिका क्षेत्र स्थित वनहरू मानव वस्तीबाट नजिक रहेकाले वनको स्रोत परिचालन तथा प्रयोगका निम्ति सहज वातावरण,<br>• गाउँपालिकामा हरियाली पर्याप्त भएका कारण तुलनात्मक रूपमा सहरी क्षेत्रभन्दा स्वच्छ वातावरण रहेको,<br>• स्थानीय उपभोक्ताहरूबीच मेलमिलापको वातावरण भएकाले स्रोत परिचालनमा सहजता,<br>• वन क्षेत्रलाई जोड्न विभिन्न वडाहरूमा मोटर बाटो हुँदा वन पैदावारको सङ्कलनका निम्ति सहज,<br>• प्राकृतिक रूपमै उम्रने धेरै प्रजातिका जडीबुटी तथा अन्य काठहरू प्रशस्त भएकाले वृक्षारोपणमा धेरै रकम खर्च गर्नु नपर्ने,<br>• महत्वपूर्ण जडीबुटीहरूको बजारको राम्रो सम्भावना,<br>• पार्क तथा हरित क्षेत्र विस्तार गर्न गाउँपालिकाले योजनाबद्ध रूपमा काम गरिरहेको,<br>• नदी कटानबाट रोक्न बाँधको वैज्ञानीकरण र व्यवस्थित गर्नु र वातावरणलाई मानव तथा जीवमैत्री बनाइ प्राकृतिक सन्तुलन कायम गर्ने तर्फ गाउँपालिकाले जोड दिने नीति लिएको,<br>• वन उपभोक्ता समूहद्वारा वनजगल संरक्षण भईरहेको, | • वैज्ञानिक वन व्यवस्थापन, उत्पादन तथा उत्पादकत्व वृद्धि, वन क्षेत्रबाट आयआर्जन तथा उद्यम व्यवसायमूकल क्रियाकलाप सञ्चालन गरी यथोचित लाभ लिन सकिने,<br>• सरकार, नागरिक समाज र समुदायमा वन तथा वातावरण संरक्षण र व्यवस्थापन प्रतिको जिम्मेवारी बोधका गराउन सकिने,<br>• वन संरक्षणका लागि स्थानीय तहमा क्षमता र जिम्मेवारी वृद्धि गर्नु ।<br>• वन तथा कृषि क्षेत्रमा जडिबुटी लगायत आयमूलक क्रियाकलाप सञ्चालन गर्न सकिने,<br>• वन क्षेत्रलाई ग्रामीण तथा पर्यापर्यटनको आकर्षण केन्द्र बनाउन सकिने,<br>• स्थानीय स्तरमा कृषि तथा पशुपालन व्यवसायको विकासका प्रशस्त सम्भावना,<br>• वन, जलाधार, कृषि, पशु विकास, सिंचाइ लगायतका निकाय बीच सहकार्य, समन्वय तथा एकीकृत विकास अवधारणामा योजना बनाई समृद्धिमा टेवा पुऱ्याउन सकिने,<br>• वनमा आधारित उपभोक्ता समितिहरू मार्फत मिचाहा प्रजातिको बोट विरूवालाई नियन्त्रण गर्दै नर्सरी विस्तार, वृक्षारोपण, रिचार्ज पोखरी निर्माण, अग्नीरेखा, झाडी सफाई जस्ता क्रियाकलापहरूवाट जैविक सम्पदाको संरक्षण,<br>• वृक्षारोपण, बन नर्सरी, जडीबुटीको व्यावसायिक खेती अपेक्षित रूपमा विस्तार<br>• वन पैदावारमा आधारित जडीबुटी खेती तथा उद्यमशीलता विकास, जडीबुटीको पहिचान, अनुसन्धानका साथै प्रशोधन गर्न सकिने,<br>• वनमा पाइने लोपोन्मुख अवस्थामा रहेका वनस्पति र वन्यजन्तुको संरक्षणका लागि विशेष कार्यक्रम,<br>• गाउँपालिकाका विभिन्न ठाउँमा व्यापक वृक्षारोपण गर्नुका साथै बगैंचा, पार्कहरू निर्माण गरी हरियाली प्रवर्द्धन गर्न सकिने, |

## ७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

| सोच |
|---|
| जल, जमिन, जंगल र जडीबुटी ,जैविक विविधताको दिगो व्यवस्थापन |

**लक्ष्य**

वातावरणमैत्री विकास, उत्पादनशील वन, संरक्षित जलाधार र जैविक विविधताको दिगो संरक्षण माध्यमबाट स्थानीय जनताको जीवनस्तरमा सुधार गर्ने ।

**उद्देश्यहरु**

१. वन क्षेत्रको वैज्ञानिक व्यवस्थापनवाट वन, वन्यजन्तु र जैविक विविधता सहित वन पैदावारको उचित संरक्षण, उपयोग, तथा सम्वर्द्धन गर्नु ।

२. वातावरणीय सन्तुलन कायम गरी उपलब्ध वित्तीय स्रोतसाधनको समूचित व्यवस्थापन गर्नु ।

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| उद्देश्य १: वन क्षेत्रको वैज्ञानिक व्यवस्थापनवाट वन, वन्यजन्तु र जैविक विविधता सहित वन पैदावारको उचित संरक्षण, उपयोग, तथा सम्वर्द्धन गर्नु । | | | |
| १.१. | वनक्षेत्रको दिगो व्यवस्थापन गर्ने । | १.१.१ | वन क्षेत्रको विकासलाई वैज्ञानिकीकरण गर्न विज्ञ समूहको सहयोगमा दिगो वन व्यवस्थापन बारे सम्पूर्ण सरोकारवालाहरूसँग अन्तरक्रिया तथा अभिमुखीकरण तालिम सञ्चालन गरिनेछ । |
| | | १.१.२ | **Agro forestry** को नीति अवलम्बन गरी हरित क्षेत्रलाई पूर्ण प्रतिफलमुखी बनाइनेछ । |
| | | १.१.३ | वन्यजन्तु पालन, प्रजनन तथा व्यवसायीकरणका लागि स्थानीय जनतालाई प्रेरित गरिनेछ । |
| १.२ | बन पैदावर तथा जडीबुटी खेती सञ्चालन गरी आयआर्जनसँग आबद्ध गर्ने । | १.२.१ | जडीबुटी खेतीको लागि क्षेत्र पहिचान, क्षमता अभिवृद्धि तालिम, संकलन केन्द्र, बजार पहुँच तथा व्यवस्थापन गरी जडीबुटी उत्पादन पकेट क्षेत्रहरू निर्धारण गरिनेछ । |
| | | १.२.२ | वन पैदावर संकलन, प्रशोधन केन्द्र तथा बजारको व्यवस्थापन, होमस्टे संचालन गरी बन पैदावरवाट रोजगारी तथा आय आर्जनका अवसरहरू श्रृजना गरिनेछ । |
| | | १.२.३ | वन व्यवस्थापन कार्यलाई उद्योगको रूपमा विकास गर्न वन तथा वनपैदावारमा आधारित उद्यमशीलता विकास तथा उद्योग व्यवसाय सञ्चालन गरी हरित रोजगारी वृद्धि गरिनेछ । |
| | | १.२.४ | वनजन्य उद्योगको विकास र व्यवसायीकरणका लागि स्थानीय नीजि क्षेत्रलाई प्रोत्साहन गरिनेछ । |
| | | १.२.५ | निजी जग्गामा जडिबुटी खेति, फलफुल, छिटो वढ्ने र उच्चमूल्यका रुख आदिको विकास गर्न प्रोत्साहन गरिनेछ । |
| १.३ | जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने । | १.३.१ | वनमा आधारित उपभोक्ता समितिहरू मार्फत मिचाहा प्रजातिको बोटविरूवालाई नियन्त्रण गर्दै नर्सरी विस्तार, वृक्षारोपण, रिचार्ज पोखरी निर्माण, अग्नीरेखा, झाडी सफाई जस्ता क्रियाकलापहरूवाट जैविक सम्पदाको संरक्षण गरिनेछ । |
| | | १.३.२ | वन्य जन्तुहरूबाट हुनसक्ने सम्भावित क्षति न्यूनीकरण गर्न जंगल क्षेत्रमै उपयुक्त हुने घाँस, विरूवा, फलफूलहरू रोपण गरी बनयजन्तुको आहारा व्यवस्था मिलाइनेछ । |
| | | १.३.३ | व्यवसायिक मूल्य भएका जडीवुटी लगायतका वोट विरूवाहरूको व्यापक वृक्षारोपण गरी जैविक विविधताको संरक्षण गर्दै दीगो उपयोगमा जोड दिइनेछ । |
| | | १.३.४ | छाडा चरिचरन, बन फाडनी गरी वस्ती विकास, आगलागी जस्ता क्रियाकलापहरूलाई पूर्ण बनदेज लगाई दण्ड जरिवानाको व्यवस्था गरिनेछ । |
| | | १.३.५ | वन र वातावरण सम्बन्धमा काम गर्ने संघ-संस्थाबीच प्रभावकारी समन्वय र सहकार्य गरिनेछ । |
| | | १.३.६ | वन डढेला व्यवस्थापनको लागि संस्थागत संरचनाको निर्माण तथा पूर्व तयारी, डढेलो नियन्त्रण र आकाशेपानी सङ्कलन कार्यक्रममा जनताको सहभागिता अभिवृद्धि गरिनेछ । |
| | | १.३.७ | चोरी शिकारी नियन्त्रण, जीवजन्तुहरुको संरक्षण आदिमा समुदायको सहभागिता वढाई जैविक विविधता संरक्षण गरिनेछ । |
| १.४ | जैविक तथा स्थानीय प्रविधिलाई प्रवर्द्धन गरी भूसंरक्षण गर्ने । | १.४.१ | वडा स्तरमा नर्सरी व्यवस्थापन गरी वृक्षारोपण कार्यक्रम विस्तार गरी खाली जमिन, भिरालो क्षेत्र तथा नदी किनारमा वृक्षारोपण गरिनेछ । |
| | | १.४.२ | भौतिक निर्माण लगायत अन्य विकासका क्रियाकलाप सञ्चालन गर्दा वातावरणमैत्री डिजाइन र इष्टिमेट अनुसार कार्ययोजना निर्माण गर्ने । |

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| १.५ | वन संरक्षण कार्यक्रमहरू संचालन गर्ने । | १.५.१ | स्थानीय "वन ऐन" जारी गरी वनको प्रभावकारी संरक्षण गरिनेछ । |
| | | १.५.२ | वन डढेंलो र वन्यजन्तु तथा वनस्पतिको चोरीनिकासी प्रभावकारी रुपमा नियन्त्रण गरिनेछ । |
| | | १.५.३ | विकास निर्माण कार्य गर्दा वन तथा जलाधार क्षेत्रको सकेसम्म कम क्षति हुने गरी **Protocol** तयार गरिनेछ । |
| | | १.५.४ | संकटापन्न वनस्पतिहरुको विशेष संरक्षण योजना लागू गरिनेछ । |
| | | १.५.५ | संकटापन्न वन्यजन्तु, जलचर, पंक्षी तथा स्थलचरहरुको विशेष संरक्षण योजना लागू गरिनेछ । |
| | | १.५.६ | समुदायस्तरमा चोरी शिकारी नियन्त्रण इकाइको गठन गरिनेछ । |
| | | १.५.७ | सामुदायिक वन क्षेत्रमा जंगली जनावरलाई पानी पिउन पोखरी खन्ने कार्यक्रम सञ्चालन गरिनेछ । |
| | | १.५.८ | हरित क्षेत्र विस्तार तथा भू-संरक्षण सचेतना कार्यक्रमहरू अभियानका रुपमा सञ्चालन गरिनेछ । |
| | | १.५.९ | खोलानालाहरुमा तटबन्ध गरिनेछ । |
| | | १.५.१० | समुदायमा आधारित दीगो वन व्यवस्थापन योजना निर्माण गरिने छ । |
| | | १.५.११ | तालिम, गोष्ठी, अध्ययन भ्रमण आदिका माध्यमबाट उपभोक्ता समितिका सदस्यहरूको क्षमता अभिवृद्धि गरिनेछ । |
| | | १.५.१२ | डिभिजन तथा सब-डिभिजन कार्यालयको प्राविधिक तथा अन्य सहयोगमा गाउँपालिका क्षेत्र बहुउद्देश्यीय वन नर्सरी स्थापना गरी विरुवा उत्पादन र वितरण सहज बनाइनेछ । |
| | | १.५.१३ | सामुदायिक वन साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ । |
| उद्देश्य २: वातावरणीय सन्तुलन कायम गरी उपलब्ध वित्तीय स्रोतसाधनको समूचित व्यवस्थापन गर्नु । | | | |
| २.१ | प्राकृतिक स्रोतको उपयोगलाई आय र रोजगारीसँग आबद्ध गर्ने । | २.१.१ | वन, वातावरण र जैविक विविधतालाई पर्यटन विकाससँग आबद्ध गरिनेछ । |
| | | २.१.२. | निजी जग्गामा फलफूल, गैर काष्ठजन्य आयमूलक रुख विरुवाहरू लगाउन वन नर्सरीको व्यवस्था गरिनेछ । |
| | | २.१.३ | सामुदायिक वन उपभोक्ता समितिहरूलाई सक्षम बनाई प्रतिफलमुखी कार्यक्रम संचालन गरिनेछ । |
| | | २.१.४ | निजी तथा सामुदायिक स्तरमा निजी जमिन तथा वन जंगलमा फलफूलको व्यावसायिक उत्पादन सुरु गरिनेछ । |
| | | २.१.५ | गैरकाष्ठ वन पैदावरको खेती विस्तार तथा बजारीकरण गरिनेछ । |
| | | २.१.६ | काठजन्य वस्तुको उत्पादन, प्रशोधन र उपयोगमा विविधीकरण र प्रविधि विकास गरी नयाँ रोजगारी र उत्पादनका क्षेत्र सिर्जना गरिनेछ । |
| २.२ | भूसंरक्षण तथा वातावरणीय सन्तुलन संरक्षणको लागि समुदायस्तरमा रहेका समूहहरूको पहुँच अभिवृद्धि गर्ने । | २.२.१ | पहिरो जाने तथा नदी कटान हुन विभीन्न वडाहरूमा बाँस, निगालो खेती तथा बायोइञ्जिनियरिङ विधि प्रवर्द्धन गरी नदी कटान न्यूनीकरणमा दिगोपन सुनिश्चित गर्ने प्रयास गरिनेछ । |
| | | २.२.२ | पहिचान भएका पहिरो जोखिम क्षेत्रमा पहिरो रोकथामका उपायहरू अवलम्वन गरिनेछ । |
| | | २.२.३ | नदीको मुहानलाई संरक्षण गरी वहावबाट हुने क्षतिलाई न्यूनीकरण गरिनेछ । |
| | | २.२.४ | पहिरो रोकथाम र नियन्त्रणका लागि समुदाय र बन उपभोक्ता समितिहरूलाई क्षमता विकास सम्बन्धी तालिम सञ्चालन गर्ने । |
| | | २.२.५ | वातावरणीय परीक्षण मूल्याङ्कन र त्यसका सिफारिसलाई अनिवार्य कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ । |
| | | २.२.६ | वन तथा भू-संरक्षणका हरेक कार्यक्रमहरूमा जनसहभागिता सुनिश्चित गरिनेछ । |
| | | २.२.७ | गैरसरकारी संस्थाहरूलाई वन तथा भूसंरक्षणका कार्यक्रमहरूमा लगानी गर्न आह्वान गरिनेछ । |

**प्रमुख कार्यक्रम तथा आयोजना** ( वन तथा जैविक विविधता)

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | | |
| १ | १.१ | १.१.१ | दिगो वन व्यवस्थापनबारे सम्पूर्ण सरोकारवालाहरूसँग अन्तरक्रिया तथा अभिमुखीकरण तालिम | संख्या | ० | २ | ५० | ५० | ० | ० | ० | १०० | | |
| | | १.१.२ | Agro forestry कार्यक्रम | संख्या | ० | २ | ० | १०० | १०० | ० | ० | २०० | | |
| | | १.१.३ | वन्यजन्तु पालन, प्रजनन तथा व्यवसायीकरण | संख्या | ० | ३ | १५० | १५० | १५० | ० | ० | ४५० | | |
| | १.२ | १.२.१ | सामुहिक जडीबुटी खेती अन्तरक्रिया | संख्या | ० | २ | ० | ५० | ० | ५० | ० | १०० | | |
| | | | जडीबुटी खेतीको लागि क्षेत्र पहिचान, क्षमता अभिवृद्धि तालिम, संकलन केन्द्र, बजार पहुँच तथा व्यवस्थापन गरी जडीबुटी उत्पादन पकेट क्षेत्रहरू निर्धारण | संख्या | ० | १ | ० | १५० | ० | ० | ० | १५० | | |
| | | १.२.२ | वन पैदावर संकलन, प्रशोधन केन्द्र तथा बजारको व्यवस्थापन, होमस्टे संचालन गरी वन पैदावरवाट रोजगारी तथा आय आर्जनका अवसरहरू श्रृजना | संख्या | ० | २ | ० | २५० | २५० | ० | ० | ५०० | | |
| | | १.२.३ | वन व्यवस्थापन र संरक्षण क्षमता अभिवृद्धि तालिम संचालन | संख्या | ० | १ | ५० | ० | ० | ० | ० | ५० | | |
| | | १.२.४ | वनजन्य उद्योगको विकास र व्यवसायीकरणका लागि स्थानीय नीजि क्षेत्रलाई प्रोत्साहन | संख्या | ० | १ | ० | ५० | ० | ० | ० | ५० | | |
| | | १.२.५ | निजी जग्गामा जडिबुटी खेति, फलफुल, छिटो वढ्ने र उच्चमूल्यका रुख आदिको विकास अनुदान | संख्या | ० | ३ | १०० | ० | १०० | १०० | ० | ३०० | | |
| | १.३ | १.३.१ | एक वन एक नर्सरी कार्यक्रम | संख्या | ० | २ | ० | १५० | १०० | ० | ० | २५० | | |
| | | | सार्वजनिक जग्गामा वृक्षारोपण गरी सामुदायिक वनमा विस्तार | संख्या | ० | २ | ० | १०० | १०० | ० | ० | २०० | | |

**प्रमुख कार्यक्रम तथा आयोजना** ( वन तथा जैविक विविधता)

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | | |
| | | | रिचार्ज पोखरी निर्माण | संख्या | ० | २ | ० | १०० | १०० | ० | ० | २०० | | |
| | | | अग्नीरेखा, झाडी सफाई | संख्या | ० | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | | |
| | | १.३.२ | वन्य जन्तुहरूबाट हुन सक्ने सम्भावित क्षति न्यूनीकरण गर्न जंगल क्षेत्रमै उपयुक्त हुने घाँस, विरूवा, फलफूलहरू रोपण | संख्या | ० | ३ | १५० | ० | १५० | १५० | ० | ४५० | | |
| | | १.३.३ | व्यवसायिक मूल्य भएका जडीवुटी लगायतका वोट विरूवाहरूको व्यापक वृक्षारोपण | संख्या | ० | ३ | १०० | १०० | १०० | ० | ० | ३०० | | |
| | | १.३.४ | छाडा चरिचरन, बन फाडनी गरी वस्ती विकासमा पूर्ण बनदेज | संख्या | ० | ३ | ५० | ५० | ५० | ० | ० | १५० | | |
| | | | वन डडेलो नियन्त्रण कार्ययोजना निर्माण | संख्या | ० | १ | ० | ६० | ० | ० | ० | ६० | | |
| | | १.३.५ | वन र वातावरण सम्बन्धमा काम गर्ने संघ संस्थाबीच प्रभावकारी समन्वय र सहकार्य | संख्या | ० | २ | १०० | ० | १०० | ० | ० | २०० | | |
| | | १.३.६ | वन डढेला व्यवस्थापनको लागि संस्थागत संरचनाको निर्माण तथा पूर्व तयार | संख्या | ० | ५ | १०० | १०० | १०० | १५० | १५० | ६०० | | |
| | | | डढेलो नियन्त्रण र आकाशेपानी सङ्कलन कार्यक्रममा | संख्या | ० | ३ | २५० | ० | २५० | ० | २५० | ७५० | | |
| | | | सचेतना कार्यक्रम सञ्चालन | संख्या | १ | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | | |
| | | १.३.७ | चोरी शिकारी नियन्त्रण, जीवजन्तुहरुको संरक्षण आदिमा समुदायको सहभागिता | संख्या | १ | ३ | १०० | ० | १०० | ० | ५० | २५० | | |
| | १.४ | १.४.१ | खाली जमिन, भिरालोक्षेत्र तथा नदी किनारमा वृक्षारोपण कार्यक्रम | संख्या | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | |
| | | १.४.२ | वन तथा भू-संरक्षण कार्यक्रममा जनसहभागिता | संख्या | १ | ५ | २० | २० | २० | २० | २० | १०० | | |
| | १.५ | १.५.१ | स्थानीय “वन ऐन” जारी | संख्या | ० | १ | ० | ० | ५० | ० | ० | ५० | | |

| **प्रमुख कार्यक्रम तथा आयोजना** ( वन तथा जैविक विविधता) | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
| | | | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | | |
| | | १.५.२ | चोरी निकासी नियन्त्रयण वन रक्षक तालिम तथा अभिमुखीकरण | संख्या | ० | २ | १०० | ० | १०० | ० | ० | २०० | | |
| | | १.५.३ | विकास निर्माणका कार्य गर्दा जलाधार क्षेत्रको क्षति न्यूनीकरण | संख्या | ० | ५ | २५० | २५० | २५० | २५० | २५० | १२५० | | |
| | | १.५.४ | संकटापन्न वनस्पतिहरुको विशेष संरक्षण योजना | संख्या | ० | ३ | १०० | १०० | १०० | ० | ० | ३०० | | |
| | | १.५.५ | संकटापन्न वन्यजन्तु, जलचर, पंक्षी तथा स्थलचरहरुको विशेष संरक्षण योजना, खुल्ला चिडियाघर | संख्या | ० | ३ | ० | १०० | १०० | १०० | ० | ३०० | | |
| | | १.५.६ | चोरी शिकारी नियन्त्रण इकाइको गठन | संख्या | ० | १ | १०० | ० | ० | ० | ० | १०० | | |
| | | १.५.७ | सामुदायिक वन क्षेत्रमा जंगली जनावरलाई पानी पिउन पोखरी खन्ने कार्यक्रम | संख्या | ० | १ | २५० | ० | २५० | ० | ३०० | ८०० | | |
| | | १.५.८ | हरित क्षेत्र विस्तार तथा भू-संरक्षण सचेतना कार्यक्रमहरू | संख्या | ० | ३ | १०० | ० | ५० | ० | ५० | २०० | | |
| | | १.५.९ | खोलानालाहरुमा तटबन्ध | संख्या | ० | ५ | ५०० | ५०० | ५०० | ३०० | ३०० | २१०० | | |
| | | १.५.१० | वन व्यवस्थापन र संरक्षण क्षमता अभिवृद्धि तालिम संचालन | संख्या | ० | ३ | २० | ४० | ३० | ० | ० | ९० | | |
| | | १.५.११ | उपभोक्ता समितिका सदस्यहरूलाई तालिम, गोष्ठी, अध्ययन भ्रमण तथा क्षमता अभिवृद्धि कार्यक्रमहरू | संख्या | ० | ४ | ० | ४० | ४० | ४० | ४० | १६० | | |
| | | १.५.१२ | वडा स्तरीय बहुउद्देश्यीय वन नर्सरी स्थापना | संख्या | ० | ६ | १०० | २०० | १०० | १०० | १०० | ६०० | | |
| | | १.५.१३ | सामुदायिक वन साझेदारी कार्यक्रम | संख्या | ० | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | | |
| २ | २.१ | २.१.१ | वन, वातावरण र जैविक विविधतालाई पर्यटन विकास | संख्या | ० | २ | १०० | ० | १०० | ० | ० | २०० | | |

**प्रमुख कार्यक्रम तथा आयोजना** ( वन तथा जैविक विविधता)

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २.१.२ | वडा स्तरिय नर्सरी स्थापना गरी फलफुल, गैर काष्ठजन्य आयमूलक रुख विरुवाहरू उत्पादन तथा वितरण | संख्या | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | |
| | | २.१.३ | उत्कृष्ट वन उपभोक्ता समूहलाई पुरस्कारको व्यवस्था | संख्या | ० | ५ | २५ | २५ | २५ | २५ | २५ | १२५ | | |
| | | २.१.४ | झाडी बुट्यान क्षेत्र सतप्रतिशत पुनरुत्थान विशेष कार्यक्रम | संख्या | ० | २ | ० | ० | ५० | ० | १०० | १५० | | |
| | | २.१.५ | गैरकाष्ठ वन पैदावरको खेती विस्तार तथा बजारीकरण | संख्या | ० | २ | ० | ० | ० | ५० | ० | ५० | | |
| | | २.१.६ | काठजन्य वस्तुको उत्पादन, प्रशोधन र उपयोगमा विविधीकरण | संख्या | ० | ३ | १०० | ० | १०० | १०० | ० | ३०० | | |
| | २.२ | २.२.१ | पहिरो नियन्त्रण वायोइन्जिनियरिङ प्रविधि परामर्श सेवा | संख्या | ० | १ | ० | ८० | ० | ० | ० | ८० | | |
| | | २.२.२ | गाउँपालिकाको पहिरो तथा कटान ग्रस्त क्षेत्रको नक्साङ्कन तथा विवरण संकलन | संख्या | ० | १ | ० | ७० | ० | ० | ० | ७० | | |
| | | २.२.३ | पानीको मुहान संरक्षण गर्न सहयोगी विरुवा रोपण | संख्या | ० | ३ | ० | ५० | ५० | ० | ५० | १५० | | |
| | | २.२.४ | वातावरणिय हिसावले जोखिम युक्त र अति संवेदनशिल क्षेत्र घोषणा | संख्या | ० | १ | ० | ५० | ० | ० | ० | ५० | | |
| | | | गाउँपालिका स्तरिय एक नमूना पहिरो नियन्त्रण कार्यक्रम | संख्या | ० | १ | ० | २०० | ० | ० | ० | २०० | | |
| | | २.२.५ | पहिरो र कटान क्षेत्र विशेष हरित क्षेत्र प्रर्वद्धन कार्यक्रम | संख्या | १ | ५ | १५० | १५० | १५० | १५० | १५० | ७५० | | |
| | | २.२.६ | नमूना पहिरो नियन्त्रण क्षेत्र अध्ययन भ्रमण | संख्या | ० | ३ | ५० | ० | ५० | ० | ५० | १५० | | |
| | | २.२.७ | पहिरो नियन्त्रण प्राविधिक जनशक्ति तालिम | संख्या | ० | २ | ० | ५० | ० | ५० | ० | १०० | | |

| प्रमुख कार्यक्रम तथा आयोजना ( वन तथा जैविक विविधता) | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
| | | | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | | |
| | | | तार जाली उत्पादनका लागी निजी क्षेत्र अन्तरक्रिया | संख्या | ० | १ | ० | ५० | ० | ० | ० | ५० | | |
| जम्मा | | | | - | ५ | १४५ | ३५१५ | ३७८५ | ४२१५ | १९८५ | २२३५ | १५७३५ | | |

## ७.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | |
| प्रभाव | वातावरणमैत्री विकास, उत्पादनशील वन, संरक्षित जलाधार र जैविक विविधताको दिगोसंरक्षण माध्यमबाट स्थानीय जनताको जीवनस्तरमा सम्पन्न भएको हुने । | | | | | | | | | |
| असर | वन क्षेत्रको वैज्ञानिक व्यवस्थापनवाट वन, भूसंरक्षण र जैविक विविधता तथा वातावरणीय श्रोतको संरक्षण र दीगो एवम् अधिकतम उपयोग भएको हुने । | रुख विरुवाले ढाकेको वा हरियाली वा वन क्षेत्र(संरक्षित वन क्षेत्र सहित) | प्रतिशत | ८३.१८ | ८३.२० | ८३.२५ | ८३.२६ | ८३.२७ | ८३.३० | ८३.५ |
| | | संरक्षित भू-क्षय र बाढी संवेदनशील क्षेत्र | संख्या | ६ | ५ | ४ | ३ | २ | १ | ० |
| | | वनमा आधारित उद्योग तथा व्यवसाय | संख्या | ३ | १ | १ | ० | ० | १ | ६ |
| | | सामुदायिक वनबाट प्राप्त हुने राजस्व बृद्धि | प्रतिशत | ० | ०.१ | ०.२ | ०.३ | ०.३ | ०.२ | ०.२ |
| | | भु उपयोग नीति निर्माण | संख्या | १ | ० | ० | ० | ० | ० | १ |
| | | स्थानीय “वन ऐन” | संख्या | ० | ० | ० | १ | ० | ० | १ |
| प्रतिफल १ | वनको संरक्षण तथा गुणस्तर वृद्धि गर्दै आम्दानीको स्रोतका रूपमा समेत स्थापित गर्ने । | व्यवस्थित सामुदायिक वन क्षेत्र | संख्या | ३१ | ३१ | ३१ | ३१ | ३१ | ३१ | ३१ |
| | | स्थानीय फर्निचर उद्योग | संख्या | ३ | ० | ० | ० | १ | ० | ४ |
| | | वन उपभोक्ता समितिको क्षमता विकास | संख्या | ० | ० | १ | ० | ० | १ | २ |
| | | सामुहिक जडीबुटी खेती | संख्या | ० | ० | १ | ० | ० | १ | २ |
| | | Agro forestry कार्यक्रम | संख्या | ० | ० | ० | १ | ० | ० | १ |
| प्रतिफल २ | सहभागितामूलक, समावेशी र अधिकारमुखी पद्धतिमा आधारित अवधारणा बमोजिम गाउँपालिकास्तरीय | वृक्षारोपण क्षेत्र | हेक्टर | | | | | | | |
| | | वन नर्सरी व्यवस्थापन | संख्या | ० | ० | १ | ० | ० | १ | १ |
| | | उत्कृष्ट वन उपभोक्ता समूहलाई पुरस्कार | संख्या | ० | १ | १ | १ | १ | १ | ५ |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | |
| | वन तथा जैविक विविधता संरक्षण कार्यक्रम सञ्चालन गरिएको हुनेछ । | चोरी शिकारी नियन्त्रण | भए, नभएक | नभएको | भएको | भएको | भएको | भएको | भएको | भएको |
| | | अग्नीरेखा, झाडी सफाइ | संख्या | १ | १ | १ | १ | १ | १ | १ |
| | | वन डडेलो नियन्त्रण कार्ययोजना | संख्या | ० | १ | ० | ० | ० | १ | २ |
| | | वातावरणिय प्राविधिक जनशक्ति | संख्या | ० | १ | ० | १ | ० | ० | २ |
| **पुष्टयाईको आधार** | | –गाउँपालिकाको वार्षिक प्रतिवेदन<br>–गाउँपालिकाको पार्श्वचित्र , वडा कार्यालय<br>–वार्षिक नीति तथा कार्यक्रम<br>–प्राविधिक शाखा | | | | | | | | |
| **अनुमान तथा जोखिम पक्ष** | | –वैज्ञानिक वन व्यवस्थपनको अवधारण वन पैदावारको उपयोग भएको हुने । | | | | | | | | |

## ७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

### ७.२.१ पृष्ठभूमि

भूमि तथा जलस्रोत माथिको पहुँचलाई समतामूलक बनाउन र वातावरणीय सन्तुलन कायम गरी दिगो विकास हासिल गर्न, तथा भूमि तथा जलस्रोतबाट प्राप्त हुने लाभलाई न्यायोचित ढंगबाट वितरण हुन सक्ने अवस्थाको सिर्जना गर्न स्रोत साधानको उपयोग र व्यवस्थापन गर्नको निमित्त भू- उपयोग तथा जलस्रोतको संरक्षण योजनाको आवश्यकता हुन्छ । नदी किनारहरूमा बाढी पहिरो नियन्त्रण र व्यवस्थापन गर्ने, एकीकृत जलाधार व्यवस्थापन गर्ने, जलवायु परिवर्तनबाट जलस्रोतको उपलब्धता र उपयोगमा पार्ने प्रभाव न्यून गर्ने, पर्यावरणीय सन्तुलनमा सुधार गर्ने परिकल्पना राष्ट्रिय योजनाले गरेको छ । त्यसैगरी जलाधार संरक्षण, पानी मुहानहरूको संरक्षण गर्ने, ढुङ्गेधारा, कुवा, खोला किनार र उकास क्षेत्र लगायतका भू तथा जलाधार क्षेत्रको संरक्षण गर्ने जिम्मेवारीहरू स्थानीय सरकारको कार्यक्षेत्र भित्र राखिएको छ । गाउँपालिकाको भूउपयोग अवस्था हेर्दा १.३९ प्रतिशत खोला तथा खहरे खोल्साहरु, पोखरी, ताल तलैया क्षेत्रले आगटेको छ भने सेउला खोला, तमान खोला, नर्जा खोला, बोंगाखानी खोला आदि खोला तथा खहरे खोल्साहरु, पोखरी, ताल तलैयाहरु स-साना ठाडो खोलाहरु प्रमुख प्रसस्त जलाधारहरु रहेका छन । गाउँपालिकामा उत्पादनमूलक जमिन, सामुदायिक वन, ढुङ्गाका खानीहरू तथा अन्य खानीहरू, जलस्रोत एवम् प्राकृतिक पोखरीहरू रहेका छन् । गाउँपालिकामा अधीकांश भिरालो तथा उच्च पहाडी भु-भाग रहेको हुँदा भू-संरक्षणको दृष्टिले धैरै जोखिमपूर्ण रहेको छ । नदीको छेउछाउ बस्ने वस्तीको कारण तमान, भुगांदोभान आदि क्षेत्र नदि कटानको रुपमा उच्च जोखिममा रहेको क्षेत्रहरु हुन् । सडक निर्माणले निम्त्याउने जोखिम कम गर्न नाला निर्माण गर्ने अभ्यासका साथै आवश्यक क्षेत्रमा रिटेनिङ वाल, ग्याबियन वाल, ब्रेस्ट वाल लगाउने अभ्यास हुँदै गएकाले बाटो निर्माण पश्चात सुरु हुने भूक्षय नियन्त्रणमा कमी आउन सहयोग पुग्ने अपेक्षा गरिएको छ। भू-संरक्षण, तटबन्धन तथा जमिनको स्थिरीकरणमा बायोईन्जिनियरिङ्ग विधिलाई प्रयोगमा ल्याउन अत्यावश्यक छ । खासगरी जलाधार क्षेत्रको संरक्षणले कृषि जमिनको उर्वरापनाको संरक्षण, पानीका मूलहरूको संरक्षणमा योगदान पुग्नका साथै भूक्षय तथा गल्छी कटान जस्ता जोखिमहरू कम गरी विकासको लागत न्यून गर्न सहयोग पुग्ने हुन्छ । गाउँपालिका क्षेत्रमा व्यापक रूपमा सडक विस्तार भइरहेको र यस क्रममा व्यवस्थित तथा वातावरण मैत्री सडक पूर्वाधारमा पर्याप्त ध्यान पुग्न नसक्दा भूक्षय, माटोको बहावका साथ-साथै अधिकांश सडक कच्ची भएकोले वर्षादको पानीको उचित व्यवस्थापन हुन नसकिरहेको अवस्था रहेको हुदा गाउँपालिकाले यस विषयमा विशेष रुपमा ध्यान दिनु पर्नेछ । भूमि तथा जलस्रोत माथिको पहुँचलाई समतामूलक बनाउन र वातावरणीय सन्तुलन कायम गरी दिगो विकास हासिल गर्न, तथा भूमि तथा जलस्रोतबाट प्राप्त हुने लाभलाई न्यायोचित ढंगबाट वितरण हुन सक्ने अवस्थाको सिर्जना गर्न स्रोत साधानको उपयोग र व्यवस्थापन गर्नको निमित्त भू- उपयोग तथा जलस्रोतको संरक्षण योजनाको आवश्यकता रहेको छ ।

### ७.२.२ समस्या तथा चुनौती

| | समस्याहरु | चुनौती तथा जोखिमहरू |
|---|---|---|
| **भूसंरक्षण तथा जलाधार व्यवस्थापन** | • जमीन जलस्रोत र जलाधार क्षेत्रको वैज्ञानिक व्यवस्थापन तथा दिगो संरक्षण हुन नसकेको,<br>• जलाधार क्षेत्रहरुको आवश्यक पहिचान हुन नसक्नु,<br>• भू तथा जलाधार संरक्षण र व्यवस्थापनलाई विकासका पूर्वाधार निर्माणको साझा विषयको रुपमा लिई प्राथमिकता अनुसार सञ्चालन हुन नसक्नु,<br>• सुक्ष्म जलाधार क्षेत्रको पहिचान तथा व्यवस्थापन योजना उपलब्ध नहुनु,<br>• अवैज्ञानिक तरिकाले प्राकृतिक स्रोतको दोहन, वन क्षेत्रको विनाश, | • तिनै तहका सरकार र सरोकारवाला निकायहरु बीच समन्वय र स्थानीय सरकारका निर्वाचित पदाधिकारी, कर्मचारी र स्थानीय समुदायको ज्ञान, सीप र अनुभवमा कमी,<br>• तटबन्धन तथा नदी नियन्त्रण तथा सम्बन्धीत निकायहरुबाट सुक्ष्म जलाधार क्षेत्रहरुको व्यवस्थापन तथा भूसंरक्षण सम्बन्धी कार्यक्रम र बजेट अभाव,<br>• भिरालो जमिनको कारण कृषिजन्य जमिनको उर्वराशक्तिमा कमि,<br>• वर्षादको पानीको उचित व्यवस्थापन गर्न,<br>• मानव वस्तीको विकास र बसाईसराईको चापका साथै अनुत्पादक पशुहरूको अत्याधिक चरीचराउ र उपयोगले प्राकृतिक नदी-खोलामा भूक्षय हुनेभई क्रम जारी,<br>• खोलाले धार परिवर्तन गर्नु, |

| | समस्याहरु | चुनौती तथा जोखिमहरू |
|---|---|---|
| | जथाभाबी सड्क निर्माण, वातावरणीय प्रभाव मूल्याङ्कन नगरी विकास निर्माणको काम हुनु,<br>• जलाधार क्षेत्र संरक्षणको महत्व आम मानिसमा बुझाउन नसकिएको,<br>• नदी क्षेत्रमा वस्ती बसाल्ने अभ्यास, तटबन्धनको निर्माण हुन नसक्नु,<br>• जलाधार क्षेत्रको संरक्षणका लागि कुनै किसिमको अध्ययन अनुसन्धानमा आधारित काम हुन नसक्नु,<br>• विकास निर्माणका कायहरू गर्दा प्रारम्भिक वातावरणीय परीक्षण **(IEE)** र वातवरणीय प्रभाव मूल्याङ्कन **(EIA)** प्रभावकारी कार्यान्वयन नहुनु<br>• योजना तर्जुमा प्रक्रियामा जलाधार संरक्षण गर्ने कार्यमा कम ध्यान पुग्नु,<br>• जमिनको प्रकृति अनुसार त्यसको वर्गीकरण गरी सदुपयोग गर्न नसकिएको, | • मोटर बाटोहरूमा पहिरो गइरहने हुँदा यातायातमा समस्या,<br>• अनावृष्टि, अतिवृष्टि, हुनुका साथै पानीको मुहान सुकेर सुक्खा क्षेत्रको विस्तारमा वृद्धि हुँदै गएको,<br>• जलाधार क्षेत्रलाई संरक्षण गर्न कुनै नीति तथा योजना बन्न नसक्नु<br>• उच्च भौगोलिक विकटताको कारण विकासका कार्यहरु सञ्चालन गर्नुरसायनिक मलको अनियन्त्रित प्रयोगले माटोको गुणस्तर निरन्तर खस्किनु<br>• हाल भईरहेको पहिरो, भू-क्षय आदिको समस्या हल गर्नु<br>• पहाडी भू-भागमा पहिरो जाने सम्भावना बढी रहेका<br>• साना खोलाहरु तथा खहरे खोलाहरुले वर्षातको समयमा खेतीयोग्य जमीन कटान,<br>• बर्षेनी कटान, बाढी र डुबानको समस्या आउने गरेको साथै जलाधार क्षेत्र वरिपरिका मानव वस्ती उच्च जोखिममा रहेको,<br>• जलस्रोत तथा जलाधार क्षेत्रको संरक्षण गर्न नसके भविष्यमा पानीको मुहानहरू सुक्न गई पिउने पानी तथा सिंचाइको चरम अभाव हुनसक्ने,<br>• परम्परागत रुपमा रहेका पानीको मुहान सुक्दै जानु,<br>• सडक र पहिरोका कारण पानीका स्रोतहरूमा क्षति पुग्नु ,<br>• गल्छी तथा पहिरोको उपचार, संवेदनशील जलाधार क्षेत्रहरूको व्यवस्थापन,<br>• पानी मुहान तथा पोखरी संरक्षण |

## ७.२.३ सम्भावना तथा अवसर

| | सबल पक्षहरू | सम्भावना र अवसरहरू |
|---|---|---|
| **भूसंरक्षण तथा जलाधार व्यवस्थापन** | • खोलाहरू तथा साना साना ताल तलैया, पोखरी जस्ता महत्वपूर्ण जलाधार क्षेत्रहरू रहेका,<br>• खोलानाला र पोखरी, ताल तलैयाबाट सिंचाई, घर पालुवा जनावर र वन्यजन्तुको लागि पानी र नुहाउने सुविधा उपलब्ध भईरहेको,<br>• खोला नालाबाट स्थानीय उपभोगको लागि गिट्टी र बालुवा समेत उपलब्ध हुने गरेको,<br>• खोला नाला र पोखरी, ताल तलैयाको जलाधार क्षेत्रमा घना जङ्गलले ढाकेको,<br>• कृषि तथा सार्वजनिक क्षेत्रमा समेत हरियाली रहेको हुँदा पानीको स्रोत र जमीनको उर्वराशक्ति तुलनात्मक रुपमा राम्रो रहेको ,<br>• ताल तथा पोखरी संरक्षणको योजना तथा चासो बढिरहेको,<br>• वन जङ्गलहरु बढ्दै गएको,<br>• प्रसस्त जलाधार क्षेत्र रहेको<br>• भू-संरक्षणका लागि स्थानीय तथा जनप्रतिनीधि तत्पर रहेको, | • वन, जमीन र जलस्रोत लगायत जलाधारका स्रोतको संरक्षण र व्यवस्थापनद्धारा गाउँपालिकामा आर्थिक विकास र वातावरणीय सन्तुलन कायम गर्न सकिने,<br>• जलाधार क्षेत्र व्यवस्थापनको अवधारणा अनुसार गाउँपालिका अन्तर्गतका सुक्ष्म जलाधार क्षेत्रहरु पहिचान, नक्शाङ्कन, आवश्यकता पहिचान, व्यवस्थापन योजना तथा कार्यक्रम तर्जुमा गर्न सकिने,<br>• जमीन र जलस्रोतको व्यवस्थापन गरी पानीको भण्डारण तथा जमीनको उर्वराशक्ति बढाउन सकिने,<br>• जलाधार र भूसंरक्षणका लागि वृक्षारोपण गर्न सकिने,<br>• जलाधार क्षेत्रको उपयोग गरी पर्यटन व्यवसाय तथा माछापालन व्यवसाय सञ्चालन गर्न सकिने,<br>• नदि तथा छहरे नियन्त्रण कार्य सञ्चालन गर्न सकिने,<br>• पानी पुन:भरण ( रिचार्ज ) पोखरी निर्माण गर्न सकिने,<br>• गाउँ बासीहरूको आर्थिक स्तर वृद्धि गर्न र जलाधार क्षेत्रहरूको संरक्षण गरी गाउँपालिका अन्तर्गतका सबै खोला खोल्सीमा सङ्लो पानी बगाउनको लागि गाउँपालिकासँग भएको सोचलाई सम्भावनाको रूपमा लिन सकिने,<br>• गाउँपालिकामा उपलब्ध जलाधार तथा सिमसार क्षेत्रको संरक्षण सहित स्थानीय समुदायलाई भूसंरक्षण तथा जलाधार व्यवस्थापनमा थप जिम्मेवार र जबाफदेही बनाउन सकिने,<br>• भौगोलिक अध्ययन गर्न सकिने,<br>• गाउँपालिकामा माटोको बनावट, खेती योग्य जमिन, संरक्षित क्षेत्र, वस्ती योग्य क्षेत्र आदिको विस्तृत अध्ययन गरी भू उपयोग योजनाका आधारमा समग्र गाउँपालिकाको वस्ती विकास गर्न सकिने, |

## ७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**सोच**

जल, जमिन र जलाधारः समुन्नतको आधार

**लक्ष्य**

जलाधार व्यवस्थापन गरी भू-संरक्षण युक्त गाउँपालिका निर्माण गर्ने ।

**उद्देश्यहरु**

१. जल, जमिन र जलाधारका अन्य श्रोतको संरक्षण तथा उपयोगमा वृद्धि गर्नु ।
२. भूसंरक्षण तथा वातावरणीय सन्तुलन कायम तथा समूचित व्यवस्थापन गर्नु ।

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| उद्देश्य १: जल, जमीन र जलाधारका अन्य श्रोतको संरक्षण तथा उपयोगमा बृद्धी गर्नु । | | | |
| १.१. | जलस्रोत तथा जलाधार क्षेत्र पहिचान गरी संरक्षण गर्ने । | १.१.१ | पानीका मुहानहरू, खोला नदि तथा पोखरी ताल तलाउ, जलाधार क्षेत्र, आदिको संरक्षण सम्बन्धी योजना निर्माण गरिनेछ । |
| | | १.१.२ | खोला नदिको संरक्षण तथा व्यवस्थापनको लागि समुदायको परिचालन गरिनेछ । |
| | | १.१.३ | खोला तथा नदिमा फालिने फोहोरलाई नियन्त्रण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । |
| | | १.१.४ | जलाधार संरक्षणमा सहायक प्रजातिका बिरुवाहरूको वृक्षारोपण गरिनेछ । |
| | | १.१.५ | जलाधार क्षेत्र संरक्षणको महत्व बुझाउनका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । |
| | | १.१.६ | पानी मुहान, पानी पोखरी, सिमसार, तालतलैया लगायतका स्रोतहरूको क्षेत्राधिकार निर्धारण गरी अतिक्रमणलाई नियन्त्रण गर्दै आवश्यकताका आधारमा तारबार, पर्खाल, रिटेनिङवाल, वृक्षारोपण एवम् रिचार्ज पोखरीहरू निर्माण गरी संरक्षण एवम् सम्वर्द्धन गरिनेछ । |
| १.२ | भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्य संचालन गर्ने । | १.२.१ | भूसंरक्षण तथा लघु जलाधार व्यवस्थापनलाई विकासको साझा विषयको रुपमा एकीकृत गरी संचालन गरिनेछ । |
| | | १.२.२ | भू तथा जलाधार व्यवस्थापनमा जल, जमीन र जंगलको संरक्षण र उत्पादन वृद्धिमा विशेष जोड दिइनेछ । |
| | | १.२.३ | जमिनको प्रकृति अनुसार खेती गर्ने प्रणालीको विकास गरिनेछ । |
| | | १.२.४ | संरक्षणमूलक खेती प्रणालीबारे किसानहरूमा सचेतना अभिवृद्धि गरिनेछ । |
| | | १.२.५ | किसानहरूको जलाधार संरक्षण समूह निर्माण गरिनेछ । |
| उद्देश्य २: भूसंरक्षण तथा वातावरणीय सन्तुलन कायम तथा समूचित व्यवस्थापन गर्नु । | | | |
| २.१ | बाढी पहिरो तथा भू–क्षय नियन्त्रण तथा रोकथाम गर्ने । | २.१.१ | भू-क्षय, बाढी पहिरो प्रभावित क्षेत्रहरू पहिचान गर्दै नक्साङ्कन गरिनेछ । |
| | | २.१.२. | जथाभाबी सडक निर्माण गर्ने, भौतिक पूर्वाधार तथा संरचनाहरू निर्माण गर्ने, वन विनास गर्ने जस्ता कार्यहरूलाई पूर्णतः निरुत्साहित एवम् निषेध गरिनेछ । |
| | | २.१.३ | ठाडो एवम् भिरालो भू-भागमा ***IEE, EIA*** जस्ता वातावरणीय लगायत भौगोलिक अवस्थाका बारेमा विस्तृत अध्ययन पश्चात् मात्रै भौतिक संरचनाहरू निर्माण गरी त्यस्ता भूभागहरूको संरक्षण गरिनेछ । |
| २.२ | भूसंरक्षण तथा वातावरणीय सन्तुलन कायम गर्ने । | २.२.१ | वातावरणीय परीक्षण मूल्याङ्कन र त्यसका सिफारिसलाई अनिवार्य कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ । |
| | | २.२.२ | पहिरो रोकथाम र नियन्त्रणका लागि समुदाय र वन उपभोक्ता समितिहरूलाई क्षमता विकास सम्बन्धी तालिम सञ्चालन गर्ने । |
| | | २.२.३ | वन तथा भू-संरक्षणका हरेक कार्यक्रमहरूमा जनसहभागिता सुनिश्चित गरिनेछ । |

| प्रमुख कार्यक्रम तथा आयोजना (भूसंरक्षण तथा जलाधार व्यवस्थापन) | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
| | | | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | | |
| १ | १.१ | १.१.१ | पानीका मुहानहरू, खोला नदि तथा पोखरी ताल तलाउ, जलाधार क्षेत्र, आदिको संरक्षण सम्बन्धी योजना निर्माण | संख्या | ० | १ | ० | ६०० | ० | ० | ० | ६०० | | |
| | | १.१.२ | खोला नदिको संरक्षण तथा व्यवस्थापनको लागि समुदायको परिचालन | संख्या | ० | २ | ४० | ० | ४० | ० | ० | ८० | | |
| | | १.१.३ | जलाधार संरक्षणमा सहायक प्रजातिका बिरुवाहरूको वृक्षारोपण | संख्या | १ | ३ | १०० | ० | १०० | १०० | ० | ३०० | | |
| | | १.१.४ | खोला नाला तथा नदि सरसफाई कार्यक्रम | संख्या | ० | ३ | १५० | ० | १५० | १५० | ० | ४५० | | |
| | | १.१.५ | जलाधार क्षेत्र संरक्षणको महत्व तथा जनचेतनामूलक कार्यक्रम | संख्या | ० | ३ | २० | ० | १० | ० | १० | ४० | | |
| | | १.१.६ | पानी मुहान, पानी पोखरी, सिमसार, तालतलैया लगायतका स्रोतहरूको क्षेत्राधिकार निर्धारण | संख्या | ० | २ | ४० | ० | ४० | ० | ० | ८० | | |
| | | | तारबार, पर्खाल, रिटेनिङवाल, वृक्षारोपण एवम् रिचार्ज पोखरीहरू निर्माण | संख्या | ० | १० | ० | २०० | ० | २०० | १०० | ५०० | | |
| | १.२ | १.२.१ | जलस्रोत तथा जलाधार क्षेत्रको विस्तृत विवरण तयार | संख्या | ० | १ | ० | १५० | ० | ० | ० | १५० | | |
| | | | स्थानीय जलाधार क्षेत्र संरक्षण नियमावली तयार गर्ने | संख्या | ० | १ | ५० | ० | ० | ० | ० | ५० | | |
| | | | गाउँपालिका भर हाल सुकेका परम्परागत पोखरीको पुनरुत्थान कार्यक्रम | संख्या | ० | ३ | ५० | ० | ५० | ० | ५० | १५० | | |

**प्रमुख कार्यक्रम तथा आयोजना** (भूसंरक्षण तथा जलाधार व्यवस्थापन)

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | | |
| | | १.२.२ | निजी क्षेत्रको संलग्नतामा जलाधार क्षेत्र उपयोग गरी आर्थिक दिगो पर्यटन, कृषि र उद्योग क्षेत्रका कार्यक्रम संचालन गर्न अर्न्तकृया | संख्या | १ | १ | ० | ५० | ० | ० | ० | ५० | | |
| | | १.२.३ | जमिनको प्रकृति अनुसार खेती गर्ने प्रणालीको विकास | संख्या | ० | १ | १५० | ० | १५० | ० | १५० | ४५० | | |
| | | १.२.४ | संरक्षणमूलक खेती प्रणालीबारे किसानहरूमा सचेतना अभिवृद्धि | संख्या | ० | १ | ५० | ५० | ० | ० | ० | १०० | | |
| | | १.२.५ | किसानहरूको जलाधार संरक्षण समूह निर्माण | संख्या | ० | २ | ५० | ० | ० | ५० | ० | १०० | | |
| २ | २.१ | २.१.१ | भू-क्षय, बाढी पहिरो प्रभावित क्षेत्रहरू पहिचान तथा नक्साङ्कन | संख्या | ० | १ | ० | ५०० | ० | ० | ० | ५०० | | |
| | | २.१.२ | वातावरणमैत्री भौतिक पूर्वाधार तथा संरचनाहरू निर्माण | संख्या | ० | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | |
| | | २.१.३ | वातावरणीय प्रभाव मूल्याङ्कन | संख्या | ० | ३ | ३०० | ० | ३०० | ० | ३०० | ९०० | | |
| | २.२ | २.२.१ | Bio Engineering | संख्या | ० | ५ | ७०० | ६०० | ५०० | ५०० | ५०० | २८०० | | |
| | | २.२.२ | समुदाय र वन उपभोक्ता समितिहरूलाई क्षमता विकास सम्बन्धी तालिम | संख्या | ० | ३ | ५० | ५० | ५० | ५० | ५० | २५० | | |
| | | २.२.३ | भू-क्षय, जलस्रोत तथा जलाधार क्षेत्रको विस्तृत विवरण तयार | संख्या | ० | १ | ० | १२० | ० | ० | १३० | २५० | | |
| जम्मा | | | | - | २ | ५२ | २२५० | २८२० | १८९० | १५५० | १७९० | १०३०० | | |

## ७.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | |
| **प्रभाव** | जल, जमीन र जलाधार व्यवस्थापन गरी भू-संरक्षण युक्त गाउँपालिका भएको हुने । | | | | | | | | | |
| **असर** | जलाधार तथा भूमिको एकीकृत तथा व्यवस्थित उपयोगमा बृद्धि भएको हुने । | संरक्षित पानी मुहान क्षेत्र | संख्या | ३४ | ३४ | ३४ | ३४ | ३४ | ३४ | ३४ |
| | | नदी नियन्त्रण लम्बाई | कि मी | ०.६ | ०.५ | ०.६ | ०.६ | ०.५ | ०.६ | ३.४ |
| | | संरक्षित भू-क्षय र बाढी संवेदनशील क्षेत्र | संख्या | ६ | -१ | -१ | -१ | -१ | -१ | १ |
| | | संरक्षित र व्यवस्थित तालतलैया र सिमसार क्षेत्र | संख्या | १९ | १९ | १९ | १९ | १९ | १९ | १९ |
| **प्रतिफल** | वातावरणमैत्री र भूसंरक्षण तथा जलवायु परिवर्तनसँग अनुकूलित हुने गरी स्वच्छ एवम् सफा वातावरण सहितका विकास कार्यक्रमहरू सञ्चालन हुनेछ । | स्थानीय विपद् तथा भुसंरक्षण योजना | संख्या | ० | ० | १ | ० | ० | ० | १ |
| | | स्थानीय जलाधार क्षेत्र संरक्षण नियमावली | संख्या | ० | ० | १ | ० | ० | ० | १ |
| | | संरक्षित जलाधार क्षेत्र | संख्या | ० | | | | | | |
| | | बाढी तथा पहिरो जोखिम क्षेत्र | संख्या | ८ | ६ | ५ | ४ | ३ | ० | ० |
| | | बाढी तथा पहिरो जोखिम क्षेत्र नक्साङ्कन | संख्या | ० | ० | १ | ० | ० | ० | १ |
| | | खोला नाला तथा नदि सरसफाई कार्यक्रम | संख्या | १ | १ | १ | १ | १ | १ | ५ |
| | | रिचार्ज पोखरीहरू | संख्या | ० | १८ | २० | १५ | १८ | १८ | ८९ |
| | | परम्परागत पोखरीको पुनरुत्थान | संख्या | ० | २ | २ | ० | २ | ० | ६ |
| | | वातावरणीय प्रभाव मूल्याङ्कन | संख्या | ० | ० | १ | ० | ० | १ | २ |
| | | समुदाय र वन उपभोक्ता समितिहरूलाई क्षमता विकास | संख्या | ० | १ | १ | १ | १ | १ | ५ |
| **पुष्टयाईको आधार** | | –गाउँपालिकाको वार्षिक प्रतिवेदन<br>–गाउँपालिकाको पार्श्वचित्र , वडा कार्यालय<br>–वार्षिक नीति तथा कार्यक्रम<br>–प्राविधिक शाखा | | | | | | | | |
| **अनुमान तथा जोखिम पक्ष** | | –भूसंरक्षण तथा जलाधार व्यवस्थापनका क्षेत्रमा थप कार्यक्रमहरू भएको हुने । | | | | | | | | |

## ७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ७.३.१ पृष्ठभूमि

तमानखोला गाउँपालिकामा वन क्षेत्र, सार्वजनिक स्थान र नीजि खेतबारीमा हरियालीको अवस्था रहेको हुँदा हालसम्म वातावरण स्वच्छता रहेको छ। हालसम्म वायु र जल प्रदूषणको स्थिति प्रारम्भिक अवस्थामा रहेको छ। संघीय संरचना अनुसार वातावरण, स्वच्छता र हरियाली प्रवर्धन सम्बन्धी नीति, ऐन, नियम र निर्देशिका उपलब्ध रहेको र आवश्यकता अनुसार बन्ने क्रममा समेत रहेका छन् । वातावरणीय सन्तुलनका लागि वनक्षेत्र सुरक्षित राख्ने, जनसाधरणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक एवम् भौतिक विकासमा वातावरण पर्न सक्ने जोखिम न्यूनीकरण गर्ने, वातावरण प्रदूषण गर्नेले दायित्व व्यहोर्ने र वातावरण संरक्षणमा पूर्व सावधानी एवम् पूर्व सूचित सहमति जस्ता पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्बन गर्ने नीति राज्यबाट अङ्गीकार गरिएको छ। त्यसैगरी स्थानीय स्तरमा हरित क्षेत्रको संरक्षण र प्रवर्द्धन गर्ने, वातावरणीय जोखिम न्यूनीकरण गर्ने, न्यून कार्बनमुखी तथा वातावरणमैत्री विकास गर्ने, वातावरण संरक्षण गर्ने, स्थानीय स्तरमा सरसफाई तथा फोहोरमैला व्यवस्थापन गर्ने जिम्मेवारीहरू स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ। पूर्वाधार र सेवा सुविधाको वृद्धि सँगै ठोस तथा तरल फोहोरमैलाको विसर्जनको मात्रा बढ्दै गएको छ। मुख्य गरी ग्रामिण क्षेत्रमा प्लाष्टिक लगायत प्रदुषणजन्य पदार्थको प्रयोग बढ्दै गईरहेको छ। प्लास्टिक जन्य सामाग्रीको प्रयोगलाई समयमै प्रतिष्थापन र व्यवस्थापन गरी वातावरणीय स्वच्छता कायम राख्न सकिने अवस्था छ। यसैगरी स्व्यस्थ्य संस्था तथा संस्थागत क्षेत्र एवम् कार्यालयहरु सेवाको वृद्धिसंगै अस्पतालजन्य फोहोर पनि बढ्दो क्रममा रहेको छ। नीजि घर तथा संस्थागत फोहोर व्यवस्थापन र विसर्जनको लागि कम्पोष्ट विन, पिट, प्रशोधन केन्द्र, घरभित्र फोहोरमैला व्यवस्थापनको आवश्यकता देखिएको छ। राजनैतिक नेतृत्व तथा जनप्रतिनिधि र समुदायमा समेत वातावरण संरक्षण र हरियाली व्यवस्थापनमा सचेतना वृद्धि हुँदै गएको छ। वातावरण संरक्षणका लागि खाली जङ्गल तथा नांगा भिर पाखाहरूमा वृक्षारोपन गर्ने कार्यहरू भइरहेता पनि यसको असर प्रभावकारी रूपमा देखिरहेको अवस्था छैन।

वैकल्पिक नवीकरणीय ऊर्जाको प्रवर्द्धन र उपयोग गरी खान पकाउन प्रयोग गरिने दाउराको उपयोगलाई घटाई वन जङ्गलको संरक्षण र वातावरण तथा फोहोरमैला व्यवस्थापनमा सहयोग पुर्याउन पर्ने आवश्यकता रहेको छ। ल्याण्डफिड साइडको निर्माण गरी फोहोरमैला व्यवस्थापनमा सहयोग पुर्याउन आवश्यक रहेको छ। घरबाट निस्कने फोहोरलाई कम गर्ने, वृक्षारोपण गरी गाउँपालिका क्षेत्रमा हरियाली कायम गर्ने तथा ढुङ्गा, गिटी बालुवाको व्यवस्थित उत्खनन गरी गाउँपालिकाको वातावरणीय स्वच्छता कायम गर्नु आजको आवश्यकता रहेको छ। गाउँपालिकाले फोहोरलाई स्रोतमै वर्गीकरण गरी सकेसम्म कम फोहोर उत्पादन गर्ने, वातावरणमैत्री सामाग्रीहरुको मात्र प्रयोग गर्ने र उत्सर्जित फोहोरलाई मोहर बनाई आय आर्जन, सभ्यता र स्वास्थ्यसँग जोड्ने अभियानको थालनी गर्ने छ।

### ७.३.२ समस्या तथा चुनौती

| | समस्याहरु | चुनौती तथा जोखिमहरू |
|---|---|---|
| **वातावरण तथा फोहोरमैला व्यवस्थापन** | • गाउँपालिकाको बजार र ग्रामीण वस्ती रहेका क्षेत्रहरुमा प्लाष्टिकजन्य सामाग्री तथा बोतलहरुको प्रयोग बढ्दै गएको,<br>• फोहोर वर्गीकरण, पुनःप्रयोग तथा व्यवस्थापन गर्ने बानी, व्यवहार र अभ्यासमा कमी रहेको,<br>• फोहोरमैलाको व्यवस्थापनलाई चुस्त र प्रविधिमैत्री बनाउन नसक्नु,<br>• घरेलु स्तरमा सरसफाईको पूर्ण व्यवस्थापन हुन नसकेको,<br>• समुदाय स्तरमा फोहोरमैला व्यवस्थापन सम्भावित ठाउँ र प्राविधिक पक्षको विश्लेषण गर्न नसकिएको, | • दैनिक उत्सर्जन हुने प्लाष्टिक जन्य पदार्थ तथा बोतल जस्ता फोहोरमैला र घर, व्यावसायिक स्थल तथा स्वास्थ्य संस्था तथा संस्थागत क्षेत्र एवम् कार्यालयहरुबाट सिर्जित फोहोरद्धारा वातावरणीय प्रदूषण बढ्दो,<br>• प्लाष्टिक, सिसा तथा बोतल निरन्तर बढ्दै जाँदा प्लाष्टिक र प्लाष्टिकजन्य पदार्थहरु जलाउने अभ्यास रहेको हुँदा वायु प्रदूषित,<br>• दीर्घकालीन रुपमा फोहोर व्यवस्थापनको लागि उपयुक्त ठाँउ (डम्पीङ साइड) नहुनु,<br>• रासायनिक मलको प्रयोग बढ्दै गएको,<br>• वन क्षेत्र, खोला खोल्सामा जथाभावी फोहोर फाल्ने तथा फोहोर जम्मा गरेर खोला र नालीमा बगाउने प्रचलन बढ्दो, |

| | समस्याहरु | चुनौती तथा जोखिमहरू |
|---|---|---|
| | • गरिब, पिछडिएको र उच्च जोखिमयुक्त वर्ग सरसफाईको मूल प्रवाहबाट बाहिर हुनु,<br>• खोला तथा खोल्सी किनारमा फोहोरहरूको विसर्जन,<br>• वातावरण संरक्षण र पूर्वाधार विकास बीच समाञ्जस्यता स्थापित हुन नसकेको,<br>• वायु र पानीजन्य प्रदूषण | • अधिकांश सडकको अवस्था कच्ची वा धुले रहेको हुँदा धूलो व्यवस्थापन गर्न,<br>• पाखो तथा भिरालो जमिनमा फोहोरमैला व्यवस्थापनको लागि भौतिक संरचना बनाउन कठिनाइ,<br>• बढ्दो सवारी यातायात र डिजेल पेट्रोलको खपत, |

## ७.३.३ सम्भावना तथा अवसर

| | सबल पक्षहरू | सम्भावना र अवसरहरू |
|---|---|---|
| **वातावरण तथा फोहोरमैला व्यवस्थापन** | • कृषि भूमिमा जैविक मल प्रयोग भैरहेको,<br>• सार्वजनिक स्थानमा डस्टबिनको प्रयोग बढाईएको,<br>• सरसफाइ सम्बन्धी चेतना कार्यक्रम प्रभावकारी,<br>• गाउँपालिका क्षेत्रमा सरसफाईको अवस्था सुधारोन्मुख रहेको,<br>• वातावरण संरक्षण प्रति दायित्व बोध हुनु,<br>• गाउँपालि बासीहरुले सरसफाईको जिम्मेवारी हाम्रो पनि हो भन्ने भावनाको विकास भैरहेको,<br>• खुला दिसामुक्त क्षेत्र घोषणा हुनु,<br>• फोहोर व्यवस्थापनको लागि आम अग्रसरता हुनु,<br>• विकासका परियोजनाहरूमा वातावरणीय अध्ययन सुरुवात गर्न थालिएको,<br>• फोहोर मैलाको व्यवस्थापन तथा स्रोतमै न्यूनीकरण गरी गाउँलाई सुन्दर बनाउने स्थानीय समुदायसँगको सहकार्य, | • वातावरण संरक्षण तथा फोहोर मैला व्यवस्थापन सम्बन्धी दीर्घकालीन योजना बनाई कार्यान्वयन गर्न सकिने,<br>• ठोस तथा तरल फोहोरमैलाको पुनःप्रयोग सङ्कलन, प्रसोधन र विसर्जन व्यवहारिक तथा नविन प्रयोग,<br>• स्वच्छ व्यवहारको अवलम्बन, जलवायु परिवर्तन असरसँग अनुकुलनका अभ्यासहरुको प्रयोग र वातावरणीय स्वच्छता कायम गर्न सकिने,<br>• उपयुक्त भौगोलिक अवस्थाको छनोट गरी डम्पिङ साइटको निर्माण गर्न सकिने,<br>• हरेक घरहरुमा डस्टविनको उपयोग बढाउन सकिने,<br>• ध्वनि तथा वायु प्रदूषण नियन्त्रणका लागि स्थानीयहरूलाई अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरी सचेतना वृद्धि गर्न सकिने,<br>• सरसफाई र वातावरण बीच सन्तुलन कायम गर्न सकिने,<br>• सरसफाईको अवस्थामा सुधार गरी विभिन्न संक्रामक रोगहरूको प्रभावबाट समुदायका नागरिकहरूलाई बचाउन सकिने,<br>• वातावरण संरक्षण र पूर्वाधार निर्माणको बीच सामन्जस्यता स्थापित गर्न सकिने, |

## ७.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**सोच**

सफा र स्वच्छ, हराभरा तमानखोला गाउँपालिका

**लक्ष्य**

प्रदूषणमुक्त र स्वच्छ वातावरण कायम गर्ने ।

**उद्देश्यहरु**

१. उचित फोहोरमैला तथा प्रदुषण नियन्त्रण एवम् व्यवस्थापन प्रणालीको विकास गर्नु ।

२. पर्यावरणीय स्वच्छता, सुन्दरता र वातावरणीय सरसफाईमा अभिवृद्धि गर्नु

३. सम्पूर्ण पूर्वाधार विकास क्रियाकलापहरुलाई दिगो र वातावरण मैत्री बनाउने ।

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| उद्देश्य १: उचित फोहोरमैला तथा प्रदुषण नियन्त्रण एवम् व्यवस्थापन प्रणालीको विकास गर्नु । | | | |
| १.१. | प्रदुषण नियन्त्रणका लागि मापदण्ड बनाई लागू गर्ने । | १.१.१ | प्रत्येक घरमा खाना पकाउन प्रयोग हुने मुख्य ईन्धन काठ, दाउरालाई विस्थापित गर्न वैकल्पिक ऊर्जा जस्तै गोबरग्याँस, बायोग्याँस, सौर्य तथा वायु उर्जा, सुधारिएको चुलो आदिको व्यवस्था गर्न मापदण्डका आधारमा निश्चित प्रतिशत अनुदान दिइनेछ । |
| | | १.१.२ | प्लाष्टिक तथा अन्य फोहोरमैला जगाउने परिपाटीलाई पूर्णतः बन्देज गरिनेछ । |
| | | १.१.३ | सडक निर्माण लगायतका भौतिक निर्माण कार्य सम्पन्न गर्दा वातावरणमा पर्ने क्षति न्यूनीकरणमा उपाय अबलम्वन गरिनेछ । |

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| | | १.१.४ | प्रदुषण सम्बन्धी जनचेतनामूलक अभियान सञ्चालन गरिनेछ । |
| | | १.१.५ | आवश्यक ठाँउमा शवदाहस्थल तथा किरियापुत्रि घर निर्माण गरिनेछ । |
| | | १.१.६ | वातावरण प्रदुषण गर्ने वस्तु उत्पादन कम गर्न पुनः प्रशोधन एवम् प्रयोग गरिनेछ । |
| १.२ | भिन्न भिन्न प्रकिृतिका फोहोर पहिचान गरि उचित व्यवस्थापन गर्ने । | १.२.१ | फोहोरमैला व्यवस्थापनको गुरुयोजना बनाइनेछ । |
| | | १.२.२ | भिन्न भिन्न प्रकृतिका फोहोर पहिचान गरी उचित व्यवस्थापन गर्न गाउँपालिकास्तरीय पहल गरिनेछ । |
| | | १.२.३ | प्रत्येक घनावस्ती, बजार र बजार उन्मुख ठाउँहरूमा डम्पिङ साइटको व्यवस्था गरी फोहोरमैला व्यवस्थापन गरिनेछ । |
| | | १.२.४ | समुदायका फोहोरमैलालाई जम्मा गर्ने, प्रशोधन गर्ने र डिस्पोज गर्ने पूर्वाधारहरू बनाइनेछ |
| | | १.२.५ | पूर्ण सरसफाई कार्यक्रम अन्तर्गत अपाङ्गमैत्री महिलामैत्री शौचालयको निर्माण गरिनेछ । |
| | | १.२.६ | घरहरूबाट निस्कने फोहोर पानीलाई प्रशोधन गरे पछि मात्र नदी खोला तथा खोल्सामा प्रवाह गर्न मापदण्ड बनाई लागु गरिनेछ । |
| | | १.२.७ | घरआँगन, टोल र सडक सफा राख्ने र सामुदायिक वा टोलस्तरमा नियमित सरसफाई अभियान सञ्चालन गरिनेछ । |
| | | १.२.८ | निर्माण कार्यबाट निस्कने फोहोरको लागि सार्वजनिक स्थानको खोजी गरी व्यवस्थापन गरिनेछ । |
| | | १.२.९ | ग्रामीण फोहोर जस्तै प्लाष्टिक र काँचको बोतलहरूको व्यवस्थापन पनि व्यवस्थापन गरिनेछ । |
| १.३ | सरसफाईको पहुँच भएका प्रत्येक घर धुरीमा क्रमिक रूपमा गुणस्तरीय सरसफाईको पहुँच वृद्धि गर्ने । | १.३.१ | सार्वजनिक स्थानहरूमा आवश्यकता अनुसार फोहोर सङ्कलन गर्ने **Dustbin** को थप व्यवस्था गरिनेछ । |
| | | १.३.२ | गाउँ टोल सरसफाईको लागि उपभोक्ताहरूबाटै समिति गठन तथा सरसफाई गरिनेछ । |
| | | १.३.३ | फोहोरमैला सङ्कलन र व्यवस्थापनको लागि सामूहिक कोषको व्यवस्था गरी फोहोरमैला व्यवस्थापन कार्यलाई दिगो बनाइनेछ । |
| | | १.३.४ | लक्षित समुदायमा फोहोरको उचित व्यवस्थापनकोलागि जनचेतना सञ्चालन गरिनेछ । |
| उद्देश्य २ः पर्यावरणीय स्वच्छता, सुन्दरता र वातावरणीय सरसफाईमा अभिवृद्धि गर्नु | | | |
| २.१ | गाउँपालिकामा भएको पारिस्थीतिकीय प्रणालीको संरक्षण गर्ने । | २.१.१ | विद्यालयका विद्यार्थी तथा समुदायका अन्य लक्षित वर्गलाई सरसफाई सम्बन्धी तालिमहरू सञ्चालन गरी जनचेतना बढाइनेछ । |
| | | २.१.२. | निजी क्षेत्रसँगको सहकार्यमा शहरी क्षेत्रको फोहोरमैलाबाट बायोग्यास र प्राङ्गारिक मल उत्पादन गर्ने प्रक्रियालाई अगाडि बढाइनेछ । |
| | | २.१.३ | पानीका मुहानहरू सफा राख्न त्यस्ता स्थानहरूमा मानवीय गतिविधि र छाडा पशुहरू नियन्त्रण गरिनेछ । |
| | | २.१.४ | विभिन्न थरीका लालिगुराँस पहिचान, विवरण संकलन गरी लालिगुराँस नमुना पार्कको निर्माण गरिनेछ । |
| | | २.१.५ | पर्वतीय पर्यावरणको एकीकृत संरक्षण गरिनेछ । |
| | | २.१.६ | वातावरण सहयोगी जंगली जनावर, पशुपंक्षी, किरा, पुतली तथा जलचर आदिको पहिचान र संरक्षण गरिनेछ । |
| उद्देश्य ३ः सम्पूर्ण पूर्वाधार विकास क्रियाकलापहरुलाई दिगो र वातावरण मैत्री बनाउने । | | | |
| ३.१ | विकास निर्माणका कार्यक्रम गर्दा वातावरण प्रभाव मुल्याङ्कन **(IEE/EIA/BES)** कार्यान्वयन गर्ने । | ३.१.१ | विकास निर्माणका ठूला कार्यक्रमहरू, खानी उत्खनन्, ढुंगा, गिटी, बालुवा तथा माटो उत्खनन्आदि कार्य गर्न प्रारम्भिक वातावरणीय परीक्षण गरी सोको अक्षरशः पालना गरिनेछ । |

**प्रमुख कार्यक्रम तथा आयोजना** ( वातावरण तथा फोहोरमैला व्यवस्थापन)

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | | |
| १ | १.१ | १.१.१ | बैकल्पिक उर्जा प्रवर्द्धन गर्न अनुदान | संख्या | ० | ३ | १५० | १५० | १५० | ० | ० | ४५० | | |
| | | १.१.२ | प्लाष्टिक तथा अन्य फोहोरमैला जलाउन निषेध अभियान | संख्या | ० | ३ | २० | २० | ० | ० | ० | ४० | | |
| | | १.१.३ | वातावरण क्षति न्यूनीकरणमा उपाय अबलम्वन | संख्या | १ | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | | |
| | | १.१.४ | प्रदुषण सम्बन्धी जनचेतनामूलक अभियान सञ्चालन | संख्या | १ | ३ | ० | ५० | ० | ५० | ५० | १५० | | |
| | | १.१.५ | शवदाहस्थल तथा किरियापुत्रि घर निर्माण | संख्या | ० | ६ | ३०० | ५०० | ३०० | ३०० | ३०० | १७०० | | |
| | | १.१.६ | प्लाष्टिक तथा अन्य फोहोरमैला व्यवस्थापन चेतनामुलक कार्यक्रम | संख्या | १ | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | | |
| | १.२ | १.२.१ | फोहोरमैला व्यवस्थापनको गुरुयोजना | संख्या | ० | १ | ० | २५० | ० | ० | ० | २५० | | |
| | | १.२.२ | सरसफाई अभियान सञ्चालन | संख्या | ० | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | | |
| | | १.२.३ | डम्पिङ साइट निर्माण | संख्या | ० | १ | ० | ० | ५०० | ० | ० | ५०० | | |
| | | १.२.४ | फोहोरमैला पुर्नप्रयोग केन्द्र निर्माण | संख्या | ० | १ | ० | ० | ० | ३०० | १००० | १३०० | | |
| | | १.२.५ | पूर्ण सरसफाई कार्यक्रम अन्तर्गत अपाङ्गमैत्री महिलामैत्री शौचालयको निर्माण | संख्या | ० | ३ | २५० | ० | २५० | ० | २५० | ७५० | | |
| | | १.२.६ | घरहरूबाट निस्कने फोहोर पानीलाई व्यवस्थापन तथा प्रशोधन | संख्या | ० | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | |
| | | १.२.७ | सामुदायिक वा टोलस्तरमा नियमित सरसफाई अभियान | संख्या | ० | ५ | १८० | १८० | १८० | १८० | १८० | ९०० | | |

**प्रमुख कार्यक्रम तथा आयोजना** ( वातावरण तथा फोहोरमैला व्यवस्थापन)

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | | |
| | | १.२.८ | निर्माण कार्यबाट निस्कने फोहोरको लागि सार्वजनिक स्थानमा व्यवस्थापन | - | १ | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | | |
| | | १.२.९ | प्लाष्टिक र काँचको बोतलहरूको व्यवस्थापन | संख्या | ० | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | | |
| | १.३ | १.३.१ | सार्वजनिक स्थानहरूमा फोहोर सङ्कलन **Dustbin** | संख्या | १ | १ | ५० | ५० | ५० | ५० | ५० | २५० | | |
| | | १.३.२ | गाउँ टोल सरसफाई उपभोक्ता समिति गठन | भए, नभएको | १ | १ | ० | ० | ० | ० | ० | ० | | |
| | | १.३.३ | फोहोरमैला सङ्कलन र व्यवस्थापन सामूहिक कोष | भए, नभएको | १ | ३ | ० | ० | १०० | १०० | १५० | ३५० | | |
| | | १.३.४ | लक्षित समुदायमा फोहोरको उचित व्यवस्थापन तथा जनचेतना | संख्या | १ | २ | ५० | ५० | ० | ० | ० | १०० | | |
| २ | २.१ | २.१.१ | विद्यालयका विद्यार्थीलाई सरसफाई सम्बन्धी तालिमहरू | संख्या | १ | ५ | १२० | १२० | १२० | १२० | १५० | ६३० | | |
| | | २.१.२ | फोहोरमैलाबाट बायोग्यास र प्राङ्गारिक मल उत्पादन गर्ने नीजि क्षेत्रसँगको सहकार्य | संख्या | ० | ३ | ० | ० | ३०० | ३०० | ३०० | ९०० | | |
| | | २.१.३ | पानीका मुहानहरू सफा राख्न मानवीय गतिविधि र छाडा पशुहरू नियन्त्रण | संख्या | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | |
| | | २.१.४ | विभिन्न थरीका लालिगुराँस पहिचान, विवरण संकलन तथा लालिगुराँस नमुना पार्कको निर्माण | संख्या | ० | १ | ० | ० | १००० | ० | ० | १००० | | |
| | | २.१.५ | पर्वतीय पर्यावरणको एकीकृत संरक्षण | संख्या | ० | ५ | २५० | २५० | २५० | २५० | २५० | १२५० | | |

| **प्रमुख कार्यक्रम तथा आयोजना** ( वातावरण तथा फोहोरमैला व्यवस्थापन) | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
| | | | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | | |
| | | २.१.६ | वातावरण सहयोगी जंगली जनावर, पशुपंक्षी, किरा, पुतली तथा जलचर आदिको पहिचान र संरक्षण | संख्या | ० | १ | ० | ० | ३०० | ० | ० | ३०० | | |
| ३ | ३.१ | ३.१.१ | विकास निर्माणका ठूला कार्यक्रमहरू, खानी उत्खनन्, ढुंगा, गिटी, बालुवा तथा माटो उत्खनन्आदि कार्य गर्न वातावरण प्रभाव मुल्याङ्कन **(IEE/EIA/BES)** | संख्या | ० | २ | ५०० | ० | ० | ५०० | ० | १००० | | |
| | | | जम्मा | - | ९ | ८५ | २८७० | २६२० | ४५०० | ३१५० | ३६८० | १६८२० | | |

## ७.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | |
| **प्रभाव** | सफा र स्वच्छ, हराभरा तमानखोला गाउँपालिका भएको हुने । | | | | | | | | | |
| **असर** | गाउँको सुन्दरता तथा पर्यावरणीय स्वच्छता र जलवायु परिवर्तन अनुकुलतामा अभिबृद्धि भएको हुने । | प्रयोग भएका फोहोरमैला व्यवस्थापन प्रणाली | संख्या | ० | १ | ० | ० | ० | ० | १ |
| | | कम्पोष्ट-विन र गार्वेज-पिट प्रयोग गर्ने परिवार | प्रतिसत | ८५ | ९० | ९२ | ९५ | ९६ | ९८ | ९८ |
| | | निष्काशित फोहोरमैलाको औषत परिमाण ( दैनिक) | मे टन | १.९ | १.६ | १.५ | १.३ | १.१ | ०.९ | ०.९ |
| | | प्रदुषण मापन केन्द्र | संख्या | ० | ० | ० | ० | १ | ० | १ |
| | | शवदाहस्थल तथा किरियापुत्रि घर | संख्या | २ | १ | १ | १ | १ | १ | ७ |
| | | फोहोरमैला व्यवस्थापनको गुरुयोजना | संख्या | ० | ० | १ | ० | ० | ० | १ |
| | | फोहोरमैला पुर्नप्रयोग केन्द्र | संख्या | ० | ० | ० | १ | ० | ० | १ |
| **प्रतिफल** | घर र टोललाई सफा राख्न फोहोर व्यवस्थापनका लागि | मनोरञ्जनस्थल, पार्क र हरित क्षेत्र | संख्या | ३ | १ | १ | १ | ० | ० | ६ |
| | | नियमित सरसफाइको अभ्यास गर्ने घरधुरी | प्रतिसत | ९५ | १०० | १०० | १०० | १०० | १०० | १०० |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | |
| | समुदायसँगको सहकार्य भएको हुने । | स्थानीय विपद जोखिम न्युनीकरण तथा जलवायु अनुकुलन कार्ययोजना तर्जुमा | संख्या | ० | १ | ० | ० | ० | १ | २ |
| | | स्रोतमा फोहर वर्गीकरण गर्ने परिवार | प्रतिसत | ८५ | ९० | १०० | १०० | १०० | १०० | १०० |
| | | वातावरण तथा जलवायु सम्बन्धी सचेतना कार्यक्रम | संख्या | ० | १ | १ | १ | १ | १ | ५ |
| | | नियमित सरसफाई अभियान | संख्या | १ | १ | १ | १ | १ | १ | ५ |
| | | फोहोर सङ्कलन ***Dustbin*** | संख्या | ३५ | २० | १५ | १० | १० | १० | ६५ |
| | | गाउँ टोल सरसफाई उपभोक्ता समिति | संख्या | | | | | | | |
| | | लालिगुराँस नमुना पार्क | संख्या | ० | ० | ० | १ | ० | ० | १ |
| **पुष्टयाईको आधार** | | –गाउँपालिकाको वार्षिक प्रतिवेदन<br>–गाउँपालिकाको पार्श्वचित्र , वडा कार्यालय<br>–वार्षिक नीति तथा कार्यक्रम<br>–प्राविधिक शाखा | | | | | | | | |
| **अनुमान तथा जोखिम पक्ष** | | –वातावरण प्रति जनचेतना वृद्धि भएको हुने | | | | | | | | |

## ७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता

### ७.४.१ पृष्ठभूमि

नेपालको संविधानले वातावरणीय सन्तुलनका लागि आवश्यक भूभागमा वन क्षेत्र कायम गर्ने र प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवम् पुनर्स्थापनाको व्यवस्था सुनिश्चित गरेको छ भने प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना एवम् तयारी गर्ने, उद्धार, राहत एवम् पुनर्स्थापना गर्ने नीति अङ्गीकार गरेको छ । विपद् पूर्व, सो पश्चात् र विपद् को समयमा स्थानीय तहले निभाउनु पर्ने, विपद् तथा जलवायु परिवर्तन अनुकूलन सम्बन्धी योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, अनुगमन एवम् नियमन गर्ने, जोखिम वस्तीहरू पहिचान गर्ने, नक्साङ्कन गर्ने वस्ती स्थानान्तरण गर्ने जस्ता जिम्मेवारीहरू पनि स्थानीय तहको क्षेत्राधिकारमा राखिएको छ ।

भौगोलिक जटिलता र कमजोर भौगर्भिक अवस्था, भिरालोपन, कमजोर चट्टान र प्राकृतिक तथा जलवायु एवम् मानवीय क्रियाकलापबाट सिर्जित विपद्का दृष्टिले तमानखोला गाउँपालिका प्राकृतिक प्रकोपको उच्च जोखिम क्षेत्रमा रहेको छ । यस गाउँपालिकामा विशेष गरी, पहिरो, हावाहुरी, असिना, चट्याङ, अनावृष्टि, आगलागी जस्ता प्राकृतिक प्रकोपहरू देखापर्दै आइरहेकाछन् । अर्को तर्फ विभिन्न समयमा माहामारिहरुबाट जनधनको क्षति हुने गरेको छ। यस्ता प्रकोपहरूको प्रभाव न्यूनीकरणका लागी समयमानै उचित उपायहरू अवलम्बन गरी जनधनको क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ । प्राकृतिक तथा मानव सिर्जित विपद्का घटनाहरूबाट धनजन तथा विकासका पूर्वाधारहरूको क्षतिले आर्थिक तथा सामाजिक विकासमा ठुलो असर भोगिरहेको छ । दुर्गम र कठिन भौगोलिक बनावटका कारण यो क्षेत्रको आधारभूत सेवामा पहुँच कठिन भएको र विकास प्रक्रियाहरूमा वाधा पर्दै आइरहेको छ । यसका लागि गाउँपालिकाले विपद् व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्य योजना तयार पारी लागू गर्ने योजना रहेको छ ।

### ७.४.२ समस्या तथा चुनौती

| | समस्याहरु | चुनौती तथा जोखिमहरू |
|---|---|---|
| **विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता** | • विपद् सम्बन्धी प्रर्याप्त ज्ञान र सूचनाको कमी,<br>• अव्यवस्थीत रुपमा भौतिक पूर्वाधारको विकासले वस्ती तथा घरहरु पहिरोको जोखिममा परेका,<br>• विपद् सम्बन्धी तथ्याङ्क सङ्कलन र सूचना प्रवाहमा समन्वयको कमी,<br>• जलवायु परिवर्तन सम्बन्धि जनचेतनाको अभाव,<br>• पूर्वानुमान सूचना प्रणालीको प्रभावकारी व्यवस्था नहुनु,<br>• विपद् न्यूनीकरण गर्न नयाँ प्रविधि सिकाइहरू विकास / विस्तार नहुनु,<br>• वर्सेनि वर्षातको समयमा पहिरोको समस्या हुनेगरेको, सडक अबुरुद्ध,<br>• चट्याङ्ग तथा अतिवृष्टिबाट सिर्जना हुने बाढी, पहिरो, | • प्रभावका आधारमा विभिन्न विपद जोखिमहरु मध्ये हुरी वतास, आगलागी, वन डडेलो, पहिरो, बाढी, चट्याङ्ग, सडक दुर्घटना, भुकम्प प्रमुख,<br>• महामारी, आगलागी, बाढी विपद्जन्य घटनाका आवृत्ति ( frequency) तथा सघनता ( intensity) बढ्दै गएको,<br>• विपद्को त्रासले स्थानीयहरू घर / वस्ती छाडी अन्यत्र बसाइँसराइ गर्नु,<br>• विपद् न्यूनीकरण गर्ने स्रोत तथा साधनको कमी हुनु,<br>• मनसुनको समयमा हुने मेघगर्जन र चट्याङ्ग, मनसुनी बर्षाले सिर्जना गर्ने बाढी पहिरो र डोजरको जथाभावी प्रयोगले भूक्षय भई खेतवारी तथा भौतिक पूर्वाधारमा क्षति,<br>• खेतीपातीको वार्षिक क्यालेन्डर परिवर्तन हुन थालेको, बालीनालीमा रोग किराको समस्या,<br>• अवैज्ञानिक र असावधानी पूर्ण सडक निर्माण कार्यबाट उत्पन्न भूक्षय पहिरोबाट ताल तलैया, खेतीवारी, सिंचाई तथा जलविद्युत्का बाँध पुरिने तथा भौतिक पुर्वाधारमासमेत क्षति पुग्ने,<br>• भिरालो र खोला नाला धेरै भएको ठाउँमा पहिरो तथा बाढीबाट हुने क्षतिको न्यूनीकरण,<br>• विपदको बेलामा आवश्यक जनशक्ति र स्रोत सामाग्रीको व्यवस्थापन,<br>• राहत उद्धारको लागि आवश्यक सीपयुक्त जनशक्ति तथा स्रोतहरूको व्यवस्थापन,<br>• खोला नदिहरूबाट ढुंगा, गिट्टी, वालुवाको अत्यधिक र अनियन्त्रित दोहन नियन्त्रण, |

| | समस्याहरु | चुनौती तथा जोखिमहरू |
|---|---|---|
| | ♦ विपद् व्यवस्थापनको लागि आबस्यक योजना तथा कार्यक्रमहरुको अभाव, | ♦ नाङ्गो तथा खाली क्षेत्र, अति चरीचरण हुने वन तथा चौर र कृषि क्षेत्र विभिन्न स्थानमा हुंदा भूक्षयको जोखिम, |

## ७.४.३ सम्भावना तथा अवसर

| | सबल पक्षहरू | सम्भावना र अवसरहरू |
|---|---|---|
| **विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता** | ♦ खोनानाला र ताल तलैयाबाट सिंचाई, घरपालुवा जनावर र वन्यजन्तुको लागि पानी र नुहाउने सुविधा उपलब्ध भईरहेको,<br>♦ खोलानालाबाट स्थानीय उपभोगको लागि गिट्टी र बालुवा समेत उपलब्ध हुने गरेको,<br>♦ विपद्को रोकथाम तथा पूर्व तयारी, प्रतिकार्य र पुनःस्थापना तथा पुर्नलाभ सम्बन्धी नीतिगत र व्यवहारिक सम्बोधनको लागि गाउँपालिकास्तरीय विपद व्यवस्थापन समिति गठन,<br>♦ स्थानीय समुदायमा विपद् व्यवस्थापन सम्बन्धी ज्ञान, सीप र सचेतनामा वृद्धि हुँदै गएको,<br>♦ जनसमुदाय तथा विपद् सम्बन्धी चेतना अभिवृद्धि,<br>♦ स्थानीय स्रोत साधनहरूमा जलवायु परिवर्तनबाट पर्ने प्रभाव कम हुँदै अनुकूलित वातावरण सिर्जना हुनु,<br>♦ गाउँपालिकाको प्राकृतिक स्रोत साधन लगायत स्थानीय सम्पदाहरूको संरक्षण हुनु,<br>♦ प्रकोप नियन्त्रणका लागि गाउँपालिकामा आपतकालीन विपत व्यवस्थापन कोष स्थापना भएको,<br>♦ विपद् व्यवस्थापन सम्बन्धी ऐन तथा कानूनको व्यवस्था, केन्द्रमा राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको स्थापना,<br>♦ विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनले अन्तराष्ट्रिय रुपमा महत्व पाउनु,<br>♦ नयाँ बन्ने संरचना तथा पूर्वाधारहरू निर्माण गर्दा विपद् व्यवस्थापनलाई ध्यान दिएर निर्माण गर्ने परिपाटीको विकास हुँदै जानु,,<br>♦ विपद् उत्थानशील एकीकृत् वस्ती विकास गर्ने सोचको विकास हुन, | ♦ वन, जमीन र जलस्रोत लगायत जलाधारका स्रोतको संरक्षण र व्यवस्थापनद्धारा गाउँपालिकामा आर्थिक विकास र वातावरणीय सन्तुलन कायम गर्न सकिने,<br>♦ जलाधार क्षेत्र व्यवस्थापनको अवधारणा अनुसार गाउँपालिका अन्तर्गतका सुक्ष्म जलाधार क्षेत्रहरु पहिचान, नक्शाङ्कन, आवश्यकता पहिचान, व्यवस्थापन योजना तथा कार्यक्रम तर्जुमा गर्न सकिने,<br>♦ जमीन जलस्रोत र जलाधार क्षेत्रको वैज्ञानिक व्यवस्थापन तथा दिगो संरक्षण गर्न सकिने,<br>♦ विपद प्रतिकार्य योजना निर्माण, उद्धार उपकरणहरुको व्यवस्था गरी पूर्व योजना तथा तयारी गर्ने,<br>♦<br>♦ जलवायुजन्य प्रकोप रोकथाम र नियन्त्रणका लागि मौसमी क्यालेन्डर तयार गरी सार्वजनिक गर्न सकिने,<br>♦ खोलानाला तालतलैयाबाट सिंचाई सुविधा विस्तार गरी खडेरीको जोखिम न्यूनीकरण गर्न सकिने सम्भावना,<br>♦ ग्रामीण क्षेत्रमा ताल पोखरी निर्माण संभावना र आवश्यकता,<br>♦ स्थानीय स्तरको विपद् सम्बन्धी भरपर्दो तथ्याङ्क अद्यावधिक गर्न सकिने,<br>♦ विपद् प्रतिकार्यका लागि संस्थागत तथा सामुदायिक क्षमता वृद्धि,<br>♦ विपद् न्यूनीकरण, पुनः स्थापना र पुनर्निर्माणमा सरकारी, गैरसरकारी सहयोग प्राप्त हुने,<br>♦ परम्परागत ज्ञान, सीप र स्थानीय स्रोतहरूको दिगो प्रयोग,<br>♦ खोला तथा सार्वजनिक स्थलहरूबाट ढुङ्गा, गिट्टी, बालुवा, माटोको अधिक दोहन, होटल, उद्योग, कलकारखाना, यातायात तथा अन्य मानवीय क्रियाकलापहरूबाट हुने फोहोर उत्सर्जन नियन्त्रण, |

## ७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**सोच**

विपद् जोखिम न्युनीकरण र उत्थानशिल गाउँपालिका

**लक्ष्य**

विपद्बाट हुने मानवीय, आर्थिक, सामाजिक, साँस्कृतिक र पर्यावरणीय क्षतिमा कमी ल्याउने ।

## उद्देश्यहरु

१. विपद् पश्चात्को पुर्नलाभ, पुर्नस्थापना, पुननिर्माण र नवनिर्माणका कार्यलाई सवल र उत्थानशील बनाउनु ।

२. मानव सिर्जित तथा प्राकृतिक कारणबाट हुने प्रकोप/विपद्को जोखिमलाई न्यूनीकरण गरी गाउँपालिकालाई कम प्रकोप/विपद् जोखिम हुने क्षेत्रको रूपमा विकास गर्नु ।

३. विपद् जोखिम र विपद्जन्य क्षति न्यूनीकरण तथा विपद उत्थानशिलता वृद्धि गर्नु ।

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| उद्देश्य १: विपद पश्चात्को पुनर्लाभ, पुनर्स्थापना, पुननिर्माण र नवनिर्माणका कार्यलाई सवल र उत्थानशील बनाउनु । | | | |
| १.१. | विपद् रोकथाम मार्फत् विपद् न्यूनीकरण गर्दै विपद् उत्थानशील समाजको निर्माण गर्ने । | १.१.१ | विद्यमान विपद्सम्बन्धी राष्ट्रिय नीति, कानुन तथा निर्देशिकाहरू पुनरावलोकन गरी विद्यमान विपद् व्यवस्थापनको संरचनाहरूको समय सापेक्ष परिमार्जन गरिनेछ । |
| | | १.१.२ | विपद् व्यवस्थापनका इकाइहरूबीच सूचना सङ्कलन, प्रशोधन तथा प्रक्षेपण गर्ने कार्यहरूमा समन्वय कायम गरी प्रभावकारी संयन्त्रको विकास गरिनेछ । |
| | | १.१.३ | उच्च जोखिम क्षेत्रहरूको नक्साङ्कन गरी खतरा संकेतहरू राखिनेछ । |
| | | १.१.४ | पूर्वानुमान तथा पूर्व चेतावनी प्रणालीको विकास तथा सञ्चालन गरिनेछ । |
| | | १.१.५ | विपद् सम्बन्धी पूर्वसूचना रेडियो, एफएम तथा अन्य सञ्चारमार्फत सम्प्रेषण गरिनेछ । |
| | | १.१.६ | विपद्बाट हुन सक्ने क्षति कम गर्न विकास निर्माणमा र स्थानीय स्तरको योजना तर्जुमामा जोखिम व्यवस्थापनलाई आन्तरिकीकरण गरिनेछ । |
| | | १.१.७ | विपद् जोखिम पूर्वतयारी र जोखिम न्यूनीकरणमा स्थानीय क्षमता अभिवृद्धि गरिनेछ । |
| | | १.१.८ | विपद्को कारणवाट आर्थिकरुपले छिन्न भिन्न रहेको परिवारलाई विशेष आर्थिक सहयोग गरी परिवारलाई पहिलाको स्थितिमा लैजाने व्यवस्था गरिनेछ । |
| | | १.१.९ | अनुकूल कार्यक्रम, भूसंरक्षण तथा व्यवस्थापन, जल उत्पन्न प्रकोप व्यवस्थापन, रेडक्रस जस्ता कार्यहरू गर्ने सबै निकायहरूलगायत विकास निर्माणका सरोकारवालाहरूबीच समन्वय कायम गरी एकीकृत रूपमा विपद् व्यवस्थापन कार्य सञ्चालन गरिनेछ । |
| १.२ | विपद्को लागि सवै वस्तीमा आवश्यक योजना, सामान तथा जनशक्तिको पूर्व व्यवस्था मिलाउने । | १.२.१ | गाउँपालिका, वडा तथा वस्तीस्तरमा उद्धार समिति गठन गरी विपद् आएमा तत्काल उद्धार गरिनेछ । |
| | | १.२.२ | प्रकोप व्यवस्थापन, पूर्व तयारी, प्रचार प्रसार कार्यक्रम , क्षमता अभिवृद्धि कार्यक्रममा प्रदेश तथा संघको समन्वय तथा सहयोगमा सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ । |
| | | १.२.३ | विपद् सूचना केन्द्र, आपतकालीन कार्य सञ्चालन केन्द्र, खोज तथा उद्धार, जोखिम लगायतका कार्यहरू गर्न अधिकार सम्पन्न विपद् व्यवस्थापन समिति स्थापना गरी एक द्वार प्रणालीबाट उक्त कार्यहरू सञ्चालन गरिनेछ । |
| | | १.२.४ | गाउँपालिका क्षेत्र तथा जिल्लामा विपद् जोखिम न्यूनीकरण तथा पूर्व तयारी गर्ने कार्यहरूमा सम्बन्धित विपद् व्यवस्थापन इकाइहरूबीच समन्वयात्मक सहभागिता कायम गरिनेछ । |
| | | १.२.५ | विपद् व्यवस्थापन कार्य गर्दा सकेसम्म स्थानीय स्रोत, साधन, सीप र उच्च प्रविधि प्रयोग गरिनेछ । |
| | | १.२.६ | गाउँपालिकामा विपद् व्यवस्थापनसँग कार्य गर्ने सम्बन्धित निकायहरूलाई सूचना सङ्कलन, प्रशोधन, प्रक्षेपण जस्ता विषयहरूमा तालिमको व्यवस्था गरिनेछ । |
| १.३ | सरोकारवालाहरूको समन्वय र संलग्नतामा विपद् व्यवस्थापन, जनचेतना अभिवृद्धि, प्रचार/प्रसारका कार्यहरू कार्यहरूलाई प्रभावकारी रूपले सञ्चालन गर्ने । | १.३.१ | विपद् सम्बन्धी जोखिम तथा प्रकोपबारे जानकारी एवम् तथाङ्क अद्यावधिक गर्न विपद् व्यवस्थापन इकाइहरू स्थापना गरिनेछ । |
| | | १.३.२ | गाउँपालिकामा कार्यरत सरकारी, निजी, सहकारी, स्थानीय निकाय, गैरसरकारी क्षेत्र लगायत स्थानीय समुदाय तथा सरोकारवालाहरूलाई विपद् व्यवस्थापन सम्बन्धी उत्कृष्ट कार्य भएका पालिकाहरूमा अवलोकन भ्रमण गराइनेछ । |
| | | १.३.३ | विपद् जोखिम न्यूनीकरण तथा पूर्व तयारी गर्ने कार्यहरूमा सम्बन्धित विपद् व्यवस्थापन समिति तथा इकाइहरू बीच समन्वयात्मक सहभागिता कायम गरिनेछ । |
| | | १.३.४ | गाउँपालिकामा सरोकारवालाहरूलाई भेला गराई विपद् व्यवस्थापन सम्बन्धी गोष्ठी, अन्तर्क्रिया र विचार आदान प्रदानका कार्यहरू सञ्चालन गरिनेछ । |
| | | १.३.५ | विपद् व्यवस्थापनलाई विद्यालय तथा शैक्षिक संस्थाहरूमा विषेश रूपले अध्यापन गराउन विद्यालय तथा शैक्षिक संस्थाको पाठ्यक्रममा विपद् व्यवस्थापन विषयलाई समावेश गरिनेछ । |
| | | १.३.६ | गाउँपालिकामा कार्यरत निकायहरूले आ-आफ्नो वार्षिक कार्य योजनामा विपद् व्यवस्थापन सम्बन्धी प्रचारप्रसारका कार्यहरू समावेश गरी कार्यान्वयन गरिनेछ । |
| उद्देश्य २: मानव सिर्जित तथा प्राकृतिक कारणबाट हुने प्रकोप/विपद्को जोखिमलाई न्यूनीकरण गरी गाउँपालिकालाई कम प्रकोप/विपद् जोखिम हुने क्षेत्रको रूपमा विकास गर्नु । | | | |

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| २.१ | विपद् संवेदनशील क्षेत्रहरूको पहिचान, संरक्षण, रोकथाम, पुनः स्थापना र स्थानान्तरण गर्ने । | २.१.१ | विपद प्रभावित समुदायको आवश्यकता पहिचान र प्रतिकार्यको लागि प्रारम्भिक तथ्याङ्कहरू तयार सञ्चालन गरिनेछ । |
| | | २.१.२. | जोखिमयुक्त क्षेत्रहरूको पहिचान गरी सम्भाव्यता अध्ययनका आधारमा पुनः स्थापना तथा स्थानान्तरण गरिनेछ । |
| | | २.१.३ | बाढीपहिरो, चट्याङ, नदीकटानी, खानी तथा उद्योग क्षेत्र आदिका आधारमा बढी विपद् संवेदनशील क्षेत्रहरूको पहिचान गरी त्यस्ता क्षेत्रहरूबाट वस्ती अन्यत्र सारी व्यवस्थित एवम् सुविधा सम्पन्न बनाइनेछ । |
| | | २.१.४ | भूकम्पको जोखिमलाई उच्च प्राथमिकतामा राखी नयाँ निर्माण हुने सम्पूर्ण भौतिक संरचनालाई भूकम्प प्रतिरोधी बनाइनेछ । |
| | | २.१.५ | साथै निर्माण भइसकेका संरचनाहरूलाई सम्भव भएसम्म प्रवलीकरण गर्न जोड गरिनेछ । |
| २.२ | विपत व्यवस्थापनमा सक्षम संयन्त्रको निर्माण गर्ने । | २.२.१ | स्वास्थ्यकर्मीहरू सम्मिलित गाउँपालिकास्तरीय संक्रमण रोग तथा महामारी प्रतिकार्य टोली गठन गरिनेछ । |
| | | २.२.२ | विपतका वेला आवश्यक पर्ने उपकरण, उद्धार सामाग्री, एम्बुलेन्स, स्काभेटर, डोरी, पाल लगायतका समाग्रीहरूको जोहो गरिनेछ । |
| | | २.२.३ | गाउँपालिकामा भूकम्प, असीना, आगलागी, पहिरो, चट्याङ जस्ता प्रकोप, दुर्घटना आदिको व्यवस्थापन गर्न स्थापित "विपद् व्यवस्थापन कोष" व्यवस्थित एवम् प्रभावकारी रूपमा सञ्चालन गरिनेछ । |
| | | २.२.४ | विपद् तथा महामारी व्यवस्थापनका लागि स्थानीय प्रशासन लगायत विभिन्न निकायसंग समन्वय गरी उद्धार, खोज, राहतका कार्यलाई एकीकृत ढंगले सञ्चालन गरी प्रभावकारी रूपले सञ्चालन गर्न आवश्यक व्यवस्था गरिनेछ । |
| | | २.२.५ | तत्काल उद्धारको लागि तालिम प्राप्त जनशक्ति, औषधि, औजार, डोरी, वाल्टी लगायतका सरसामानको व्यवस्था प्रत्येक वस्तीस्तरमा गरिनेछ । |
| | | २.२.६ | प्रहरी सेवा तथा पुर्वाधार विकास एवम् सुदृढ गरिनेछ । |
| उद्देश्य ३: विपद् जोखिम र विपद्जन्य क्षति न्यूनीकरण तथा विपद उत्थानशिलता वृद्धि गर्नु । | | | |
| ३.१ | विपद्जोखिम न्यूनीकरण तथा व्यवस्थापन अवधारणाहरुलाई विकास व्यवस्थापन प्रक्रियामा मूलप्रवाहीकरण गर्ने । | ३.१.१ | वडा तथा टोलस्तरमा विपद्व्यवस्थापन समिति तथा कार्यदल गठन गरी तालिम लगायत क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ । |
| | | ३.१.२ | प्रमुख टोलहरुमा उद्दार सामग्रीहरूको भण्डारण र नियमित रुपमा पुनःभरणको व्यवस्था गरिनेछ । |
| | | ३.१.३ | योजना तर्जुमा, कार्यान्वियन तथा अनुगमनमा वडा तथा टोलस्तरीय समितिलाई सहभागी गराई विपद्न्यूनीकरण तथा व्यवस्थापनलाई मूलप्रवाहीकरण गरिनेछ । |
| | | ३.१.४ | आवश्यक पूर्वाधारसहित सामुदायिक भवन निर्माण गरी आपत्कालका लागि सामुदायिक आश्रयस्थल, महामारी लगायतको लागि क्वारेण्टाइनको व्यवस्था गरिनेछ । |
| | | ३.१.५ | विकासका गतिविधि सञ्चालन गर्दा विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन सम्बन्धी अवधारणालाई सम्बोधन गरिनेछ । |
| | | ३.१.६ | बायोइञ्जिनियरिङ प्रविधि प्रवर्द्धन गरी खोलाखोल्सी, गल्छी, खहरे तथा नदी नियन्त्रणलाई दिगो बनाइनेछ । |
| ३.२ | विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरण, विपद व्यवस्थापनका लागि समुदाय तथा सरोकारवालासँग साझेदारी तथा सहकार्य अभिवृद्धि गर्ने । | ३.२.१ | गाउँपालिका, गैसस र नागरिक समाज संस्था र नीजि क्षेत्रको समेत योगदान समावेश गरी स्थापित स्थानीय विपद व्यवस्थापन कोषको वृद्धि र परिचालन गरिनेछ । |
| | | ३.२.२ | टोल टोलमा समुदाय समस्या परेका र पर्न सक्ने सदस्यलाई मनोसामाजिक परामर्श अभियानका रुपमा संचालन गरिनेछ । |
| | | ३.२.३ | गैर सरकारी संस्था, संचार माध्यम तथा समुदायमा आधारित संस्था लगायत नागरिक समाज संस्थाहरुसँग सहकार्य गरी जोखिम रोकथाम, विपद् पूर्व तयारी, जोखिम न्यूनीकरण र व्यवस्थापन कार्यक्रमलाई प्रभावकारी बनाईनेछ । |
| ३.३ | जलवायु परिवर्तन अनुकुलन लाई विपद जोखिम न्यूनीकरण र व्यवस्थापनसँग एकीकृत गरी स्थानीय विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने । | ३.३.१ | गाउँपालिकामा वातावरण तथा फोहोरमैला व्यवस्थापनसँग एकीकृत गरी विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन शाखा स्थापना र संचालनको व्यवस्था गरिनेछ । |
| | | ३.३.२ | जलवायु परिवर्तन अनुकुलनका लागि पानी संलकन प्रविधि, सुख्खा पोखरी, कृषि प्रविधि तथा उत्पादन प्रविधिको विकास र विस्तार गरिनेछ । |
| | | ३.३.३ | जलवायु परिवर्तन अनुकुलन सम्बन्धी सैद्धान्तिक र व्यवहारिक अभ्यासका बारेमा जनप्रतिनिधि, कर्मचारी र समुदायको अगुवाको लागि क्षमता विकास कार्यक्रम संचालन गरिनेछ । |
| | | ३.३.४ | गाउँपालिकाको विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन र नतिजा अनुगमन गरिनेछ । |

**प्रमुख कार्यक्रम तथा आयोजना** (विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता)

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १.१ | १.१.१ | विद्यमान विपद्सम्बन्धी नीति, कानुन तथा निर्देशिकाहरू पुनरावलोकन तथा समय सापेक्ष परिमार्जन | संख्या | १ | १ | ० | ५० | ० | ० | ० | ५० | | |
| | | १.१.२ | विपद् व्यवस्थापनका इकाइहरू गठन | संख्या | १ | ३ | ० | २० | २० | ० | २० | ६० | | |
| | | | विपद् सूचना सङ्कलन, प्रशोधन तथा प्रक्षेपणसंयन्त्रको विकास | संख्या | ० | ५ | १०० | १०० | १०० | १०० | १५० | ५५० | | |
| | | १.१.३ | उच्च जोखिम क्षेत्रहरूको नक्साङ्कन | संख्या | ० | १ | ० | ० | २२५ | ० | ० | २२५ | | |
| | | | विपद् पूर्व संकेत दिने उपकरण जडान | संख्या | ० | ५ | २४० | २४० | २४० | २४० | २४० | १२०० | | |
| | | १.१.४ | विपद् पूर्वानुमान तथा चेतावनी सुचना प्रणालीको विकास र सञ्चालन | संख्या | ० | २ | ४०० | ० | ४०० | ० | ० | ८०० | | |
| | | १.१.५ | विपद् सम्बन्धी पूर्व सूचना सम्प्रेषण | संख्या | ० | ५ | २० | २० | २० | २० | ३० | ११० | | |
| | | १.१.६ | विपद् प्रतिरोधी संरचनाहरू निर्माण मापदण्ड लागू | संख्या | १ | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | | |
| | | १.१.७ | विपद् जोखिम पूर्वतयारी र जोखिम न्यूनीकरणमा स्थानीय क्षमता अभिवृद्धि | संख्या | ० | ३ | १०० | ० | १०० | ० | १५० | ३५० | | |
| | | १.१.८ | उच्च जोखिममा रहेका वस्ती तथा परिवारलाई स्थानान्तरण | संख्या | ० | १ | ४०० | ४०० | ४०० | ० | ० | १२०० | | |
| | | | विपद पीडितलाई राहत वितरण | संख्या | १ | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | |
| | | १.१.९ | प्रकोप पात्रो तयार | संख्या | ० | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | | |
| | १.२ | १.२.१ | वडा स्तरीय विपद् व्यवस्थापन संयन्त्र निर्माण | संख्या | १ | २ | १२० | ० | ० | १२० | ० | २४० | | |
| | | १.२.२ | उद्धार सम्बन्धी पूर्वाभ्यास सञ्चालन | संख्या | ० | ३ | १०० | ० | १०० | ० | १०० | ३०० | | |

**प्रमुख कार्यक्रम तथा आयोजना** (विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता)

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | | |
| | | १.२.३ | विपद् प्रतिकार्य स्वयंसेवक समूहलाई तालिम | संख्या | ० | ५ | १३० | १३० | १३० | १३० | १३० | ६५० | | |
| | | १.२.४ | विभिन्न संस्थाहरूसँग प्रभावकारी समन्वय र सहकार्य | संख्या | ० | ३ | ५० | ० | ४० | ० | ३० | १२० | | |
| | | १.२.५ | स्थानीय स्रोत, साधन, सीप र उच्च प्रविधि प्रयोग | संख्या | ० | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | | |
| | | | विपद् उद्धार सामाग्री खरिद | संख्या | ० | ५ | १२० | १२० | १२० | १०० | १०० | ५६० | | |
| | | १.२.६ | विपद् व्यवस्थापन, सूचना सङ्कलन, प्रशोधन, प्रक्षेपण तालिम | संख्या | ० | ३ | ५० | ० | ५० | ० | ४० | १४० | | |
| | १.३ | १.३.१ | विपद् सम्बन्धी तथाङ्क अद्यावधिक | संख्या | ० | २ | ० | २० | ० | ० | ३० | ५० | | |
| | | १.३.२ | विपद् व्यवस्थापन सम्बन्धी उत्कृष्ट कार्य भएका पालिकाहरूमा अवलोकन भ्रमण, तालिम तथा सचेतना कार्यक्रम | संख्या | ० | २ | ० | १२० | ० | १२० | ० | २४० | | |
| | | १.३.३ | विज्ञसँग परामर्श सेवा | संख्या | ० | २ | २८० | ० | ० | ० | ३०० | ५८० | | |
| | | १.३.४ | विपद् व्यवस्थापन सम्बन्धी गोष्ठी, अन्तर्क्रिया र विचार आदान प्रदानका | संख्या | ० | २ | १०० | ० | ० | ० | १०० | २०० | | |
| | | १.३.५ | विद्यालय तथा शैक्षिक संस्थाको पाठ्यक्रममा विपद् व्यवस्थापन, तालिम तथा सचेतना कार्यक्रम सञ्चालन | संख्या | १ | १ | ० | २५० | ० | ० | ० | २५० | | |
| | | १.३.६ | विपद् व्यवस्थापन सम्बन्धी प्रचारप्रसारका कार्यहरू | संख्या | १ | ५ | २० | २० | २० | २० | २० | १०० | | |
| २ | २.१ | २.२.१ | विपद प्रभावित समुदायको आवश्यकता पहिचान र प्रतिकार्यको लागि प्रारम्भिक तथ्याङ्कहरू तयार | संख्या | ० | १ | ० | २०० | ० | ० | ० | २०० | | |

**प्रमुख कार्यक्रम तथा आयोजना** (विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता)

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २.१.२ | जोखिमयुक्त क्षेत्रहरूको पहिचान गरी सम्भाव्यता अध्ययन | संख्या | ० | १ | ४०० | ० | ० | ० | ० | ४०० | | |
| | | २.१.३ | बाढीपहिरो, चट्याङ, नदीकटानी, खानी तथा उद्योग क्षेत्र आदिका आधारमा बढी विपद् संवेदनशील क्षेत्रहरूको पहिचान | संख्या | ० | २ | ० | ३०० | ० | ३०० | ० | ६०० | | |
| | | २.१.४ | खुल्ला स्थान तय गरी पूर्वाधार निर्माण | संख्या | १ | ५ | १५० | १५० | २०० | २०० | २०० | ९०० | | |
| | | २.१.५ | निर्माण भइसकेका संरचनाहरूको प्रवलीकरण | संख्या | १ | ५ | ० | ० | ० | ० | ३०० | ३०० | | |
| | २.२ | २.२.१ | संक्रमण रोग तथा महामारी प्रतिकार्य टोली गठन | संख्या | १ | २ | ० | ५० | ० | ५० | ० | १०० | | |
| | | २.२.२ | उपकरण, उद्धार सामाग्री, स्काभेटर, डोरी, पाल लगायतका समाग्रीहरू व्यवस्थापन | संख्या | १ | ५ | ८० | ८० | ८० | १०० | १०० | ४४० | | |
| | | २.२.३ | विपद् व्यवस्थापन कोष निर्माण तथा रकम थप | संख्या | १ | ५ | १००० | १५०० | २००० | २५०० | ३००० | १०००० | | |
| | | २.२.४ | उद्धार, खोज, राहतका कार्यलाई एकीकृत | संख्या | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | |
| | | २.२.५ | वस्तीस्तरमा तत्काल उद्धारको लागि तालिम प्राप्त जनशक्ति, औषधि, औजार, डोरी, वाल्टी लगायतका सरसामानको व्यवस्था | संख्या | ० | २ | १५० | ० | ० | १५० | ० | ३०० | | |
| | | २.२.६ | प्रहरी सेवा तथा पुर्वाधार विकास | संख्या | १ | १ | ० | ० | ५०० | ० | ० | ५०० | | |
| ३ | ३.१ | ३.१.१ | वडा तथा टोलस्तरमा विपद् व्यवस्थापन समिति तथा कार्यदल गठन, तालिम लगायत क्षमता अभिवृद्धिका कार्यक्रम | संख्या | १ | २ | ५० | ५० | ० | ० | ० | १०० | | |

**प्रमुख कार्यक्रम तथा आयोजना** (विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता)

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | | |
| | | ३.१.२ | प्रमुख टोलहरुमा उद्दार सामग्रीहरूको भण्डारण र नियमित रुपमा पुनःभरण | संख्या | ० | ५ | २०० | २०० | २०० | १०० | १०० | ८०० | | |
| | | ३.१.३ | विपद् न्यूनीकरण तथा व्यवस्थापन अनुगमन | संख्या | १ | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | | |
| | | ३.१.४ | सामुदायिक आश्रयस्थल, महामारी क्वारेण्टाइन | संख्या | ० | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | | |
| | | ३.१.५ | अन्तरक्रिया कार्यक्रम संचालन | संख्या | १ | ५ | २० | २० | २० | २० | २० | १०० | | |
| | | ३.१.६ | खोलाखोल्सी, गल्छी, खहरे तथा नदी नियन्त्रण | संख्या | १ | ५ | २८० | २८० | २८० | २८० | २८० | १४०० | | |
| | ३.२ | ३.२.१ | स्थानीय विपद व्यवस्थापन बीमा योजनामा अनुदान | संख्या | १ | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | | |
| | | ३.२.२ | मनोसामाजिक परामर्श अभियान | संख्या | ० | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | | |
| | | ३.२.३ | समुदाय तथा सरोकारवालासँग साझेदारी तथा सहकार्य अभिवृद्धि | संख्या | ० | ३ | १०० | १२० | १२० | ० | ० | ३४० | | |
| | ३.३ | ३.३.१ | जलवायु परिवर्तन अनुकुलन विपद जोखिम न्यूनीकरण र व्यवस्थापन एकीकृत योजना तथा कार्यक्रम | संख्या | ० | १ | ० | २०० | ० | ० | ० | २०० | | |
| | | ३.३.२ | पानी संलकन प्रविधि, सुख्खा पोखरी, कृषि प्रविधि तथा उत्पादन प्रविधिको विकास | संख्या | ० | १ | ० | ० | ३०० | ० | ० | ३०० | | |
| | | ३.३.३ | जलवायु परिवर्तन अनुकुलन सम्बन्धी सैद्धान्तिक र व्यवहारिक अभ्यासका बारेमा जनप्रतिनिधि, कर्मचारी र समुदायको अगुवाको लागि क्षमता विकास कार्यक्रम | संख्या | ० | २ | ० | ५० | ० | ५० | ० | १०० | | |
| | | ३.३.४ | विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन रणनीतिक योजना तर्जुमा | संख्या | ० | १ | ० | ६० | ० | ० | ० | ६० | | |

| **प्रमुख कार्यक्रम तथा आयोजना** (विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता) | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **उद्देश्य** | **रणनीति** | **कार्यनीति** | **कार्यक्रम** | **एकाइ** | **आधार वर्ष** | **योजनाको कुल लक्ष्य** | **अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)** | | | | | | **जिम्मेवार निकाय** | **स्थानगत कार्यक्रम विवरण** |
| | | | | | | | **आ.ब. २०८२/०८३** | **आ.ब. २०८३/०८४** | **आ.ब. २०८४/०८५** | **आ.ब. २०८५/०८६** | **आ.ब. २०८६/०८७** | **जम्मा** | | |
| जम्मा | | | | - | १८ | १६० | ६०१० | ६१०० | ७०१५ | ५९५० | ६७९० | ३१८६५ | | |

## ७.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| **नतिजा तह** | **नतिजा** | **सूचक** | **एकाइ** | **आधार वर्ष** | **आर्थिक वर्ष : लक्ष्य परिमाण** | | | | | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | **आ.ब. २०८२/०८३** | **आ.ब. २०८३/०८४** | **आ.ब. २०८४/०८५** | **आ.ब. २०८५/०८६** | **आ.ब. २०८६/०८७** | |
| **प्रभाव** | सफा र स्वच्छ, हराभरा तमानखोला गाउँपालिका भएको हुने । | | | | | | | | | |
| **असर** | गाउँपालिकाक्षेत्रमा मानव सिर्जित तथा प्राकृतिक प्रकोपको कारणबाट हुने विपद्को जोखिमलाई न्यूनीकरण गरी कम जोखिम हुने क्षेत्रको रूपमा विकास हुने । | विपदबाट भएको बार्षिक क्षती (जग्गा, संरचना, बाली नाली, पशु र अन्य सम्पत्ती) | घटना,संख्या | २१ | १५ | १२ | १० | ८ | ० | ० |
| | | खुल्ला क्षेत्र र स्थान | संख्या | ७ | १ | २ | १ | १ | १ | १३ |
| | | विपद्जन्य घटनाबाट विगत ३ वर्षको औसत मानवीय क्षति | संख्या | ४ | ० | ० | ० | ० | ० | ० |
| | | विपदबाट क्षती भएको घरधुरी (बाढी पैरो र आगलागी जन्य) | संख्या | १४ | ० | ० | ० | ० | ० | ० |
| **प्रतिफल १** | विपद्व्यवस्थापन सम्बन्धी तर्जुमा भएका हरेका किसिमका योजनाहरूको कार्यान्वयन भएको हुनेछ । | तालिम प्राप्त स्वयंसेवक | संख्या | ० | २ | २ | २ | ० | ० | ६ |
| | | विपद् व्यवस्थापन स्थानीय कोष (लाखमा) | रु | १० | १५ | २० | २० | २५ | ३० | ११० |
| | | स्थानीय विपद जोखिम न्युनीकरण तथा जलवायु अनुकुलन कार्ययोजना तर्जुमा | संख्या | १ | १ | ० | ० | १ | ० | २ |
| | | विपद् व्यवस्थापनमा क्रियाशील संघ/संस्थाहरू | संख्या | ३ | ५ | ५ | ७ | ८ | १० | १० |
| **प्रतिफल ३** | आपतकालीन उद्धारका लागि एम्बुलेन्स, दक्ष जनशक्तिको व्यवस्था गरिने र उद्धार सामाग्रीहरूको व्यवस्थाका लागि स्थानीय संस्थासंग सहकार्य र पहल हुनेछ । | आपतकालीन कार्य सञ्चालन केन्द्र | संख्या | ० | १ | ० | ० | १ | ० | २ |
| | | गाउँपालिका तथा वडा स्तरीय विपद्व्यवस्थापन समिति गठन | भए, नभएको | भएको | | | | | | |
| | | सामान्य खोज उद्दारमा तालिमप्राप्त जनशक्ति | संख्या | ० | ३ | ० | ३ | ० | ० | ६ |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | |
| **प्रतिफल ४** | विपद पूर्व तयारी तथा प्रतिकार्य योजना र पूर्व सूचना प्रणालीको व्यवस्था गरी सम्भावित जीऊ धनको क्षतिवाट जोगिन सर्वसाधारणहरूलाई पूर्व तयारी अवस्थामा राखिनेछ। | पूर्व सूचना प्रणालीको व्यवस्था | भए, नभएको | नभएको | भएको | | | | | |
| | | प्रमुख नदी कटान स्थलमा तटबन्द निर्माण | संख्या | २ | २ | १ | १ | १ | २ | ९ |
| | | संक्रमण रोग तथा महामारी प्रतिकार्य टोली गठन | संख्या | १ | ० | ० | ० | ० | ० | १ |
| | | विपद् न्यूनीकरण तथा व्यवस्थापन अनुगमन | संख्या | १ | १ | १ | १ | १ | १ | ५ |
| | | मनोसामाजिक परामर्श अभियान | संख्या | १ | १ | १ | १ | १ | १ | ५ |
| **पुष्टयाईको आधार** | | –गाउँपालिकाको वार्षिक प्रतिवेदन<br>–गाउँपालिकाको पार्श्वचित्र , वडा कार्यालय<br>–वार्षिक नीति तथा कार्यक्रम<br>–सम्वन्धित शाखाको प्रतिवेदन शाखा | | | | | | | | |
| **अनुमान तथा जोखिम पक्ष** | | –वपद् सम्बन्धमा गाउँपालिका तथा समुदाय सम्बेदनशील भएको हुने | | | | | | | | |

# परिच्छेद ८: संस्थागत विकास तथा सुशासन क्षेत्र

## ८.१ सेवा प्रवाह तथा सुशासन

### ८.१.१ पृष्ठभूमि

शासन प्रणालीलाई जनमुखी, सक्षम, सुदृढ, सेवामुलक र उत्तरदायी बनाउन शासन प्रणालीमा सबै क्षेत्र, वर्ग, समुदाय र सरोकारवालाको पहुँच र सहभागितालाई सुनिश्चित गर्न आवश्यक छ । संघीय प्रणालीमा आधारित लोकतान्त्रिक शासन व्यवस्थालाई व्यवहारमा कार्यान्वयन गर्दै जनविश्वास अभिवृद्धि गर्नु सुशासनको मूल मर्म रहेको छ। संविधानले सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, भ्रष्टाचारमुक्त, पारदर्शी, जनउत्तरदायी सु-शासन र सहजता र सहभातगिामूलक बनाउँदै गाउँपालिकाबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गर्ने व्यवस्थासहितका प्रयासहरु गरिरहेको छ । वास्तविक रूपमा असल शासनको स्थापना गर्न जनस्तरमा सेवा प्रवाहको प्रभावकारिता हुन जरुरी रहन्छ । गाउँपालिकाले कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धि तालिम, नागरिक भेला, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, अनुगमन तथा नियन्त्रण कार्यप्रणालीलाई चुस्त, व्यवस्थित तथा पारदर्शी बनाउनु आवश्यक छ । नागरिकप्रतिको जवाफदेहिता सुदृढ गर्न नागरिक वडापत्र सबै कार्यालयहरूबाट जारी भएको, सार्वजनिक सुनुवाई, जनलेखा परीक्षण जस्ता कार्यक्रमहरू निरन्तर रुपमा हुँदै आएका छन् । पारदर्शिताका लागि बजेट तथा कार्यक्रमहरू कार्यालयहरूबाट नियमित रुपमा विभिन्न माध्यमबाट प्रकाशित हुँदै आएका छन् ।

सामाजिक जवाफदेहिता अभिवृद्धिको लागि गुनासो सुनुवाई, क्षतिपूर्तिसहितको नागरिक वडापत्र, सहायता कक्ष आदिको व्यवस्थालाई थप सुदृढ गर्नु पर्ने हुन्छ । गाउँपालिकाका नीति, निर्णय, योजना तथा कार्यक्रम, बजेट एवम् आय व्यय आदि विषय भनेको आम नागरिकको चासोको विषय भएकोले सर्वसाधरणले सजिलो गरी थाह पाउन सक्ने आवश्यक संयन्त्रको विकास गरिनु पर्दछ। वित्तीय जोखिम न्यूनीकरण कार्यान्वयन, गुणस्तरीय सेवा प्रवाह, कार्यसम्पादन मूल्यांकन एवम् दण्ड तथा पुरस्कारको व्यवस्था, लक्षित वर्गको स्थानीय स्रोत साधनमा पहुँच अभिवृद्धि जस्ता विविध पक्षहरु गाउँपालिकाको सुशासनलाई थप प्रभावकारी बनाउन आवश्यक छ । बदलिदो परिवेशसँगै विकास व्यवस्थापन र सेवा प्रवाह सिर्जनशिलतँ र वैकल्पिक उपायहरु अबलम्बन गर्न जरुरी देखिएको छ। अबका दिनमा तमानखोला गाउँपालिकाले संगठन तथा क्षमता विकास, कर्मचारी व्यवस्थापन र अन्तर सरकार, समुदाय, नीजि तथा गैर सरकारी संस्था साझेदारीको माध्यमबाट सेवा प्रवाह र विकास व्यवस्थापनलाई नतिजामूलक र प्रभावकारी बनाउने तर्फ विशेष ध्यान दिन आवश्यक छ ।

सुशासनका लागि संघीय तथा प्रादेशिक, संवैधानिक निकाय तथा आयोगसँगको सम्पर्क र समन्वय अभिलेख व्यवस्थापन र कार्यान्वयन, गाउँपालिकामा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टी सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमनको पनि व्यवस्था गर्न आवश्यक रहेको छ । गाउँपालिका तथा सेवा प्रदायक निकाय तथा समग्रमा सार्वजनिक शासन प्रक्रियामा सुशासनको संस्थागत विकासमा समेत महत्वपूर्ण हुने छ ।

### ८.१.२ समस्या तथा चुनौती

| समस्याहरु | | चुनौती तथा जोखिमहरू |
|---|---|---|
| **सेवा प्रवाह तथा सुशासन** | • सार्वजनिक सेवा प्रवाहको क्षेत्रमा प्रचलित विकास एवम्प्रविधिको समुचित उपयोग गर्न नसक्नु<br>• सेवा प्रवाह र कार्यसम्पादनमा | • जनचासो र जनगुनासोको समयमै सम्बोधन गर्नु,<br>• सार्वजनिक क्षेत्रमा पारदर्शिता, निष्पक्षता, जवाफदेहिता र प्रभावकारिता कायम गर्नु<br>• विकास निर्माणका कार्यहरू समयमै गुणस्तरीय ढङ्गले सम्पन्न गरी आम नागरिकको स्थानीय सरकार प्रति विश्वास आर्जन गर्नु<br>• योजना तर्जुमा देखि अनुगमन र मूल्याङ्कन सम्म जनताको अर्थपूर्ण सहभागिता वृद्धि गरी शासन प्रणालीमा नागरिकको विश्वास जित्नु,<br>• शासन सञ्चालनमा सदाचार र मितव्ययिता कायम गर्नु,<br>• सेवा प्रवाह तथा सूचना प्रवाहमा भौगोलिक कारणले कठिनाइ हुनु<br>• गाउँपालिकाबाट प्रदान गरिने सेवाहरूप्रति नागरिकहरूको संतुष्टि बढाउन, |

| समस्याहरु | | चुनौती तथा जोखिमहरू |
|---|---|---|
| | अन्तर सरकार, निजी क्षेत्र र गैसस र समुदायमा आधारित संस्था बीच संयन्त्रको विकास गरी प्रभावकारी समन्वय, सहकार्य र साझेदारी हुन नसकेको,<br>• सार्वजनिक सेवा प्रवाहको क्षेत्रमा प्रचलित विकास एवम् प्रविधिको समुचित उपयोग गर्न नसक्नु | • आयोजना तथा कार्यक्रमलाई समयमा सम्पन्न गर्न र गुणस्तर कायम गरी ठोस उपलब्धी हासिल गर्न,<br>• उद्योग तथा व्यवसाय विकास, पर्यटन पूर्वाधार, सेवा तथा सुविधा विकास र विस्तार, कृषि प्रसार, प्रविधि हस्तान्तरण, व्यवसायिक परामर्श सेवा, पूर्वाधार विकास सम्बन्धी अध्ययन, डिजाइन इष्टिमेट, प्राविधिक सुपरभिजन, सम्पन कार्य प्रगतिको अभिलेखन र प्रकाशन जस्ता व्यवसायिक कार्यहरुमा नीजि, गैसस र विकास साझेदार लगायतका सेवा प्रदायक संस्था र निकायबाट सम्पादन गर्ने कार्यको व्यवस्थापन गर्न, |

## ८.१.३ सम्भावना तथा अवसर

| | सबल पक्षहरू | सम्भावना र अवसरहरू |
|---|---|---|
| **सेवा प्रवाह तथा सुशासन** | • गाउँकार्यपालिकाका लागि संविधान प्रदत्त अधिकारहरूको उपभोगकालागि जनप्रतिनिधिहरूमा यथेष्ट अनुभवको अभाव हुनु,<br>• संवैधानिक अधिकार सहित संघीय शासन व्यवस्थामा आधारित स्थानीय सरकार नागरिकहरुमा शासन प्रक्रियामा नागरिकको पहुँच वृद्धि भएको,<br>• स्थापित नयाँ सङ्घीय प्रणालीको स्थानीय सरकार भए सगैंसर्वाङ्गीण संस्थागत विकास भइनसकेको,<br>• संस्थागत विकास र सुशासन कायम गर्न प्रतिबद्ध,<br>• गाउँपालिकाले आफ्नै भवन बाट सेवा दिइरहेको, गाउँकार्यपालिकाको कार्यालय भवन र २ वटा वडा कार्यालय बनिसकेको,<br>• दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति सहित प्रथम आवधिक योजना लागु गरी सकेको,<br>• योजना तर्जुमा र विकास गतिविधिको कार्यान्वयन, अनुगमन तथा नतिजा मापद प्रणालीमा समावेशी, सहभागितामूलक, परामर्श तथा सहकार्यमा आधारित पद्धतिहरुको विकास तथा अनुशरण हुँदै गएको,<br>• गाउँपालिकाको स्रोतसाधन, सेवा प्रवाह र कार्यसम्पादन स्तरमा स्थानीय समुदायको चासो र निगरानीमा वृद्धि हुँदै गएको,<br>• सुशासन गाउँपालिकाको प्राथमिकतामा पर्नु,<br>• गाउँपालिकाको विकासमा निर्वाचित जनप्रतिनिधिहरूको सक्रियता बढेको,<br>• युवा र सक्षम जनप्रतिनिधि बाहुल्यता हुनु<br>• स्थानीयवासीको राजनीतिक चेतनाको स्तर माथि उठी सकेको,<br>• पालिकाको काम कारबाहीमा नागरिक स्तरबाट निगरानी गर्न सक्ने वातावरण तयार हुनु,<br>• नागरिकले आफ्नो घरदैलोमै सरकारी सेवा र सुविधा पाउने अवस्था सिर्जना हुनु,<br>• आयोजनाको छनोट, प्राथमिकीकरण र कार्यान्वयनमा जनसहभागिता बढ्ने वातावरण बन्नु, | • योजनाबद्ध तथा नतिजामूलक विकास उपलब्धी<br>• सेवा प्रवाह र कार्यसम्पादनमा अन्तर सरकार, नीजि क्षेत्र र गैसस र समुदायमा आधारित संस्थासँग संयन्त्रको विकास गरी प्रभावकारी समन्वय, सहकार्य र साझेदारी,<br>• सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको प्रभावकारी उपयोग,<br>• सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन भएकोले उत्तरदायित्व प्रवर्द्धन हुने सम्भावना<br>• सेवा प्रवाहमा सूचना प्रविधिको गाउँपालिकाले उच्च महत्व दिनु<br>• सबै सेवा प्रदायक संस्थाहरूले सुशासन कायम राखी सेवा प्रवाह गरकाले छिटो छरितो सेवा प्रवाह गर्न र पारदर्शिता बनाउन<br>• जनताको घरदैलोमा सहभागितामूलक गुणस्तरीय सेवाप्रवाहको सुनिश्चितता |

## ८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**सोच**

जवाफदेही, पारदर्शी र परिणाममुखी शासकीय व्यवस्था र सार्वजनिक सेवाहरूमा सबै वर्गको पहुँच

**लक्ष्य**

गाउँपालिकाको शासन प्रणाली, समावेशी कार्यमूलक, जनमुखी, परिणाममुखी, पारदर्शी र उत्तरदायी बनाउने ।

**उद्देश्यहरु**

१. सुशासनका लागि कानुनी र नीतिगत पूर्वाधार निर्माण गर्नु ।
२. सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी र प्रभावकारी बनाउनु ।

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| उद्देश्य १: सुशासनका लागि कानुनी र नीतिगत पूर्वाधार निर्माण गर्नु । | | | |
| १.१ | सम्बन्धी नीति, कानुन, मापदण्ड र कार्यविधिको तर्जुमा तथा परिमार्जन गर्ने । | १.१.१. | सेवा प्रवाह र सुशासन सम्बन्धी आवश्यक नीति तथा कार्यविधिको तर्जुमा तथा परिमार्जन गरिनेछ । |
| | | १.१.२. | सार्वजनिक निकायका पदाधिकारीको आचारसंहिता पालनाको अनुगमन प्रणाली सुदृढ गराइनेछ । |
| | | १.१.३. | सार्वजनिक सेवाहरूलाई गुणस्तरीय र सर्वसधारणको पहुँचयोग्य बनाउन स्थानीय शासन अनुरूपको प्रशासन पद्धति संयन्त्रको व्यवस्था सुदृढ गराइनेछ । |
| | | १.१.४ | सार्वजनिक सेवाप्रवाहलाई गुणस्तरीय समावेशी एवम् सहज बनाउन विद्युतीय शासन प्रणालीको अवलम्बन गरिनेछ । |
| | | १.१.५ | स्थानीय शासन प्रणाली अनुरूप प्रशासन संयन्त्रको पुनसंरचना गरिनेछ । |
| उद्देश्य २: सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी र प्रभावकारी बनाउनु । | | | |
| २.१ | सेवा प्रवाह प्रभावकारी बनाउने । | २.१.१ | गाउँपालिकाको वेवसाइट नियमित रुपमा अध्यावधिक गरिनेछ । |
| | | २.१.२. | पारदर्शी सरकार निर्माणमा जोड दिन गाउँपालिकाको डकुमेन्ट्री निर्माण तथा रेडियो कार्यक्रम मार्फत गाउँपालिका सेरोफरो कार्यक्रमलाई संस्थागत गरिनेछ । |
| | | २.१.३ | स्थानीय विकास संरचना तथा सेवा प्रवाहको मापदण्डहरु तयार गरी कार्यान्वयन गरिनेछ । |
| | | २.१.४. | गुनासो सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई जस्ता नागरिक उत्तरदायी संयन्त्रहरुलाई प्रभावकारी बनाइनेछ । |
| | | २.१.५ | बजेट, कार्यक्रम तथा कार्यप्रगतिहरुको नियमित रुपमा सार्वजनिक गरिनेछ । |
| | | २.१.६ | योजना पद्धतिमा तथा अनुगमन तथा मुल्याङकन पद्धतिमा सुधार गरिने छ । |

**प्रमुख कार्यक्रम तथा आयोजना** (सेवा प्रवाह तथा सुशासन)

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | | |
| १ | १.१ | १.१.१ | सेवा प्रवाह र सुशासन सम्बन्धी आवश्यक नीति तथा कार्यविधिको तर्जुमा तथा परिमार्जन | संख्या | १ | ४ | ० | २० | २० | २० | २० | ८० | | |
| | | १.१.२ | सार्वजनिक निकायका पदाधिकारीको आचारसंहिता पालनाको अनुगमन प्रणाली | संख्या | १ | १ | ० | ० | ० | ० | ० | ० | - | |
| | | १.१.३ | जनप्रतिनिधि तथा कर्मचारी क्षमता विकास तालिम | संख्या | १ | २ | १०० | ० | १०० | ० | ० | २०० | | |
| | | १.१.४ | सूचना प्रविधि पूर्वाधार खरिद | संख्या | १ | १ | ० | ५०० | ० | ० | ० | ५०० | | |
| | | १.१.५ | स्थानीय शासन प्रणाली अनुरूप प्रशासन संयन्त्रको पुनसंरचना | संख्या | ० | १ | ० | ० | ० | ५० | ० | ५० | | |
| २ | २.१ | २.१.१ | IT तालिम (कर्मचारी) | संख्या | ० | ३ | ५० | ० | ५० | ० | ५० | १५० | | |
| | | | सार्वजनिक अभिलेख र पञ्जिकरण डिजिटलाइजेसन | संख्या | १ | ५ | ८० | ८० | ८० | १०० | १०० | ४४० | | |
| | | | इन्टरनेट स्तरबृद्धि र सेवा विस्तार | संख्या | ० | ५ | १२० | १२० | १२० | १५० | १५० | ६६० | | |
| | | २.१.२ | गाउँपालिकाको डकुमेन्ट्री निर्माण तथा रेडियो कार्यक्रम | संख्या | ० | २ | २५० | ० | ० | ३०० | ० | ५५० | | |
| | | २.१.३ | स्थानीय विकास संरचना तथा सेवा प्रवाहको मापदण्डहरु तयार | संख्या | १ | १ | ५० | ० | ५० | ० | ० | १०० | | |
| | | २.१.४ | गुनासो सम्बोधन पूर्वाधार खरिद | संख्या | १ | ६ | ० | १६० | ० | ० | ० | १६० | | |
| | | | नियमित नागरिक सन्तुष्टि सर्वेक्षण | संख्या | १ | ५ | २० | २० | २० | २० | ३० | ११० | | |
| | | २.१.५ | नियमित सार्वजनिक सुनुवाइ संचालन | संख्या | १ | ५ | १२० | १२० | १२० | १२० | १२० | ६०० | | |
| | | | घुम्ती स्थानीय सरकार कार्यक्रम | संख्या | १ | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | | |
| | | २.१.६ | अनुगमन तथा मुल्याङकन पद्धतिमा सुधार | संख्या | १ | ५ | ६० | ६० | ६० | ६० | ६० | ३०० | | |

| **प्रमुख कार्यक्रम तथा आयोजना** (सेवा प्रवाह तथा सुशासन) | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
| | | | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | | |
| | | | जम्मा | - | ११ | ५१ | ९०० | ११३० | ६७० | ८७० | ५८० | ४१५० | | |

## ८.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | |
| **प्रभाव** | गाउँपालिकाको शासन प्रणाली, समावेशी कार्यमूलक, जनमुखी, परिणाममुखी, पारदर्शी र उत्तरदायी भएको हुने । | | | | | | | | | |
| **असर** | सेवा प्रवाहमा प्रभावकारीता एवम् सुशासन अभिवृद्धि हुने । | सेवा प्रवाह प्रति सेवाग्राहीको संतुष्टीको तह | प्रतिशत | ५९ | ६२ | ६५ | ६८ | ७० | ८० | ८० |
| **प्रतिफल १** | सार्वजनिक सेवा प्रवाहको गुणस्तरमा सुधार र सार्वजनिक सेवामा आम नागरिकको पहुँचमा अभिवृद्धि भएको हुनेछ । | गाउँपालिकामा पेश भएका सरकार संचालन तथा सेवा प्रवाहसम्बन्धी गुनासो सुनुवाई (गुनासो सुन्ने अधिकारी) | संख्या | १ | ० | ० | ० | ० | ० | १ |
| | | स्थानीय कानून, नीति तथा योजना तर्जुमा प्रक्रियामा नागरिक पृष्ठपोषण तथा सुझाव लिने माध्यमहरू ( संचार माध्यम, सुचना पाटी, अन्तरक्रिया, लिखित प्रतिक्रिया, सुभाव पेटिका, सामाजिक सञ्जाल आदी) | संख्या | १ | ० | ० | ० | ० | ० | १ |
| | | अनलाइन प्रतिवेदन प्रणाली स्थापना भएका वडा | संख्या | ० | ६ | ० | ० | ० | ० | ६ |
| | | नागरिक वडापत्र कार्यन्वयन | संख्या | ६ | २ | २ | २ | २ | २ | १६ |
| | | प्रगति विवरण प्रकाशन | संख्या | १ | १ | १ | १ | १ | १ | ५ |
| | | गाउँपालिका तथा वार्डको सार्वजनिक सुनुवाइ | संख्या | ६ | ६ | ६ | ६ | ६ | ६ | ३० |
| | | उजुरी पेटिका व्यवस्था भएका वडाहरू | संख्या | ३ | ३ | ० | ० | ० | ० | ६ |
| | | जनप्रतिनिधि तथा कर्मचारी क्षमता विकास तालिम | संख्या | १ | १ | १ | १ | १ | १ | ५ |
| | | घुम्ती स्थानीय सरकार | संख्या | १ | १ | १ | १ | १ | १ | ५ |
| **प्रतिफल २** | पालिकालाई आवश्यक सबै नीति तथा कानुन पारित भएको हुनेछ । | गाउँपालिकामा स्वीकृत कानून तथा नीति | संख्या | ६८ | | | | | | |
| | | ऐन | संख्या | २५ | | | | | | |
| | | नियम तथा विनियम | संख्या | | | | | | | |
| | | निर्देशिका, कार्यविधि र मापदण्ड | संख्या | ४० | | | | | | |
| | | नीति तथा मार्गदर्शन | संख्या | | | | | | | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | |
| | | कार्यक्रमको कार्य प्रगति समीक्षा | संख्या | १ | १ | १ | १ | १ | १ | ५ |
| | | कर्मचारी तथा जन प्रतिनिधिको कार्यप्रगतिको समीक्षा | संख्या | १ | १ | १ | १ | १ | १ | ५ |
| | | अनुगमन | संख्या | | | | | | | |
| **पुष्टयाईको आधार** | | –गाउँपालिकाको वार्षिक प्रतिवेदन<br>–गाउँपालिकाको पार्श्वचित्र , वडा कार्यालय<br>–वार्षिक नीति तथा कार्यक्रम<br>–सम्वन्धित शाखाको प्रतिवेदन शाखा | | | | | | | | |
| **अनुमान तथा जोखिम पक्ष** | | –जवाफदेही, पारदर्शी र परिणाममुखी शासकीय व्यवस्था र सार्वजनिक सेवा भएको हुने | | | | | | | | |

## ८.२ मानव संसाधन तथा संस्थागत क्षमता विकास

### ८.२.१ पृष्ठभूमि

तमानखोला गाउँपालिकाको आवधिक योजना कार्यान्वयन गर्न लगायत सम्पूर्ण विकास निर्माणका कार्यक्रमहरू सही ढङ्गले सञ्चालन गर्न गाउँ कार्यपालिकालाई तदनुरूपको कानुनी अधिकार, वित्तीय स्रोत साधनको निश्चितता, आफ्नो कार्यक्षेत्र भित्र गुणस्तरीय मानव संसाधनको उपलब्धता र संस्थागत क्षमता वृद्धि गर्नु पर्ने छ। नेपालको संविधान भाग १७ मा स्थानीय कार्यपालिकाको कार्यसम्पादन सम्बन्धी व्यवस्था छ। धारा २१४ मा स्थानीय गाउँपालिका तहको कार्यकारिणी अधिकार संविधान र संघीय कानुनको अधीनमा रही गाउँ कार्यपालिकामा निहित रहने उल्लेख छ। संविधान र अन्य कानुनको अधीनमा रही गाउँपालिकाको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँ कार्यपालिकाको हुने कुरा पनि जनाइएको छ। धारा २१८ मा गाउँ कार्यपालिकाबाट स्वीकृत नियमावली बमोजिम गाउँ कार्यपालिकाको कार्य विभाजन र कार्य सम्पादन हुने उल्लेख छ भने २१९ मा यसदेखि बाहेक स्थानीय तहको कार्यकारिणी सम्बन्धी अन्य व्यवस्था संविधानको अधीनमा रही संघीय कानुन बमोजिम हुने कुरा स्पष्ट गरिएको छ। संविधानको अनुसूची-८ मा निम्नलिखित विषयहरूमा गाउँ कार्यपालिकाको अधिकार रहने कुरा जनाइएको छ।

गाउँपालिकाका यी संविधान प्रदत्त अधिकारहरूको उपभोग बारेको विस्तृत व्याख्या स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गरेको छ। यिनका अतिरिक्त संविधानको अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा पनि अनेकौं विषयहरू समेटिएका छन्। यी सबै व्यवस्थाहरूका अधीनमा रही तमानखोला गाउँपालिकाले हालसम्म ६८ वटा ऐन, नियमावली, कार्यविधि तथा मापदण्डहरू बनाएको छ।

### ८.२.२ समस्या तथा चुनौती

| | समस्याहरु | चुनौती तथा जोखिमहरू |
|---|---|---|
| **मानव संसाधन तथा संस्थागत क्षमता विकास** | • योजनाबद्ध विकास तथा सेवाको न्यूनतम मापदण्ड पुरा गर्न आवश्यक स्रोत र दक्षतामा कमी,<br>• सूचना प्रविधिलाई सेवा प्रवाहमा पूर्ण रुपमा लागू गर्न नसक्नु,<br>• स्रोत परिचालन सम्बन्धी ज्ञान, सीप, दक्षता र प्रणालीको कमी रहेको,<br>• संघीयताको मर्म अनुसार गाउँकार्यपालिकाको कामकर्तव्य पूरा गर्नका लागि विज्ञ जनशक्तिको कमी हुनु<br>• कर्मचारीमा सुशासन कायम गर्न चाहिने सीप र ज्ञानको कमी,<br>• सुशासन कायम गर्न राष्ट्रसेवक कर्मचारीलाई दिशानिर्देश गर्ने संयन्त्रको कमी,<br>• प्रशासनिक अनुशासनमा ह्रास आउनु,<br>• प्रोत्साहन र प्रशिक्षणको अभाव हुनु तथा आवश्यकता अनुरूप कर्मचारीको पदपूर्ति नहुनु | • संस्थागत संरचना, मानवस्रोत, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन पद्धति वैज्ञानिक बनाउन,<br>• गाउँपालिका कार्यालय, विषयगत शाखा, वडा कार्यालय र इकाईहरुमा आवश्यकता र दरबन्दी अनुसार शाखा तथा विषयगत कर्मचारीहरुका पदपूर्ती नहुँदा सेवा प्रवाह र कार्यसम्पादन कठिनाइ,<br>• अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउनु,<br>• सार्वजनिक सेवामा कार्यरत राष्ट्रसेवकहरूमा राष्ट्रप्रति समर्पण र जनताप्रति सेवाभाव जगाई संघीय व्यवस्थाको मर्म अनुरूप प्रदेश सरकारको उपस्थिति, नियमितता, गतिशीलता र प्रभावकारिता स्थापित गर्नु,<br>• संघ, प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजन |

### ८.२.३ सम्भावना तथा अवसर

| | सबल पक्षहरू | सम्भावना र अवसरहरू |
|---|---|---|
| **मानव संसाधन तथा संस्थागत क्षमता विकास** | • गठन भएको मानव संसाधन विकास र संस्थागत क्षमता विकास<br>• कर्मचारीमा सुशासन कायम गर्न चाहिने सीप र ज्ञान तथा प्रोत्साहन र प्रशिक्षणको व्यवस्था हुनु,<br>• निर्वाचित पदाधिकारी, प्रशासनिक र प्राविधिक कर्मचारीहरुमा पुर्ण निष्ठा, बलियो मनोबल र जवाफदेहिता रहेका, | • कर्मचारीको क्षमता विकास,<br>• सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग अभिवृद्धि |

## ८.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**सोच**

सीपयुक्त मानव संसाधन सहितको गुणस्तरीय सेवाप्रवाह

**लक्ष्य**

संस्थागत सुदृढीकरण तथा जनशक्तिको क्षमता विकास गरी सेवा प्रवाह र सुशासन अभिवृद्धि गर्नु ।

**उद्देश्यहरु**

१. स्थानीय शासन तथा विकास नीति, कार्य सञ्चालन प्रणालीलाई सरल, स्पष्ट र पारदर्शी बनाउनु, ।
२. स्थानीय सेवाको संगठन तथा व्यवस्थापन क्षमता, मानव संशाधन, कार्य दक्षतामा अभिवृद्धि गर्नु ।

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| उद्देश्य १: स्थानीय शासन तथा विकास नीति, कार्य सञ्चालन प्रणालीलाई सरल, स्पष्ट र पारदर्शी बनाउनु, । | | | |
| १.१ | स्थानीय शासन तथा नीति, कानून, निर्णय, कार्यसम्पादन र सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउने । | १.१.१. | स्थानीय तहको अधिकार क्षेत्रका विषयमा नीति, ऐन, नियम, कार्यविधि तथा मापदण्ड– निर्माण र प्रविधिकरण गरी नियम पालनामा अभिवृद्धि गरिनेछ । |
| | | १.१.२. | स्थानीय सरकारको जवाफदेहिता अभिवृद्धि सम्बन्धी एकीकृत संयन्त्रको विकास तथा सुदृढ गरी नियमित अभ्यास गरिनेछ । |
| | | १.१.३. | गाउँपालिकाबाट प्रवाह गरिने सेवा तथा कार्य सम्पादनलाई जनउत्तरदायी र पारदर्शी बनाउन कार्यपालिका र वडा कार्यालयहरुमा क्षतिपूर्तिसहितको नागरिक बडापत्र, गुनासो सुनुवाई संयन्त्र, हेल्पडेक्स, नागरिक भेला र पृष्ठपोषण संयन्त्रको विकास तथा सुदृढ गरी नियमित अभ्यास गरिनेछ । |
| | | १.१.४ | सेवा प्रवाहलाई प्रभावकारी बनाउन e-governance प्रणाली प्रयोग बढाइने र सुदृढ गरिनेछ । |
| | | १.१.५ | गुनासो सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई जस्ता नागरिक उत्तरदायी संयन्त्रहरुलाई प्रभावकारी बनाइनेछ । |
| | | १.१.६ | "जनतासँग अध्यक्ष" कार्यक्रम सञ्चालन गरी स्थानीय गुनासो सुन्ने, पृष्ठपोषण लिने र व्यवस्थापन गर्ने प्रणालीको अवलम्बन गरिनेछ । |
| | | १.१.७ | आयोजनाको अनुगमन तथा सुपरिवेक्षण सम्बन्धी स्तरीय कार्यविधि तयार गरी टोल विकास संस्था, आमा समूह, युवा क्लब, बालक्लब तथा नागरिक संस्था मार्फत सेवाग्राहीलाई जानकारी गराउने तथा सचेतना अभिवृद्धि गरी कार्य सम्पादन प्रक्रियामा र उपलब्धीमा जवाफदेहिता वृद्धि गरिनेछ । |
| १.२ | गाउँपालिकाको नीति, कानून तथा निर्णय प्रक्रियामा लक्षित समुदाय र आम नागरिकको अपनत्व वृद्धि गर्ने । | १.२.१ | गाउँपालिकाको नीति, निर्णय, सेवा प्रवाह र कार्यसम्पादन बारे सेवाग्राहीसँग मत सर्वेक्षण तथा सरोकारवालासँग अन्तरक्रिया गरी नागरिक र सरोकारवालाको पृष्ठपोषण र सुझाव प्राप्त गरिनेछ । |
| | | १.२.२ | वडा तथा गाउँपालिकास्तरबाट सेवा प्रवाहका लागि मापदण्ड तथा मान्यता **(Standard and Norms)** को विकास गरी कार्यान्वयन गरिनेछ । |
| | | १.२.३ | निर्णय प्रक्रियामा नागरिकको दायित्व र अधिकारका सम्बन्धमा आम नागरिकलाई सचेत गराउन नागरिक शिक्षा प्रदान गरिनेछ । |
| उद्देश्य २: स्थानीय सेवाको संगठन तथा व्यवस्थापन क्षमता, मानव संशाधन, कार्य दक्षतामा अभिवृद्धि गर्नु, | | | |
| २.१ | स्थानीय सेवा प्रवाहलाई सरल, सहज, सूचना प्रविधिमा आधारित र सेवाग्राहीमैत्री | २.१.१ | गाउँपालिकाको नीति, ऐन, नियम, कार्यविधि र मापदण्ड बारे पदाधिकारी तथा कर्मचारीको क्षमता विकास गरिनेछ । |
| | | २.१.२. | कार्यपालिका तथा वडा कार्यालयहरुमा एकीकृत सेवा प्रवाहसहितको सुविधा सम्पन्न भवन निर्माण गरी कार्यालयको भौतिक क्षमता अभिवृद्धि गरिनेछ । |
| | | २.१.३ | एकीकृत सेवा सञ्चालनको लागि सूचना प्रविधि समेत भौतिक सुविधा र विषयगत क्षेत्रका कर्मचारीहरुको समेत व्यवस्थापन गरी वडा कार्यालयलाई सेवा केन्दको रुपमा विकास तथा सुदृढ गरिनेछ । |

| | रणनीति | | कार्यनीति |
|---|---|---|---|
| | बनाउने । | २.१.४. | सेवा प्रवाहको सहजता र सुविधाको लागि सरोकारवालाको समन्वयमा कम्तीमा बर्षमा १ पटक घुम्ति सेवा शिविरको सञ्चालन गरिनेछ । |
| | | २.१.५ | विकास कार्यमा समुदायको सहभागिता वृद्धि गर्न, वडास्तरका आयोजना सञ्चालन गर्न र संचालित आयोजना सञ्चालन प्रक्रिया तथा गुणस्तरमा समुदायको निगरानी बढाउन वडाका प्रत्येक टोलमा टोल सुधार समिति गठन गरी परिचालन कार्यलाई निरन्तरता दिईनेछ । |
| २.२ | गाउँ कार्यपालिका तथा वडा कार्यालयको संगठन क्षमता सुदृढीकरण गर्ने । | २.२.१ | सेवा प्रवाहलाई गुणस्तरीय, न्यून समय लागत छिटो सेवा उपलव्ध बनाउन सम्भव भएका सेवा सुविधाहरू अनलाइन, वडा कार्यालय एवम् सेवा केन्द्रवाट उपलव्ध गराउदै वडा कार्यलयहरूलाई भौतिक श्रोत साधन सुविधायुक्त बनाइनेछ । |
| | | २.२.२ | कार्यविभाजन र कार्यसम्पादन नियमावलीको आधार र संगठन व्यवस्थापन सर्वेक्षण प्रतिवेदन अनुसार संगठन संरचना, दरबन्दी र कार्यविवरणको व्यवस्था कार्यान्वयन गरिनेछ । |
| | | २.२.३ | स्विकृत दरवन्दी अनुसार कर्मचारीको व्यवस्था गर्न संघीय सरकारसँग आवश्यक पहल गरिनेछ । |
| | | २.२.४ | कार्यालयमा एकीकृत सेवा प्रवाहको लागि ले-आउटसहितको सोधपुछ, सहायता कक्ष, स्तनपान कक्ष र सेवाग्राही प्रतिक्षालय सहित कार्यकक्षको व्यवस्था गरिनेछ । |
| | | २.२.५ | संगठन तथा क्षमता विकास रणनीतिसहित गाउँपालिकाको विस्तृत क्षमता विकास योजना र कार्यहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ । |
| | | २.२.६ | गाउँपालिकामा कार्यरत कर्मचारीहरुमा विषयगत दक्षता, कार्यकुशलता, जवाफदेहिता र उच्च मनोवलको विकास गरिनेछ । |
| | | २.२.७ | कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनलाई वैज्ञानिक तथा नतिजामा आधारित, सेवामुखी र जवाफदेही बनाइनेछ र कार्यसम्पादनमा उत्कृष्ट सेवा प्रवाह गर्ने राष्ट्रसेवक कर्मचारीलाई पुरस्कारको व्यवस्था गरिनेछ । |
| | | २.२.८ | अध्यक्षले प्रमुख प्रशासकीय अधिकृत र प्रमुख प्रशासकीय अधिकृतले अन्य कर्मचारीसँग कार्य सम्पादन सम्झौता कार्यप्रणालीलाई नतिजामा आधारित बनाइनेछ । |
| | | २.२.९ | वडा कार्यालय भवनहरुको मर्मत संभार तथा स्तरोन्नती गरिनेछ र आफ्नो भवन नभएका वडा कार्यालयको भवन निर्माण गरिनेछ । |
| २.३ | संगठन संरचना अनुसार आवश्यक दक्ष जनशक्तिको व्यवस्था गरी, कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गर्ने । | २.३.१ | सबै कर्मचारीरूको तालिमको आवश्यक पहिचालन गरी विशिष्टीकृत तालिम दिइनेछ । |
| | | २.३.२. | जनप्रतिनिधिहरूको विषय क्षेत्र तथा रूची अनुसारको क्षेत्रमा अनुभव आदान प्रदान तथा कार्यशालामा सहभागी हुने व्यवस्था गरिने छ । |
| | | २.३.३. | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शहरहरू र स्थानीय सरकारका संगठनहरूसँग सम्बन्ध सञ्जाल स्थापित गरिने छ । |
| | | २.३.४ | विकासका लागि स्थानीय मानव स्रोतको अधिकतम उपयोग गरिनेछ । |
| | | २.३.५ | दरबन्दी अनुसार कर्मचारीहरुको पद पूर्ति गरिनेछ । |
| | | २.३.६ | कर्मचारी र पदाधिकारीहरुको क्षमता विकास गरिनेछ । |

**प्रमुख कार्यक्रम तथा आयोजना** ( मानव संसाधन तथा संस्थागत क्षमता विकास)

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | | |
| १ | १.१ | १.१.१ | सर्वेक्षणका आधारमा कर्मचारी तथा जनप्रतिनिधी अभिमुखीकरण | संख्या | ० | २ | ० | १०० | ० | ० | १०० | २०० | | |
| | | १.१.२ | स्थानीय सरकारको जवाफदेहिता अभिवृद्धि सम्बन्धी एकीकृत संयन्त्रको विकास तथा सुदृढ | संख्या | ० | १ | ० | ५० | ० | ० | ० | ५० | | |
| | | १.१.३ | नागरिक बडापत्र, गुनासो सुनुवाई संयन्त्र, हेल्पडेक्स, नागरिक भेला र पृष्ठपोषण संयन्त्रको विकास तथा सुदृढ | संख्या | १ | ३ | ० | ५० | ५० | ० | ० | १०० | | |
| | | १.१.४ | E-governance प्रणाली प्रयोग र सुदृढ | संख्या | १ | ५ | ३० | ३० | ६० | १०० | १०० | ३२० | | |
| | | १.१.५ | गुनासो सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई | संख्या | १ | ५ | ६० | ६० | १२० | १२० | १२० | ४८० | | |
| | | १.१.६ | "जनतासँग अध्यक्ष" कार्यक्रम | संख्या | १ | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | | |
| | | १.१.७ | टोल विकास संस्था, आमा समूह, युवा क्लब, बालक्लब तथा नागरिक संस्था सचेतना अभिवृद्धि | संख्या | १ | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | | |
| | | १.१.८ | सार्वजनिक सूचना व्यवस्थापन प्रणाली निर्माण | संख्या | १ | २ | १५० | ० | ० | १५० | ० | ३०० | | |
| | | १.१.९ | घुम्ती स्थानीय सरकार कार्यक्रम | संख्या | १ | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | | |
| | | १.१.१० | नागरिकको दायित्व र अधिकारका सम्बन्धमा आम नागरिकलाई सचेत गराउन नागरिक शिक्षा प्रदान | संख्या | ० | २ | ० | ५० | ० | ० | ५० | १०० | | |
| २ | २.१ | २.१.१ | गाउँपालिकाको नीति, ऐन, नियम, कार्यविधि र मापदण्ड बारे पदाधिकारी तथा कर्मचारीको क्षमता विकास | संख्या | १ | ३ | ५० | ० | ५० | ० | ५० | १५० | | |
| | | २.१.२ | वडा कार्यालयहरुमा एकीकृत सेवा प्रवाहसहितको सुविधा सम्पन्न भवन निर्माण | संख्या | ३ | ६ | ३००० | ३००० | ३००० | ० | ० | ९००० | | |
| | | २.१.३ | भौतिक सुविधा र विषयगत क्षेत्रका कर्मचारीहरुको समेत व्यवस्थापन | संख्या | १ | १ | २०० | २०० | २०० | २०० | २०० | १००० | | |
| | | २.१.४ | सेवा प्रवाहको सहजता र सुविधाको लागि कम्तीमा बर्षमा १ पटक घुम्ति सेवा शिविरको सञ्चालन | संख्या | ० | ५ | १२० | १२० | १२० | १२० | १२० | ६०० | | |

**प्रमुख कार्यक्रम तथा आयोजना** ( मानव संसाधन तथा संस्थागत क्षमता विकास)

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | | |
| | | २.१.५ | टोलमा टोल सुधार समिति गठन र परिचालन | संख्या | १ | ५ | ६० | ६० | ६० | ६० | ६० | ३०० | | |
| | २.२ | २.२.१ | वडा कार्यालयको भौतिक श्रोत साधन सुधार कार्यक्रम | संख्या | ० | ५ | ३०० | ३०० | ५०० | ५०० | ५०० | २१०० | | |
| | | २.२.२ | संगठन व्यवस्थापन सर्वेक्षण प्रतिवेदन | संख्या | ० | ५ | ६० | ६० | ६० | ६० | ६० | ३०० | | |
| | | २.२.३ | स्वीकृत दरवन्दी अनुसार कर्मचारीको व्यवस्था | संख्या | १ | ५ | ० | ० | ० | ० | ० | ० | - | - |
| | | २.२.४ | कार्यालयहरुमा सहायता कक्ष, स्तनपान कक्ष र सेवाग्राही प्रतिक्षालय सहित कार्यकक्ष | संख्या | ० | २ | ० | १०० | ० | १०० | ० | २०० | | |
| | | २.२.५ | गाउँपालिकाको विस्तृत क्षमता विकास योजना र कार्यहरु तर्जुमा | संख्या | ० | २ | ० | ० | १०० | ० | १०० | २०० | | |
| | | २.२.६ | कर्मचारीहरुमा विषयगत दक्षता, कार्यकुशलता, जवाफदेहिता र उच्च मनोवल प्रशिक्षिण | संख्या | १ | २ | ० | ५० | ० | ५० | ० | १०० | | |
| | | २.२.७ | उत्कृष्ट कर्मचारी पुरस्कार | संख्या | ० | ५ | १० | १० | १० | १० | १० | ५० | | |
| | | २.२.८ | गाउँपालिका पदाधिकारी, कर्मचारीहरु बिच अन्तरक्रिया | संख्या | ० | ५ | १० | १० | १० | १० | १० | ५० | | |
| | | २.२.९ | वडा कार्यालय भवनहरुको मर्मत संभार तथा स्तरोन्नत | संख्या | १ | ६ | १५० | १५० | २०० | २०० | २०० | ९०० | | |
| | २.३ | २.३.१ | कार्यरत कर्मचारीहरूको क्षमता विकास सम्बन्धी तालिम | संख्या | १ | ५ | ६० | ६० | ६० | १०० | १०० | ३८० | | |
| | | २.३.२ | जनप्रतिनिधिहरूको विषय क्षेत्र तथा रूची अनुसारको क्षेत्रमा अनुभव आदान प्रदान तथा कार्यशाला | संख्या | १ | २ | ० | ५० | ० | ५० | ० | १०० | | |
| | | २.३.३ | नीजि क्षेत्र अन्तरक्रिया | संख्या | ० | २ | ० | ५० | ० | ५० | ० | १०० | | |
| | | २.३.४ | स्थानीय मानव स्रोत क्षमता विकास सम्बन्धी तालिम | संख्या | १ | ५ | ६० | ६० | ६० | ६० | ६० | ३०० | | |
| | | २.३.५ | दरबन्दी अनुसार कर्मचारीहरुको पद पूर्ति | संख्या | १ | ५ | २० | २० | २० | २० | २० | १०० | - | - |
| | | २.३.६ | कर्मचारी र पदाधिकारीहरुको क्षमता विकास | संख्या | १ | ५ | १० | १० | १० | १० | १० | ५० | | |

**प्रमुख कार्यक्रम तथा आयोजना** ( मानव संसाधन तथा संस्थागत क्षमता विकास)

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | | |
| | | | गाउँपालिका भित्र **Proposal** तथा **Report** लेख्न सक्ने जनशक्तिको व्यवस्थापन | संख्या | ० | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | | |
| जम्मा | | | | - | ९ | ४६ | ११९० | २६४० | ५४० | ७४० | ३९० | २८०० | | |

## ८.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | |
| **प्रभाव** | संस्थागत सुदृढीकरण तथा जनशक्तिको क्षमता विकास गरी सेवा प्रवाह र सुशासन अभिवृद्धि भएको हुने । | | | | | | | | | |
| **असर** | संस्थागत सुदृढीकरण तथा जनशक्तिको क्षमता विकास गरी सेवा प्रवाह र सुशासन अभिवृद्धि हुने । | संगठन संरचनाको अनुपातमा व्यवस्था भएको कर्मचारी (स्थायी) | प्रतिशत | २८.५ | ३४ | ३७ | ४३ | ४५ | ५८ | ५८ |
| **प्रतिफल** | संगठन संरचना अनुसार आवश्यक दक्ष जनशक्तिको व्यवस्था गरी, कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गर्ने । | गाउँपालिका तथा वडा कार्यालय भवन | संख्या | ४ | १ | २ | ० | ० | ० | ७ |
| | | गाउँपालिकामा संचालित संघीय र प्रदेश आयोजना तथा कार्यक्रम एवम् इकाई | संख्या | ० | १ | ० | ० | ० | ० | १ |
| | | कर्मचारीको कुल स्वीकृत दरबन्दी | संख्या | | | | | | | |
| | | स्वीकृत ***O and M*** प्रतिवेदन | संख्या | ० | १ | ० | ० | ० | ० | १ |
| | | जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास | संख्या | १ | १ | १ | १ | १ | १ | ५ |
| | | उपलब्ध प्राविधिक मानव संशाधन | संख्या | ११ | १ | २ | १ | १ | २ | १८ |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | |
| | | कार्यरत मानव संशाधन | संख्या | ३१ | ३ | ० | ० | ० | ० | ३५ |
| | | सूचना प्रविधि प्रयोग गरी प्रदान गरिएका सेवाहरू (e -biding, राजस्व संकलन, सामाजिक सुरक्षा, जिन्सी, घटना दर्ता) | संख्या | १ | निरन्तरता | | | | | |
| | | उत्कृष्ट कर्मचारी पुरस्कार | संख्या | ० | १ | १ | १ | १ | १ | ५ |
| | | नीजि क्षेत्र अन्तरक्रिया | संख्या | ० | १ | १ | १ | १ | १ | ५ |
| | | संगठन संरचनाको अनुपातमा व्यवस्था भएको कर्मचारी -करार) | प्रतिशत | ६० | ६६ | ६३ | ५७ | ५५ | ४२ | ४२ |
| | | **Proposal** तथा **Report** लेख्न सक्ने जनशक्तिका | संख्या | ० | १ | ० | १ | ० | ० | २ |
| **पुष्टयाईको आधार** | | -गाउँपालिकाको वार्षिक प्रतिवेदन<br>-गाउँपालिकाको पार्श्वचित्र , वडा कार्यालय, वार्षिक नीति तथा कार्यक्रम | | | | | | | | |
| **अनुमान तथा जोखिम पक्ष** | | -निर्वाचित पदाधिकारी, प्रशासनिक र प्राविधिक कर्मचारीहरुमा पुर्ण निष्ठा, बलीयो मनोबल र जवाफदेहिता भएको हुने | | | | | | | | |

## ८.३ तथ्याङ्क प्रणाली

### ८.३.१ पृष्ठभूमि

योजना तर्जुमालाई प्रभावकारी बनाउनका लागि तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषण गर्न संस्थागत संरचनाको आवश्यकता पर्दछ। तमानखोला गाउँपालिकाले प्राथमिक सर्वेक्षण तथा द्वितीय स्रोतको तथ्याङ्कको प्रयोग गरेर ***तमानखोला गाउँपालिकाको वस्तुस्थिति विवरण, २०७५*** तयार गरी तथ्याङ्क प्रयोगको एक तहको आधारशीला तयार गरेको छ। साथै सबै वडाहरूले आन्तरिक प्रयोजनको लागि खण्डित रूपमा तथ्याङ्क सङ्कलन गर्ने योजना बनाउन आवश्यक छ भने तमानखोला गाउँपालिकाको वस्तुस्थिति विवरण, २०७५ लाई अद्यावधिक गर्दै प्रविधिमैत्री बनाउनु आवश्यक छ।

### ८.३.२ समस्या तथा चुनौती

| | समस्याहरु | चुनौती तथा जोखिमहरू |
|---|---|---|
| **संस्थागत विकास तथा सुशासन** | • तथ्याङ्क सङ्कलन र व्यवस्थापन हेर्ने शाखा व्यवस्थित नहुनु,<br>• वडा स्तरमा तथ्याङ्क खण्डीकृत गर्न कठिनाइहरू रहनु,<br>• तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषण गर्न दक्ष जनशक्ति उपलब्ध नहुनु साथै तथ्याङ्कहरू एकीकृत नहुँदा प्रयोगमा एकरूपता कायम गर्न नसक्नु | • सम्पन कार्य प्रगतिको अभिलेखन र प्रकाशन जस्ता व्यवसायिक कार्यहरु<br>• सार्वजनिक सेवा प्रवाहलाई पूर्ण सूचना प्रविधिमैत्री बनाउनु<br>• तथ्याङ्कमा आधारित रहेर योजना तर्जुमा गर्ने र योजनाहरूको प्राथमिकीकरण गर्ने परिपाटीको आधारशीला तय गर्नु,<br>• आवश्यक तथ्याङ्कहरूको सङ्कलन र व्यवस्थापन गर्नु तथा तथ्याङ्कको प्रयोगमा एकरूपकता कायम गर्नु<br>• तथ्याङ्क सङ्कलन र व्यवस्थापन यवम् अद्यावधिक गर्नु, |

### ८.३.३ सम्भावना तथा अवसर

| | सबल पक्षहरू | सम्भावना र अवसरहरू |
|---|---|---|
| **संस्थागत विकास तथा सुशासन** | • तमानखोला गाउँपालिकाको वस्तुस्थिति विवरण, २०७५ प्रकाशित<br>• राष्ट्रिय जनगणना २०७८, कृषि गणना २०७८, लगायत तथ्याङ्क सङ्कलन, तमानखोला गाउँपालिकाको वस्तुस्थिति विवरण प्रकाशित<br>• तथ्याङ्कमा आधारित रहेर योजनाहरू निर्माण हुने परिपाटिको विकास हुनु<br>• छिटो र छरितो रूपमा तथ्याङ्क सङ्कलन, प्रशोधन र वितरण गर्न सघाऊ पुर्‍याउन सक्ने नयाँ प्रविधिहरू विकास हुँदै जानु<br>• तथ्याङ्कको आवस्यकता र महत्वको बोध हुनु, | • त्कबलपजयबि चाचबी :गलष्अष्उर्बा म्ब्नष्तर्बा एचयाषभि तयार गर्न सकिने |

### ८.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**सोच**

**Digital** गाउँपालिका

**लक्ष्य**

सूचना प्रविधिको सर्वोत्तम प्रयोग मार्फत तथ्याङ्क व्यवस्थापनलाई चुस्त र दुरुस्त राख्ने।

**उद्देश्यहरु**

१. सूचना प्रविधिको सर्वोत्तम प्रयोग मार्फत तथ्याङ्क व्यवस्थापनलाई चुस्त, दुरुस्त तथा सुदृढ गर्नु।

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| उद्देश्य १: सूचना प्रविधिको सर्वोत्तम प्रयोग मार्फत तथ्याङ्क व्यवस्थापनलाई चुस्त, दुरुस्त तथा सुदृढ गर्नु। | | | |
| १.१ | तथ्याङ्कहरू नियमित रूपमा अद्यावधिक गर्ने प्रणालीको विकास गर्नु। | १.१.१. | तथ्याङ्कको प्रशोधन र विश्लेषण गरी वेब पोर्टल र विभिन्न प्रकाशनमार्फत् प्रयोगकर्ता माझ पुर्‍याउने कार्यलाई नियमित रूपमा सञ्चालन गरिनेछ। |
| | | १.१.२. | विश्वसनीय, सही र समयमै तथ्याङ्क उपलब्ध गराउने प्रणालीको विकास गरिनेछ। |
| | | १.१.३. | वस्तुगत विवरण तयार गर्दा प्राकृतिक श्रोत र सेवा सुविधाहरुको पहुँचसहितको श्रोत नक्साहरु तयार गरी वार्षिक रुपमा अध्यावधिक गरिनेछ। |

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| | | १.१.४ | भौगोलिक, सामाजिक, आर्थिक, संस्थागत, लैङ्गिक लगायतका विषय क्षेत्रका खण्डिकृत तथ्याङ्कसहितको वस्तुगत विवरण तयार गरिनेछ । |
| | | १.१.५ | **Tamankhola Rural Municipal Digital Profile** तयार गरिनेछ । |
| १.२ | तथ्य र तथ्याङ्कमा आधारित योजना प्रणाली स्थापित गर्ने । | १.२.१. | वस्तुगत विवरण र श्रोत नक्साहरुलाई विद्युतीय प्रणालीमा आबद्ध गरिनेछ । |
| | | १.२.२. | मेट्रिक सिस्टममा घर नम्बरिङ्ग तथा ल्यान्ड डिजिटलाईजेसन गरिनेछ । |
| | | १.२.३. | सूचना प्रविधिको प्रयोग गरी स्थानीय सरकारसँग सम्बन्धित सबै सूचना र तथ्याङ्कको व्यवस्थापन गर्न एक साधन सम्पन्न तथ्याङ्क तथा सूचना इकाई निर्माण गरिनेछ । |
| | | १.२.४ | सबै प्रकारका सूचनाहरू अद्यावधिक हुने स्वचालित अभिलेखाङ्कन प्रणाली तयार पार्न अध्ययन गरी **Software** हरू खरिद गरिनेछ । |
| | | १.२.५ | तथ्याङ्कको प्रशोधन र विश्लेषण गरी वेव पोर्टल र विभिन्न प्रकाशन मार्फत् प्रयोगकर्ता माझ पुर्‍याउने कार्यलाई नियमित रूपमा सञ्चालन गरिने छ । |
| | | १.२.६ | नागरिकहरूको आवश्यक सूचना (सम्पत्ति, पेशा, व्यवसाय आदि) को अभिलेख विद्युतीय प्रणाली मार्फत व्यवस्थित गरिने छ । |

**प्रमुख कार्यक्रम तथा आयोजना** (तथ्याङ्क प्रणाली)

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | | |
| १ | १.१ | १.१.१ | तथ्याङ्कको प्रशोधन र विश्लेषण वेब पोर्टल सञ्चालन | संख्या | १ | १ | ० | २०० | ० | ० | ० | २०० | | |
| | | १.१.२ | विश्वसनीय, सही र समयमै तथ्याङ्क उपलब्ध गराउने प्रणालीको विकास | संख्या | १ | २ | १५० | ० | ० | १५० | ० | ३०० | | |
| | | १.१.३ | श्रोत नक्साहरु तयार गरी वार्षिक रुपमा अध्यावधिक | संख्या | ० | ५ | १२० | १२० | १२० | १२० | १५० | ६३० | | |
| | | १.१.४ | भैगोलिक, सामाजिक, आर्थिक, संस्थागत, लैङ्गिक लगायतका विषय क्षेत्रका खण्डिकृत तथ्याङ्कसहितको वस्तुगत विवरण तयार | संख्या | ० | १ | ० | ४०० | ० | ० | ० | ४०० | | |
| | | १.१.५ | **Tamankhola Rural Municipal Digital Profile** तयार | संख्या | १ | १ | ० | ६०० | ० | ० | ० | ६०० | | |
| | १.२ | १.२.१ | वस्तुगत विवरण र श्रोत नक्साहरुलाई विद्युतीय प्रणाली | संख्या | १ | १ | ० | ३०० | ० | ० | ० | ३०० | | |
| | | १.२.२ | मेट्रिक सिस्टममा घर नम्बरिङ्ग तथा ल्यान्ड डिजिटलाईजेसन | संख्या | ० | १ | ० | ० | ५६० | ० | ० | ५६० | | |
| | | १.२.३ | सूचना तथा अभिलेख केन्द्र स्थापना | संख्या | ० | १ | ० | २५० | ० | ० | ० | २५० | | |
| | | १.२.४ | सूचनाहरू अद्यावधिक हुने स्वचालित अभिलेखाङ्कन Software खरिद | संख्या | १ | १ | ३५० | ० | ० | ० | ० | ३५० | | |
| | | १.२.५ | अभिलेख इकाइमा दरवन्दी व्यवस्थापन तथा तालिम | संख्या | ० | ५ | ५० | ५० | १०० | १०० | १०० | ४०० | | |
| | | १.२.६ | नागरिकहरूको आवश्यक सूचना ( सम्पत्ति, पेशा, व्यवसाय आदि) को अभिलेख विद्युतीय प्रणाली | संख्या | १ | ५ | ५० | ५० | ५० | १०० | १०० | ३५० | | |
| जम्मा | | | | - | ६ | २४ | ७२० | १९७० | ८३० | ४७० | ३५० | ४३४० | | |

## ८.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | |
| **प्रभाव** | सूचना प्रविधिको सर्वोत्तम प्रयोग मार्फत तथ्याङ्क व्यवस्थापन सहित Digital गाउँपालिका भएको हुने । | | | | | | | | | |
| **असर** | प्रविधिमैत्री तथ्याङ्क सङ्कलन प्रक्रिया र नियमित अद्यावधिक गर्ने प्रणालीको विकास गर्नु । | व्यवस्थित सूचना प्रणाली | संख्या | ० | १ | ० | ० | ० | ० | १ |
| **प्रतिफल** | गाउँपालिकाको आफ्नै तथ्याङ्क प्रणाली ***Municipal Database System*** निर्माण भएको हुने । | वेबसाइट | संख्या | १ | ० | ० | ० | ० | ० | १ |
| | | इपेमेन्ट | संख्या | ० | ० | १ | ० | ० | ० | १ |
| | | अनलाइन रजिष्ट्रेसन | संख्या | १ | निरन्तरता | | | | | १ |
| | | सेवा अनुसारको कम्प्युटर विलिङ | संख्या | ० | १ | निरन्तरता | | | | १ |
| | | सफ्टवेयरमा आधारित तथ्याङ्क प्रणाली | संख्या | ० | १ | निरन्तरता | | | | १ |
| | | प्रोफाइल नवीकरण | संख्या | ० | १ | निरन्तरता | | | | १ |
| | | श्रोत नक्साहरु | संख्या | ० | १ | निरन्तरता | | | | १ |
| | | ***Tamankhola Rural Municipal Digital Profile*** | संख्या | ० | १ | ० | ० | ० | ० | १ |
| | | मेट्रिक सिस्टममा घर नम्बरिङ्ग तथा ल्यान्ड डिजिटलाईजेसन | संख्या | ० | ० | १ | ० | ० | ० | १ |
| | | सूचना तथा अभिलेख केन्द्र | संख्या | ० | ० | १ | ० | ० | ० | १ |
| | | तालिम | संख्या | ० | १ | ० | १ | ० | १ | ३ |
| **पुष्टयाईको आधार** | | –गाउँपालिकाको वार्षिक प्रतिवेदन<br>–गाउँपालिकाको पार्श्वचित्र , वडा कार्यालय,<br>–वार्षिक नीति तथा कार्यक्रम<br>–सम्वन्धित शाखाको प्रतिवेदन शाखा | | | | | | | | |
| **अनुमान तथा जोखिम पक्ष** | | –सूचना प्रविधिको सर्वोत्तम प्रयोग मार्फत तथ्याङ्क व्यवस्थापनलाई चुस्त र दुरुस्त हुने | | | | | | | | |

## ८.४ शासकीय सुधार

### ८.४.१ पृष्ठभूमि

तमानखोला गाउँपालिकाको अबको कार्यदिशा भनेको सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै गाउँपालिकाबाट प्रवाह हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासन प्रत्याभूत गर्नु हुनेछ । नागरिक बडापत्रको व्यवस्था, वडा स्तरीय सार्वजनिक सुनुवाइ, प्रशासनिक कार्यमा सूचना प्रविधिको प्रयोग, सूचना अधिकारीको व्यवस्था जस्ता प्रयास पनि भइरहेको छन् । सबै जनप्रतिनिधि तथा कर्मचारीको कुशल शासकीय व्यवस्थापनद्वारा नागरिकका सामाजिक तथा आर्थिक आकांक्षा पूरा गर्न र शासन सञ्चालनकालागि विद्यमान पद्धति र औजारलाई समय सापेक्ष बनाउँदै लैजानु आवश्यक छ ।

### ८.४.२ समस्या तथा चुनौती

| | समस्याहरु | चुनौती तथा जोखिमहरू |
|---|---|---|
| **शासकीय सुधार** | • जनप्रतिनिधि तथा कर्मचारीको कार्य जिम्मेवारी बमोजिमको क्षमता अभिवृद्धि नहुनु,<br>• सार्वजनिक सेवा प्रवाहको क्षेत्रमा प्रचलित विकास एवम् प्रविधिको समुचित उपयोग गर्न नसक्नु<br>• पारदर्शिता र जवाफदेहिताको प्रणालीमा पूर्ण रूपमा विकास भई नसक्नु | • सार्वजनिक क्षेत्रमा पारदर्शिता, निष्पक्षता, जवाफदेहिता र प्रभावकारिता कायम गर्नु,<br>• अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउनु,<br>• विकास प्रशासनको क्षमता अभिवृद्धि गर्नु<br>• शासन सञ्चालनमा सदाचार र मितव्ययिता कायम गर्नु,<br>• आयोजना तथा कार्यक्रमलाई समयमा सम्पन्न गर्न र गुणस्तर कायम गरी ठोस उपलब्धी हासिल गर्न<br>• सार्वजनिक व्यवस्थापनप्रति नागरिकको विश्वास बढाई स्थानीय सरकारप्रति उत्साह पैदा गर्नु,<br>• सार्वजनिक क्षेत्रमा पारदर्शिता, निष्पक्षता, जवाफदेहिता र प्रभावकारिता कायम गर्नु,<br>• नागरिकले आफ्नो घरदैलोमै सरकारी सेवा र सुविधा पाउने अवस्था सिर्जना |

### ८.४.३ सम्भावना तथा अवसर

| | सबल पक्षहरू | सम्भावना र अवसरहरू |
|---|---|---|
| **शासकीय सुधार** | • काम कारबाहीमा नागरिक स्तरबाट निगरानी गर्न सक्ने वातावरण तयार हुनु,<br>• स्थिर सरकार गठन हुनु,<br>• नागरिकले आफ्नो घरदैलोमै सरकारी सेवा र सुविधा पाउने अवस्था सिर्जना हुनु<br>• संस्थागत विकास र सुशासन कायम गर्न प्रतिबद्ध,<br>• विषय क्षेत्रगत रुपमा बजेट विनियोजन सन्तुलित गरी रोजगार, उत्पादनमूलक तथा आयमूलक आयोजना तथा कार्यक्रममा लगानी<br>• दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीतिसहित प्रथम आवधिक योजना लागु गरी सकेको, | • अपेक्षित विकासको लक्ष्यमा पुग्न अनुकूल वातावरण तयार हुनु, |

### ८.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**सोच**

जवाफदेही, नागरिकमैत्री र जनसहभागितामूलक शासन व्यवस्था

**लक्ष्य**

प्रविधिमैत्री, जनउत्तरदायी प्रभावकारी सेवा प्रवाह मार्फत् सुशासनको प्रत्याभूति गर्नु ।

**उद्देश्यहरु**

१. पारदर्शी, जनउत्तरदायी, नागरिकमैत्री तथा प्रविधिमैत्री शासन व्यवस्था मार्फत समृद्धि हासिल गर्नु ।

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| उद्देश्य १: पारदर्शी, जनउत्तरदायी, नागरिकमैत्री तथा प्रविधिमैत्री शासन व्यवस्था मार्फत समृद्धि हासिल गर्नु । | | | |
| १.१ | विकास आयोजनाहरूको अनुगमन गरी कार्यान्वयनमा आइपरेका समस्यालाई तत्काल सम्बोधन गर्ने । | १.१.१. | विकास निर्माणका काममा आइपर्ने समस्याको तत्काल समाधान गरिनेछ । |
| | | १.१.२. | आयोजनागत रुपमा अनुगमनको जिम्मेवारी तोकी नियमित अनुगमन प्रतिवेदन प्राप्त हुने व्यवस्था मिलाइनेछ । |
| | | १.१.३. | वस्तुगत सूचकमा आधारित अनुगमन प्रणाली विकास गरिनेछ । |
| १.२ | कानुन तथा व्यवहारमा सुधार गरी सेवा प्रवाहलाई पारदर्शी र प्रभावकारी बनाउने । | १.२.१ | छिटो छरितो गुणस्तरीय र प्रभावकारी सेवा प्रवाह गर्न कानुनी तथा नीतिगत आधार तयार गरिनेछ । |
| | | १.२.२ | सरकारी कार्यालयलाई आधुनिक प्रविधिमैत्री र सेवाग्राहीमैत्री कार्यस्थलको रूपमा स्थापित गरी कर्मचारीको कार्यसम्पादन अभिवृद्धि गरिनेछ । |
| | | १.२.३ | सरकारी निकायका कामकारबाहीहरूको विवरण वेबसाइटमा नियमित प्रकाशन तथा अद्यावधिक गरिनेछ । |
| | | १.२.४ | सबै सार्वजनिक निकायमा डिजिटल नागरिकबडापत्र र सुझाव पेटिकाको व्यवस्था गरिनेछ । |
| १.३ | पदाधिकारी तथा कर्मचारीको कार्यसम्पादनलाई मापन योग्य बनाउने । | १.३.१ | सार्वजनिक पद धारण गरेका व्यक्तिले सदाचारलाई जीवनशैलीकै रूपमा अनुसरण गर्नुपर्ने व्यवस्था गरिनेछ । |
| | | १.३.२ | मूल्याङ्कन पद्धतिलाई वैज्ञानिक र वस्तुपरक बनाई प्रोत्साहन प्रणालीको विकास गरिनेछ । |
| १.४ | गाउँपालिकाका काम कार्बाहीप्रति जनविश्वास अभिवृद्धि गर्ने । | १.४.१ | गाउँपालिकाका कामकार्वाहीलाई मितव्ययी बनाउन र एउटै काममा एक भन्दा बढी निकायले दोहोरो खर्च गर्न नसक्ने वातावरण सिर्जना गर्न आधुनिक सूचना प्रविधिको प्रयोग गर्ने तथा निश्चित मापदण्डका आधारमा खर्च गर्ने व्यवस्था गरिनेछ । |
| | | १.४.२ | सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सूचना सम्प्रेषण, खर्चको विवरण सार्वजनिक गरिनेछ । |
| | | १.४.३ | आयोजना स्थलमा आयोजनासम्बन्धी विवरण खुलेको होडिर्ङ बोर्ड राख्ने व्यवस्थालाई अनिवार्य बनाइनेछ । |

**प्रमुख कार्यक्रम तथा आयोजना** (शासकीय सुधार)

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | | |
| १ | १.१ | १.१.१ | अनुगमन वार्षिक कार्ययोजना तयारी | संख्या | १ | ५ | १५० | १५० | १५० | १५० | १५० | ७५० | | |
| | | १.१.२ | अनुगमन संयन्त्र क्षमता विकास | संख्या | ० | ३ | १०० | ० | १०० | ० | १०० | ३०० | | |
| | | १.१.३ | वस्तुगत सूचकमा आधारित अनुगमन प्रणाली विकास | संख्या | ० | ३ | १०० | ० | १०० | ० | १०० | ३०० | | |
| | १.२ | १.२.१ | गुणस्तरीय र प्रभावकारी सेवा प्रवाह गर्न कानुनी तथा नीतिगत आधार तयार | संख्या | ० | ३ | ५० | ० | ५० | ० | ५० | १५० | | |
| | | १.२.२ | आधुनिक प्रविधिमैत्री र सेवाग्राहीमैत्री कार्यस्थल | संख्या | ० | २ | ० | १५० | ० | ० | १५० | ३०० | | |
| | | १.२.३ | सरकारी निकायका कामकारबाहीहरूको विवरण वेबसाइटमा नियमित प्रकाशन तथा अद्यावधिक | संख्या | १ | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | | |
| | | १.२.४ | सार्वजनिक निकायमा डिजिटल नागरिकबडापत्र र सुझाव पेटिका | संख्या | ० | २ | ० | ३०० | ० | ० | ३०० | ६०० | | |
| | १.३ | १.३.१ | सदाचार जीवनशैली अभिमुखिकरण | संख्या | १ | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | | |
| | | १.३.२ | मूल्याङ्कन पद्धतिलाई वैज्ञानिक र वस्तुपरक बनाई प्रोत्साहन प्रणालीको विकास | संख्या | १ | ५ | १५० | ५० | ५० | ५० | ५० | ३५० | | |
| | १.४ | १.४.१ | आधुनिक सूचना प्रविधिको प्रयोग तालिम | संख्या | १ | ३ | ६० | ० | ६० | ० | ६० | १८० | | |
| | | १.४.२ | नागरिक वडापत्र कार्यान्वयन सुधार योजना निर्माण | संख्या | १ | ३ | ८० | ८० | ० | ८० | ० | २४० | | |
| | | १.४.३ | आयोजना स्थल विवरण प्रकाशन | संख्या | १ | ५ | ३० | ३० | ३० | ५० | ५० | १९० | | |
| | | | विकास निर्माण प्रगति विवरण Display Board निर्माण | संख्या | ० | १ | ० | २०० | ० | ० | ० | २०० | | |

| प्रमुख कार्यक्रम तथा आयोजना (शासकीय सुधार) | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
| | | | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | | |
| जम्मा | | | | - | ७ | ४५ | ८२० | १०६० | ६४० | ४३० | १११० | ४०६० | | |

## ८.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | |
| प्रभाव | जवाफदेही, नागरिकमैत्री र जनसहभागितामूलक शासन व्यवस्था भएको हुने । | | | | | | | | | |
| असर | पारदर्शी, जनउत्तरदायी, नागरिकमैत्री तथा प्रविधिमैत्री शासन व्यवस्था मार्फत समृद्धि हासिल हुने । | व्यवस्थित सूचना प्रणाली | संख्या | ० | १ | ० | ० | ० | ० | १ |
| प्रतिफल १ | गाउँपालिकाका काम कार्बाहीप्रति जनविश्वास अभिवृद्धि गर्ने । | अनुगमन वार्षिक कार्ययोजना | संख्या | १ | निरन्तरता | | | | | |
| | | अनुगमन संयन्त्र क्षमता विकास | संख्या | ० | १ | ० | १ | ० | १ | ३ |
| | | वस्तुगत सूचकमा आधारित अनुगमन प्रणाली विकास | संख्या | ० | १ | ० | ० | ० | १ | २ |
| | | आधुनिक प्रविधिमैत्री र सेवाग्राहीमैत्री कार्यस्थल | संख्या | ० | १ | ० | ० | ० | १ | २ |
| | | कामकारबाहीहरूको विवरण वेबसाइटमा नियमित प्रकाशन तथा अद्यावधिक | संख्या | १ | १ | १ | १ | १ | १ | १ |
| | | डिजिटल नागरिकबडापत्र र सुझाव पेटिका | संख्या | १ | ६ | ० | ० | ० | १० | १७ |
| | | विकास निर्माण प्रगति विवरण ***Display Board*** | संख्या | ० | ० | ६ | ० | ० | ० | ६ |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | |
| **प्रतिफल २** | अनुगमन तथा मूल्याङ्कन निर्देशिका तयार भई तहगत रूपमा अनुगमन संयन्त्र विकास भएको हुनेछ । | गाउँपालिकाको अनुगमन समितिबाट अनुगमन भएका परियोजना ( वार्षिक) | पटक | ५ | १० | १२ | १५ | १५ | १५ | |
| | | आयोजनाहरूको प्रभाव मूल्याङ्कन | संख्या | ० | १० | १५ | २० | २० | २० | ८५ |
| **पुष्टयाईको आधार** | | -गाउँपालिकाको वार्षिक प्रतिवेदन<br>-गाउँपालिकाको पार्श्वचित्र , वडा कार्यालय,<br>-वार्षिक नीति तथा कार्यक्रम | | | | | | | | |
| **अनुमान तथा जोखिम पक्ष** | | –कानुन तथा व्यवहारमा सुधार गरी सेवा प्रवाहलाई पारदर्शी र प्रभावकारी हुने | | | | | | | | |

## ८.५ प्रशासकीय सुशासन

### ८.५.१ पृष्ठभूमि

शासकीय निर्णयहरू तथा कार्यान्वयन प्रक्रियालाई पारदर्शी बनाउन नियमित सूचना प्रवाह, सार्वजनिक सुनुवाई, सामाजिक लेखा परीक्षण जस्ता नविन शासकीय उपक्रमहरू सञ्चालन गरी सुशासन प्रत्याभूत गर्न तमानखोला गाउँपालिका अग्रसर रहेको छ । जवाफदेहीताको संस्कृति विकास गर्नुका साथै नागरिक मैत्री शासन, संघीय शासन प्रणाली अनुरूपको सेवाप्रवाह, कानुनी शासनको प्रत्याभूति र समन्वय तथा सहकार्यलाई व्यवस्थित गर्दै प्रशासकीय सुशासन सुनिश्चित गर्नु पर्दछ । नागरिकको समृद्धि तथा सुखी जीवनको सुनिश्चितता गर्नु प्रशासनिक सुशासन गाउँपालिकाको प्रमुख लक्ष्यका रुपमा रहेको छ । सुशासन कायम गरी सेवा प्रवाहमा सरलता एवम् सहजता ल्याउनु गाउँपालिकाको मुलभूत दायित्व हो । सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै गाउँपालिकावाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्न र थप सुदृढ गर्न आवश्यक भएको छ ।

### ८.५.२ समस्या तथा चुनौती

| | समस्याहरु | चुनौती तथा जोखिमहरू |
|---|---|---|
| **प्रशासकीय सुशासन** | • प्रशासनिक क्षेत्रमा बढ्दो राजनीतिक हस्तक्षेप,<br>• सुशासन कायम गर्न राष्ट्रसेवक कर्मचारीलाई दिशानिर्देश गर्ने संयन्त्रको कमी,<br>• प्रशासनिक अनुशासनमा ह्रास आउनु, प्रोत्साहन र प्रशिक्षणको अभाव हुनु | • सार्वजनिक सेवामा कार्यरत राष्ट्रसेवकहरूमा राष्ट्रप्रति समर्पण र जनताप्रति सेवाभाव जगाई संघीय व्यवस्थाको मर्म अनुरूप प्रदेश सरकारको उपस्थिति, नियमितता, गतिशीलता र प्रभावकारिता स्थापित गर्न<br>• प्राथमिकता आधार र प्रक्रिया निर्धारण, मध्यकालिन खर्च संरचना तयार नहुँदा वितरणमुखी हिसाबले आयोजना तथा कार्यक्रम छनौट र बजेट विनियोजन हुने गरेको,<br>• जनताको घरदैलोमा सहभागितामूलक गुणस्तरीय सेवाप्रवाहको सुनिश्चितता गर्नु |

### ८.५.३ सम्भावना तथा अवसर

| | सबल पक्षहरू | सम्भावना र अवसरहरू |
|---|---|---|
| **प्रशासकीय सुशासन** | • सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग अभिवृद्धि हुनु<br>• संघ, प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजन हुनु<br>• संविधानको मर्म र जनताको चाहना अनुरूप सुशासनको व्यवस्थापन गर्न विभिन्न आवश्यक ऐन, नियम तर्जुमा हुनु | • सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै गाउँपालिकावाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्न र थप सुदृढ गर्न सकिने, |

### ८.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**सोच**

जनमुखी सार्वजनिक प्रशासन

**लक्ष्य**

सार्वजनिक प्रशासनलाई जनताप्रति उत्तरदायी, विकासमैत्री, विद्युतीय सुशासन युक्त र सेवामूलक बनाउने ।

**उद्देश्यहरु**

१. सार्वजनिक प्रशासनलाई पारदर्शी, परिणाममुखी, जवाफदेही बनाई सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउनु ।

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: सार्वजनिक प्रशासनलाई पारदर्शी, परिणाममुखी, जवाफदेही बनाई सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउनु । | |

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| १.१ | प्रशासनलाई जनउत्तरदायी बनाउन आवश्यक व्यवस्था गर्ने । | १.१.१. | कर्मचारीको क्षमता विकासका लागि थप तालिम सञ्चालन गरिनेछ । |
| | | १.१.२. | सार्वजनिक प्रशासनलाई चुस्त दुरुस्त र मितव्ययी बनाउन विद्युतीय सुशासन अवलम्बन तथा सुदृढ गरिनेछ । |
| | | १.१.३. | नियमित व्यवस्थापन परीक्षण र सूचना प्रविधिको विकासबाट स्वचालित कार्य प्रणालीको विस्तार गरिनेछ । |
| १.२ | आयोजना कार्यान्वयनमा प्रभावकारिता वृद्धि गर्ने । | १.२.१ | आयोजना कार्यान्वयनमा पारदर्शिताको अभिवृद्धि गर्दै जिम्मेवार पदाधिकारीको कार्य जिम्मेवारी र जवाफदेहिता तोकेर कार्य सम्पादन सूचकसहितको कार्यसम्पादन सम्झौता गर्ने कानुनी व्यवस्था गरिनेछ । |
| | | १.२.२. | गाउँपालिकाभित्र सञ्चालित आयोजनाको प्रगति अनुगमन गरी प्राप्त पृष्ठपोषण अनुरूप कार्यान्वयनमा लगिनेछ । |
| १.३ | प्रशासनिक सुशासन कायम गर्न कर्मचारीको प्रशासनिक क्षमता वृद्धि गर्ने । | १.३.१ | कार्य प्रभावकारिताका लागि कर्मचारीलाई सक्षम र प्रतिस्पर्धी बनाउन क्षमता अभिवृद्धिका लागि तालिम लगायतका उत्प्रेरणाका कार्यक्रम सञ्चालन गरिनेछ । |
| | | १.३.२ | भ्रष्टाचार विरुद्धको शून्य सहनशीलताको मान्यता अनुरूप प्रशासनमा सदाचारिता अभिवृद्धि गर्न जनगुनासो व्यवस्थापन गरी उजुरी पेटिकाको व्यवस्थापन गरिनेछ । |
| | | १.३.३ | जनगुनासो व्यवस्थापन प्रणाली र कार्ययोजना निर्माण गरिनेछ । |

**प्रमुख कार्यक्रम तथा आयोजना** ( प्रशासकीय सुशासन)

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | | |
| १ | १.१ | १.१.१ | कर्मचारीको क्षमता विकासका लागि तालिम | संख्या | १ | ५ | २० | २० | २० | २० | २० | १०० | | |
| | | १.१.२ | विद्युतीय सुशासन अवलम्बन तथा सुदृढ | संख्या | ० | २ | १५० | ० | ० | १५० | ० | ३०० | | |
| | | १.१.३ | नियमित व्यवस्थापन परीक्षण र सूचना प्रविधिको विकास | संख्या | ० | १ | ० | २०० | ० | ० | ० | २०० | | |
| | १.२ | १.२.१ | आयोजना कार्यान्वयनमा पारदर्शिताको अभिवृद्धि | संख्या | १ | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | | |
| | | १.२.२ | गाउँपालिकाभित्र सञ्चालित आयोजनाको प्रगति अनुगमन | संख्या | १ | ५ | १२० | १२० | १२० | १२० | १२० | ६०० | | |
| | १.३ | १.३.१ | कर्मचारी उत्प्रेरणाका कार्यक्रम | संख्या | १ | ५ | ६० | ६० | ६० | ६० | ६० | ३०० | | |
| | | १.३.२ | भ्रष्टाचार विरुद्धको शून्य सहनशीलता अभिवृद्धि | संख्या | १ | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | | |
| | | १.३.३ | जनगुनासो व्यवस्थापन प्रणाली र कार्ययोजना निर्माण | संख्या | १ | ५ | १२० | १२० | १२० | १२० | १२० | ६०० | | |
| जम्मा | | | | - | ६ | ३३ | ५७० | ६२० | ४२० | ५७० | ४२० | २६०० | | |

## ८.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | |
| **प्रभाव** | जनमुखी सार्वजनिक प्रशासन भएको हुने । | | | | | | | | | |
| **असर** | सार्वजनिक प्रशासनलाई पारदर्शी, परिणाममुखी, जवाफदेही बनाई सार्वजनिक सेवा प्रवाह प्रभावकारी हुने । | नियमित व्यवस्थापन परीक्षण | संख्या | १ | १ | १ | १ | १ | १ | ५ |
| **प्रतिफल** | प्रशासनिक सुशासन कायम गर्न कर्मचारीको प्रशासनिक क्षमता वृद्धि हुने । | आयोजनाको प्रगति अनुगमन | संख्या | निरन्तरता | | | | | | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | |
| | | भ्रष्टाचार विरुद्धको शून्य सहनशीलता | संख्या | निरन्तरता | | | | | | |
| | | जनगुनासो व्यवस्थापन प्रणाली | संख्या | निरन्तरता | | | | | | |
| | | तालिम | संख्या | १ | २ | २ | २ | २ | २ | १० |
| **पुष्टयाईको आधार** | | –गाउँपालिकाको वार्षिक प्रतिवेदन<br>–गाउँपालिकाको पार्श्वचित्र , वडा कार्यालय, प्रशासनिक शाखा<br>–वार्षिक नीति तथा कार्यक्रम | | | | | | | | |
| **अनुमान तथा जोखिम पक्ष** | | –सार्वजनिक प्रशासन प्रभावकारी भएको हुने । | | | | | | | | |

## ८.६ वित्तीय सुशासन

### ८.६.१ पृष्ठभूमि

सार्वजनिक आयको अद्यावधिक स्थितिको लेखाङ्कन तथा प्रतिवेदन प्रणालीलाई नियमित र एकरूपता कायम गरी प्रभावकारी बनाउँदै लैजानको लागि सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको विकासमा जोड दिदै एकल खाताकोष प्रणाली र राजस्व व्यवस्थापन सूचना प्रणालीको विकास तथा सुदृढ गर्न आवश्यकता छ । गाउँपालिकाबाट हुने सबै आर्थिक कारोवारको लेखांकन चुस्त, दुरुस्त, यथार्थ र समयमा नै विवरण प्राप्त गर्ने गरी सुत्र प्रणाली मार्फत कार्य गरिएको छ । सार्वजनिक स्रोतको मितव्यायी र अधिकतम परिचालन, प्रतिवेदन तथा लेखापरीक्षण मार्फत वित्तीय व्यवस्थापनमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गरी नागरिकलाई वित्तीय सुशासनको प्रत्याभूति दिनु तमानखोला गाउँपालिकाको दायित्व हो । सार्वजनिक खर्चको पारदर्शिता अभिवृद्धि गर्न सरकारी निकायका कार्यक्रम तथा खर्चलाई सार्वजनिकीकरण गर्ने पद्धतिको विकास र थप सुदृढ गर्न जरुरी रहेको छ ।

### ८.६.२ समस्या तथा चुनौती

| | समस्याहरु | चुनौती तथा जोखिमहरू |
|---|---|---|
| **वित्तीय सुशासन** | • वेरुजुको मात्रामा वृद्धि हुँदै जानु<br>• आर्थिक उत्तरदायित्व तथा जवाफदेहिताको अवस्था कमजोर हुनु<br>• विकास खर्च अपेक्षित गति र परिमाणमा नहुनु<br>• चालु खर्चमा भएको बढोत्तरीगै वित्तीय सुशासनको स्थिति खस्कदै जानु, | • संघीय वित्तीय ढाँचा अनुरूप संघीय तथा प्रदेश सरकारबाट प्राप्त गर्ने अनुदान समयमै प्राप्त गर्नु<br>• समयमै कार्यक्रम स्वीकृत गरी वार्षिक खरिद योजना तयार गर्नु।<br>• समयमा ठेक्का बन्दोबस्त गर्नु, पुँजीगत खर्च वृद्धि गर्नु ।<br>• आन्तरिक लेखापरीक्षण तथा नियन्त्रण प्रणाली सुदृढीकरण गर्नु ।<br>• अनुगमन कार्यक्रमलाई यथार्थपरक बनाउनु<br>• खरिद कार्यलाई सार्वजनिक खरिद ऐनको मर्म अनुरूप मितव्ययी र प्रतिस्पर्धी बनाउदै लगि आर्थिक वर्षको अन्त्यमा मात्र अत्यधिक खर्च गर्ने प्रवृत्तिमा रोक लगाउने कार्य गर्नु ।<br>• वित्तीय अनुशासन, आन्तरिक लेखापरीक्षण जस्ता गम्भीर प्रकृतिका प्राविधिक काम वैज्ञानिक बनाउन,<br>• सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग अभिवृद्धि हुनु ।<br>• समयमै कार्यक्रम स्वीकृत गरी वार्षिक खरिद योजना तयार गर्नु<br>• समयमा ठेक्का बन्दोबस्त गर्नु, पुँजीगत खर्च वृद्धि गर्नु<br>• आन्तरिक लेखापरीक्षण तथा नियन्त्रण प्रणाली सुदृढीकरण गर्नु<br>• अनुगमन कार्यक्रमलाई यथार्थपरक बनाउनु। खरिद कार्यलाई सार्वजनिक खरिद ऐनको मर्म अनुरूप मितव्ययी र प्रतिस्पर्धी बनाउँदै आर्थिक वर्षको अन्त्यमा मात्र अत्यधिक खर्च गर्ने प्रवृत्तिमा रोक लगाउने कार्य गर्नु<br>• प्रभावकारी अनुसन्धान तहकिकात सम्बन्धी क्षमता विकास गर्नु |

### ८.६.३ सम्भावना तथा अवसर

| | सबल पक्षहरू | सम्भावना र अवसरहरू |
|---|---|---|
| **वित्तीय सुशासन** | • संविधानले संवैधानिक व्यवस्था र कानून अनुसार स्थानीय तहको अधिकार क्षेत्र भित्रका विषयमा नीति, कानून, योजना तथा बजेट बनाउने, स्रोत परिचालन गर्ने र विकास कार्य सञ्चालन र सेवा प्रवाह गर्ने व्यवस्था गरेको,<br>• राजस्व र व्ययको अनुमान प्रत्येक वर्ष आषाढ १५ भित्र गाउँसभामा पेश गर्ने व्यवस्था रहेको<br>• गाउँपालिकाको लेखा प्रणालीलाई सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापन प्रणाली, सार्वजनिक सेवा लेखामान तयार गरी सो अनुसार प्रतिवेदन प्रणाली विकास गरिनु,<br>• संस्थागत विकास र सुशासन कायम गर्न प्रतिबद्ध,<br>• योजना तथा बजेट तर्जुमा, वित्तीय व्यवस्थापन, लेखा परीक्षण र निर्णय प्रक्रियामा शहभागिता मुलक, | • समयमै कार्यक्रम स्वीकृत गरी वार्षिक खरिद योजना तयार गर्न सकिने,<br>• समयमा ठेक्का बन्दोबस्त गर्नु, पुँजीगत खर्च वृद्धि गर्न सकिने,<br>• आन्तरिक लेखापरीक्षण तथा नियन्त्रण प्रणाली सुदृढीकरण गर्न सकिने,<br>• अनुगमन कार्यक्रमलाई यथार्थपरक बनाउन,<br>• खरिद कार्यलाई सार्वजनिक खरिद ऐनको मर्म अनुरूप मितव्ययी र प्रतिस्पर्धी बनाउदै लगि आर्थिक वर्षको अन्त्यमा |

| | सबल पक्षहरू | सम्भावना र अवसरहरू |
|---|---|---|
| | • वित्तिय व्यवस्थापनलाई कानुन संगत बनाउने प्रयास भएको<br>• विद्युतीय खरिद व्यवस्थापन गरिएको छ जसबाट प्रतिस्पर्धा प्रवर्द्धन भई स्रोत बचत भएको<br>• संघीय वित्तीय ढाँचा अनुरूप संघीय तथा प्रदेश सरकारबाट प्राप्त गर्ने अनुदान समयमै प्राप्त गर्नु | मात्र अत्यधिक खर्च गर्ने प्रवृत्तिमा रोक लगाउने कार्य गर्न सकिने,<br>• आन्तरिक लेखापरीक्षण तथा नियन्त्रण प्रणाली सुदृढीकरण , अनुगमन कार्यक्रमलाई यथार्थपरक बनाउन सकिने, |

## ८.६.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**सोच**

वित्तीय सुशासनको लागि उत्तरदायी र पारदर्शी लेखा प्रणाली ।

**लक्ष्य**

आय र व्ययलाई व्यवस्थित र पारदर्शी बनाई विकास प्रक्रियालाई प्रभावकारी बनाउने ।

**उद्देश्यहरु**

१. लेखाका कारोबार तथा वित्तीय व्यवस्थापनमा मितव्ययीता, प्रभावकारिता, कार्यदक्षता, नियमितता कायम गर्नु ।

२. स्थानीय योजना तर्जुमा एवम् कार्यान्वयनमा व्यापक जनसहभागिता र अनुगमन नतिजामूलक र प्रभावकारी बनाउनु

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| उद्देश्य १: लेखाका कारोबार तथा वित्तीय व्यवस्थापनमा मितव्ययीता, प्रभावकारिता, कार्यदक्षता, नियमितता कायम गर्नु । | | | |
| १.१ | लेखाका कारोबार तथा वित्तीय व्यवस्थापन प्रणाली सुदृढी बनाई आन्तरिक नियन्त्रण प्रणाली विश्वसनीय तथा प्रभावकारी बनाउने । | १.१.१. | लेखा परीक्षण र वित्तीय व्यवस्थापन सम्बन्धी निकायको संस्थागत सुदृढीकरण गरी राजस्व परिचालनको क्षमता वृद्धि गरिनेछ । |
| | | १.१.२. | सूचना प्रविधिको प्रयोगलाई विस्तार गरी खरिद योजना कार्यविधि प्रभावकारी कार्यान्वन गरिनेछ । |
| | | १.१.३. | आन्तरिक आयको श्रोत पहिचान र श्रोतको बढोत्तरी गरिनेछ । |
| | | १.१.४ | चुस्त दुरुस्त लेखा प्रणाली विस्तार गर्ने र अन्तिम लेखा परीक्षणबाट देखिएका वेरुजु फछ्यौट कार्य गरिनेछ । |
| | | १.१.५ | वित्तीय आँकडालाई वस्तुपरक बनाउन तथा अद्यावधिक गर्न सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको सुदृढीकरण गरी विस्तार गरिनेछ । |
| उद्देश्य २: स्थानीय योजना तर्जुमा एवम् कार्यान्वयनमा व्यापक जनसहभागिता र अनुगमन नतिजामूलक र प्रभावकारी बनाउनु । | | | |
| २.१ | योजना तर्जुमा प्रक्रियमा समावेशी सहभागिता तथा प्रभावकारी अनुगमन तथा मूल्याङ्कन संयन्त्र विस्तार गर्ने । | २.१.१ | उपभोक्ता समितिमार्फत गर्ने भनी खरिद विधि छनौट भएका योजनाहरुको कार्यान्वयनका लागि प्रत्येक आर्थिक वर्षको श्रावण मसान्त भित्र प्रचलित कानुन वमोजिम उपभोक्ता समिति गठन गर्ने कार्यलाई निरन्तरता गरिनेछ । |
| | | २.१.२. | शून्य वेरुजु कायम गर्न आवश्यक ऐन, नियम निर्माण गरिनेछ । |
| | | २.१.३ | बेरुजुलाई नियन्त्रण गर्न आन्तरिक लेखापरीक्षणलाई सूचना प्रविधिमा आधारित बनाइनुको साथै लेखा उत्तरदायी अधिकारीलाई स्वतन्त्र रूपमा कार्य गर्ने वातावरण बनाइनेछ । |
| | | २.१.४ | खरिद कार्यलाई सार्वजनिक खरिद ऐनको मर्म अनुरूप मितव्ययी र प्रतिस्पर्धी बनाउदै लगि आर्थिक वर्षको अन्त्यमा मात्र अत्यधिक खर्च गर्ने प्रवृत्तिमा रोक लगाईनेछ । |
| | | २.१.५ | आयोजनाहरूका लागि ग्राहक/उपभोक्ता समूह छनौट तथा प्रथम किस्ता भुक्तानी आ.व.को दोश्रो चौमासिक भित्रै सम्पन्न गरिनेछ । |
| | | २.१.६ | आयोजना छनौट तथा बजेट विनियोजन गर्दा सम्बन्धित सरोकारवाला तथा उपभोक्ताहरूको राय सुझाव लिइनेछ । |

**प्रमुख कार्यक्रम तथा आयोजना** (वित्तीय सुशासन)

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | | |
| १ | १.१ | १.१.१ | लेखा परीक्षण र वित्तीय व्यवस्थापन सम्बन्धी क्षमता वृद्धि तालिम | संख्या | १ | २ | ५० | ० | १०० | ० | ० | १५० | | |
| | | १.१.२ | खरिद योजना कार्यविधि प्रभावकारी कार्यान्वन | संख्या | १ | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | | |
| | | १.१.३ | आन्तरिक आयको श्रोत पहिचान र श्रोतको बढोत्तरी | संख्या | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | |
| | | १.१.४ | लेखा प्रणाली विस्तार | संख्या | १ | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | | |
| | | १.१.५ | सूचना प्रविधि, अद्यावधिक तथा वित्तीय व्यवस्थापनको सुदृढीकरण | संख्या | १ | ५ | ३० | ३० | ३० | ३० | ३० | १५० | | |
| २ | २.१ | २.१.१ | उपभोक्ता समिति गठन | संख्या | १ | ५ | २० | २० | २० | २० | २० | १०० | | |
| | | २.१.२ | आवश्यक ऐन, नियम निर्माण | संख्या | १ | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | | |
| | | २.१.३ | आन्तरिक लेखापरीक्षण तालिम | संख्या | १ | २ | ० | ६० | ० | ६० | ० | १२० | | |
| | | २.१.४ | कार्य प्रगति विवरण तयार | संख्या | १ | ५ | २० | २० | २० | २० | २० | १०० | | |
| | | २.१.५ | खरिद गुरुयोजना तयार | संख्या | १ | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | | |
| | | २.१.६ | सरोकारवाला तथा उपभोक्ताहरूको राय सुझाव संकलन | संख्या | १ | ५ | ३० | ३० | ३० | ३० | ३० | १५० | | |

| प्रमुख कार्यक्रम तथा आयोजना (वित्तीय सुशासन) | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
| | | | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | | |
| जम्मा | | | | - | ११ | ४९ | ४५० | ४६० | ५०० | ४६० | ४०० | २२७० | | |

## ८.६.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | |
| प्रभाव | आय र व्ययलाई व्यवस्थित र पारदर्शी बनाई विकास प्रक्रियालाई प्रभावकारी भएको हुने । | | | | | | | | | |
| असर | सार्वजनिक आय र खर्च प्रणाली पारदर्शी एवं प्रभावकारी हुने । | निर्धारित समयावधि मै बजेट | आएको/नआएको | आएको | | | | | | |
| | | वार्षिक योजना तथा कार्यक्रम विवरण बेवसाइटमा | राखिएको/ नराखिएको | राखिएको | | | | | | |
| | | आय -व्ययको विवरण अद्यावधिक (बेवसाइट) | राखिएको/ नराखिएको | राखिएको | | | | | | |
| प्रतिफल | वित्तीय व्यवस्थापन प्रणाली सुदृढीकरण हुने । | आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था | संख्या | १ | निरन्तरता | | | | | |
| | | समयमा फर्छ्यौट भएका वार्षिक योजना | प्रतिशत | ६० | ६२ | ७० | ७५ | ८० | ९० | ९० |
| | | वार्षिक खरिद गुरुयोजना तयार | संख्या | १ | १ | १ | १ | १ | १ | ५ |
| | | स्थानीय तहको कुल खर्चमा बेरूजुको अनुपात | प्रतिशत | २.०५ | २.० | १.५ | १ | १ | ० | ० |
| | | आन्तरिक लेखापरीक्षण तालिम | संख्या | ० | १ | ० | १ | ० | १ | ३ |
| पुष्टयाईको आधार | | –गाउँपालिकाको वार्षिक प्रतिवेदन<br>–लेखा शाखा, राजस्व शाखा,<br>–वार्षिक नीति तथा कार्यक्रम<br>–लेखा परीक्षण प्रतिवेदन | | | | | | | | |
| अनुमान तथा जोखिम पक्ष | | –लेखा कारोबार तथा वित्तीय व्यवस्थापन प्रणाली प्रभावकारी भएको हुने । | | | | | | | | |

## ८.७ भ्रष्टाचार निवारण

### ८.७.१ पृष्ठभूमि

सार्वजनिक निकायमा हुने ढिलासुस्ती, अनियमितता तथा अनिर्णयजस्ता विकृति एवम् भ्रष्टाचारजन्य क्रियाकलापको निराकरण गर्न आवश्यक रहेको छ । सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी, जनमुखी, अनुमानयोग्य र कानुन सम्मत रूपमा सहज र सरल तरिकाले उपलब्ध गराई सबै तह र स्वरूपका भ्रष्टाचार एवम् अनियमिततालाई नियन्त्रण गरी सदाचारयुक्त समाज बनाउन तमानखोला गाउँपालिका लागि परेको छ । गाउँपालिकामा भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको विकास र थप सुदृढ गर्न जरुरी रहेको छ ।

### ८.७.२ समस्या तथा चुनौती

| | समस्याहरु | चुनौती तथा जोखिमहरू |
|---|---|---|
| **भ्रष्टाचार निवारण** | • पारदर्शिता र जवाफदेहिताको प्रणालीमा पूर्ण रूपमा विकास भई नसक्नु<br>• भ्रष्टाचार विरोधी संस्कृतिको विकास नहुनु,<br>• भ्रष्टाचार नियन्त्रण गर्न संघ, प्रदेश र स्थानीय तहका सरकार बीच प्रभावकारी सञ्चार, समन्वय र सहकार्य कायम गर्न नसकिनु, | • सार्वजनिक क्षेत्रमा पारदर्शिता, निष्पक्षता, जवाफदेहिता र प्रभावकारिता कायम गर्नु,<br>• प्रभावकारी अनुसन्धान तहकिकात सम्बन्धी क्षमता विकास गर्नु। सूचनादाताको संरक्षण गर्नु,<br>• साक्षी बस्ने तथा अभियोजन गर्ने कर्मचारीहरूको उचित संरक्षण गर्नु, |

### ८.७.३ सम्भावना तथा अवसर

| | सबल पक्षहरू | सम्भावना र अवसरहरू |
|---|---|---|
| **भ्रष्टाचार निवारण** | • भ्रष्टाचार विरुद्ध सक्रिय नागरिक समाज तथा सञ्चार जगत हुनु,<br>• निर्वाचित पदाधिकारी, प्रशासनिक र प्राविधिक कर्मचारीहरुमा पुर्ण निष्ठा, बलीयो मनोबल र जवाफदेहिता रहेका,<br>• योजना तर्जुमा र विकास गतिविधिको कार्यान्वयन, अनुगमन तथा नतिजा मापद प्रणालीमा समावेशी, सहभागितामूलक, परामर्श तथा सहकार्यमा आधारित पद्धतिहरुको विकास तथा अनुशरण हुँदै गएको,<br>• गाउँपालिकाको स्रोतसाधन, सेवा प्रवाह र कार्यसम्पादन स्तरमा स्थानीय समुदायको चासो र निगरानीमा वृद्धि हुँदै गएको,<br>• वेभसाइड मार्फता सेवा प्रवाहको थालनि गरिएको,<br>• कार्यसम्पादन मूल्याङ्कन नजिकबाट गर्न सक्नु, नेपाल सरकारको सेवा प्रवाह सम्बन्धी मापदण्ड हुनु,<br>• पारदर्शिता, जनसहभागिता र जवाफदेहिता ङ प्रवर्द्धनको थालनी भएको ,<br>• भ्रष्टाचारमुक्त उत्तरदायी र पारदर्शी कार्य संस्कृतिको विकासमा जनचासो र चेतना बढ्दै गएको, | • सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको प्रभावकारी उपयोग,<br>• भ्रष्टाचारमुक्त उत्तरदायी र पारदर्शी कार्य संस्कृतिको विकासमा जनचासो र चेतना बढ्दै गएकोले राज्यबाट प्रदान गरिने सेवा र सुविधालाई थप सेवाग्राही मैत्री बनाउन सकिने,<br>• उत्तरदायित्व प्रवर्द्धन हुने सम्भावना<br>• सबै सेवा प्रदायक संस्थाहरूले सुशासन कायम राखी सेवा प्रवाह गरकाले छिटो छरितो सेवा प्रवाह गर्न र पारदर्शिता बनाउन सकिने<br>• अन्तर्राष्ट्रिय सहयोग, सहकार्य र समन्वय तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको क्षेत्रीय र सम्पर्क कार्यालयहरूको स्थापना भई भ्रष्टाचार विरुद्धको अभियानलाई प्रभावकारी रूपमा अगाडि बढाउने, |

### ८.७.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**सोच**

भ्रष्टाचारजन्य क्रियाकलापको नियन्त्रण गरी स्वच्छ समाज निर्माण ।

**लक्ष्य**

भ्रष्टाचारजन्य कार्यको शून्य सहनशीलताको नीतिमाफर्त सुशासन प्रवद्र्न गर्ने ।

**उद्देश्यहरु**

१. भ्रष्टाचारजन्य क्रियाकलापको नियन्त्रण गरी सुशासनको प्रत्याभूति गर्नु ।

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| उद्देश्य १: भ्रष्टाचारजन्य क्रियाकलापको नियन्त्रण गरी सुशासनको प्रत्याभूति गर्नु । | | | |
| १.१ | भ्रष्टाचारजन्य काममा शून्य सहनशीलताको नीति अवलम्बन गर्ने । | १.१.१. | नीतिगत, कानुनी तथा संस्थागत व्यवस्था गरी सार्वजनिक प्रशासनलाई पारदर्शी तथा जवाफदेही बनाइनेछ । |
| | | १.१.२. | शिक्षण संस्थाको पाठ्यक्रममा भ्रष्टाचार विरुद्धको विषयवस्तु समावेश गरिनेछ । |
| | | १.१.३. | भ्रष्टाचारजन्य क्रियाकलाप नियन्त्रणका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । |
| | | १.१.४ | भ्रष्टाचार विरुद्ध आवाज र जनमत सिर्जना गर्ने नागरिक समाज/गैरसरकारी संस्था एवम् सामुदायिक संस्था र सञ्चार क्षेत्रबाट भएका सत्प्रयासको उचित कदरसहित सम्मान गर्ने व्यवस्था मिलाइनेछ । |
| | | १.१.५ | सार्वजनिक निर्माण र सार्वजनिक सेवा प्रदान गर्ने निकायलाई व्यवस्थित, प्रतिस्पर्धी, पारदर्शी र उत्तरदायी बनाइनेछ । |
| | | १.१.६ | जनप्रतिनिध तथा राष्ट्रसेवक कर्मचारीहरूलाई आ-आफ्ना व्यावसायिक निष्ठासहित कार्यस्थलमा सादा जीवन र सहयोगी व्यवहारसहित सेवाग्राहीमैत्री सेवा प्रवाह गर्न प्रेरित गरी सोको अनुगमन गरिनेछ । |
| १.२ | प्राविधिक सहायता र सूचना आदानप्रदान सम्बन्धी नेपाल सरकारले गरेको व्यवस्थालाई सहयोग र कार्यान्वयन गर्ने । | १.२.१ | भ्रष्टाचारको सूचना दिनेलाई पुरस्कृत गरिनेछ । |
| | | १.२.२. | भ्रष्टाचारसँग सम्बन्धित फौजदारी विषय, सम्पत्ति फिर्ता सम्बन्धी कानुन निर्माण, सपुर्दगी र पारस्परिक कानुनी सहयोगका लागि नेपाल सरकारलाई सहयोग गरिनेछ । |
| | | १.२.३ | अनुसन्धान र छानबिनको क्रममा अन्तरनिकाय समन्वय एवम् सूचना आदानप्रदानलाई सघन र प्रभावकारी बनाइनेछ । |
| | | १.२.४. | विकास आयोजनाको खर्च निर्माण स्थलमै सार्वजनिकीकरण गर्ने तथा नियमित सार्वजनिक सुनुवाइ गरिनेछ । |

**प्रमुख कार्यक्रम तथा आयोजना** (भ्रष्टाचार निवारण)

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | | |
| १ | १.१ | १.१.१ | भ्रष्टाचार विरुद्ध नीतिगत, कानुनी तथा संस्थागत व्यवस्था | संख्या | ० | १ | १०० | ० | ० | ० | ० | १०० | | |
| | | १.१.२ | भ्रष्टाचार विरुद्ध शिक्षण संस्थाको पाठ्यक्रम | संख्या | ० | १ | ० | १०० | ० | ० | ० | १०० | | |
| | | १.१.३ | भ्रष्टाचारजन्य क्रियाकलाप नियन्त्रणका लागि जनचेतनामूलक कार्यक्रम | संख्या | १ | २ | ५० | ० | ० | ५० | ० | १०० | | |
| | | १.१.४ | भ्रष्टाचार विरुद्ध आवाज र जनमत सिर्जना, कदरसहित सम्मान | संख्या | ० | ५ | १० | १० | १० | १० | १० | ५० | | |
| | | १.१.५ | सार्वजनिक निर्माण र सार्वजनिक सेवा व्यवस्थित, प्रतिस्पर्धी, पारदर्शी र उत्तरदायी कार्यक्रम | संख्या | १ | ५ | ६० | ६० | ६० | ६० | ६० | ३०० | | |
| | | १.१.६ | जनप्रतिनिध तथा राष्ट्रसेवक कर्मचारीहरूलाई आ-आफ्ना व्यावसायिक निष्ठासहित कार्यस्थल अनुगमन | संख्या | १ | ५ | ६० | ६० | ६० | ६० | ६० | ३०० | | |
| | १.२ | १.२.१ | भ्रष्टाचारको सूचना दिनेलाई पुरस्कृत | संख्या | ० | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ | | |
| | | १.२.२ | भ्रष्टाचारसँग सम्बन्धित फौजदारी विषय, सम्पत्ति फिर्ता सम्बन्धी कानुन निर्माण, सपुर्दगी र पारस्परिक कानुनी सहयोग | संख्या | १ | ५ | २० | २० | २० | २० | २० | १०० | | |
| | | १.२.३ | अनुसन्धान र छानबिनको क्रममा अन्तरनिकाय समन्वय एवम् सूचना आदानप्रदान | संख्या | ० | ५ | ३० | ३० | ३० | ३० | ३० | १५० | | |
| | | १.२.४ | विकास आयोजनाको खर्च निर्माण तथा नियमित सार्वजनिक सुनुवाइ | संख्या | ६ | ५० | २५ | २५ | २५ | २५ | २५ | १२५ | | |

| **प्रमुख कार्यक्रम तथा आयोजना** (भ्रष्टाचार निवारण) | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **उद्देश्य** | **रणनीति** | **कार्यनीति** | **कार्यक्रम** | **एकाइ** | **आधार वर्ष** | **योजनाको कुल लक्ष्य** | **अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा)** | | | | | | **जिम्मेवार निकाय** | **स्थानगत कार्यक्रम विवरण** |
| | | | | | | | **आ.ब. २०८२/०८३** | **आ.ब. २०८३/०८४** | **आ.ब. २०८४/०८५** | **आ.ब. २०८५/०८६** | **आ.ब. २०८६/०८७** | **जम्मा** | | |
| जम्मा | | | | - | १० | ८४ | ३६० | ३१० | २१० | २६० | २१० | १३५० | | |

## ८.७.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| **नतिजा तह** | **नतिजा** | **सूचक** | **एकाइ** | **आधार वर्ष** | **आर्थिक वर्ष : लक्ष्य परिमाण** | | | | | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | **आ.ब. २०८२/०८३** | **आ.ब. २०८३/०८४** | **आ.ब. २०८४/०८५** | **आ.ब. २०८५/०८६** | **आ.ब. २०८६/०८७** | |
| **प्रभाव** | भ्रष्टाचारजन्य क्रियाकलापको नियन्त्रण गरी स्वच्छ समाज निर्माण भएको हुने । | | | | | | | | | |
| **असर** | भ्रष्टाचारजन्य कार्यकोशून्य सहनशीलताको नीति मार्फत सुशासन कायम हुने । | भ्रष्टाचारजन्य क्रियाकलाप नियन्त्रण | भएको/नभएको | भएको | भएको | भएको | भएको | भएको | भएको | भएको |
| **प्रतिफल** | भ्रष्टाचारजन्य काममा शून्य सहनशीलताको नीति अवलम्बन हुने । | भ्रष्टाचार विरुद्ध नीतिगत, कानुनी तथा संस्थागत व्यवस्था | संख्या | ० | ० | १ | ० | ० | ० | १ |
| | | नियमित सार्वजनिक सुनुवाई | संख्या | ६ | ६ | १० | १० | १२ | १२ | ५० |
| **पुष्टयाईको आधार** | | -गाउँपालिकाको वार्षिक प्रतिवेदन<br>-लेखा शाखा, राजस्व शाखा,<br>-अख्तियार दुरुपयोग अनुशन्दान आयोग | | | | | | | | |
| **अनुमान तथा जोखिम पक्ष** | | -भ्रष्टाचार रहित स्वच्छ समाज निर्माण भएको हुने । | | | | | | | | |

## ८.८. राजस्व परिचालन

### ८.८.१ पृष्ठभूमि

सार्वजनिक आय अद्यावधिक लेखाङ्कन तथा प्रतिवेदन प्रणालीलाई नियमित र एकरुपता बनाई प्रभावकारी बनाउँदै लैजानको लागि सूचना प्रविधिमा आधारित वित्तिय व्यवस्थापनको विकासमा जोड दिँदै एकल खाताकोष प्रणाली र राजस्व व्यवस्थापन प्रणालीको विकास भएको छ । जनताले तिरेको करबाट राज्य सञ्चालन हुनुपर्ने सामान्य सिद्धान्त हो । नागरिकहरूबाट अझ बढी कर उठाउनको लागि आर्थिक क्रियाकलापहरूमा वृद्धि हुनु आवश्यक हुन्छ । उत्पादन वृद्धि, बजारीकरण, निर्यात र उपभोक्ता बजारको प्रबर्द्धन मार्फत कर वृद्धिको वातावरण निर्माण हुन पुग्दछ । गाउँपालिकालाई आर्थिक रूपमा सम्पन्न बनाउन उत्पादनमुखी र स्वरोजगार वृद्धिलाई आधार बनाई त्यसै अनुरुप नीति बनाई राजस्व परिचालन र श्रोत अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्ने योजना बनाएको छ। गाउँपालिकाको संगठन ढाँचामा राजस्व शाखा व्यवस्था गरी कर संकलन हुँदै आएको छ। गाउँपालिकामाको राजस्व अधिकार र यसको महत्वका सम्बन्धमा समुदाय तहमा ब्यापक रुपमा जानकारी गराउन आवश्यक छ। उक्त नीति नागरिकप्रति उत्तरदायी र पारदर्शी हुन आवश्यक हुन्छ ।

### ८.८.२ समस्या तथा चुनौती

| | समस्याहरु | चुनौती तथा जोखिमहरू |
|---|---|---|
| **राजस्व परिचालन** | • राजस्व तथा स्रोत परिचालनसम्बन्धी ऐन, कार्यविधि, कार्यप्रणाली र सोको कार्यान्वयनमा कमी हुँदा आन्तरिक आयसम्बन्धी क्षेत्र पहिचान, सम्भाव्यता विश्लेषण, कर र गैर करको आधार र दर निर्धारण, अनुमान तथा प्रक्षेपण गर्न र सो अनुसार करदाता शिक्षा, असुली र अभिलेख व्यवस्थित हुन नसकेको,<br>• राजस्व प्रशासन सुधारका लागि आवश्यक कार्यविधिहरू जस्तै कर असुली, करदाता र कर्मचारीहरूको प्रोत्साहन, दण्डजरिवाना आदि सम्बन्धी नियमावली र कार्यविधिहरू आवश्यक मात्रामा निर्माण र अद्यावधिक हुन नसक्नु,<br>• सबै करदाताहरूलाई करको दायरामा ल्याउन नसक्नु,<br>• कर प्रशासन करमैत्री हुन नसक्नु, करबाट प्राप्त आयको परिचालन कसरी भएको छ भन्न बारेमा करदातालाई जानकारी हुने वातावरण बन्न नसक्नु | • राजस्व परिचालन हुन नसकेको,स्रोतहरुको न्यून<br>• करका दायरा बढाउन नसकिएकोले राजस्व वृद्धि गर्न<br>• सबै प्रकारका करदाताहरूलाई करको दायरामा ल्याउनु,<br>• कर प्रशासनलाई प्रविधि मैत्री तथा करदाता मैत्री बनाउनु,<br>• करको दायरा फराकिलो बनाउनु र आन्तरिक राजस्वबाट संकलन हुने रकमबाट प्रशासनिक खर्च धान्न सक्ने बनाउनु |

### ८.८.३ सम्भावना तथा अवसर

| | सबल पक्षहरू | सम्भावना र अवसरहरू |
|---|---|---|
| **संस्थागत विकास तथा सुशासन** | • संविधान तथा ऐनमा गाउँपालिकाको लागि विभिन्न वित्तीय अधिकारको व्यवस्था हुनु,<br>• करसँग सम्बन्धित ऐन नियम तथा कार्यविधि विस्तारै बन्दै जानु<br>• कर प्रशासनमा प्रविधिको प्रयोग बढ्दै जानु,<br>• मानिसहरूमा गाउँपालिका नजिकको सरकार हाम्रो लागि हो र कर हाम्रो लागि खर्च गर्ने हो भन्ने भावनको विकास हुँदै जानु,<br>• कर्मचारीको क्षमता वृद्धि हुँदै जानु र कर्मचारीको व्यवस्था हुँदै जानु, | • व्यवसाय, उद्योग, तथा सर्म्पूण रोजगार' आर्थिक कार्यक्षेत्रहरुलाई करको दायरामा ल्याउन सकिने,<br>• करको दायरा फराकिलो बनाउन कृषि, उद्योग, प्राकृतिक स्रोत साधनहरुको सदुपयोग, तथा आधारित उद्योग व्यवसाय सञ्चालन एवम् वृद्धि गरी कर दायरा वृद्धि गर्न सकिने, |

### ८.८.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**सोच**

सवल, पारदर्शी र व्यवस्थित आन्तरिक आय

**लक्ष्य**

सार्वजनिक आय र व्ययलाई व्यवस्थित, पारदर्शी र अनुमानयोग्य बनाई समग्र विकास प्रक्रियालाई प्रभावकारी बनाउने ।

## उद्देश्यहरु

१. आन्तरिक र वाह्य श्रोत परिचालनमा वृद्धि तथा राजस्व प्रणाली सुदृढ बनाउनु ।

२. राजस्व प्रशासन थप सक्षम तथा करदातामैत्री बनाउनु ।

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| उद्देश्य १: आन्तरिक र वाह्य श्रोत परिचालनमा वृद्धि तथा राजस्व प्रणाली सुदृढ बनाउनु । | | | |
| १.१ | आन्तरिक राजस्व वृद्धिमा जोड गर्ने । | १.१.१. | आन्तरिक राजस्व व्यवस्थापन सम्बन्धी एकीकृत ऐन र कार्यविधि तयार गरी प्रभावकारी कार्यान्वयन गरिनेछ । |
| | | १.१.२. | सूचना प्रविधिमा आधारित भई आन्तरिक आयको संकलन, दाखिला तथा अभिलेखनलाई नियमित र व्यवस्थित गरिनेछ । |
| | | १.१.३. | नियमित वैठक, तालिम तथा क्षमता राजस्व परामर्श समितिको क्रियाशिलतामा अझ वृद्धि गरिनेछ । |
| | | १.१.४ | आन्तरिक तथा वाह्य स्रोत परिचालनका लागि छिमेकी स्थानीय तह, प्रदेश तथा संघीय सरकारका निकायसँग नियमित वैठक र छलफल गरिनेछ । |
| | | १.१.५ | करका दरहरूको पुनरावलोकन गरिनेछ । |
| १.२ | सार्वजनिक आय व्यय र खरिदलाई प्रभावकारी, व्यवस्थित र पारदर्शी बनाउने । | १.२.१ | विकास आयोजनाहरूको ठेक्कापट्टा निर्धारित समयभित्रै गर्ने तथा विद्युतीय बोलपत्रको दायरालाई विस्तार गरिने छ । |
| | | १.२.२ | निर्धारित समय अगावै काम सम्पन्न गर्ने ठेकेदारलाई प्रोत्साहनको व्यवस्था गरिने छ । |
| १.३ | राजस्वको स्रोत, आधार, दर र प्रशासनलाई सूचना प्रविधिमा आधारित गरी व्यवस्थित गर्ने । | १.३.१ | राजस्व प्रशासन बारे जनप्रतिनिधि, कर्मचारी र करदाताको क्षमता विकास गरिनेछ । |
| | | १.३.२ | वैज्ञानिक आधार र प्रमाणमा आधारित भई स्थानीय आन्तरिक राजस्व परिचालनको संभाव्यता अध्ययन, विश्लेषण प्रक्षेपणको व्यवस्था गरिनेछ । |
| | | १.३.३ | व्यवसाय दर्ता तथा नविकरण कार्यविधि तर्जुमा गरी जानकारी र प्रचार प्रसार गरी व्यवसाय दर्ता र बार्षिक कर संकलनलाई सहज बनाइनेछ । |
| | | १.३.४ | राजस्व सम्बन्धी आधार सूचना, अभिलेख, राजस्व संकलन, प्रशासन र खर्च व्यवस्थापनमा समसामयिक सुधार गरिनेछ । |
| | | १.३.५ | बार्षिक खर्चको आन्तरिक लेखा परीक्षण र सार्वजनिक परीक्षण गरी खर्चको लेखाजोखा र वित्तीय जोखिम न्यूनीकरण गरिनेछ । |
| | | १.३.६ | सम्बन्धीत वडा कार्यालयबाट नै सम्पूर्ण कर, शुल्क र दस्तुर तिर्न कम्प्युटर सफ्टवयर तथा आवश्यक कर्मचारीको व्यवस्था मिलाइनेछ । |
| | | १.३.७ | कर प्रणालीलाई सरल, चुस्त र दुरुस्त राखिनेछ । |
| | | १.३.८ | राजस्व प्रशासन शाखाको कर्मचारीहरूको क्षमता विकास गरिनेछ । |
| १.४ | सरकारी तथा सार्वजनिक सम्पत्तीको पहिचान तथा अभिलेख तयार गरी संरक्षण र उपयोग गर्ने । | १.४.१ | स्वामित्वमा रहेको, अन्य सरकारी र सार्वजनिक सम्पत्ती (जग्गा, भवन तथा अन्य भौतिक संरचना) अभिलेख तयार गरी संरक्षण र सार्वजनिक हित तथा आयस्रोतको लागि व्यवस्थापन गरिनेछ । |
| | | १.४.२ | कार्यविधि तर्जुमा गरी गाउँपालिकाको सम्पत्तीको भाडा लगाउने तथा नष्ट भएर जाने संरचना तथा भौतिक सामग्रीको लिलामको व्यवस्था गरिनेछ । |
| | | १.४.३ | प्राकृतिक स्रोत साधन, धार्मिक, साँस्कृतिक र पुरातात्विक महत्वका सम्पदाहरुको पहिचान, सर्वेक्षण, नक्शाकंन र अभिलेखीकरण विवरण अद्यावधिक गरिनेछ र प्रचलित कानून अनुसार परिचालन गरिनेछ । |
| उद्देश्य २: राजस्व प्रशासन थप सक्षम तथा करदातामैत्री बनाउनु । | | | |
| २.१ | वत्तीय व्यवस्थापन प्रणालीको सुदृढीकरण गर्ने । | २.१.१ | गाउँपालिकाको साँगठनिक ढाँचामा राजस्व शाखाको व्यवस्थापन र संस्थागत सुदृढीकरण गरिनेछ । |
| २.२ | स्रोत परिचालनका लागि गैसस, नीजि क्षेत्र, समुदाय, विकास साझेदार, प्रद्रेश र संघीय सरकारका निकायहरु सँग साझेदारी विकास गर्ने । | २.२.१ | निजी क्षेत्र, समुदायमा आधारित संस्था, गैसस, विकास साझेदार, प्रदेश तथा संघीय सरकारका निकायसँग समन्वय र साझेदारी गरी स्रोत परिचालन गरिनेछ । |
| | | २.२.२ | स्रोत परिचालनका लागि गैसस, विकास साझेदार, प्रदेश र संघीय संरकारका निकायसँग नियमित वैठक, छलफल र संचार गरिनेछ । |
| | | २.२.३ | नीजि क्षेत्रलाई कर परामर्श सेवा केन्द्र संचालन गर्न प्रोत्साहन गरिनेछ । |
| | | २.२.४ | करदाता र गाउँपालिका विच अन्तरक्रिया कार्यक्रम सञ्चालन र सुझाव संकलन गरिनेछ । |
| | | २.२.५ | करदाताबाट प्राप्त करलाई पारदर्शी ढंगले उपयोग गरिनेछ । |

**प्रमुख कार्यक्रम तथा आयोजना** (राजस्व परिचालन)

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | | |
| १ | १.१ | १.१.१ | आन्तरिक राजस्व व्यवस्थापन सम्बन्धी एकीकृत ऐन र कार्यविधि तयार | संख्या | १ | २ | ० | ५० | ० | ५० | ० | १०० | | |
| | | १.१.२ | आन्तरिक आयको संकलन, दाखिला तथा अभिलेखन | संख्या | १ | ५ | २५ | २५ | २५ | ३० | ३० | १३५ | | |
| | | १.१.३ | नियमित वैठक, तालिम तथा क्षमता राजस्व परार्मश | संख्या | १ | ५ | ३० | ३० | ३० | ३० | ३० | १५० | | |
| | | १.१.४ | छिमेकी स्थानीय तह, प्रदेश तथा संघीय सरकारका निकायसँग नियमित वैठक र छलफल | संख्या | १ | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | | |
| | | | करदाता शिक्षा कार्यक्रम | संख्या | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | |
| | | १.१.५ | करदातामैत्री राजस्व संकलन प्रणाली निर्माण अध्ययन | संख्या | ० | १ | ० | १२० | ० | ० | ० | १२० | | |
| | | | ठूला करदाता सम्मान | संख्या | ० | ५ | १० | १० | १० | १० | १० | ५० | | |
| | १.२ | १.२.१ | विद्युतीय बोलपत्रको दायरा विस्तार | संख्या | १ | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | | |
| | | १.२.२ | निर्धारित समय अगावै काम सम्पन्न गर्ने ठेकेदारलाई प्रोत्साहन | संख्या | ० | ५ | ३० | ३० | ३० | ३० | ३० | १५० | | |
| | १.३ | १.३.१ | राजस्व प्रशासन बारे जनप्रतिनिधि, कर्मचारी र करदाताको क्षमता विकास | संख्या | १ | ३ | ३० | ० | ३० | ० | ३० | ९० | | |
| | | १.३.२ | आन्तरिक राजस्व परिचालनको संभाव्यता अध्ययन, विश्लेषण प्रक्षेपण | संख्या | ० | २ | ५० | ० | ० | ० | ५० | १०० | | |
| | | १.३.३ | व्यवसाय दर्ता छुट (लक्षित समुदाय) तथा अनुदान | संख्या | १ | ५ | ६० | ६० | ६० | ६० | ६० | ३०० | | |
| | | १.३.४ | राजस्व सुधार कार्ययोजना निर्माण | संख्या | ० | २ | ५० | ० | ० | ५० | ० | १०० | | |

**प्रमुख कार्यक्रम तथा आयोजना** (राजस्व परिचालन)

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | | |
| | | १.३.५ | गाउँपालिकाको आयव्यय नियमित प्रकाशन प्रणाली निर्माण | संख्या | १ | ५ | १० | १० | १० | १० | १० | ५० | | |
| | | १.३.६ | सम्बन्धीत वडा कार्यालयबाट नै सम्पूर्ण कर, शुल्क र दस्तुर तिर्न कम्प्युटर सफ्टवयर तथा आवश्यक कर्मचारीको व्यवस्था | संख्या | ० | ६ | ० | ० | ० | ५०० | ० | ५०० | | |
| | | १.३.७ | करदाता शिक्षा कार्यक्रम | संख्या | ० | ० | ० | ० | ० | ० | ० | ० | | |
| | | १.३.८ | राजस्व प्रशासन शाखाको कर्मचारीहरूको क्षमता विकास | संख्या | १ | २ | ० | ४० | ० | ० | ४० | ८० | | |
| | १.४ | १.४.१ | सरकारी र सार्वजनिक सम्पत्ती ( जग्गा, भवन तथा अन्य भौतिक संरचना) अभिलेख | संख्या | ० | १ | ० | ० | १५० | ० | ० | १५० | | |
| | | १.४.२ | गाउँपालिकाको सम्पत्तीको भाडा लगाउने तथा नष्ट भएर जाने संरचना तथा भौतिक सामग्रीको लिलाम | संख्या | ० | १ | ० | ० | ० | ३० | ० | ३० | | |
| | | १.४.३ | प्राकृतिक स्रोत साधन, धार्मिक, साँस्कृतिक र पुरातात्विक महत्वका सम्पदाहरुको पहिचान, सर्वेक्षण, नक्शाकंन र अभिलेखीकरण विवरण अद्यावधिक | संख्या | १ | ४ | ८० | ० | १०० | १०० | १०० | ३८० | | |
| २ | २.१ | २.१.१ | संस्थागत सुदृढीकरण | संख्या | १ | ५ | ३० | ३० | ३० | ५० | ५० | १९० | | |
| | २.२ | २.२.१ | निजी क्षेत्र, समुदायमा आधारित संस्था, गैसस, विकास साझेदार, प्रदेश तथा संघीय सरकारका निकायसँग समन्वय र साझेदारी | संख्या | १ | ३ | १०० | ० | १०० | ० | १५० | ३५० | | |
| | | २.२.२ | स्रोत परिचालनका लागि गैसस, विकास साझेदार, प्रदेश र संघीय संरकारका निकायसँग नियमित बैठक, छलफल र संचार | संख्या | १ | २ | ० | १५० | ० | १०० | ० | २५० | | |

| **प्रमुख कार्यक्रम तथा आयोजना** (राजस्व परिचालन) | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
| | | | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | | |
| | | २.२.३ | नीजि क्षेत्रलाई कर परामर्श सेवा केन्द्र संचालन | संख्या | ० | १ | ० | १२० | ० | ० | ० | १२० | | |
| | | २.२.४ | करदाता र गाउँपालिका विच अन्तरक्रिया कार्यक्रम | संख्या | ० | ५ | २० | २० | २० | २० | २० | १०० | | |
| | | २.२.५ | ठूला करदाता सम्मान | संख्या | ० | ० | ० | ० | ० | ० | ० | ० | | |
| जम्मा | | | | - | १३ | ८५ | ७२५ | ८९५ | ७९५ | १२७० | ८१० | ४४९५ | | |

## ८.८.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | |
| **प्रभाव** | सवल, पारदर्शी र व्यवस्थित आन्तरिक आय निर्माण भएको हुने । | | | | | | | | | |
| **असर** | सार्वजनिक आय व्यय र खरिदलाई प्रभावकारी, व्यवस्थित र पारदर्शी बनाउने । | आन्तरिक राजस्वमा वृद्धि | प्रतिशत | ०.३ | ०.५ | १ | १.२ | १.५ | २.५ | २.५ |
| **प्रतिफल** | राजस्व परिचालन प्रभावकारी रूपमा भएको हुनेछ । | संघीय अनुदान | प्रतिशत | ८३.०१ | ८२ | ८१ | ८० | ७८ | ७० | ७० |
| | | राजस्व बाँडफाँट | प्रतिशत | २१.६२ | २२ | २२.१ | २२.२ | २२.५ | २३ | २३ |
| | | प्रदेश अनुदान | प्रतिशत | ६.३६ | ७ | ७.५ | ८ | ८.४ | ९ | ९ |
| | | जम्मा आयमा अनुदान र राजस्व बाँडफाइको हिस्सा | प्रतिशत | | | | | | | |
| | | आन्तरीक आय हिस्सा | प्रतिशत | ११.५३ | १२ | १३ | १५ | १८ | २० | २० |
| | | वैठक, तालिम तथा क्षमता राजस्व परार्मश | संख्या | ० | १ | ० | १ | ० | १ | ३ |
| | | सार्वजनिक आय व्यय प्रतिवेदन | भएको/नभएको | भएको | | | | | | |
| | | शिक्षीत करदाता | संख्या | ० | ५ | ५ | ५ | ५ | ५ | २५ |
| | | ठूला करदाता सम्मान | संख्या | ० | १ | ० | १ | ० | १ | ३ |
| | | राजस्व सुधार कार्ययोजना | संख्या | ० | १ | ० | ० | १ | ० | १ |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | |
| | | कर परामर्श सेवा केन्द्र | संख्या | ० | ० | ० | १ | ० | ० | १ |
| **पुष्टयाईको आधार** | | -गाउँपालिकाको वार्षिक प्रतिवेदन<br>-लेखा शाखा, राजस्व शाखा,<br>-लेखा परीक्षण प्रतिवेदन | | | | | | | | |
| **अनुमान तथा जोखिम पक्ष** | | -आन्तरिक राजस्व वृद्धि भएको हुने । | | | | | | | | |

# परिच्छेद ९ अन्तरसम्बन्धित विषय

## ९.१ गाउँपालिका सुरक्षा

### ९.१.१ पृष्ठभूमि

गरिबी, सामाजिक विसंगति र अपराध मनोविज्ञानका कारण समाजमा विविध किसिमका अपराधिक घटनाहरू घट्ने गर्दछन् । यस्ता घटनाहरू न्यूनीकरण गर्न शान्ति, सुरक्षा र अमन चयनको प्रबन्ध राज्यले मिलाउने दायित्व हुन आउँछ । त्यस्का लागि पालिकामा रहेका सुरक्षा निकायलाइ सहयोग गर्न र थप शसक्तिकरण गर्न पालिकाले विभिन्न कार्यक्रम बनाइ लागु गर्न आवश्यक छ । गाउँपालिकाले प्रहरी चौकी विस्तार गर्न, सुरक्षा गस्तीको प्रवन्ध गर्न र नगर तथा गाउँ प्रहरीको संख्या निर्धारण गरि उचित तालिमको प्रवन्ध गर्न जरुरि रहेको छ ।

नेपालको संविधानले नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात् गरेको छ । गरिबी, सामाजिक विसंगति र अपराध मनोविज्ञानका कारण समाजमा विविध किसिमका अपराधिक घटनाहरू घट्ने गर्दछन् । यस्ता घटनाहरू न्यूनीकरण गर्न शान्ति, सुरक्षा र अमन चयनको प्रबन्ध राज्यले मिलाउने दायित्व हुन आउँछ । वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक लगायत सबै प्रकारका विभेद र छुवाछुतको अन्त्य गरी आर्थिक समानता, संमृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरेको छ । प्रभावकारी सुरक्षा प्रबन्ध सुशासन र विकासको पूर्व शर्त हो । तमानखोला गउँपालिकामा शान्ति सुरक्षा र सुव्यवस्था कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको रक्षा गर्न, शान्तिपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न, पूर्वाधार निर्माण र आर्थिक विकासकालागि समेत् प्रभावकारी सुरक्षा व्यवस्था गर्न आवश्यक छ । त्यस्का लागि पालिकामा रहेका सुरक्षा निकायलाइ सहयोग गर्न र थप शसक्तिकरण गर्न पालिकाले विभिन्न कार्यक्रम बनाइ लागु गर्न आवश्यक छ । पालिकाले प्रहरी चौकि विस्तार गर्न, सुरक्षा गस्तीको प्रवन्ध गर्न र नगर तथा गाउँ प्रहरीको संख्या निर्धारण गरि उचित तालिमको प्रवन्ध गर्न जरुरि रहेको छ ।

### ९.१.२ समस्या तथा चुनौती

| | समस्याहरु | चुनौती तथा जोखिमहरू |
|---|---|---|
| **गउँपालिका सुरक्षा** | • मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गर्नुपर्ने कुरामा नागरिक र राज्यका सबै निकायमा सचेतना अभिवृद्धि भए तापनि मानव अधिकार सम्बन्धी संस्थागत र नीतिगत स्पष्ट व्यवस्था नहुनु,<br>• पूर्वाधार एवम् सेवा सुविधाको सबैको ठ्ठाउँमा पहुँच नहुनु, | • भेदभाव, छुवाछुत, बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा जस्ता कुप्रथा, आर्थिक, शैक्षिक तथा सामाजिक पछौटेपन, जस्ता कुराहरू विद्यमान रहनु ,<br>• मानव अधिकारमैत्री तथा सामाजिक न्याय सहितको सामाजिक एवम् आर्थिक विकास निर्माण क्रियाकलाप सञ्चालन, |

### ९.१.३ सम्भावना तथा अवसर

| | सबल पक्षहरू | सम्भावना र अवसरहरू |
|---|---|---|
| **गउँपालिका सुरक्षा** | • नेपाल सरकारका क्षेत्रगत कार्यक्रमहरूमा मानव अधिकारलाई प्राथमिकतामा राख्नु,<br>• मानव अधिकारको संरक्षण तथा प्रवर्द्धनको लागि नेपाललेजनाएका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू,<br>• नेपाल मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्ष राष्ट्र बन्नु,<br>• मानव अधिकारसम्बन्धी जनचेतना बढाउनु,<br>• नेपालकोसंविधानमा व्यवस्था गरिएका नागरिकका विभिन्न मौलिक हकहरू मानव अधिकारकोसंरक्षण तथा संवर्द्धन, | • संविधान एवम् कानुनद्वारा संरक्षित मानव अधिकारको कार्यान्वयनको अनुगमन,<br>• मानव अधिकार उल्लङ्घनमा अनुसन्धान गर्ने लगायतका कार्य गर्ने स्वतन्त्र र सक्षम संवैधानिक आयोगको व्यवस्था तथा न्याय सम्पादनका लागि स्वतन्त्र न्यायालयको व्यवस्था, |

## ९.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**सोच**

शान्तिपूर्ण र सुरक्षित तमानखोला

**लक्ष्य**

भरपर्दो शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्ने ।

**उद्देश्यहरु**

**१.** शान्ति, सुव्यवस्था र अमनचयन कायम गरी नागरिकको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु ।

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| उद्देश्य १: शान्ति, सुव्यवस्था र अमनचयन कायम गरी नागरिकको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु । | | | |
| १.१ | सुरक्षा पूर्वाधारको विकास गर्ने । | १.१.१. | सुरक्षाका लागि प्रहरी चौकि स्थापना गर्नुपर्ने आवश्यकता भएका स्थानहरूको अध्ययन गरी सुरक्षा निकायसँग समन्वय गरिने छ । |
| | | १.१.२. | सुरक्षा गस्तीलाई आवश्यकता अनुरुप नियमित र अपराध संवेदनशील क्षेत्रमा सघन बनाइने छ । |
| | | १.१.३. | मदिरापान, भिडभाड, होहल्ला झै झगडा हुने क्षेत्रमा सुरक्षा सर्तकता वृद्धि गरी सुरक्षा योजना निर्माण गरिने छ । |
| | | १.१.४ | विशेष उद्धार टोली निर्माण गरी तयारी अवस्थामा राखिनेछ । |
| | | १.१.५ | व्यक्तिगत सुरक्षा र सूचना दिन प्रोत्साहन गर्ने हिसाबले विद्यार्थीसँग प्रहरी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ । |
| | | १.१.६ | प्राकृतिक विपद् बाट हुने अति संवेदनशील एवम् महत्वपूर्ण भौतिक पूर्वाधारको विशेष सुरक्षा प्रबन्ध गरिनेछ । |
| | | १.१.७ | अपराध नियन्त्रण तथा सम्भावित अपराधिक क्रियाकलाप न्यूनीकरण गर्न समुदायसँग प्रहरी विशेष अभियान अन्तर्गत व्यापक जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । |
| १.२ | गाउँपालिकाभित्र शान्ति सुरक्षा, सुव्यवस्था सुव्यवस्था कायम गर्ने । | १.२.१ | गाउँपालिका भित्र शान्ति, सुव्यवस्था र अमनचयन कायम गर्न बजार क्षेत्र, विद्यालय, स्वास्थ्य संस्था, सरकारी कार्यालय तथा सार्वजनिक स्थलहरुमा सि.सि.टि.भि सहितको एकीकृत सुरक्षा प्रणाली जडान गरिनेछ । |
| | | १.२.२. | अपराध हुनु अगावै सूचना प्राप्त गर्न सक्ने गुप्तचर सेवालाई प्रभावकारी बनाउन तालिम र कार्ययोजना निर्माण गरिने छ । |
| | | १.२.३ | शान्ति सुरक्षा स्थापनामा विधिको शासनलाई प्राथमिकतामा राखी काम गर्ने सूचना सम्प्रेषण प्रणालीलाई केन्द्रीय सञ्जालमा आवद्ध गरी सुरक्षा प्रणालीलाई प्रविधिमैत्री बनाई आधुनिकीकरण गरिनेछ । |
| | | १.२.४. | सुरक्षा सम्बन्धी सूचना सङ्कलन तथा जोखिम विश्लेषण र सुरक्षा निकायहरूबीच सूचना आदानप्रदान गरी समन्वय र सहकार्यमा जोड दिइनेछ। |
| | | १.२.५ | शान्ति सुरक्षा कायम राख्न बल प्रयोग गर्दा मानव अधिकारको मूल्य र मान्यतालाई अवलम्बन गरिनेछ । |
| | | १.२.६ | लागु औषधको अवैध उत्पादन, ओसारपसार, विक्री वितरण र उपभोगलाई कडाइका साथ नियन्त्रण गरिनेछ । |
| १.३ | गाउँपालिकाको गाउँ प्रहरी स्थापना गर्ने । | १.३.१ | सुरक्षा नीति तथा कानुन तर्जुमा गरी गाउँ प्रहरी स्थापना तथा व्यवस्थापन गरिनेछ । |
| | | १.३.२ | आन्तरिक सुरक्षालाई प्रभावकारी बनाउन गाउँपालिकाको आफ्नै गाउँ प्रहरी स्थापना गरिनेछ । |
| | | १.३.३ | गाउँ प्रहरी सञ्चालनका लागि आवश्यक पूर्वाधारको विकास गरिनेछ । |
| | | १.३.४ | आवश्यकताको अनुरूप गाउँ प्रहरी छनोट तथा नियुक्ति गरी गाउँ प्रहरी सञ्चालन गरिनेछ । |

**प्रमुख कार्यक्रम तथा आयोजना** (गाउँपालिका सुरक्षा)

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १.१ | १.१.१ | प्रहरी चौकी स्थापना | संख्या | १ | ३ | ० | ५०० | ० | ५०० | ५०० | १५०० | गा. पा. | |
| | | १.१.२ | सुरक्षा गस्तीलाई आवश्यकता अनुरुप नियमित | संख्या | ० | ५ | ४० | ४० | ४० | ४० | ४० | २०० | गा. पा. | |
| | | १.१.३ | मदिरापान, भिडभाड, होहल्ला झै झगडा हुने क्षेत्रमा सुरक्षा सर्तकता वृद्धि | संख्या | १ | ५ | ६० | ६० | ६० | ६० | ६० | ३०० | गा. पा. | |
| | | १.१.४ | विशेष उद्धार टोली | संख्या | ० | २ | ० | ६० | ० | ६० | ० | १२० | गा. पा. | |
| | | १.१.५ | विद्यार्थीसँग प्रहरी जनचेतनामूलक कार्यक्रम | संख्या | ० | ३ | ३० | ० | ३० | ० | ५० | ११० | गा. पा. | |
| | | १.१.६ | संवेदनशील एवम् महत्वपूर्ण भौतिक पूर्वाधारको विशेष सुरक्षा प्रबन्ध | संख्या | ० | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | गा. पा. | |
| | | १.१.७ | समुदायसँग प्रहरी विशेष अभियान अन्तर्गत व्यापक जनचेतनामूलक कार्यक्रम | संख्या | ० | ३ | ० | ६० | ० | ६० | ० | १२० | गा. पा. | |
| | १.२ | १.२.१ | सि.सि.टि.भि सहितको एकीकृत सुरक्षा प्रणाली जडान | संख्या | ० | १ | ० | २५० | ० | ० | ३०० | ५५० | गा. पा. | |
| | | १.२.२ | गुप्तचर सेवालाई प्रभावकारी बनाउन तालिम र कार्ययोजना निर्माण | संख्या | ० | १ | ० | ० | ३० | ० | ० | ३० | गा. पा. | |
| | | १.२.३ | सूचना सम्प्रेषण प्रणालीलाई केन्द्रीय सञ्जालमा आवद्ध गरी सुरक्षा प्रणालीलाई प्रविधिमैत्री तथा आधुनिकीकरण | संख्या | ० | २ | १५० | ० | ० | १५० | ० | ३०० | गा. पा. | |
| | | १.२.४ | सुरक्षा सम्बन्धी सूचना सङ्कलन तथा जोखिम विश्लेषण र सुरक्षा निकायहरूबीच सूचना आदानप्रदान | संख्या | ० | ३ | १०० | ० | १०० | ० | १०० | ३०० | गा. पा. | |
| | | १.२.५ | मानव अधिकारको मूल्य र मान्यतालाई अवलम्बन | संख्या | ० | १ | ० | ५० | ० | ० | ० | ५० | गा. पा. | |

| **प्रमुख कार्यक्रम तथा आयोजना** (गाउँपालिका सुरक्षा) | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
| | | | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | | |
| | | १.२.६ | लागु औषधको अवैध उत्पादन, ओसारपसार, विक्री वितरण र उपभोग नियन्त्रण | संख्या | १ | ५ | ६० | ६० | ६० | ६० | ६० | ३०० | गा. पा. | |
| | १.३ | १.३.१ | गाउँ प्रहरी नीति तथा कानुन तर्जुमा | संख्या | ० | १ | ४० | ० | ० | ० | ० | ४० | गा. पा. | |
| | | १.३.२ | गाउँ प्रहरी स्थापना | संख्या | ० | १ | ० | २०० | ० | ० | २०० | ४०० | गा. पा. | |
| | | १.३.३ | गाउँ प्रहरी सञ्चालनका लागि आवश्यक पूर्वाधारको विकास | संख्या | ० | १ | ० | ५०० | ० | ० | ५०० | १००० | गा. पा. | |
| | | १.३.४ | गाउँ प्रहरी छनोट तथा नियुक्ति तथा आवस्यक तालिम | संख्या | ० | ६ | ० | ५० | ० | ० | ५० | १०० | गा. पा. | |
| जम्मा | | | | - | ३ | ४८ | ५३० | १८८० | ३७० | ९८० | १९१० | ५६७० | | |

## ९.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | |
| **प्रभाव** | शान्ति सु-व्यवस्था कायम भएको हुने । | | | | | | | | | |
| **असर** | शान्ति, सु-व्यवस्था र अमनचयन कायम गरी नागरिकको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु । | अपराधिक गतिविधि नियन्त्रण | भएको/नभएको | नभएको | भएको | भएको | भएको | भएको | भएको | भएको |
| **प्रतिफल** | गाउँपालिकाभित्र शान्ति सुरक्षा, सुव्यवस्था सुव्यवस्था कायम भएको हुनेछ । | प्रहरी चौकी | संख्या | १ | ० | १ | ० | १ | १ | ३ |
| | | विशेष उद्धार टोली | संख्या | ० | १ | ० | ० | ० | ० | १ |
| | | सि.सि.टि.भि सहितको एकीकृत सुरक्षा प्रणाली | संख्या | ० | ० | १ | ० | ० | ० | १ |
| | | गाउँ प्रहरी नीति तथा कानुन | संख्या | ० | १ | ० | ० | ० | ० | १ |
| | | गाउँ प्रहरी | संख्या | ० | ३ | ० | ० | ० | ३ | ६ |
| **पुष्ट्याईको आधार** | | -गाउँपालिकाको वार्षिक प्रतिवेदन<br>-सरक्षा निकाय | | | | | | | | |
| **अनुमान तथा जोखिम पक्ष** | | -भरपर्दो शान्ति सुरक्षा र सुव्यवस्था कायम भएको हुने । | | | | | | | | |

## ९.२ मानव अधिकार

### ९.२.१ पृष्ठभूमि

नेपालको संविधानले नागरिकका आधारभूत मानव अधिकारलाई मौलिक हकका रूपमा प्रत्याभूति गरेको छ । संयुक्त राष्ट्रसङ्घको स्थापना भएपछि मानव अधिकारको स्थापना, सम्मान, संरक्षण र प्रवर्द्धनमा अन्तर्राष्ट्रिय प्रयासको थालनी भएको हो । मानव अधिकारलाई शान्ति र विकासको मूल आधारका रूपमा स्वीकार गर्दै संयुक्त राष्ट्र सङ्घको महासभाले १० डिसेम्बर १९४८ मा मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी गरेको थियो, जसमा पहिलो पटक मानवका जन्मसिद्ध एवम्नैसर्गिक अधिकारहरूलाई मानव अधिकारका रूपमा परिभाषित गरिएको थियो । नेपाल संयुक्त राष्ट्र संघको बडापत्र तथा मानव अधिकार सम्बन्धी विभिन्न महत्वपूर्ण अन्तर्राष्ट्रिय महासन्धिको पक्ष राष्ट्र भइसकेको छ । नेपालले जनाएको मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयन गर्नकालागि संवैधानिक, कानुनी, नीतिगत एवम् संस्थागत संरचनाको व्यवस्था गर्दै आएको छ । आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका वर्ग र समुदायलाई समानुपातिक र समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ भनी संविधानमा नै सामाजिक न्यायको हकको व्यवस्था गरिएको छ। मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धनकालागि संघीय तहमा विद्यमान स्थायी संरचना एवम् संस्थाहरूलाई प्रदेश तथा स्थानीय तहमा पनि विकास गर्नुपर्ने छ । अन्तर तहबीच समन्वय तथा सहकार्य मार्फत मानव अधिकार तथा सामाजिक न्याय सम्बन्धी जनचेतनामूलक कार्यक्रमलाई विकासका मुद्दासँग संरचनागत एवम् कार्यात्मक रूपमा जोड्दै लानु आवश्यक छ ।

### ९.२.२ समस्या तथा चुनौती

| | समस्याहरु | चुनौती तथा जोखिमहरू |
|---|---|---|
| **मानव अधिकार** | ♦ छिटफुट रुपमा चोरी, झैझगडा, डकैती, हत्या, घरेलु हिंसा तथा बलात्कारका घटना हुने गरेका ।<br>♦ भइरहेको प्रहरी सङ्गठनकोलागि पुर्वाधार तथा स्रोत साधन सिमित भएको, | ♦ संवैधानिक व्यवस्था अनुसार शान्ति सुरक्षाकोलागि स्थानीय तहले सम्पादन गर्ने कार्यको सञ्चालन,<br>♦ सुरक्षा निकायको उपस्थिति सबै वडामा पुऱ्याउने कार्य चुनौतीपूर्ण ,<br>♦ सुरक्षा निकायहरूको आधुनिकीकरण गर्नु ।<br>♦ पर्याप्त स्रोत साधनको व्यवस्था गर्नु ।<br>♦ अपराधलाई लोकलाज अथवा डर त्रासका कारण लुकाई अपराधीलाई थप प्रोत्साहित हुने सम्भावना रहेको,<br>♦ लागुऔषध तथा मदिरा सेवन नियन्त्रण चुनौतीपूर्ण,<br>♦ कुनै पनि बेला हुन सक्ने दुर्घटनाको तत्काल सम्बोधन गर्न |

### ८.२.३ सम्भावना तथा अवसर

| | सबल पक्षहरू | सम्भावना र अवसरहरू |
|---|---|---|
| **मानव अधिकार** | ♦ सुरक्षा निकायका संरचना पालिकास्तरमा विस्तार हुनु<br>♦ बोङ्गादोभानमा प्रहरी चौकि रहेको<br>♦ तमानखोला गाउँपालिका प्रहरी गठन प्रकृया सुरुवात<br>♦ गाउँपालिका भित्र शान्ति सुरक्षा कायम गर्न स्थानियवासी सचेत रहेका,<br>♦ गाउँपालिकावासी एक-आपसमा मेलमिलाप युक्त वातावरणमा बसोवास गरिरहेका, | ♦ सुरक्षा निकायका संरचना पालिकास्तरमा विस्तार गर्न सकिने,<br>♦ घटना वा दुर्घटनाका बेला उद्दार सामाग्रीको पर्याप्त आपूर्ति गर्न सकिने ।<br>♦ अमनचयन तथा शान्ति सुरक्षाको अवस्थालाई जुझारु राख्न उपयुक्त कदमहरू चाल्न सकिने । |

### ९.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**सोच**

विभेदहरू अन्त्य गरी समावेशी र समतामूलक समाजको निर्माण

**लक्ष्य**

मानव अधिकारसम्बन्धी संस्थाहरूबीच समन्वय, सहकार्य र सहभागिता बढाई मानव अधिकार संस्कृतिको विकास गर्ने ।

**उद्देश्यहरु**

**१.** मानव अधिकारमैत्री समाज र शासन पद्धतिको विकास एवम् विस्तार गर्नु ।

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| उद्देश्य १: मानव अधिकारमैत्री समाज र शासन पद्धतिको विकास एवम् विस्तार गर्नु । | | | |
| १.१ | मानव अधिकार उल्लङ्घनका घटनाको अनुसन्धान तथा मानव अधिकार अवस्थाको अनुगमन गर्ने । | १.१.१. | मानव अधिकार अवस्थाको नियमित रूपमा अनुगमन गरिनेछ । |
| | | १.१.२. | विपन्न, सीमान्तकृत एवम् पिछडिएका वर्गका अधिकार सुनिश्चित गरिनेछ । |
| | | १.१.३. | मानव अधिकारका क्षेत्रमा कार्यरत स्थानीय संस्थाहरूलाई सुदृढ गर्दै मानव अधिकारको संरक्षण तथा संवर्द्धनमा टेवा पुर्‍याइनेछ । |
| | | १.१.४ | न्यायमा पहुँच सुनिश्चित गर्न संघसँगको समन्वयमा निःशुल्क कानुनी सहायता सम्बन्धी नीतिगत, कानुनी एवम्संस्थागत व्यवस्था गरिने छ । |
| | | १.१.५ | मानव अधिकार उल्लङ्घनको घटनाका पीडकलाई कारबाही र पीडितलाई उचित क्षतिपूर्ति तथा परिपूरणको व्यवस्था गरिने छ । |
| १.२ | समाजमा विद्यमान सबै प्रकारका भेदभाव, छुवाछुत, हिंसा तथा कुप्रथाको अन्त्य गर्ने । | १.२.१ | जोखिममा रहेका विपन्न, सीमान्तकृत एवम् उत्पीडित वर्गका अधिकार संरक्षण गरिनेछ । |
| | | १.२.२. | समाजमा विद्यमान भेदभाव र छुवाछुत विरूद्ध जनचेतनामूलक थप कार्यक्रम सञ्चालन गरिनेछ । |

**प्रमुख कार्यक्रम तथा आयोजना** (मानव अधिकार)

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | | |
| १ | १.१ | १.१.१ | मानव अधिकार अवस्थाको नियमित रूपमा अनुगमन | संख्या | ० | ५ | २० | २० | २० | २० | २० | १०० | | |
| | | १.१.२ | सामुदायिक शसक्तिकरण व्यवस्थापन | संख्या | ० | ५ | ३० | ३० | ३० | ३० | ३० | १५० | | |
| | | १.१.३ | मानव अधिकारको संरक्षण, संवर्द्धन र प्रवर्द्धनमा जवाफदेहिता अभिवृद्धि | संख्या | ० | ५ | ३० | ३० | ३० | ३० | ३० | १५० | | |
| | | १.१.४ | मानव अधिकार तथा कानुनी साक्षरता कार्यक्रम | संख्या | ० | ३ | ५० | ० | ५० | ० | ५० | १५० | | |
| | | | पीडित महिला र बालबालिकालाई आर्थिक तथा कानुनी सहायता | संख्या | ० | ५ | ६० | ६० | ६० | ६० | ६० | ३०० | | |
| | | | न्यायिक समितिको क्षमता विकास, र मध्यस्तता केन्द्रको सुदृढिकरण | संख्या | ० | ३ | ४० | ० | ४० | ० | ४० | १२० | | |
| | | १.१.५ | न्याय निरूपण सम्बन्धमा सामुदायिक स्तरमा अभिमुखीकरण कार्यक्रम | संख्या | ० | ५ | ३० | ३० | ३० | ३० | ३० | १५० | | |
| | १.२ | १.२.१ | जोखिममा रहेका विपन्न, सीमान्तकृत एवम् उत्पीडित वर्गका अधिकार संरक्षण | संख्या | १ | ५ | ६० | ६० | ६० | ६० | ६० | ३०० | | |
| | | १.२.२ | समाजमा विद्यमान भेदभाव र छुवाछुत विरूद्ध जनचेतनामूलक थप कार्यक्रम सञ्चालन | संख्या | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | |
| जम्मा | | | | - | २ | ४१ | ४२० | ३३० | ४२० | ३३० | ४२० | १९२० | | |

## ९.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

<table>
<tr><th rowspan="2">नतिजा तह</th><th rowspan="2">नतिजा</th><th rowspan="2">सूचक</th><th rowspan="2">एकाइ</th><th rowspan="2">आधार वर्ष</th><th colspan="5">आर्थिक वर्ष : लक्ष्य परिमाण</th><th rowspan="2">जम्मा</th></tr>
<tr><th>आ.ब. २०८२/०८३</th><th>आ.ब. २०८३/०८४</th><th>आ.ब. २०८४/०८५</th><th>आ.ब. २०८५/०८६</th><th>आ.ब. २०८६/०८७</th></tr>
<tr><td>प्रभाव</td><td colspan="10">समावेशी र समतामूलक सहितको मानव अधिकार संस्कृतिको विकास भएको हुने ।</td></tr>
<tr><td rowspan="2">असर</td><td rowspan="2">मानव अधिकारमैत्री समाज र शासन पद्धतिको विकास एवं विस्तार हुने ।</td><td>दर्ता भएका लैङ्गिक हिंसा लगायतका अपराधका घटना र अनुसन्धानको अनुपात</td><td>प्रतिशत</td><td>१००</td><td>१००</td><td>१००</td><td>१००</td><td>१००</td><td>१००</td><td>१००</td></tr>
<tr><td>हराएका बालबालिकामा फेला पार्न नसिकएकाको अनुपात</td><td>प्रतिशत</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td rowspan="4">प्रतिफल</td><td rowspan="4">समाजमा विद्यमान सबै प्रकारका भेदभाव, छुवाछुत, हिंसा तथा कुप्रथाको अन्त्य भइ मानव अधिकार अवस्था सवल हुनेछ ।</td><td>मेलमिलाप समितिबाट छिनोफानो भएको घटना</td><td>प्रतिशत</td><td>९३</td><td>९५</td><td>९७</td><td>९९</td><td>१००</td><td>१००</td><td>१००</td></tr>
<tr><td>न्याय सम्पादनको अभिलेख</td><td>संख्या</td><td>१</td><td>१</td><td>१</td><td>१</td><td>१</td><td>१</td><td>५</td></tr>
<tr><td>मानव अधिकार कानुनी साक्षरता कार्यक्रम</td><td>संख्या</td><td>०</td><td>१</td><td>१</td><td>१</td><td>१</td><td>१</td><td>५</td></tr>
<tr><td>मानव अधिकार सम्बन्धी नीति तथा कार्ययोजना तर्जुमा</td><td>संख्या</td><td>०</td><td>०</td><td>१</td><td>०</td><td>०</td><td>०</td><td>१</td></tr>
<tr><td colspan="2">पुष्टयाईको आधार</td><td colspan="9">-गाउँपालिकाको वार्षिक प्रतिवेदन<br>-सरक्षा निकाय,<br>-प्रशासन शाखा,<br>-न्यायिक प्रतिवेदन</td></tr>
<tr><td colspan="2">अनुमान तथा जोखिम पक्ष</td><td colspan="9">-मानव अधिकारमैत्री समाज र शासन पद्धतिको विकास एवम् विस्तार भएको हुने ।</td></tr>
</table>

## ९.३ संघीय शासन प्रणाली

### ९.३.१ पृष्ठभूमि

नेपालको संविधानले सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई संघीय शासन पद्धतिको मूल आधार मानेको छ । सोही मर्मलाई आत्मसात् गर्दै संविधानले निर्धारण गरेको क्षेत्राधिकारको अभ्यासबाट सुशासनमैत्री र समृद्ध तमानखोला निर्माण गर्न आवश्यक छ । विभिन्न जात, जाति, वर्ग, क्षेत्र, लिङ्ग र समुदायका नागरिकहरूको स्वामित्व, सहभागिता र पहुँच अभिवृद्धि गर्दै विविधताको व्यवस्थापनका माध्यमबाट राष्ट्र निर्माण गर्ने उद्देश्यका साथ संघीय शासन प्रणाली लागु भएको छ ।

### ९.३.२ समस्या तथा चुनौती

| | समस्याहरु | चुनौती तथा जोखिमहरू |
|---|---|---|
| **संघीय शासन प्रणाली** | • संघीयता कार्यान्वयनको स्पष्ट मार्गचित्र तयार भइनसक्नु,<br>• नितान्त नवीन स्थानीय संरचना हुनु,<br>• संघ, प्रदेश र स्थानीय तहका सरकार बीच अन्तरसम्बन्ध परिभाषित भए तापनि कार्यान्वयनमा प्रष्टता नभएको, | • पर्याप्त संस्थागत संरचना तथा भौतिक पूर्वाधारको व्यवस्था गर्नु,<br>• कर्मचारी व्यवस्थापन गर्नु,<br>• प्रशासनिक संरचना र आवश्यक आधारभूत कानुनहरूको उपलब्धता, |

### ९.३.३ सम्भावना तथा अवसर

| | सबल पक्षहरू | सम्भावना र अवसरहरू |
|---|---|---|
| **संघीय शासन प्रणाली** | • संघीयता कार्यान्वयनकालागि सहयोगी वातावरण,<br>• सकारात्मक नागरिक सोच,<br>• सबैका बीचमा समन्वय स्थापित गरी संविधानले तोकेका अधिकारको अभ्यास, | • संघीयताको मूल्य र मान्यतालाई आत्मसात गर्नु,<br>• सबैका बीचमा समन्वय स्थापित गरी संविधानले तोकेका अधिकारको अभ्यास गर्नु, |

### ९.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**सोच**

सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित समावेशी संघीय शासन प्रणालीको अभ्यास

**लक्ष्य**

सबै नागरिकको समान पहुँच र अवसरसहित घरदैलोमै प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता गर्ने ।

**उद्देश्यहरु**

१. संघीय शासन प्रणालीबाट प्राप्त हुने लाभको समन्यायिक वितरण गर्दै छिटो छरितो सेवा प्रवाह हुने वातावरण सिर्जना गर्नु ।

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| उद्देश्य १: संघीय शासन प्रणालीबाट प्राप्त हुने लाभको समन्यायिक वितरण गर्दै छिटो छरितो सेवा प्रवाह हुने वातावरण सिर्जना गर्नु । | | | |
| १.१ | संघीय शासन प्रणाली संस्थागत तथा समावेशी तथा समन्यायिक वातावरण सिर्जना गर्नु । | १.१.१. | संघीयता कार्यान्वयन सम्बन्धी जनचेतना वृद्धि तालिम, गोष्ठी, सेमिनार आयोजना गरिनेछ । |
| | | १.१.२. | संघ तथा प्रदेश सरकारसँगको समन्वयलाई व्यवस्थित बनाई निरन्तर संवादको आधार तयार पार्ने माथिल्ला तहका सरकार तथा सरकारी कार्यालयसँग दोहोरो संवादको प्रक्रियालाई व्यवस्थित गरिनेछ । |
| | | १.१.३. | योजना तर्जुमा तथा बजेट विनियोजन गर्दा माथिल्ला तहका सरकार तथा सरकारी कार्यालयको परामर्श लिने पद्धतिको थप प्रभावकारी बनाईनेछ । |

**प्रमुख कार्यक्रम तथा आयोजना** (संघीय शासन प्रणाली)

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) | | | | | | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | | |
| १ | १.१ | १.१.१ | संघीयता कार्यान्वयन सम्बन्धी जनचेतना वृद्धि तालिम, गोष्ठी, सेमिनार आयोजना | संख्या | ० | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | | |
| | | १.१.२ | स्थानीय राजनीतिक नेतृत्व, जनप्रतिनिधि तथा कर्मचारीको लागि क्षमता विकासका लागि तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन | संख्या | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | | |
| | | १.१.३ | योजना तर्जुमा तथा बजेट विनियोजन गर्दा माथिल्ला तहका सरकार तथा सरकारी कार्यालयको परामर्श | संख्या | १ | ५ | १२० | १२० | १२० | १२० | १२० | ६०० | | |
| जम्मा | | | | - | १ | १५ | २७० | २७० | २७० | २७० | २७० | १३५० | | |

## ९.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | |
| प्रभाव | समावेशी संघीय शासन प्रणालीको अभ्यास भएको हुने । | | | | | | | | | |
| असर | विकट क्षेत्र तथा वर्ग विकासको मूलधारमा समाहित भएका हुने । | प्रति व्यक्ति बार्षिक बजेट लगानी | रू | ९७८२.६० | १८४६३ | २५९८५ | २५०२४ | २१९५५ | १६७२२ | १,०९,०९३ |
| प्रतिफल | संघीयता कार्यान्वयनकालागि सहयोगी वातावरण हुने । | जनचेतना वृद्धि तालिम, गोष्ठी, सेमिनार | संख्या | २ | १ | १ | १ | १ | १ | ५ |
| | | योजना तर्जुमा तथा बजेट विनियोजन गर्दा माथिल्ला तहका सरकार तथा सरकारी कार्यालयको परामर्श | संख्या | १ | १ | १ | १ | १ | १ | ५ |
| पुष्टयाईको आधार | | गाउँपालिकाको वार्षिक प्रतिवेदन | | | | | | | | |
| अनुमान तथा जोखिम पक्ष | | छिटो छरितो सेवा प्रवाह हुने वातावरण सिर्जना भएको हुने । | | | | | | | | |

## ९.४ स्थानीय तहको सन्तुलित विकास

### ९.४.१ पृष्ठभूमि

संघ, प्रदेश र स्थानीय तह बीच प्राकृतिक स्रोतसाधन प्रतिको अधिकार र उपलब्ध स्रोत साधनको बाँडफाँट गर्दा विभिन्न तहहरूको सन्तुलित विकासको अवधारणालाई आत्मसात गरी उपलब्ध स्रोतसाधन र अवसरमा पहुँच सहित समन्यायिक विकास गर्नुपर्ने अवधारणा रहेको छ । लामो समयदेखि विकास निर्माणमा पछाडि परेका वर्ग, समुदाय र क्षेत्रलाई विकासको मूल धारमा ल्याई समान रूपमा विकासको प्रतिफल उपलब्ध गराउने संघीयताको मूल ध्येय रहेको छ । संविधानले यही अन्तरवस्तुलाई आत्मसात गर्दै विकासका दृष्टिले पछाडि परेका क्षेत्र र वर्गलाई प्राथमिकता दिदै सन्तुलित, वातावरण अनुकूल, गुणस्तरीय तथा दिगो रूपमा पूर्वाधारको विकास गर्ने नीति लिएको छ ।

### ९.४.२ समस्या तथा चुनौती

| | समस्याहरु | चुनौती तथा जोखिमहरू |
|---|---|---|
| **स्थानीय तहको सन्तुलित विकास** | • भौगोलिक विकटताले गर्दा विकासको मूल प्रवाहमा समाहित हुन नसक्नु , | • ग्रामिण प्रकृतिका वडाहरूमा थप पूर्वाधार विकासका लागि आवश्यक पर्ने स्रोत साधनको व्यवस्था भई नसकेका,<br>• भौगोलिक कठिनाइ र विकटताको कारण पूर्वाधार निर्माणमा कठिनाइ हुनु,<br>• जनसहभागिता, पारदर्शिता र उत्तरदायित्व प्रवर्द्धन गरी सुशासन प्रवर्द्धन गर्नु,<br>• सङ्घीयता कार्यान्वयन तथा दीर्घकालीन विकासका नियमित कार्यक्रम/ आयोजनाका बीच सामञ्जस्य कायम गरी स्रोत साधनको सन्तुलित संयोजन कायम भै नसकेको अवस्थामा जनसहभागिता, पारदर्शीता र उत्तरदायित्व र दवाफदेहीता प्रवर्द्धन गर्नु । |

### ९.४.३ सम्भावना तथा अवसर

| | सबल पक्षहरू | सम्भावना र अवसरहरू |
|---|---|---|
| **स्थानीय तहको सन्तुलित विकास** | • पिछडिएको क्षेत्र र वर्गलाई विशेष प्राथमिकता दिने नीतिगत व्यवस्था हुनु,<br>• जनताको प्रत्यक्ष सहभागितामा स्थानीय योजना तर्जुमा हुनु,<br>• विकास कार्यक्रमको मागमा अत्यधिक वृद्धि हुनु । | • गरिबी निवारण तथा रोजगारीका लागि विशेष कार्यक्रम सहित संस्थागत व्यवस्था, |

### ९.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**सोच**

सन्तुलित विकासमा व्यवहारिक योजना तर्जुमा तथा कार्यान्वयन

**लक्ष्य**

सन्तुलित विकासका माध्यमबाट जनताको जीवन स्तरमा सुधार गर्ने ।

**उद्देश्यहरु**

१. विकट र पिछडिएका वडा तथा वस्तीमा समन्यायिक विकास गर्नु ।

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| उद्देश्य १: विकट र पिछडिएका वडा तथा वस्तीमा समन्यायिक विकास गर्नु । | | | |
| १.१ | स्थानीय स्तरमा उपलब्ध स्रोत साधनको सम्भाव्यताका आधारमा लगानी वृद्धि गरी सन्तुलित विकास गर्ने । | १.१.१. | प्राकृतिक एवम् मानवीय सम्पदाहरूको पहिचान गरी बढी प्रतिफल दिने आयोजना र कार्यक्रमलाई उच्च प्राथमिकता दिने र पिछडिएका क्षेत्रमा कार्यान्वयन गर्ने व्यवस्था गरिने छ । |
| | | १.१.२. | कृषि तथा गैरकृषि क्षेत्रको पहिचान गरी त्यस्ता क्षेत्रमा निजी लगानीलाई प्रोत्साहित गरिने छ । |
| | | १.१.३. | स्थानीय मौलिक संस्कृति र पर्यटकीय स्थलको प्रचारप्रसार गरी पर्यटन प्रवर्द्धन गरिने छ । |
| | | १.१.४ | स्थानीय स्रोत साधनमा आधारित आर्थिक क्रियाकलापद्वारा उद्यमशीलता र रोजगारी सिर्जना गरिने छ । |
| १.२ | जनतालाई दैनिक आवश्यकताका वस्तु तथा सेवाको पहुँच सहज बनाउने । | १.२.१ | पछाडि परेका क्षेत्र, सीमान्तकृत व्यक्ति, वर्ग र समुदायको उत्थान तथा संरक्षणको लागि विशेष कार्यक्रम सञ्चालन गरिने छ । |
| | | १.२.२ | उपभोग्य वस्तुको पहुँच सबै क्षेत्र र वर्गका जनतामा पुऱ्याउने व्यवस्था गरिने छ । |

**प्रमुख कार्यक्रम तथा आयोजना** (स्थानीय तहको सन्तुलित विकास)

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रु. हजारमा) आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | जिम्मेवार निकाय | स्थानगत कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १.१ | १.१.१ | प्राकृतिक एवम् मानवीय सम्पदाहरूको पहिचान तथा प्रतिफल दिने आयोजना र कार्यक्रम कार्यान्वयन | संख्या | ० | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | | |
| | | १.१.२ | कृषि तथा गैर कृषि क्षेत्रको पहिचान गरी त्यस्ता क्षेत्रमा निजी लगानीलाई प्रोत्साहित | संख्या | ० | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | | |
| | | १.१.३ | स्थानीय मौलिक संस्कृति र पर्यटकीय स्थलको प्रचारप्रसार गरी पर्यटन प्रवर्द्धन | संख्या | १ | ५ | ५० | ५० | ३० | ५० | ५० | २३० | | |
| | | १.१.४ | स्थानीय स्रोत साधनमा आधारित आर्थिक क्रियाकलापद्वारा उद्यमशीलता र रोजगारी सिर्जना | संख्या | १ | ५ | ६० | ६० | ६० | ६० | ६० | ३०० | | |
| | १.२ | १.२.१ | क्षेत्र वा समुदाय लक्षित विकास कार्यक्रम | संख्या | १ | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | | |
| | | १.२.२ | सबै क्षेत्रहरुमा उपभोग्य वस्तुको पहुँच | संख्या | १ | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | |
| जम्मा | | | | - | ४ | ३० | ९१० | ९१० | ८९० | ९१० | ९१० | ४५३० | | |

## ९.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | |
| **प्रभाव** | सन्तुलित विकासमा व्यवहारिक योजना तर्जुमा भई कार्यान्वयन भएको हुने । | | | | | | | | | |
| **असर** | ग्रामिण बस्तीमा समन्यायिक विकास हुने । | आर्थिक विकासमा विनियोनित खर्चको अंश | प्रतिशत | ८.०८ | १७.५२ | १७.९५ | १४.९४ | १६.३७ | २०.२२ | १७.२१ |
| | | सामाजिक विकासमा विनियोनित खर्चको अंश | प्रतिशत | ४५.१३ | २६.६३ | ३७.१० | ३०.९६ | २३.९७ | ३०.६१ | २६.६३ |
| | | पूर्वाधार विकासमा विनियोनित खर्चको अंश | प्रतिशत | ३८.८० | ४१.६३ | ३३.४० | ४२.८२ | ४९.९५ | ३५.०२ | ४०.६५ |
| | | सेवा प्रवाह तथा सुसाशन विकासमा विनियोनित खर्चको अंश | प्रतिशत | ३.५८ | ४.९४ | ४.३५ | ३.५४ | २.९२ | ३.५२ | ३.८४ |
| **प्रतिफल** | स्थानीय स्तरमा उपलब्ध स्रोत साधनको आधारमा लगानी वृद्धि गरी सन्तुलित विकास हुनेछ । | उद्यमशीलता र रोजगारी वृद्धि | भएको वा नभएको | भएको | | | | | | |
| | | क्षेत्र वा समुदाय लक्षित विकास कार्यक्रम | संख्या | २२ | २७ | ३२ | ३२ | ३४ | ३५ | १६० |
| **पुष्टयाईको आधार** | | -गाउँपालिकाको वार्षिक प्रतिवेदन | | | | | | | | |
| **अनुमान तथा जोखिम पक्ष** | | जनतालाई दैनिक आवश्यकताका वस्तु तथा सेवाको पहुँच सहज भएको हुने । | | | | | | | | |

# परिच्छेद १०: कार्यान्वयन व्यवस्था

## १०.१ पृष्ठभूमि

मुलुक संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानबाट प्रत्यक्ष अधिकारको संघीयताको मोडेलमा आधारित स्थानीय सरकारहरु स्थापना भई संविधान अनुसार विकास कार्यसम्पादन तथा सेवा प्रवाहमा क्रियाशिल रहेका छन् । स्थानीय सरकारलाई जनताको घरदैलोको सरकारको रुपमा हेरिएको छ । आम नागरिक विशेष गरी विपन्न तथा पछाडि परेका वर्ग एवम् समुदायले स्थानीय सरकारबाट ठूलो अपेक्षा गरेका छन् । संवैधानिक व्यवस्था, कानूनी शासन र जनअपेक्षा अनुसार कूशल, पारदर्शी, जवाफदेही ढंगले स्थानीय शासन संचालन गरी सेवा प्रवाह र विकास कार्यलाई प्रभावकारी बनाउने अहम्दायित्व स्थानीय सरकार तमानखोला गाउँपालिकाको रहेको छ ।

तमानखोला गाउँपालिकाले गाउँपालिकाको योजनाबद्ध विकासका लागि पहिलो पञ्चवर्षीय आवधिक विकास योजना, पार्श्वचित्र, तथ्यहरूको विश्लेषण, सरोकारवाला तथा वडाबासीसँगको अन्तरक्रियाबाट दोस्रो आवधिक विकास योजना तयार गरेको छ । योजना तर्जुमाको क्रममा गाउँपालिकाले नेपाल सरकारको सोह्रौं योजना तथा गण्डकी प्रदेशको दोस्रो योजनाको अवधारण पत्रलाई समेत आधारको रूपमा लिएको छ । योजनाबद्ध विकासका लागि तथ्यगत अध्ययन, अनुसन्धान र विश्लेषण गर्दै विषयगत समस्या, चुनौती र अवसरहरूको पहिचान गर्ने र त्यसका आधारमा विषय केन्द्रित रणनीति र व्यवहारिक कार्यनीतिसहितको योजना तर्जुमा भएको छ । गाउँपालिकाले आवधिक योजनालाई तथ्य र प्रमाणमा आधारित विश्लेषण सहित सहभागितामूलक ढङ्गबाट नतिजा खाका तयार गरेको छ । यस नतिजा खाकाबाट योजनाको नियमित अनुगमन तथा आवधिक मूल्याङ्कन गर्न आधार तयार भएको छ । आवधिक योजनाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र प्रतिफलहरू हासिल गर्न तद्अनुसारका कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालन गर्न आवश्यक हुन्छ, सोको लागि वित्तीय स्रोतको आवश्यकता पर्दछ । यसका लागि गाउँपालिकाको आफ्नो आन्तरिक श्रोत र सङ्घ तथा प्रदेश सरकारले उपलब्ध गराउने विभिन्न किसिमका अनुदानहरू मात्रै पर्याप्त हुँदैन । तसर्थ आवश्यक श्रोत परिचालनका लागि निजी क्षेत्र, बैंक तथा सहकारी, गैरसरकारी सङ्घ संस्था, नागरिक समाज, मिडिया, सेवा प्रदायक, विषयगत कार्यालयहरू, अन्य सहयोगी सङ्घ संस्थाहरू तथा बहुपक्षीय तथा द्विपक्षीय विकास साझेदार संस्थाहरूसँगको सहकार्य र साझेदारी महत्वपूर्ण हुन्छ । साथै, राजस्व परिचालनलाई अझै बढि प्रभावकारी बनाउन स्थानीय राजस्व परामर्श समितिको सक्रियताको ठूलो भूमिका हुन्छ । योजनाहरूलाई तथ्य र प्रमाणमा आधारित र नतिजामुखी बनाउन हरेक आयोजनाको नतिजा खाका विकास गर्ने र गाउँपालिकाले कार्यान्वयन गरेको योजनाको नियमित रूपमा मूल्याङ्कन गरी उपलब्धि सार्वजनिक गर्ने व्यवस्थाको विकास गर्न पनि आवश्यक भएको छ ।

## १०.२ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना

गाउँपालिकाको संगठनात्मक विकासका लागि आवश्यक पर्ने ऐन, कानून बनेको छ भने सेवालाई प्रविधिमैत्री बनाउन थालेको छ । सघींय शासन व्यवस्था अनुसार राज्यको पुनः संरचना प्रक्रियाबाट यस गाउँपालिकाको दोस्रो स्थानीय तहको निर्वाचनबाट निर्वाचित कार्यपालिका मार्फत गाउँपालिकाको कार्य सञ्चालन हुँदै आएको छ। गाउँपालिका अन्तर्गत विषयगत समिति, शाखा, इकाई गठन भइ क्रियाशिल अवस्थामा रहेका छन । गाउँपालिकाको सांगठनिक संरचना परिपक्व र व्यवस्थित लैजानु पर्ने छ । न्यायीक समिति, विद्यायन समिति, लेखा समिति र कार्यपालिका विषयगत समितिहरु क्रियाशिल बनाउन पर्ने छ । संगठनको प्रभावकारी सञ्चालनका लागि जनशक्ति व्यवस्थापनलाई प्रभावकारी गराउने अभ्यासहरु अगाडि बढाउन पर्ने छ । गाउँपालिकाको दोस्रो आवधिक योजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्न गाउँ कार्यपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको पूर्णरूपमा कार्यान्वयन गरी कार्यालयको सङ्गठन संरचना अनुसारको कर्मचारी दरबन्दी र सोही बमोजिमको कार्य विवरण तयार गर्नुपर्ने छ । यो आवधिक योजना कार्यान्वयन संस्थागत व्यवस्था तथा मानव संशाधन संरचना मार्फत गरिनेछ । गाउँपालिकामा रहेका विभिन्न विषयगत समिति, शाखा, इकाईहरुले सम्बन्धित विषयगत क्षेत्रका योजनाहरु कार्यान्वयन गर्नेछन । गाउँपालिकामा रहेको अनुगमन तथा

मुल्यांकन समितिले यसको कार्यान्वयनको प्रभावकारी अनुगमन तथा मुल्यांकन गर्नेछ। गाउँपालिकाको मौजुदा संगठन संरचना देहाय बमोजिम रहेको छ।

**गाउँपालिकाको मौजुदा संगठन संरचना (संगठनात्मक स्वरुप)**




उपर्युक्त संगठन संरचनालाई स्थानीय सेवा सम्बन्धी कानुन तथा गाउँपालिकाको वर्तमान आवश्यकता, विकास निर्माण, सुशासन र सेवा प्रवाह अनुकुल बनाउनका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M Survey) गर्नुपर्ने अवस्था रहेको छ।

## १०.३ विषयक्षेत्र अनुसार अनुमानित बजेट

विषय क्षेत्र अनुसार दोस्रो पञ्चवर्षीय आवधिक विकास योजनामा विभिन्न पाँच वटा क्षेत्रहरू आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण तथा विपद व्यवस्थापन तथा सुशासन तथा संस्थागत विकास तथा गाउँपालिका गौरवका आयोजनाका निर्धारित कार्यक्रमहरूका लागि आवश्यक लागतको अनुमान गरिएको छ। तमानखोला गाउँपालिकाको

आवधिक योजना तर्जुमा कार्यशालाले आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण तथा विपद व्यवस्थापन तथा सुशासन तथा संस्थागत विकास अन्तर्गत परिकल्पना गरेका आयोजनाहरुको कार्यान्वयन गर्नका लागि पुजिगत तर्फ कुल बजेट रु २ अर्ब २१ करोड ९४ लाख आवश्यक पर्ने छ । कार्यक्रम तथा बजेट आवश्यकताको अनुमान गाउँपालिकाका सम्बन्धित शाखाका प्रतिनिधि र सरोकारवालाहरूको कार्यशाला तथा वडा स्तरीय छलफलबाट प्रस्ताव गरिएको हो । विगतका आ.व.को आधारमा गाउँपालिकालाई आगामी ५ आ.व.मा आन्तरिक तथा बाह्य श्रोतबाट प्राप्त हुनसक्ने अनुमानित कुल आय (पुजिगत र चालु) रु २ अर्ब २१ करोड ९४ लाख हुनसक्ने छ । आ.व. २०८२/८३ देखि आ.व. २०८६/८७ सम्ममा प्राप्त हुने बजेट रकम कार्यालय संचालन तथा प्रशासनिक क्षेत्रमा तथा तोकिएको विषय क्षेत्रमा खर्चहुने भएकोले योजना तर्जुमा गोष्ठीले तय गरेको गाउँपालिकाका प्रमुख प्राथमिक क्षेत्रहरुलाई प्रमुख प्राथमिकताका आधारमा खर्चहुने प्रक्षेपण गरिएको छ । विषयगत तथा उपक्षेत्र अनुसार खर्चको अनुमान तलको तालिकामा देखाईएको छ । यसरी तय गरिएको आवश्यक लागत गाउँपालिकाको आन्तरिक आय सघं तथा प्रदेशबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदान र जनसहभागिता स्वरूप प्राप्त हुन सक्ने परिमाणहरूलाई अनुमानका आधारमा निर्धारण गरिएको छ ।

**तालिका ५१: विषय क्षेत्र अनुसार अनुमानित बजेट**

| क.स. | क्षेत्र तथा उपक्षेत्र | जम्मा कार्यक्रम संख्या | अनुमानित बजेट लागत (रु. हजारमा ) | | | | | | बजेट % |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | |
| **१** | **आर्थिक क्षेत्र** | **७९७** | **३२२८५** | **४६६३५** | **३७७६०** | **३६४८५** | **३४२१०** | **१८७३७५** | **१७.२१** |
| १.१ | कृषि तथा पशुपालन | ३०४ | ११०५० | १४४२५ | १०५०० | १२०२५ | ११९०० | ५९१०० | ३१.५४ |
| १.२ | सिंचाई | ५० | ४७७५ | ४००० | २६०० | २१५० | १४५० | १४९७५ | ७.९९ |
| १.३ | पर्यटन, सँस्कृति तथा सम्पदा | २१८ | ९१५० | १६५०० | १४८५० | १५१०० | १३७५० | ६९३५० | ३७.०१ |
| १.४ | उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति | १३९ | ३४६० | ६५१० | ५८६० | ४५६० | ५०१० | २५४०० | १३.५६ |
| १.५ | श्रम, रोजगारी र सामाजिक सुरक्षा | ८६ | ३८५० | ५२०० | ३९५० | २६५० | २९०० | १८५५० | ९.९० |
| **२** | **सामाजिक क्षेत्र** | **१०९४** | **४९०८५** | **९६४०५** | **७८२४५** | **५३४२५** | **५१८०५** | **३२८९६५** | **३०.२१** |
| २.१ | स्वास्थ्य तथा पोषण | २०४ | १२२३० | ५०३३० | ३३९८० | ११९३० | १४५३० | १२२२०० | ३७.१५ |
| २.२ | शिक्षा, विज्ञान तथा नवप्रवर्तन | ३३७ | १५९१० | २००७० | १९४९० | २०१३० | १६२९० | ९१८९० | २७.९३ |
| २.३ | खानेपानी तथा सरसफाई | १५१ | ५९७० | ७३९० | ७३३० | ६९५० | ६१५० | ३३७९० | १०.२७ |
| २.४ | महिला, बालबालिका तथा लक्षित वर्ग | २४१ | ५७९० | ६९३० | ६५७० | ६१६० | ५३३० | ३०७८० | ९.३६ |
| २.५ | युवा तथा खेलकुद | १६१ | ९१८५ | ११६८५ | १०८७५ | ९०५५ | ९५०५ | ५०३०५ | १५.२९ |
| **३** | **पूर्वाधार क्षेत्र** | **५२९** | **७७०५५** | **८६७९५** | **१०८२२०** | **१११३१०** | **५९२६०** | **४४२६४०** | **४०.६५** |
| ३.१ | वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण | ७२ | ३२९५ | ९६३५ | ६४८० | ७५७० | ३२२० | ३०२०० | ६.८२ |
| ३.२ | सडक, पुल तथा यातायात | २५३ | ६४९६० | ६७७६० | ९३९६० | ९८९१० | ५१६६० | ३७७२५० | ८५.२३ |
| ३.३ | जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा | १०६ | ४४०० | ३६५० | ४३०० | २२०० | २३०० | १६८५० | ३.८१ |
| ३.४ | सूचना, सञ्चार तथा प्रविधि | ९८ | ४४०० | ५७५० | ३४८० | २६३० | २०८० | १८३४० | ४.१४ |
| **४** | **वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र** | **४४२** | **१४६४५** | **१५३२५** | **१७६२०** | **१२६३५** | **१४४९५** | **७४७२०** | **६.८६** |
| ४.१ | वन तथा जैविक विविधता | १४५ | ३५१५ | ३७८५ | ४२१५ | १९८५ | २२३५ | १५७३५ | २१.०६ |

| क्र.स. | क्षेत्र तथा उपक्षेत्र | जम्मा कार्यक्रम संख्या | अनुमानित बजेट लागत (रु. हजारमा) | | | | | | बजेट % |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | आ.ब. २०८५/०८६ | आ.ब. २०८६/०८७ | जम्मा | |
| ४.२ | भूसंरक्षण तथा जलाधार व्यवस्थापन | ५२ | २२५० | २८२० | १८९० | १५५० | १७९० | १०३०० | १३.७८ |
| ४.३ | वातावरण तथा फोहोरमैला व्यवस्थापन | ८५ | २८७० | २६२० | ४५०० | ३१५० | ३६८० | १६८२० | २२.५१ |
| ४.४ | विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता | १६० | ६०१० | ६१०० | ७०१५ | ५९५० | ६७९० | ३१८६५ | ४२.६५ |
| **५** | **संस्थागत विकास तथा सुशासन क्षेत्र** | **४९२** | **९०९५** | **११२९५** | **८९५५** | **६५००** | **५९५०** | **४१७९५** | **३.८४** |
| ५.१ | सेवा प्रवाह तथा सुशासन | ५१ | ९०० | ११३० | ६७० | ८७० | ५८० | ४१५० | ९.९३ |
| ५.२ | मानव संसाधन तथा संस्थागत क्षमता विकास | १२१ | ४५५० | ४८५० | ४८९० | २१७० | २०७० | १८५३० | ४४.३४ |
| ५.३ | तथ्याङ्क प्रणाली | २४ | ७२० | १९७० | ८३० | ४७० | ३५० | ४३४० | १०.३८ |
| ५.४ | शासकीय सुधार | ४५ | ८२० | १०६० | ६४० | ४३० | १११० | ४०६० | ९.७१ |
| ५.५ | प्रशासकीय सुशासन | ३३ | ५७० | ६२० | ४२० | ५७० | ४२० | २६०० | ६.२२ |
| ५.६ | वित्तीय सुशासन | ४९ | ४५० | ४६० | ५०० | ४६० | ४०० | २२७० | ५.४३ |
| ५.७ | भ्रष्टाचार निवारण | ८४ | ३६० | ३१० | २१० | २६० | २१० | १३५० | ३.२३ |
| ५.८ | राजस्व परिचालन | ८५ | ७२५ | ८९५ | ७९५ | १२७० | ८१० | ४४९५ | १०.७५ |
| **६** | **अन्तरसम्बन्धित विषय** | **१३४** | **२१३०** | **३३९०** | **१९५०** | **२४९०** | **३५१०** | **१३४७०** | **१.२४** |
| ६.१ | गाउँपालिका सुरक्षा | ४८ | ५३० | १८८० | ३७० | ९८० | १९१० | ५६७० | ४२.०९ |
| ६.२ | मानव अधिकार | ४१ | ४२० | ३३० | ४२० | ३३० | ४२० | १९२० | १४.२५ |
| ६.३ | संघीय शासन प्रणाली | १५ | २७० | २७० | २७० | २७० | २७० | १३५० | १०.०२ |
| ६.४ | स्थानीय तहको सन्तुलित विकास | ३० | ९१० | ९१० | ८९० | ९१० | ९१० | ४५३० | ३३.६३ |
| जम्मा | | ३४८८ | १८४२९५ | २५९८४५ | २५२७५० | २२२८४५ | १६९२३० | १०८८९६५ | १०० |

गाउँपालिकाको आवधिक योजना अवधिको लक्ष्य प्राप्तिका लागि क्षेत्रगत कूल लागत बजेट रू.१ अर्ब ८ करोड ८९ लाख ६५ हजार अनुमान गरिएको छ। चालू खर्च घटाउँदै जाने नीति अनुरूप आवधिक योजनाको अवधि भर चालू खर्च ४५ प्रतिशतमा सीमित गर्ने र पुँजीगत खर्च ५५ प्रतिशत हुने अनुमान गरिएको छ। आयोजनाहरूको लागि कुल बजेटको ४८.८७ प्रतिशत बजेट विनियोजन गरिएको छ र नपुग रकम वैकल्पिक स्रोतः सघींय सरकार, प्रदेश सरकार तथा अन्य दाताहरू सँग लागत साझेदारीमा कार्यान्वयन गरिनेछ। विषय क्षेत्र अन्तर्गत सबै भन्दा बढी पूर्वाधार विकासका लागि ४०.६५ प्रतिशत बजेट लागत अनुमान गरिएको छ। त्यसैगरी, सामाजिक विकासका लागि ३०.२१ प्रतिशत, आर्थिक विकास क्षेत्र विकासका लागि करिब १७.२१ प्रतिशत, वन वातावरण तथा विपद् व्यवस्थापनका लागि ६.८६ प्रतिशत, संस्थागत तथा सुशासन क्षेत्र विकासका लागि ३.८४ प्रतिशत र अन्तरसम्बन्धित विषय क्षेत्र विकासका लागि १.२४ प्रतिशत खर्च हुने अनुमान गरिएको छ।

## १०.४ स्रोत अनुमान तथा प्रक्षेपण

तमानखोला गाउँपालिकाले विगतमा प्राप्त गरेको वित्तीय आयको स्रोतको प्रवृत्तीको आधारमा आगामी पाँच वर्षका लागि कुल आय व्यय वित्तिय विश्लेषण र प्रक्षेपण खाका तयार गरिएको छ। आर्थिक वर्ष २०८०।८१ को आयमा प्रत्येक वर्ष १० प्रतिशतका दरले वृद्धि हुने र केही क्षेत्रमा नीजि, गैरसरकारी तथा जनश्रमदान तथा भौतिक पूर्वाधारको क्षेत्रमा संघ तथा प्रदेश सरकारको उल्लेख्य योगदान हुने अनुमान गरी यो आय प्रक्षेपण गरिएको छ। आय प्रक्षेपण गर्दा खुद विकास कार्यमा लगानी गर्न उपयोग हुन सक्ने बजेट तथा कार्यक्रमको शिर्षकहरुलाई मात्र समावेश गरिएको छ। गाँउपालिकाको

कर्मचारी व्यवस्थापन, तलब भत्ता, जेष्ठ नागरिक भत्ता जस्ता राज्यका अनिवार्य दायित्वका रकमहरु जसरी आँउछ त्यसरी नै खर्च हुने हुँदा यसमा समावेश गरिएको छैन । यसर्थ बजेट कार्यक्रम प्रक्षेपण गर्दा वित्तिय समानीकरण अनुदान र शशर्त अनुदान (संघिय तथा प्रादेशिक) लाई आयको प्रमुख स्रोत मानीएको छ भने आन्तरिक आम्दानी तथा राजश्व बाँडफाँडको आयलाई गाँउपालिकाको चालु तथा प्रशासनिक खर्च हुने मानी प्रक्षेपण गरिएको छ ।

तमानखोला गाउँपालिकाले संघ र प्रदेश सरकारबाट नियमित रुपमा प्राप्त गर्ने अनुदानका आधारमा चालु आ.व २०८१/८२ को बजेट रु ३२ करोड ९५ लाखलाई आधारमानि आ.व. २०८६/८७ सम्मका लागि कुल आयको प्रक्षेपण गरिएको हो । यही अनुमानका आधारमा आ.व. २०८६/८७ सम्ममा गाउँपालिकामा कुल आय रु २ अर्व २१ करोड ९४ लाख हुने अनुमान गरिएको छ । उक्त आयमा कार्यालय संचालन तथा प्रशासनिक खर्च बापतको रकम तथा तोकिएको क्षेत्रम खर्च हुने रकम घटाउदा गाउँपालिकाले लगानी गर्न सक्ने लगानी योग्य रकम रु ८७ करोड ६३ लाख हुन आउने छ । यसका लागि थप दातृ निकाय, विशेष कोषको लागि प्रदेश र संघमा कार्यक्रम पेश गर्ने, नीजिक्षेत्र तथा सहकारी संस्था परिचालन गर्ने, प्राकृतिक श्रोतबाट आन्तरिक आय बढाउने जस्ता उपायहरु अवलम्बन गर्ने छ । तमानखोला गाउँपालिकाको कुल प्रक्षेपित आयको अवस्थालाई तालिकामा देखाईएको छ ।

**तालिका ५२: आगामि ५ बर्षको स्रोतअनुसार प्रक्षेपित कुल आय**

| क्र. सं. | श्रोत | आगामि ५ बर्षको स्रोतअनुसार प्रक्षपण रकम रु. (करोडमा) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | आधार बर्ष | आ.ब. | आ.ब. | आ.ब. | आ.ब. | आ.ब. | जम्मा |
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | |
| १ | आन्तरीक आय | ०.३८ | ०.४२ | ०.४६ | ०.५१ | ०.५६ | ०.६१ | २.५५ |
| १.१ | कर राजस्व | ० | ० | ० | ० | ० | ० | ० |
| १.२ | गैर कर राजस्व | ० | ० | ० | ० | ० | ० | ० |
| २ | राजस्व बाढफाढ | ७.७८ | ८.६४ | ९.५० | १०.४६ | ११.५० | १२.६५ | ५२.७५ |
| २.१ | नेपाल सरकार | ७.१२ | ७.८३ | ८.६२ | ९.४८ | १०.४२ | ११.४७ | ४७.८२ |
| २.२ | प्रदेश सरकार | ०.६६ | ०.८१ | ०.८९ | ०.९८ | १.०८ | १.१८ | ४.९४ |
| ३ | बाट प्रप्त हुने अनुदान | २०.२२ | २३.०९ | २५.४० | २७.९४ | ३०.७३ | ३३.८० | १४०.९६ |
| ३.१ | बित्तिय समानिकरण अनुदान | ६.९६ | ७.६६ | ८.४२ | ९.२६ | १०.१९ | ११.२१ | ४६.७४ |
| ३.२ | सर्शत अनुदान | ११.६६ | १२.८३ | १४.११ | १५.५२ | १७.०७ | १८.७८ | ७८.३० |
| ३.३ | समपुरक अनुदान | ०.०० | ०.८५ | ०.९३ | १.०२ | १.१३ | १.२४ | ५.१७ |
| ३.४ | बिशेष अनुदान | १.६० | १.७६ | १.९४ | २.१३ | २.३४ | २.५८ | १०.७४ |
| ४ | प्रदेश सरकारबाट प्रप्त हुने अनुदान | १.७१ | १.८८ | २.०७ | ३.४८ | ४.०० | ४.२५ | १२.९८ |
| ४.१ | बित्तिय समानिकरण अनुदान | ०.७१ | ०.७८ | ०.८६ | ०.९५ | १.०४ | १.१४ | ४.७७ |
| ४.२ | सर्शत अनुदान | ०.०० | ०.०० | ०.०० | १.२० | १.५० | १.५० | १.५० |
| ४.३ | समपुरक अनुदान | ०.६० | ०.६६ | ०.७३ | ०.८० | ०.८८ | ०.९७ | ४.०३ |
| ४.४ | विशेष अनुदान | ०.४० | ०.४४ | ०.४८ | ०.५३ | ०.५९ | ०.६४ | २.६९ |
| ५ | अन्य अनुदान | ०.०० | ०.५० | २.५० | २.०० | ०.०० | ०.०० | ५.०० |
| ६ | जनसहभागिता | ०.०० | ०.६० | ०.८५ | ०.८० | ०.५० | ०.०० | २.७५ |
| ७ | निजी लगानी | ०.०० | १.५० | २.२० | १.५० | ०.८० | ०.०० | ६.०० |
| ८ | अन्तर स्थानिय तह साझेदारी | ०.०० | ०.५० | १.२० | ०.५० | ०.०० | ०.०० | २.२० |
| ९ | गैसस र सामुदायिक क्षेत्रको लगानी | ०.०० | १.२० | १.८० | १.२० | ०.६० | ०.०० | ४.८० |
| १० | आन्तरीक ऋण परिचालन | ०.०० | ०.८८ | १.८७ | १.४३ | ०.७५ | -४.९३ | ०.०० |
| कुल जम्मा | | ३०.०९ | ३९.२१ | ४७.८५ | ४९.८० | ४९.४४ | ४६.३९ | २३०.०० |

यस आवधिक योजना अवधिमा कूल रू.१ अर्ब ८ करोड ८९ लाख ६५ हजार खर्च हुने अनुमान गरिएको छ भने करिब रु. २१ करोड २६ लाख ९५ हजार (१९.५३ प्रतिशत) विभिन्न स्रोतहरूबाट रकम प्राप्त हुने अनुमान गरिएको छ । कूल अनुमानित खर्च गर्न अपुग हुने रकम करिब करिब रु. २१ करोड २६ लाख ९५ हजार (१९.५३ प्रतिशत) बजेटका लागि

गाउँपालिकाले थप श्रोतहरू परिचालन गर्नुपर्ने हुन्छ । जसका लागि गाउँपालिकाले निम्नअनुसारका रणनीतिहरू अवलम्बन गरी श्रोत व्यवस्थापन गर्न सकिने छ ।

नेपालको संविधान २०७२ को दफा ६० ले राजश्व श्रोतको बाँडफाँड हुने व्यवस्था गरेको छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को परिच्छेद ४ दफा ८,९,१० र ११ बमोजिम यस तमानखोला गाँउपालिकालाई प्राप्त हुनसक्ने आर्थिक श्रोतहरु निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५३: गाँउपालिकालाई प्राप्त हुने बजेटको स्रोत तथा शीर्षकहरुको विवरण**

| क्र. सं. | श्रोत | शीर्षकहरु |
|---|---|---|
| १ | नेपाल सरकार | वित्तीय समानिकरण, सशर्त, विशेष र समपूरक अनुदान |
| २ | प्रदेश सरकार | वित्तीय समानिकरण, सशर्त, विशेष र समपूरक अनुदान |
| ३ | राजस्व बाँडफाँड | मूल्य अभिबृदि कर, आन्तरिक उत्पादनमा लागेको अन्तशुल्कको रकम, प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँडबाट प्राप्त रकम |
| ४ | आन्तरिक आम्दानी | एकीकृत सम्पत्ति कर, घर बहाल कर, व्यवसाय कर, सेवा शुल्क, दस्तुर, गैर कर आदि |
| ५ | अन्तर स्थानीय तह लगानी | फोहोर प्रशोधन केन्द्र निर्माण बजेट आदि |
| ६ | वैदेशिक स्रोत | नेपाल सरकारबाट स्वीकृति प्राप्त कार्यक्रमका रकमहरु |
| ७ | जनसहभागिता | विकास निर्माणमा उपभोक्ताबाट सङ्कलित रकम |
| ८ | आन्तरिक ऋण | आयोगको मापदण्ड बमोजिम स्वदेशी वित्तीय संस्थाबाट लिएको ऋण |

## १०.५ स्रोत परिचालन रणनीति

नेपालको संविधानको धारा ५९ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने नीति तथा योजना बनाउने र त्यसको कार्यान्वयन गर्ने सम्बन्धमा संवैधानिक व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चान ऐन २०७४ को दफा २४ ले स्थानिय निकायको आफ्नो अधिकारक्षेत्रको विषयमा स्थानीयस्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्नुपर्ने व्यवस्था समेत गरेको छ । संविधानको उक्त व्यवस्था र स्थानीय सरकार सञ्चालन ऐन अनुसार तमानखोला गाँउपालिकाको लागि ५ वर्षे रणनीतिक योजना कार्यान्वयन गर्न वित्तीय व्यवस्थापन तथा बजेट परिचालनलाई प्रभावकारी बनाउन निम्न ऐन, नियम तथा कार्यविधिहरु त्था कानुनी आधारहरु परिपालन गर्नु पर्ने हुन्छ ।

- नेपालको संविधान २०७२
- स्थानीय सरकार सञ्चालन ऐन २०७४
- अन्तर-सरकारी वित्त व्यवस्थापन सम्बन्धी ऐन २०७४
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन २०७४
- संघीय आर्थिक कार्यविधि ऐन २०७५
- गाउँपालिकाको वार्षिक नीति तथा बजेट
- विकास सहायता नीति २०७१
- सार्वजनिक खरिद ऐन २०६३
- स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४
- सार्वजनिक खरीद नियमावली २०७५
- वार्षिक विकास कार्यक्रम तथा बजेट (मध्यमकालीन खर्च संरचना समेत) तर्जुमा सम्बन्धी मार्गदर्शन २०७४

यस आवधिक योजना अवधिमा कूल रू.१ अर्ब ८ करोड ८९ लाख ६५ हजार खर्च हुने अनुमान गरिएको छ भने अपुग हुने रकम करिब करिब रु. २१ करोड २६ लाख ९५ हजार (१९.५३ प्रतिशत) बजेटका लागि गाउँपालिकाले थप श्रोतहरू परिचालन गर्नुपर्ने हुन्छ । विभिन्न स्रोतहरूबाट रकम प्राप्त हुने अनुमान गरिएको छ । जसका लागि गाउँपालिकाले निम्नअनुसारका रणनीतिहरू अवलम्बन गरी श्रोत व्यवस्थापन गर्न सकिने छ ।

- यस आवधिक विकास योजना अवधिमा गाउँपालिकाले तर्जुमा गर्ने वार्षिक विकास योजनाहरू यस योजनाका लक्ष्य तथा उद्देश्यसँग तादत्म्यता हुने गरी तर्जुमा गरिने छ, जसले गर्दा योजना अवधिमा कार्यान्वयन हुने कार्यक्रम तथा बजेटले पूर्णरूपमा यस आवधिक विकास योजनाको लक्ष्य उद्देश्य प्राप्तिमा योगदान गर्ने अपेक्षा गरिएको छ ।
- कानुनले तोके बमोजिम र रणनीतिक योजनाले परिकल्पना गरे बमोजिमको वित्तीय व्यवस्थापनका लागि तमानखोला गाउँपालिकाले आवश्यक कर्मचारी व्यवस्थापन वित्तीय व्यवस्थापन नीति तथा संयन्त्र र विद्युतीय प्रविधिलगायतका प्रणालीहरु व्यवस्थापन गरिनेछ ।
- कर तथा गैर राजस्व परिचालनमा करको दरभन्दा पनि दायरा वृद्धि गरी गाउँपालिकाको राजस्व क्षमता वृद्धि गरी स्रोतको व्यवस्था मिलाइनेछ ।
- गैर सरकारी संस्था तथा निजी क्षेत्रसँगको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- अन्तरराष्ट्रिय गैर सरकारी संस्था, द्विपक्षीय संस्था, बहुपक्षीय संस्थाहरूबाट प्राप्त हुने सहयोगलाई वृद्धि गर्न पहल गरिनेछ ।
- स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमबाट गाउँपालिकामा आउने रकमलाई गाउँपालिका स्तरीय महत्व बोकेका ठूला आयोजना निर्माणमा उपयोग गरिनेछ ।
- स्थानीय बचत तथा ऋण समूहहरू, सामुदायिक वन उपभोक्ता समूहहरू जस्ता सामुदायिक क्षेत्रहरूसँगको साझेदारीमा कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- संघीय तथा प्रदेश सरकारबाट विशेष तथा समपूरक अनुदान प्राप्त गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र राष्ट्रिय र प्रदेश स्तरीय महत्वका योजनाहरू छनोट र कार्यान्वयन गर्न गाउँपालिकाले संघ र प्रदेश सरकारसँग पहल गरी ठूला आयोजनामा गाउँपालिकाको लगानी न्यूनीकरण गरिनेछ ।
- उत्पादनशील तथा तुलनात्मक लाभका क्षेत्रमा लगानी केन्द्रित एवम् अभिवृद्धि गरिनेछ ।
- स्थानीय गौरवका आयोजनाहरुको कार्यान्वयनलाई उच्च प्राथमिकतामा राख्ने र सोका लागि संघ र प्रदेश सरकारसँग सहकार्य गर्ने ।
- गाउँपालिकाको राजस्व परिचालन क्षमता विस्तार तथा स्थानीय श्रम, श्रोत र साधन परिचालन र जनसहभागिता वृद्धि गरी गाउँपालिकाको स्रोत वृद्धि गरिनेछ ।
- धार्मिक पर्यटकिय स्थल लगायत सांस्कृतिक सम्पदाको पुनर्निर्माणमा निजी क्षेत्र, समुदाय र सम्भावित स्थलहरूमा पूरातत्व विभागको सहभागिता वृद्धि गरिनेछ ।
- स्थानीय सरकारलाई प्राप्त ऋण लिने अधिकारको उपयोग गरी थप सम्भाव्यताको आधारमा ऋण समेत परिचालन गरिनेछ ।
- गाउँपालिकाको प्राथमिकतामा पर्ने तथा सिमाना जोडिएका स्थानीय तहहरुसँगको साझा चासोका आयोजनाहरुका लागि गाउँपालिकाले अन्तरपालिका आयोजनाको प्रारुप तयार पारी वित्तीय स्रोत व्यवस्थापनको रणनीति बनाउनेछ ।

- आर्थिक पारदर्शिता र जवाफदेहिताका लागि गाउँपालिका योजना, प्रगति तथा अनुगमन प्रतिवेदनहरु वेभसाइटमा राख्ने, जनगुनासाहरु लिन र जवाफ दिन सकिने किसिमका एप्लिकेसनको पहुँच विस्तार गर्ने, वार्षिक प्रकाशन गर्ने, मिडिया अनुगमन गराउने तथा आमञ्चार संवाद कार्यक्रमहरु राख्ने योजनाहरु लागु कार्यान्वयन गरिनेछ ।
- रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनका लागि योजना, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, अभिलेख प्रणाली र सिकाइ प्रक्रियालाई थप सुढृढ गरिनेछ ।

## १०.६ आवधिक योजना कार्यान्वयन

### १०.६.१ योजना कार्यान्वयन

आवधिक योजना सरल उपयोगी र कार्यान्वयन सम्भव होस् भन्ने उद्देश्यले विषयविज्ञको सहयोगमा विधायक समितिबाट मस्यौदा गरी प्रक्रियागत तथा विशेषज्ञता दुवैको समिश्रणबाट योजना तर्जुमा गरिएको छ । आवधिक योजनालाई दीर्घकालीन सोच उन्मुख रही आगामी पाँच वर्षको वार्षिक नीति तथा कार्यक्रम मार्फत कार्यान्वयन गरिनेछ। योजनाको मध्यावधि मूल्याङ्कनका आधारमा यसका नीति, कार्यक्रम र प्राथमिकताहरूमा समयोचित परिमार्जन गरिनेछ । गाउँपालिकाको विकास गाउँपालिका वा सरकारी क्षेत्रको एकल प्रयासले मात्र संभव छैन । त्यसैले यो योजना कार्यान्वयनमा निम्नअनुसारका अनुसार विभिन्न क्षेत्रको भूमिका अपेक्षा गरिएको छ ।

**तालिका ५४: आम्दानीको स्रोत तथा योजना कार्यान्वयनमा लगानी**

| क. स. | आम्दानीको स्रोत | आगामि ५ बर्षको स्रोतअनुसार प्रक्षपण रकम रु. (करोडमा) | | | | | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार बर्ष | आ.ब. | आ.ब. | आ.ब. | आ.ब. | आ.ब. | जम्मा | |
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | | |
| १ | संघीय सरकार | ८.२१ | १०.५३ | १२.५८ | १४.५६ | १६.०२ | १९.८२ | ७३.५१ | ६६.३२ |
| २ | प्रदेश सरकार | २.०९ | २.३० | २.५३ | २.७८ | ३.०६ | ३.३७ | १४.०४ | १२.६६ |
| ३ | आन्तरिक आय राजस्व | ०.३८ | ०.४२ | ०.४६ | ०.५१ | ०.५६ | ०.६१ | २.५५ | २.३० |
| ४ | अन्य अनुदान | ०.०० | ०.५० | २.५० | २.०० | ०.०० | ०.०० | ५.०० | ४.५१ |
| ५ | जनसहभागिता | ०.०० | ०.६० | ०.८५ | ०.८० | ०.५० | ०.०० | २.७५ | २.४८ |
| ६ | निजी लगानी | ०.०० | १.५० | २.२० | १.५० | ०.८० | ०.०० | ६.०० | ५.४१ |
| ७ | अन्तर स्थानिय तह साझेदारी | ०.०० | ०.५० | १.२० | ०.५० | ०.०० | ०.०० | २.२० | १.९८ |
| ८ | गैसस र सामुदायिक क्षेत्रको लगानी | ०.०० | १.२० | १.८० | १.२० | ०.६० | ०.०० | ४.८० | ४.३३ |
| ९ | आन्तरीक ऋण परिचालन | ०.०० | ०.८८ | १.८७ | १.४३ | ०.७५ | -४.९३ | ०.०० | ०.०० |
| जम्मा | | १०.६८ | १८.४३ | २५.९८ | २५.२७ | २२.२८ | १८.८७ | ११०.८ | १००.० |

**सरकारी क्षेत्रको लगानी :** आवधिक योजनालाई कार्यान्वयन गराउने प्रमुख भूमिका सरकारी क्षेत्र अर्थात् गाउँपालिकाको हो । गाउँपालिकाले नै सबै क्षेत्रसँगको समन्वय र साझेदारीमा योजना कार्यान्वयन गराउनेछ । गाउँपालिकाले निजी क्षेत्रलाई आकर्षित गर्न संघीय र प्रदेश सरकार समेतको सहयोगमा पूर्वाधार विकास गरी विकासको आधार तयार गर्ने, नीतिगत, कानुनी, संरचनागत तथा प्रक्रियागत सुधार गरी निजी क्षेत्रलाई लगानी मैत्री वातावरण तयार गर्ने र सो अनुसार प्रभावकारी अनुगमन र नियमन गर्ने कार्य गर्नेछ । मौलिक हक अधिकार र मानव अधिकार संरक्षण, गरिबी निवारण, शिक्षा, स्वास्थ्य लगायत सामाजिक विकास, महिला पिछडिएका वर्गको संरक्षण र विकास, समावेशिता,

वातावरण संरक्षण, सामाजिक सुरक्षा, आदि निजी क्षेत्र आकर्षण नहुने क्षेत्र र सरकारको भूमिका नभइ नहुने क्षेत्रमा गाउँपालिका आफैले कार्यक्रम कार्यान्वयन गर्नेछ ।

**निजीक्षेत्रको लगानी :** यो योजना कार्यान्वयनमा निजीक्षेत्रले महत्वपूर्ण साझेदारको रूपमा भूमिका खेल्ने अपेक्षा गरिएको छ । विशेष गरी कृषि तथा पशुविकास, उद्योग, पर्यटन तथा विभिन्न सेवा क्षेत्रमा निजी क्षेत्रको भूमिका महत्वपूर्ण हुनेछ । सरकारबाट भएको नीतिगत, कानुनी र संरचनागत सुधारको लाभ लिई प्रतिस्पर्धात्मक क्षमताको विकास गर्दै उत्पादनशील क्षेत्रमा लगानी गर्ने, आय र रोजगारीका अवसर सृजना गर्ने, गुणस्तरीय उत्पादन र बजारीकरण गर्ने, बजारमा अत्यावश्यक वस्तु तथा सेवाको अभाव हुन नदिने जिम्मेवारी र दायित्व बोधका साथ नियमित कर तथा अन्य राजस्व बुझाउने जस्ता महत्वपूर्ण भूमिकाको अपेक्षा निजी क्षेत्रबाट गरिएको छ । यस क्षेत्रबाट करिब ***५.४१*** प्रतिशत लगानी हुने अपेक्षा गरिएको छ ।

**बैंक तथा सहकारी क्षेत्रको लगानी :** बैंक तथा सहकारीले संस्थामा आबद्ध सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक समृद्धि हासिल गर्न महत्वपूर्ण भूमिका खेलेको छ । स-साना बचत र ऋण परिचालन गर्न स्थानीय समुदायलाई सङ्गठित रूपमा आर्थिक सामाजिक विकासमा परिचालन गर्न, स्थानीय श्रोत र साधनको उपयोग गर्न, सहकारीताको धारणा अभिवृद्धि गर्न सहकारी संस्थाहरूले महत्वपूर्ण योगदान दिएका छन् । गाउँपालिकाले उद्यम विकास, रोजगारी सृजना, समावेशी आर्थिक वृद्धि, गरिवी निवारण आदिमा बैंक तथा सहकारीक्षेत्रको विशेष भूमिका अपेक्षा गरी यसक्षेत्रवाट योजना अवधिमा ***४.९३*** प्रतिशत लगानी प्रक्षेपण गरिएको छ ।

**गैह सरकारी क्षेत्र (गैसस) को लागानी :** समूह परिचालन, सचेतना मूलक कार्यक्रम, स-साना पूर्वाधार विकास, समुदायमा आधारित सेवा प्रवाह, लैङ्गिक तथा सामाजिक सशक्तिकरण, समूह बचत तथा ऋण परिचालन, ससाना आय मूलक कार्यक्रम सञ्चालन, रोजगारी सृजना, नीतिगत पृष्ठपोषण आदि कार्यमा गैससले गाउँपालिकासँग महत्वपूर्ण साझेदारको रूपमा काम गर्दै आएका छन् । आफ्ना वैशिष्ट्यताका क्षेत्रमा गैससले प्रमुख साझेदारको रूपमा काम गर्ने अपेक्षाका साथ यस क्षेत्रबाट ***४.३३*** प्रतिशत लगानी हुने अनुमान गरिएको छ ।

**उपभोक्ता समूह, नागरिक समाज र सामुदायिक सङ्घ संस्था लगायतको लगानी :** विकास प्रदायकले जतिसुकै प्रयास गरेता पनि यसका प्रापक अर्थात् उपभोक्ताको सहभागिता, सहयोग, सहकार्य र अपनत्व ग्रहण भई दिगो व्यवस्थापन नगरे सम्म विकाशलाई गति दिन सम्भव छैन । त्यसकारण यिनीहरूबाट विकास कार्यमा व्यापक सहयोग सहभागिता र निगरानी हुने अपेक्षा गरिएको छ । विकास कार्यमा उपभोक्ता समूह र स्थानीय समुदायको योगदान ***२.४८*** प्रतिशत हुने अनुमान गरिएको छ ।

**अन्तर स्थानीय तह साझेदारी :** गाउँपालिकासँग सिमाना जोडिएका स्थानीय ततहरूसँग मिलेर रणनैतिक महत्वका विकासका योजनाहरू साझेदारीमा विभिन्न विकास निर्माणका कार्यमा लगानी हुने अनुमान गरिएको छ । यस किसिमका अन्तर स्थानीय तह साझेदारीमा करिब ***१.९८*** प्रतिशत लगानी हुने अनुमान गरिएको छ ।

'आवधिक योजना तर्जुमा निर्देशिका २०७५' ले निर्दिष्ट गरे बमोजिम योजना अवधिमा हाँसिल गर्न चाहेको लक्ष्य पूरा गर्न आवधिक योजना कार्यान्वयन गर्न निम्नानुसार कदमहरु अपनाउनु पर्ने हुन्छ ।

- आवधिक योजनाको प्रभावकारी कार्यान्वयनको लागि योजना टोलीको गठन भएको निर्देशन समिति र विषयगत समितिहरुलाई स्थायित्व दिने ।
- भौतिक विकास योजना कार्यान्वयन गर्दा नगर विकास ऐनले व्यवस्था गरे बमोजिम विषेशतः जग्गा विकास कार्यक्रमहरु र निर्माण मापदण्ड कार्यान्वयन गर्दै लैजाने तथा कार्यान्वयनको क्रममा सहरी तथा भवन विकास विभागको संबन्धित कार्यालय र अन्य केन्द्रिय निकायहरुसँग समन्वय राख्ने ।
- केन्द्रिय स्तरमा नीति निर्देशन र अनुगमन गर्न स्थानीय विकास मन्त्रायल र सहरी विकास तथा भवन निर्माण विभागको साझा तथा संयुक्त अवधारणाको लागि स्थानीय स्तरवाट पहल गर्ने ।

- बहु-क्षेत्रगत लगानी कार्यक्रममा समावेश भए अनुरुप वार्षिक योजना तथा कार्यक्रम हरु आवधिक योजनाले लक्षित गरेका सूचकहरुको प्राप्तितर्फ विषेश ध्यान, अग्रणी क्षेत्रहरुको अनुसरण, प्राप्त हुन सक्ने विकास बजेट जस्ता आधारमा तयार गर्ने ।
- आयोजना/कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि खर्च हुने रकम र नगद प्रवाह बीच सन्तुलन कायम राख्ने ।
- योजना सञ्चालन तयार गर्दा उक्त योजना सम्पन्न भएपछि गरिने मर्मत संभारको कार्य योजना तयार गर्ने ।
- कार्यान्वयन गर्दाका आयोजनाहरुको सुपरीवेक्षण, अनुगमन र मूल्याङ्कन समेत गर्ने प्रणालीको विकास गर्ने ।

### १०.६.२ कार्यान्वयन प्रक्रिया

आवधिक योजना कार्यान्वयनका लागि गाउँपालिकाले निम्न प्रक्रियाहरू अवलम्बन गरि अगाडी बढ्ने छ ।

**कार्यक्रम सूची तयारी :** गाउँपालिकाले आवधिक योजनाले निर्धारण गरेका प्राथमिकताका कार्यक्रमहरू आफैले कार्यान्वयन गर्ने, संघीय सरकारबाट कार्यान्वयन हुने, प्रदेश सरकारबाट कार्यान्वयन हुने, तीनै तहका सरकारबाट संयुक्त लगानीमा कार्यान्वयन हुने, प्रदेश वा सङ्घ सरकारको साझेदारीमा कार्यान्वयन गर्ने, अन्य स्थानीय सरकारको साझेदारीमा सञ्चालन हुने, गैसस तथा अन्तरराष्ट्रिय गैसस मार्फत कार्यान्वयन हुने, विकास साझेदारबाट कार्यान्वयन हुने तथा निजी क्षेत्रबाट कार्यान्वयन गरिने छुट्टा छुट्टै सूची तयार गरिनेछ ।

**छलफल एवम् अन्तरक्रिया :** सूची तयार गरेपछि निजीक्षेत्र, गैसस, सहकारी क्षेत्र र सामुदायिक क्षेत्रले सञ्चालन गर्ने कार्यका लागि गाउँपालिकाले सम्बन्धित क्षेत्रहरूसँग छलफल र अन्तरक्रिया गरी लगानी गर्न सहयोग एवम् सहजीकरण गर्नेछ । वस्ती तथा टोल स्तरमा कार्यक्रम बारे छलफल गर्दा दिगो विकास लक्ष्य प्राप्तगर्न मद्दत गर्नेकार्यक्रमबारे छलफल गर्नु पर्दछ । छलफल र अन्तरक्रियालाई नियमित गराई उनीहरूलाई सरकारको असल सहयोगीको रूपमा विकास गर्दै लगिनेछ । बस्ती/टोल स्तरका योजना छनौट गर्दा सो वस्ती भित्रका सबै बर्ग र समुदाय, महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सिमान्तकृत, युवा, वालवालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, पिछडिएको वर्ग आदि लगायत सबै समुदायको अर्थपूर्ण सहभागिताको सुनिश्चित गरिनेछ ।

**मध्यकालीन खर्च संरचना तयारी :** गाउँपालिकाले सञ्चालन गर्ने कार्यक्रमलाई आवधिक योजना र वार्षिक कार्यक्रम बीच अन्तरसम्बन्ध स्थापित गर्न तथा योजनाको प्राथमिकीकरण गर्दै प्राथमिकता प्राप्त आयोजनाहरूमा लगानी सुनिश्चित गर्न मध्यमकालीन खर्च संरचना तर्जुमा गरी वार्षिक रूपमा परिमार्जन गर्दै लगिनेछ । मध्यमकालीन खर्च संरचनाले निर्धारण गरेको योजना र बजेटको प्राथमिकताका आधारमा क्रमशः योजनाहरू कार्यान्वयन गर्दै लगिनेछ ।

**नतिजामा आधारित अनुगमन ढाँचा अनुसार वार्षिक समीक्षा :** आवधिक योजनासँग वार्षिक योजनाको अन्तरसम्बन्ध स्थापित गरी कार्यान्वयन गर्न वार्षिक कार्यक्रम संलग्न गरी स्वीकृत गरिने व्यवस्था गरिनेछ । कार्यक्रम सञ्चालन गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३, खरिद नियमावली लगायत अन्य सम्बन्धित ऐन नियम अन्तर्गत रह योजनाको प्रकृति अनुसार ठेक्का, करार, अमानत वा उपभोक्ता समितिमध्ये उपयुक्त माध्यमबाट गरिनेछ । त्यसैगरी गैसस तथा विकास साझेदारहरूसँगको साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्दा सम्बन्धित निकायसँग गरेको सम्झौता बमोजिम कार्यान्वयन गरिनेछ ।

### १०.६.३ कार्यान्वयन संयन्त्र

विशेष योजनाबाहेक अल्पकालीन तथा दीर्घकालीन योजना कार्यान्वयनका लागि स्थायी प्रकृतिको निम्न संरचनाले योजना कार्यान्वयन गरिनेछ ।

- गाउँपालिकास्तरीय योजना तथा अनुगमन समितिः जनप्रतिनिधि तथा प्रमुख कर्मचारी सम्मिलित समिति ।

- गाउँपालिकास्तरीय योजना कार्यान्वयन समितिः विषयगत शाखा/शाखाका प्रमुखहरुको समिति ।
- विषयगत समितिः जनप्रतिनधिहरुको गाउँपालिका स्तरीय विषयगत समिति ।
- वडास्तरीय योजना तथा अनुगमन समिति ।
- विषयविज्ञ तथा परामर्श समिति ।
- नागरिक समाज संस्था तथा तेश्रो पक्ष

## ९.६.४ कार्यान्वयन विधि

माथिको संयन्त्रले योजना कार्यान्वयनलाई व्यवस्थित गर्न निम्न विधिहरु अवलम्बन गरिनेछ ।

- कार्ययोजना विस्तृतीकरणः कार्यक्रम,बजेट, कार्यविधि, समय, जिम्मेवारी, नतीजाहरुको विस्तृत विवरण ।
- लागत इस्टिमेट तथा डिजाइन तयारी र स्वीकृति
- स्थलगत अनुगमन
- खरिद विधि छनोट
- योजना पेश, सम्झौता र कार्यादेश
- कार्यान्वयन, अनुगमन तथा सुपरिवेक्षण
- प्रतिवेदन तथा मूल्याङ्कन
- सहभागितामूलक मध्यावधि समिक्षा
- सहभागितामूलक अन्तिम समिक्षा (तेश्रो पक्षबाट मूल्याङ्कन)

## १०.६.५ अख्तियारी

आवधिक योजनाको अन्तिम प्रतिवेदनलाई गाउँ कार्यपालिकाले गाउँसभाबाट पारित गरेपछि उक्त योजनाको वार्षिक कार्ययोजना बनाई कार्यान्वयनमा लैजानु पर्ने हुन्छ । वार्षिक कार्ययोजना तयार पार्नका लागि गाउँपालिका अध्यक्षले प्रमुख प्रशासकीय अधिकृत (प्रप्रअ) लाई अख्तियारी दिनु पर्ने हुन्छ । प्रप्रअले मध्यकालीन खर्चसंरचनालाई आधार बनाई क्रमागत रुपमा कार्यान्वयन गर्ने गरी आयोजनाहरुको रोलक्रम मिलाएर राख्नु पर्ने हुन्छ । प्रमुख प्रशासकीय अधिकृतले रोलक्रममा व्यवस्थापन गरिएका आयोजनाहरुको कार्यान्वयनमा विषयगत शाखा, इकाई तथा वडा कार्यालयहरुसँग कार्यक्रम माग गर्नुपर्ने हुन्छ । माग भई आएका कार्यक्रमहरुको कार्यान्वयनका लागि गाउँ कार्यपालिकाले सम्बन्धित शाखा, इकाई तथा वडा कार्यालयलाई अख्तियारी प्रदान गर्नुपर्ने हुन्छ ।

गाउँसभाबाट अख्तियारी प्राप्त कार्यक्रमको सफल र प्रभावकारी कार्यान्वयनका लागि प्रत्येक शाखा तथा इकाईले आफनो शाखा तथा इकाईसँग सम्बन्धित कार्यक्रमहरुको मार्गदर्शन तयारी गरी गर्नु पर्ने हुन्छ । मार्गदर्शनका साथसाथै आवश्यकता अनुसार खर्चको अख्तियारी पनि पठाउनु पर्ने हुन्छ ।

कार्यक्रमहरुको कार्यान्वयनका लागि विद्यमान संघीय तथा स्थानीय कानुनका आधारमा कार्यक्रम कार्यान्वयन गर्ने व्यक्ति वा संस्था (उपभोक्ता समिति, ठेक्केदार, करार, गैसस आदि) लाई कार्यक्रमको कार्यान्वयनका लागि आवश्यक सम्झौता गरी गाउँ कार्यपालिकामा पठाउनु पर्ने हुन्छ । कार्यक्रमहरु गाउँसभाबाट स्वीकृत भएपछि सोही बमोजिम कार्यान्वयन गर्नु पर्ने हुन्छ । यसरी कार्यक्रम कार्यान्वयनको प्रक्रियामा लैजादा गाउँपालिकाले कार्यक्रम कार्यान्वयन इकाईबाट प्रगती प्रतिवेदन लिने अभ्यास अपनाईने गरिन्छ ।

## १०.७ अनुगमन तथा मूल्याङ्कन योजना

गाउँपालिकाले अनुगमन कार्य योजना बनाई नियमित रूपमा नीति, योजना, कार्यक्रम तथा आयोजनाहरूको कार्यान्वयन तथा नतिजा सूचकमा आधारित भई सहभागीतामूलक प्रक्रियाबाट अनुगमन तथा मूल्याङ्कन गर्नेछ । कार्यक्रम तथा आयोजनाहरू, निर्धारित समयावधि भित्र निश्चित उपलब्धि तथा लागत अनुसारको प्रतिफल प्राप्त भए/नभएको यकिन गर्न सशक्त एवम् निष्पक्ष अनुगमन तथा मूल्याङ्कनको व्यवस्था गरिनेछ । अनुगमनमा संलग्न हुने जनप्रतिनिधि एवं कर्मचारीहरूको क्षमता विकास गरिनेछ। अनुगमनका लागि आवश्यकता अनुसार सरोकारवालाहरू र तेस्रो पक्ष समेतलाई सहभागिता गराइनेछ। नतिजा सूचकमा आधारित अनुगमन खाका तयार गरी सोही अनुसार नियमित अनुगमन, वार्षिक समीक्षा, मध्यावधि तथा अन्तिम मूल्याङ्कन गरिनेछ ।अनुगमन तथा मूल्याङ्कनको क्षेत्रमा काम गर्ने सबै जनशक्तिलाई बलियो साझेदारीको निर्माण, ***M&E Matrix, Project Performance Information System –PPIS- Software, M&E data*** को प्रयोग तथा अभिलेख व्यवस्थापन गरिनेछ। गाउँपालिकाले देहायको उद्देश्य प्राप्तिका लागि अनुगमन गर्नेछ।

- चालु परियोजनाको प्रगति र ढिलासुस्तीको बारेमा सरोकारवालाहरूलाई समयमा नै जानकारी गराई परियोजनालाई सही बाटोमा हिंडाउन ।
- आवधिक योजनाले निर्दिष्ट गरेका सूचकहरूको स्थिति अद्यावधिक गर्दै समग्र विकासको अवस्था मापन गर्न ।
- आवधिक योजनाको उपलब्धि मापन गर्दै विकासको गन्तव्यलाई सहि दिशा प्रदान गर्न ।
- कार्यतालिका अनुसार काम भए नभएको यकिन गर्न ।
- तोकिएको कामको समय, लागत र गुणस्तर कायम गर्न ।
- कार्यान्वयनको क्रममा भएका गल्ती वा कमजोरी तत्काल सुधार गर्न ।
- डिजाइन वा कार्यान्वयनमा भएका गल्ती सुधार गरी सार्वजनिक कोषको अपव्यय हुनबाट रोक्न ।

कार्यान्वयन गरिएका योजना, नीति, कार्यक्रम तथा आयोजनाहरू के कति सान्दर्भिक, लाभदायी र प्रभावकारी भए तथा के कस्ता उपलब्धि एवं प्रभावहरू हाँसिल भए भन्ने कुराको उद्देश्यपूर्ण र व्यवस्थित तरिकाले आन्तरिक र बाह्य मूल्याङ्कनकर्ताबाट गराइनेछ। गाउँपालिकाले देहायका आयोजनाहरूको अनुगमन गर्नेछ।

- गाउँपालिकाबाट स्वीकृत कार्यक्रम वा आयोजनाहरू,
- गाउँपालिकाबाट लगानी भएका आयोजनाहरू,
- नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त स्रोत साधन मार्फत सञ्चालित आयोजनाहरू,
- गाउँपालिका क्षेत्रभित्र गैरसरकारी संस्था मार्फत सञ्चालित आयोजनाहरू,
- गाउँपालिकाले आवश्यक ठानेका अन्य आयोजनाहरू ।

### १०.७.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता

अनुगमनले विकास कार्यक्रम र आयोजनाहरूको नतिजा खोज्ने र कार्यान्वयन गर्ने पक्षलाई बढी जिम्मेवार बनाउनको साथै जवाफदेही पनि बनाउँछ। योजना, नीति, कार्यक्रम तथा आयोजनाहरूमा लगानी तथा साधनको प्रवाह समुचित ढंगले भएको छ, छैन र कार्यतालिका अनुसार क्रियाकलापहरूको कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्त हुने स्थिति छ, छैन भनी विभिन्न तहमा व्यवस्थापन वा व्यवस्थापनले तोकेको व्यक्ति तथा निकायबाट निरन्तर र आवधिक रूपमा निगरानी राख्ने कार्य तथा त्यसबाट प्राप्त नतिजाको विश्लेषणका लागि मूल्याङ्कनको आवश्यकता पर्दछ । विकास आयोजनाहरूबाट निर्धारित समयावधि भित्र निश्चित उपलब्धि तथा लागत अनुसारको प्रतिफल प्राप्त भए/नभएको यकिन गर्न सशक्त एवम् निष्पक्ष अनुगमन तथा मूल्याङ्कनको व्यवस्था हुनु पर्दछ। अनुगमन एउटा निरन्तर चलिरहने

प्रक्रिया हो, जो आयोजना कार्यान्वयनको चरणमा गरिन्छ, यसको मुख्य उद्देश्य चालू परियोजनाको प्रगति र ढिला-सुस्तीको बारेमा सरोकारवालाहरूलाई समयमा नै जानकारी गराई परियोजनालाई सही बाटोमा हिँडाउनु हो ।

आवधिक विकास योजनाको अनुगमन गर्दा प्रभाव तहमा लक्ष एवम् विषयगत लक्ष्यहरुको र नतिजातहमा सञ्चालित कार्यक्रमहरुको विभिन्न तहमा गरिने भएकोले तमानखोला गाउँपालिकाको अनुगमन प्रणाली आफ्नो संस्थागत क्षमता र आवश्यकताका आधारमा गरिनेछ। अनुगमन गर्नका लागि तयार गरिएको ढाँचा प्रचलित सोच तालिका ( ***Log Frame***) लाई आधार मानी उपलब्ध हुनसक्ने तथ्याङ्कको परिमाणात्मक स्थितिका आधारमा तयार गरिनेछ। अनुगमनमा राष्ट्रिय सरोकारका विषय, मानव विकास सूचकाङ्क निर्दिष्ट लक्ष्य पूरा गर्ने दिगो विकास लक्ष्य सम्बन्धी नेपालले पूरा गर्ने लक्ष्य राखेका सूचकहरु समेतको अनुगमन व्यवस्थापन गरिनेछ।

### १०.७.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी

कार्यक्रम आयोजनाको पहिचानको चरणदेखि कार्यान्वयन सम्पन्न भई सञ्चालन अवधिमा समेत अनुगमन गरिरहनु पर्छ । यसरी विभिन्न चरणमा गरिने अनुगमनबाट प्राप्त भएका नतिजा, सुझाव तथा सल्लाहलाई पृष्ठपोषणको रूपमा लिई आवश्यकता अनुरूप सुधार गर्दै जानुपर्ने हुन्छ । यसो भएमा मात्र विकास आयोजनाले गति लिई समयमै सम्पन्न गर्न मद्दत पुग्न जानेछ र विकासको लक्ष्य हासिल गर्न सकिने छ ।

अनुगमन प्रणाली प्रचलित सोच तालिका ***(Log Frame)*** का आधारमा स्थापित गर्न सकिन्छ । स्थानीय तहले आफ्नो विशिष्टता र प्राविधिक क्षमताका आधारमा यस्तो विधि अपनाउन सक्छन्। यस्तो विस्तृत विधि राष्ट्रिय योजना आयोगबाट प्रवर्द्धित ***राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शनमा*** हेर्न सकिन्छ ।

स्थानीय तहले आफ्नो आवश्यकता र उपलब्ध वस्तुगत तथ्याङ्कको आधारमा मौलिक रूपमा अनुगमन प्रणाली अवलम्बन गर्न सक्दछन् । साथै स्थानीय तहको तथ्याङ्क व्यवस्थापन र प्रयोगका लागि राष्ट्रिय प्रणालीसँग आबद्ध हुने खालको अनुगमन सूचना प्रणाली स्थापना गर्नुपर्ने हुन्छ । अनुगमन योजना बनाउँदा राष्ट्रिय सरोकारका विषय, मानव विकास सूचकाङ्क, दिगो विकास लक्ष्यका सूचकहरूलाई स्थानीय तहले आफ्नो अधिकार क्षेत्रका विषयमा योगदान गर्ने सूचकहरू स्थापित गरी अनुगमन गर्ने र सोको प्रतिवेदन तयार गर्नुपर्ने हुन्छ।

स्थानीय तहको आफ्नो क्षेत्रभित्र क्रियाशील गैरसरकारी संघसंस्था, उपभोक्ता समिति, सहकारी संस्था लगायतका सामाजिक तथा सामुदायिक संघ संस्थाले स्थानीय तहसँगको समन्वयमा रही कार्य गर्नुपर्ने र स्थानीय तहको अनुगमन प्रणालीमा त्यस्ता कार्यहरूको पनि अनुगमन गर्ने व्यवस्था मिलाउनु गर्नुपर्ने हुन्छ । अनुगमनमा देहायका तरिकाहरू अपनाइनेछ ।

- सूचक चेकलिष्ट रुजू तथा अद्यावधिक गरेर,
- नियमित प्रतिवेदन लिएर,
- स्थलगत अवलोकन गरेर,
- सरोकारवालाहरू सँग छलफल गरेर,
- नागरिक समाजका संस्थाहरू परिचालन गरेर (मिडिया आदि),
- सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण जस्ता विधिहरू मार्फत ।

अनुगमनमा देहायका पदाधिकारीहरू संलग्न रहने छन् ।

- स्थानीय तहको कार्य विभाजन नियमावलीले तोकेको पदाधिकारी,
- उपाअध्यक्ष (स्थानीय सरकार सञ्चालन ऐन २०७४),
- अनुगमन तथा सुपरिवेक्षण समितिका सदस्यहरू,

- प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित शाखा तथा इकाई प्रमुख (नियमित कार्य),
- वडा स्तरीय आयोजनाको हकमा वडाध्यक्ष र सदस्यहरू ।

गाउँपालिका स्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिमा देहायका पदाधिकारीहरू रहने छन् ।

| | |
|---|---|
| उपाअध्यक्ष | **संयोजक** |
| अध्यक्षले तोकेका एक जना महिला सहित कार्यपालिकाका सदस्यहरू मध्येबाट सदस्य (दुई जना) | **सदस्य** |
| प्रमुख प्रशासकीय अधिकृत | **सदस्य** |
| प्रमुख, योजना शाखा | **सदस्य सचिव** |

***आवश्यकता अनुसार कार्यपालिकाका अन्य सदस्य तथा विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।***

देहायको अनुगमन कार्ययोजना बनाई लागू गरिनेछ ।

- कार्यपालिकामा एकीकृत कार्यान्वयन कार्ययोजना पेश गरेको १५ दिनभित्र अनुगमन तथा सुपरिवेक्षण समितिबाट आफ्नो वार्षिक अनुगमन कार्ययोजना बनाइ कार्यान्वयन गरिनेछ ।
- अनुगमन तथा सुपरिवेक्षण समितिले गरेको कामको प्रतिवेदन प्रत्येक २ महिनामा कार्यपालिकाको बैठकमा पेश गरी छलफल गरिनेछ ।
- समितिले समाधान गर्न नसकेका समस्याहरूलाई यस बैठकबाट सम्बोधन गरिनेछ ।

वडास्तरीय कार्यक्रमहरूको अनुगमन तथा सुपरिवेक्षण गर्न देहाय बमोजिमको समिति रहनेछ ।

| | |
|---|---|
| सम्बन्धित वडाको वडाध्यक्ष | **संयोजक** |
| वडा सदस्यहरू | **सदस्य** |
| वडा सचिव | **सदस्य सचिव** |

***आवश्यक परे कार्यपालिकाका अन्य सदस्य तथा कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ ।***

### १०.७.३ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया

योजना अवधि समाप्त भए पछि कार्यपालिकाले तोकेका आयोजनाको तेस्रो पक्षद्वारा देहायका सूचना प्राप्त गर्न प्रभाव मूल्याङ्कन गरिनेछ ।

- योजनाको लक्ष्य बमोजिम प्रगति भए नभएको,
- लाभग्राहीमा योजनाका नतिजाले पारेको प्रभाव,
- आगामी योजना तर्जुमाको लागि पृष्ठपोषण,
- योजना तर्जुमा र कार्यान्वयन विधिमा आवश्यक परिमार्जन गर्न,
- योजनाबाट प्राप्त हुने फाइदालाई अधिकतम बनाउन ।

आवधिक तथा वार्षिक गाउँपालिका विकास योजनाको अनुगमन तथा मूल्याङ्कनको प्रक्रिया देहायअनुसार हुनु पर्नेछः

| आवधिक विकास योजनाको अनुगमन तथा मूल्याङ्कन प्रक्रिया | | | |
|---|---|---|---|
| **के अनुगमन गर्ने ?** | **कसले अनुगमन गर्ने ?** | **कहिले अनुगमन गर्ने ?** | **कसरी अनुगमन गर्ने ?** |
| **कार्यक्रम वा प्रक्रिया अनुगमन** | सुपरीवेक्षण तथा अनुगमन समिति, वडा समिति, सरकारी र गै.स.सं., परियोजना | पटके, मासिक, चौमासिक र वार्षिक | • स्थलगत अनुगमन गर्ने,<br>• चौमासिक कार्ययोजनाको लक्ष्य र प्रगति, विवरणको तुलना गर्ने |
| **प्रतिफल अनुगमन** | गाउँकार्यपालिका, सुपरीवेक्षण तथा अनुगमन समिति | चौमासिक, अर्धवार्षिक, वार्षिक र मध्यावधि | • स्थलगत अनुगमन गर्ने,<br>• चौमासिक कार्ययोजनाको लक्ष्य र प्रगति, विवरणको तुलना गर्ने |
| **असर तह अनुगमन** | गाउँकार्यपालिका,सुपरीवेक्षण तथा अनुगमन समिति र तेस्रो पक्ष | वार्षिक, मध्यावधि र अन्तिम वर्ष | • स्थलगत अनुगमन गर्ने,<br>• वार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति, विवरणको तुलना गर्ने,<br>• नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने<br>• प्रतिवेदन तयारी र गाउँपालिकामा छलफल |
| **प्रभाव तह अनुगमन** | सुपरीवेक्षण तथा अनुगमन समिति र तेस्रो पक्ष | मध्यावधि र अन्तिम वर्ष | • नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने,<br>• सहभागितामूलक छलफल गर्ने, अध्ययन तथा सर्वेक्षण गर्ने |
| **मूल्याङ्कन प्रक्रिया** | | | |
| **असर तह मूल्याङ्कन** | स्वतन्त्र तेस्रो पक्ष | योजनाको मध्य अवधि | • लक्षित समूह तथा सहभागीतामूलक छलफल<br>• नमुना सर्वेक्षण मार्फत सोच तालिकाको लक्ष्य अनुरूप प्रगति मापन<br>• प्रतिवेदन तयारी र गाउँपालिकामा छलफल |
| **प्रभाव तह** | गाउँपालिका कार्यपालिका सुपरिवेक्षण तथा अनुगमन समिति र तेस्रो पक्ष | योजना सम्पन्न भएको दुई वर्षपछि | • लक्षित समूह तथा सहभागीतामूलक छलफल<br>• नमुना सर्वेक्षणमार्फत योजनाको दीर्घकालीन सोच तथा विषयगत उद्देश्यहरू हासिल गर्ने दिशामा योजना के कति हदमा सफल भयो र योजना आफैमा के कति सान्दर्भिक प्रभावकारी रह्यो र समग्र विकासको दिगो व्यवस्थापनमा योजनाले के कति योगदान गर्न सक्यो भनी अध्ययन<br>• प्रतिवेदन तयारी र गाउँपालिकामा छलफल |
| अनुगमन टोलीले अनुगमन प्रतिवेदन तयार गरी गाउँपालिका कार्यालयमा पेश गर्ने । | | | |
| गाउँपालिका कार्यालयले प्रतिवेदनका सिफारिस कार्यान्वयनका लागि कार्ययोजना पेश गर्ने । | | | |
| निश्चित लागत भन्दा बढीका आयोजनाको योजना सम्पन्न भएको २ वर्षभित्र तेस्रो पक्षबाट प्रभाव मूल्याङ्कन गराइनेछ । | | | |
| प्रभाव मूल्याङ्कनको नतिजा कार्यपालिकाको बैठकमा प्रस्तुत गरी सरोकारवालाहरूको जानकारीको लागि सार्वजनिक गरिनेछ । | | | |

# तमानखोला गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षहरु



**जोकलाल बुढा**
अध्यक्ष



**हिरा कुमारी छन्त्याल**
उपाध्यक्ष



**थम बहादुर रोका**
वडा अध्यक्ष (वडा नं. १)



**नारायण सुनार**
वडा अध्यक्ष (वडा नं. २)



**झक बहादुर बुढा**
वडा अध्यक्ष (वडा नं. ३)



**छ प्रसाद श्रीपाली**
वडा अध्यक्ष (वडा नं. ४)



**हिरा बहादुर वि.क.**
वडा अध्यक्ष (वडा नं. ५)



**चित्र बहादुर छन्त्याल**
वडा अध्यक्ष (वडा नं. ६)

# तमानखोला गाउँपालिकाका प्रमुख पर्यटकीय स्थलहरू



शोले



बराह ताल



भएरबोङ्ग्रा झोलुङ्गे पुल



खुंखानी झोलुङ्गे पुल



नौडल्ले



अङ्कुटे


Sudurpashchim Province
Karnali Province
CHINA
Gandaki Province
Lumbini Province
Bagmati Province
Koshi Province
INDIA
Madesh Province


२
६
५
१
४
३
तमानखोला गाउँपालिका


Mustang
Manang
Myagdi
Baglung
Kaski
Lamjung
Gorkha
Parbat
Syangja
Tanahu
Nawalpur
Gandaki Province Map


तमानखोला गाउँपालिका


Dhorpatan
Dhorpatan
Taman Khola
Nisikhola
Tara Khola
Kanthekhola
Badigad
Baglung
Galkot
Bareng
Jaimini
Baglung District